अदालतले भर्ने ..........
दर्ता नं. .....................
दर्ता मिति ..........

# श्री काठमाडौं जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ वमोजिम दायर गरेको

## अभियोग पत्र

आ.व.२०८३/०८४ सालको निर्णय नम्बरः

**उषा प्रधान, श्री नेपाल दूरसञ्चार प्राधिकरण, जमल, काठमाडौं, पन्नाकाजी महर्जन र प्रकाश भक्त श्रेष्ठ** समेतको जाहेरीले नेपाल सरकार..............................................................................**वादी**

**विरुद्धः**

१. शम्भु प्रसाद जोशी र अरुणा जोशीको छोरा, बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २, लाजिम्पाट, खुर्सानीटार स्थायी वतन भएका, ईमेलः sarbesh.joshi@gmail.com, (ना.प्र.नं.४२०१/ काठमाडौं, मोबाइल नं. ९८५१२०१२८८,९८१८३९५६०६, ९७०२०००००० बाहक) वर्ष ४५ का **स्मार्ट टेलिकम प्रा.लि.का साविक संचालक सर्वेश जोशी.......................................(अनुपस्थित)..१**

२. चन्द्र प्रसाद उलक र गंगादेवी उलकको छोरा, बागमती प्रदेश, जिल्ला कार्भे पनौती-१२ जन्म भई हाल ललिपुर जिल्ला ललितपुर, महानगरपालिका वडा नं. १०, कुपण्डोल बस्ने, मोबाइल नं. ९८५१३३०३७२ बाहक (ना.प्र.प. नं. ५१४८३/कार्भे, राहदानी नं. BA0390830 बाहक) वर्ष ६४ को **नरेन्द्र उलक...............................................................(अनुपस्थित)..१**

३. हर्षमान श्रेष्ठ र प्रकाशदेवी श्रेष्ठको छोरा, अरुण श्रेष्ठको श्रीमति, बागमती प्रदेश, जिल्ला काठमाडौं, का.म.पा. वडा नं.२२ स्थायी वतन भई जिल्ला ललितपुर, ललितपुर वडा नं. २, झम्सिखेलमा बस्ने (मोबाइल नम्बर ९८५१०५९७०४, ना.प्र.प. नं. १५५३०/ ललितपुर, राहदानी नं. PB3870482 बाहक) **Transgate Tech Pvt. Ltd. का सञ्चालक** वर्ष ५५ की **पलिना श्रेष्ठ.........................................................................(अनुपस्थित)..१**

**प्रतिवादी**

४. दुर्गा प्रकाश पाण्डे र ईन्दिरा पाण्डेको छोरा, बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.५, मानभवन स्थायी वतन भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१८, रक्तकालीमा बस्ने, ई-मेल:jyoti@nimb.com.np, मोबाइल नं.९८५१०२०३४४, (ना.प्र.प.नं. २७०१७३१२६५६/ काठमाडौं, राहदानी नं.PA3096007 बाहक) **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत** वर्ष ६३ का **ज्योति प्रकाश पाण्डे...................................................(अनुपस्थित)..१**

५. भरत नरसिंह जोशीको छोरा, बागमती प्रदेश, ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १४ बस्ने नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौंमा कार्यरत, वारदातको तत्कालिन समयमा उक्त बैंकको कालिमाटी शाखा कार्यालयमा ब्रान्च मेनेजेर (प्रबन्धक), मोबाइल नं. ९८५१०२२५३८ नंबरको मोबाइल प्रयोगकर्ता, (ना.प्र.प.नं.९६६, ललितपुर, बाहक) **भाष्कर नरसिंह जोशी.....................(अनुपस्थित)..१**

६. सरदार भीम बहादुर पाँडे र छाया देवी पाँडेको छोरा, बागमती प्रदेश, जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ४ चुनदेवी ठेगाना भई नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (ठेगाना: केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं)को संचालक समितिका अध्यक्ष, जन्ममितिः सन् १९५४-०८-१४, राहदानी नं. BA0393509, ना.प्र.प.नं. २५२९, काठमाडौं वाहक **वर्ष ७२ का पृथ्वी बहादुर पाँडे.....................................................(फरार)..१**

७. मधुसुदन राजभण्डारी र जुने राजभण्डारीको छोरा, बागमती प्रदेश, जिल्ला काठमाडौं काठमाडौं महरानगरपालिका वडा नं. २८, भिमनिधिमार्ग नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (ठेगाना: केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं)को संचालक, समितिका पदाधिकारी/ निर्देशक/सदस्य, जन्ममितिः सन् १९५३-०२-११, राहदानी नं. PA1866893, ना.प्र.प.नं. २९७, काठमाडौं, राष्ट्रिय परिचय पत्र नं. ९७४-६२०-४१२५ वाहक **वर्ष ७३ को प्रजन्य राजभण्डारी (Prajanaya Rajbhandary)..........................................(फरार)..१**

**प्रतिवादी**

८. निराजन कुमार टिब्रेवाला र किरण देवी टिब्रेवालाको छोरा, बागमती प्रदेश, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२८, कमलादी घर नं.३०३ बस्ने वर्ष ४० का नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (ठेगाना: केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं) को संचालक समितिका पदाधिकारी/निर्देशक/सदस्य, जन्ममितिः सन् १९८५-०७-१६, राहदानी नं10469783, ना.प्र.प.नं. २९८७, काठमाडौं वाहक वर्ष ४१ का **कबि कुमार टिब्रेवाला (Kabi Kumar Tibrewala)............................................................(फरार)..१**

९. कमलराज उडाई र कुसुमदेवी शाक्यको छोरा, लुम्बिनी प्रदेश, जिल्ला रुपन्देही, बुटवल उपमहानगरपालिका वडा नं. ६ स्थायी वतन भई नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (ठेगाना: केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं) को संचालक समितिका पदाधिकारी/ निर्देशक/ सदस्य, (जन्ममितिः सन् १९९८-०१-२१, राहदानी नं10285188, ना.प्र.प.नं. ३७-०२-७१-०८६५७, रुपन्देही वाहक) **दिपाङ्कर शाक्य उडाई (Dipankar Shakya Udai)..............................................................................................(फरार)..१**

१०. घनश्याम बेलबासेको छोरा, लुम्बिनी प्रदेश, जिल्ला कपिलवस्तु बानगंगा न.पा. वडा नं.१, पिप्रा स्थायी वतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१४ बस्ने वर्ष ४७ का नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (ठेगाना: केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं) को संचालक समितिका पदाधिकारी/निर्देशक/सदस्य, (जन्ममितिः २०३९/११/१२, राहदानी नं. 10649821, ना.प्र.प.नं. ३५०५६, कपिलवस्तु वाहक) वर्ष ४३ का **शालिकराम बेलबासे (Shalik Ram Belbase).........................................................................(फरार)..१**

११. नेत्र बहादुर श्रेष्ठ र चन्दा श्रेष्ठकी छोरी, बागमती प्रदेश, जिल्ला ललितपुर, गोदावरी न.पा. वडा नं. १२ हाल जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं. १, कुपण्डोल ठेगाना भई नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (ठेगाना: केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं)को संचालक समितिका पदाधिकारी/ निर्देशक/सदस्य, (ना.प्र.प.नं. १८९१६, ललितपुर, जन्ममितिः १९६९-०६०१५, मोवाइल नं. 9851025464 वाहक) वर्ष ५७ की **शोभा श्रेष्ठ (Shobha Shrestha)..........................................................................(फरार)..१**

१२. बुद्धी प्रसाद अधिकारी र देबी कला अधिकारीको छोरा, गण्डकी प्रदेश, जिल्ला बाग्लुङ, साविक अमलाचौर गा.बि.स. वडा नं. १ स्थायी वतन भएका, ना.प्र.प.नं. २०५१८५, बाग्लुङ बाहक Professional Business Network Pvt. Ltd का सञ्चालक **खुमनाथ अधिकारी..........................................................................................(फरार)..१**

१३. डा. ईश्वरीलाल आचार्यको छोरा, 84 Genting Lane# 07-08/09 AXXEL Invention Ceter, Singapore 349584 वतन भएका स्मार्ट टेलिकम प्रा.लि. का साविक संचालक, नेपाली मूलका सिंगापुर नागरिक लाल साहु डिस्ट्रिब्युसन प्रा.लि.(सिंगापुर), स्पेक्ट्रालाइट/पे लाइट (यूके) र एनसेल आजियाटा प्रा.लि. (नेपाल) का संचालक, Passport# K5374638G बाहक, DOB: January-4, 1970 भएका **सतिश लाल आचार्य.....................(फरार)..१**

१४. डा. ईश्वरीलाल आचार्यको छोरा, बागमती प्रदेश, जिल्ला ललितपुर, साविक ललितपुर १९ ठेगाना भई काठमाडौंको बाफलमा बस्ने, ई-मेल: sachin@snet.com.np, ना.प्र.प.नं. ५७९८१, ललितपुर, जन्ममितिः २०३३/०२/०७ गते बाहक, स्क्वायर नेटवर्क प्रा.लि.का साविक संचालक, वर्ष ५० का **सचिनलाल आचार्य.......................................(फरार)..१**

१५. कर्पोरेट हेडक्वार्टस आजियाटा टावर ९ जलन स्टेसन ५, क्वालालम्पुर मलेसिया ठेगाना उल्लेख भएको Reynolds होल्डिस लि. का तर्फबाट एनसेल आजीयटा लि. का सञ्चालक तथा अध्यक्ष राहदानी नं N8626733 बाहक Date of birth: 2029-12-04 भएका **डा. श्रीधीर सरिपुक्ता हन्स विजयसुरिया (Dr. Shridhir Sariputta Hansa Wajayasuriya).........................................................................(फरार)..१**

१६. कर्पोरेट हेडक्वार्टस आजियाटा टावर ९ जलन स्टेसन ५, क्वालालम्पुर मलेसिया ठेगाना उल्लेख भएको Reynolds होल्डिस लि. का तर्फबाट एनसेल आजीयटा लि. का प्रबन्धक सञ्चालक ताजिकिस्तान नागरिक राहदानी नं. 404164769 (Republic of Tajikistan), Date of

**प्रतिवादी**

Birth: 22/11/1980 भएका **अव्दुजावोर कायुमोभ/Abdujabor Kayumov......................................................................(फरार)..१**

१७. कर्पोरेट हेडक्वार्टस आजियाटा टावर ९ जलन स्टेसन ५, क्वालालम्पुर मलेसिया ठेगाना उल्लेख भएको Reynolds होल्डिस लि. का तर्फबाट एनसेल आजीयटा लि.का सञ्चालक भारत चेन्नई तमिलनाडुका नागरिक राहदानी नं. Z3803970, Date of Birth: 1956/06/03 भएका **थन्डालाम भिराभल्ली थिरुमला चारी Mr. Thandalam Veeravalli Thirumala Chari.....................................................................(फरार)..१**

१८. नं.१७६/३४ थिमबिरिगस्याया रोड कोलोम्वो ५ श्रीलंका स्थायी वतन भएकी Reynolds होल्डिस लि. का तर्फबाट एनसेल आजीयटा लि.का सञ्चालक राहदानी नं. N8050967, Date of Birth: 03/05/1964, भएकी **अमाली नानायाकरा Ms. Amali Nanayakkara........................................................................(फरार)..१**

१९. बागमती प्रदेश, जिल्ला काठमाडौँ, काठमाडौं महानगरपालिका वडा नं. १३, मनमती मार्ग, बाफल स्थायी वतन भई जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. ५ बस्ने ना.प्र.प.नं. १८२६/काठमाडौँ, राहदानी नं. PA2610518, सिङ्गापुरको आवासीय भिसा (ResidentialVisa- S7385288I) बाहक, सुनिभेरा क्यापिटल भेन्चर्स प्रा.लि., सनग्लोरी इन्भेस्टमेन्ट प्रा.लि., एनसेल आजिएटा लिमिटेड र स्मार्ट टेलिकम प्रा.लि. को शेयरधनी **भावना सिंह श्रेष्ठ आचार्य..........................................................................(फरार)..१**

२०. नेत्र लाल भण्डारीको नाती, भक्त बहादुर भण्डारीको छोरा, लुम्बिनी प्रदेश, दाङ जिल्ला शान्तिनगर गा.पा. वडा नं. ५ स्थायी वतन भई काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.वडा नं.८, आरुवारीमा बस्ने (नागरिकता नं. ७८४३/३१३३, दाङ), मोबाईल#९८५१३४७६४४, ईमेल-bhupendra.bhandari16@gmail.com बाहक, वर्ष ५२ को **भुपेन्द्र भण्डारी…...........१**

२१. रोबर्ट रे (Robert Rae) र डोरोथी रे (Dorothy Rae) को छोरा, ठेगाना: 84 Genting Lane, #07-07, Axxel Innovation Centre, Singapore 349584 भई 3 Leedon Heights, 08-04M, D'Leedon, 267951, ईमेल: don@spectrlite.com, राष्ट्रियता: क्यानाडाली नागरिक, जन्म मितिः: २१ अप्रिल, १९६१, राहदानी नम्बर: P471894DP भएका एनसेल आजियाटा लिमिटेडका सञ्चालक (सञ्चालक नियुक्ति मितिः: ०७ जुलाई २०२५) **डोनाल्ड जेम्स रे (Donald James Rae)...........................................................(फरार)..१**

२२. Neo Say Yong र Lai Wal Heng, को छोरा, ठेगाना: 20B Lor 3 Geylang, Kallang Breeze, #05-70, Singapore 383020 भई 84 Genting Lane, #07-07, Axxel Innovation Centre, Singapore 349584, ईमेल: ray@spectrlite.com, राष्ट्रियता: सिंगापुरे नागरिक, जन्म मितिः: १४ सेप्टेम्बर, १९९२, राहदानी नम्बर: K2454920A भएका एनसेल आजियाटा लिमिटेडका सञ्चालक (सञ्चालक नियुक्ति मितिः: ०१ डिसेम्बर २०२३) **नियो हुई यु (Neo Hui Yu)...............................................................(फरार)..१**

} **प्रतिवादी**

# मुद्दाः ठगी, संगठित अपराध र बैंक तथा वित्तीय संस्था सम्बन्धी कसूर ।

**मुद्दाको संक्षिप्त तथ्यः**

**१. प्रहरी प्रतिवेदन र जाहेरी दरखास्तहरु:**

**(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौंको च.नं. म.बै. /३२१/४२२३, मितिः २०८३/०१/२१ गतेको पत्र:**

पूर्वमहालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालको संयोजकत्वमा गठित एनसेल शेयर खरिद बिक्री सम्बन्धी अध्ययन तथा छानविन प्रतिवेदन, २०८० आवश्यक कार्यार्थ केन्द्रीय अनुसन्धान व्यूरोमा पठाउने भन्ने नेपाल सरकारको निर्णय बमोजिम सो बमोजिम कार्यान्वयनका लागि नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम पठाईएको भन्ने व्यहोराको पत्रसाथ उक्त प्रतिवेदन यस कार्यालयमा प्राप्त हुन आएको ।

**(ख) मितिः २०८३/०१/२१ गतेको प्रहरी प्रतिवेदन:**

नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मितिः२०६५/०१/२७ गते स्मार्ट टेलिकम प्रा. लि.को नामको कम्पनी दर्ता भएकोमा सो कम्पनीको उदेश्य V-sat Technology बाट चल्ने टेलिफोन सेवा तथा GSM / CDMA / PSTN WIMAX / GPRS लगायतको दूरसञ्चार सेवा सञ्चालन गर्ने तथा V-sat Technology बाट चल्ने Email Internet inter branch Connectivity लगायतका VOIP/Fax to Fax & Board band Internet लगायतको दूरसञ्चार सेवा सञ्चालन गर्ने समेत उदेश्य रहेकोमा सोही उदेश्य बमोजिम नेपाल सरकार, दूर सञ्चार प्राधिकरण जमल काठमाडौंबाट मितिः २०७०।०१।०२ मा प्रदान गरिएको आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र (अनुमतिपत्र नं. BTSL-01) लिई दूर सञ्चार सेवा सञ्चालन गर्नको लागि अनुमती लिई सञ्चालन भएकोमा मितिः२०७९/१२/२६ गते दूर सञ्चार प्राधिकरणले प्रकाशित गरेको सूचनामा "श्री स्मार्ट टेलिकम प्रा.लि.का सेवाहरु देशका केही स्थानहरुमा नचलेकोमा दूर सञ्चार सेवालाई अति आवश्यक सेवाको रुपमा वर्गिकरण गरिएको दूरसञ्चार सेवा प्रदायकको दूरसञ्चार सेवाको अनुमती बहाल रहदासम्म नियम कानूनको पालना गर्दै निरन्तर दूरसञ्चार सेवा संचालन गर्नुपर्ने दाहित्य रहेको भन्ने उल्लेख गरी स्मार्ट टेलिकम प्रा.लि.लाई निर्देशन दिएकोमा, दूर सञ्चार प्राधिकरण जमल काठमाडौंको मितिः २०८०/०२/०८ गते प्रकाशित सूचनामा "स्मार्ट टेलिकम प्रा.लि.ले नियमानुसार अनुमतिपत्र नवीकरण नगरेको कारणबाट दूरसञ्चार ऐन, २०५३ को दफा २५ को उपदफा (५) बमोजिम मितिः २०८०/१/३ देखि स्वतः रद्द भएकोले निजले नेपाल सरकार, प्राधिकरण तथा अन्य संस्थाहरुलाई तिर्न बुझाउनु पर्ने रकम असुल उपर गर्नका लागि अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १८ बमोजिम सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल प्राधिकरणले नियन्त्रणमा लिएको तथा स्मार्ट टेलिकम प्रा.लि.लाई नेपाल दूरसञ्चार प्राधिकरणले नियन्त्रणमा लिनु अगाडि (मितिः २०८०/०१/२१ गते) स्मार्ट टेलिकम प्रा. लि. बाट संस्था / सर्वसाधारण व्यक्तिलाइ तिर्न / बुझाउनु पर्ने बक्यौता निज प्रा.लि कै दायित्व भएको हुँदा सम्पूर्ण दायित्व स्वयम् स्मार्ट टेलिकम प्रा.लि.ले नै व्यहोर्नु पर्ने र नेपाल सरकार वा प्राधिकरणको कुनै दायित्व नहुने भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशन गरी स्मार्ट टेलिकम प्रा.लि.को "सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल प्राधिकरणले नियन्त्रणमा लिएकोमा " दूर सञ्चार ऐन, २०५३ को दफा ३३ को उपदफा (१)

बमोजिम जम्मा पूँजी लगानीको पचास प्रतिशत भन्दा बढी विदेशी लगानी भएको दूरसञ्चार सेवासँग सम्बन्धित जग्गा भवन यन्त्र उपकरण तथा संरचना अनुमति अवधि समाप्त भएपश्चात स्वत: नेपाल सरकारको हुनेछ वा नेपाल सरकारको स्वामित्वमा स्वत : हस्तान्तरण भएको मानिनेछ" भन्ने व्यवस्था रहेकोमा सो कम्पनी सोही व्यवस्था बमोजिम नेपाल सरकारको नाममा हुने हुँदा सो कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जालको व्यवस्थापन/मूल्यांकन तथा बेचबिखन जो जे गर्नुपर्ने हो सो सम्बन्धमा नेपाल सरकारको संलग्नता रहनु पर्नेमा स्मार्ट टेलिकम प्रा.लि.को सञ्चालक तथा ऋण लिने क्रममा जमानी रहेका स्मार्ट टेलिकम प्रा.लि.का सर्वेश जोशी समेतले संगठित रुपमा कानून विपरीत बेईमानीपूर्वक अरु कसैलाई उपभोग गर्न दिने उदेश्यका साथ नेपाल सरकार, दूरसञ्चार प्राधिकरणको हक टुटाई अरुलाई दिलाई आपराधिक विश्वासघात गरेको देखिन्छ। एनसेलको शेयर खरीद बिक्री गर्दा वास्तबिक कारोबार नखुलाई नेपाल तथा नेपाल बाहिर विदेशमा शंकास्पद कारोबार (SUSPICIOUS TRANSCTION) भए गरेको समेत हुनसक्ने देखिन आएको तथा नेपाल सरकारको स्वामित्वमा रहेको स्मार्ट टेलिकम प्रा.लि.मा जडान भएको दूरसञ्चार सेवा सम्बन्धी सम्पत्ति दूरसञ्चार प्राधिकरणको अनुमती बिना मूल्यांकनको क्रममा नै रहेको अवस्थामा बैंकबाट रु.३,७५,९५,०९,३३८/- ऋण लिई सो ऋणमा जमानी रहेका सर्वेश जोशीले मितिः २०८२/०५/२० गते (5 September, 2025) निवेदन दिएकै भरमा शंकास्पद रुपमा लिलाम गरी गराई **चार अर्ब साठी करोड**मा लिलाम स्वीकार गरी एनसेलले लिएको, सन् २०२९ सम्ममा स्मार्ट टेलिकम प्रा.लि.को अनुमतिपत्र नवीकरण भई एनसेलले प्राप्ति गरेमा खरिदकर्ताले १ करोड अमेरिकी डलर रकम आजियाटा ग्रुप बर्हाडलाई भुक्तानी गर्नुपर्ने शर्त राखी एनसेलको शेयर खरीद बिक्री भएको, साविकमा स्मार्ट टेलिकम प्रा.लि.मा सञ्चालकहरु सतिश लाल आचार्य तथा सचिन लाल आचार्य एवं भावना सिह श्रेष्ठ समेतको स्पेक्ट्रलाइट (यूके) तथा सुनिभेरा क्यापिटल भेन्चर्स प्रा.लि मार्फत् NCELL को शेयरधनी तथा सञ्चालक रहेको हुँदा स्मार्ट टेलिकम प्रा.लि.का तत्कालिन सञ्चालक तथा बैंक तथा वित्तीय संस्थामा ऋण लिने क्रममा जमानी रहेका सर्वेश जोशीले सतिश लाल आचार्य तथा सचिन लाल आचार्य एवं भावना सिह श्रेष्ठ समेतको योजना तथा संलग्नतामा योजनाबद्द रुपमा मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ बमोजिमको कसूर गरी आफ्नो जिम्मामा रहेको नेपाल सरकारको सम्पत्ति बेइमानी पूर्वक नेपाल सरकारको हक टुटाउने उदेश्यका साथ आपराधिक विश्वासघात गर्न नहुने कसूर गरेको देखिन आएको हुँदा सर्वेश जोशी समेत उपर उल्लेखित कसूर तथा अनुसन्धानमा खुल्न आउने थप प्रतिवादी समेतलाई प्रचलित कानून बमोजिम अनुसन्धान गरी पाँऊ भन्ने समेत व्यहोराको प्रतिवेदन।

**(ग)** **<u>मितिः २०८३/०१/२५ गतेको समेतको प्रतिवेदन</u>:**

स्मार्ट टेलिकम प्रा.लि.मा जडान भएको दूरसञ्चार सेवा सम्बन्धी सम्पत्ति दूरसञ्चार प्राधिकरणको अनुमती बिना मूल्यांकनको क्रममा नै रहेको अवस्थामा नेपाल इन्भेष्टमेन्ट बैंक लि.तथा प्राईम कमर्सियल बैंक लि.बाट सहवित्तीय करण मार्फत् लिएको रकम रु.३,७५,९५,०९,३३८/- ऋण लिई सो ऋणमा जमानी रहेका प्रतिवादी सर्वेश जोशीले धितो लिलाल गर्नको लागि निवेदन दिएकोमा नेपाल इन्भेष्टमेन्ट बैंक लि. बाट मितिः बोलपत्र खोल्ने मितिः २०८२/०६/२० गते दिउसो ११ बजे उल्लेख भएकोमा बोलपत्र फाराम पेश गर्ने श्री ट्रान्सगेट टेक प्रा.लि.बाट रु. ४४ करोड ५० लाख बोलपत्र फाराम थान-१ र धरौटी बापत रु. ४ करोड ४५ लाख खातामा जम्मा गरेको भन्ने उल्लेख भएको, प्रोफेसनल विजनेश प्रा.लि.बाट रु. ४२ करोड ५० लाख बोलपत्र फाराम थान -१ र धरौटी बापत रु. ४ करोड २५ लाख खातामा जम्मा गरेको भन्ने उल्लेख भएको तथा श्री एनसेल आजिआटा प्रा.लि.बाट

रु. ४ अर्ब ६० करोड  बोलपत्र फाराम थान-१ र धरौटी बापत रु. ४६ करोड खातामा जम्मा गरेको भौचर संलग्न रहेको उल्लेख भएकोमा बोलकबोल रकममा नै ठूलो भिन्नता रहेको, प्रोफेसनल विजनेश प्रा.लि.ले मितिः २०८२/०६/१० गते बोलपत्र फाराम भरी पेश गर्दा बोलपत्र बापतको रकम समेत जम्मा गरेको भनी चेक समेत पेश गरेको तर सो रकम जम्मा गर्ने प्रयोजनको लागि मितिः २०८२/०६/१९ गते मात्र खाता खोली सोही खातामा मितिः २०८२/०६/२० गते बोलपत्र खोल्ने दिन रु.४ करोड २५ लाख  नरेन्द्र उलाक मार्फत् रकम जम्मा गर्न लगाई सोही रकम सोही दिन फिर्ता गरेको देखिन आएको, ट्रान्सगेट टेक प्रा.लि.ले समेत बोलकबोल रकम SARINA TARA TULADHAR र PLINA SHRESTHA समेतले रकम जम्मा गरेको देखिन आएको तथा लिलाम कार्य सम्पन्न भएपश्चात निजहरुले नै लिएबाट अपराध चक्र पूरा भई मिलेमतोमा लिलामी गरेको देखिएको, श्री ट्रान्सगेट टेक प्रा.लि.को शेयर लगानी रकम रु. १ करोड ९५ लाख रहेको शेयरलगतबाट देखिन आएको, तथा प्रोफेसनल विजनेश प्रा.लि.को शेयर लगानी रकम रु.१ करोड उल्लेख भएको समेत आधारबाट यी कम्पनीका सञ्चालकहरुको वित्तीय हैसियत नभएको, नरेन्द्र उलकले आफ्नो खातामा रहेको रु. ४ करोड २५ लाख उपलब्ध गराई सोही रकम बोलपत्रमा कबोल गरे बमोजिमको १०% रकम जम्मा गरी गराई दूर सञ्चार प्राधिकरणको नियन्त्रणमा आएको सम्पत्ति लिलाम गरी एनसेल आजिआटाले प्राप्त गरेको देखिन आएको, स्मार्ट टेलिकम प्रा.लि.को नाममा रहेको  सम्पत्ति लिलाम सकार गरी लिई दूरसञ्चार प्राधिकरणबाट दूरसञ्चार सेवा (आधारभूत टेलिफोन सेवा तथा अन्य कुनै पनि दूरसञ्चार सेवा) सञ्चालन गर्न सक्ने वित्तीय हैसियत पुष्टि नभएको र ती प्रा.लि.हरुले नेपाल दूरसञ्चार प्राधिकरणबाट कुनै दूरसञ्चार सेवा (आधारभूत टेलिफोन सेवा तथा अन्य कुनै पनि दूरसञ्चार सेवा) सम्बन्धी काम गर्नको लागि अनुमति नलिएको, प्रोफेसनल विजनेश प्रा.लि. ले बोल कबोल गरेको रकम नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को खातामा मितिः २०८३/०६/२० गते नै जम्मा भएको तथा सो दिन नै फिर्ता भएको देखिन आई थप शंकास्पद रहेको समेत देखिन आएको तथा श्री ट्रान्सगेट टेक प्रा.लि.को हिमालयन बैंक लि.को खाताको सञ्चालकहरु सोनी जोशी, पलिना श्रेष्ठ  र सरिना तारा तुलाधर समेत कुनै दुई जनाको दस्तखत चल्ने उल्लेख भएकोमा रु.१ करोड २५ लाखको चेकमा १ जनाको दस्तखत भएको देखिन आएबाट कारोबार थप शंकास्पद रहेको, बैंकिङ कारोबार, रकम जम्मा तथा फिर्ताको समय, खाता खोलिएको मिति, खातामा पूर्व मौज्दातको अवस्था तथा बोलपत्र फाराममा उल्लेखित विवरणहरूको समग्र विश्लेषण गर्दा स्मार्ट टेलिकम प्रा.लि.को धितो लिलाम प्रक्रिया निष्पक्ष, पारदर्शी र वास्तविक प्रतिस्पर्धात्मक प्रक्रियाबाट नभई योजनाबद्ध रूपमा मिलेमतो गरी सम्पन्न गरिएको र लिलाम प्रक्रियामा आवश्यक धरौटी रकम वास्तविक आर्थिक क्षमता वा व्यवसायिक लगानीबाट नभई तेस्रो पक्षबाट अस्थायी रूपमा व्यवस्थापन गरिएको तथा लिलाम पश्चात तत्काल फिर्ता गरिएको तथ्यबाट उक्त कार्य पूर्वनियोजित र समन्वयात्मक रूपमा गरिएको भन्ने पुष्टि हुन आएको, ट्रान्सगेट टेक प्रा.लि.का सञ्चालकहरु पलिना श्रेष्ठ समेत तथा प्रोफेशनल विजनेश नेटवर्क प्रा.लि.का सञ्चालक खोमनाथ अधिकारीले नरेन्द्र उलाकसँग मिलेमतो समेत गरी नेपाल दूरसञ्चार प्राधिकरणको नाममा आएको दूरसञ्चारजन्य सम्पत्ति आफ्नो आर्थिक तथा वित्तीय हैसियत नभएको अवस्थामा  बोलपत्र फाराम लिई रु.४ अर्ब ६० करोडमा लिलाम गरी गराई स्मार्ट टेलिकम प्रा.लि.को सञ्चालक सर्वेश जोशी तथा एनसेल आजिआटा प्रा.लि.सँग मिलेमतो गरी नेपाल सरकारको सम्पत्ति बेइमानी पूर्वक नेपाल सरकारको हक टुटाउने उदेश्यका साथ आपराधिक विश्वासघात गर्न नहुने कसूर गर्ने कार्यमा संलग्नता रहेको देखिन आएको हुँदा पलिना श्रेष्ठ समेत र खोमनाथ अधिकारी  समेत तथा सम्पूर्ण कारोबार, संलग्न व्यक्ति, रकमको स्रोत, लिलाम प्रक्रियामा संलग्न बैंकका

अधिकारी तथा सम्बन्धित कम्पनी बीचको सम्बन्धबारे थप अनुसन्धान तथा कारबाही गर्न आवश्यक देखिन आएकोले थप अनुसन्धान कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवेदन।

**(घ) मिति: २०८३/०१/२८ गतेको प्रहरी प्रतिवेदन:**

नेपाल इन्भेष्टमेन्ट बैंक लि.बाट स्मार्ट टेलिकम प्रा.लि.को नाममा प्रदान भएको FUNDED/NON FUNDED LOAN सम्बन्धमा छानविन हुनुपर्ने भनी नेपाल सरकारबाट "पूर्व महालेखापरीक्षक श्री टंकमणी शर्मा दंगालको संयोजकत्वमा गठित एनसेलको शेयर खरिद बिक्री सम्बन्धी अध्ययन तथा छानविन प्रतिवेदन, २०८० उल्लेख भएकोमा सो अनुसन्धानबाट बच्नको लागि ऋण राफसाफ गराउने उदेश्य बैंकले लिएको, अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १८ बमोजिम सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल प्राधिकरणले नियन्त्रणमा लिएकोमा सो प्रा.लि.को नाममा रहेको सम्पत्ति स्मार्ट टेलिकम प्रा.लि.को सञ्चालक तथा ऋण लिने क्रममा जमानी रहेका स्मार्ट टेलिकम प्रा.लि.का सर्वेश जोशीले बैंक तथा एनसेल आजिआटा लि.सँग मिलेमतो गरी मितिः२०८२/०६/२० गते सम्मानित उच्च अदालत पाटनको मितिः २०८०/०३/१३ को फैसला प्रतिकूल हुने गरी कानून विपरीत बेईमानीपूर्वक अरु कसैलाई उपभोग गर्न दिने उदेश्यका साथ नेपाल दूरसञ्चार प्राधिकरणको हक टुटाउने उदेश्यका साथ नेपाल सरकारमा आएको सम्पत्ति बैंकले ऋण असुल गर्ने बहानामा "धितोमा रहेको सम्पत्ति श्री स्मार्ट टेलिकम प्रा. लि.को नाममा दर्ता कायम रहेको धापाखेल, ललितपुर वडा नं २४ स्थित कि.नं. ३९४, ३९३, ३९५, ३९० र ३९२ को क्रमश ०-७-३-०, ०-६-०-०, ०-७-३-०, ०-१-०-१ र ०-१४-०-० क्षेत्रफल रहेको घर तथा जग्गा" लिलाम गर्नको लागि सूचना समेत ननिकाली "दूरसञ्चार सामाग्रीहरु जे जस्तो अवस्था छ सोही अवस्थामा लिलाम गर्ने" भनी सूचना निकालेको तथा स्मार्ट टेलिकम प्रा.लि.ले सो प्रा.लि.मा रहेको दूरसञ्चारजन्य सम्पत्तिहरु धितोमा राखी नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.बाट ऋण लिएको रहेछ। सो ऋण बापतको साँवा ब्याज भुक्तानी नगरेको कारण सो रकम समेत लिनको लागि नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.ले मितिः२०८२/०६/०३ गते लिलामीको सूचना निकाल्ने क्रममा बुँदा नं.२ मा "लिलाम विक्री गरिने दूरसञ्चार सेवासँग सम्बन्धित विभिन्न उपकरण लगायतका सामाग्रीहरु जडान भएका घरजग्गा धनीहरुलाई ऋणी (साविकका धनी) ले तिर्न बाँकी वहाल, बिद्युत महशूल लगायतका रकम समेत रु. ४० करोड ( उल्लेखित उपकरणहरुको लागि कबूल गरिने रकममा थप गरी एकमुष्ठ रकम कबुल गरी बोलपत्र पेशगर्नु पर्ने" भनी उल्लेख गरी बोलपत्र पेश गर्न सूचना प्रकाशित भएकोमा सोही सूचना बमोजिम साविकको धनीको तिर्नु पर्ने Liability समेत समावेश गरी सूचना प्रकाशन गरी सो रकम रु.४० करोड समेत लिई लाभग्राहीलाई नदिने आफैंले लिने खाने उदेश्यका साथ PROFESSIONAL BUSINESS NETWORK PVT LTD का सञ्चालक खुमानाथ अधिकारीलाई खडा गरी सोही प्रयोजनको लागि ३ घण्टाको लागि रकम व्यवस्थापन गर्ने भूमिकामा नेपाल ईन्भेष्टमेन्ट मेगा लि.मा कार्यरत रहेका भाष्कर नरसिह जोशीको संलग्नतामा प्रतिवादी नरेन्द्र उलक मार्फत रु.४ करोड २५ लाख व्यवस्थापन गर्न लगाई Loan Recovery Committee (LRC) बैठकको (NIMB/LRC/005/FY2082/83) अध्यक्षता प्रमुख कार्यकारी अधिकृत Mr. Jyoti Prakash Pandey (CEO) लिलामबाट प्राप्त सर्वाधिक Bid स्वीकृति गर्ने उदेश्यका साथ समितिको बैठक बसी सोही बैठकबाट "M/s NCELL Axiata Ltd. द्वारा प्रस्तुत NPR४,६०,००,००,०००/- को सर्वाधिक Bid थप स्वीकृति प्रक्रियाका लागि सिफारिस गर्ने, सर्वाधिक Bidder लाई बाँकी रकम १४ दिनभित्र जम्मा गर्न औपचारिक पत्र

पठाउने. ऋणीको सहमतिको आधारमा अधिकतम NPR२,६०,००,०००/- सम्मको ब्याज छुट दिने तथा असफल Bidders को Retention Deposit तत्काल फिर्ता गर्ने भन्ने व्यहोराको प्रमुख कार्यकारी अधिकृत Mr. Jyoti Prakash Pandey (CEO) ले निर्णय गरी हस्ताक्षर गरेको देखिन आएकोमा बैंक कै ऋण प्रवाह गर्ने कर्मचारी भास्कर नरसिंह जोशीको संलग्नतामा नेपाल इन्भेष्टमेन्ट बैंक लि.बाट भएको बैंकिङ कारोबार, रकम जम्मा तथा फिर्ताको समय, खाता खोलिएको मिति, खातामा पूर्व मौज्दातको अवस्था तथा बोलपत्र फाराममा उल्लेखित विवरणहरूको समग्र विश्लेषण गर्दा स्मार्ट टेलिकम प्रा.लि.को धितो लिलाम प्रक्रिया निष्पक्ष, पारदर्शी र वास्तविक प्रतिस्पर्धात्मक प्रक्रियाबाट नभई योजनाबद्ध रूपमा मिलेमतो गरी सम्पन्न गरिएको लिलाम प्रक्रियामा आवश्यक धरौटी रकम वास्तविक आर्थिक क्षमता वा व्यवसायिक लगानीबाट नभई बैंककै संलग्नतामा तेस्रो पक्षबाट (प्रतिवादी नरेन्द्र उलक) अस्थायी रूपमा रकम व्यवस्थापन गरिएको तथा लिलाम पश्चात तत्काल फिर्ता गरिएको तथ्यबाट लिलाम बिक्री कार्य पूर्वनियोजित र समन्वयात्मक रूपमा गरी गराई स्मार्ट टेलिकम प्रा.लि.को सञ्चालक सर्वेश जोशी तथा एनसेल आजिआटा प्रा.लि.मिलेमतो गरी नेपाल दूरसञ्चार प्राधिकरणको नाममा आएको दूरसञ्चारजन्य सम्पत्ति रु.४ अर्ब ६० करोडमा लिलाम गरी गराई नेपाल सरकारको सम्पत्ति बेइमानी पूर्वक नेपाल सरकारको हक टुटाउने तथा घर बाहल धनीलाई तिर्ने पर्ने रकम भनी लिएको रकम रु. ४० करोड समेत लिई खाएको देखिन आएबाट आपराधिक विश्वासघात गर्न नहुने कसूर गर्ने कार्यमा संलग्नता रहेको देखिन आएको हुँदा ऋण प्रवाह गर्ने कार्य देखी गैह्र कानूनी रुपमा लिलाम गराउने कार्यमा संलग्न रहेका भास्कर नरसिंह जोशी तथा लिलाम प्रकृयामा संलग्न रही लिलामीको निर्णय गर्ने प्रमुख कार्यकारी अधिकृत Mr. Jyoti Prakash Pandey (CEO) उपर अनुसन्धान गरीपाऊँ भन्ने समेत व्यहोराको प्रतिवेदन।

**(ङ) मितिः २०८३/०२/०८ गतेको प्रहरी प्रतिवेदनः**

ठगी तथा आपराधिक विश्वासघात सम्बन्धि कसूर मुद्दाको अनुसन्धानको क्रममा प्रतिवादीहरुको संलग्नता संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसूरमा समेत देखिन आएको हुँदा अनुसन्धान तथा कारबाही गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिवेदन।

**(च) मितिः २०८३/०१/२८ गतेको श्रीमति उषा प्रधानको जाहेरी दरखास्तः**

ललितपुर महानगरपालिका वडा नं. १९ स्थित आफ्ना विभिन्न कित्तामा रहेको साँढे पाँच तले घर स्मार्ट टेलिकम प्रा.लि.लाई २०६६ सालदेखि भाडामा दिएकी थिइन्। पछि २०७६ सालमा पुनः सम्झौता गरी मासिक रु. ७ लाख ३० हजार घरभाडा लिँदै आएकी थिइन्। तर स्मार्ट टेलिकम प्रा.लि.को दूरसञ्चार सञ्चालन अनुमतिपत्र नवीकरण नभई स्वतः रद्द भएपछि मितिः२०७९/०४/१७ देखि उनले पाउनुपर्ने घरभाडा प्राप्त नगरेको तथा नेपाल दूरसञ्चार प्राधिकरणले समेत उक्त भाडा तिर्ने दायित्व स्मार्ट टेलिकम प्रा.लि.कै रहेको भनी पत्राचार गरेको उल्लेख छ। हालसम्म करिब रु. ७ करोड १९ लाख घरभाडा बक्यौता रहेको अवस्थामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले स्मार्ट टेलिकमको धितो लिलामी गर्दा प्रकाशित सूचनामा घरधनीलाई तिर्न बाँकी घरभाडा, विद्युत महसुल लगायतको रकम समेत समावेश गरी बोलपत्र माग गरिएको र उक्त सम्पत्ति एनसेल आजिआटा लि.ले रु. ४ अर्ब ६० करोडमा सकार गरेको उल्लेख गरिएको छ। जाहेरीमा लिलामीबाट प्राप्त रकममा आफू लगायत घरधनीहरूले पाउनुपर्ने घरभाडा रकम समेत समावेश भएपनि नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, स्मार्ट टेलिकमका अध्यक्ष सर्वेश जोशी तथा एनसेल आजिआटा लि.का सञ्चालक सतिश लाल आचार्यबीच मिलेमतो गरी उक्त रकम आफूलाई नतिरी हिनामिना गरेकोमा यसरी आफूलाई आर्थिक हानी पुर्‍याई ठगी गरिएको दावी गर्दै जाहेरवालाले प्रमुख

कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डे, सर्वेश जोशी, सतिश लाल आचार्य तथा अनुसन्धानबाट खुल्ने अन्य व्यक्तिहरूमाथि मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ र २५२ बमोजिम कारबाही गरी आफूले पाउनुपर्ने करिब रु. ७ करोड १९ लाख दिलाइ पाऊँ भन्ने समेत उषा प्रधानको जाहेरी दरखास्त व्यहोरा।

**(छ) मितिः २०८३/०४/०८ गतेको नेपाल दूरसञ्चार प्राधिकरण पत्रः**

स्मार्ट टेलिकम प्रा लि, सम्बन्धित बैंक तथा एनसेल बिच भएका उपकरण खरिद-बिक्री तथा लिलामी प्रक्रियामा सरकारी/ सार्वजनिक सम्पत्तिमा हानी नोक्सानी भएको देखिएको हुँदा मुलुकी अपराध संहिता, २०७४ बमोजिम छानविन तथा कारबाही गरी पाउन अनुरोध भन्ने समेत व्यहोरा साथै प्राधिकरणको च.नं. २२८, मितिः २०८३/०४/१४ गतेको पत्रबाट "श्री स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति तथा उपकरणहरु नेपाल सरकार तथा प्राधिकरणको नियन्त्रणमा रहेकै अवस्थामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड र प्राईम कमर्सियल बैंक लिमिटेडले उक्त बैंकहरुको सहवित्तीयकरण कर्जा अन्तर्गत धितोमा रहेको स्मार्ट टेलिकम प्रा. लि. कुमारीपाटी ललितपुरसँग सम्बन्धित विभिन्न उपकरणहरु लगायतका सामाग्रीहरु गैरकानुनी र अनाधिकृत रुपमा लिलाम बिक्री गरेको हुँदा उक्त सम्पत्ति तथा उपकरण खरिद-बिक्री लिलामी प्रक्रियामा सरकारी/सार्वजनिक सम्पत्तिमा हानी-नोक्सानी भएकोले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) बाट छानबिन तथा अनुसन्धान भईरहेको र सो को लागि यस प्राधिकरणबाट भए गरेका काम कारबाही र निर्णयहरुको कागजात समेत माग भईरहेको र प्राधिकरणको मितिः २०८२।१२।०५ को निर्णयमा श्री स्मार्ट टेलिकम, सम्बन्धित बैंक तथा एनसेलबीच भएका उपकरण खरिद-बिक्री तथा लिलामी प्रक्रियामा सरकारी/सार्वजनिक सम्पत्तिमा हानी-नोक्सानीका सम्बन्धमा नेपाल सरकारको सम्बन्धित निकायहरुमा छानबिन तथा अनुसन्धानको लागि अनुरोध **गर्ने निर्णय भएको नदेखिँदा** मुलुकी अपराध संहिता लगायत प्रचलित कानून बमोजिम **आवश्यक छानबिन तथा अनुसन्धान गरी** नेपाल सरकार तथा प्राधिकरणलाई नियम अनुसार तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता असुल उपर हुने वातावरण तयार गरिदिन नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) लाई अनुरोध गर्ने निर्णय गरियो " भन्ने प्राधिकरणको निर्णय नं. ५६६० को निर्णयको प्रतिलिपी प्राप्त हुन आएको।

**(ज) मितिः २०८३/०४/१९ गतेको पन्नाकाजी महर्जन र प्रकाश भक्त श्रेष्ठको जाहेरी दरखास्तः**

जाहेरवाला पन्नाकाजी महर्जन र प्रकाश भक्त श्रेष्ठले आफ्नो घरमा स्मार्ट टेलिकम प्रा.लि.का टावरहरू (क्रमशः KTM1353 र KTM1020) राख्ने सम्झौता गरी मासिक भाडा लिँदै आएको अवस्थामा उक्त कम्पनीको अनुमतिपत्र नवीकरण नभई स्वतः रद्द भएपछि मितिः २०७९/०४/१७ देखि हालसम्मको भाडा रकम प्राप्त नगरेको, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB)ले स्मार्ट टेलिकमको धितो लिलामी गर्दा सूचनाको बुँदा नं. २ मा घरधनीहरूलाई तिर्न बाँकी बहाल र विद्युत महसुल बापतको रु. ४० करोड रकम समेत बोलपत्रदाताले एकमुष्ठ बुझाउनुपर्ने शर्त राखेको र एनसेल आजिआटा लिमिटेडले सोही बमोजिम रु. ४ अर्ब ६० करोडमा लिलाम सकार गरेको भए तापनि उक्त रकम पीडितहरूलाई नदिइ बैंकका संचालक समितिका अध्यक्ष पृथ्वी बहादुर पाण्डे, सोही बैंकका सिइओ ज्योति प्रकाश पाण्डे, एनसेल आजियाटा लिमिटेडका सञ्चालक सतिश लाल आचार्य, सचिनलाल आचार्य, स्मार्ट टेलिकम प्रा.लि.का अध्यक्ष सर्वेश जोशी र नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारी लगायतको मिलेमतोमा नियोजित रुपमा 'सेटिङ' गरी घरभाडा बापतको रकम ठगी र हिनामिना गरेको हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ र २५२ बमोजिम अनुसन्धान कारबाही र आफ्नो ठगी भएको रकम दिलाइ भराई पाऊँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त।

**बिगो रकम:**

- पन्नाकाजी महर्जन (NIC Asia Bank, खाता नंबर 2669062955524002) ले KTM1353 टावर राखे बापत हालसम्म पाउनुपर्ने भाडा रकम: NPR 16,33,500.00 (२०८० सालको असार मसान्तसम्म पाउनुपर्ने रकम: NPR 5,19,750.03)
- प्रकाशभक्त श्रेष्ठ (NIMB, खाता नं. 01205030136579) ले KTM1020 टावर राखे बापत हालसम्म पाउनुपर्ने भाडा रकम: NPR 13,15,121.00 (२०८० सालको असार मसान्तसम्म पाउनुपर्ने रकम: NPR 3,75,070.50)

**पीडितहरु ६०७ जनाले २०८० असार महिनासम्मको पाउनुपर्ने कुल रकम:**

**Old BTS Sites: NPR 30,260,244.03**

**New BTS Sites: NPR 109,398,790.57**

**Total: NPR 13,96,59,034.60**

२. **प्रतिवादीहरुको बयान खण्ड:**

क. **सर्वेश जोशीको बयान:**

मेरो एकल नाममा रु. ५० लाख बराबरको स्क्वायर नेटवर्क प्रा.लि. रहेको छ । उक्त कम्पनीले इन्टरनेट सम्बन्धी Installation र Maintenance को काम गर्दै आएको छ । मैंले उक्त कम्पनी सन् २०१५ मा मेरो आमाको दिदीको छोरा सचिन लाल आचार्य र भावना सिंह श्रेष्ठबाट हस्तान्तरण गरी लिएको हो । स्मार्ट टेलिकम प्रा.लि.मा स्क्वायर नेटवर्क प्रा.लि.को पहिलेदेखि नै २०% शेयर रहेको हुँदा कम्पनी मेरो नाममा हस्तान्तरण भएपछि स्मार्ट टेलिकम प्रा.लि.मा पनि मेरो २०% हिस्सा कायम भएको हो । मेरो संयुक्त अरब इमिरेट्सको सारजहाँस्थित Stupa FZC LLC नामक IT कम्पनीमा २५% शेयर रहेको छ । उक्त कम्पनी पुष्पराज भट्टराई, पिताम्बर सिग्देल, अमेरिकन नागरिक मिङ्मा तामाङ र म गरी चार जनाको साझेदारीमा सञ्चालन भएको हो । कम्पनीको Authorized Capital नेपाली रु. २० लाख बराबर रहेको छ । उक्त कम्पनीले IT Services तथा Customised Software सम्बन्धी काम गर्दै आएको छ । मेरो नाममा Secondary र IPO समेत गरी विभिन्न कम्पनीहरूमा करिब रु. ५ लाख बराबरको शेयर रहेको छ । मेरी श्रीमतीको नाममा करिब रु. २ लाख र मेरो बुबाको नाममा करिब रु. १० लाख बराबरको शेयर रहेको छ । मैंले दूरसञ्चार तथा सूचना प्रविधि सम्बन्धी व्यवसाय गर्दै आएको छु । स्मार्ट टेलिकम सञ्चालनमा आएको समयमा करिब ७ वर्षसम्म वार्षिक रु. ६५ लाख आम्दानी हुने गरेको थियो । सतिस लाल आचार्य मेरो आमाको दिदीको छोरा दाइ हुन् । भावना सिंह श्रेष्ठ सतिस लाल आचार्यकी श्रीमती तथा मेरी भाउजू हुन् । सचिन लाल आचार्य सतिस लाल आचार्यका सहोदर भाइ हुन् । सतिस लाल आचार्य सिङ्गापुरका नागरिक हुन् भने भावना सिंह श्रेष्ठ र सचिन लाल आचार्य नेपाली नागरिक हुन् । भावना सिंह श्रेष्ठसँग सिङ्गापुरको Residential Visa रहेको छ । स्मार्ट टेलिकम प्रा.लि. ललितपुर महानगरपालिका–कुमारीपाटीमा रहेको छ । मैंले सन् २०१५ को अक्टोबर/नोभेम्बरतिर सचिनलाल आचार्य र भावना सिंह श्रेष्ठको नाममा रहेको स्क्वायर नेटवर्क प्रा.लि. मेरो एकल नाममा हस्तान्तरण गरी लिएको हुँ । त्यसपछि म उक्त कम्पनीको एकल शेयरधनी तथा सञ्चालकको रूपमा कार्यरत छु । स्क्वायर नेटवर्क प्रा.लि.को स्मार्ट टेलिकम प्रा.लि.मा पहिले देखि नै २०% शेयर लगानी रहेको हुँदा उक्त कम्पनी मेरो नाममा आएपछि म पनि स्मार्ट टेलिकम प्रा.लि.को २०% शेयरधनी तथा सञ्चालक बनेको हुँ । त्यसपछि सन् २०१५ देखि नै म कम्पनीको सञ्चालक समितिको अध्यक्षको रूपमा कार्यरत छु । स्मार्ट टेलिकम प्रा.लि.मा स्क्वायर नेटवर्क प्रा.लि.को २०%, लाल साहु

डिष्टिब्युसन प्रा.लि. (पछि Cosbo Investment Pvt. Ltd. ले खरिद गरेको) को ३०% र लाल साहु होल्डिङ प्रा.लि. को ५०% शेयर लगानी रहेको थियो । तत्कालीन समयमा लाल साहु डिष्टिब्युसन प्रा.लि.का शेयरधनी तथा सञ्चालक सतिस लाल आचार्य थिए । सन् २०१५ मा सतिस लाल आचार्यले उक्त कम्पनी Cosbo Investment Pvt. Ltd., Seychelles लाई बिक्री गरेका हुन् । Cosbo Investment Pvt. Ltd., Seychelles का Nominee Director साइप्रसकी नागरिक इरिनी हुन् भने Beneficiary काजकस्तानकी Ms. Louiza Georgiou हुन् । लाल साहु होल्डिङ प्रा.लि., Seychelles का Nominee Director साइप्रसकी लुजिया हुन् । Beneficiary काजकस्तानका Mr. Izbassar Baigabatov हुन् । म स्मार्ट टेलिकम प्रा.लि.मा आबद्ध भएपछि हालसम्म अध्यक्षको हैसियतमा कार्यरत छु । म कम्पनीमा आउनुभन्दा अगाडि सन् २००८ देखि कम्पनीले नेपाल दूरसञ्चार प्राधिकरणबाट ग्रामीण सेवा अनुमति लिएर करिब २५ जिल्लाका २४० वटा गा.वि.स.मा २५० वटा BTS टावरमार्फत् 2G तथा VSAT प्रविधिबाट दूरसञ्चार सेवा सञ्चालन गर्दै आएको थियो । मितिः २०७०/०१/०२ (15 April 2013) मा कम्पनीले Unified License (GSM/PSTN) सहितको दूरसञ्चार सेवा सञ्चालन गर्न नेपाल दूरसञ्चार प्राधिकरणबाट २५ वर्षको अनुमति प्राप्त गरेको हो । अनुमति प्राप्त गर्दा १० वर्षका लागि रु. ३५,७५,००,००० अनुमति दस्तुर तथा त्यसपछिका प्रत्येक ५ वर्षका लागि रु.२०,१३,२७,५०,०००।- नविकरण दस्तुर बुझाउने व्यवस्था थियो । सो अनुसार कम्पनीले तत्काल रु.३५,७५,००,०००।- बुझाई सेवा सञ्चालन गरेको हो । Unified License अनुसार १० वर्षभित्र पहिलो नविकरण दस्तुर किस्ताबन्दीमा बुझाइ सक्नुपर्ने व्यवस्था थियो । म कम्पनीमा आबद्ध भएपछि कम्पनीले नेपाल दूरसञ्चार प्राधिकरणलाई २०१८ सम्म करिब रु. ७० करोड अग्रिम भुक्तानी गरिसकेको थियो । म कम्पनीमा आउनुअघि कम्पनीले 2G सेवा सञ्चालन गरिरहेको थियो र 3G को योजना बनिरहेको थियो । त्यस समयमा विश्वव्यापी रूपमा 4G Technology आइसकेको हुँदा सन् २०१७ मा कम्पनीले 4G सेवा प्रारम्भ गरेको हो । स्मार्ट टेलिकम प्रा.लि.ले वि.सं. २०७६ सम्म सरकारलाई बुझाउनुपर्ने कर तथा शुल्क तिरेको जानकारी मलाई छ । त्यसपछि के अवस्था भयो भन्ने हाल मलाई एकिन छैन । कम्पनीले नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लगायतबाट कर्जा लिँदा दूरसञ्चार सेवामा प्रयोग भएका उपकरण, ललितपुर धापाखेलस्थित ३० आना जग्गामा बनेको दुईतले भवन लगायत सम्पत्ति धितो राखेको थियो । कम्पनीले दूरसञ्चार उपकरणहरू चीनका Huawei र ZTE कम्पनीबाट खरिद गरेको हो । प्रारम्भमा वि.सं. २०६५ मा Huawei मार्फत् उपकरण ल्याइएको थियो भने म आबद्ध भएपछि ZTE मार्फत् उपकरण खरिद गरिएको हो । उपकरण कति रकममा खरिद गरिएको हो भन्ने हाल मलाई एकिन छैन । स्मार्ट टेलिकम प्रा.लि.को चल-अचल सम्पत्तिको हालको मूल्यांकन करिब रु. ४ अर्ब हुन सक्छ । मितिः २०८२/०५/२० मा नेपाल इन्भेष्टमेण्ट मेगा बैंकलाई सम्बोधन गरी लेखिएको पत्रमा बैंकबाट लिइएको कर्जा तथा बैंकिङ सुविधा नियमित गर्न नसकिएको र धितो सम्पत्ति लिलाम गरी बैंकले असुल गर्न अनुरोध गरिएको थियो । उक्त पत्रमा भएको दस्तखत मेरो हो तर उक्त पत्र बैंकले पहिले नै तयार गरेको थियो । मलाई "कर्जा रिकभरी सम्बन्धी सामान्य नोटिस" भनेर अन्य कागजातसँगै सही गराइएको हो । पत्रको व्यहोरा पढ्न वा बुझ्न दिइएको थिएन । त्यसबारे मैंले मिडियामा समाचार आएपछि मात्र थाहा पाएको हुँ । मितिः २०८१/१०/१०, २०८१/१०/२७, २०८१/११/२० र २०८१/१२/२० मा नेपाल इन्भेष्टमेण्ट मेगा बैंकले स्मार्ट टेलिकम प्रा.लि.लाई कर्जा तथा ब्याज भुक्तानी गर्न पठाएका पत्रहरूमा भएको दस्तखत मेरो हो । तर ती पत्रहरू बैंकले मलाई दिएको थिएन । मितिः २०८२/०५/२० मा कालिमाटीस्थित बैंक शाखामा बोलाई ४/५ वटा

पत्रहरूमा दस्तखत गराइएको थियो र कुनै प्रतिलिपि दिइएको थिएन । स्मार्ट टेलिकम प्रा.लि.ले सुरुमा नेपाल इन्भेष्टमेण्ट मेगा बैंकबाट Funded तथा Non-Funded Loan लिएको थियो । त्यसमा Term Loan, Overdraft, Performance Guarantee तथा Performance Bond समावेश थिए । पछि प्राइम कमर्सियल बैंक बाट सहवित्तीयकरण कर्जा लिएको हो । दुवै बैंकलाई करिब रु. ४ अर्ब ५० करोड तिर्न बाँकी रहेको हुन सक्छ । कम्पनीका विभिन्न जिल्लामा ५९५ वटा 2G तथा 4G BTS टावर, Core and Billing System, कम्प्युटर, प्रिन्टर, जेनेरेटर लगायत उपकरण तथा धापाखेल स्थित Data Centre रहेको दुईतले भवन छन् । कम्पनीको खातामा करिब रु. ५ लाख मौज्दात हुन सक्छ तर ती खाता नेपाल दूरसञ्चार प्राधिकरणबाट रोक्का गरिएका छन् । म कम्पनीमा आबद्ध भएपछि कर्जा लिने तथा उपकरण खरिद गर्ने सम्बन्धमा कम्पनी बोर्डबाट निर्णय गरिएको थियो । कम्पनीमा करिब १२५ जना कर्मचारी कार्यरत थिए । कर्मचारी सुविधा तथा तलबमा मासिक करिब रु. ७५ लाख खर्च हुने गरेको थियो । म कम्पनीमा आउनुअघि देखि नै कम्पनी घाटामा सञ्चालन हुँदै आएको थियो, त्यसैले कुनै मुनाफा प्राप्त भएन । कम्पनीको वित्तीय अवस्थाका कारण सरकारले तिर्नुपर्ने नविकरण दस्तुर तथा फ्रिक्वेन्सी शुल्क तिर्न नसकिएको हो । यस सम्बन्धमा नेपाल सरकार, सञ्चार मन्त्रालय तथा दूरसञ्चार प्राधिकरणमा लिखित निवेदन दिइएको थियो । म ट्रान्सगेट टेक प्रा.लि.की सञ्चालक पलिना श्रेष्ठ, प्रोफेसनल बिजनेस प्रा.लि.का सञ्चालक खुमनाथ अधिकारीलाई नामले चिन्छु । World Distribution Pvt. Ltd. का सञ्चालक अरुण श्रेष्ठकी श्रीमती पलिना श्रेष्ठ हुन् भन्ने जानकारी छ । Ncell Axiata Limited का शेयरधनी Spectralite –UK र सुनीभेरा प्रा.लि. हुन् । Spectralite- UKतर्फबाट सतिस लाल आचार्य र सुनीभेरा प्रा.लि.तर्फबाट भावना सिंह श्रेष्ठ सञ्चालक हुन् । सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ अनुसार नेपाल दूरसञ्चार प्राधिकरणले कम्पनी नियन्त्रणमा लिएपछि व्यवस्थापन समिति गठन गरी कम्पनी सञ्चालनमा ल्याउनुपर्ने तथा नगद प्रवाहबाट दायित्व भुक्तानी गर्न नसके मूल्यांकन गरी लिलाम प्रक्रिया अघि बढाउनुपर्ने थियो तर तीन वर्षसम्म आवश्यक प्रक्रिया अघि नबढ्दा कम्पनी पूर्ण रूपमा बन्द भएको हो । यसै कारण बैंक कर्जा पनि रिकभरीमा गएको हो । नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल राष्ट्र बैंकमार्फत् विभिन्न मितिमा बैंकलाई पत्राचार गरी कम्पनीको चल-अचल सम्पत्ति आफ्नो नियन्त्रणमा रहेको तथा मूल्यांकन प्रक्रियामा रहेको जानकारी गराएको भन्ने मलाई थाहा छ । **नेपाल इन्भेष्टमेण्ट मेगा बैंकका भास्कर नरसिंह जोशीले मलाई बोलाई केही पत्रहरूमा हेर्न नदिई हतारमा दस्तखत गराएका थिए ।** पछि ती पत्रहरूको आधारमा बैंकले लिलाम प्रक्रिया अघि बढाएको जानकारी भयो । उक्त लिलाम प्रक्रियामा Ncell Axiata Limited, ट्रान्सगेट टेक प्रा.लि. र प्रोफेसनल बिजनेस प्रा.लि. सहभागी भएका थिए । ट्रान्सगेट टेक र प्रोफेसनल बिजनेस IT कम्पनी भएका तथा Bid Amount मा ठूलो फरक देखिएकाले प्रक्रिया शंकास्पद लागेको हो । Ncell Axiata Limited ले लिलाम स्वीकृत गर्ने प्रक्रियामा मेरो कुनै मिलेमतो वा संलग्नता छैन । मेरो जानकारी अनुसार Moveable Property मात्र हस्तान्तरण गर्न मिल्ने भएकाले धापाखेलस्थित कि.नं. ३९०, ३९३, ३९४ र ३९५ को कुल २–४–२–१ क्षेत्रफलको जग्गा लिलामी प्रक्रियामा समावेश गरिएको थिएन । सन् 06/10/2025 मा चेक नं. 028030502900016 मार्फत् NPR ४,१४,००,००,००० Ncell Axiata Limited बाट नेपाल इन्भेष्टमेण्ट मेगा बैंकले प्राप्त गरेको चेकको प्रतिलिपि मलाई देखाइएको थियो । उक्त रकम स्मार्ट टेलिकम प्रा.लि. को सम्पत्ति लिलामीबाट प्राप्त भएको हुन सक्छ । बैंकबाट तयार गरिएको Memorandum मा “Interest waiver borrower provide consent for disposal through auction...” भन्ने उल्लेख भएको सम्बन्धमा मलाई

कुनै जानकारी दिइएको थिएन । रु. २ करोड ६० लाख ब्याज छुटको विषय पनि बैंकलाई मात्र जानकारी छ । स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति Ncell Axiata Limited ले लिलाम स्वीकृत गरेको प्रक्रियामा मेरो कुनै संलग्नता छैन । बैंकले लिलाम गर्ने वा नगर्ने निर्णय आफैं गर्ने हो । स्मार्ट टेलिकम प्रा.लि.को नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लगायतमा करिब रु. ४ अर्ब ५० करोड बक्यौता हुन सक्छ । 27 January 2023 सम्म NPR ४,२१,९५,२२,६६५.२९ बक्यौता रहेको विवरण सही हुन सक्छ । कम्पनीको अनुमति पत्र खारेज भएपछि यकिन हिसाब गरिएको छैन । मेरो विचारमा कम्पनीको अनुमति पत्र खारेजी तथा सम्पत्ति व्यवस्थापन नियमावली समयमै कार्यान्वयन नहुनु नै हालको अवस्थाको मुख्य कारण हो । यसमा को–को संलग्न छन् भन्ने मलाई थाहा छैन । स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलामीपछि Ncell Axiata Limited ले रु. ४ अर्ब ६० करोडमा लिलाम स्वीकार गरेको हो । बैंकले दूरसञ्चार उपकरण बिक्री गरी रु. ४० करोड प्राप्त गरेको जानकारी छ तर टावर तथा उपकरण जडान भएका घरधनीलाई भाडा तथा विद्युत महसुल नदिइएको जानकारी छ । त्यस समयमा कम्पनीको Personal Guarantee सचिन लाल आचार्यले दिएका हुन सक्छन्, तर मलाई यकिन छैन । नेपाल इन्भेष्टमेण्ट मेगा बैंकबाट कर्जा प्रवाहका क्रममा Site Visit भएको थियो जस्तो लाग्छ । तर कुन कर्मचारी आएका थिए भन्ने हाल सम्झना छैन । नेपालभर स्मार्ट टेलिकम प्रा.लि.का ५९५ वटा टावर सञ्चालनमा थिए । 29-11-2018 को Credit Facilities Report अनुसार थप ३४ वटा टावर सञ्चालनमा आएको देखिन्छ । दूरसञ्चार सेवा सञ्चालनका लागि विभिन्न देशबाट उपकरण आयात गरिएको हो । साइप्रस, इटाली, हङकङ, भारत र सिङ्गापुरबाट रु.५३,९३,१७,१७९ बराबरका उपकरण आयात भएको देखिन्छ । यस सम्बन्धी विवरण कम्पनीको Balance Sheet मा उल्लेख छ । वि.सं. २०७४/०६/२६ (12 October 2017) मा स्मार्ट टेलिकम प्रा.लि., नेपाल इन्भेष्टमेण्ट बैंक र प्राइम कमर्सियल बैंकबीच भएको Syndicated Credit Facilities Agreement मा स्मार्ट टेलिकम प्रा.लि.को तर्फबाट कार्यकारी निर्देशकको हैसियतमा गरेको दस्तखत मेरो हो । नेपाल इन्भेष्टमेण्ट बैंकका भास्कर नरसिंह जोशी र प्राइम कमर्सियल बैंकका नेपाल भूषण श्रेष्ठलाई म चिन्छु । 28 January 2020, 22 September 2020, 21 April 2021, 26 August 2021, 31 December 2021 र 6 January 2023 मा नेपाल इन्भेष्टमेण्ट बैंक, दरबारमार्गमा भएका बैठकहरूको Minutes मा Chairman को हैसियतमा गरिएको दस्तखत मेरो हो । उषा प्रधानको घरमा स्मार्ट टेलिकम प्रा.लि.को प्रधान कार्यालय तथा टावर सञ्चालन गरिएको थियो । सुवास बज्राचार्य र सजिन राजभण्डारी कम्पनीका कर्मचारी थिए । उनीहरूले घरधनी उषा प्रधानसँग सम्झौता गरेका थिए । कम्पनी बन्द भएपछि उनीहरू कम्पनी छोडेर गएका हुन् । हाल उनीहरू कहाँ छन् भन्ने मलाई थाहा छैन । सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ अनुसार दूरसञ्चार प्राधिकरणले व्यवस्थापन समिति गठन गरी आवश्यक परे लिलाम प्रक्रियाबाट घरधनीहरूले पाउनुपर्ने भाडा भुक्तानी गर्नुपर्ने दायित्व हुन्छ । नेपालभर करिब ४० जिल्लामा ५९० भन्दा बढी टावर सञ्चालनमा थिए । काठमाडौं उपत्यकामा मात्र करिब २०० टावर थिए । टावर राखिएका घरधनी वा जग्गाधनीलाई म व्यक्तिगत रूपमा चिन्दिन । कम्पनी बन्द भएपछि टावरहरूको अवस्था के छ भन्ने जानकारी छैन । दूरसञ्चार प्राधिकरणले कम्पनीको सम्पत्ति नियन्त्रणमा लिएपछि हामीले टावरहरूको सुरक्षा र व्यवस्थापनका लागि निवेदन दिएका थियौं । कोभिड महामारीपछि आम्दानी घटेकाले कतिपय घरधनी तथा जग्गाधनीलाई भाडा भुक्तानी गर्न नसकिएको हो । शहरी क्षेत्रमा एउटा टावर निर्माण गर्न करिब रु. ४०–५० लाख तथा ग्रामीण क्षेत्रमा करिब रु. ७० लाख लगानी गरिएको थियो भन्ने समेत व्यहोराको सर्वेश जोशीको बयान । **संगठित अपराध कसूर तर्फ** सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ अनुसार कुनै पनि

कार्य प्राधिकरणद्वारा नहुँदा स्मार्ट टेलिकम प्रा.लि. निक्रिय अवस्थामा पुग्यो । कम्पनीले नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक र प्राईम कमर्सियल बैंक लि.समेतबाट लिएको सहवित्तीयकरण कर्जाको साँवा व्याज नियमितरुपमा तिर्न नसक्दा बैंकले Recovery को प्रकृयामा जाँदा मलाई कालिमाटी ब्रान्चमा बोलाई ४/५ वटा कागजातहरुमा दस्तखत गर्न गराई Recovery को लागि Ncell सँग कुराकानी भइरहेको छ भनि भास्कर नरसिह जोशीले मलाई वताएका थिए । स्मार्ट टेलिकम प्रा.लि. निक्रिय अबस्थामा पुगि कम्पनीले नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक र प्राईम कमर्सियल बैंक लि.समेतबाट लिएको सहवित्तीयकरण कर्जाको साँवा व्याज नियमितरुपमा तिर्न नसक्दा मैंले सहयोगको लागि सतिस लाल आचार्यलाई कुरा गरे पछि निज सतिस लाल आचार्य मार्फत् अरुण श्रेष्ठले पटक पटक गरी मेरो र कम्पनीको खातामा कर्जा तिर्ने प्रयोजनको लागि खातामा जम्मा हुन आएको हो । सो वाहेक अन्य प्रयोजनको लागि अरुण श्रेष्ठबाट रकम जम्मा भएको छैन । NCELL AXIATA LIMITED को खाताबाट NEPAL SATELLITE TELECOM ले भुक्तानी लिएको रकम सम्बन्धमा मलाई जानकारी छैन । SATELLITE TELECOM संचालन गर्नको लागि Technical Assistance को लागि स्मार्ट टेलिकम प्रा.लि. र SATELLITE TELECOM सम्झौता भएकोले सोही बमोजिम SATELLITE TELECOM ले स्मार्ट टेलिकम प्रा.लि.लाई रु.35,00,00,000।- भुक्तानी दिएको हो । उक्त SATELLITE TELECOM कार्यान्वयन हुन नसकेको र स्मार्ट टेलिकम प्रा.लि. पनि संचालन नआए पछि उक्त रकम फिर्ता गर्न सकेको छैन । सहवित्तीयकरण कर्जाको साँवा व्याज नियमितरुपमा तिर्न नसक्दा मेरो नाताले दाई सतिस लाल आचार्यसँग मैंले सहयोगको लागि कुरा गरे पछि निज सतिस लाल आचार्य मार्फत् अनुप मान तुलाधारले आफ्नो व्यक्तिगत खाताबाट रु. १४ करोड र रु.१ करोड समेत गरी जम्मा रु.१५ करोड चेक मार्फत् भुक्तानी दिए पछि सोही रकम मैंले स्मार्ट टेलिकम प्रा.लि.को नेपाल इन्भेष्टमेन्ट लि.को खाता नं. 01701030001887 मा जम्मा गरी सोही रकम OD Account मा ट्रान्सफर गरी कर्जा सेटलमेण्ट गरेको हो । सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ अनुसार कुनै कार्यान्वयन नभए पछि बैंकले विभिन्न समयमा मलाई कर्जा भुक्तानी गर्न लिखित तथा मौखिकरुपमा दबाब दिएको अवस्थामा मैंले कर्जा तिर्न सक्ने अवस्था नभएकोले बैंक Recovery प्रकृयामा गएको हो । सो प्रकृयामा नेपाल ईन्भेष्टमेण्ट बैंकका कर्मचारी भास्कर नरसिह जोशीले मलाई बैंकमा बोलाए पछि म नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. कालिमाटीमा जाँदा मलाई ४/५ वटा जति पत्रहरु समेतमा दस्तखत गराई मलाई कुनै पत्र नदिई/नदेखाई बैंकले सवै पत्रहरु राखेको थियो । उक्त पत्रहरुमा के व्यहोरा लेखिएको थियो मलाई जानकारी दिएनन् । स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति Ncell ले खरिद गर्न Interested छ भन्ने विषयमा बैंक र Ncell लगायतका Vendor कम्पनीहरु विचमा छलफल भईरहेको भन्ने सुनेको थिएँ। लिलामी प्रकृया सम्पन्न भए पश्चात घर–जग्गा धनीहरुलाई विधुत महसुल र वहाल रकम दिनु पर्ने भएकोले समन्वय गरी दिनु भनि बैंकबाट मौखिकरुपमा मलाई अनुरोध भएको थियो । तर मैंले उक्त काम मेरो नभएको र कानून सम्मत मेरो जिम्मेवारी भित्र नपर्ने भएकोले मैंले गर्न सक्दिन भनेको थिएँ।  स्मार्ट टेलिकम प्रा.लि.मेरो नाममा हस्तान्तरण हुनुपूर्व उक्त कम्पनीको व्यक्तिगत जमानी (Personal Guarantee) कम्पनीको अध्यक्ष भएको हैसियतले सचिन लाल आचार्य हुनुपर्छ । स्मार्ट टेलिकम प्रा.लि. सन २०१५ नोभेम्वरमा मेरो नाममा हस्तान्तरण भए पछि उक्त कम्पनीको व्यक्तिगत जमानी (Personal Guarantee) मैंले दिएको छु भनी प्रतिवादी सर्वेश जोशीले खुलाई लेखाई दिएका छन् भन्ने समेत ब्यहोराको प्रतिवादी **सर्वेश जोशी**को बयान ।

**ख. प्रतिवादी नरेन्द्र उलकको बयान:**

मेरो नाममा २० आना जग्गामा बनेको कुपण्डोलस्थित घर, जिल्ला कास्की साविक मट्टीखान गा.वि.स.मा करिब ५२ रोपनी पाखोबारी तथा NIMB मा बचत खाता रहेको छ। मेरो श्रीमतीको नाममा काठमाडौं महानगरपालिका वडा नं. ७, धापासीस्थित ११ आनामा बनेको घर रहेको छ। श्रीमती रिता उलक, छोरा तथा बुहारीका नाममा रहेका बैंक खाताहरूको बारेमा मलाई जानकारी छैन। मेरो छोरा अनिमेश उलक शेयर होल्डर रहेको Hong He Builders Pvt. Ltd. नामक कम्पनी रहेको छ। जसका अन्य सञ्चालकहरू चिनियाँ नागरिक हुन्। छोराको नाममा क्रेटा गाडी नं. ७५४ रहेको छ। Hongxi Hotel Pvt. Ltd. (चिनियाँ नागरिकहरूले बिजुलीबजार, काठमाडौंमा सञ्चालन गरेको) को नाममा रहेको BYD गाडी मैंले प्रयोग गर्दै आएको छु। स्मार्ट टेलिकम प्रा.लि. मा जडान भएको दूरसञ्चार सेवा सम्बन्धी सम्पत्ति दूरसञ्चार प्राधिकरणको अनुमति बिना मूल्यांकनकै क्रममा रहेको अवस्थामा नेपाल इन्भेष्टमेन्ट बैंक लि. तथा प्राइम कमर्सियल बैंक लि.बाट सहवित्तीयकरण मार्फत् कर्जा प्रवाह गरिएको विषयमा मलाई जानकारी थिएन। Professional Business Network Pvt. Ltd. को वित्तीय हैसियत, क्षमता, शेयर क्यापिटल वा Bid Financial Capacity सम्बन्धमा पनि मलाई कुनै जानकारी थिएन। उक्त कम्पनीको नामसमेत मैंले सुनेको थिइनँ। कम्पनीका सञ्चालक खुमनाथ अधिकारीलाई मैंले बोलपत्रमा सहभागी हुन कुनै रकम दिएको होइन। म निजलाई चिन्दिनँ र निजसँग मेरो कुनै व्यवसायिक सम्बन्ध पनि छैन। मैंले चिनजानका आधारमा मैंले कारोबार गर्ने बैंकका जिम्मेवार कर्मचारी भाष्कर नरसिंह जोशीको अनुरोधमा मात्र चार करोड पच्चीस लाख रुपैयाँ खुमनाथ अधिकारीको नाममा चेक काटी दिएको हुँ। निजले उक्त रकम तीन दिनका लागि सापटी मागेका थिए। रकम पछि मेरै खातामा फिर्ता भएको थियो। उक्त रकम बलेफी हाइड्रोपावरको मेरो नामको शेयर बिक्रीबाट आएको रकम थियो। मैंले रकम किन आवश्यक परेको हो भन्ने विषयमा सोधपुछ गरेको थिइनँ। मैंले भाष्कर नरसिंह जोशीलाई विश्वास गरी अन्य कुनै लिखित सम्झौता, धितो वा ग्यारेन्टी बिना रकम दिएको हुँ। रकम दिँदा "रु. ४,२५,००,०००/- नरेन्द्र उलकबाट भाष्कर नरसिंह जोशीले लिएको" भन्ने बेहोराको कागजमा निजले सहीछाप गरी "चिर्कटो" राखेका थिए। पछि रकम मेरो खातामा फिर्ता भएपछि उक्त चिर्कटो च्यातेर फालिदिएको भनी भाष्कर नरसिंह जोशीले जानकारी गराएका थिए। उक्त रकम short-term accommodation हो भन्ने जानकारी पनि भाष्कर नरसिंह जोशीले नै दिएका थिए। मैंले दिएको रकम auction bid deposit मा प्रयोग हुने भन्ने कुरा मलाई थाहा थिएन। रकम दिनुअघि मैंले कुनै कागजात हेरेको थिइनँ। तुरुन्तै रकम फिर्ता भइहाल्छ भन्ने विश्वासमा रकम दिएको हुँ। मैंले रकम दिएको दिन खुमनाथ अधिकारीले नयाँ बैंक खाता खोलेको भन्ने कुरा पनि मलाई थाहा थिएन। मेरो चेक जम्मा भएको खाताबाट रकम तुरुन्त अन्यत्र रकमान्तर भएको विषयमा पनि मलाई जानकारी थिएन। मैंले Professional Business Network Pvt. Ltd. लाई आर्थिक सहयोग गरेको होइन। मैंले दिएको रकम bid deposit मा प्रयोग भएको भन्ने कुरा पछि मात्र थाहा पाएँ। मैंले त रकम सापटी दिएको मात्र हो। सन् २००६ तिर म ND Global Trade Private Limited को प्रतिनिधि थिएँ। उक्त कम्पनी बेलायतमा दर्ता भएको ट्रेडिङ कम्पनी थियो। जसमार्फत् नेपालबाट ह्याण्डी क्राफ्ट तथा कार्पेट निर्यात गर्ने काम हुन्थ्यो। हाल कम्पनी बन्द अवस्थामा छ। कम्पनीका सञ्चालकहरू रसियन र बेलायती नागरिक थिए। मलाई सतिशलाल आचार्यले करिब ३/४ वर्षअघि Ncell र Smart Telecom मा लगानी गर्न चिनियाँ कम्पनी खोजिदिन भनेका थिए। सो क्रममा Ncell र Smart Telecom सम्बन्धी कागजातहरू WhatsApp मार्फत् पठाइएका थिए। तर कुनै पनि चिनियाँ कम्पनीले लगानी गर्न चासो देखाएनन्

। सतिशलाल आचार्य, सचिनलाल आचार्य र भावना सिंह श्रेष्ठसँग मेरो चिनजान छ। सतिशलाल र सचिनलाल दुई भाइ हुन् र मेरा टाढाका नातेदार हुन्। भावना सिंह श्रेष्ठ सतिशलाल आचार्यकी श्रीमती हुन्। सतिशलाल आचार्य Ncell Limited का सञ्चालक भएकाले चिनियाँ लगानी भित्र्याउने प्रयोजनका लागि मलाई काम लगाएका थिए। नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका प्रबन्धक भाष्कर नरसिंह जोशीले राजेन्द्र भक्त श्रेष्ठको सानेपास्थित कार्यालयमा हुँदा खुमनाथ अधिकारीसँग भेट गराएको जस्तो लाग्छ। तर निजको अनुहार पनि मलाई याद छैन। पलिना श्रेष्ठसँग मेरो कुनै चिनजान वा लेनदेन छैन। भाष्कर नरसिंह जोशी मेरो साथी हुन्। मेरो तत्कालीन NIBL मा खाता रहेको कारण बैंकमा आउने-जाने क्रममा करिब ८/१० वर्षअघि चिनजान भएको हो। चेक काट्नु भन्दा २/३ दिनअघि बिहानपख भाष्कर नरसिंह जोशी मेरो कुपण्डोलस्थित घरमा आई तपाईंको खातामा रु. ४ करोड २५ लाख जति रकम रहेछ, तीन दिनका लागि सापटी दिनुहोस्। तीन दिनभित्र खातामा फिर्ता गरिदिन्छु भनेका थिए। मैंले छोरासँग सल्लाह गरेर खबर गर्छु भनेको थिएँ। भोलिपल्ट निजले फोन गरी रकम आवश्यक परेको भन्दै चेक लिन आउँछु भनेपछि मैंले निजलाई विश्वास गरी मैंरै घरमा बसी निजले भनेबमोजिम खुमनाथ अधिकारीको नाममा रु. ४ करोड २५ लाखको चेक जारी गरी दिएको हुँ। चेक काट्दा खुमनाथ अधिकारीलाई मैंले चिनेको थिइनँ। रकम तीन दिनपछि मेरो खातामा फिर्ता भएको थियो। मितिः २०८२/०६/२० गतेको auction अघि खुमनाथ अधिकारीसँग मेरो कुनै भेटघाट भएको थिएन। मुद्दा दर्ता भई सञ्चार माध्यममा समाचार आएपछि भाष्करमान जोशीले राजेन्द्र भक्त श्रेष्ठको कार्यालयमा बोलाएका थिए। त्यहाँ पुग्दा भाष्करमान जोशी र राजेन्द्र भक्त श्रेष्ठ बसेका थिए। त्यही बेला भाष्करमान जोशीले मैंले चेक काटिदिएको व्यक्तिनै खुमनाथ अधिकारी हुन् भनेका थिए। मैंले उक्त रकम भाष्कर नरसिंह जोशीको विश्वासमा मात्र दिएको हुँ, रकम फिर्ता पनि भइसकेको छ। अब के भयो मलाई मतलब छैन भनी त्यहाँबाट निस्किएको हुँ। नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा रहेको खुमनाथ अधिकारीको खाता नं. ०५००५४२०२५०४३६ मा जम्मा भएको रु. ४ करोड २५ लाख रकम मैंले सन् २०२५/०५/१० मा भाष्कर नरसिंह जोशीको अनुरोधमा खुमनाथ अधिकारीको नाममा चेक काटी दिएको हुँ। खुमनाथ अधिकारीले आफैं अनुरोध गरेका थिएनन्। सोही रकम Professional Business Network Pvt. Ltd. को खातामा रकमान्तर भएको विषयमा मलाई जानकारी थिएन। मैंले दिएको रकम investment का लागि होइन। Ncell ले Smart Telecom Pvt. Ltd. को नेपाल सरकारको स्वामित्वमा रहेको सम्पत्ति प्राप्त गर्ने विषयमा पनि मलाई केही जानकारी थिएन। मेरो Ncell प्रतिनिधिसँग कुनै सम्पर्क भएको थिएन र मैंले कुनै समन्वय पनि गरेको होइन। मैंले दिएको रकम Ncell समेत सहभागी भएको लिलामी प्रक्रियामा प्रयोग हुने भन्ने कुरा रकम दिंदा मलाई थाहा थिएन। पछि सञ्चार माध्यममा आएका समाचारबाट Smart Telecom सम्बन्धी सम्पत्तिको विषयमा प्रहरीबाट अनुसन्धान भइरहेको जानकारी पाएपछि मैंले भाष्कर नरसिंह जोशीलाई फोन गरी "मैंले दिएको रकम लिलामी प्रक्रियामा प्रयोग भएको हो र मलाई केही हुन्छ कि?" भनी सोध्दा निजले "तपाईंको रकम फिर्ता भइसकेको छ, तपाईंलाई केही हुँदैन" भनेका थिए। यस कारण मैंले दिएको रकम भाष्कर नरसिंह जोशीले लिलामी प्रक्रियामा प्रयोग गरेको देखिन्छ। Professional Business Network genuine bidder थिएन भन्ने कुरा पनि मलाई थाहा थिएन। मैंले चेक जारी गर्दा भुक्तानी पाउने व्यक्ति खुमनाथ अधिकारी हुन् भन्ने मात्र थाहा पाएको थिएँ। निजको बैंक खाता नयाँ हो वा पुरानो, मौज्दात कति छ भन्ने विषयमा मलाई जानकारी थिएन। सन् २०२५/१०/०५ मा मैंले जारी गरेको चेक भुक्तानी भएको दिन मैंले भाष्कर नरसिंह जोशीलाई फोन गरी रकम दिएको प्रमाण स्वरूप कागज दिन अनुरोध गरेको थिएँ। निजले "भइहाल्छ" भनेका थिए। सन्

२०२५/१०/०६ मा मेरो खातामा रकम फिर्ता भएपछि भाष्कर नरसिंह जोशीले फोन गरी रकम जम्मा भएको जानकारी दिएका थिए। यी कुराकानी छोटा थिए। IMEI नं. 353042093807571 भएको सिम नं. 9851330372 सहितको iPhone-X मोबाइल मेरो हो। जुन मितिः२०८३/०१/२५ गते ललितपुर महानगरपालिका वडा नं. १०, कुपण्डोलबाट पक्राउ पर्दा बरामद भएको हो। उक्त मोबाइलको WhatsApp Conversation मा देखिएको “NIBL Bhaskar” भनेका व्यक्ति NIMB का भाष्कर नरसिंह जोशी नै हुन्। निजसँग साथी तथा बैंक कारोबार सम्बन्धी केही कुराकानी WhatsApp मा भएको हुन सक्छ भन्ने समेत व्यहोराको नरेन्द्र उलकको बयान।

ग. **प्रतिवादी पलिना श्रेष्ठको बयान:**

मेरो नाममा ललितपुर जिल्ला सानेपामा Emperial Apartment मा नवौँ तल्लाको apartment छ। ललितपुर जिल्ला बुङमतिमा ५० आना जग्गा छ। मेरो नाममा BMW गाडी रहेको छ। मेरो Hyundai को Venue गाडी रहेकोमा हाल उक्त गाडी बेचीसकेको छु। मेरो महालक्ष्मी विकास बैंक लि., नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., ज्योती विकास बैंक लि., कुमारी बैंक लि., एनएमबि बैंक लि., हिमालयन बैंकमा खाताहरु छन्। मेरो विभिन्न कम्पनीहरुको शेयरहरु छन्, के-कुन कम्पनीको शेयरहरु, के-कति रहेको छ, एकिन थाहा छैन। मेरो अन्दाजी ३० तोलाका सुनका गरगहनाहरु र अन्दाजी ५ के.जी.का चाँदीहरु छन्। मेरो श्रीमानको नाममा काठमाडौं जिल्ला धापासी स्थित Horizon Apartment मा Apartment छ। मेरो विदेशमा मेरो शेयर लगानी छैन। नेपालमा रहेको Transgate Tech Pvt. Ltd. मा म समेत **सोनी जोशी र सरिना तुलाधरको** बराबर शेयरहरु रहेकोमा मेरो शेयर रु. ६५ लाखको शेयर खरिद गरेको छु। Transgate Holding Pvt. Ltd. मा समेत मेरो, सोनी जोशी र सरिना तुलाधरको बराबरको शेयर रहेको छ। मेरो श्रीमान अरुण श्रेष्ठ, छोरीहरु आएशा श्रेष्ठ र अनिशा श्रेष्ठको नाममा विभिन्न कम्पनीहरुको होलान्, एकिन याद छैन। म २०८२ साउन महिना देखि Transgate Tech Pvt. Ltd. को अध्यक्ष र Managing director भएको हुँ। Transgate Tech Pvt. Ltd. मा मेरो मासिक तलब करिव रु.६६,०००/- (छैसठ्ठी हजार रुपैयाँ) मेरो एनएमबि बैंकको खातामा जम्मा हुन्छ। Transgate Holding Pvt. Ltd. मा संचालक सदस्य रहेकोमा मेरो त्रैमासिक रुपमा करिब रु.२,१७,५००/- (दुई लाख सत्र हजार पाँच सय रुपैयाँ) चेक मार्फत् भुक्तानी लिने गरेकी छु। मेरो श्रीमान अरुण श्रेष्ठ काठमाडौं जिल्ला कान्तिपथ स्थित World Distribution Nepal (WDN) को संचालक अध्यक्ष (Managing Director) हुनुहुन्छ। उहाँको वार्षिक आम्दानी मलाई एकिन थाहा छैन। मेरो ठुलो छोरी आएशा श्रेष्ठ विगत ९ महिना देखि Transgate Tech मा Sales Consultant को रुपमा काम गरिरहेकी छिन् भने सानी छोरी अनिशा श्रेष्ठ अष्ट्रेलियामा IT कम्पनीमा काम गर्छिन्। **मेरो श्रीमान अरुण श्रेष्ठ आबद्ध रहेको World Distribution Nepal Pvt. Ltd. (WDN) को सुरुको संचालक अध्यक्ष सतिस लाल आचार्य थिए।** करिब ३० वर्ष अगाडि निजले World Distribution Nepal Pvt. Ltd. (WDN) छोडेर सिंगापुर गएपछि मेरो श्रीमान संचालक अध्यक्ष हुनु भएको हो। भावना सिंह श्रेष्ठ निज सतिस लाल आचार्यको श्रीमती हुन्। सचिन लाल आचार्य सतिस लाल आचार्यको सहोदर भाइ हुन्। वि.सं. २०७८ सालमा स्थापना भएको Transgate Tech Pvt. Ltd. मा म वि.सं. २०८२ साल देखि संचालक अध्यक्षको हैसियतमा आबद्ध भएको हुँ। यस भन्दा अगाडि म World Distribution Nepal Pvt. Ltd. (WDN) मा जनलर म्यानेजर थिएँ। म भन्दा अगाडि विश्व तुलाधर संचालक अध्यक्ष थिएँ। म समेत संचालक सदस्यमा सरिना तुलाधर र सोनी जोशी रहेका छन्। उक्त प्रा.लि.मा १७ जना जति कर्मचारीहरु

छन् । उक्त प्रा.लि.मा कम्पनीमा हुने हरेक सामान झिकाउँदा TT/ LC खोल्दा, विभिन्न कम्पनीहरुको बोलपत्र प्रस्ताव पेश गर्दाका बखत समेतका अन्य आवश्यक कागजातहरुमा आधिकारिक दस्तखत मैंले नै गर्ने गरेको छु । यसै क्रममा मेरो श्रीमान अरुण श्रेष्ठले नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक र प्राईम कमर्सियल बैंकले स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम बिक्रीको लागि बोलपत्र आह्वान गरेको छ । सो सामानहरु खरिदको लागि Transgate Tech Pvt. LTd. बाट बोलपत्र **प्रस्तावको लागि पेश गर्दा प्रा.लि.लाई फाईदा हुने कुरा** मलाई बताए पछि मैंले सो कुरामा सहमति जनाएकी हुँ । सो समयमा निज श्रीमान आबद्ध रहेको World Distribution Nepal Pvt. Ltd. (WDN) र उक्त प्रा.लि. का अन्य साझेदारहरु नविन जोशी र विमल ताम्राकारसँग केही अनबन भईरहेकोले म र श्रीमानले Transgate Tech Pvt. LTd. मा बढि ध्यान दिईरहेका थियौं । यहि कारणले स्मार्ट टेलिकम प्रा.लि.को सामानहरु खरिद गर्नको लागि मेरो श्रीमानले Transgate Tech Pvt. LTd. मार्फत् बोलपत्र फाराम भर्नु भन्नु भएको थियो । सोही बमोजिम मेरो श्रीमानले कागजातहरु मलाई ल्याएर दिएपछि Excel sheet मा लिलाम बिक्रीमा राखिएको सामानहरु हेर्दा सो सामानमा फाईदा हुनेदेखि मैंले उक्त बोलपत्र प्रस्तावको कागजातहरुमा दस्तखत गरेकी हुँ । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. लाई **P. Shrestha समेत उल्लेख गरी दस्तखत गरी (9851059704)** बोलपत्र फाराम उपलब्ध गराउनको लागि दिएको निवेदनमा मैंले नै दस्तखत गरी ट्रान्सगेट टेक प्रा.लि.को तर्फबाट **नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि.खाता नं.००१००९८४०१००२ मा Earnest Money Auction** बापत जम्मा गरेको रु.१०००/- जम्मा गरेकी हुँ । यसपछि मितिः २०८२/०६/१२ गते नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. राईजिङ मल कमलादी काठमाडौंलाई सम्बोधन गरी "गोप्य शिलबन्दी बोलपत्र" पेश गरिएकोमा सो बोलपत्रमा रु.४४,५०,००,०००/- (चवालिस करोड पचास लाख) बोलकबोल रकम उल्लेख गरी सो रकमको १०% ले हुने रु. ४,४५,००,०००/- (चार करोड पैतालिस लाख) रकम हिमालयन बैंक लि.बाट सन् २०२५/०९/२४ गते (२०८२ असोज ८, बुधवार) नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को नाममा जारी भएको GOOD FOR PAYMENT (A/c:0199999990055) को तीनवटा चेक (चेक नं. 39520359) बाट रु.२,००,००,०००/- (दुई करोड रुपैयाँ) चेक नं. 39520363 बाट रु. १२,०००,०००/- (एक करोड बिस लाख रुपैयाँ) र चेक नं. 39520364 बाट रु. १२,५००,०००/- (एक करोड पच्चिस लाख रुपैयाँ) मैंले नै दस्तखत गरी नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. मा जम्मा रु. ४४,५००,०००/- (चार करोड पैतालिस लाख रुपैयाँ) जम्मा भएको थियो । सो रकम मेरो Fixed Deposit रहेको हिमालयन बैंक लि. को खाताबाट, मेरो श्रीमानले अन्य को-को मार्फत् मेरो खातामा जम्मा गरिदिएको रकम हो । एकिन थाहा भएन । त्यसपछि नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक र प्राईम कमर्सियल बैंकले स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम गर्ने क्रममा उक्त सम्पत्ति मितिः २०८२/०६/२० मा एनसेल आजिआटा प्रा.लि.ले रु.४ अर्ब ६० करोडमा लिलाम स्वीकार गरी लिएको कुरा पछि थाहा पाएकी थिएँ । करिब ३० वर्ष अगाडि नै सतिश लाल आचार्यले World Distribution Nepal Pvt. Ltd. छोडेर सिंगापुर जानु भएपछि मेरो श्रीमान संचालक अध्यक्षको हैसियतमा हुनुहुन्छ । **सो भन्दा अगाडि मेरो श्रीमान अरुण श्रेष्ठ र सतिश लाल आचार्यले World Distribution Nepal Pvt. Ltd. सँगै सञ्चालन गर्दै आउनु भएको थियो** । सो कम्पनीले Ncell तथा NIMB बैंकसँग मिलेर काम गरेको सम्बन्धमा मलाई थाहा छैन । P.Shrestha उल्लेख भएको दस्तखत मेरो नै हो । मैंले नै गरेकी हुँ । ट्रान्सगेट टेक प्रा.लि.का संचालक सरिना तारा तुलाधरले दस्तखत गरी बोलपत्र फाराम उपलब्ध गराउनको लागि **नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.मा पेश भएको हो । चेकहरु देखाउँदा देखें, तिनवटै चेकमा PShrestha को दस्तखत मैंले नै**

**गरेकी हुँ । सो चेकहरु मध्ये चेक नं. 39520364 मा सरिना तारा तुलाधरको दस्तखत छैन । प्रा.लि.को संचालक भएको हैसियतले मेरो बैंकको खाता संचालनमा मेरो आधिकारिक दस्तखत हुने भएकोले उक्त चेकहरुमा दस्तखत गरेको हुँ । तर एक जनाको मात्र दस्तखत भएको चेकबाट नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को खातामा रकम कसरी रकमान्तर भयो भन्ने कुरा मलाई थाहा छैन ।** मेरो श्रीमान अरुण श्रेष्ठलाई थाहा होला । **संगठित अपराधतर्फ,** मैंले पत्रिकामा स्मार्ट टेलिकमको लिलाम हुन लागेको Networking, Switches, Router, Laptop, Desktop, Server, Generator, Printer लगायतको हामीलाई आवश्यक पर्ने सामानहरु मात्र खरिद गर्नको लागि बोलपत्र पेश गरेको हुँ । खुमनाथ अधिकारीसँग मेरो चिनजान, लेनदेन केहि छैन । पूर्वयोजनाबद्ध र "सेटिङ" मा स्मार्ट टेलिकमको सम्पत्ति एनसेल आजियाटा लि. लाई दिलाउने कार्यमा मेरो संलग्नता छैन । सर्वेश जोशीलाई म र मेरो श्रीमानको नामबाट निजको खातामा जम्मा भएको जम्मा रकम रु. ९ करोड सर्वेश जोशीलाई मेरो श्रीमानले लिलाम गर्ने प्रक्रियामा जानु भन्दा २ वर्ष अगाडि नै ऋण बापत दिएको रकम हो । सर्वेश जोशीलाई म व्यक्तिगत रुपमा चिन्दिन । मेरो श्रीमानको चिनजान मार्फत् सर्वेश जोशीको Bank Loan तिर्न १ महिना भित्र सापटी फिर्ता गर्ने शर्तमा उक्त रकम दिएको हो । मेरो नेपाल इन्भेष्टमेण्ट मेगा बैंक (NIMB) को बैंक चेक मार्फत् मितिः 13-04-2022 मा रु. १,८०,००,०००/- (एक करोड असी लाख रुपैयाँ) दिएको रकम मैंले मितिः 22-04-2022 मा रु. ७०,००,०००/- (सत्तरी लाख रुपैयाँ), मितिः 24-02-2022 मा रु. ८०,००,०००/- (असी लाख रुपैयाँ) र मितिः 25-02-2022 मा रु. ३०,००,०००/- (तिस लाख रुपैयाँ) मेरो NIMB बैंक खातामा फिर्ता गरिसकेका छन् । साथै मितिः 12-01-2023 मा दिएको रु. ९०,००,०००/- (नब्बे लाख रुपैयाँ) मितिः 26-02-2023 मा मेरो NIMB को बैंक खातामा फिर्ता पाईसकेको छु । मेरो श्रीमानसँग पनि विभिन्न मितिमा सर्वेश जोशीले सापटी लिएको रकम मध्ये जम्मा रु. १,५०,००,०००/- (एक करोड पचास लाख रुपैयाँ) फिर्ता गर्न बाँकी छ । सवालमा उल्लेख गरे बमोजिम सर्वेश जोशीसँग भएको उक्त कारोबार लिलामी प्रक्रियासँग सम्बन्धित छैन । साथै सतिश लाल आचार्यले सन् १९९७ मा नै आफ्नो स्वामित्वमा भएको शेयरहरु बेची WDN लाई छोडिसकेका थिएँ । निजसँग त्यसपछि म र मेरो श्रीमानसँग कुनै व्यवसायिक सम्बन्ध छैन । World Distribution Nepal Pvt. Ltd. एउटा IT Solutions Provider Company हो । यो कम्पनी ३० वर्ष पुरानो तथा १२० जनालाई प्रत्यक्ष रोजगारी दिई नेपालमा विभिन्न कम्पनीहरुलाई IT Solutions दिदै आइरहेको छ, WDN को नेपालमा विभिन्न Customer हरु छन् । त्यसमध्ये नेपाल इन्भेष्टमेण्ट मेगा बैंक (NIMB), NCell, नेपाल प्रहरी समेत WDN को Customer हो । एनसेल आजिआटा लि. तथा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा Vendor को रुपमा काम गर्ने गरेकै भरमा उक्त लिलामी प्रक्रियामा मेरो श्रीमानको मिलेमतो रहेको कुरा भन्न मिल्दैन ।  स्मार्ट टेलिकमको सम्पत्ति लिलामीको लागि बोलपत्र आह्वान भएपछि Transgate Tech Pvt. Ltd. को तर्फबाट मैंले समेत बोलपत्र फाराम भरी पेश गरेको हुँ । बैंकबाट भएको लिलामी एनसेल आजिआटालाई दूरसञ्चार सामग्री दिलाउने उद्देश्यका साथ गरिएको भन्ने कुरा मलाई थाहा भएन । स्मार्ट टेलिकमको लिलामीमा राखिएको Transgate Tech Pvt. Ltd. लाई आवश्यक पर्ने सामानहरुको लागि मात्र बोलपत्रमा सहभागी भएकी हुँ ।  Transgate Tech Pvt. Ltd. को तर्फबाट मैंले मेरो कम्पनीलाई आवश्यक पर्ने सामानहरु मात्रको मुल्याङ्कन गरी बोलकबोल रकम रु.४४,५०,००,०००/- (चवालिस करोड पचास लाख) उल्लेख गरेको हुँ । मैंले प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि., स्मार्ट टेलिकम, एनसेल आजिआटाका सम्बन्धित व्यक्तिहरु तथा बैंक समेतसँग स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति नेपाल

सरकारको हक टुटाई एनसेल आजिआटा लि.लाई दिलाउने कार्यमा कुनै मिलेमतो गरेको छैन । उक्त धरौटी रकम जम्मा गर्नको लागि Transgate Tech Pvt. Ltd. का म, सरिना तुलाधर र सोनी जोशी बिच सल्लाह भई म र सरिना तुलाधरले NIMB को लिलामी कागजातहरुमा दस्तखत गरी बैंकमा बुझाएका थियौं । उक्त कार्यको लागि औपचारिक रुपमा Board Minute गरेको छैन भन्ने समेत व्यहोराको संगठिततर्फ प्रतिवादी पलिना श्रेष्ठले गरेको बयान ।

घ. **प्रतिवादी ज्योति प्रकाश पाण्डेको बयान:**

मेरो नाममा ललितपुर जिल्ला ललितपुर म.न.पा.वडा नं.५ मानभवन स्थितमा करिव १ एक रोपनी जग्गामा बनेको २ दुई तले पक्की घर रहेको छ । मेरो नाममा ल्याण्ड रोभरको जिप र कार साथै हुण्डाई कम्पनीको I10 (आईटेन) कार छ । सिटिजन्स लाईफमा करिव ६ करोड जतिको प्रोमोटर शेयर रहेको छ । मेरो बैक खाता नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकमा रहेको छ । उक्त खातामा करिव ८ (आठ) करोड जति बचत रहेको छ, रु.१५ करोड जतिको वचतपत्रमा वचत रहेको छ । मेरो नाममा नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक दरवारमार्गमा लकर रहेको छ । उक्त लकरमा करिव ६ करोड जतिको सुन चादीको गरगहनाहरु राखेको छु । मेरो श्रीमती निरु दाहाल पाण्डेको नाममा ललितपुर जिल्ला धापाखेल स्थितमा आठ आनामा बनेको दुई तले पक्की घर रहेको छ । चितवन जिल्ला रामनगर स्थितमा ६ कठा र एकतले पक्की घर रहेको छ, ललितपुर जिल्ला गोदावरी न.पा.वुरुन्चुली स्थितमा मेरो श्रीमती र अरुको सयुक्त नाममा १२ रोपनी जग्गा र एकतले पक्की घर रहेको छ । बिभिन्न बैंकहरुमा खाता रहेको छ । तर के कुन बैंकमा रहेको छ मलाई जानकारी छैन । मेरो छोरी एकता पाण्डेको नाममा करिव २ दुई करोड बराबरको हिमालयन रि ईन्सुरेन्समा प्रोमोटर शेयर रहेको छ । मलाई मेरो साथमा भएका मोबाईल समेतका सामानहरु मितिः २०८३/०१/२९ गते सिन्धुली जिल्ला कमलामाई न.पा.वडा नं.६ स्थित सडक खण्डबाट म पक्राउ परी आएको समयमा मेरो साथबाट वरामद भई आएको चिज वस्तुहरु हुन् । उल्लेखित मोबाईल समेतका चिजवस्तुहरु मेरो साथबाट बरामद भई आएको साचो हो फरक छैन । मैंले हेरीचिनी सनाखत गरी दिएँ । मैंले १९८७ मा नेपाल ईन्डोस्वेज बैंक दरवारमार्गमा Assistant पदमा काम शुरु गरी त्यस पछि १९९२ मा हिमालयन बैंक लि. ठमेलमा Assistant Manager भई सोही बैंकमा करिव १० (दश) वर्ष सेवा गरी Senior Manager भई त्यस बैंकबाट सन २००२ मा तत्कालको नेपाल ईन्भेष्टमेण्ट बैंकमा Assistant General Manager को हैसियतमा काम शुरु गरेको हो । सोही बैंकमा क्रमश Deputy General Manager, General Manager भई सन २०१२ देखी हाल सम्म CEO को हैसियतमा कार्यरत भई आएको छु । मेरो हाल मासिक तलब भत्ता करिब रु.२३,००,०००।– (तेईस लाख) रहेको छ । उक्त तलब भत्ता मेरो कर कट्टी गर्नु अगाडिको रकम हो । सो बाहेक १ महिनाको चाडबाड खर्च, बार्षिक रुपमा बैंकले दिने बोनस, सवारी चालक १ जना बैंकले उपलब्ध गराएको छ । वार्षिक आम्दानीको कानून बमोजिम लाग्ने कर बैंकले कटाएर मात्र मलाई पारिश्रमिक दिने गर्दछ । मैंले व्यक्तिगत रुपमा कर तिर्ने कर दर्ता प्रमाणपत्र नं. हाल याद भएन । गएको २० वर्षमा मैंले कर बापत करिव २२ करोड जति कर राज्यलाई तिरेको छु । म नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को प्रमुख कार्यकारी अधिकृतको रुपमा मेरो जिम्मेवारी तथा काम कर्तव्य अन्तर्गत बैंकको दैनिक कार्य संचालन सुचारु रुपमा गर्नको लागि व्यवस्थापकिय भूमिका निर्वाह गर्ने, नेपाल सरकारका विभिन्न निकाय तथा नेपाल राष्ट्र बैंकसँग आवश्यकता अनुसार समन्वय गर्ने, संचालक समिति समक्ष बैंकको सम्बन्धमा छलफल गर्ने, शेयर होल्डरहरुलाई वार्षिक प्रतिवेदनद्धारा बैंकको बारेमा सुसुचित गर्ने समेतका जिम्मेवारी रहेका छन् । सतिस लाल आचार्य, भावना सिह श्रेष्ठ, सचिन लाल आचार्यलाई व्यवसायिकरुपमा

चिनजान छ । भास्कर नरसिह जोशी नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकमा हाल करारमा कार्यरत कर्मचारी हुन् । निज भास्कर नरसिह जोशी कालिमाटीमा ब्रान्च म्यानेजर भएको अवस्थामा नै स्मार्ट टेलिकम प्रा.लि.लाई कर्जा प्रवाह गर्ने कार्य भएको थियो । नरेन्द्र उलकलाई एक पटक कामको सिलसिलामा नेपाल ईन्भेष्टमेण्ट दरवारमार्ग देखेकोसम्म हो । पलिना श्रेष्ठ World distribution Pvt.Ltd. को संचालक अरुण श्रेष्ठको श्रीमती भएको कुरा हाल पक्राउ परी आए पश्चात थाहा पाएको हुँ । सर्वेश जोशी स्मार्ट टेलिकम प्रा.लि.को संचालक तथा नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकको ऋणी भएकोले निजसँग चिनजान रहेको छ । स्मार्ट टेलिकम प्रा.लि.लाई नेपाल इन्भेष्टमेण्ट बैंक र प्राईम कमर्सियल बैंकबाट सहवित्तीयकरण कर्जा करिव ६ अर्ब जति Funded र Non Funded कर्जा प्रदान गरिएको थियो । उक्त कर्जा प्रवाह गर्दा ललितपुर जिल्ला धापाखेल स्थितमा रहेको करिव २ रोपनी जती जग्गा र स्मार्ट टेलिकम प्रा.लि.को सम्पुर्ण सम्पत्ति धितो कायम गरी ऋणी कम्पनीका तर्फबाट तत्काल सचिन लाल आचार्य र सो पश्चात सर्वेश जोशीको (व्यक्तीगत जमानी) Personal Guarantee मा कर्जा प्रवाह भएको थियो । कर्जा प्रकृया कालिमाटी ब्रान्चबाट शुरु भई कर्जा प्रकृया चेनमा रहेका कर्मचारीको Approving Authority मार्फत् बैंकको Managing Credit Committee (MCC) बाट स्वीकृत भएको थियो । उक्त कर्जा प्रवाह गर्दा Risk Assessment भएको थियो । तत्काल Watch-list मा थिएन तर Non Funded कर्जालाई Funded कर्जा परिवर्तन गर्दै जाँदा पछि Provision मा राखिएको छ । स्मार्ट टेलिकम प्रा.लि.लाई प्रदान भएको Funded & Non Funded loan गैरकानूनी छैन । सो कर्जा प्रवाह बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम प्रवाह गरी सुरक्षित कारोबार ऐन बमोजिम दर्ता गरी कर्जा प्रदान भएको र हाल सम्म सो सम्पत्ति बैंकको नाममा रजिष्ट्रर भएको छ । कर्जा प्रवाहको वेलामा दुरसंचार सेवाको क्षेत्रमा Revolution नै भएको थियो । सो क्षेत्रमा राम्रो हुन्छ भनेर Market Assessment गरी स्मार्ट टेलिकम प्रा.लि.लाई कर्जा प्रवाह गरिएको थियो । सो अवस्थामा दुरसंचार सेवाको नियमनकारी निकाय तर्फको Assessment गर्नु पर्ने अवस्था नभएकोले गरिएन । सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ पछि मात्र आएको हो । स्मार्ट टेलिकम प्रा.लि.ले आफ्नो दुरसंचार सेवा संचालन गर्नको लागि अनुमति पत्र नविकरण गरी पाउँ भनी उच्च अदालत पाटनमा रिट निवेदन दिई उक्त निवेदन खारेज भएको सम्बन्धमा मलाई थाहा थिएन । पछि मात्र थाहा पाएको हो । स्मार्ट टेलिकम प्रा.लि. पुर्णरुपमा बन्द भए पछि उक्त प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम तिर्न आउनु भनि पटक पटक पत्र पठाउदा समेत कर्जा तिर्न नआए पछि कर्ता तिर्न आउनु भनी **हिमालयन टाईम्स पत्रिकामा ३५ दिने सार्वजनिक सूचना निकालिएको थियो ।** सो सूचनामा ऋणीको दायित्व समावेश गरी लिलाम निकाल्दा लिलाम सकार्ने कम्पनीलाई सहजीकरण हुने तथा घर धनीले टावर राखेको बहाल रकम समेत पाउने भएकोले Good Faith मा Loan Recovery Committee बाट निर्णय गरी सो व्यहोरा लिलामी निकाल्ने सूचनामा समेत समावेश गरी **लिलामी सम्बन्धी १५ दिने सूचना हिमालयन टाईम्समा मितिः २०८२।०६।२० गते प्रकाशित भएको थियो** । सो कार्य बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ५६ र ५७ ले दिएको अधिकार प्रयोग गरी लिलामी गरिएको हो । ऋणीको दायित्व समेत समावेश गरी लिलाम गर्ने सम्बन्धमा हाल बिद्यमान कानूनहरुले सम्बोधन गरेको छैन । यसरी सार्वजनिकरुपमा घर वहाल धनीले पाउने बहाल रकम समेत उल्लेख गरी सार्वजनिक सूचना निकाली लिलाम गरिएकोले बैंकको गलत मनासाय थिएन । दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम २४ को उपनियम (२) (१) को व्यवस्था सम्बन्धमा जानकारी भयो । सो व्यवस्था दुरसंचार प्राधिकरणले Frequency विक्री गर्नको लागि ल्याएको हो, सो व्यवस्था एनसेल आजियटा लि.ले

पालना गर्नु पर्ने नपर्ने मलाई थाहा भएन। लिलामको बोलपत्र पेश गर्ने अन्य कम्पनीहरुमा M/S Professional Business Network Pvt. Ltd. का सञ्चालककलाई प्रतिवादी नरेन्द उलक तथा बैंककै ऋण प्रवाह गर्ने कार्यमा संलग्न रहेका भाष्कर नरसिंह जोशीको मिलेमतोमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.बाट नै ३ घण्टाको लागि रु. ४ करोड २५ लाख उपलब्ध गराई suspicious Transction गराई सो कारोबारको STR/SAR/TTR रिपोर्ट नियमनकारी संस्थामा नपठाई मिलेमतोमा बोलपत्र पेश गर्न लगाएको सम्बन्धमा म CEO को हैसियतमा प्रकृयाको क्रममा ३ वटा बोलपत्रहरु पेश हुन आएकोमा सोही अनुसार धैरै रकम वोलपत्रमा कबुल गर्ने एनसेल आजियट लि.लाई लिलाम गरिएको हो। बोलपत्रको लागि कवुल गरिएको जम्मा रकमको १०% ले हुने रकम के कसरी व्यवस्थापन गरिएको थियो भन्ने सम्बन्धमा मलाई जानकारी भएन। उक्त कार्य गर्नको लागि मैंले भास्कर नरसिह जोशी समेतलाई केही पनि निर्देशन दिएको छैन। यसमा सेटिङको प्रश्न नै छैन। suspicious Transction को सम्बन्धमा **STR/SAR/TTR रिपोर्ट नियमनकारी संस्थामा पठाउने कार्य Complaince Department बाट हुने भएकोले सो सम्बन्धमा मलाई जानकारी हुँदैन।** स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम गरी प्राप्त ४ अर्ब ६० करोडबाट ४ अर्ब २२ करोड सहवित्तीयकरण कर्जा सुविधा चुक्ता भुक्तान गरी बाँकी रहेको रकम **रु.३८ करोड हाल सम्म बैंकमा नै रहेको छ।** घर तथा जग्गा धनीहरुको वहाल र बिद्युत महसुल समेतको लिनु पर्ने विवरण सहितको कागजात प्रमाणहरु ल्याई आएको वखत रु.३८ करोडले खामेसम्म भुक्तानी दिने गरी बैंकमा रहेको छ। सोही रकम नपाएको भनी उषा प्रधानले म समेतको विरुद्ध जाहेरी दिएको हुन सक्छ। मैंले मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ को दफा २४९ र दफा २५२ बमोजिमको कसूर गरेको छैन। स्मार्ट टेलिकम प्रा.लि.सँग सम्बन्धित विभिन्न दूर संचार उपकरण लगायतका सामाग्रीहरु मितिः २०८२/०६/२० गतेको पत्रबाट यस कम्पनीले पेश गरेको बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भए पश्चात यस कम्पनीले नियमनकारी निकाय नेपाल दूर संचार प्राधिकरणमा स्वामित्व ग्रहण गर्न र कम्पनीको नेटवर्कमा समावेश गरी सेवा संचालन गर्न स्वीकृति माग गरेकोमा मितिः २०८२/१२/०९ मा लिलाम गर्ने तथा सम्पत्ति हस्तान्तरण गर्ने कार्य कानून सम्मत नभएको भन्ने समेत व्यहोरा उल्लेख गरी NCell ले मलाई सम्बोधन गरी मितिः २०८३/०१/०२ गते पत्र पठाएको तथा मितिः २०८२/०६/२० गते लिलाम मार्फत् सकार गरेका उपकरणहरु कानून बमोजिम स्वामित्व हस्तान्तरण हुन नसकेको खण्डमा यस कम्पनीले लिलाम सकार गर्ने क्रममा तहाँ बैंकलाई भुक्तानी गरेको कुल रकम रु ४ अर्ब ६० करोड नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा रहेको खाता नं 02802050250016 मा फिर्ता गरी दिन हुन अनुरोध गरी NCell ले मलाई सम्बोधन गरी मितिः २०८३/०१/२९ गते पत्र पठाएको सम्बन्धमा मलाई हाल आएर थाहा भएको छ। सो सम्बन्धमा बैंकबाट कागजातहरु अध्ययन गरी कानूनी उपचारमा जानेछ। मितिः२०८२/०६/२० गतेको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकबाट भएको लिलामी Loan Recovery Committee को मिटिङ, Board Director मा Discussion को लागि पेश गरेको निर्णय, Approval for acceptance of bid received को memorandum मा भएको दस्तखत र मितिः २०१८।११।२९ मा तयार भएको Credit Facility Report, Credit approval Report समेतमा CEO को हैसियतमा भएको दस्तखत मलाई देखाउँदा देखी पाएँ। उल्लेखित दस्तखत कार्यकारीको हैसियतले मैंले गरेको हो, फरक छैन, ठीक साँचो छ भन्ने समेत व्यहोराको प्रतिवादी ज्योति प्रकाश पाण्डेको बयान।

ङ. **प्रतिवादी भाष्करनरसिंह जोशीको बयान:**

मार्केटिङ कन्सल्ट्याण्टको रुपमा बैंकमा मेरो काम, कर्तव्य र भूमिकाहरुमा बैंकको व्यवस्थापनको निर्देशन अनुसार बैंकलाई आवश्यक परेको बेलामा बैंकमा डिपोजिट ल्याउने, कर्जा लिने ग्राहकहरु खोज्ने र बैंकले उठाउनु पर्ने कर्जाहरु उठाउन समन्वय गर्ने लगायतका काम रहेका छन् । नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.ले मलाई मासिक ३, ७४,०००।– पारिश्रमिक दिने गरेको छ । मेरो श्रीमती २ वर्ष अगाडि लक्ष्मी सनराईज बैंक लि.बाट स्वेच्छिक अवकाशमा निस्कीएकी हुन् । मेरो छोरा सुभान जोशीको Mira Boulangerie and patisserie pvt Ltd नामको बेकरी कम्पनी र बेकरी शप समेत रहेको हुँदा मेरो सबै परिवार सोही ब्यवसायमा संलग्न रहेका छन् । वार्षिक आम्दानी के कति रहेको छ मलाई थाहा छैन । प्रस्तुत मुद्दा प्रतिवादीहरु मध्ये सर्वेश जोशी, नरेन्द्र उलक, पलिना श्रेष्ठ, खुमनाथ अधिकारी, सतिश लाल आचार्य र सचिनलाल आचार्य म काम गर्ने नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को ग्राहकहरु भएको हुँदा निजहरुलाई कामको सिलसिलामा चिनेको हुँ । ज्योति प्रकाश पाण्डे म कार्यरत रहेको नेपाल ईन्भेष्टमेण्ट मेघा बैंक लि.को प्रमुख कार्यकारी अधिकृत हुन् । निज मेरो हाकिम समेत हुन् । सर्वेश जोशी, नरेन्द्र उलक, पलिना श्रेष्ठ, खुमनाथ अधिकारी, सतिश लाल आचार्य र सचिनलाल आचार्यसँग मेरो कुनै आर्थिक लेनदेन तथा कारोबार रहेको छैन । निजहरुसँग बैंकको ग्राहकको रुपमा मात्र सम्बन्ध रहेको छ । निजहरुको नागरिकता सम्बन्धमा मलाई जानकारी छैन । म साविक नेपाल ईन्भेष्टमेण्ट बैंक लि.को कालिमाटी शाखामा शाखा प्रमुख रहेको समयमा स्मार्ट टेलिकमले कम्पनी संचालनको लागि Funded र Non Fund कर्जा माग गरेकोमा मेरो कर्जा प्रवाह गर्ने अख्तियारी नभएको हुँदा मैले उक्त कर्जाको फाईल प्रधान कार्यालयमा स्वीकृतिको लागि Forward गरेको थिएँ । बैंकको प्रधान कार्यालयबाट स्वीकृती भएर आए पश्चात कम्पनीको कारोबार सुरु गरेको हो । उक्त कम्पनीको LC(Letter Of credit)हरु कालिमाटी शाखाबाट खोलेकोमा उक्त LC(Letter Of credit) हरुको Settlement पनि सम्बन्धित खाताबाटै Settle गर्दै गएको हो । उक्त कम्पनीको ठुलो रकमको LC(Letter Of credit) हरु बैंकको केन्द्रीय कार्यालयबाट खोलिएको हो । स्मार्ट टेलिकमको टावर संरचना लिलाम गर्ने सम्बन्धमा मेरो कुनै भुमिका तथा संलग्ना रहेको छैन । लिलाम गर्ने काम बैंकको Recovery Department ले गर्ने गर्दछ । मेरो काम मार्केटिङ कन्सल्ट्यान्ट भएको कारण बैंक व्यवस्थापनले मलाई लिलामी निस्कीसके पछि उक्त लिलामी सम्बन्धमा हेरी दिनु भनी मौखिक अनुरोध गरेकोमा मैले बैंकको कर्जा उठानको लागि समन्वय गरेको हुँ । मार्केटिङ कन्सल्ट्यान्टको रुपमा मेरो दायित्व समेत बैंकको व्यवस्थापनको निर्देशन अनुसार कर्जा दिने, कर्जा उठाउने, डिपोजिट ल्याउने काम भएको हुँदा PROFESSIONAL BUSINESS NETWORK PVT LTD का खुमनाथ अधिकारी स्मार्ट टेलिकमको लिलाम सम्बन्धमा बुझ्न म समक्ष आएका थिए । मैले लिलामी सम्बन्धमा बुझ्नको लागि Recovery Department मा सम्पर्क गर्नु भनी पठाईदिएको हुँ । लिलामी सम्बन्धमा बुझिसके पश्चात आफैं निज खुमनाथ अधिकारी लिलामी प्रकृयामा भाग लिएका हुन् । सो बाहेक अन्य मेरो कुनै संलग्नता रहेको छैन । स्मार्ट टेलिकमको लिलामी प्रकृयामा म प्रत्यक्ष नरहेको हुँदा जाहेरवाला उषा प्रधानले जाहेरी दरखास्तमा उल्लेख गरे बमोजिम निज उषा प्रधानले घरभाडा प्राप्त नगरेको सम्बन्धमा मलाई कुनै जानकारी छैन । उक्त विषयवस्तु मेरो कार्यक्षेत्र भित्र पर्दैन । निज नरेन्द्र उलक मेरो कार्यकक्ष नक्सालमा आई खुमानाथ अधिकारीको खातामा रकम जम्मा गर्नु पर्‍यो भनेको हुँदा मैले बैंकको नियमानुसार सम्बन्धित Cash Department मा Deposit गर्न जानु भनी पठाई दिएको हुँ । निजहरुको व्यक्तिगत कारोबारको सम्बन्धमा मलाई जानकारी छैन । प्रतिवादी नरेन्द्र उलकले अधिकार प्राप्त अधिकारी समक्षको

बयानमा खुलाएका कुराहरु झुठा हुन् । निजले खुलाए बमोजिम मैंले निजको खातामा चार करोड रकम छ । सो रकम तीन दिनको लागि मात्र आवश्यक परेको हो भनी माग गरेको होईन । मैंले निजले बयानमा खुलाए बमोजिम "रकम रु. ४,२५,००,०००/- नरेन्द्र उलकबाट भाष्कर नरसिंह जोशीले लिएको" भन्ने व्यहोराको कागज चिटमा लेखी सहिछाप गरी "चिर्कटो" लिएको, दिएको र च्याती फालिदिएको पनि छैन । निजले खुलाए बमोजिम मैंले निजलाई केही हुँदैन, चिन्ता मान्नु पर्दैन भनी केही भनेको पनि छैन । निजले के कुन प्रयोजनको लागि निज खुमानाथ अधिकारीको खातामा रकम जम्मा गरिदिएका हुन् । सो खाताको कारोबारको सम्बन्धमा लिने दिने व्यक्तिलाई थाहा होला । सो बारेमा मलाई केही पनि थाहा जानकारी छैन । उक्त लिलामी प्रक्रियामा मैंले वित्तीय सहजकर्ताको भूमिका निर्वाह गरेको छैन । व्यवस्थापनको निर्देशन बमोजिम आफ्नो पदिय जिम्मेवारी अनुसारको काम मात्र गरेको हुँ । सो बाहेक अन्य कुनै काम गरेको छैन । निज नरेन्द्र उलक म पुतलीसडक शाखाको शाखा प्रमुख भए देखि नै बैंकको ग्राहक भएको र निजको व्यक्तिगत तथा कम्पनीको खाता म कार्यरत नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.मा रहेको, निज पुरानो ग्राहक भएको कारण निजको बैंकिङ कारोबार सम्बन्धमा केही कुरा सोध्नु परेमा मेरो Whatsapp मा फोन गरी कुरा हुने गरेको थियो । कहिले काँही बैकिङ कारोबारको लागि आफैं भेटन समेत आउने गरेका थिए । निजसँग व्यवसायिक बैकिङ सम्बन्ध बाहेक अन्य कुनै कुराकानी हुने गरेको छैन । लिलामी प्रक्रिया र यस प्रक्रियामा सहभागी हुने सम्बन्धमा आर्थिक बन्दोबस्तका विषयमा कुनै कुराकानी भएको छैन । म तत्कालिन समयमा कालिमाटी शाखाको शाखा प्रमुख हुँदा स्मार्ट टेलिकमले धितोमा राखेका जग्गाहरुको निरीक्षणको लागि गएकोमा मलाई जानकारी भएसम्म हालसम्म पनि उक्त धितोमा राखिएका जग्गाहरु बैंकमा धितोमा नै रहेका छन् । मलाई जानकारी भएसम्म हाल लिलामीको प्रकृयामा स्मार्ट टेलिकमको टावर र टावर सम्बन्धी उपकरणहरुमात्र हुन् । म कालिमाटी शाखाको प्रमुख हुँदा स्मार्ट टेलिकमले कर्जा आवेदन गरेकोमा मेरो अख्तियारी भन्दा बाहिरको भएको हुँदा कर्जा स्वीकृतीको लागि केन्द्रीय कार्यालयमा पठाईदिएको हुँ । पुतलीसडक शाखामा गए पछि प्रत्यक्ष रुपमा म स्मार्ट टेलिकमको कर्जा प्रकृयामा संलग्न रहेको छैन तर व्यवस्थापनले स्मार्ट टेलिकमको कुनै कर्जाको सम्बन्धमा हेर्नु भनी मौखिक आदेश भए पछि अप्रत्यक्ष रुपमा कहिले काँही अन्य बैकमा कर्मचारीलाई सहयोग गर्ने गरेको थिएँ । मैंले आफ्नो व्यक्तिगत लाभको लागि नभई व्यवस्थापनको आदेश बमोजिम बैंकको हितको लागि गरेको हुँ । सन् २०१८/११/२९ मा तयार भएको Credit Facilities Report (CFR), कर्जा स्वीकृत पत्र ( Sanction Latter) / कर्जा सम्झौता (Loan Agreement) कर्जाको सर्तहरु ( Terms & condition of Loan ) मा भास्कर नरसिंह जोशीको नाममा भएको दस्तखत मेरो आफ्नो हो । हेरी चिनी सनाखत समेत गरिदिएँ । उक्त कर्जा म कार्यरत रहेको कालिमाटी शाखाबाट प्रवाह भएको हुँदा उक्त कर्जा सम्बन्धी कागजातहरुमा मैंले शाखा प्रमुखको हैसियतमा दस्तखत गरेको हुँ। म कालिमाटी शाखा प्रमुख हुँदा स्मार्ट टेलिकमको कर्जा सम्बन्धी फाईल मैंले हेरी रहेको हुँदा व्यवस्थापनको मौखिक निर्देशनमा Consortium मिटिङमा बसी सन् २०२०/०९/२२ मा भएको Consortium Agreement (सहवित्तीय सम्झौता) मा दस्तखत गरेको हुँ । लिलामी सम्बन्धी क्षेत्राधिकार मेरो कार्यक्षेत्र अन्तर्गत नपर्ने भएको हुँदा सो सम्बन्धमा मलाई जानकारी भएन । लिलामी सम्बन्धी क्षेत्राधिकार मेरो कार्यक्षेत्र अन्तर्गत नपर्ने भएको हुँदा सो सम्बन्धमा मलाई जानकारी भएन । मैंले माथि पनि खुलाई लेखाई सकेको छु की लिलामी सम्बन्धी कार्य मेरो क्षेत्राधिकार भित्र पर्दैन । लिमामी सम्बन्धमा बैंकको Management ले निर्णय गर्ने भएको हुँदा सो सम्बन्धमा मलाई जानकारी भएन । Approval For Acceptance of Bid Receipt of MS Smart Telecom Pvt

Ltd को Memorandum मा Concern BM "Bhashkar Narshingh Joshi" उल्लेख भएको सम्बन्धमा म तत्कालिन समयमा शाखा प्रमुख भई बसेको कालिमाटी शाखाबाट सुरुमा स्मार्ट टेलिकम प्रा.लि.लाई कर्जा प्रवाह भएको हुँदा Approval For Acceptance of Bid Receipt of MS Smart Telecom Pvt Ltd मा 'Concern BM' भनि मेरो नाम उल्लेख भएको हो । लिलामी प्रकृया सुरु हुँदा म बैंकको Marketing Consultant रहेको थिएँ। Concern BM "Bhashkar Narshingh Joshi" भनी उल्लेख भएको आधारमा म लिलामी प्रकृयामा मेरो संलग्नता र भूमिका रहेको छैन । म स्मार्ट टेलिकम र एनसेलबीचको व्यावसायिक सम्बन्ध र क्रसहोल्डिङ बारे जानकार छैन र लिलामी प्रकृया गरी एनसेललाई लाभ हुने गरी कुनै कार्य गरेको छैन । म तत्कालिन समयमा कालिमाटी शाखाको शाखा प्रमुखको रुपमा रहेको समयमा स्मार्ट टेलिकमको नाममा कर्जा प्रवाह भएको हुँदा र म मार्केटिङ कन्सल्ट्याण्ट रहेको हुँदा बैंक व्यवस्थापनले सर्वेश जोशीलाई लिलामी सम्बन्धी निवेदन तथा कागजातहरुमा दस्तखत गराउनु भनी निर्देशन दिएको हुनाले म कालिमाटी शाखामा गई निज सर्वेश जोशीलाई लिलामी प्रक्रियासँग सम्बन्धित कागजातहरुमा दस्तखत गराएको हुँ । निजलाई देखाई पढाई दस्तखत गराइएको हो । सबै कागजातहरुमा एकै दिनमा दस्तखत गराईएको होईन । Smart Telecom सम्बन्धी लिलामी प्रक्रियामा मेरो कुनै भुमिका रहेको छैन । मलाई जानकारी भएसम्म लिलामी प्रक्रिया सुरु गर्ने प्रस्ताव बैंकको नियमानुसार बैंकको Recovery Department ले तयार गरेको हुनु पर्छ । मैंले माथि पनि खुलाई लेखाई सकेको छु की निज नरेन्द्र उलक पहिले देखिको बैंकको ग्राहक भएको, निज बैंकमा कामको सिलसिलामा आउँदा मलाई भेटघाट गर्ने गर्दथे । मलाई याद भए सम्म सो दिन पनि निज नरेन्द्र उलक मेरो नक्साल स्थित कार्यकक्षमा आई खुमनाथ अधिकारीको खातामा रकम जम्मा गर्न आएको हुँ भनि बताएकोमा मैंले निजलाई बैंकको नियमानुसार चेक डिपोजिट गर्न Cash Department मा पठाएको थिएँ। बैकको Policy अनुसार रु.५ लाख भन्दा बढि रकमको Payment गर्दा Client सँग Conform गरी गर्नु पर्ने भएको हुनाले Cash Department ले निज नरेन्द्र उलकलाई Payment Conform गर्न फोन गरेकोमा फोन सम्पर्क हुन नसकेको भनी Cash Department ले मलाई जानकारी गराएकोमा निज नरेन्द्र उलक मेरो कार्यकक्षमा आई बसेको हुँदा निजलाई मैंले Payment गर्ने हो भनी सोधी निज नरेन्द्र उलकले Payment गर्न Conform गरेको हुँदा मैंले Cash Department लाई Client नरेन्द्र उलकले Payment गर्न Confirm गर्नु भयो भनी भनिदिएको कारण मेरो नाम समावेश भएको हुन सक्छ तर त्यसमा सम्बन्धित चेक जारी गर्ने व्यक्तिको नाम हुनुपर्ने हो । के कारणले बैंकका कर्मचारीले मेरो नाम उल्लेख गरे मलाई थाहा भएन । मैंले माथिको सवाल जवाफमा समेत खुलाई लेखाई सकेको छु की लिलामी प्रकृयामा मेरो कुनै प्रत्यक्ष भुमिका रहेको छैन । मैंले नरेन्द्र उलकलसँग रकम माग गरी खुमानाथ अधिकारीको खातामा जम्मा गर्न लगाएको छैन । यती ठुलो रकम निजले मैंले मुखले भनेको भरमा दिने कुनै कारण पनि छैन र भनेको पनि छैन । निज नरेन्द्र उलकसँग रकमको सम्बन्धमा मेरो कुनै कुरा भएको छैन । मैंले लिलामी प्रकृयाको लागि BUSINESS NETWORK PVT LTD का सञ्चालक खुमानाथ अधिकारीलाई खडा गरी नेपाल सरकारको सम्पत्तिको हक टुटाई NCELL Axiata Pvt Ltd लाई दिलाउन कुनै भुमिका खेलेको छैन । मैंले आफ्नो पदिय जिम्मेवारी अनुसार व्यवस्थानले अह्राएको काम मात्र गरेको हुँ । कानून विपरित कुनै काम गरेको छैन । मेरो Ncell वा अन्य bidder सँग मेरो कुनै सम्पर्क थिएन । बोलपत्र रकम (bidding strategy) निर्धारणमा मेरो कुनै संलग्नता रहेको छैन । लिलामी प्रक्रिया मेरो कार्यक्षेत्र भित्र नपर्ने भएको हुँदा सो सम्बन्धमा मलाई जानकारी छैन । बैंकको Policy अनुसार बैंकको धितो लिलामी गर्ने सम्पुर्ण प्रकृया बैंकको Recovery

Department ले गर्ने गर्दछ । Loan recovery र asset auction बीचको कानुनी प्रक्रियाको बारेमा मलाई केही जानकारी छैन किनकी मेरो कार्यक्षेत्र र जिम्मेवारी भित्र नपर्ने काम हो । मलाई जानकारी भएसम्म बैंकमा राखिएको धितो लिलामी गरिएको हो । Smart Telecom को सम्पत्ति बैंकमा धितोमा रहेको थियो । सरकारी नियन्त्रणमा थियो भन्ने मलाई थाहा छैन । लिलामी प्रकृया मेरो जिम्मेवारी तथा कार्यक्षेत्र भित्र नपर्ने हुँदा के कुन निकायसँग समन्वय गरी/नगरी लिलामी प्रकृया अगाडि बढाईएको भन्ने सम्बन्धमा जानकारी छैन । मलाई थाहा भए सम्म बैंकले धितो लिलामी प्रकृया नेपाल राष्ट्र बैंकले तोके बमोजिम प्रकृया पुरा गरी गर्ने गर्दछ । उल्लिखित धितो लिलामी समेत सम्पूर्ण प्रकृया पुरा गरी गरेको हुनुपर्छ । सचिनलाल आचार्य मेरो बैंकको ऋणी भए नभएको सम्बन्धमा मलाई जानकारी छैन । निज अनुपमान तुलाधर मेरो पहिले देखिको साथी भएको कारणले मलाई याद भएसम्म उक्त रकम मैंले व्यक्तिगत कारोबारको क्रममा जम्मा गरिदिएको हुन सक्छ। लामो समय भएको कारण हाल मलाई एकिन भएन । लामो समय भएको कारण उक्त कारोबार हाल मलाई एकिन भएन । बैंकको नियम अनुसार रु.५ लाख भन्दा माथिको कारोबारको भुक्तानी गर्दा भुक्तानी दिने व्यक्तिको स्वीकृति लिनु पर्ने हुन्छ सोही नियम अनुसार मलाई याद भए सम्म उक्त कारोबार गर्दा भुक्तानी गर्ने व्यक्तिको स्वीकृति अनुसार बैंकले भुक्तानी गरेको हो । भुक्तानी गर्ने व्यक्तिको स्वीकृति पश्चात मात्र बैंकले भुक्तानी दिनु पर्ने हुन्छ । Application Form For Fund Transfer फाराममा C/o Bhansker N Joshi, C/o Bhansker Dai भनी मेरो नाम उल्लेख भएको सम्बन्धमा मलाई याद भए सम्म अनुपमान तुलाधर मेरो कार्यकक्षमा बसी ट्रान्सफर गर्ने काम गरेको हुँदा Confirm गर्ने कर्मचारीले मेरो नाम लेखेको हुनुपर्दछ । निज अनुपमान तुलाधरले उक्त रकम के कहाँबाट ल्याई के कसलाई रकमान्तरण गरेका हुन् । सो सम्बन्धमा मलाई जानकारी छैन र त्यस्तो कारोबारको जानकारी समेत हुँदैन भन्ने समेत व्यहोराको प्रतिवादी भाष्कर नरसिंह जोशीको बयान ।

च. **<u>प्रतिवादी भुपेन्द्र भण्डारीको बयान:</u>**

मैंले तत्कालको स्पाईस नेपाल प्रा.लि. (Mero mobile) हालको Ncell Axiata Ltd. मा सन् २००७ देखि करिव ७ महिना जति Deputy Chief Finance Officer को हैसियतमा काम गरेको थिएँ । मैंले LACELL SU (Burundi) मा सन् २००८ जनवरी देखि सन् २०१६ जनवरी ११ सम्म CEO को हैसियतमा काम गरेको छु । इन्टरग्रुप टेलिकम (Sierra Leone) सन् २०१६ को जनवरी १२ देखि सन् २०१७ को फेब्रुअरीसम्म CEO को हैसियतमा काम गरेको छु । सन् २०१७ को अप्रिल/मे महिनादेखि सन् २०१८ को अप्रिल/मे महिनासम्म Consultant को हैसियतमा काम गरेको छु । LACELL SU (Burundi) मा नेपालीहरु डा. उपेन्द्र महतो र राज वहादुर सिह तथा सतिस लाल आचार्य समेतको शेयरधनी भएको सुनेको थिएँ । अन्य शेयरधनीहरुको सम्बन्धमा मलाई केही जानकारी भएन । उक्त कम्पनीको Beneficery को कस्को के कति थियो मलाई जानकारी थिएन र छैन । LACELL SU (Burundi) कम्पनी मैंले काम गर्न छोडेको केही वर्षपछि संचालनमा नआएको भन्ने सुनेको थिएँ । हाल संचालनमा छ छैन मलाई जानकारी छैन ।

मैंले तत्कालिन Karnali Development Bank, Pasupati Development Bank मा CEO र Chartered Accountancy Form मा Senior Position मा काम गरी तत्कालको स्पाइस नेपाल प्रा.लि.मा Deputy Chief Finance Officer को हैसियतमा काम गरिरहेको समयमा स्पाइस नेपाल प्रा.लि.मा काम गर्ने साथीहरुले Burundi स्थितमा संचालनमा आउन लागेको LACELL SU टेलिकम कम्पनीमा CEO को अवसर रहेको छ यसमा मेरो कार्य सम्पादनलाई मध्यनजर गरी साथीहरुले मलाई जाँदा हुन्छ भविष्यमा समेत राम्रो

हुन्छ भनि सल्लाह दिएको हुनाले सोही अनुसार साथीहरु मार्फत् मेरो CV विवरण LACELL SU मा पठाए पछि उक्त कम्पनीले मलाई सन् २००८ जनवरीबाट CEO को हैसियतमा काम गर्ने गरी छनौट गरेको जानकारी गराए पछि म स्पाइस नेपाल प्रा.लि. छोडी उक्त कम्पनीमा Join गरेको हो। सन् २०१२/२०१३ तिर ग्रुप कम्पनी ठुलो लगानीकर्ता IPS Kenya ले LACELL SU मा लगानी गरी व्यवस्थापन समेत आफ्नो नियन्त्रणमा लिई आवश्यक नेतृत्व समेत परिवर्तन गरेको र उक्त ग्रुप सँग मैंले CEO को रुपमा काम गरेको थिए। LACELL SU मा मैंले काम गरेको अवधि लामो भएको र इन्टरग्रुप टेलिकम (Sierra Leone) बाट उक्त कम्पनीमा CEO को हैसियतमा काम गर्नको लागि अफर आएकोले मैंले पनि नयाँ नौलो देशको अनुभव समेतलाई मध्यनजर गरी मैंले सन् २०१६ को जनवरी १२ देखि सन् २०१७ को फेब्रुअरी सम्म CEO को हैसियतमा काम गरेको थिएँ।

मैंले इन्टरग्रुप टेलिकम (Sierra Leone) मा काम गर्ने क्रममा पारिवारिक कारणले उक्त कम्पनी छोडी नेपाल फर्केको थिए। घरमा आए पछि LACELL SU (Burundi) का CEO ले पहिले मैंले उक्त कम्पनीमा काम गरेको कार्यसम्पादनको आधार र आवश्यकताको आधारमा Consultant को रुपमा काम गरेको थिएँ। इन्टरग्रुप टेलिकम (Sierra Leone) को Shareholder तथा Beneficery को को थिए मलाई थाहा छैन। मैंले कामको सिलसिलामा Wael Abu Habib भन्ने व्यक्तीलाई रिपोर्ट गर्ने गरेको थिएँ। मलाई थाहा भएसम्म Smart Mobile' (Burundi) र इन्टरग्रुप टेलिकम (Sierra Leone) को CEO को हैसियतमा काम गर्दा मैंले तलव, भत्ता, बार्षिक वोनस, रिटेन्सन वोनस, ईन्सेन्टिभ तथा लगानी बापतको अनुमानित २.६ मिलियन डलर (केही सुविधा बाहेक) कमाएको हुन सक्छ। Timeturns Holding कम्पनीको सम्पुर्ण डिटेल मलाई जानकारीमा छैन। म Smart Mobile' (Burundi) मा कार्यरत रहँदा कुनै समयमा केही तलव दिने गरेको थियो। उक्त कम्पनीको Shareholder तथा Beneficery को को के कति छन् मलाई थाहा छैन। तत्काल म Smart Mobile' (Burundi) मा CEO को हैसियतमा कार्यरत रहँदा पारिश्रमिक बापत पाउने केही आंशिक रकम Timeturns Holdings कम्पनीबाट प्राप्त हुने गरेको थियो। यसमा मेरो नबिल बैंक लि.मा रहेको खाता नं. ०२१००१७५१०१५७ मा जम्मा भएको रकम समेत मैंले पारिश्रमिक बापत प्राप्त भएको रकम हुन सक्छ। तलब भत्ता बार्षिक वोनस इन्सेन्टिभ बाहेकको अन्य रकम मैंले Timeturns Holdings कम्पनीबाट प्राप्त गरेको छैन।

म नेपाल दूरसंचार प्राधिकरणको अध्यक्ष पदमा मितिः २०८०/११/०६ गतेको मन्त्रिपरिषदको निर्णयबाट नियुक्ति भई मितिः २०८०/११/०८ गतेबाट काम गर्न शुरु गरी मितिः २०८३/०१/१८ गतेसम्म कार्यरत थिए। नेपाल दूरसंचार प्राधिकरणको कार्य सम्पादन विनियामवलीमा अध्यक्षको विषयमा उल्लेख भए बमोजिम र नेपाल दूरसंचार प्राधिकरणको वोर्डले तोकिए बमोजिमको काम कारबाही गरेको थिएँ। म दूरसंचार प्राधिकरणमा अध्यक्षको हैसियतमा कार्यरत रहँदा मलाई पारिश्रमिक बापत मासिक रु.१ लाख ६० हजार दिने गरेको थियो। सो बाहेक बैठक भत्ता, गाडी सुविधा, मोवाइल रिचार्ज लगायतका सेवा सुविधा दिएको थियो। स्मार्ट टेलिकम प्रा.लि.को अधिकृत पुँजी (Authorized Capital) र जारी पुँजी (Issued Capital) के कति थियो मलाई याद भएन। तर चुक्ता पुँजी (Paid-up Capital) केही वर्ष अगाडिसम्म ३ करोड २० लाख रहेको देखेको हो।

स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स स्वतः खारेज भए पछि मात्र म नेपाल दूरसञ्चार प्राधिकरणमा मितिः २०८०/११/०८ गतेबाट कार्यरत रहेको र उक्त समयमा म नेपाल दूरसंचार प्राधिकरणमा कार्यरत नभएको हुनाले सो समयमा भएका केही कामहरुको मलाई जानकारी भएको हो। स्मार्ट टेलिकम प्रा.लि.को पछिल्लो समयमा सर्वेश जोशी संचालक समितिको अध्यक्ष रहेको र अन्यको नाम हाल मलाई याद भएन। नेपाली शेयरधनी स्क्वायर

नेटवर्क प्रा.लि.को २०% रहेको र अन्य८०% लगानीकर्ता Offshore कम्पनी रहेको थाहा छ। उक्त कम्पनीहरुको पुरा नाम हाल मलाई याद भएन। उक्त कम्पनीहरु के कुन देशमा दर्ता भएको हो सो समेत मलाई हाल याद भएन। सतिस लाल आचार्यलाई मैंले Smart Mobile' (Burundi) मा काम गर्ने क्रममा चिनजान भएको थियो। भावना सिह श्रेष्ठसँग हालसम्म व्यक्तिगतरुपमा भेटेको छैन। तर निज Ncell Axaita Ltd.को लगानीकर्ता रहेकी भन्ने थाहा छ। मलाई हाल एकिन मिति याद भएन। म व्यक्तिगत तथा अफिसियली कामको सिलसिलामा तान्जानियामा गएको समयमा सर्वेश जोशीलाई भेट भई चिनजान भएको थियो। निज सतिस लाल आचार्यको अन्य Offshore कम्पनीमा काम गरेको छैन।

स्मार्ट टेलिकम प्रा.लि.को उपलब्ध वित्तीय विवरण अध्ययन गर्दा कर्जा नियमानुसार नहुन सक्ने देखिन्छ। उपलब्ध वित्तीय विवरण अनुसार स्मार्ट टेलिकम प्रा.लि. Loss मा रहेको र उक्त कम्पनीको रकम सम्बन्धमा सोही कम्पनीको वित्तीय विवरण हेरेर मात्र भन्न सकिन्छ। स्मार्ट टेलिकम प्रा.लि.को २०% शेयर भावना सिंह श्रेष्ठ तथा सचिन लाल आचार्य समेतबाट सर्वेश जोशीको नाममा हस्तान्तरण भएको सम्बन्धमा मैंले नेपाल दूरसंचार प्राधिकरणको सम्बन्धित महाशाखा/शाखामा पटक पटक सोधपुछ गरेको थिएँ। सो समयमा उक्त कम्पनीको शेयर हस्तान्तरण गर्ने सम्बन्धमा नेपाल दूरसंचार प्राधिकरणले स्वीकृति गरेको पत्र मलाई उपलब्ध भएन। तर त्यसको शेयर लगत देखेको थिएँ। सोनिभेरा क्यापिटल भेन्चर प्रा.लि.ले एनसेल आजीयाटा लि.मा २०% को शेयर खरिद गर्दा नेपाल दूरसंचार प्राधिकरणबाट अनुमति लेते पत्र देखेको छु। स्मार्ट टेलिकम प्रा.लि.को २०% शेयर हस्तान्तरणको प्रकृति हेर्दा उक्त कम्पनीको हिताधिकारी (Beneficery) सतिस लाल आचार्य परिवार कै भएको हुन सक्ने शंका गर्न सकिन्छ।

म नेपाल दूरसंचार प्राधिकरणमा कार्यरत रहँदाको समयमा मितिः २०८१/०२/२०, २०८१/०२/३० र २०८१ को साउन महिनामा स्मार्ट टेलिकम प्रा.लि.को कर्जा र खाताको विस्तृत विवरण नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. र प्राईम कमर्सियल बैंक लि.लाई माग गर्दा विवरण उपलब्ध नगराएको र माग गरेको विस्तृत विवरण प्राप्त भएमा यसमा थप पुष्टि गर्न सकिने सम्भावना रहेको थियो। हालको Ncell Axiata Ltd. र स्मार्ट टेलिकम प्रा.लि.को नेटवर्कलाई मध्यनजर गर्दा स्मार्ट टेलिकम प्रा.लि.को हालको Equipment प्रयोग गर्न अत्यन्तै न्युन सम्भावना हुन सक्ने देखिन्छ। बैंकको लिलामी भनिएको सम्बन्धमा Active र Passive Telecom infrastructure के कति हो विवरण हेरेर मात्र थाहा हुन्छ। Active Telecom infrastructure भन्नाले रेडियो Epuipments लगायत र Passive Telecom infrastructure भनेको टावर, सिभिल वर्क लगायत हुन्छ भन्ने मेरो बुझाई हो। यसको एकिन रायको लागि सम्बन्धित Technical Experts लाई थाहा हुन्छ। स्मार्ट टेलिकम प्रा.लि.को लाईसेन्स मितिः२०८०/१/०२ देखि स्वतः रद्द भएकोले अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली,२०७९ को नियम १८ बमोजिम सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल प्राधिकरणले नियन्त्रणमा लिएपश्चात अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली,२०७९ को नियम १३ बमोजिम मुल्य निर्धारण समितिको गठन हुने, नियम ३७ बमोजिम व्यवस्थापन समुह गठन हुने र सो मुल्य निर्धारण समिति र व्यवस्थापन समुहले सम्बन्धित ऐन नियम बमोजिम काम कर्तव्य गर्नु पर्ने हुन्छ। मितिः २०८०/०६/१५ गते अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १३, २४, ३३, ३५, ३९ (क), ३४ (क) लगायतका नियमहरुमा संसोधन तथा थप गरिएको छ।

म आफ्नो क्षमता, अनुभव र राष्ट्रलाई सेवा गर्ने उदेश्यले नेपाल सरकारको संचार मन्त्रालयमा सल्लाहकारमा नियुक्त भएको हो। नेपाल दूरसंचार प्राधिकरणको अध्यक्ष पदमा खुल्ला प्रतिष्पर्धाको आधारमा आफ्नो क्षमता, अनुभव लगायत छनौट समितिमा Business Plan र Presentation गरी Professional Process मार्फत् आफ्नो पदको दुरुपयोग नगरी नियुक्त भएको हुँ। तपाईले आफ्नो पदको दुरुपयोग गरी गराई कार्यकारी प्रमुख अध्यक्ष पदको नियुक्ती लिएको भन्ने आरोपमा मेरो असहमति छ। नेपाल दूरसंचार प्राधिकरणको कार्यकारी प्रमुख अध्यक्ष रहेको अवस्थामा सूचना, सञ्चार तथा प्रविधी मन्त्रालयमा सचिवको रुपमा रामकृष्ण सुवेदी, राधिका अर्याल र लक्ष्मी कुमारी वस्नेत कार्यरत रहेको र मन्त्रीको रुपमा रेखा शर्मा, पृथ्वी सुव्वा गुरुङ, जगदीश खरेल, सुशिला कार्की र विक्रम तिमल्सिना रहनु भएको हो। स्मार्ट टेलिकम प्रा.लि.को सेवा संचालन सम्बन्धमा नेपाल दूरसंचार प्राधिकरणले मितिः २०७९/१२/२७ मा निर्देशन दिएको थियो। त्यसपछि मितिः २०८०/०१/२० मा आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राप्त संस्था श्री स्मार्ट टेलिकम प्रा.लि.ले अनुमतिपत्र नवीकरणका नगरेकोले उक्त अनुमतिपत्र दूरसञ्चार ऐन, २०५३ को दफा २५(५) बमोजिम स्वतः खारेज भएको र अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम ९ को उपनियम (१) बमोजिम दूरसञ्चार पूर्वाधार संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार संजाल चालु अवस्थामा प्राधिकरणलाई हस्तान्तरण गर्नु भनि नेपाल दूरसंचार प्राधिकरणको वेभसाइटमा सूचना प्रकाशित गरेको रहेछ। मितिः२०८०।२।०८ मा स्मार्ट टेलिकम प्रा.लि.को लाईसेन्स स्वतः रद्द भई अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १८ बमोजिम सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल प्राधिकरणले नियन्त्रणमा लिएको र उक्त कम्पनीलाइ नेपाल दूरसञ्चार प्राधिकरणले नियन्त्रणमा लिनु अगाडि स्मार्ट टेलिकम प्रा. लि. बाट संस्था/सर्वसाधारण व्यक्तिलाइ तिर्न/बुझाउनु पर्ने बक्यौता निज प्रा.लि कै दायित्व भएकोले सम्पूर्ण दायित्व स्मार्ट टेलिकम प्रा.लि. नै व्यहोर्नु पर्ने र यसमा नेपाल सरकार वा प्राधिकरणको कुनै दायित्व नहुने भन्ने व्यहोराको सूचना प्रकाशित गरिएको रहेछ। मुल्य निर्धारण समितिले सुची दर्ता गर्ने सूचना विभिन्न मितिहरुमा सार्वजनिक सूचना प्रकाशित गरिएको रहेछ।

म प्राधिकरणमा हाजिर हुँदाको दिनसम्म स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति मूल्यांकन गर्ने समिति गठन गर्न अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली (संसोधन सहित),२०७९ को नियम १३ बमोजिम नभएको र उक्त सम्पत्तिको मुल्य निर्धारण कार्यको लागि मुल्य निर्धारण समितिमा रहने व्यक्तीहरुको नामावली मात्र सूचना तथा संचार मन्त्रालय पठाएको देखिएको थियो। म नेपाल दूरसंचार प्राधिकरणमा आएपछि उक्त स्मार्ट टेलिकम प्रा.लि.को मुल्य निर्धारण समितिको कामको लागि पारिश्रमिक लगायतको विवरण पेश गर्न नेपाल दूरसंचार प्राधिकरणलाई सूचना तथा संचार मन्त्रालयबाट पत्राचार भएको थियो। सो सम्बन्धमा प्राधिकरणको व्यवस्थापनमा TOR र पारिश्रमिक सम्बन्धमा के कसरी अगाडि बढने भन्ने सम्बन्धमा छलफल गरी उक्त कार्य परामर्शदाताबाट गर्ने गरी सहमति भएको थियो। त्यस पछि प्राधिकरण व्यवस्थापनबाट सो कार्यको लागि Cost Estimate तयार गर्ने कार्य गरेको, उक्त कार्य आ.व. २०८१/२०८२ मा गर्ने गरी प्राधिकरणको वजेटमा प्रस्ताव गरिएको, आर्थिक ऐन (वर्ष याद नभएको) व्यवस्था अनुसार चालु आर्थिक वर्षको खर्चको १.५ Times रकम राखी बाँकी रकम नेपाल सरकारको खातामा साउन २५ गतेसम्म जम्मा गर्नु पर्ने व्यवस्था बमोजिमको रकम राखी बाँकी रकम नेपाल सरकारको नाममा जम्मा गरिएको

र सो कारणले आर्थिक वर्ष २०८१/२०८२ को वजेटको लागि वित्तीय स्रोतको सुनिश्चिता नभएकोले बजेट स्वीकृतिमा लामो समयसम्म ढिला भएको र सो सम्बन्धमा सूचना तथा संचार मन्त्रालयमा जानकारी गराई प्रस्तावित वजेट मध्ये ३ अर्ब रुपैंया नेपाल सरकारबाट माग गरी अर्थ मन्त्रालयको सहमति लिई मन्त्रिपरिषदमा पेश गरी मितिः २०८१ कार्तिक महिनातिर ३ अर्ब रुपैया प्राधिकरणलाई दिने भनि निर्णय भए पश्चात नेपाल दूरसंचार प्राधिकरणको आ.व. २०८१/२०८२ वार्षिक बजेट पारित गरी मितिः २०८१ मंसिर महिनादेखि वजेट कार्यान्वयन भएको थियो। तर उक्त ३ अर्ब रकम प्राधिकरणलाई प्राप्त भएन। प्राधिकरणको व्यवस्थापनमा TOR र पारिश्रमिक सम्बन्धमा परामर्शदाताबाट छनौटको लागि सूचना प्रकाशन गरी प्राप्त प्रस्तावहरुको मूल्यांकन गरी परामर्शदाता छनौट गरिएको थियो। त्यस पछि परामर्शदाताबाट उपलब्ध गराएको प्रतिवेदन नेपाल दूरसंचार प्राधिकरणको वोर्डबाट स्वीकृत गरी २०८१ सालको माघ महिनातिर सूचना तथा संचार मन्त्रालयमा परामर्श पठाएको थियो। २०८१ सालको फागुन महिनातिर सूचना तथा संचार मन्त्रालयले कैफियत सहितको पत्र पुनः पेश गर्ने गरी नेपाल दूरसंचार प्राधिकरणलाई पठाएको थियो। त्यस पछि उक्त कैफियत सम्बन्धमा प्राधिकरण बोर्डबाट स्वीकृत गरी २०८१ सालको फागुन महिनातिर सूचना तथा संचार मन्त्रालयलाई पठाईएको थियो।

मान्यता प्राप्त शैक्षिक संस्थाबाट चार्टर्ड एकाउन्टेन्सीको शैक्षिक उपाधी हासिल गरेको व्यक्तिले (हाल नाम याद नभएको) लाई सम्पर्क गर्दा निजले काम गर्न नसक्ने भनि ईमेल पठाएकोले निजको स्थानमा तत्काल बैकल्पिक विज्ञ सदस्य नरहेकोले सो रिक्त पदमा पुनः नियुक्त गर्न सार्वजनिक सूचना जारी गरी सो मूल्यांकन गरी सिफारिस गर्न केही समय ढिला हुन गएको थियो। मितिः २०८२ को जेठ महिनातिर पारिश्रमिक वाहेक मूल्यांकन समिति मात्र गठन गर्नको लागि सूचना तथा संचार मन्त्रालयले प्राधिकरणलाई पत्राचार गरेको थियो। अर्थ मन्त्रालयको स्वीकृति लिएर सूचना तथा संचार मन्त्रालयले मितिः २०८२ असार महिनातिर पारिश्रमिक सम्बन्धमा प्राधिकरणलाई पत्र पठाएको थियो। पारिश्रमिक सम्बन्धमा आर्थिक वर्षको अन्तिमतिर प्राप्त भएकोले सो आर्थिक वर्षमा मुल्य निर्धारणको काम सम्पन्न हुन नसकेको हो। नेपाल दूरसंचार प्राधिकरणको आ.व.२०८२/२०८३ बजेट प्रकृयामा रहेको र २०८२ को साउन महिना तिर आ.व. २०८२/२०८३ को मुल्य निर्धारण समितिलाई दिने आवश्यक रकम समेतको वजेट सहमतिको लागि सूचना तथा संचार मन्त्रालयमा पत्र पठाएको हो। त्यस पछि सूचना तथा संचार मन्त्रालयबाट तोके बमोजिमको बजेटको फर्मेट पुन पेश गर्न भनेको हुँदा सोही बमोजिम पुनः पेश गरेको हो। त्यस पछि सूचना तथा संचार मन्त्रालयबाट सहमति प्राप्त भई नेपाल दूरसंचार प्राधिकरणको वोर्डबाट स्वीकृत गरी २०८२ भाद्रतिरबाट कार्यान्वयनमा आएको थियो। हाल मलाई मिति याद भएन, त्यस पछि प्राधिकरणको वोर्डबाट राजेश पराजुलीको संयोजकत्वमा ५ जनाको मुल्य निर्धारण समिति गठन गरिएको थियो। मुल्य निर्धारण समितिको गठन गरे पछि समितिका संयोजक पदाधिकारीहरुलाई सम्पर्क गर्दा सो समयमा दशैंको पर्व परेकोले दशैंपछि मात्र काम शुरु गर्ने भने पछि सोही अनुसार २०८२ को असोज महिनामा मूल्यांकन समितिका पदाधिकारीहरुलाई नियुक्ति पत्र दिएको थियो। स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति मूल्यांकन गर्ने कार्य यथाशिघ्र होस् भन्ने उदेश्यले तत्कालै मैंले असोज महिनाको अन्तिममा मेरो उपस्थितिमा उक्त मुल्य निर्धारण समितिको पदाधिकारीहरुको परिचयात्मक बैठक गरी मुल्य निर्धारणको कार्य तत्कालै शुरू गरी निर्धारित समयमा सम्पन्न गर्नको लागि मुल्य निर्धारण समितिका पदाधिकारीसँग अनुरोध समेत गरेको थिएँ। त्यसको केही दिनपछि मूल्यांकन समितिका सदस्य रोशन प्रधानाङगले आफूले सो समितिमा रही काम गर्न नसक्ने भनी २०८२ सालको कार्तिक महिनामा प्राधिकरणमा निवेदन पेश गरेको हो। सो निवेदनको

सम्बन्धमा प्राधिकरण बोर्डमा छलफल गरी सो को जानकारी लगायतका अन्य विवरण खुलाई मितिः २०८२ कार्तिक महिनामा सूचना तथा संचार मन्त्रालयमा पत्र मार्फत् जानकारी गराइएको थियो। त्यस पछि मैंले तत्कालिन मन्त्री जगदीश खरेल, सचिव राधिका अर्याल, मन्त्रालयको प्रशासन महाशाखा प्रमुख सहसचिव सुवास चन्द्र सिवाकोटी र संस्थान समन्वय शाखामा मुल्य निर्धारण समितिको रिक्त रहेको सदस्यको नियुक्ती सम्बन्धमा पटक पटक छलफल गरी पटक पटक अनुरोध गरेको थिएँ। सो सम्बन्धमा मन्त्रालयका सचिब समेतका कर्मचारीबाट नियुक्ती निर्णयको लागि मन्त्री ज्यूको समक्ष पेश भएको मौखिक जानकारी भएको थियो। तर जगदिश खरेल मन्त्री रहुन्जेल सो को निर्णयको सम्बन्धमा दूरसंचार प्राधिकरणलाई पत्राचार भएको थिएन। तत्कालिन मन्त्री जगदीश खरेलले मन्त्री पदबाट राजीनामा दिएपछि मन्त्रालयको जिम्मेवारी तत्कालिन प्रधानमन्त्री सुशिला कार्कीको मातहतमा रहेको समयमा सूचना तथा संचार मन्त्रालयको सचिव लक्ष्मी कुमारी बस्नेतलाई मुल्य निर्धारण समितिको सदस्य नियुक्तीको सम्बन्धमा अनुरोध गरेको थिएँ। त्यसको केही दिन पछि सो सम्बन्धमा निज सचिव लक्ष्मी कुमारी बस्नेतसँग वुझ्दा सम्मानिय प्रधानमन्त्री ज्यूसँग छलफल भएको भनी मैंले मौखिक जानकारी पाएँ। त्यसपछि मूल्यांकन समितिको सदस्य नियुक्ति सम्बन्धमा मितिः २०८२/१०/१४ मा पुनः सूचना तथा संचार मन्त्रालयलाई पत्राचार गरेको थिएँ। तर प्राधिकरणलाई केही निर्णय प्राप्त भएन। त्यसपछि हालको सूचना तथा संचार मन्त्री डा. बिक्रम तिमिल्सिना सूचना तथा संचार मन्त्रीमा नियुक्त भए पछि तत्कालै स्मार्ट टेलिकम प्रा.लि. लगायतको सम्बन्धमा नेपाल दूरसंचार प्राधिकरणको प्रमुख भएको हैसियतले सूचना तथा संचार मन्त्री, सचिव, सहसचिव लगायतको टिमलाई प्रस्तुतीकरण गरेको थिएँ। स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति मूल्यांकन समितिको सदस्य नियुक्ती गर्न नसकिएकोले सो कार्यको लागि निर्णय गरिदिन मौखिकरुपमा पटक पटक अनुरोध गरेको थिएँ। त्यस पछि मूल्यांकन समितिको सदस्य नियुक्तीको लागि मन्त्रालयको निर्णय भई मितिः २०८३/०१/०३ को पत्र प्राधिकरणलाई प्राप्त भएको थियो। त्यसपछि नेपाल दूरसंचार प्राधिकरणको वोर्डबाट आवश्यक प्रकृया पुऱ्याई तत्कालै मूल्यांकन समितिको सदस्यमा सुनिल सिहलाई नियुक्त गर्ने निर्णय गरिएको थियो। सो समयमा निज सुनिल सिंहलाई अनुमति-पत्र व्यवस्थापन शाखाबाट सम्पर्क गर्दा आफू काठमाडौं बाहिर भएको र केही दिन पछि मात्र काठमाडौं आउने भनी मौखिक जानकारी गराएपछि निजलाई मितिः २०८३/०१/१४ गतेतिर नियुक्ती पत्र दिएको थियो। मैंले काम गर्ने क्रममा नेपाल सरकारको २०८३ बैसाख महिनाको अध्यादेशबाट मितिः २०८३/०१/१९ गतेबाट लागू हुने गरी मलाई नेपाल दूरसंचार प्राधिकरणको अध्यक्षबाट स्वतः पदमुक्त भएको जानकारी पत्र प्राप्त भएको थियो।

अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली (संसोधन सहित),२०७९ को नियम ३७ बमोजिम मितिः २०७९ माघ ६ गते प्राधिकरण वोर्डबाट प्राधिकरणको वोर्ड सदस्य श्री गोकर्ण सिटौलाको संयोजकत्वमा प्राधिकरणका निर्देशक अमर स्थापित सदस्य सचिव रहने गरी ५ सदस्यीय व्यवस्थापन समुह गठन गर्ने निर्णय गरिएको रहेछ। साथै सो व्यवस्थापन समुहमा अर्थ मन्त्रालय, कानून मन्त्रालय र सूचना तथा संचार मन्त्रालय समेतबाट प्रतिनिधि हुनुपर्ने कानूनी व्यवस्था भए बमोजिम उल्लेखित मन्त्रालयहरुबाट समेत प्रतिनिधि पठाई दिनु भनी प्राधिकरणले सूचना तथा संचार मन्त्रालयमा मितिः२०७९/१०/१३ गतेतिर पत्राचार गरिएको रहेछ। व्यवस्थापन समुहको काम कर्तव्य अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली (संसोधन सहित),२०७९ को नियम ३७ तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ। इस व्यवस्थापन समुहमा नेपाल दूरसंचार प्राधिकरणको

अध्यक्षको हैसियत मेरो कुनै जिम्मेदारी केही पनि नभएकोले उल्लेखित व्यवस्थापन समुहले स्मार्ट टेलिकम प्रा.लि.को सम्बन्धमा सोही व्यवस्था बमोजिम काम गर्नु पर्ने देखिन्छ । उल्लेखित व्यवस्थापन समुहले स्मार्ट टेलिकम प्रा.लि.को व्यवस्थापन सम्बन्धमा के के काम गरे नेपाल दूरसंचार प्राधिकरणको अध्यक्ष समक्षमा सम्पूर्ण विवरण पेश गरेको देखिएन । प्राधिकरणबाट बिभिन्न मितिहरुमा निर्देशन, स्मार्ट टेलिकम प्रा.लि.को नियन्त्रण, दायित्व सम्बन्धि, अनुमति पत्र स्वतः रद्ध भएको लगायतको सम्बन्धमा सूचनाहरु प्रकाशित भएको रहेछ । नेपाल दूरसंचार प्राधिकरणको अनुरोधमा मितिः २०८०/०१/२८ गतेतिर नेपाल राष्ट्र बैंकको पत्र मार्फत् सम्पूर्ण वैंक तथा वित्तीय संस्थाहरुलाई स्मार्ट टेलिकम प्रा.लि.को संरचना तथा सम्पत्ति नियन्त्रणमा भएको तथा उक्त प्रा.लि.को खाताहरुमा रकम जम्मा गर्न मिल्ने तर झिक्न नमिल्ने गरी परिपत्र गरिएको रहेछ । म प्राधिकरणमा आएपछि मितिः २०८१/०२/२० को पत्रबाट स्मार्ट टेलिकम प्रा.लि.सँग सम्बन्धित संरचना सम्पत्ति नियम १८ बमोजिम प्राधिकरणको नियन्त्रणमा रहेकोले उक्त कम्पनीसँग सम्बन्धित खाता, कर्जा विवरण, कर्जा नोक्सानी व्यवस्था, कर्जाको खाता विवरण, धितोमा रहेको सम्पत्तिको विवरण, अफर लेटर, कर्जा सम्झौता, जमानीकर्ताको विवरण समेत नेपाल इन्भेष्टमेण्ट मेगा बैंक र प्राइम कमर्सियल बैंकलाई माग गरिएको थियो । तर उल्लेखित विवरणहरु वैंकहरुबाट प्राप्त नभएकोले मितिः२०८१/०२/३० मा नेपाल राष्ट्र बैंकलाई वोधार्थ दिई पुनः पत्राचार गरी विवरण माग गर्दा उल्लेखित विवरण अदालतको आदेश वा नेपाल राष्ट्र बैंकको निर्देशन भएपछि उपलब्ध गराउन सकिने भनी विवरण प्राप्त नभएको, त्यसपछि मैंले तत्कालिन गभर्नर महाप्रसाद अधिकारीलाई भेटी बैंकहरुबाट माग गरिएको विवरण उपलब्ध गराईदिन सहजीकरण गरिदिनु भनि मौखिक अनुरोध गरेको थिएँ । मितिः २०८१ असार महिनामा माग गरिएका विवरणहरु उपलब्ध गराउन नेपाल राष्ट्र बैंकलाई पत्राचार गरी अनुरोध गरिएको थियो । त्यसपछि नेपाल राष्ट्र बैंकबाट नेपाल दूरसंचार प्राधिकरणलाई बोधार्थ दिई नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक र प्राईम कमर्सियल बैंकलाई पत्रचार गरेको थियो । सोही बमोजिम नेपाल दूरसंचार प्राधिकरणले मितिः २०८१ को साउन महिनामा नेपाल राष्ट्र बैंकको पत्रलाई उल्लेख गरी बोधार्थ समेत दिई पुनः नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक र प्राईम कमर्सियल बैंकलाई पत्राचार गरिएको थियो । तर उक्त पत्र पठाए पश्चात पनि नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकले विवरण उपलब्ध गराएन । तर प्राईम कमर्सियल बैंकले कर्जाको रकम उल्लेख गरी पत्र पठाएको थियो । यसरी नेपाल राष्ट्र बैंकको निर्देशन पत्र पश्चात पनि बैंकहरुबाट माग गरिएको विवरण उपलब्ध नगराएकोले मैंले व्यक्तिगतरुपमा गभर्नर महाप्रसाद अधिकारीलाई पटक पटक भेट गरी बैंकले विवरण उपलब्ध नगराएकोले सहजीकरण गरी दिनु हुन भनि मौखिक अनुरोध गरेको थिएँ । त्यसपछि हालको गभर्नर डा.विश्वराज पौडेल समेतलाई व्यक्तिगतरुपमा भेट गरी नेपाल राष्ट्र बैंक र नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक र प्राइम कमर्सियल बैंकलाई पटक पटक पठाएको पत्र समेत भएको फाइल समेत निज गभर्नरलाई उपलब्ध गराई नेपाल दूरसंचार प्राधिकरणले माग गरेको विवरण बैंकले हालसम्म उपलब्ध नगराएकोले सहजीकरण गरी दिनु हुन भनि अनुरोध गरेको थिएँ । तर पनि कुनै विवरण बैंकहरुले प्राधिकरणलाई उपलब्ध गराएन । गभर्नरलाई भेटी मौखिकरुपमा अनुरोध गर्दा पनि विवरण प्राप्त नभएपछि मितिः २०८२/०९/१८ र मितिः २०८२/१०/२१ मा नेपाल राष्ट्र वैंकलाई उल्लेखित विवरणहरु उपलब्ध गराई दिनु हुन भनि पत्राचार गरेको थिएँ । तर पनि कुनै पनि उत्तर समेत आएन । सोबाट स्मार्ट टेलिकम प्रा.लि. र Ncell Axiata Ltd. विचको क्रसहोल्डिङ र धितोमा रहेको सम्पत्तिको विवरण र Funding कसले गरेको, कर्जाको विवरण र सो कर्जा के कसरी दिइएको हो भन्ने समेतको अध्ययन गर्न नसकिएको हो ।

त्यस पछि सो निवेदन सम्बन्धमा प्राधिकरणको व्यवस्थापन तथा प्राधिकरणको वोर्डमा छलफल गरी प्राधिकरण वोर्डको मितिः २०८२/१२/०५ गतेको निर्णय अनुसार उक्त लिलाम कानून सम्मत नभएकोले सो सम्बन्धमा कुनै पनि कार्य नगर्न नगराउन लगायतको लागि Ncell Axiata Pvt. लाई मितिः २०८२/१२/०९ मा निर्देशन सहितको पत्राचार गरिएको थियो। म नेपाल दूरसंचार प्राधिकरणमा कार्यरत रहँदासम्म Ncell Axiata Pvt. ले कुनै पनि प्रतिकृया दिएको थिएन। मैंले दूरसंचार प्राधिकरण छोडे पछि नेपाल दूरसंचार प्राधिकरणबाट स्वीकृति प्राप्त नभएकोले Ncell Axiata Pvt. ले नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.लाई भुक्तानी गरेको रकम फिर्ता मागेको भन्ने व्यहोरा पत्रपत्रिका मार्फत् बुझिन आएको छ। त्यस पछि अन्य के के भयो मलाई थाहा भएन। स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति नेपाल दुरसंचार प्राधिकरणको नियन्त्रणमा भई मितिः २०८०/०१/०२ बाट स्वतः नेपाल सरकारको स्वामित्वमा आएकोले यस बारे थप कार्य सम्बन्धित निकायसँग बुझेर मात्र भन्न सकिन्छ। (एक्विजिजन) सम्बन्धी नियमावली,२०७९ म आउनु अगाडि नै पारित गरी पठाएको र यसमा म हुँदासम्म मन्त्रालयबाट प्रतिक्रिया आएको थिएन। Due Diligence Audit सम्बन्धमा मलाई अहिले याद भएन। यो समाचार म नेपाल दुरसंचार प्राधिकरणमा आउनु भन्दा धेरै अगाडिको भएकोले यस सम्बन्धमा मलाई याद भएन। नेपाल Satellite Telecom Pvt. Ltd का सञ्चालक अजेय राज सुमार्गी पराजुली रहेको र MG Herbal & Investment Pvt. Ltd उपेन्द्र महत्तोको कम्पनी रहेको सम्बन्धमा मलाई जानकारी भएन। Due Diligence Audit (DDA) सम्बन्धमा मलाई याद भएन, मेरो मिलेमतोको आरोप सम्बन्धमा मेरो असहमति छ। Ncell Axiata Pvt. ले गैरकानूनी लिलामीमा भाग लिई नेपाल दूरसंचार प्राधिकरणको पूर्व स्वीकृति नलिई लिलामीको रकम पहिले नै भुक्तानी गरी मितिः२०८२/०९/३० मा Ncell Axiata Pvt. ले स्मार्ट टेलिकम प्रा.लि.को उपकरणहरु Ncell Axiata Pvt. को नेटवर्कमा समावेश गरी पाउँ भनी स्वीकृति माग गरेपछि मात्र नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक समेतले नेपाल सरकारको नाममा पहिले नै आई सकेको सम्पत्ति लिलामी मार्फत् नेपाल दूरसंचार प्राधिकरणबाट विभिन्न मितिहरुमा प्रकाशित सूचना, नेपाल राष्ट्र बैंकको पत्रहरु, नेपाल दूरसंचार प्राधिकरणबाट बैंकहरुलाई स्मार्ट टेलिकम प्रा.लि.को संरचना सम्पत्ति प्राधिकरणको नियन्त्रणमा भई मूल्यांकनको प्रकृयामा रहेको जानकारी हुँदा हुँदै तथा दूरसंचार ऐन, २०५३ को दफा ३३ (१) बमोजिम जम्मा पुजीको ५०% प्रतिशत भन्दा वढी विदेशी व्यक्ती वा संस्थाको लगानी भएको दूरसंचार सेवासँग सम्बन्धित जग्गा भवन, उपकरण संरचना लगायत अनुमति पत्रको अवधी समाप्त भएपछि नेपाल सरकारको स्वामित्वमा हुने र अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली (संसोधन सहित),२०७९ को ३४ (क) बमोजिम संरचना र सम्पत्ति स्वत नेपाल सरकारको स्वामित्व हुने भन्ने वाध्यकारी व्यवस्थाको जानकार हुँदा हुँदै नेपाल सरकारको स्वामित्व रहेको सम्पत्ति नियामक निकाय नेपाल दूरसंचार प्राधिकरणसँग स्वीकृति नलिई स्मार्ट टेलिकम प्रा.लि.को पुर्व अध्यक्ष सर्वेश जोशीले मितिः २०८२/०५/२० गते स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलामी गर्ने भनि सहमति दिएको गैरकानूनी पत्रको आधारमा मितिः २०८२/०६/०३ गते शुक्रवार संविधान दिवस भएको सार्वजनिक विदाको दिन र केही दिन पछि दशै विदा शुरु हुने समय अवधि पारी र त्यस पछि तत्कालै देशको विभिन्न स्थानहरुमा बाढी पहिरो गई जनजीवन अस्तव्यस्त भएको समयमा कानून विपरीत नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकले स्मार्ट टेलिकम प्रा.लि.को धितोमा रहेको उपकरण लिलामीको लागि सार्वजनिक रुपमा राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गरेको रहेछ, सो सम्बन्धमा मलाई जानकारी भएन र गराइएन। Ncell Axiata Pvt. ले सकारेको थाहा भयो।

उक्त कानून सम्मत नभएको लिलामी सम्बन्धमा नेपाल राष्ट्र बैंकलाई मितिः २०८२/१२/११ गते सम्पुर्ण बैंक तथा बित्तिय संस्थाहरुलाई जानकारी तथा निर्देशन गरिदिनको लागि पत्राचार गरेको थिएँ। तर त्यसको मैंले प्राधिकरणमा काम गर्ने अन्तिम दिनसम्म पनि कुनै प्रतिक्रिया आएको थिएन। त्यस पछि मैंले स्मार्ट टेलिकम प्रा.लि.सम्बन्धित सम्पत्ति नेपाल सरकारको पूर्व स्वीकृति नलिई उक्त कम्पनीको सम्पत्तिको स्वामित्व हस्तान्तरण नगरीदिन विभिन्न निकायहरुमा पत्राचार गरी सहजीकरण गरिदिनु हुन अनुरोध गरी मन्त्रालयमा मितिः २०८३/०१/0४ मा पत्राचार गरेको थिएँ। तर त्यसको मैंले प्राधिकरणमा काम गर्ने अन्तिम दिनसम्म पनि कुनै प्रतिक्रिया आएको थिएन। यसमा मेरो जानकारीमा आएपछि नियामकको हैसियतले निर्णय तथा पत्राचार गरी आफ्नो जिम्मेवारी पूरा गरेको छु। म माथि मिलेमतो गरेको भन्ने आरोपमा मेरो असहमति छ। म नेपाल दुरसंचार प्राधिकरणमा आए पछि बिभिन्न मितिहरुमा नेपाल राष्ट्र बैंक, नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक र प्राईम कमर्सियल बैंकलाई पत्राचार गरेको, माग गरिएको विवरण दिन नसकिने तर अदालतको आदेश वा नेपाल राष्ट्र बैंकको निर्देशन भए मात्र माग गरिएको विवरण उपलब्ध गराउने भनि प्राप्त भएकोले सो खुलाई नेपाल राष्ट्र बैंकलाई सहजिकरणको लागि पत्राचार गरी सूचना तथा संचार मन्त्रालय समेतलाई वोधार्थ राखी पत्राचार गर्दा समेत विवरण उपलब्ध नभएकोले तत्कालिन गभर्नरसँग पटक पटक भेट गरी विवरण उपलब्ध गराउन सहजीकरण गरिदनको लागि मौखिक अनुरोध गर्दा पनि माग गरिएको विवरण म नेपाल दुरसंचार प्राधिकरणमा काम गर्दासम्म प्राप्त नभएकोले प्रकृया पूरा गर्न असमर्थ भएको हो। म नेपाल दुरसंचार प्राधिकरणको अध्यक्षबाट पद मुक्त भए र सो पछि कुनै बेला मन्त्री ज्यूसँग फोनमा कुरा हुदा प्रधान मन्त्री कार्यालयबाट CIB लाई पत्र लेख्ने भनि खवर पाएको थिए। पछि पनि सो सम्बन्धमा केहि दिन सम्म माग भए अनुसार मसँग उपलब्ध भएको कागजातहरु समेत उपलब्ध गराएको थिएँ। यसै सम्बन्धमा म पदमुक्त हुनु अघि र पछि प्रधानमन्त्री कार्यालयका राजनैतिक सल्लाहकार, सूचना तथा संचार मन्त्री डा.विक्रम तिमिल्सिनासँग सम्पर्कमा रही मसँग उपलब्ध भएको कागजात, विवरणहरु पटक पटक उपलब्ध गराएको थिएँ। राज्यलाई हुन सक्ने हानी नोक्सानीबाट वचाउनको लागि आफुले सक्ने सम्म आवश्यक परेको समयमा सम्पर्कमा रही सक्दो सहयोग गरेको छु। यस सम्बन्धमा मेरो संलग्नता भएको भन्ने कुरामा मेरो असहमति छ। आजियाटा ग्रुपले आफ्नो ८०% शेयर Spectrlite UK ले खरिद गर्ने कार्य म नेपाल दुरसंचारप्राधिकरणमा आउनु भन्दा अगाडि भएको थियो। म मितिः २०८०/११/०८ गतेबाट काम शुरु गरे पछि नेपाल सरकार मन्त्रिपरिषदको मितिः २०८०।११।०६ को निर्णय बमोजिम कार्यान्वयनको लागि सूचना तथा संचार मन्त्रालयको प्राप्त पत्रको आधारमा प्राधिकरणको वोर्डबाट निर्णय भई खरिद बिक्री यथास्थितीमा अस्वीकृत गर्ने सम्बन्धमा मितिः २०८०/१२/१८ गतेतिर Ncell Axiata Ltd. लाई पत्राचार गरेको, साथै मन्त्रिपरिषदको मितिः २०८०।११।०६ गते र मितिः २०८१/०५/१३ गतेको निर्णय बमोजिमको शर्त समेत राखी मितिः २०८१/०५/१ मा नेपाल दुरसंचार प्राधिकरणको बोर्डको निर्णय अनुसार Ncell Axiata Ltd. को थप ५ वर्षको लागि अनुमति पत्र नविकरण गरेको। यसै खरिद विक्री सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट वि.सं. २०८३ सालमा भएको पूर्ण आदेशलाई समेत मध्यनजर गरी नियमानुसारको कारबाही गर्नुपर्ने देखिन्छ। मलेसियाली दूरसञ्चार समूह आजियाटा ग्रुपमा आवद्ध रहेको रेनोल्ड्स होल्डिङ (Reynolds Holding) मार्फत् एनसेलको ८० प्रतिशत शेयर स्पेक्ट्रलाइट यूकेलाई बिक्री गर्नु पुर्व नियामक निकाय नेपाल दुरसंचारप्राधिकरणको अनुमति लिनु पर्छ, सोही सम्बन्धमा टंकमणि शर्मा दंगालको संयोजकत्वमा गठित एनसेल शेयर खरिद बिक्री सम्बन्धी अध्ययन तथा छानविन प्रतिवेदन, २०८० समेतको आधारमा नेपाल सरकार मन्त्रिपरिषदको मितिः

२०८०।११।०६ को निर्णय बमोजिम कार्यान्वयनको लागि सूचना तथा संचार मन्त्रालयको प्राप्त पत्रको आधारमा प्राधिकरणको वोर्डबाट निर्णय भई Ncell Axiata Ltd. को शेयर खरिद बिक्री यथास्थितीमा अस्वीकृत गर्ने सम्बन्धमा मितिः २०८०/१२/१८ गतेतिर Ncell Axiata Ltd. लाई पत्राचार गरेको थिएँ।

स्मार्ट टलिकम प्रा.लि. को अनुमति पत्र नविकरण नगरी मितिः २०८०/०१/०२ गतेबाट स्वत नेपाल सरकारको स्वामित्वमा आएको सम्पत्तिको सम्बन्धमा अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली (संसोधन सहित), २०७९ को नियम ३७ बमोजिमको व्यवस्थापन समुह स्मार्ट टेलिकम प्रा.लि.को सेवा सुचारु रहेकै अवस्थामा नेपाल दुरसंचारप्राधिकरणको निर्णय बमोजिम मितिः २०७९।१०।०६ मा नियम ३७ बमोजिम गठन भएको व्यवस्थापन समुहले सोही नियम तथा प्रचलित कानूनको बमोजिम संचालक समितिको सम्पुर्ण अधिकार प्रयोग गर्ने, नियम १८ बमोजिम प्राधिकरणले नियन्त्रणमा लिएको सम्पत्ति तथा रेडियो फ्रिक्वेन्सीको व्यवस्थापन, नियन्त्रणमा लिएको ६ महिना भित्र गरिसक्नु पर्ने छ भन्ने व्यवस्था, सो समुहले कार्यसम्पादन अपनाउनु पर्ने अन्य कार्य विधी यस नियमावलीको अधिनमा रही व्यवस्थापन समुहले आफैले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था लगायत रहेकोले व्यवस्थापन समुहले सो सम्बन्धमा के कस्तो गरेको थियो सम्बन्धित समुहको कागजात हेर्दा विवरण थाहा हुन सक्छ। तत्कालको समयमा प्राधिकरण वोर्ड, व्यवस्थापन समुह र व्यस्थापनबाट सो सम्बन्धमा के कस्तो काम कारबाही भएको थियो, सवै मलाई अहिले सबै याद भएन सो सम्बन्धमा थप अध्ययन गरी भन्न सकिने। यसमा तपाईको लापरवाही हो वा Ncell Axiata Ltd. ले लिलामी मार्फत् लगोस् भन्ने उदेश्यले नगर्नु भएको हो भन्ने सम्बन्धमा मेरो असहमति छ।

मलाई सोधिएका सवालमा उल्लेखित जवाफका अलावा LACELL SU (Burundi) मा सतिस लाल आचार्य समेतको शेयरधनी भएको सुनेको थिए, सोही कम्पनीमा मैंले काम गर्ने क्रममा निज सतिस लाल आचार्यसँग मेरो चिनजान भएको थियो, मेरो आफ्नो शैक्षिक योग्यता, कार्य क्षमता, अनुभव र कार्य सम्पादन समेतलाई मध्येनजर गरी साथीहरुले मलाई उक्त LACELL SU (Burundi) जाँदा हुन्छ भविष्यमा समेत राम्रो हुन्छ भनि सम्पर्क गरी सल्लाह दिएको हुनाले सोही अनुसार साथीहरु मार्फत् मेरो CV विवरण LACELL SU मा पठाए पछि उक्त कम्पनीले मलाई सन् २००८ जनवरीबाट CEO को हैसियतमा काम गर्ने गरी छनौट गरेकोले मैंले उक्त कम्पनीमा सन् २००८ जनवरी बाट सन् २०१६ जनवरी ११ सम्म काम काम गरेको हो। निज सतिस लाल आचार्य शेयरधनी तथा संचालक भएको अन्य कम्पनीमा काम गरेको छैन्। मैंले LACELL SU (Burundi) बाहेकका अन्य मोबाइल कम्पनी, बैंक तथा वित्तीय संस्थाहरुमा CEO को हैसियतमा समेत लामो समय सम्म काम गरेको छु, मैंले नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले सतिस लाल आचार्य लगायत निजको परिवारसँग मिलेमतो गरी काम गरेको छैन्। जुन कुरा मैंले मेरो कार्यकालमा Ncell Axiata Ltd. को शेयर खरिद विक्रीलाई यथास्थितीमा अस्विकार गरेको, Ncell Axiata Ltd. को सम्पत्ति मितिः २०८६ मा नेपाल सरकारको स्वामित्वमा आउने प्रावधनलाई मध्यनजर गरी ५ वर्ष भन्दा कम अवधीको Internet Service Provider (ISP) अनुमति पत्र जारी, दुरसंचार नियमावली २०५४ को दशौ पटक संसोधन, फ्रिक्वेन्सी बापतको वक्यौता भुक्तानी नगरे सम्म माग गरिएको थप फ्रिक्वेन्सी नदिएको, स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति Ncell Axiata Ltd. लिलाम स्विकार गरी माग गरिएको स्विकृतिलाई अस्विकार गरेको लगायतका कार्यले पनि मेरो सतिस लाल आचार्य लगायत निजको परिवार संग मेरो मिलेमतो नभएको स्पष्ट पार्दछ, मैंले राज्यको लागि करिव २६ महिना दिन रात नभनि नेपाल दुरसंचारप्राधिकरणसँग सम्बन्धित TERAMOCS र MDMS को खरिदको

सम्बन्धमा अख्तियार अनुसन्धान आयोगबाट विशेष अदालतमा दायर गरेको भष्ट्राचार कसूर मुद्दामा करिव १९ जना कर्मचारीहरु करिव २२ महिना निलम्वन भई काम गर्ने मुख्य कर्मचारीहरुको अभाव भई प्राधिकरणमा कार्यरत अन्य कर्मचारीहरुको मनोवल समेत गिरेको अवस्थामा राजनैतिक अस्थिरताको कारण पटक पटक सरकार परिवर्तन तथा Gen-z Movement भई राज्यको नेतृत्व परिवर्तन भएको अबस्थामा समेत मैंले राज्यलाई योगदान दिने उदेश्यको साथ काम गर्दा गर्दै पनि मलाई आपराधिक विश्वासधात (Criminal Breach of Trust) कसूर गर्ने कार्यमा पुर्णरुपमा सहयोग गरेको भन्ने म माथि लगाएको आरोप प्रति मेरो गम्भिर असहमति रहेको र म माथि कारबाही हुनु पर्छ भन्ने माग सम्बन्धमा समेत मेरो गम्भिर असहमति छ।

मैंले राज्यलाई हानी नोक्सानी हुने गरी निज सर्वेश जोशीसँग कुराकानी, काम गरेको छैन। स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम विक्री सम्बन्धमा नेपाल दुरसंचार प्राधिकरणको वोर्डको मितिः २०८२/१२/०५ निर्णय अनुसार मितिः २०८२/१२/११ गते नेपाल राष्ट्र बैंकलाई जानकारी तथा निर्देशन सम्बन्धमा गरेको पत्राचार र मितिः २०८३/०१/०४ मा सूचना तथा संचार मन्त्रालयलाई नेपाल सरकारको पुर्व स्वीकृति नलिई स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति स्वीकृति नगर्न नगराउन विभिन्न निकायलाई सहजीकरणको लागि पत्राचार गरेको थिएँ। सो को प्रतिकृया म कार्यरत रहदा सम्म प्राप्त भएको थिएन भन्ने समेत व्यहोराको प्रतिवादी भुपेन्द्र भण्डारीको बयान।

३. **<u>बुझिएका मानिसहरुले गरिदिएको घटना विवरण कागज:</u>**

क. **<u>जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. ८, बगालेटोल बस्ने, बैंकर पेशा गर्ने, बुद्धि बहादुर श्रेष्ठको नाति, मंगल प्रसाद श्रेष्ठको छोरा, वर्ष ४२ का निरज श्रेष्ठ (ना.प्र.प.नं. १३७२५२, कास्की, मोबाइल नं. ९८४६२८७२६९):</u>**

म बिश्व बिकास बैंक लिमिटेडमा २०६६ साल देखि कनिष्ठ सहायकको रुपमा बैंकिङ क्षेत्रमा काम शुरु गरेको, हाल म नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, हेम्जा, कास्कीमा  बरिष्ठ अधिकृतको रुपमा कार्यरत हुँदै आएको ३ वर्ष जति भयो, हाल पनि सोही बैंकमा कार्यरत छु। प्रतिवादी सर्वेश जोशीलाई म चिन्दिन। नेपाल सरकारको स्वामित्वमा कानून बमोजिम स्वत: हस्तान्तरण भएको स्मार्ट टेलिकम प्रा.लि.संग सम्बन्धित दूरसञ्चार सेवा सम्बन्धी सम्पत्तिको सम्बन्धमा केन्द्रीय अनुसन्धान ब्यूरोबाट अनुसन्धान भईरहेको भन्ने सम्बन्धमा केही कुरा सार्वजनिक रुपमा सार्वजनिक मिडियामा आएपछि थाहा भएको हो, वास्तविक के हो केही थाहा छैन। यसैगरी उषा प्रधानलाई पनि चिन्दिन। निजले ठगी सम्बन्धमा जाहेरी दरखास्त दिएको विषयमा पनि मलाई थाहा छैन। Account: 05005420250436 (Khumnath Adhikari) र Account: 01205030309615 (Narendra Ulak) को कारोबारको विवरण मलाई देखाउँदा देखि पाएँ। सन् 5/10/2025 र 6/10/2025 मा भएको सो कारोबार सम्बन्धमा Branch NAXAL उल्लेख कारोबार नेपाल ईन्भेष्टमेन्ट मेगा बैंकको नक्साल ब्रान्चबाट भएको हुँदा सो कारोबारको सम्बन्धमा मलाई थाहा हुँदैन। Verified By महलमा NIRAJ SHRESTHA नाम उल्लेख भएको व्यक्ति म नै हो, मेरो नाम उल्लेख कारोबारका सम्बन्धमा सन् २०२५-१०-०६ मा PROFESSIONAL BUSINESS NETWORK PVT LTD बाट रकम रु. ४,२५,००,०००/- खाता नं. 05005420250436 (Khumnath Adhikari) मा गएको र सोही मितिःमा  सो खाताबाट रकम नरेन्द्र उलक नामको व्यक्तिमा गएको देखिन्छ। दोस्रो टेबलमा रहेको मबाट Verified भएको कारोबारमा सोही बराबर रकम 6/10/2025 मा Account: 01205030309615 (Narendra Ulak)ले प्राप्त गरेको देखिन्छ। मैंले Verify गरेको उल्लेखित तीनवटा कारोबार क्यास मार्फत् भएको होईन। यो चेक डिपोजिट भौचर मार्फत् कारोबार भएको

हो । रकम कारोबारको प्रयोजन भौचरमा उल्लेख हुन सक्छ । उल्लेखित कारोबारहरु तत्कालको नभएकोले के प्रयोजन हो म खुलाउन असमर्थ छु । क्यास मार्फत् कारोबार नभएको र शंकास्पद नलागेको हुँदा उल्लेखित कारोबारको STR/TTR/SAR सम्बन्धी Reporting हामीबाट भएको छैन र यो Reporting गर्ने काम प्रधान कार्यालयकै हो । उक्त कारोबारको जानकारी नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको केन्द्रीय कार्यालयलाई भएकोले सो सम्बन्धी reporting शंकास्पद भएमा मात्र सोही बैंकको Compliance बाट हुनुपर्ने हो तर सो कारोबार शंकास्पद भई Reporting भयो वा भएन भन्ने सम्बन्धमा मलाई थाहा भएन । उल्लेखित कारोबार गर्दा खुमनाथ अधिकारी बैंकमा उपस्थित भएको तर निज खुमनाथ अधिकारी, नरेन्द्र उलक र PROFESSIONAL BUSINESS NETWORK PVT LTD लाई म चिन्दिन । Account: 05005420250436 (Khumnath Adhikari) को खाता कारोबार कहिले खोलीएको हो? भन्ने सम्बन्धमा पनि मलाई थाहा हुँदैन भन्ने समेत व्यहोराको कागज।

ख. **जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १०, बानेश्वर बस्ने, बैंकर पेशा गर्ने, प्रदिप अधिकारीको छोरी, बिश्वेश्वर पोखरेलको पत्नी वर्ष ४१ की बर्षा अधिकारी पोखरेल (ना.प्र.प.नं. २७१०६०/२००१७, काठमाडौं, मोबाइल नं. ९८४१५९२८८५):**

म नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडमा सन् २०१७ देखि सुपर भाइजरको रुपमा कार्यरत भई हाल जुनियर अफिसरको रुपमा क्यास एण्ड ट्रान्सफर डिपार्टमेन्टमा कार्यरत हुँदै आएको छु । प्रतिवादी सर्वेश जोशीलाई म चिन्दिन । निज सर्वेश जोशीको निवेदनका आधारमा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडले बैंकमा धितोको रुपमा रहेको नेपाल सरकार वा नेपाल दूरसञ्चार प्राधिकरणको स्वामित्वमा रहेको स्मार्ट टेलिकम प्रा.लि.को साविक सम्पत्ति लिलाम प्रक्रियाबाट एनसेल लि. लाई दिलाएको सम्बन्धमा मलाई केही थाहा छैन । सो विषयमा बैंकका सम्बन्धित कर्जा अधिकृतलाई थाहा होला । बैंकका तत्कालिन कर्जा अधिकृत को थिए भन्ने मलाई जानकारी छैन । कर्जा असुल प्रक्रियाबाट प्राप्त गरेको जाहेरवाला उषा प्रधानको हकको करिव रु ७ करोड १९ लाख रकम फिर्ता नगरी आफूलाई लाभ हुने गरी ठगी गरेको वारदात सम्बन्धमा पनि मलाई थाहा छैन । सन् २०२५-०९-२६ को पछाडीको भागमा "C/W A/c holder9851330372 for Payment 2:57,05/10/2025" र "C/O: Bhasker sir" लेखेको A/C Payee चेक थान-१ को अगाडि र पछाडीको भाग समेत देखाउँदा देखी पाए, हस्त लिखित "C/W A/c holder9851330372 for Payment 2:57,05/10/2025" मैरै हो । उक्त चेकमा उल्लेख भएको रकम 42,500,000.00 रुपैंया A/C Payee, भौचर मार्फत् खुमानाथ अधिकारीको खाता नं.०५००५४२०२५०४३६ मा सन् २०२५-१०-०५ मा जम्मा भएको हो । भौचर मार्फत् चेकमा उल्लेख रकम खातावाला खुमनाथ अधिकारीको खातामा जम्मा हुँदा बैंकको तर्फबाट चेक जारी गर्ने व्यक्ति नरेन्द्र उलकलाई मोबाईल फोन सम्पर्क गर्दा निजको फोन नलागेको कारण सोही समयमा बैंकका मार्केटीङ अफिसर भाष्कर नरसिंह जोशी नजिकै भएकोले निजले नै निजको मोबाईलबाट नरेन्द्र उलकलाई सम्पर्क गरी चेकको रकम भुक्तानी भईरहेको जानकारी गराएका थिए । मेरो जिम्मेवारी भनेको बैंकमा आएका ग्राहकहरुको चेक/ नगद खातामा जम्मा गरिदिने, भुक्तानी गरिदिने हो । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा रहेको खुमानाथ अधिकारीको खाता नं.०५००५४२०२५०४३६ को खातामा जम्मा भएको रकम र सो खाताबाट रकम PROFESSIONAL BUSINESS NETWORK P LTD को खातामा गएको रकमका सम्बन्धमा कारोबारको Instrument – भौचरमा लेखेको "Borrowing For Bid" हेर्दा प्रयोजन स्पष्ट हुन्छ, अर्थात सो रकम लिलाम प्रयोजनका लागि नरेन्द्र उलकबाट सापटी रकम प्राप्त गरेको देखिन आउँछ । यसैगरी नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा रहेको नरेन्द्र

उलकको नाममा रहेको खाता नं. ०१२०५०३०३०९६१५ को खाताको कारोबार सम्बन्धमा Instrument 3033441653 अर्थात चेक मार्फत् नरेन्द्र उलकको खाताबाट खोमनाथ अधिकारीको खातामा रकम रकमान्तर भएको देखिन्छ । STR/TTR/SAR Reporting गर्ने जिम्मेवारी Compliance शाखाको हो । हामीले Compliance लाई जानकारी गराउने हो । उल्लेखित कारोबार हुँदा हामीले Compliance लाई जानकारी गराएको हुनुपर्छ, जानकारी गराएको हो वा होईन भन्ने ठ्याक्कै अहिले मलाई याद भएन तर, Compliance तर्फबाट STR/TTR/SAR Reporting भयो वा भएन भन्ने सम्बन्धमा मलाई जानकारी हुँदैन भन्ने समेत व्यहोराको कागज ।

ग. **जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. ३, तेर्सापट्टी बस्ने, बैंकर पेशा गर्ने, रामकृष्ण कतिलाको नाति, भरत कतिलाको छोरा, वर्ष २७ का संगीत कतिला (ना.प्र.प.नं. ४६-०१-७२-०२९९८, कास्की, मोबाइल नं. ९८१४१५१९५१):**

म नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडमा २०८१ साल देखि परिक्षार्थी सहायक रुपमा बैंकिङ् क्षेत्रमा काम शुरु गरेको, हाल सोही बैंकमा हेम्जा कार्यालय, कास्कीमा कनिष्ठ सहायकको रुपमा कार्यरत हुँदै आएको १८ महिना जति भयो, हाल पनि सोही बैंकमा कार्यरत छु । प्रतिवादी सर्वेश जोशीलाई म चिन्दिन । नेपाल सरकारको स्वामित्वमा कानून बमोजिम स्वत: हस्तान्तरण भएको स्मार्ट टेलिकम प्रा.लि.संग सम्बन्धित दूरसञ्चार सेवा सम्बन्धी सम्पत्तिको सम्बन्धमा केन्द्रीय अनुसन्धान ब्यूरोबाट अनुसन्धान भईरहेको भन्ने सम्बन्धमा केही कुरा सार्वजनिक रुपमा सार्वजनिक मिडियामा आएपछि थाहा भएको हो, वास्तविक के हो केही थाहा छैन । यसैगरी उषा प्रधानलाई पनि चिन्दिन । निजले ठगी सम्बन्धमा जाहेरी दरखास्त दिएको विषयमा पनि मलाई थाहा छैन । Account: 05005420250436 (Khumnath Adhikari) र Account: 01205030309615 (Narendra Ulak) को कारोबारको विवरण मलाई देखाउँदा देखि पाएँ । सन् 5/10/2025 र 6/10/2025 मा भएको सो कारोबार सम्बन्धमा Branch NAXAL उल्लेख कारोबार नेपाल ईन्भेष्टमेन्ट मेगा बैंकको नक्साल ब्रान्चबाट भएको हुँदा सो कारोबारको सम्बन्धमा मलाई थाहा हुँदैन । Entered By महलमा SANGEET KATILA नाम उल्लेख भएको व्यक्ति म नै हो, मेरो नाम उल्लेख कारोबारका सम्बन्धमा सन् २०२५-१०-०६ मा PROFESSIONAL BUSINESS NETWORK PVT LTD बाट रकम रु. ४,२५,००,०००/- खाता नं. 05005420250436 (Khumnath Adhikari) मा गएको र सोही मितिःमा सो खाताबाट रकम नरेन्द्र उलक नामको व्यक्तिमा गएको देखिन्छ । दोस्रो टेबलमा रहेको मबाट ईन्ट्री भएको कारोबारमा सोही बराबर रकम 6/10/2025 मा Account: 01205030309615 (Narendra Ulak)ले प्राप्त गरेको देखिन्छ । मैंले ईन्ट्री गरेको उल्लेखित तीनवटा कारोबार क्यास मार्फत् भएको होईन । यो चेक डिपोजिट भौचर मार्फत् कारोबार भएको हो । रकम कारोबारको प्रयोजन भौचरमा उल्लेख हुन सक्छ । उल्लेखित कारोबारहरु तत्कालको नभएकोले के प्रयोजन हो म खुलाउन असमर्थ छु । क्यास मार्फत् कारोबार नभएको र शंकास्पद नलागेको हुँदा उल्लेखित कारोबारको STR/TTR/SAR सम्बन्धी Reporting हामीबाट भएको छैन र यो Reporting गर्ने काम प्रधान कार्यालयकै हो । उक्त कारोबारको जानकारी नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको केन्द्रीय कार्यालयलाई भएकोले सो सम्बन्धी reporting शंकास्पद भएमा मात्र सोही बैंकको Compliance बाट हुनुपर्ने हो तर सो कारोबार शंकास्पद भई Reporting भयो वा भएन भन्ने सम्बन्धमा मलाई थाहा भएन । उल्लेखित कारोबार गर्दा खुमनाथ अधिकारी बैंकमा उपस्थित भएको तर निज खुमनाथ अधिकारी, नरेन्द्र उलक र PROFESSIONAL BUSINESS

NETWORK PVT LTD लाई म चिन्दिन । Account: 05005420250436 (Khumnath Adhikari) को खाता कहिले खोलीएको हो? भन्ने सम्बन्धमा पनि मलाई थाहा हुँदैन भन्ने समेत व्यहोराको कागज ।

घ. **काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं. ३, कपन, सरस्वतीनगर स्थायी ठेगाना भएकी चन्द्र प्रसाद अधिकारीको छोरी, एजिश पोखरेलको श्रीमती नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को नक्साल, नारायणचौर शाखामा कार्यरत असिस्टेन्ट वर्ष ३२ की एलिशा अधिकारी (ना.प्र.प.नं. २९-०१-६९-०५३७४ भक्तपुर, ९८६०२६१६८९):**

न्यूरोड शाखाको ट्रमा सेन्टरमा रहेको Extension Counter मा Junior Assistant त्यसपछि न्यूरोड शाखामा र नक्साल शाखामा हाल सम्म Cash Department को Assistant को रुपमा कार्यरत छु । प्रतिवादीहरु सर्वेश जोशी, नरेन्द्र उलक र खुमानाथ अधिकारीसँग मेरो चिनजान, लेनदेन केहि छैन । बैंकको Cash Department को Assistant को रुपमा मेरो जिम्मेवारी अन्तर्गत बैंकमा आएको बैंकको चेकहरुको मितिः, रकम (अङ्क र अक्षरमा), खातावालाको पुरा नाम, दस्तखत समेतको विवरण रुजु गर्ने, बैंकको सिस्टममा विवरणहरु ईन्ट्री गरेर Cash Department को सुपरभाईजरलाई चेकको फाईल अगाडि बढाउने काम पर्दछ । सन् २०२५-०९-२६ को चेक नं. 3033441653 को पछाडीको भागमा "C/W A/c holder 9851330372 for Payment 2:57,05/10/2025" र "C/O: Bhasker sir" लेखेको A/C Payee चेक थान-१ को अगाडि र पछाडीको भाग मलाई देखाउँदा देखें । उक्त चेक बैंकमा प्राप्त भई Cash Department मा म समक्ष आएपछि मैंले उक्त चेकको मितिः, रकम (अङ्क र अक्षरमा), खातावालाको पुरा नाम, दस्तखत समेतको विवरण रुजु गरेर बैंकको सिस्टममा विवरणहरु ईन्ट्री गरेर (Debit Credit (DC) create गरेर) चेकको अगाडि Signature Verified भन्ने Stamp लगाएर सो Stamp माथी मैंले दस्तखत गरी Cash Department को सुपरभाईजर वर्षा अधिकारीलाई फर्वार्ड गरि दिएकी थिएँ । त्यसपछि सुपरभाईजर वर्षा अधिकारीले खातावालालाई चेकको सम्बन्धमा कन्फर्म गरी Debit Credit (DC) Post गरी उक्त चेकको फाईल पुन: Cash Department मा मलाई दिनु भएपछि उक्त Debit Credit (DC) भौचर प्रिन्ट गरेर खुमानाथ अधिकारीलाई दिएकी हुँ । उक्त चेकको रकम नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा रहेको खुमानाथ अधिकारीको खाता नं.०५००५४२०२५०४३६ को खातामा ट्रान्सफर भएको हो । चेक भुक्तान गर्दाका बखत चेक जारी गर्ने व्यक्ति नरेन्द्र उलकलाई जानकारी भयो वा भएन भन्ने कुरा सुपरभाईजर वर्षा अधिकारीलाई थाहा हुन्छ, मेरो काम भनेको चेक रुजु गरी सिस्टममा इन्ट्री गर्ने मात्र हो । खातावाला नरेन्द्र उलकको खातामा रु. ४,२५,००,०००/- जम्मा भएको, सो रकम सोही दिन PROFESSIONAL BUSINESS NETWORK P LTD को खातामा ट्रान्सफर भएको, सोही रकम प्रतिवादी नरेन्द्र उलकले बोलकबोल बिजेता घोषणा पछि प्राप्त गरेको भन्ने सम्बन्धमा मलाई थाहा भएन । सवालमा उल्लेखित सन् २०२५ सेप्टेम्बर ५ मा बैंकका खातावाला नरेन्द्र उलक (खाता नं. ०१२०५०३०३०९६१५) को खाताबाट रकम Debited गरी खातावाला खुमानाथ अधिकारी (खाता नं.०५००५४२०२५०४३६) को खातामा Credited गर्नको लागि बैंकको सिस्टममा ईन्ट्री गर्ने काम मैंले गरेकी हुँ । यस बाहेक अन्य कारोबारको सम्बन्धमा मलाई थाहा भएन भन्ने समेत व्यहोराको कागज ।

ङ. **<u>जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.९ नयाँबजारमा बस्ने टिका सिह गुरुङ नाति, बिग लाल गुरुङको छोरा, वर्ष ६४ का कालु गुरुङ (ना.प्र.प.नं. २१६४२२१५ कास्की, मोबाइल नं. ९८५१०२४१६७) ले गरेको कागज:</u>**

मेरो नाममा कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा रोडसो इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. दर्ता रहेको छ, सोही कम्पनीको नाममा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा चल्ती खाता तथा सोही प्रा.लि.को नाममा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.बाट ऋण समेत लिई घर जग्गाको कारोबार गर्दै आएको छु। मितिः २०८२/०६/०३गते हिमालयन टाइम्स राष्ट्रिय दैनिकमा १५ दिने लिलामी सूचना प्रकाशित भएकोमा सोही सूचना देखी आफ्नो व्यवसायीक कामको सिलसिलामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को दरबारमार्ग गएको अवस्थामा सामान्य हिसावले म आफैले रु.१ हजार बैंकको अक्शन खातामा जम्मा गरी फर्म लिएको थिएँ। फर्म लिए पश्चात स्मार्ट टेलिकम प्रा.लि.सम्बन्धमा बुझ्दा धितो रहेको सम्पत्ति नेपाल दूरसञ्चार प्राद्यिकरणले नियन्त्रणमा लिएको, प्राद्यिकरण, स्मार्ट टेलिकम प्रा.लि. तथा बैंकको हिसाव किताबको विषयमा विवाद रहेको जानकारी भएको, ऋण बापत चुक्ता गर्नुपर्ने रकम समेत ठूलो रहेको भन्ने बुझिन आएको, बिजुली तथा भाडा बापतको रकम रु.४०करोड समेत थप गरी बोलपत्र पेश गर्नु पर्ने समेतको सर्त रहेको बोलपत्र पेश गर्नको लागि समेत ठूलो रकम व्यस्थापन गर्नु पर्ने, सो व्यवस्थापन गर्न समेत कठिन रहेको, यदि सो रकम व्यस्थापन गरे पनि वा लिलामी परे पश्चातको प्रकृया तथा दूर सञ्चार प्राद्यिकरणलाई बुझाउनु पर्ने रकम समेत अरबौँ रहेको हुँदा मेरो सो रकम व्यवस्थापन गर्ने हैसियत नभएकोले बोलपत्र पेश गर्नु उचित नलागेको कारण बोलपत्र पेश गरिनँ। स्मार्ट टेलिकम प्रा.लि.ले ऋण लिने क्रममा धितोमा राखेको सम्पत्तिहरु के-के थिए सोको बारेमा जानकारी भएन तथा बैंकले समेत सो सम्पत्तिहरुको लिष्ट समेत उपलब्ध गराएको थिएन। स्मार्ट टेलिकम प्रा.लि. तथा एनसेल आजियटा लि.का सञ्चालक सतिश लाल आचार्य हुन भन्ने जानकारी छ। निजसँग सामान्य चिनजान मात्र रहेको छ लिलामी गरी लिने विषयमा निज सतिश लाल आचार्यसँग कुनै कुराकानी भएको थिएन। नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा CEO तथा सोही कर्मचारी भाष्कर नरसिंह जोशीलाई चिनेको छु निजहरुसँग व्यक्तिगत सम्बन्ध नभई व्यवसायिक सम्बन्ध मात्र हो अन्य कुनै लेनदेन समेत रहेको छैन भन्ने समेत व्यहोराको कागज।

च. **<u>सम्पत्ति व्यवस्थापन समूह सम्बन्धमा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. २५, असन बस्ने, ऋषि प्रसाद प्रधानाङ्गको छोरा वर्ष ५५ का सिविल ईन्जीयर पेशा गर्ने, रोशन प्रसाद प्रधानाङ्ग (ना.प्र.प.नं. २७-०१-७६-१११४१, काठमाडौं, मोबाइल नं. ९८५१०४५१९९)ले गरेको कागज:</u>**

म नेपाल सरकार सुचना तथा संचार मन्त्रालयमा बिगत ३० वर्ष देखी कार्यरत रहेको छु। मेरो सेवा ईलेक्ट्रोनिक तथा टेलिकम्युनिकेशन हो। म हाल प्राविधिक उपसचिव पदमा रहेको छु। नेपाल सरकारको नियमनकारी निकाय नेपाल दूरसञ्चार प्राधिकरण समेतसंग समन्वय गर्ने गरी मैंले कुनै पनि जिम्मेवरी पाएको छैन। नेपाल दूरसञ्चार प्राधिकरणले स्मार्ट टेलिकमलाई आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र र बक्यौता बुझाउन पटक पटक पत्राचार गरेकोमा स्मार्ट टेलिकमले नवीकरण दस्तुरसहितको निवेदन र बक्यौता बुझाउन नसकेपछि दूरसञ्चार ऐन, २०५३ को दफा २५ को उपदफा (५) बमोजिम २०८०/०१/०२ देखि स्मार्ट टेलिकम प्रा लि को अनुमतिपत्र (BTSL-01) स्वतः खारेज भएको हो। अनुमतिपत्र खारेज भएपछि "अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९" को नियम १८ बमोजिम स्मार्ट टेलिकमको सम्पूर्ण सम्पत्ति,

पूर्वाधार, संरचना र सञ्जाल नेपाल सरकार (प्राधिकरण) को नियन्त्रण र स्वामित्वमा आएको हो। स्मार्ट टेलिकम प्रा लि को संचालक समितिको अधिकार नेपाल सरकारमा प्रत्यायोजित भई विशेषगरी स्मार्ट टेलिकम प्रा लि को दूरसञ्चार सेवालाई निरन्तरता दिन र प्राधिकरणले नियन्त्रणमा लिएको सम्पत्ति तथा रेडियो फ्रिक्वेन्सीको व्यवस्थापन गर्नका लागि नियमावलीको नियम ३७ बमोजिम प्राधिकरणका सदस्य गोकर्ण प्रसाद सिटौलाको संयोजकत्वमा व्यवस्थापन समूह गठन गरिएको थियो। जसमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट म अनुप नेपाल, अर्थ मन्त्रालयबाट भिम प्रसाद काफ्ले र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट लोकहरी बस्याल प्रतिनिधि तोकिएको थियो । उक्त व्यवस्थापन समूहमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रतिनिधीको रुपमा मलाई मनोनित गरिएको भनी पत्र पाएको थिए तर उक्त व्यवस्थापन समुहको बैठक म प्रतिनिधी रहेको समय अबधीसम्म कहिले पनि बोलाईएन एवं कुनै निर्णय भएको पनि छैन। म कुनै पनि निर्णयमा सहभागी पनि छैन। मैंले कुनै सेवा, सुबिधा तथा बैठक भत्ता लिएको पनि छैन। व्यवस्थापन समूहको संयोजकबाट कुनै बैठक आव्हान नभएको कारण कुनै बैठक हुन नसेकेको हो। म पछि उक्त व्यवस्थापन समूहमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राविधिक उपसचिव सुबोध नेपाल र सो पश्चात प्रशासन उपसचिव निर्मला थापाले प्रतिनिधित्व गरि राखेका छन् । स्मार्ट टेलिकम प्रा लि को जग्गा, भवन, यन्त्र, उपकरण, पूर्वाधार र प्रणाली लागायतको सम्पत्तिको मूल्य निर्धारण गर्नका लागि मूल्य निर्धारण समितिको गठन नेपाल दुरसंचार प्राधिकरणले नियुक्त गरेको चार्टड एकाउण्टेनको समुहले गर्नु पर्ने व्यवस्था सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ मा रहेको छ। उक्त कार्य नेपाल दुरसंचार प्राधिकरणले गर्नु पर्ने हुन्छ। सोको जिम्मेवारी नेपाल दुरसंचार प्राधिकरणको रहेको छ। स्मार्ट टेलिकमको अनुमतीपत्रबाट सिर्जित सम्पूर्ण सम्पत्ति नेपाल दुरसंचार प्राधिकरणको सार्वजनिक सूचना समेतबाट नेपाल सरकारको नाममा आईसकेको सम्पत्ति हो । उक्त सम्पत्ति तेस्रो पक्षले बेचबिखन वा हानी नोक्सानी गर्न सक्ने अवस्था रहदैन भन्ने समेत व्यहोरा कागज।

छ. **<u>सम्पत्ति व्यवस्थापन समूह सम्बन्धमा नुवाकोट जिल्ला शिवपुरी गा.पा.वडा नं.४ जन्म घर भई हाल काठमाडौं जिल्ला का.म.पा.वडा नं.३० ज्ञानेश्वर बस्ने सूचना तथा संचार मन्त्रालयमा उप-सचिव पदमा कार्यरत क्षेत्र बहादुर थापाको छोरी, कृष्ण कुमार कार्कीको श्रीमती वर्ष ५४ को निर्मला थापा (ना.प्र.प.नं.९८४९, ९८४९१६४६२३):</u>**

म सूचना तथा संचार मन्त्रालयमा वि.सं.२०८१ चैत्र महिना देखी उप सचिव पदको जिम्मेवारी रही आएको छु। दूरसञ्चार सेवालाई निरन्तरता दिन र प्राधिकरणले नियन्त्रणमा लिएको सम्पत्ति तथा रेडियो फ्रिक्वेन्सीको व्यवस्थापन गर्नका लागि बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७४ को नियम ३७ बमोजिम गठित व्यवस्थापन समूहमा तत्कालिन अवस्थामा म थिईन। संचार तथा सूचना प्रविधि मन्त्रालयको मितिः २०८१/१२/०३ गतेको पत्र अनुसार व्यवस्थापन समितिमा मन्त्रालयको प्रतिनिधिको रुपमा रहेको अबस्था हो। म मन्त्रालयमा सरुवा भई आउनु अगाडि नै उक्त समिति सूचना तथा संचार मन्त्रालयको प्रतिनिधी अनुप नेपाल रहनु भएको बुझेको हो। म प्रतिनिधिको रुपमा जानु अगाडि सम्म स्मार्ट टेलिकम प्रा.लि.को लाईसेन्स खारेज भएको करिव २ दुई वर्ष भई सकेको अवस्थामा मलाई अगाडिको विषयमा जानकारी छैन, प्रतिनिधिको रुपमा तोकिए पछि एक पटक नेपाल दुरसंचार प्राधिकरणमा समितिको बैठक बोलाइएकोमा सो बैठकको क्रममा त्यस समयसम्म उक्त समितिले गरेको कार्य र स्मार्ट टेलिकम प्रा.लि.को बारेमा दुरसंचार प्राधिकरणले उपलब्ध गराउनु पर्ने सम्पुर्ण विवरण प्राप्त भए पछि थप अगाडि वढन सकिने भन्ने निर्णय भई सो

पश्चात मात्र समितिले थप काम गर्न सकिने अबस्था भएकोले सोही बमोजिम गर्ने भनि निर्णय भएको हो। त्यसभन्दा अगाडि पनि ३/४ वटा बैठक बसेको थियो भन्ने सुनेको थिए, तर त्यसको निर्णयको बारेमा जानकारी प्राप्त भएन। तत् पश्चात उल्लेखित विषयमा अध्यावधिक अबस्थाको बारेमा कुनै जानकारी र बैठक बोलाईएको पनि भएको छैन। यस विषयमा म अनविज्ञ छु। दूरसञ्चार सेवालाई निरन्तरता दिन र प्राधिकरणले नियन्त्रणमा लिएको सम्पत्ति तथा रेडियो फ्रिक्वेन्सीको व्यवस्थापन गर्नका लागि नियमावलीको नियम ३७ बमोजिम गठित व्यवस्थापन समूहले तोकेको अवधिमा किन उदेश्य अनुरुपको कार्य गर्न नसकेको हो वा यसका कार्यादेश/ म्यान्डेट सम्बन्धमा मलाई कटाईएको पत्रमा केही उल्लेख छैन। म तत्कालिन अवस्थामा वन तथा वातावरण मन्त्रालयमा कार्यरत थिए। स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स मितिः २०८०/०१/०२ देखि स्वत खारेज भई उक्त प्रा.लि.को सम्पत्ति नेपाल सरकार, दुरसंचार प्राधिकरणको नियन्त्रणमा आईसकेको अबस्थामा स्मार्ट टेलिकमका तर्फबाट अध्यक्ष सर्वेश जोशीले २०८२/०५/२० मा स्मार्ट टेलिकमको धितो बिक्रीका लागि सहमति दिएको आधारमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) को नेतृत्वमा प्राइम कमर्सियल बैंक समेतको सहवित्तीयकरण अन्तर्गत स्मार्ट टेलिकमले लिएको करिब रु. ४ अर्ब २१ करोड बक्यौता ऋण असुलीका लागि बैंकले मितिः २०८२/०४/२३ मा ३५ दिने र २०८२/०६/०३ मा १५ दिने लिलामी सम्बन्धी सूचना प्रकाशित गरी मितिः २०८२/०६/२० गते एनसेल आजियटा लिमिटेडले रु. ४ अर्ब ६० करोड मा लिलाम सकारे पछि दुरसंचार प्राधिकरणका तत्कालिन अध्यक्षले मौखिक जानकारी गराए पछि थाहा पाएको हो। यसमा नेपाल सरकारको स्वामित्वमा आएको उक्त सम्पत्तिलाई नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक, स्मार्ट टेलिकम र Ncell लि., बोल-पत्रमा भाग लिने कम्पनीहरुका पदाधिकारीहरु समेतको पुर्ब योजना र मिलोमतोमा संगठित भई गैरकानूनीरुपमा लिलामी गरी गराई एनसेल आजियाटालाई दिलाउने कार्य गरेको देखिएको हुँदा संलग्न व्यक्तिहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत व्यहोरा कागज।

ज. **<u>सम्पत्ति व्यवस्थापन समूह सम्बन्धमा जिल्ला सुनसरी रामधुनी नगरपालिका वडा नं. ५ जन्मस्थान भई हाल जिल्ला काठमाडौं, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १, भोर्लेटार स्थायी वतन भएकी, वालुराम बरालको छोरी, निर्मल ढकालको श्रीमती वर्ष ४६ की सम्झना बराल (ना.प्र.प.नं. ११४६५/१२४६५, सुनसरी, ९८५११०९८९७):</u>**

म विगत २ वर्ष देखि नेपाल सरकार, अर्थ मन्त्रालयमा उपसचिवको रुपमा कार्यरत छु। हाल अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखामा कार्यरत छु। नेपाल सरकारको नियमनकारी निकाय नेपाल दूरसञ्चार प्राधिकरण समेतसँग समन्वय गर्ने गरी मैंले विगत र हाल समेतमा कुनै जिम्मेवारीमा रहि काम गरेकी छैन। सवालमा उल्लेखित स्मार्ट टेलिकम प्र.लि. को संचालक समितिको अधिकार नेपाल सरकारमा प्रत्यायोजित भई विशेषगरी स्मार्ट टेलिकम प्रा.लि.को दूरसञ्चार सेवालाई निरन्तरता दिन र प्राधिकरणले नियन्त्रणमा लिएको सम्पत्ति तथा रेडियो फ्रिक्वेन्सीको व्यवस्थापन गर्नका लागि नियमावलीको नियम ३७ बमोजिम प्राधिकरणका सदस्य गोकर्ण प्रसाद सिटौलाको संयोजकत्वमा व्यवस्थापन समूह गठन गरिएको सम्बन्धमा मितिः २०८१।०८।२६ गते मेरो नाममा उक्त व्यवस्थापन समूहमा मलाई प्रतिनिधी खटाईएको भनि जानकारी प्राप्त भएको थियो। मैंले तत्काल उक्त समिति प्राविधिक प्रकृतिको रहेको र सो समितिमा प्राविधिक कर्मचारी नै खटाउन उपयुक्त हुने विषय प्रशासन महाशाखा प्रमुखलाई जानकारी गराए पछि मितिः २०८१।०८।२७ गते नै मेरो स्थानमा उक्त समितिमा रहने गरी अर्थ मन्त्रालयको प्रतिनिधीको रुपमा सूचना प्रविधि निर्देशक श्री श्रीचन्द्र साहलाई खटाईएको थियो। सो पत्र समेत यसै

घटना विवरण कागजसाथ संलग्न गरेकी छु । त्यसैले उक्त समितिमा मेरो कुनै सम्पर्क, सम्बन्ध र संलग्नता छैन । नेपाल सरकारको स्वामित्वमा आइसकेको स्मार्ट टेलिकमको उक्त सम्पत्तिलाई उक्त बैंक, दूरसंचार कम्पनीहरु, बोल-पत्रमा भाग लिने कम्पनीहरुका पदाधिकारीहरु समेतको योजना र मिलोमतोमा संगठित भई गैह्कानूनी लिलामीबाट एनसेल आजियाटा लिमिटेडले लिएको भन्ने सम्बन्धमा हाल यो कागज गर्ने क्रममा मलाई थाहा भएको छ । गैरकानूनीरुपमा कार्य गरी सरकारी सम्पत्तिको दुरुपयोग भएको भए कानून बमोजिम कारबाही हुनु पर्दछ भन्ने समेत व्यहोरा कागज ।

झ. **<u>सम्पत्ति व्यवस्थापन समूह सम्बन्धमा जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. १४, थसीखेल बस्ने, कर्मचारी, श्रीराम पौडेलको छोरा सन्तोष पौडेल (ना.प्र.प.नं. ४८७०७, ललितपुर, मोबाइल नं. ९८५१२३३९९१):</u>**

म नेपाल दूरसञ्चार प्राधिकरणमा निर्देशकमा कार्यरत रहेको २०५८ सालदेखि हो । दूरसञ्चार सेवालाई निरन्तरता दिन र प्राधिकरणले नियन्त्रणमा लिएको सम्पत्ति तथा रेडियो फ्रिक्वेन्सीको व्यवस्थापन गर्नका लागि नियमावलीको नियम ३७ बमोजिम गठित व्यवस्थापन समूहमा तत्कालिन अवस्थामा म थिईन (हाल म व्यवस्थापन समितिमा सदस्य सचिवको रुपमा विगत २/३ महिनादेखि रहेको छु) त्यसैले उक्त समुहले उदेश्य अनुरुपको कार्य गर्न नसकेको हो भन्ने सम्बन्धमा मलाई जानकारी छैन । स्मार्ट टेलिकम प्रा लि को जग्गा, भवन, यन्त्र, उपकरण, पूर्वाधार र प्रणाली लागायतको सम्पत्तिको मूल्य निर्धारण गर्नका लागि सम्पत्ति व्यवस्थापन नियमाबली, २०७९ को प्रावधान बमोजिम मूल्य निर्धारण समिति गठन गर्नका लागि पहिलो पटक सार्वजनिक सूचना प्रकासित गर्दा योज्ञ उमेदवारहरु छनौट नभएकोले पटक-पटक सार्वजनिक सूचना प्रकाशन गर्नु परेको र मुल्य निर्धारण समिति गठनका लागि नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयमा सिफारिस गर्दा मुल्य निर्धारण समितिका पदाधिकारीहरुलाई प्रदान गर्ने पारिश्रमिक के कसरी उपलब्ध गराउने भनी पुन: प्रधिकरणमै फायल फिर्ता भएकोले सो को अध्ययन गरी उक्त मन्त्रालयमा जानकारी गराए पश्चात पनि निकै लामो समयसम्म स्वीकृति/ सहमती भई नआएकोले मूल्य निर्धारण समिति गठन प्रक्रिया टुङ्गोमा पुग्न कठिनाई भएको हो । मलाई सोधीएको "दूरसञ्चार सेवाप्रदायक गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी नियमावली, २०७९ को मस्यौदा" तयार भई सूचना तथा सञ्चार मन्त्रालयमा पेश भएको साथै "अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९" को स्वीकृत हुनुपर्ने मस्यौदा स्वीकृत हुँदा फरक पर्न गएको भन्ने विषयवस्तु सम्बन्धमा मलाई केही थाहा छैन भन्ने समेत व्यहोरा कागज ।

ञ. **<u>मुल्य निर्धारण समिति सम्बन्धमा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. २५, असन बस्ने, ऋषि प्रसाद प्रधानाङ्गको छोरा वर्ष ५५ का सिविल ईन्जीयर पेशा गर्ने, रोशन प्रसाद प्रधानाङ्ग (ना.प्र.प.नं. २७-०१-७६-१११४१, काठमाडौं, मोबाइल नं. ९८५१०४५१९९):</u>**

म पेशाले सिविल ईन्जिनियर हुँ । मेरो जिल्ला काठमाडौं, बागबजार स्थित नेपा: टेक ईन्जिनेनीयरिङ् कन्सल्टेन्सी, बागबजारमा संचालनमा रहेको छ । स्मार्ट टेलिकम प्रा.लि. को सम्पत्ति मुल्याङ्कनका लागि नेपाल दूरसञ्चार प्रधिकरणसंग समन्वय गर्ने गरी अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ बमोजिमको मुल्य निर्धारण समितिमा नियुक्तिका लागि नेपाल दूरसञ्चार प्राधिकरणका सुनिल खतिवडा मार्फत् मितिः २०८२/०६/२१ गते भ्यालुएटर सदस्यको रुपमा नियुक्त भएको हु । म बिभिन्न बैंकहरुमा समेत सूचिकृत अनुभवी मुल्याङ्कनकर्ता समेत भएको हुँदा कामको अनुभवको आधारमा संयोजक

राजेश पराजुलीको अनुरोधमा मैंले आफ्नो CV सहितका योग्यताका कागजातहरु पेश गरेकोमा सोही आधारमा म उक्त मुल्याङ्कन समितिमा नियुक्त भएको हो, मितिः २०८२/०६/३१ गते प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारी सहितको उपस्थितिमा म सहितका पदाधिकारीहरु राजेश पराजुली- संयोजक समिति, हरि कुमार सिलवाल- सदस्य, नगेन्द्र कुमार दास- सदस्य, प्रविण खरेल-सदस्य र सुनिल खतिबडा – सदस्य भएको बैठकमा सहभागी भएको, उक्त बैठकमा सहभागीहरुको बिच परिचय भई राजेश पराजुलीले सहभागी सबैं सदस्यहरुलाई समेटी WhatsApp Group पनि बनाएका थिए। त्यसवेला मेरो अरु नै आफ्नै कामहरुमा व्यस्तता भएको हुँदा म उक्त मुल्य निर्धारण समितिमा संलग्न भई काम गर्न नसक्ने अवस्था भएको हुँदा सोही कुरा उल्लेख गर्दै मैंले मितिः २०८२/०७/०२ मा म मुल्याङ्कनकर्ता भएको उक्त समितिबाट हट्न निवेदन पेश गरेको थिएँ र उक्त WhatsApp ग्रुपबाट पनि बाहिरिएको थिएँ। म उक्त बैठकमा सहभागी हुँदा मुल्य निर्धारण समिति पूर्ण नै थियो जस्तो मलाई लाग्छ। म उक्त समितिबाट बाहिरिएपछि अन्य सदस्य सहितको उक्त समितिले उदेश्य अनुरुप काम गरेको होला भन्ने मलाई लागेको थियो तर किन उक्त समितिले उदेश्य अनुरुप काम गरेन भन्ने विषयमा मलाई एकिन थाहा भएन। त्यसपछि मेरो उक्त समितिका कुनै पनि पदाधिकारीहरुसंग आजका मितिःसम्म सम्पर्क भएको छैन र कुनै पारिश्रमिक र बैठक भत्ता प्राप्त गरेको छैन। नेपाल सरकारको स्वामित्वमा आईसकेको सम्पत्तिलाई नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, दूर सञ्चार कम्पनीहरु, बोल-पत्रमा भाग लिने कम्पनीहरुका पदाधिकारीहरु समेतको योजना र मिलोमतोमा संगठित भई गैहकानूनी लिलामीबाट एनसेल आजियाटा लिमिटेडले लिएको भन्ने ठगी, आपराधिक विश्वासघात र संगठित अपराधको वरादात सम्बन्धमा प्रहरीबाट अनुसन्धान भईरहेको भन्ने मैंले बिभिन्न पत्र पत्रिकामा प्रकासित समाचार पढेपछि थाहा पाएको हुँ। म भ्यालुएटर सदस्य नियक्ति गरिएको सम्बन्धमा मैंले प्राप्त गरेको नियुक्ति पत्र, समितिको बैठकको निर्णय र मेरो नागरिकता प्रमाण-पत्र समेतका कागजातहरुको प्रतिलिपि पाना ५ यसै कागजसाथ पेश गरेको छु भन्ने समेत व्यहोरा कागज।

ट. **<u>सम्पत्ति व्यवस्थापन समूह सम्बन्धमा लेखमणी सिलवालको छोरा जिल्ला चितवन राप्ती नगरपालिका वडा नं.८ स्थायी वतन भई हाल काठमाडौं जिल्ला नागार्जुन नगरपालिका वडा नं.९ वतन भई चार्टड एकाउण्टेण्ट पेशा गर्ने वर्ष ५८ को हरि कुमार सिलवाल (ना.प्र.नं.५८१, चितवन):</u>**

म पेशाले चार्टड एकाउन्टेण्ट हुँ। म बिगत २९ वर्ष देखी चार्टड एकाउन्टेण्ट पेशा गर्दैछु। मेरो H.K.S.D. Associates नामको फर्म, का.जि.सिटिसि मलको पाँचौ तल्लामा रहेको छ। स्मार्ट टेलिकम प्रा.लि. लाई मितिः २०७०/०१/०२ मा प्रदान गरिएको आधारभूत टेलिफोन सेवाको अनुमतीपत्र स्वत: खारेज भएकोले अनुमती पत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १३ को प्रावधान बमोजिम प्राधिकरणको मितिः २०८२/०५/०९ को निर्णयानुसार गठन भएको मुल्य निर्धारण समितिमा मलाई चार्टड एकाउण्टेण्टको हैसियतले सदस्यको रुपमा नियुक्त गरिएको थियो। नेपाल दूरसञ्चार प्राधिकरणले मुल्य निर्धारण समिति गठन गर्न आशयपत्र दर्ता गर्ने सम्बन्धमा मितिः २०८१/१२/०४ गते सूचना जारी गरेकोमा सो सूचना बमोजिम मैंले आशयपत्र पेश गरेकोमा मलाई नेपाल दूरसञ्चार प्राधिकरणले चार्टड एकाउण्टेण्टको हैसियतले सदस्यको रुपमा नियुक्ति गरिएको कुरा नेपाल दूरसञ्चार प्राधिकरणका सुनिल खतिवडा मार्फत् मैंले जानकारी पाएको थिएँ। मितिः २०८२/०६/३१ गते प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीको आव्हानमा म सहितका पदाधिकारीहरु राजेश पराजुली- संयोजक समिति, रोशन कुमार प्रधानाङ्ग- सदस्य, नगेन्द्र कुमार दास- सदस्य, प्रविण खरेल-सदस्य र सुनिल खतिबडा – फोकल समेत उपस्थित भई स्मार्ट टेलिकम प्रा.लि.को

सम्पत्तिको मुल्य निर्धारण समितिसँग परिचय गरी बैठक सम्पन्न भएको थियो। सो पश्चात समितिका सदस्य मध्ये रोशन प्रधानाङले परिचयात्मक बैठक बसेको मितिःले ३ दिन भित्र राजिनामा दिएको कारण निजको सट्टामा अर्को सदस्य नियुक्ती पश्चात बैठक बस्ने भन्ने जानकारी गराएकोमा सो पश्चात हाल सम्म पनि बैठकको सुचना प्राप्त भएको छैन। सो पश्चात कुनै पनि बैठक बसेको छैन। सोही कारण मैंले मुल्यांकन समितिमा काम गर्न नसकेको हो। नेपाल सरकारको स्वामित्वमा आईसकेको सम्पत्तिलाई नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, दूर सञ्चार कम्पनीहरु, बोल-पत्रमा भाग लिने कम्पनीहरुका पदाधिकारीहरु समेतको योजना र मिलोमतोमा संगठित भई गैह्रकानूनी लिलामीबाट एनसेल आजियाटा लिमिटेडले लिएको भन्ने ठगी, आपराधिक विश्वासघात र संगठित अपराधको वरादात सम्बन्धमा प्रहरीबाट अनुसन्धान भईरहेको भन्ने कुरा हाल यस केन्द्रीय अनुसन्धान व्यूरोमा आई थाहा पाएको हुँ भन्ने समेत व्यहोरा कागज।

ठ. **<u>PCBL कर्जा सम्बन्धमा जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१७ क्षेत्रपाटी स्थाई वतन भई प्राईम कमर्सियल बैंक लि. कमलपोखरीमा कार्यरत किशोर मानन्धरको छोरा वर्ष ४१ को अनुज मानन्धर:</u>**

म प्राइम कमर्सियल वैंकमा सन २०११ देखी कर्जा शाखामा कनिष्ठ अधिकृतको हैसियतमा काम गर्न शुरु गरी हाल सोही शाखामा सहायक प्रवन्धकको हैसियतमा कार्यरत भई आएको छु। सन् २०१७ मा नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकले स्मार्ट टेलिकम प्रा.लि.लाई सहवित्तीयकरण कर्जा अन्तर्गत डेड अरव कर्जा सुविधा उपलब्ध गराउने अनुरोध गरे पछि सन् २०१७ अगष्ट २८ मा प्राईम कमर्सियल बैंकको बोर्डबाट सैदान्तिक सहमति लिएर स्मार्ट टेलिकम प्रा.लि.लाई प्रदान गरिएको उक्त कर्जाको लागि आवश्यक पर्ने Credit Appraisal लगायतका कागजातहरु मैंले तयार गरी म भन्दा माथिका कर्मचारीलाई फरवार्ड गरे पछि १० अक्टोवर २०१७ मा आवधिक कर्जा, प्रतित पत्र कर्जा र बैंक ग्यारेण्टी समेत गरी जम्मा रु. डेड अरव कर्जा प्रदान गर्ने गरी बोर्डबाट निर्णय भएको हो। सो कर्जाको साँवा ब्याज तिर्ने जिम्मेबारी स्मार्ट टेलिकम प्रा.लि.को हो। उक्त कर्जाको लागि व्यक्तिगत जमानी स्मार्ट टेलिकम प्रा.लि.को अध्यक्ष सर्वेश जोशी रहेको छ। स्मार्ट टेलिकम प्रा.लि.ले कर्जाको साँवा ब्याज भुक्तानी नगरे पश्चात बिभिन्न मितिःहरुमा साँवा ब्याज नियमित गर्न गराउन लिड वैंकको भूमिकामा रहेको नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकलाई पटक पटक पत्राचार गरिएको थियो। यति गर्दा पनि कर्जा नियमित नभए पछि नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार स्मार्ट टेलिकम प्रा.लि.लाई कारबाही अगाडि बढाउन नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक पटक पटक पत्राचार गरिएको थियो। सो कर्जा नतिरे पश्चात ऋणि कम्पनीलाई कालो सूचीमा राखे, नराखेको सम्बन्धमा लिड बैंकले प्राईम कमर्सियल बैंकलाई जानकारी नदिएकोले मलाई कुनै जानकारी छैन। January 06, 2023 मा प्राईम कमर्शियल बैंक लि. भएको Minutes of consortium meeting of smart Telecom pvt Ltd मा प्राईम कमर्शियल बैंक लि.को तर्फबाट म Relationship Manager हैसियतमा सहभागी भएको थिए। उक्त मिटिङमा स्मार्ट टेलिकम प्रा.लि.का अध्यक्ष सर्वेश जोशीले मौखिकरुपमा license of the company is not cancelled. company is in process for merger with Ncell. The term sheet for the same has been signed and final DDA is also under process which is being done by KPMLA. proposal for the merger has been forwarded to the cabinet for approval. The merger and acquisition policy has not been approved yet due to the change in government. Hence the approval process has been delayed भनि जानकारी दिए अनुसार लिड बैंक नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकले

सो सम्बन्धी कागजातहरु उपलब्ध गराउनु भनि अनुरोध गरी सो समेतको व्यहोरा माईन्युटमा उल्लेख गरी म समेतले दस्तखत गरेको हो । August 06, 2025 मा नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक उत्तरढोका स्थितमा भएको Smart Telecom Ltd को Consortium Meeting मा प्राईम कमर्शियल बैंक लि.को तर्फबाट म Relationship Manager को हैसियतमा सहभागी भएको थिए । उक्त मिटिङमा नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार कर्जा असुलीको लागि लिड बैंकले काम गर्नु पर्ने गरी (1) Publish 35 days' notice to repay the loan in the name of the borrower in the national daily newspaper followed by a 15 days' auction notice to recover the entire consortium dues. (2)Ratify the recovery actions initiated by the lead bank in the form of Recovery Intimation Letters. (3) Explore the prospective buyers of the current underlying assets of the company and delegate the entire authority to the lead bank regarding exploring, negotiating, signing all the necessary documents and publishing the auction notices in the national daily newspaper भन्ने समेतको व्यहोरा उल्लेख गरी सैदान्तिक सहमति प्रदान गरी उक्त माईन्युटमा म समेतले दस्तखत गरेको हो । सोही बमोजिम नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.ले कर्जा असुलीको लागि कारबाही अगाडि बढाउन ३५ दिने र १५ दिने दैनिक पत्रिकामा सार्वजनिक सूचना निकालेको थियो । उक्त मिटिङमा ऋणीको दायित्व रु.४० करोड भुक्तानी गर्ने गरी लिलामी सूचना प्रकाशन गर्ने बारेमा कुनै निर्णय भएको थिएन । यसरी ऋणिको दायित्व समावेश गरी लिलाम गर्ने सम्बन्धमा कुनै ऐन कानून, निर्देशनबाट भए गरेको सम्बन्धमा मलाई जानकारी छैन । लिलाम गर्नु भन्दा पहिले स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति मूल्यांकन भएको थियो, थिएन सो सम्बन्धमा लिड बैंकबाट प्राईम कमर्सियल बैंक लि.लाई कुनै पनि जानकारी उपलब्ध नगराएकोले सो सम्बन्धमा मलाई कुनै जानकारी छैन । स्मार्ट टेलिकम प्रा.लि.को लिलाम हुने सम्पत्ति LC बाट ल्याईएको Hypothecated सम्पत्ति भएको हुँदा र उक्त सम्पत्ति Secured Transaction Registry office of Nepal मा दर्ता समेत भएको हुँदा स्मार्ट टेलिकम प्रा.लि.को Balance sheet को आधारमा लिलाम गरिएको हो । ऋणी स्मार्ट टेलिकम प्रा.लि.ले कर्जा नियमित नगरे पश्चात Lead बैंक नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.ले पटक पटक पत्र मार्फत् ताकेता गरी कर्जा नियमित गर्नको लागि ३५ दिने, १५ दिने लिलामको सूचना दिएकोमा उक्त सूचना पश्चात समेत कर्जा नियमित नगरे पश्चात लिलामीमा गएको हो । बोलपत्र सूचना प्रकाशन गर्ने र बोलपत्र सम्बन्धी सम्पूर्ण काम Lead बैंक नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.ले गर्ने भएको हुँदा बोलपत्र दाता (Bidder) हरूको योग्यता परीक्षण, कुनै बैंकका ऋणि / खाताबाला / भेन्डर समेतका सम्बन्धित पक्ष (Related Party) सहभागी थिए वा थिएनन्, प्रतिस्पर्धात्मक बोलकबोल पर्याप्त थियो वा थिएन भन्ने जानकारी हामीलाई हुँदैन । लिलाम गर्नु पूर्व सम्बन्धित नियामक निकाय नेपाल दूर सञ्चार प्राधिकरणको स्वीकृति लिईएको सम्बन्धमा मलाई जानकारी छैन । हाम्रो बैंकले नेपाल दूर सञ्चार प्राधिकरणलाई पत्र मार्फत् स्मार्ट टेलिकम प्रा.लि.ले तिर्न बाँकी कर्जाको सावाँ र व्याज गरी रु.२५,९२,२५,६७४/७४ रहेको भनी मितिः २०८१/०४/०८ गतेको पत्र मार्फत् बक्यौताको बारेमा दुरसंचार प्राधिकरणलाई जानकारी गराएका थियौ । स्मार्ट टेलिकम प्रा.लि.को दायित्व बापतको रकम नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. के कसो गरेको छ सो सम्बन्धमा मलाई जानकारी छैन । लिलाम गर्ने सूचना निकाल्नु भन्दा पहिले बैंकको सञ्चालक समितिबाट समेत एनसेल आजीयटा लि.सँग कुराकानी गरी लिलाम गर्ने व्यवस्था मिलाउन नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.का प्रमुख कार्यकारी अधिकृतलाई सञ्चालक समितिबाट निर्देशन दिएको सम्बन्धमा मलाई जानकारी छैन । रकमको

व्यवस्थापन गरी सेटिङ मार्फत् बोलपत्र हाल्न लगाएको भन्ने सम्बन्धमा समेत मलाई कुनै जानकारी छैन। स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम भए पश्चात हाम्रो बैंकको कर्जा रकम Lead बैंक नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.बाट प्राप्त भई चुक्ता भईसकेको अवस्था छ भन्ने समेत व्यहोरा कागज।

ङ. **NIMB, COM/POLICE/१००३७/०८२/०८३ को पत्रसाथ प्राप्त 4th July, 2025 (तदनुसार वि.सं. २०८२।०३।२०) को 623rd को र 6th Oct, 2025 (तदनुसार वि.सं. २०८२।०६।२०) को 626th सम्बन्धमा कास्की जिल्ला, साविक भरतपोखरी गा.वि.स. वडा नं. ९ हाल परिवर्तित पोखरा महानगरपालिका वडा नं. ३३ भरतपोखरी स्थायी वतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ बल्खु बस्ने युवराज आचार्यको छोरा, वर्ष ५६ को मदन कुमार आचार्य (ना.प्र.नं. ४६०४१ कास्की):**

म मेगा बैंक लि. नेपाल इन्भेष्टमेन्ट बैंकसँग मर्जर भएपश्चात नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. (NIMB) मा सञ्चालक समितिमा आवद्ध भएको हुँ। NIMB को पत्र संख्या: COM/POLICE/१००३७/०८२/०८३ को पत्रसाथ प्राप्त 4th July, 2025 (तदनुसार वि.सं. २०८२।०३।२०) को 623rd को र 6th Oct, 2025 (तदनुसार वि.सं. २०८२।०६।२०) को 626th संचालक समितिको बैठकको निर्णय मलाई देखाउँदा देखेँ। उक्त बैठकको निर्णयमा Director मदन कुमार आचार्य उल्लेख भएकोमा सो व्यक्ति म नै हुँ। संचालक समिति (Board of Directors) को ६२३ को बैठकमा स्मार्ट टेलिकमको ऋण Recovery को लागि बैंकद्वारा आह्वान गरिएको बोलपत्रमा सहभागी भई उक्त धितो खरिद गर्न Ncell Axiata Ltd. इच्छुक छ कि छैन भनी सोधपुछ गर्न पत्राचार गर्ने र यदि बोलपत्र प्रक्रियामा सहभागी हुन ईच्छुक भएमा सोही धितोको असुली प्रक्रिया अघि बढाउने कुरा उल्लेख गरेको हुँदा सो कुरामा असहमत भई उक्त कुरा निर्णयमा उल्लेख गर्न जरुरी छैन, सो कुरा सच्चाउनको लागि फिर्ता पठाएको हुँदा सो निर्णयमा मैंले दस्तखत गरेको थिईन। पछि सो निर्णय सच्चाएर म कहाँ फिर्ता आएन। संचालक समिति (Board of Directors) को ६२६ को बैठकमा म अनुपस्थित थिएँ। मैंले भने बमोजिम ६२३ को बैठकको कुरा नसच्च्याएको र संचालक समिति (Board of Directors) को ६२६ को बैठक समेत ६२३ को बैठकसँग सम्बन्धित भई Ncell Axiata Ltd. को बोलपत्र स्वीकार गर्ने कुरा उल्लेख गरिएको हुँदा सो निर्णयमा मैंले दस्तखत नगरेको हुँ। एनसेल आजियाटा लि.बाट स्मार्ट टेलिकम प्रा.लि.ले धितो राखेको सम्पत्ति लिलाम गरेमा सो लिलाम भविष्यमा रणनीतिक प्रयोजनको लागि आवश्यक हुने भनी निर्णय गराएको, ऐनसेल आजियाटा लि.बाट लिलाम सकार्ने निश्चित भएपश्चात बैंकको मिलेमतोमा प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि. तथा ट्रान्सगेट टेक प्रा.लि.लाई समेत बोलपत्र हाल्न लगाई प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि.को हकमा बैंकका कर्मचारी भाष्कर नरसिंह जोशीको संलग्नतामा ३ घण्टाको लागि रु.४ करोड २५ लाख रकम व्यवस्थापन गरी गराई सेटिङ मार्फत् लिलाम गरेको सम्बन्धमा मलाई थाहा छैन। लिलामीको सूचना निकाल्दा ऋणीको दायित्व समेत उल्लेख गरी सूचना निकाली सोही बमोजिम प्राप्त भएको रु. ४० करोड जाहेरवाला उषा प्रधान समेतलाई नदिई बैंकले ठगी गरेको, बैंकले सम्पत्ति लिलाम गर्दा अनिवार्य रुपमा सम्पत्तिको मूल्यांकन गर्नुपर्नेमा सो नगरी मिलेमतोमा लिलाम गरी अनियमित आर्थिक कारोबार गरी गराई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०३ (च) विपरित हुने कार्य गरेको, अनियमित कारोबारको गरेको देखिएकोमा Suspicious Transaction Reporting नगरेको कुराहरु बैंकको व्यवस्थापनले हेर्ने कुरा हो। सो कुराहरु सञ्चालक समितिमा जानकारी नभएकोले यस बारेमा मलाई थाहा भएन। स्मार्ट टेलिकम प्रा.लि.को ऋण सम्बन्धमा नेपाल राष्ट्र बैंकको

सुपरीवेक्षणको क्रममा बैंकलाई ऋण असुल उपर गर्नको लागि निर्देशन दिएको थियो तर सो सम्बन्धमा कसैलाई सचेत गराएको अवस्था थिएन। स्मार्ट टेलिकम प्रा.लि.को ऋण रिकभरी गर्नु बैंकको दायित्व रहेको साथै ऋण रिकभरीको लागि नेपाल राष्ट्र बैंकबाट समेत निर्देशन भएको हुँदा सो सम्पत्ति बैंकको नाममा Hypothecation मा रहेको र त्यसलाई कानून सम्मत ऋण रिकभरीको लागि बोलपत्र मार्फत् बैंकले असूली गर्नको लागि कार्य गरेको हो । नेपाल इन्भेष्टमेण्ट मेगा बैंक, दूर सञ्चार कम्पनीहरु, बोल-पत्रमा भाग लिने कम्पनीहरुका पदाधिकारीहरु समेतको योजना र मिलोमतोमा संगठित भई प्रस्तुत वारदात गरेको जस्तो मलाई लाग्दैन भन्ने समेत व्यहोरा कागज।

ढ. **NIMB, LRC, NIMB/LRC/005/FY 2082/83 को सन् ६ अक्टोबर, २०२५ सम्बन्धमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३१ स्थायी वतन भई नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.का तत्कालिन नायब महाप्रवन्धक वर्ष ५२ का अमित श्रेष्ठ (ना.प्र.नं.२७-०१-८२-०९२०५):**

म नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. मर्ज हुनु भन्दा अघी मेगा बैंक नेपाल लि.मा सन् २०१० देखी कार्यरत रहेको थिए। नेपाल नेपाल इन्भेष्टमेन्ट बैंक लि. र मेगा बैंक लि.मर्जर भई नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.भए पश्चात सन् २०२५ को December 15 सम्म म नायव महाप्रवन्धक पदमा कार्यरत रहेको थिए। २०२५ को December 15 पश्चात घरायसी समस्याको कारण मैंले राजिनामा दिई बैंकबाट अलग भएको हुँ। नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा म कर्जा असुली विभागको प्रमुखको रुपमा कार्यरत रहेको थिए। नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मर्ज हुनु भन्दा अगाडि स्मार्ट टेलिकम प्रा.लि.लाई Plant and machinery खरिदको लागि कर्जा प्रवाह भएको थियो। सो कर्जा लगानी गर्ने प्रकृयामा म संलग्न रहेको थिईन। सो कर्जाको साँवा ब्याज तिर्ने जिम्मेबारी कम्पनीको साथै व्यक्तिगत जमानी शेयरधनी सर्वेश जोशीको रहेको थियो। स्मार्ट टेलिकम प्रा.लि.ले कर्जाको साँवा ब्याज भुक्तानी नगरे पश्चात साँवा ब्याज नियमित गर्न गराउन बैंकले विभिन्न मितिःमा कर्जा तथा व्याज चुक्ता गर्न कम्पनीलाई पत्राचार तथा पटक पटक ताकेता पत्र पठाईएको थियो। सो कर्जाको समय समयमा व्याज भुक्तानी भए पश्चात ऋणि कम्पनीलाई कालो सूचीमा नराखिएको हो । Loan Recovery Committee Meeting NIMB/LRC/005/FY 2082/83 को सन् ६ अक्टोबर, २०२५ मा भएको बैठकमा Acceptance of Highest Bid amount received against Auction-Annexure 1 भनी एजेण्डा रहेकोमा As per Attached Annexure भनी निर्णय भएकोमा उक्त निर्णयमा अमित श्रेष्ठ, सदस्य सचिव भनी गरेको दस्तखत मेरो आफ्नो हो हेरी चिनी सनाखत गरिदिएँ। उक्त निर्णय स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलामी सूचनाको आधारमा परेको लिलाम BID सम्बन्धमा संचालक समितिलाई अन्तिम निर्णयको लागि सिफारिस गरिएको हो। Note to the meeting of the of the Board of Directors for discussion and approval of following agendas, we hereby present the following proposal for the final approval of the BOD, Acceptance of Highest Bid Amount received against Auction-Annexure 1 भनी Member Secretary-LRC Amit Shrestha भनी गरेको दस्तखत मेरो आफ्नो हो हेरी चिनी सनाखत गरिदएँ। उक्त निर्णय समेत स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलामी सूचनाको आधारमा परेको लिलाम BID सम्बन्धमा संचालक समितिलाई अन्तिम निर्णयको लागि सिफारिस गरिएको हो । सन् ०९/१०/२०२५ मा Approval for acceptance of bid received of M/s Smart telecom Pvt Ltd सम्बन्धमा तयार भएको Memorandum M/s Smart Telecom Pvt. Ltd. मा Supported By Amit Shrestha(Chief

Recovery Officer) भनी गरेको दस्तखत मेरो आफ्नो हो। उक्त Memorandum लिलाम BID स्वीकृतिको सम्बन्धमा तयार भएको हो। स्मार्ट टेलिकमको लिलामी प्रक्रिया शुरु गर्दा सञ्चालक समितिबाट निर्णय भएको थिएन। सामान्यतया धितो लिलामीको लागि सूचना आब्हान गर्न वा प्रकृया सुरु गर्नको लागि संचालक समितिबाट स्वीकृति लिईदैन। व्यवस्थापनको निर्णयबाट हुन्छ। धितो लिलामी हुनु भन्दा अगाडि ऋणीलाई विभिन्न मितिःमा ४ पटक पत्राचार गरिएको र झण्डै २ महिनाको समय दिईएको थियो। ऋणीलाई भुक्तानी वा सम्झौताको अवसर प्रदान गरिएको थियो। स्मार्ट टेलिकम प्रा.लि.को Plant and machinery लिलाम गर्नु भन्दा पहिले सम्पत्ति मूल्यांकन भएको थिएन। सामान्यतया धितो लिलाम गर्नु भन्दा पहिले सम्पत्तिको मुल्यांकन गर्नु पर्छ। स्मार्ट टेलिकमको हकमा Plant and machinery विभिन्न स्थानमा अवस्थित रहेको हुँदा मुल्यांकन गर्न सम्भव नभएको हुँदा स्मार्ट टेलिकमको वासलात(Balance Sheet) मा उल्लेख भएको Value लाई आधार मानिएको हो। सम्मानित सर्वोच्च अदालतको मितिः २०७३/०७/०८ मा भएको फैसलामा"धितो रहेको सम्पत्ति लिलाम गर्दाको बखतको प्रचलित बजारमोल अनुसार बिक्री तथा सकार गर्ने गराउने गरी व्यवस्था गर्ने" उल्लेख भएबमोजिम स्मार्ट टेलिकम प्रा.लि.को हकमा Balance Sheet मा उल्लेख भएको ह्रास कट्टी पछिको मुल्यलाई बजारमुल्यको रुपमा आधार लिईएको हो। नेपाल राष्ट्र बैंकले समेत उक्त फैसलालाई आधार मानि धितो लिलाम गर्नु गराउनु भनी परिपत्र गरेको थियो। बोलपत्रदाता (Bidder) हरूको योग्यता परीक्षण गरिएको थिएन। बोलपत्रमा सहभागीहरुले कबुल गरेको रकमलाई आधार मानिएको हो। कुनै पनि बैंकका ऋणि / खाताबाला / भेन्डर समेतका सम्बन्धित पक्ष (Related Party) सहभागी थिए वा थिएनन् भन्ने सम्बन्धमा मलाई जानकारी छैन। बैंकको नियमानुसार प्रतिस्पर्धात्मक बोलकबोल पर्याप्त थियो। तिनजना बोलकबल वाला सहभागी रहेका थिए। लिलाम गर्नु पूर्व नेपाल दूर सञ्चार प्राधिकरणको स्वीकृति प्राप्त गरिएको थिएन। बैंकको नियमानुसार बैंकले लगानी गरेको अचल सम्पत्तिहरु Secured Transaction Registry मा बैंकले आफ्नो पहिलो हक कायम गरेको हुनाले उक्त कायम हक अनुसार लिलामी प्रकृया अगाडि बढाईएको हो। लिलामी गर्दा ऋणीको दायित्व भुक्तानी गर्ने कुरा कुनै तहबाट निर्णय गर्ने नभई लिलामी सूचना निकाल्ने सम्बन्धी बैठकमा कुरा निस्कदा ऋणीले दिएको जानकारी अनुसार रु.४० करोड आसपास रकम घरबहाल, बिजुली बत्ती आदि ईत्यादी तिर्न बाँकी रहेको जानकारी आएको भन्ने आधारमा उक्त दायित्व चुक्ता पनि लिलाम सकार गर्ने पार्टीले नै ब्यहोर्नु पर्छ भन्ने आधारमा रकम ठुलो भएको कारण लिलामी सूचनामै राखिएको हो। यो कुरा कुनै ऐन नियमबाट निर्देशित भएको हुँदैन। उक्त रकम घरबहाल, बिजुली बत्ति आदि ईत्यादी तिर्ने प्रयोजनको लागि बैंकको Payable Account राखी आधिकारीक कागजात Verify गरेर तिर्नु पर्ने रकम निश्चित गरी दिने भनी उक्त खातामा राखिएको हो। मैंले बैंक छोडिसकेको हुँदा सो बारेमा के कुन प्रकृया हुँदैछ सो सम्बन्धमा मलाई हाल जानकारी छैन। मेरो जिम्मेवारी कर्जा असुली गर्ने जिम्मेवारी भएको, लिलामी गर्नको लागि सार्वजनिक सूचना निकालिएको थियो। उक्त सूचनाको आधारमा विभिन्न ईच्छुक व्यक्तिहरुले कर्जा असुली विभागमा आएर बोलपत्रको फाराम लिई गई आफूखुसी फाराम भरेका हुन्। बोलपत्र गोप्य हुने भएकोले कसले हालेको छ र कति रकम हालेको छ भन्ने कुराको जानकारी प्रतिनिधीको रोहबरमा बोलपत्र खोले पश्चात मात्र हाम्रो जानकारीमा आउने भएको हुँदा रकमको व्यवस्थापन गरी सेटिङ मार्फत् बोलपत्र हाल्न लगाएको भन्ने बारेमा मलाई कुनै जानकारी छैन भन्ने समेत व्यहोरा कागज।

**ण. NCELL Money layering सम्बन्धमा पोषराज शर्माको छोरा जिल्ला चितवन, माढी नगरपालिका वडा नं.६, चैनपुर स्थायी वतन भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.२ बस्ने ५० का अर्जुन प्रसाद शर्मा(ना.प्र.१४४८, चितवन):**

मैंले सन् २००८ देखि २०१० सम्म United Nation Mission in Nepal मा consultant को रुपमा काम गरेको हुँ । म घरजग्गाको कारोबार गर्ने गर्दथे । प्रस्तुत मुद्दाका प्रतिवादीहरु सर्वेश जोशीलाई म चिन्दछु । निज सर्वेश जोशीलाई सचिनलाल आचार्यले चिनाईदिएका हुन् । नरेन्द्र उलक र पलिना श्रेष्ठलाई चिन्दिन । ज्योती प्रकाश पाण्डेसँग मेरो व्यक्तिगत चिनजान छैन । भाष्कर नरसिंह जोशीलाई चिन्दिन । सतिसलाल आचार्यसँग सामान्य चिनजान रहेको छ । भावना सिंह आचार्य र खुमनाथ अधिकारीलाई म चिन्दिन । सचिनलाल आचार्यसँग UNMIN मा काम गर्ने सिलसिलामा सन् २०१० बाट चिनजान भएको हो । सो पश्चात निजसँग भेटघाट तथा कुराकानी हुने गरेको थियो । मैंले अनुपमान तुलाधरलाई सचिनलाल आचार्य मार्फत् चिनजान भएको हो । म सन् २०२२ July मा अमेरिका जाने भए पश्चात मलाई सचिनलाल आचार्यले नेपालको संचार क्षेत्रमा लगानी गर्ने अमेरिकी संचार क्षेत्रका लगानीकर्ताहरु भित्राउनको लागि र मेरो का.जि.बुढानिलकण्ठको घरको दोस्रो र तेस्रो तल्ला निर्माणाधिन रहेको हुँदा सो घर निर्माण गर्न भनी मलाई सचिनलाल आचार्यले अनुपलाल तुलाधारको खाताको रु.१ करोडको चेक दिएका थिए । सो रकम लिई मैंले आफ्नो घर निर्माण गरी अमेरिका गई नेपालको संचार क्षेत्रमा लगानी गर्ने अमेरिकी संचार क्षेत्रका लगानीकर्ताहरु खोज्दा नेपाली संचार क्षेत्रमा लगानी गर्न कोभिडको कारण अनिच्छुक रहेको बताए पश्चात मैंले लगानीकर्ताहरु भित्राउन नसकेको कारण जिल्ला चितवन भरतपुरमा रहेको जग्गा धितो राखी रकम अनुपलाल तुलाधारलाई फिर्ता गरेको हुँ । मैंले अनुपलाल तुलाधारको खातामा रु.११,००,००,०००।–(एघार करोड) जम्मा गरिदिएको होईन । रु.१,००,००,०००।–(एक करोड) मात्र जम्मा गरिदिएको हुँ । माथि उल्लेखित रकमका अन्य चेकहरु दिएकोमा रकम अभावको कारण चेक बाउन्स भएको हो । मैंले बैंकको कर्जा रकमको व्याज र किस्ता भुक्तानी गर्न भनी सचिनलाल आचार्य मार्फत् सर्वेश जोशीसँग पटक पटक गरी नगद रु.१ करोड ३२ लाख लिएकोमा मैंले का.जि.बुढानिलकण्ठको घर र जग्गाहरु लुम्बिनी बिकास बैंक लि.मा धितोमा राखी का.जि.बुढानिलकण्ठको बाँकी रहेको घर निर्माण सम्पन्न गरी बाँकी रहेको रकम निज सर्वेश जोशीको लुम्बिनी बिकास बैंक लि.मा रहेको खाता नं. 0491382025394900001 मा सन् 31/10/2022 देखि सन् 07/05/2026 मा माथि उल्लेखित रकम रु.२,०८,००,०००।–(दुई करोड आठ लाख) ब्याज सहित जम्मा गरिदिएको हुँ । स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति नेपाल सरकारको नाममा आईसकेकोमा, नेपाल सरकारको नाममा आईसकेको सम्पत्तिलाई नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि., दूर सञ्चार कम्पनीहरु, बोल-पत्रमा भाग लिने कम्पनीहरुका पदाधिकारीहरु समेतको योजना र मिलोमतोमा संगठित भई स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति गैह्रकानूनी लिलामीबाट नेपाल सरकारको हक मेटाई एनसेल आजियाटा लिमिटेडले लिई ठगी, आपराधिक विश्वासघात र संगठित अपराध गरेको सम्बन्धमा विभिन्न संचार माध्यमबाट समाचार प्रकाशन भईसके पश्चात मात्र थाहा पाएको हुँ भन्ने समेत व्यहोरा कागज ।

त. **बैकुण्ठ बहादुर श्रेठको छोरा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.०५ स्थायी वतन भई हाल प्राईम कमर्शियल बैंक लि.,कमलपोखरीमा कायम मुकायम महाप्रवन्धक पदमा कार्यरत वर्ष ५१ का नेपाल भुषण श्रेष्ठ (ना.प्र.नं.५३८५५):**

म प्राईम कमर्शियल बैंक लि.मा सन् २००७ देखि हाल सम्म कार्यरत रहेको छु। म कर्पोरेट कर्जा विभाग प्रमुखको रुपमा रहेको छु। म कायम मुकायम महाप्रवन्धक पदमा कार्यरत रहेको छु। स्मार्ट टेलिकम प्रा.लि.लाई म कार्यरत रहेको प्राईम कमर्शियल बैंक लि. र साविक नेपाल ईन्भेष्टमेण्ट बैंक लि.को नेतृत्वमा सहवित्तीयकरण कर्जा प्रदान गरिएको हो। उक्त कर्जा LC(Letter of credit) र Term Loan कर्जा प्रदान गरिएको थियो। सुरुमा हाम्रो प्राईम कमर्शियल बैंक लि.बाट मात्रै १ अर्ब ५० करोड प्रवाह भएको हो। उक्त कर्जा प्रवाह गर्दा म समेत संलग्न रहेको थिए। सो कर्जाको साँवा ब्याज तिर्ने जिम्मेबारी कम्पनीका साथै व्यक्तिगत जमानीकर्ता सर्वेश जोशीको हो। उक्त कर्जा कोभिड महामारी पश्चात नियमित नभएको हो। सो कर्जा नियमित नभए पश्चात Lead बैंक नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. मार्फत् ताकेताको लागि सम्बन्धित कम्पनीलाई पटक पटक पत्राचार गरिएको छ। उक्त कर्जा नियमित नभए पश्चात हाम्रो बैंकले हाम्रो बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार उक्त कर्जालाई Provision मा राखिएको हो। January 06, 2023 मा प्राईम कमर्शियल बैंक लि. भएको Minutes of consortium metting of smart Telecom pvt Ltd मा प्राईम कमर्शियल बैंक लि.को तर्फबाट म नेपाल भुषण श्रेष्ठ, Assistant General Manager सहभागी भएको हुँ। उक्त बैठकमा license of the company is not cancelled. company is in process for merger with NCell. The term sheet for the same has been signed and final DDA is also under process which is being done by KPMLA. proposal for the merger has been forwarded to the cabinet for approval. The merger and acquisition policy has not been approved yet due to the change in government. Hence the approval process has been delayed भनी माईन्युटिङ भएको सम्बन्धमा उक्त कुराहरु कम्पनीका अध्यक्ष सर्वेश जोशीले बताएका कुराहरु उल्लेख गरिएको हो। August 06, 2025 मा भएको Consortium Metting Minute Smart Telecom Ltd मा प्राईम कमर्शियल बैंक लि.को तर्फबाट म नेपाल भुषण श्रेष्ठ, Deputy General Manager सहभागी भएको हुँ उक्त बैठकबाट ३५ दिने सूचना तथा १५ दिने लिलामी सूचना प्रकाशन गर्ने निर्णय भएको हो। उक्त बैठकमा स्मार्ट टेलिकम प्रा.लि.को दायित्व रु.४० करोड भुक्तानी गर्ने गरी लिलामी सूचना प्रकाशन गर्ने बारेमा निर्णय भएको छैन। स्मार्ट टेलिकम प्रा.लि.को दायित्व रु.४० करोड भुक्तानी गर्ने गरी लिलामी सूचना जारी भएको सम्बन्धमा जानकारी छैन। ऋणिको दायित्व समावेश गरी लिलाम गर्ने कुरा कून ऐन कानून, निर्देशनबाट निर्देशित गरिएको हुन्छ सो सम्बन्धमा मलाई जानकारी भएन। लिलाम गर्नु भन्दा पहिले सम्पत्ति मूल्यांकन भएको थिएन। स्मार्ट टेलिकम प्रा.लि.को लिलाम हुने सम्पत्ति LC बाट ल्याईएको Hypothecated सम्पत्ति भएको हुँदा र उक्त सम्पत्ति Secured Transaction Registry मा दर्ता समेत भएको हुँदा स्मार्ट टेलिकम प्रा.लि.को Balance sheet को आधारमा लिलाम गरिएको हो। ऋणी स्मार्ट टेलिकम प्रा.लि.ले कर्जा नियमित नगरेपश्चात Lead बैंक नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.ले पटक पटक पत्र मार्फत् ताकेता गरी कर्जा नियमित गर्नको लागि ३५ दिने, १५ दिने लिलामको सूचना दिएकोमा उक्त सूचना पश्चात समेत कर्जा नियमित नगरे पश्चात लिलामीमा गएको हो। बोलपत्र सूचना प्रकाशन गर्ने र बोलपत्र सम्बन्धी सम्पूर्ण काम Lead बैंक नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.ले गर्ने भएको हुँदा बोलपत्र दाता (Bidder) हरूको

योग्यता परीक्षण, कुनै बैंकका ऋणि / खाताबाला / भेन्डर समेतका सम्बन्धित पक्ष (Related Party) सहभागी थिए वा थिएनन्, प्रतिस्पर्धात्मक बोलकबोल पर्याप्त थियो/थिएन भन्ने जानकारी हामीलाई हुँदैन। लिलाम गर्नु पूर्व सम्बन्धित नियामक निकाय नेपाल दूर सञ्चार प्राधिकरणको स्वीकृति लिईएको थिईएन। हाम्रो बैंकले नेपाल दूर सञ्चार प्राधिकरणलाई पत्र मार्फत् स्मार्ट टेलिकम प्रा.लि.ले तिर्न बाँकी कर्जाको सावाँ र व्याज गरी रु.२५,९२,२५,६७४/७४ रहेको भनी मितिः २०८१/०४/०८ गतेको पत्र मार्फत् बक्यौताको बारेमा जानकारी गराएका थियौ। स्मार्ट टेलिकम प्रा.लि.को दायित्व बापतको रकम नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.के कसो गरेको छ सो सम्बन्धमा मलाई जानकारी छैन। लिलाम गर्ने सूचना निकाल्नु भन्दा पहिले बैंकको सञ्चालक समितिबाट समेत एनसेल आजीयटा लि.सँग कुराकानी गरी लिलाम गर्ने व्यवस्था मिलाउन नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.का प्रमुख कार्यकारी अधिकृतलाई सञ्चालक समितिबाट निर्देशन दिएको सम्बन्धमा मलाई जानकारी छैन। रकमको व्यवस्थापन गरी सेटिङ मार्फत् बोलपत्र हाल्न लगाएको भन्ने बारेमा मलाई कुनै जानकारी छैन। स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम भए पश्चात हाम्रो बैंकको कर्जा रकम Lead बैंक नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.बाट प्राप्त भई चुक्ता भईसकेको छ भन्ने समेत व्यहोरा कागज।

थ. **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३१ , बानेश्वर स्थायी वतन भएका नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.का तत्कालिन सिनियर म्यानेजर पदमा कार्यरत रहेका वर्ष ५० का शेखर थापा (९८५११३३४८७) ले गरेको कागजः**

म नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा सन् २०१४ देखी कार्यरत रहेकोमा मितिः २०८२/०५/०५ मा व्यक्तिगत कारणले जागिर छाडेको हुँ। म नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. मा Deputy Manager पदमा काम गर्न सुरु गरेकोमा Senior Manager पदबाट जागिर छोडेको हुँ। म बैंकमा कार्यरत रहदा Infra and Consortium Unit को प्रमुख भई काम गरेको थिए। मेरो जिम्मेवारी सहवित्तीयकरण भई प्रवाह भएका कर्जाहरुको सम्बन्धमा हेर्ने जिम्मेवारी रहेको थियो। म बैंकमा प्रवेश गर्नु भन्दा पहिले देखिनै स्मार्ट टेलिकम प्रा.लि.लाई चालु पुँजी कर्जा र प्रतितपत्र सुबिधा(Letter of Credit) प्रवाह भएको थियो। सो कर्जाको साँवा ब्याज तिर्ने जिम्मेबारी स्मार्ट टेलिकम प्रा.लि. र सो कम्पनीका शेयधनी सर्वेश जोशीको रहेको थियो। स्मार्ट टेलिकम प्रा.लि.ले कर्जाको साँवा ब्याज भुक्तानी नगरे पश्चात साँवा ब्याज नियमित गर्न गराउन बैंकले विभिन्न समयमा मौखिक ताकेता तथा पत्र मार्फत् ताकेता गरेको थियो। मलाई याद भए सम्म प्रतितपत्र सुबिधा(Letter of Credit) मात्र बाँकी रहेको हुँदा ऋणि कम्पनीलाई कालो सूचीमा राखेको थिएन। सन् August 06, 2025 मा भएको Consortium Meeting Minute Smart Telecom Ltd को बैठकमा नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को तर्फबाट Head-Infrastructure and Consortum -शेखर थापा भनी गरेको दस्तखत मेरो आफ्नो हो। हेरि चिनी सनाखत समेत गरिदिए। उक्त बैठकमा loan has already been classified into Non performing Assets भनि उल्लेख भएको सम्बन्धमा स्मार्ट टेलिकम प्रा.लि.लाई कर्जा साँवा व्याज नियमित गर्न भनी मौखिक तथा लिखित ताकेता गर्दा समेत साँवा र ब्याज भुक्तानी नगरेको हुँदा उक्त कर्जालाई Non performing Assets मा वर्गिकरण गरिएको हो। म समेत उपस्थित भएको अगष्ट ६, २०२५ मा सहवित्तिकरण बैंकहरुको बैठकबाट ३५ दिने सूचना तथा १५ दिने लिलामी सूचना प्रकाशन गर्ने निर्णय भएको, ऋणीको दायित्व रु.४० करोड भुक्तानी गर्ने गरी लिलामी सूचना प्रकाशन गर्ने बारेमा निर्णय भएको थिएन।स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम गर्ने प्रकृया सुरु हुनु भन्दा अगावै मैले बैंकबाट राजिनामा दिई अलग भई सकेको हुँदा स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति

लिलाम गर्ने प्रकृयाको सम्बन्धमा मलाई कुनै जानकारी छैन । बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ५७(४) मा  लिलाम विक्री वा अन्य व्यवस्था गरी साँवा, व्याज र हर्जाना रकम असुल गर्दा भएको खर्चको रकम र बैंक वा वित्तीय संस्थाको साँवा व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएमा त्यस्तो बाँकी रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनुपर्छ भन्ने व्यवस्था रहेकोमा म जानकार रहेको छु तर स्मार्ट टेलिकमको सम्पत्ति लिलामी गर्दा ऋणीको दायित्व बापतको भुक्तानी रकमको सम्बन्धमा मलाई जानकारी छैन । बैंकको मिलेमतोमा प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि. तथा ट्रान्सगेटटेक प्रा.लि.लाई समेत बोलपत्र हाल्न लगाई प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि.को हकमा बैंकका कर्मचारी भाष्कर नरसिंह जोशीको संलग्नतामा ३ घण्टाको लागि रु.४ करोड २५ लाख रकम व्यवस्थापन गरी गराई  सेटिङ मार्फत् लिलाम गरेको सम्बन्धमा मलाई थाहा छैन भन्ने समेत व्यहोरा कागज ।

द. **<u>मकवानपुर जिल्ला हेटौडा महानगरपालिका वडा नं. ५ घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.५ नख्खीपोट बस्ने रघुनाथ उपाध्याय आचार्यको छोरा वर्ष ४३ प्रमोद आचार्य:</u>** म २०७७ कार्तिक २ गते देखि नेपाल ईन्भेष्टमेण्ट बैंक लि. प्रधान कार्यालयको कर्जा विभाग Deputy Manager को हैसियतमा काम गर्न शुरु गरी हाल सोही बैंकको Senior manager को हैसियतमा प्रधान कार्यालयको कर्जा विभाग प्रमुख भई काम गरी आएको छु । म तत्कालिन नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकबाट स्मार्ट टेलिकम प्रा.लि.लाई कर्जा प्रवाह गर्ने समयमा अर्को बैंकमा कार्यरत भएकोले सवै कुरा थाहा छैन, स्मार्ट टेलिकम प्रा.लि.लाई प्रवाह भएको कर्जा कालिमाटी शाखाबाट प्रवाह भएको र मैंले प्रधान कार्यालयबाट प्रवाह भएको कर्जा सम्बन्धी हेर्ने भएकोले  ब्रान्चबाट भएको सम्बन्धमा मलाई जानकारी छैन । स्मार्ट टेलिकम प्रा.लि.को नाममा कर्जा लगानी गर्ने कार्यमा मेरो कुनै संलग्नता छैन । स्मार्ट टेलिकम प्रा.लि.लाई प्रवाह भएको कर्जाको साँवा व्याज तिर्ने जिम्मेवारी ऋणीको दायित्व हो, पछिल्लो समयमा बुझ्दा उक्त कम्पनीको व्यक्तिगत जमानी ऋणी कम्पनीका अध्यक्ष सर्वेश जोशी भएको थाहा हुन आएको छ । स्मार्ट टेलिकम प्रा.लि.ले कर्जाको साँवा ब्याज भुक्तानी नगरे पश्चात नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकबाट साँवा ब्याज नियमित गर्न गराउन सामान्य बैंकिङ प्रकृया अनुसार ऋणी कम्पनीको नाममा पटक पटक मौखिक तथा लिखितरुपमा पत्राचार गरेको हुनु पर्छ । उल्लेखित कर्जा नतिरे पश्चात ऋणि कम्पनी स्मार्ट टेलिकम प्रा.लि.लाई कालो सूचीमा राखे नराखेको सम्बन्धमा मलाई जानकारी छैन । स्मार्ट टेलिकम प्रा.लि.को सम्बन्धमा सन् August 06, 2025मा भएको Consortium Meeting Minute Smart Telecom Ltd  को बैठकमा नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को तर्फबाट Head-Corporate Unit–प्रमोद आचार्यको हैसियतमा गरेको दस्तखत मैंले गरेको दस्तखत हो, फरक छैन, मैंले हेरी चिने । सहवित्तीयकरण कर्जाको हकमा कर्जा असुली प्रकृयामा जानु भन्दा अगाडि नेपाल राष्ट्र बैंकको ई.प्रा.निर्देशन नं.११/०८२ को बुदा नं.१० (त) बमोजिम नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.को तर्फबाट प्रतिनिधिको रुपमा म र तत्कालिन Consortium Head शेखर थापा तथा प्राईम कमर्सियल बैंक लि.को तर्फबाट नेपाल भुषण श्रेष्ठ समेत भई सहवित्तीयकरणको वैठक वसी कर्जा असुली प्रकृयामा जाने तथा सो प्रकृयाको लागि सम्पुर्ण जिम्मेवारी अगुवा बैंक नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.लाई अख्तियारी दिने सिफारिस गरी आ-आफ्नो बैंकको उच्च व्यवस्थापन समक्ष निर्णयको लागि पेश गरिएको हो । मलाई जानकारीमा आए अनुसार स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम गर्नु पुर्व बैंकको संचालक समिति (वोर्ड)बाट निर्णय भएको थियो । लिलामी गर्नु अघि ऋणि कम्पनीका अध्यक्ष सर्वेश जोशीलाई जानकारी गराएको हुनु पर्छ । उक्त सम्पत्ति लिलाम गर्नु भन्दा पहिले सम्पत्ति मूल्यांकन भए नभएको सम्बन्धमा

समेत मलाई जानकारी छैन। लिलामी प्रकृयामा मेरो संलग्नता नभएको हुनाले लिलामी प्रकृयाको लागि बोलपत्र दर्ता गर्ने क्रममा बोलपत्रदाता (Bidder) हरूको योग्यता परीक्षण भए नभएको सम्बन्धमा मलाई जानकारी छैन। उक्त लिलामी प्रकृयामा प्रतिस्पर्धात्मक बोलकबोल पर्याप्त भएको हुनु पर्छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंकले कर्जा प्रवाह गरी सृजित भएको सम्पत्ति उपर बैंकको हक अधिकार रहन्छ र सुरक्षित कारोबार ऐन बमोजिम बैंकको सम्पत्ति भनि दर्ता भएको सम्पत्ति उपर बैंकले लिलाम गर्न पाउने मेरो बुझाई हो, सम्मानित उच्च अदालत पाटनबाट भएको फैसलामा बैंक कुनै पक्ष नरहेको, बैंकको कर्जाबाट सम्पत्ति सृजना भएको भन्ने जिकिर नभएको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन सम्बन्धी कुरा उल्लेख नगरिएको हुँदा सम्मानित अदालतबाट भएको फैसलामा मेरो कुनै राय छैन। उल्लेखित सम्पत्ति बैंक तथा बित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंकको सम्पत्ति भएको वुझाई भएकोले उक्त सम्पत्ति लिलाम गर्नु पूर्व  नेपाल दूर सञ्चार प्राधिकरणको स्वीकृति प्राप्त गरिएको छैन। अगष्ट ६, २०२५ मा सहवित्तीयकरण बैंकहरुको बैठकबाट ३५ दिने सूचना तथा १५ दिने लिलामी सूचना प्रकाशन गर्ने निर्णय भएको थियो र सो सम्बन्धी सम्पुर्ण अख्तियारी अगुवा बैंक नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.लाई दिने निर्णय गरिएको थियो। मेरो जानकारीमा आए अनुसार बैंक व्यवस्थापनबाट स्मार्ट टेलिकम लि.का अध्यक्ष सर्वेश जोशीलाई उक्त कम्पनीको टावर लगायतका सम्पत्ति जडित घर जग्गा बापतको भाडा शुल्क के कति छ भनि मौखिक सोधनी हुँदा निज सर्वेश जोशीले अन्दाजी रु.४० करोड जति रहेको भनि जानकारी दिएको भन्ने सुनेको हुँ। मेरो बुझाईमा लिलामी प्रकृया पश्चात सम्पत्ति हस्तान्तरण गर्ने प्रकृयामा लाग्ने शुल्क दै दस्तुर समेत बोल कवोल दाताले नै वुझाउनु पर्ने बैंकिङ अभ्यास रहेकोले सोको निर्णय सर्वेश जोशीले दिएको जानकारी अनुसार नै बैंकबाट भएको हुनु पर्छ तर को कसबाट निर्णय भएको मलाई जानकारी छैन। बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ५७(४) मा  लिलाम विक्री वा अन्य व्यवस्था गरी साँवा, व्याज र हर्जाना रकम असुल गर्दा भएको खर्चको रकम र बैंक वा वित्तीय संस्थाको साँवा व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएमा त्यस्तो बाँकी रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनुपर्छ भन्ने व्यवस्था रहेको छ, मेरो वुझाईमा बैंकले लिलामी सूचनामै रु.४० करोड किटान गरी उक्त रकम उक्त कम्पनीको टावर लगायतका सम्पत्ति जडित घर जग्गा बापतको भाडा शुल्क समेत बापत बुझाउने भनि उल्लेख गरेकोमा सो रकम ऋणी कम्पनीको नभएको र सम्पत्ति जडित घर जग्गा धनिहरुलाई बुझाउनु पर्ने भएकोले ऋणी स्मार्ट टेलिकम प्रा.लि.बाट वा अन्य आधिकारिक निकायबाट आधिकारिकरुपमा प्रमाणित नभई सो रकम कोही कसैलाई भुक्तानी दिने आधार देखिँदैन। यसै सम्बन्धमा स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति जडीत घर जग्गा धनीहरु समेतको संघर्ष समितिका पदाधिकारीहरु नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लाजिम्पाटमा पटक पटक सम्पर्क गर्न आएको समयमा समेत उनीहरुले पाउनु पर्ने रकम सम्बन्धित निकायबाट प्रमाणित गराई बैंकमा दाखिला गरेको खण्डमा आवश्यक हिसाव मिलान गरी भूक्तानी दिने र सो रकम बैंकमा सुरक्षित रहेको प्रतिवद्धता बैंकले गरे पश्चात हाल सम्म उक्त रकम कोही कसैले आधिकारीकरुपमा दावी गर्न नआएकोले हाल सम्म उक्त रकम बैंकमा सुरक्षित रहेको छ, उक्त खाता अनुसन्धानको सिलसिलामा यस केन्द्रिय अनुसन्धान ब्यूरो, लाजिम्पाटबाट रोक्का राखिएको मलाई जानकारी छ। लिलाम गर्ने सूचना निकाल्नु भन्दा पहिले बैंकको सञ्चालक समिति (बोर्ड) बाट एनसेल आजीयटा लि. सँग कुराकानी गरी लिलाम गर्ने व्यवस्था मिलाउन बैंकको प्रमुख कार्यकारी अधिकृत (CEO) लाई निर्देशन दिएको भन्ने सम्बन्धमा मलाई कुनै जानकारी छैन। एनसेल आजीयाटा लि.बाट स्मार्ट टेलिकम प्रा.लि.ले धितो राखेको सम्पत्ति लिलाम गरेमा सो लिलाम भविश्यमा रणनीतिक प्रयोजनको लागि आवश्यक हुने भनी निर्णय

गराएको र ऐनसेल आजीयाटा लि.बाट लिलाम सकार्ने निश्चित भएपश्चात बैंकको मिलेमतोमा प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि. तथा ट्रान्सगेट टेक प्रा.लि. समेतलाई बोलपत्र दर्ता गर्न लगाई प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि.को हकमा बैंकका कर्मचारी भाष्कर नरसिंह जोशीको संलग्नतामा ३ घण्टाको लागि रु.४ करोड २५ लाख रकम व्यवस्थापन गरी गराएको भन्ने सम्बन्धमा मलाई कुनै जानकारी छैन भन्ने समेत व्यहोरा कागज।

ध. **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २५ ईन्द्रचोक स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ५ बालुवाटार बस्ने धनरत्न तुलाधरको छोरी, विश्वधर तुलाधरको श्रीमती वर्ष ४८ की सरिना तारा तुलाधर (ना.प्र.प.नं.८०१०, काठमाडौं):**

म Transgate Tech Pvt. Ltd. मा अन्दाजी ३ वर्ष देखि नै सञ्चालकको रुपमा छु। उक्त प्रा.लि.को सञ्चालक भए पनि म नियमित रुपमा अफिस जाँदिन। यसबाट मलाई कुनै तलब प्राप्त हुँदैन। प्रा.लि.मा बेलाबेलामा हुने बैठकमा बोलाएको बेला उपस्थित मात्र हुने गरेकी हुँदा प्रा.लि.को नियमित कामहरु मैंले हेर्ने गरेकी छैन। सवालमा उल्लेख गरे बमोजिम स्मार्ट टेलिकमको दूरसञ्चारजन्य सामग्रीको लिलाम बिक्रीको लागि नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक र प्राईम कमर्सियल बैंकबाट बोलपत्र आह्वान भएकोमा सो सामानहरु खरिद गर्नको लागि Transgate Tech Pvt. Ltd. ले बोलपत्रमा सहभागि भएको सम्बन्धमा कम्पनीको बैठकबाट सो कुरा छलफल भएको थियो। कम्पनीको आधिकारिक दस्तखत म, सोनी जोशी र पलिना श्रेष्ठ मध्ये कोहि दुईको दस्तखत मात्र भए हुने भएकोले कम्पनीको कर्मचारीहरुले मलाई उक्त बोलपत्र फाराममा दस्तखत गर्नको लागि कागजातहरु दिएकोमा मैंले दस्तखत गरेकी थिएँ। उक्त बोलपत्र फाराममा बोलकबोल रकम रु.४४,५०,००,०००/- (चवालिस करोड पचास लाख) बोलकबोल रकम उल्लेख गरेको कुरा तत्कालिन समयमा कागजमा दस्तखत गर्दाका बखत देखेको थिएँ। पछि बोलपत्रको लागि धरौटी रकम जम्मा गर्ने समयमा रकम अपुग भएको भनि पलिना श्रेष्ठले मलाई रु. १ करोड माग गरेकोमा रु. २५,००,०००/- (पच्चिस लाख रुपैयाँ) र रु. ७५,००,०००/- (पचहत्तर लाख रुपैयाँ) को दुई वटा चेक मार्फत् मैंले Transgate Tech Pvt. Ltd. को हिमालयन बैंक लि.को खातामा जम्मा गरिदिएको थिएँ। सो रकम मेरो व्यक्तिगत रकम हो। सो रकमको लागि कम्पनीबाट कुनै छलफल, निर्णय भएको थिएन। व्यक्तिगत रुपमा पलिना श्रेष्ठले माग गरेकोमा मैंले उक्त रकम प्रा.लि.को खातामा जम्मा गरेकी थिएँ। उक्त रकमको श्रोत कलंकी, च-मति (स्वयम्भू) समेतको स्थानको मेरो पुर्खौली जग्गा बिक्री गरी प्राप्त भएको, म समेत संचालक रहेको Transgate Holding Pvt. Ltd. बाट मलाई प्राप्त हुने त्रैमासिक तलब रु. २ लाख र मेरो भेडासिंह (ईन्द्रचोक) मा रहेको घरबाट घरभाडा बापत प्राप्त भएको रकम हो। Transgate Tech Pvt. Ltd. को हिमालयन बैंक लि.को खाताबाट नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को नाममा ३ वटा GOOD FOR PAYMENT चेक जारी भई रकम जम्मा भएको सम्बन्धमा उल्लेखित चेकहरु देखाउँदा देखेँ। उक्त चेकहरु मध्ये रु. १ करोड २० लाख र रु. २ करोडमा भएको दस्तखत मेरो र पलिना श्रेष्ठको हो भने रु. १ करोड पच्चिस लाखमा मेरो दस्तखत छैन। सो समयमा म बैंकक गएको हुँदा पलिना श्रेष्ठले मात्र गरेकी रहेछिन्, उक्त कुरा हाल मात्र थाहा भयो। पछि पलिना श्रेष्ठले Trangate Tech Pvt. Ltd. बाट पेश भएको बोलपत्र स्वीकार नभएको र रकम फिर्ता भएको कुरा मलाई भनेपछि सो कुरा थाहा पाएँ तर Trangate Tech Pvt. Ltd. सहभागी भएको उक्त लिलामीमा एनसेल आजिआटा लि. ले पेश गरेको बोलपत्र स्वीकार भएको कुरा भने थाहा थिएन। उक्त लिलामीमा अन्य को-को प्रतिस्पर्धीहरु थिए भन्ने कुरा पनि मलाई थाहा थिएन भन्ने समेत व्यहोरा कागज।

न. **प्रतिवादी समेत रहेका नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.का संचालक समितिका सदस्य वर्ष ४३ को शालिकराम बेलबासेले लेखाईदिएको व्यहोराः**

म २०८१/११/१५ गतेको संचालक समितिको निर्बाचनमा सर्वसाधारण समुहबाट निर्बाचित भएको हुँ । मेरो व्यक्तिगत रुपमा ४०,४४४ कित्ता सर्वसाधारण शेयर रहेको छ । बैंक संचालक समितिको सदस्यको रुपमा मेरो मुख्य काम बैंकका नीति निर्माण गर्ने, बैंकको बजेट पास गर्ने, प्रमुख कार्यकारी अधिकृतलाई तोकिएको सिमा भन्दा माथिका कर्जाहरु प्रमुख कार्यकारी अधिकृतको सिफारिसमा स्वीकृत गर्ने लगायतका कामहरु रहेका छन् । संचालक समितिले दैनिक प्रशासनमा व्यवस्थापनलाई हस्तक्षेप गर्न मिल्दैन । सो कारण आवश्यकता अनुसार बैंकको नीतिगत कार्यहरु संचालक समितिले गर्ने गर्दछ । संचालक समितिको सदस्यको हैसियले मेरो पारिश्रमिक तथा सेवा सुविधामा संचालक समितिको प्रति बैठक भत्ता रु.१२,०००।– र प्रति महिना ५० लि.ईन्धन सुबिधा रहेको छ । म संचालक समितिमा आउनु भन्दा पुर्वनै स्मार्ट टेलिकम प्रा.लि.लाई Hypothecation कर्जा प्रवाह भएको थियो । स्मार्ट टेलिकम प्रा.लि.को कर्जाको साँवा ब्याज तिर्ने जिम्मेबारी कम्पनीका साथै व्यक्तिगत जमानी सर्वेश जोशीको हो । स्मार्ट टेलिकम प्रा.लि.ले कर्जाको साँवा ब्याज भुक्तानी नगरे पश्चात साँवा ब्याज नियमित गर्न गराउन बैंक व्यवस्थापनले सम्बन्धित ऋणी कम्पनी तथा शेयरधनीलाई मौखिक तथा लिखित ताकेता गरेको भनी बैंक व्यवस्थापनले जानकारी गराएको थियो । संचालक समितिको बैठकमा मुख्य एजेण्डामा समावेश नभएका विषयवस्तुको सम्बन्धमा Any other business एजेण्टा अन्तर्गत छलफल हुने गर्दछ । नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.६२३ औं संचालक समितिको सन् 4th July 2025 मा हुने बैठकको प्रस्ताबित एजेण्डामा उल्लेख भएको Any other business एजेण्डा अन्तर्गत ऋण असुलीसँग सम्बन्धित भएको हुँदा प्रमुख कार्यकारी अधिकृत(CEO) ले स्मार्ट टेलिकम प्रा.लि.को सम्बन्धमा विषय उठान गरेकाले संचालक समितिको उक्त बैठकमा छलफल भएको हो । नेपालमा दुरसंचारसँग सम्बन्धित कम्पनी २ वटा मात्र रहेको जसमा नेपाल टेलिकम र एनसेल आजियाटा प्रा.लि.रहेकोमा नेपाल टेलिकम सरकारी कम्पनी रहेको हुँदा निर्णय प्रकृयामा लामो समय लाग्न सक्ने भएको र नेपाल राष्ट्र बैंकले समेत यथासिघ्र छिटो असुली प्रकृया गर्नु भन्ने निर्देशन आएको भनी व्यवस्थापनले जानकारी गराएको हुँदा छोटो अवधिमा बैंकको खराब कर्जा असुली हुन्छ भने एनसेल आजियाटा प्रा.लि. इच्छुक रहे नरहेको सम्बन्धमा कुरा गर्नु भनी संचालक समितिले सल्लाह दिएको मात्र हो । लिलामी प्रकृया सम्बन्धी सम्पूर्ण काम व्यवस्थापनले गर्ने भएको हुँदा नेपाल दूर सञ्चार प्राधिकरणको स्वीकृति प्राप्त गरिएको थियो, थिएन भन्ने सम्बन्धमा मलाई कुनै जनाकारी भएन । व्यवस्थापनले ऋणीको दायित्व अन्तर्गतको रु. ४० करोड घरभाडा लगायतका दायित्व भुक्तानीको लागि समावेश गरिएको हो र उक्त रकम छुट्टै खातामा जम्मा गरी राखिएको हो भनी जानकारी गराएको थियो । यसरी ऋणिको दायित्व समावेश गरी लिलाम गर्ने कुरा कून ऐन कानून, निर्देशनबाट निर्देशित भई गरिएको हो सो सम्बन्धमा मलाई जानकारी भएन । स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति Hypothecation कर्जा भएको हुँदा सुरक्षित कारोबार ऐन, २०६३ ले बैंकको पहिलो हक हुनेछ भनी व्यवस्थापनले जानकारी गराएको थियो । स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति नेपाल सरकारको नाममा गएको भन्ने कुरा यस व्यूरोबाट अनुसन्धान भई प्रमुख कार्यकारी अधिकृतलाई पक्राउ गरे पश्चात थाहा भएको हो । लिलामी सम्बन्धी सम्पूर्ण काम व्यवस्थापनले गर्ने हो । यसमा संचालक समितिको कुनै भूमिका हुँदैन । म समेत सहभागी भएको संचालक समितिको ६२३ औ बैठकबाट बैंकको खराब कर्जा उठाउनको लागि दुरसंचारसँग सम्बन्धित

कम्पनी एनसेल आजीयाटा लि.इच्छुक रहे नरहेको सम्बन्धमा कुरा गर्नु भनी सल्लाह तथा सुझाव मात्र दिईएको हो भन्ने समेत व्यहोरा कागज।

ऩ. **<u>प्रतिवादी समेत रहा नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.का संचालक समितिका सदस्य कवि कुमार टिवरेवालाले लेखाएको व्यहोराः</u>**

नेपाल ईन्भेष्टमेण्ट बैंक र मेगा बैंक लि. एक आपसमा मर्ज भएको करिव १ वर्ष पछि भएको संचालक समितिको चुनावबाट सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक समितिको सदस्यको हैसियतमा निर्वाचित भई आएको छु। मैंले संचालक समितिको हैसियतमा प्रति महिना ५० लिटर ईन्धन (डिजेल/पेट्रोल) र प्रत्येक बैठक मिटिङ भत्ता बापत Tax कटाएर रु.१० हजार २ सय पाउने गरेको छु। मेरो नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.मा मेरो करिव १ (एक) लाख कित्ता शेयर रहेको छ। नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम Policy making, Budget making, Strategy Formation, Non-executive roles, Non-performing Loan (NPL) Control गर्ने समेतको Policy हरु ठिक छ छैन भनि हेर्ने, समिक्षा गर्ने, छैन भने त्यसलाई सुधार गर्न निर्देशन दिने काम संचालक समितिको कर्तव्य रहन्छ। नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. बाट स्मार्ट टेलिकम प्रा.लि.लाई Hypothecation कर्जा प्रबाह भएको हो। उक्त कर्जाको साँवा तथा व्याज तिर्ने दायित्व स्मार्ट टेलिकम प्रा.लि.को हो। स्मार्ट टेलिकम प्रा.लि.लाई प्रवाह भएको कर्जा रकमको साँवा व्याज नियमित गर्न नसकी कर्जा समस्या भएको कुरा करिव ३/४ वर्ष अगाडि व्यवस्थापनबाट बोर्डलाई जानकारी गराएको थियो। त्यस पछि बैंकको संचालक समितिले प्रकृयामा गएर काम गर्नु भनि व्यवस्थापनलाई जानकारी दिएको थियो। नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को सन् 4th July 2025 मा भएको ६२३ औं संचालक समितिको माईन्युटमा कवि कुमार टिवरेवालाको हैसियतमा गरेको दस्तखत मैंले गरेको दस्तखत हो फरक छैन, मैंले हेरी चिने। बैंकबाट स्मार्ट टेलिकम प्रा.लि.लाई प्रवाह भएको कर्जा नियमित नभई समस्याग्रस्त भए पछि बैंकको CEO ले सो विषयलाई बैंकको 4th July 2025 मा भएको संचालक समितिको ६२३ औं बैठकमा अगाडि सारे पछि संचालक समिति (बोर्ड) मा छलफलको विषय बनि स्मार्ट टेलिकम प्रा.लि.लाई लगानी गरेको कर्जाको साँवा व्याज असुल उपर गर्नको लागि बैठकमा पेश भएको प्रस्ताबित एजेण्डाहरु मध्ये ३ नं. वुदामा उल्लेखित Any other business मा राखी Recovery plan related to M/s Smart Telecom Pvt. Ltd.भनी With the permission of Chairman, CEO Mr. Jyoti Prakash Pandey informed the Board of Directors that despite several verbal as well as written follow ups, the borrower namely M/s Smart Telecom Pvt Ltd. failed to pay the loan and banking facilities taken from the Bank, and as the security hypothecated with the Bank is related to the telecommunication services, there may be only two Institutions namely Nepal Door sanchar Company Ltd. and Ncell Axiata Ltd., which may be interested on that security. After due deliberation and thorough discussions, the Board of Directors instructed the Chief Executive Officer to correspond with Ncell Axiata Ltd. asking whether they are interested to buy the said security by participating in the bid called by the Bank, and if they agree to participate in the bid, to proceed with the recovery process for the same. The Board of Directors further unanimously authorized the Chief Executive Officer to do all the necessary to conclude the deal, if Ncell Axiata

Ltd, agreed to buy the security by participating in the bid called by the Bank भनि संचालक समितिबाट निर्णय गरिएको हो। बोर्डबाट लिलामी गर्नु पर्ने स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति खरिद गर्न Ncell Axiata Ltd. ईच्छुक छ भने Ncell Axiata Ltd. लाई पनि कुरा गरेर लिलामी प्रकृयामा भाग लिन अनुरोध गर्नु भनिएको हो। स्मार्ट टेलिकम प्रा.लि.लाई प्रवाह भएको कर्जा समस्या आई कर्जाको साँवा व्याज चुक्ता गर्न नसक्ने अवस्था देखिए पछि सो विषयलाई बैंकको CEO ले Loan Recovery Committee (LRC) को सिफारिसमा बैंकको संचालक समितिको ६२३ औं बैठकमा राखे पछि स्मार्ट टेलिकम प्रा.लि.को स्मार्ट टेलिकम प्रा.लि.को हाइपोथिकेसन सम्पत्ति लिलामीको लागि Ncell Axiata Ltd. समेतसँग कुरा गरी लिलामीमा भाग लिन आमन्त्रण गर्नु भनि निर्णय भएको हो। तत्कालिन समयमा स्मार्ट टेलिकम प्रा.लि.लाई प्रवाह भएको कर्जा समस्याग्रस्त भए पछि संचालक समितिमा छलफल भई उक्त कम्पनीलाई लगानी गरेको कर्जाको साँवा व्याज असुल उपर गर्नको लागि नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को संचालक समितिको ६२३ औ बैठकबाट स्मार्ट टेलिकम प्रा.लि.को हाइपोथिकेसन सम्पत्ति लिलामीबाट असुल उपर गर्नु भनि प्रस्ताबित एजेण्डाको ३ नं.मा Any other business मा राखी निर्णय भएको हो। उक्त सम्पत्ति लिलाम गर्नु पुर्व नेपाल दूर सञ्चार प्राधिकरणको स्वीकृति लिए नलिएको विषय बैंकको व्यस्थापनको काम भएकोले मलाई जानकारीमा छैन। स्मार्ट टेलिकम प्रा.लि.लाई दिएको कर्जा असुल उपर गर्नको लागि लिलामी प्रकृयामा जाने सम्बन्धमा तत्काल संचालक समितिबाट निर्णय भएको हो तर ऋणीको दायित्व रु.४० करोड भुक्तानी गर्ने ऋणीको दायित्व समावेश गरी लिलाम गर्ने सम्बन्धमा मलाई जानकारी छैन। को कसबाट भएको हो सो समेत मलाई थाहा छैन। नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन अनुसार लिलामी प्रकृयाको काम गर्नु व्यवस्थापनलाई निर्देशन दिएको हो। स्मार्ट टेलिकम प्रा.लि.को टावर रहेको घर जग्गा धनीहरुलाई दिनु पर्ने बहाल भाडा रकम रु.४० करोड समेत गरी जम्मा रु.४ अर्ब ६० करोडमा Ncell Axiata Ltd ले लिलामी सकारी उक्त लिलामी बापतको रकम रु.४ अर्ब ६० करोड समेत नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.लाई भुक्तानी दिएको हो। घर जग्गा धनीहरुलाई दिनु पर्ने बहाल/भाडा बापतको रकम कुन घर जग्गा धनिलाई के कति रकम दिनु पर्ने भनि स्पष्ट नभएको हुनाले उल्लेखित रकम बैंकमा राखिएको छ। घर जग्गा धनिहरु एकिनका साथ प्रमाण सहित आएमा व्यवस्थापनबाट भुक्तानी हुने छ भन्ने समेत व्यहोरा कागज।

प. **स्मार्ट टेलिकम प्रा.लि.मा लेखा प्रवन्धकका रुपमा कार्यरत, हिमालयनमणी थापाको छोरा काठमाडौं जिल्ला चन्द्रागिरी नगरपालिका वडा नं.१५ स्थायी वतन भएका स्मार्ट टेलिकम प्रा.लि.का तत्कालिन लेखा प्रबन्धक वर्ष ४७ को आत्माराम थापा ( ना.प्र.नं.७७६३, काठमाडौं):**

मेरो स्मार्ट टेलिकम प्रा.लि.मा स्मार्ट टेलिकम प्रा.लि.को लेखा(हिसाब किताब) हेर्ने जिम्मेवारी रहेको थियो। स्मार्ट टेलिकम प्रा.लि. मैंले रु.७५,००।– मासिक पारिश्रमिकमा काम गर्न सुरु गरेकोमा अन्तिम पटकमा रु.३,००,०००।– मासिक तलब पाउने गरेको थिए। सो बाहेक मासिक पेट्रोल २५ लिटर, स्मार्ट टलिकम प्रा.लि.को रु.१००० बराबरको रिचार्ज कार्डको सुबिधा पाउने गरेको थिए। २०८० साल वैशाखबाट कम्पनी बन्द रहेको छ। मैंले संचयकोष, बिदा र तलबको रकम समेत गरी लगभग २८,००,०००।– लिन बाँकी रहेको छ। भावना सिंह श्रेष्ठलाई मैंले व्यक्तिगत रुपमा चिनेको छैन। निजको देवर सचिन लाल आचार्यले कम्पनी खोल्न लागेको हुँदा साक्षी बस्नु भनी अनुरोध गरेको हुँदा सुनिभेरा क्यापिटल भेन्चर प्रा.लि. खोल्ने क्रममा म साक्षी बसेको हुँ। स्मार्ट टेलिकम प्रा.लि.को खाताबाट रु.९,५०,०००।– दरका रकमहरु नगदै १७१ पटक निकालेको

सम्बन्धमा उक्त रकमहरु स्मार्ट टेलिकम प्रा.लि.को टावर भाडा र बिद्युत महसुल भुक्तानीको लागि निकाली महसुल तथा भाडाहरु तिरीएको हो सो समयमा Connect IPs नभएको कारण नगदै निकालिएको हो । साजन पाठक/मिगेन्द्र अमात्य स्मार्ट टेलिकम प्रा.लि.का कार्यालय सहयोगी हुन निजहरुको नामबाट समेत टेलिकम प्रा.लि.को टावर भाडा र बिद्युत महसुल भुक्तानीको लागि रकम निकालिएको हो । स्मार्ट टेलिकम प्रा.लि.को एनसेल आजियाटासँग भएको कारोबार Interconnection Transaction हो जुन स्मार्ट टेलिकम प्रा.लि. र एनसेलका ग्राहककहरुले एकआपसमा फोन गर्दा लाग्ने दस्तुर बापतको रकम हो । स्मार्ट टेलिकम प्रा.लि.र एनसेल बिच लिनु पर्ने रकमको सम्बन्धमा हाल मलाई एकिन भएन । Nepal Satellite Pvt Ltd बाट प्राईम कमर्शियल बैंक लि र नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.को खातामा रकम आएकोमा उक्त रकमबाट नेपाल स्मार्ट टेलिकम प्रा.लि.को साँवा र व्याज तिरिएको हो । स्मार्ट टेलिकम प्रा.लि. एनसेल आजियाटा प्रा.लिसँग मर्जर जाने भनी DDA गर्ने काम KPMG India मार्फत् भएको थियो । सोही कारण म नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. बैंक समेतका बैंकहरुको सहवित्तीयकरण मिटिङमा सहभागी भई स्मार्ट टेलिकम प्रा.लि. मर्जर जाने कुरा उल्लेख गरेको हुँ । स्मार्ट टेलिकम प्रा.लि.को लाईसेन्स खारेज भई पुन: लाईसेन्स प्राप्त गरेको सम्बन्धमा मलाई जानकारी छैन । धर्म बहादुर चन्दलाई मैंले व्यक्तिगत रुपमा चिनेको छैन । मलाई थाहा भए अनुसार निज धर्म बहादुर चन्दले हाम्रो कम्पनीलाई विदेशी लगानीकर्ताको खोजी गर्ने काम गरेका थिए । अर्जुन प्रसाद शर्मासँग मेरो व्यक्तिगत सम्बन्ध रहेको छैन तर निज अर्जुन प्रसाद शर्मा र सर्वेश जोशी बिच कारोबार रहेको थियो । निज अर्जुन प्रसाद शर्मासँग सर्वेश जोशीले पटक पटक रकम लिएका थिए । निजसँग भेटी मैंले समेत रकम लिई सर्वेश जोशीलाई दिएको थिएँ । नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.लाई स्मार्ट टेलिकम प्रा.लि.को बिजुली/भाडाबापत रु.४० करोड रहेकोले सो रकम समेत समावेश गरी लिलामी निकाल्नु पर्छ भनी नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.लाई विवरण उपलब्ध गराएको सम्बन्धमा मलाई जानकारी छैन । मलाई थाहा भए सम्म नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.बाट लिईएको कर्जामा व्यक्तिगत जमानी सर्वेश जोशीको रहेको छ । अनुपमान तुलाधर स्मार्ट टेलिकम प्रा.लि.मा आबद्ध कर्मचारी होईनन् । सोनीभेरा क्यापिटल भेन्चर प्रा.लि. सँग सम्बन्धित रहेको भन्ने जानकारी छ । निज अनुपमान तुलाधरको खातामा करौडौ रकम जम्मा भई सोही रकम सर्वेश जोशी/स्मार्ट टेलिकम प्रा.लि.को खातामा layering placement हुँदै सोही रकम स्मार्ट टेलिकम प्रा.लि.को कर्जा तिर्न प्रयोग भएको सम्बन्धमा जानकारी छैन । मलाई जोशीको खाताबाट स्मार्ट टेलिकम प्रा.लि.को खातामा रकम आएको मात्र मलाई जानकारी रहेको छ । मलाई जानकारी भए सम्म स्मार्ट टेलिकम प्रा.लि.को २० % शेयर स्वामित्व भएको वास्तबिक कागजी धनी सर्वेश जोशी हुन् । स्मार्ट टेलिकम प्रा.लि.को भित्री कारोबारको सम्बन्धमा मलाई जानकारी छैन । एनसेल आजीयाटा लि.बाट स्मार्ट टेलिकम प्रा.लि.ले धितो राखेको सम्पत्ति लिलाम गरेमा सो लिलाम भविष्यमा रणनीतिक प्रयोजनको लागि आवश्यक हुने भनी निर्णय गराएको, ऐनसेल आजीयाटा लि.बाट लिलाम सकार्ने निश्चित भएपश्चात बैंकको मिलेमतोमा प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि. तथा ट्रान्सगेटटेक प्रा.लि.लाई समेत बोलपत्र हाल्न लगाई प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि.को हकमा बैंकका कर्मचारी भाष्कर नरसिंह जोशीको संलग्नतामा ३ घण्टाको लागि रु.४ करोड २५ लाख रकम व्यवस्थापन गरी गराई सेटिङ मार्फत् लिलाम गरेको सम्बन्धी कुराहरु सामाजिक संजालबाट थाहा पाएको हुँ । Nepal Satellite Pvt Ltd बाट स्मार्ट टेलिकम प्रा.लि.ले प्राप्त गरेको रकम जम्मा रु. ९७ करोड हो । सो रकम Nepal Satellite Pvt Ltd र स्मार्ट टेलिकम प्रा.लि. बिच Strategic Partner को रुपमा कार्य गर्ने भनि सम्झौता भएको थियो तर पछि Nepal Satellite

Pvt Ltd का लगानीकर्ता अजय कुमार सुमार्गीले आफै स्मार्ट टेलिकम प्रा.लि. सञ्चालन गर्ने भन्ने कुरा सुनेको थिएँ। उक्त रकमले स्मार्ट टेलिकम प्रा.लि.को नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. र प्राइम कमर्सियल बैंक लि.को कर्जाको साँवा, ब्याज भुक्तानी गर्न प्रयोग भएको थियो। सो रकम मध्ये रु. ३५ करोड Nepal Satellite Pvt Ltd को CFO (Chief Finance Officer) रमेश सर मार्फत् चेक लिई स्मार्ट टेलिकमको खातामा जम्मा गरिदिएको हुँ। सो रकम कर्जा तिर्न नै प्रयोग गरिएको थियो। Nepal Satellite Pvt Ltd का लगानीकर्ता अजय कुमार सुमार्गी हो भन्ने सुनेको हुँ। MG Herbal उपेन्द्र महतोको भन्ने सुनेको थिएँ। सो संस्थालाई २२ करोड रकम दिएको सम्बन्धमा के-कस्तो कारोबार हो, थाहा छैन। उल्लखित रकम नै तिरीएको कुरा मैंले सर्वेश जोशीलाई म्यासेज गरी जानकारी गराएको हुँ। Sub Ordinated Debt को रुपमा विदेशी कम्पनी Square Star Inc. बाट रु. २ अर्ब ९३ करोड ६० लाख विदेशी ऋण अन्तर्गत बैंकिङ च्यानल मार्फत् स्मार्ट टेलिकम प्रा.लि.लाई प्राप्त भएको रकम हो। उक्त रकम म कार्यरत रहनु भन्दा पहिले २०६७/६८ तिर लिएको हो। यसै गरी २०६७/६८ साल तिर रु. २ करोड ४० लाख सतिस लाल आचार्यबाट प्राप्त भएको रकम समेत कर्जा नै हो। यसरी जम्मा कर्जा रु. ३ अर्ब ३८ करोड ६० लाख साँवा, ब्याज भुक्तानी हुन बाँकी नै छ भन्ने समेत व्यहोरा कागज।

फ. **<u>जिल्ला नुवाकोट पञ्चकन्या गा.पा. वडा नं. ४ स्थायी वतन भई हाल जिल्ला काठमाडौं का.म.न.पा. २६ सामाखुसी बस्ने वर्ष ६४ का गोकर्ण प्रसाद सिटौला (स्थायी लेखा नं. १००७५६५२, मोबाइल नं. ९८५१०४६२९५)ले गरेको कागज:</u>**

नेपाल दुर सञ्चार प्राधिकरणको म बोर्ड मेम्बर २०७९ सालको असाढ महिनामा र बहाल नरहेका दूर सञ्चार सेवा प्रदायकको संचालन गर्न दुर सञ्चार प्राधिकरणको बोर्डबाट तोकिएको गठित व्यवस्थापन समूहको संयोजक २०८० सालको माघ महिनादेखि तोकिएको थिए। स्मार्ट टेलिकम प्रा.लि.लाई संचालन गर्ने उक्त व्यवस्थापान समूहको कार्यक्षेत्र रहेको भएतापनि ग्राहक आधार, स्मार्ट टेलिकम प्रा लि ले भुक्तानी गर्न पूरानो बाँकी वक्यौता दायित्व र संचालन गर्नका लागि सरकारले व्यहोर्नुपर्ने उक्त दायित्वको दृष्टिकोणले स्मार्ट टेलिकम संचालन गर्न उपयुक्त नरहेको देखिएको थियो। सोही व्यहोरा व्यवस्थापन समूहको बैठकबाट निर्णय गरी प्राधिकरण बोर्डमा जानकारी गराउन समूहको बैठक बस्न प्रयास गर्दा सञ्चार मन्त्रालयको प्रतिनिधीले समूहको बैठकमा उपस्थित नहुने भनी सदस्य सचिवलाई जानकारी गराएको कारण र २०८१ कार्तिक महिनामा मात्र संचार मन्त्रालयले अनुप नेपालको सट्टामा सुवोध नेपाललाई प्रतिनिधि तोकी पठाएको थियो। सोही कारणले स्मार्ट टेलिकम प्रा.लि.ले प्राप्त गरेको अनुमति पत्र रद्द भएपछि व्यवस्थापन समूहको कुनै बैठक बस्न नसकी उल्लेखित व्यहोरा निर्णय गरी प्राधिकरण बोर्डमा जानकारी गराउन नसकीएको हो। २०८० को बैसाख महिना देखि नै प्राधिकरणको बोर्ड र व्यवस्थापनले स्मार्ट टेलिकम प्रा लि को सम्पत्ति दायित्वको मुल्याङ्कन प्रक्रिया (DDA) अगाडि बढाई सकेको अवस्थामा उक्त स्मार्ट टेलिकम प्रा लि संचालन गर्ने योग्य छ, छैन भन्ने व्यवस्थापन समूहले भनी रहन आवश्यक थिएन। स्मार्ट टेलिकम प्रा.लि. उल्लेखित कारणले संचालन गर्न उपयुक्त थिएन। स्मार्ट टेलिकम प्रा.लि.को मुल्य निर्धारण कार्य प्राधिकरण व्यवस्थापन र बोर्डको क्षेत्राधिकारभित्र पर्ने र सो प्रा लि को अनुमति पत्र खारेज भएकै अवस्थादेखि सो प्रक्रिया शुरु भएकोमा समितिका सदस्यहरु पूर्ण हुनका लागि प्रक्रियाहरु पुरा गर्ने क्रममा २०८३ सालको बैसाख महिनामा मात्र सो पूर्ण भएको अवस्था छ। सो मुल्याङ्कन समितिले तोकिएको कार्य सम्पन्न गरिरहेकै होला। नेपाल सरकारको स्वामित्वमा आईसकेको सम्पत्तिलाई नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, दूर सञ्चार कम्पनीहरु, बोल-पत्रमा भाग लिने कम्पनीहरुका पदाधिकारीहरु समेतको योजना र मिलोमतोमा संगठित भई

गैह्रकानूनी लिलामीबाट एनसेल आजियाटा लिमिटेडले लिएको भन्ने ठगी, आपराधिक विश्वासघात र संगठित अपराधको वरादात सम्बन्धमा प्रहरीबाट अनुसन्धान भईरहेको भन्ने मैंले बिभिन्न पत्र पत्रिकामा प्रकासित समाचार पढेपछि थाहा पाएको हुँ । व्यवस्थापन समूहको बैठक बस्न गरिएका प्रसासहरु देखिने ईमेल स्क्रिनसट र मेरो परिचयको प्रतिलिपि कागजातहरु समेत पाना ९ यसै कागजसाथ पेश गरेको छु भन्ने समेत व्यहोरा कागज ।

ब. **<u>काठमाडौं जिल्ला का.म.पा.वडा नं.१४ कुलेश्वर घर भई ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.२७ सुनाकोठी सिभिल होम्समा बस्ने रघुनाथ अर्यालको छोरा वर्ष ५८ को बैकुण्ठ अर्याल:</u>**

म सन् 2022 को January देखि May महिना सम्म संचार तथा सूचना प्रविधि मन्त्रालयको सचिव पदमा कार्यरत रहेको थिए । नेपाल सरकारको कार्य बिभाजन नियमावली लगायत अन्य प्रचलित कानून बमोजिम मन्त्रालयको सचिवको हैसियतले गर्नु पर्ने सम्पूर्ण कामको जिम्मेवारी रहेको थियो । स्मार्ट टेलिकम प्रा.लि.को अध्यक्ष सर्वेश जोशीसँग Officially रुपमा सामान्य चिनजान हो, Ncell Axiata Ltd. को तर्फबाट वेला वखत कामको सिलसिलामा सचिन लाल आचार्य संचार तथा सूचना प्रविधि मन्त्रालय आउने गरेकोले सोही समयमा चिनेको हो, त्यस पछि निजहरुसँग मेरो भेटघाट र सम्पर्क समेत भएको छैन । निजहरु हाल के कस्तो अवस्थामा कहाँ छन् मलाई थाहा छैन । सचिन लाल आचार्य Ncell Axiata Ltd. को संचालक भए नभएको समेत मलाई कुनै जानकारी छैन । निजहरु दुवै जना सँग मेरो कामको सिलसिलामा Officially चिनजान हो, अन्य कुनै सम्बन्ध छैन । स्मार्ट टेलिकम प्रा.लि.ले नेपाल सरकारलाई वुझाउनु पर्ने राजस्व नेपाल दुरसंचार प्राधिकरणलाई वुझाउनु पर्ने रोयल्टी दस्तुर लगायतका रकम लामो समय देखी नवुझाएको र नेपाल सरकारले म संचार मन्त्रालय जानू भन्दा अगाडि ३ तीन पटक सम्म अन्तिम पटक भन्दै त्यस्तो रकम बुझाउने म्याद थप दिएको रहेछ, जुन थपिएको अन्तिम म्याद समेत सकिन लागेको समयमा पुन म्याद थप गर्नको लागि स्मार्ट टेलिकम प्रा.लि.को तर्फबाट तारन्तार मौखिकरुपमा अनुरोध भइरहेको र मैंले रकम नबुझाईकन कुनै पनि हालतमा म्याद थप गर्न सकिदैन भन्ने कुरा राखेको, यद्यपि यस्तो अनुरोधको उठान गर्ने निकाय नेपाल दुरसंचार प्राधिकरण रहेको तर नेपाल सरकार मन्त्रिपरिषदमा म्याद थप सम्बन्धि प्रस्ताव मन्त्रालयको सचिवको हैसियतले मैंले अगाडि वढाउनु पर्ने भएकोले त्यही सिलसिलामा स्मार्ट टेलिकम प्रा.लि.को अध्यक्ष सर्वेश जोशीले भेट गर्न खोजेको हुँदा मैंले म्याद थप सम्बन्धी प्रस्ताव नेपाल सरकार र दुरसंचार प्राधिकरणलाई बुझाउनु पर्ने रकम नबुझाई अगाडि वढन सक्दैन भन्ने कुरा राख्नको लागि निज सर्वेश जोशी सँग एक पटक रेडिसन होटलमा भेट गरेको हो भने तत् पश्चात एक पटक मन्त्रालयमा आउदा भेट भएको थियो । त्यस समयमा कोभिडको कारणले सिहदरवार भित्र सर्वसाधरणलाई प्रवेश पाउन कठिन भएको र मेरो कार्यालय सिहदरवार भित्र नै रहेकोले त्यहाँ भेट गर्न कठिन हुने भएकोले निज सर्वेश जोशीसँग रेडिसन होटल लाजिम्पाटमा भेट गरेको हो, निजसँग मेरो त्यो गोप्य भेटघाट पनि होईन । यसमा मेरो गलत मनासय पनि रहेको थिएन छैन । निज सर्वेश जोशीले पटक पटक थपिएको म्यादमा पनि एक रुपैया पनि नेपाल सरकार र नेपाल दुरसंचार प्राधिकरणलाई नवुझाएको अवस्थामा पुन म्याद थप गर्न कम्पनीको तर्फबाट आईरहेको मौखिक अनुरोधलाई मैंले पटक पटक ईन्कार गरेको र सोही कुरा वताई दिनको लागि मात्र निजलाई मैंले भेटेको हो । यस सम्बन्धमा न त मैंले कुनै लाभ लिएको छु, न त नेपाल सरकारलाई कुनै हानी पुऱ्याएको छु, न त कुनै सूचना निज सर्वेश जोशीलाई उपलव्ध गराएको छु । मैंले यसरी रकम नवुझाई म्याद थपको लागि स्पष्ट ईन्कारी गरेको अवस्थामा मैंले कसरी लाभ लिन सक्छुर ? मेरो नेपाल सेटलाइट टेलिकम प्रा.लि.को संचालक अजेय राज सुमार्गी पराजुलीसँग चिनजान छैन । सो कम्पनीले स्मार्ट टेलिकम प्रा.लि.मा लगानी गरेको विषयमा

मलाई जानकारी छैन । स्मार्ट टेलिकम प्रा.लि. तथा Ncell Axiata Ltd. दुई संस्थाको मर्ज गराउने उदेश्यले नेपाल दुरसंचार प्राधिकरणले मितिः २०७९/०६/०८ गतेको निर्णय नं.४८३३ बाट दूर सञ्चार सेवा प्रदायक गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिजन) सम्बन्धी नियमावली, २०७९ पारित गरेको सम्बन्धमा मलाई थाहा छैन । हाल मलाई सम्झना भए सम्म नेपाल सरकारले एक पटक म्याद थप गर्दा अनुमति पत्र रद्द हुने, बहाल नरहने दुरसंचार कम्पनीहरुको सेवा सुचारू राख्ने र सम्पत्तिको व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी व्यवस्था समेत गर्ने भन्ने निर्णय गरेकाले म संचार मन्त्रालय जानु भन्दा अगाडि नै यो नियमावलीको मस्यौदा तयार भई नेपाल सरकार मन्त्रिपरिषदमा पेश भई सकेको थियो तर मन्त्रि परिषदले निर्णय गर्नु पुर्व नै तत्कालिन मन्त्रिपिरषद बिघटन भएकोले सवै प्रस्तावहरु फिर्ता भएको थियो । नयाँ सरकार गठन भई सके पछि र म संचार मन्त्रालयमा गई सके पछि पुन: उक्त प्रस्ताव मन्त्रिपरिषद पुर्याएको हो र मन्त्रिपरिषदले त्यस नियमावली स्वीकृत गरि कार्यान्वयनमा आएको हो । स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स खारेज भई मितिः २०८०/०१/०३ गतेबाट कानून बमोजिम स्वत: नेपाल सरकारको स्वामित्वमा आएको स्मार्ट टेलिकम प्रा.लि.सँग सम्बन्धित दूरसञ्चारजन्य टावर लगायतका सम्पत्ति दुरसंचार ऐन, २०५३ को दफा ३३ बमोजिम नेपाल सरकारको हुने व्यवस्था रहेकोले नेपाल सरकारको अनुमति स्विकृति विना त्यस्तो सम्पत्ति वेचविखन वा लिलाम बढाबढ वा कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउने कुरा कानून सम्मत हुँदैन । सन् २०२३ मा आजियाटा ग्रुपले आफ्नो ८०% शेयर Spectrlite UK लाई तत्कालको वास्तविक मुल्य भन्दा अस्वाभाविकरुपमा Under Valuation गरी कम मुल्यमा विक्री वितरण गरेको समयमा म संचार मन्त्रालयमा नरहेको तर नेपाल सरकारको मुख्य सचिव पदमा कार्यरत रहेकोले नेपाल सरकार मन्त्रिपरिषदबाट तत्कालै यो विषयमा छानविन गरी प्रतिवेदन पेश गर्न पुर्व महालेखपरीक्षक टंकमणि शर्माको संयोजकत्वमा एउटा छानबिन समिति बनेको र सो समितिले पेश गरेको प्रतिवेदन कार्यन्वयन गर्न संचार मन्त्रालयलाई पठाइएको सम्म जानकारी छ भन्ने समेत व्यहोरा कागज ।

भ. **NIMB Loan Recovery Committee Meeting NIMB/LRC/005/FY 2082/83 सम्बन्धमा स्याङ्जा जिल्ला आँधिखोला गाउँपालिका जन्म भई हाल काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं.४ स्थायी वतन भएका नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.का DCEO वर्ष ५१ को महेश शर्मा ढकाल (ना.प्र.नं.१९६६५ स्याङ्जा):**

म नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. मा वि.सं. २०७९ पुष २७ गते देखि Senior Deputy Chief Executive Officer को रुपमा कार्यरत छु । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.बाट स्मार्ट टेलिकम प्रा.लि.लाई प्रतितपत्र मार्फत् उपकरणहरु खरिद गर्नको लागि LC सुविधा प्रदान गरिएको थियो । म बैंकमा कार्यरत हुनुभन्दा अगाडि नै स्मार्ट टेलिकम प्रा.लि.लाई कर्जा सुविधा प्रदान भई सकेको हुँदा सो कर्जा लगानी गर्ने प्रकृयामा म संलग्न छैन । सो कर्जाको साँवा ब्याज तिर्ने जिम्मेवारी कम्पनीको नै हो, सो कर्जामा व्यक्तिगत जमानी कम्पनीका अध्यक्ष सर्वेश जोशी भएको थाहा छ निज वाहेक अन्य व्यक्तीको व्यक्तिगत जमानी भए नभएको मलाई थाहा छैन् । स्मार्ट टेलिकम प्रा.लि.ले कर्जाको साँवा ब्याज भुक्तानी नगरे पश्चात साँवा ब्याज नियमित गर्न गराउन बैंकले पटक पटक कम्पनीलाई मौखिक तथा लिखित रुपमा पत्राचार तथा ताकेता गरेको थियो । कम्पनीलाई कालो सूचीमा राख्ने काम अन्तिम चरणमा हुने भएकोले स्मार्ट टेलिकम प्रा.लि.को हकमा कालो सूचीमा राख्ने सम्मको अवस्थामा पुगिसकेको थिएन । सो भन्दा पहिले बैंकले कम्पनीलाई ३५ दिने कर्जा चुक्ता गर्नको लागि दिईने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको थियो । सो अवधिमा पनि कर्जा चुक्ता नभएपछि स्मार्ट टेलिकम प्रा.लि.ले

धितोमा राखेको सम्पत्ति लिलामी गर्ने सम्बन्धमा १५ दिने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको हो । बैंकको कर्जा असुली निर्देशिका तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नै स्मार्ट टेलिकम प्रा.लि. को कर्जा असुलीको लागि प्रक्रियागत रुपमा ३५ दिने कर्जा चुक्ताको सूचना र तत्पश्चात १५ दिने ऋणी कम्पनीको चल सम्पत्तिको लिलाम बिक्रीको सूचना प्रकाशित गरी Ncell Axiata Ltd., ट्रान्सगेट टेक प्रा.लि. र प्रोफेसनल विजनेश नेटवर्क प्रा.लि. बाट पेश भएका बोलपत्रहरु मध्ये उच्च बोलपत्र रकम उल्लेख गरेको Ncell Axiata Ltd. को बोलपत्र फाराम स्वीकृतिको लागि सञ्चालक समिति समक्ष सिफारिस गर्ने निर्णय गर्नको लागि Loan Recovery Committee Meeting NIMB/LRC/005/FY 2082/83 को सन् ६ अक्टोबर, २०२५ मा लाजिम्पाट स्थित बैंकको कर्पोरेट कार्यालयमा CEO ज्योति प्रकाश पाण्डेको अध्यक्षतामा बैठक बसेको हो । Loan Recovery Committee को म सदस्य भएको हैसियतले आफ्नो पदिय जिम्मेवारी अनुसार सो बैठकमा म DCEO महेश शर्मा ढकालले दस्तखत गरेको हो । उक्त ऋण असुली समितिको बैठक (बैठक संख्या: NIMB/LRC/005/FY2082/83) को निर्णयले स्मार्ट टेलिकम प्रा.लि. को सम्पत्ति लिलामीबाट प्राप्त सर्वाधिक बोलपत्र (Ncell Axiata Ltd. को ४ अर्ब ६० करोडको Bid) लाई स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो । बैठकको मुख्य एजेण्डा स्मार्ट टेलिकम प्रा.लि. को सम्पत्ति लिलामीबाट प्राप्त बोलपत्रहरू मध्ये सर्वाधिक बोलकबोल (Highest Bid) लाई स्वीकृतिका लागि सिफारिस गर्नु र Ncell Axiata Ltd. द्वारा प्रस्तुत गरिएको रु.४ अर्ब ६० करोडको सर्वाधिक बोलपत्रलाई स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिस गर्ने भएको उक्त बैठकबाट एनसेललाई बाँकी रकम जम्मा गर्नका लागि १४ दिनको समय दिएर औपचारिक 'आशय पत्र' (Letter of Intent) पठाउने, ऋणी (सर्वेश जोशी) को सहमतिमा सम्पत्ति लिलाम गरिएको भन्दै उनलाई अधिकतम २ करोड ६० लाख (NPR २,६०,००,०००/-) सम्मको ब्याज मिनाहा (Interest Waiver) दिने सिफारिस गर्ने र सफल बोलदाता बाहेक अन्य ट्रान्सगेट टेक प्रा.लि. र प्रोफेसनल विजनेश नेटवर्क प्रा.लि.को धरौटी रकम (Retention Deposit) फिर्ता गर्ने समेतको निर्णय भएको थियो । स्मार्ट टेलिकम प्रा.लि.बाट सहवित्तिकरण (Consortium) बैंकले उठाउनु पर्ने रकम करिब ४ अर्ब २२ करोड रहेको थियो । कर्जाको लागि बोककबोल गरिएको रकमले सम्पूर्ण साँवा ब्याज चुक्ता गर्न केही रकम अपुग हुने भएको, यस कर्जामा अधिकतम Premium लागेर उच्चतम ब्याजदर लागेको, ऋणीले कर्जा असुलीमा सहयोग गरेको, विगतमा कुनै पनि कर्जा Default नभएको र ऋणीसँग बैंकले हालसम्म अधिक मात्रामा ब्याज असुल गरिसेकेको अवस्थालाई मध्यनजर गरी तथा बैंकका अन्य ऋणीहरुलाई समेत कर्जा असुलीको प्रक्रियामा अवस्था हेरी दिईने ब्याज छुटको अभ्यासलाई अनुशरण गर्दै कुल कर्जा रकममा छुट हुने ब्याजको हिस्सा थौरै मात्र रहेको र ऋणी स्मार्ट टेलिकम प्रा.लि.को कर्जा फाईल प्रमुख कार्यकारी अधिकृतले प्रत्यक्ष हेर्नु भएको हुँदा यसमा कुनै समस्या नहोला भन्ने समेत लागेर सिफारिस गरिएको थियो । नउठेको कर्जा उठाउने बैंकको एक प्रमुख जिम्मेवारी अन्तर्गत नै पर्ने हुनाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनमा व्यवस्था भए बमोजिम ऋणी कम्पनीको सम्पत्तिमा बैंकको पहिलो हक हुने भएकोले सोही अनुसार नै कम्पनीको चल सम्पत्तिहरु लिलाम बिक्रीको लागि प्रक्रियागत कार्य गरिएको हो । पहिले नै भइसकेको सहवित्तीयकरण (Consortium) बैठकको निर्णय बमोजिम स्मार्ट टेलिकमको लिलामी प्रक्रिया शुरु गरिएको थियो साथै नेपाल राष्ट्र बैंकबाट समेत स्मार्ट टेलिकम प्रा.लि.लाई प्रवाह भएको कर्जा असुलीको लागि नेपाल ईन्भेष्टमेन्ट मेगा बैंकलाई निर्देशन समेत भएको थियो । ऋणीलाई कर्जा भुक्तानीको लागि पटक पटक लिखित तथा मौखिकरुपमा जानकारी गराई कर्जा चुक्ता गर्ने सम्बन्धमा मार्ग प्रशस्त प्रदान

गरिएको थियो। स्मार्ट टेलिकम प्रा.लि.को बैंकले खोलेको प्रतित पत्र (LC) मार्फत् सामानहरु आयात गरेको र सोही सामानहरु लिलाम बिक्री गरिएको हुनाले यस्ता सामानहरुको मूल्य के कति हो भन्ने कुराको जानकारी बैंकलाई हुन्छ, त्यसैले गर्दा सोही मुल्यलाई समेत आधार मानिएको हुँदा छुट्टै मूल्यांकन नगरिएको हो। साथै उक्त सामानहरुको तत्कालिन समयको मूल्य ऋणी कम्पनीको वित्तीय विवरणमा उल्लेख गरेको ह्रासकट्टी पछिको रकम करिब Book Value रू. ३ अर्ब ९५ करोड रहेको, बैंकले उपकरणहरुको ह्रास कट्टि गरी बाँकी रहेको तत्कालिन मूल्यको आधारमा करिब रु.३ अर्ब ८ करोडको बिमा समेत गरेको, टावर लगायतका उपकरणहरु विभिन्न दुर्गम स्थानहरुमा समेत जडान गरिएको हुनाले मूल्यांकनमा व्यवहारीक कठिनाई हुने भएकोले यिनै सम्पूर्ण कुराहरुको आधारमा उक्त उपकरण सामानहरुको तत्कालिन समयको मूल्य ऋणी कम्पनीको वित्तीय विवरणमा उल्लेख गरेको ह्रासकट्टी पछिको Book Value रकमको आधारमा मूल्यांकन गरिएको थियो। बैंकले उक्त कम्पनीको धितो राखिएको घरजग्गा लिलाम बिक्री नगरी कम्पनीको दुरसंचार उपकरणहरु मात्र लिलाम गरिएको थियो। यसरी मूल्य निर्धारण गर्ने आधार मानिएको रकम भन्दा एनसेल आजियाटा लि.ले बोलकबोल गरेको रकम बढी भएको हुँदा Ncell Axiata Ltd. को बोलपत्र स्वीकृतिको प्रक्रिया अगाडि बढाईएको थियो। नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन तथा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको परमादेशको पालना गरेर नै लिलामीको प्रक्रिया अगाडि बढाईएको थियो। लिलामीको प्रक्रियामा कम्तिमा ३ वटा प्रतिस्पर्धी भए नभएको र सो मध्ये सर्वाधिक बोलकबोल गर्नेको बोल रकम पर्याप्त छ, छैन भनि हेरिन्छ। सोही अनुसार Ncell Axiata Ltd., ट्रान्सगेट टेक प्रा.लि. र प्रोफेशनल बिजनेश प्रा.लि. को बोलपत्र पेश भएपश्चात बोलपत्र सख्या प्रर्याप्त थियो।मलाई जानकारी भएसम्म उक्त बोलपत्रमा बैंकका ऋणि/खातावाला/भेन्डर समेतका सम्बन्धित पक्ष (Related Party) सहभागी छैनन्। लिलाम बिक्रीमा राखिएको सामग्रीहरु दूरसञ्चारजन्य सामग्री भएकोले दूरसञ्चार कम्पनी बाहेक अन्य कम्पनीहरुलाई उपयुक्त नहुने र यसमा Ncell Axiata Ltd. ले बोलपत्र पेश गरेको हुँदा बोलपत्रदाताहरुमा सबैभन्दा योग्य Ncell Axiata Ltd. नै थियो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा सुरक्षित कारोबार ऐन अन्तर्गत बैंकको पहिलो हक (Charge Create) कायम भईसकेको हुनाले नेपाल दूर सञ्चार प्राधिकरणबाट स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम बिक्री गर्नु पूर्व कुनै स्वीकृति लिन बैंकलाई आवश्यक लागेन साथै बैंकबाट स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम बिक्री गर्नुपूर्व राष्ट्रिय दैनिक पत्रिकामा समेत ३५ दिने र १५ दिने सूचना जारी गर्दा समेत नेपाल दूर सञ्चार प्राधिकरणबाट लिलाम प्रक्रियाको रुकावटको लागि कुनै किसिमको विरोध वा दाबी गरेको थिएन। ऋणीको दायित्व रु. ४० करोड भुक्तानी गर्ने सम्बन्धमा औपचारिक छलफल तथा कुनै निर्णय भएको थिएन, मलाई पनि पत्रिकामा प्रकाशित भएको सूचना देखे पछि थाहा भएको हो। त्यस बापतको रकम रु. ३८ करोड बैंकको Earnest Money Account मै सुरक्षित छ। सम्बन्धित टावरको घरधनी तथा विद्युत महसुलको रकम आधिकारिक रुपमा स्मार्ट टेलिकम प्रा.लि.को सिफारिसमा प्रमाण सहित बैंकमा सम्पर्क गरेमा सो रकमबाट आवश्यक रकम भुक्तान गर्न सकिनेछ। ऋणीको दायित्व बमोजिम बैंकको Earnest Money Account मा राखिएको रकम रु. ३८ करोड बाहेक ऋणीको साँवा ब्याज र हर्जानाको रकम कट्टा गरी कुनै पनि रकम बाँकी छैन। लिलाम गर्ने सूचना निकाल्नु भन्दा पहिले बैंकको सञ्चालक समितिबाट समेत एनसेल आजीयटा लि.सँग कुराकानी गरी लिलाम गर्ने व्यवस्था मिलाउन प्रमुख कार्यकारी अधिकृतलाई सञ्चालक समितिबाट निर्देशन दिएको भन्ने कुरा पछि मात्र मेरो जानकारीमा आयो। ऋणी, बोलपत्रदाता कम्पनीहरु Ncell Axiata Ltd., प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि., ट्रान्सगेट टेक प्रा.लि.

र सोका सञ्चालकहरुसँग मेरो कुनै सम्पर्क, चिनजान छैन। प्रक्रियागत रुपमा नै बोलपत्रदाता कम्पनीहरु Ncell Axiata Ltd., प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि., ट्रान्सगेट टेक प्रा.लि.ले प्रतिस्पर्धात्मक रुपमा नै सहभागी भएको थियो, उक्त लिलामी सेटिङ मार्फत् गरेको भन्ने कुरा मलाई जानकारीमा छैन। साथै नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि. मा कार्यरत रहेका भाष्कर नरसिंह जोशीको योजनामा ३ घण्टाको लागि नरेन्द्र उलक मार्फत् रु.४ करोड २५ लाख रकम प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि.को लागि व्यवस्थापन गरी गराई लिलामी कार्यमा सहभागी गराएको भन्ने विषयमा मलाई केही जानकारी छैन। कानून विपरित काम गर्ने जोसुकै व्यक्तिलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत व्यहोरा कागज।

म. **कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा नं.५ घर भई हाल भक्तपुर जिल्ला मध्यपुरथिमी न.पा.वडा नं.३ कौशलटार बस्ने वर्ष ४२ को तर्कराज भट्ट (सम्पर्क नं.:९८०२०३०४४४):**

मैंले २०१३ देखि २०२३ सम्म स्मार्ट टेलिकम प्रा.लि.को सेल्स र मार्केटिङको काम गरेको थिए। हाल मैंले कुनै पनि काम गरेको छैन, कामको खोजीमा छु। स्मार्ट टेलिकम प्रा.लि.मा काम गर्ने क्रममा स्मार्ट टेलिकम प्रा.लि.का अध्यक्ष सर्वेश जोशीले तत्कालिन प्रधानमन्त्री शेर वहादुर देउवाको पि.ए. भानु देउवाको मोबाइल नं. भए मलाई देउ भनेको हुँदा मैंले पनि अरुबाट भानु देउवाको मोवाईल नं. 9851087288 मागेर सर्वेश जोशीलाई उपलब्ध गराएको हो। सो समयमा स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स नविकरण गर्नु पर्ने समय भएकोले सोही कामको लागि सर्वेश जोशीले भानु देउवाको मोबाइल नं. मागेको हुन सक्छ, म स्मार्ट टेलिकम प्रा.लि.को सामान्य कर्मचारी भएकोले अन्य कुरा मलाई थाहा छैन। तत्कालिन प्रधानमन्त्री शेर वहादुर देउवा पनि मेरो आफ्नो क्षेत्रको भएकोले प्रधानमन्त्री कार्यालयमा तिम्रो कोही छ भने मन्त्रीपरिषदको बैठक कहिले वस्ने रहेछ बुझन भनि मलाई सर्वेश जोशीले भन्ने गरेकोले सो समयमा डडेल्धुरा घर भई प्रधानमन्त्री कार्यालय सिहदरवारमा काम गर्ने २ दुई जना व्यक्तीहरुसँग मेरो सामान्य चिनजान भएकोले निजहरु सँग बेला बखत फोन गरेर सर्वेश जोशीले भने बमोजिम मन्त्रीपरिषदको बैठक बस्छ बस्दैन, स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स नविकरण गर्ने विषयमा मन्त्रीपरिषदमा फाइल पेश हुन्छ हुँदैन भनि बुझ्ने गरेको थिए, त्यस पछि निजहरुले जे मलाई जानकारी गराउथ्यो सोही कुरा मैंले सर्वेश जोशीलाई म्यासेज गरी लेखी पठाउने गरेको थिए। सोही अनुसार स्मार्ट टेलिकम प्रा.लि.को विषयमा मलाई प्राप्त भएको जानकारी Tara hamro topic chaina But 2bajey call garnu detail ma herera bhanchu re, Aja timi haru ko kura nahola re, भन्ने समेतको व्यहोरा उल्लेख गरी सर्वेश जोशीलाई म्यासेज पठाएको हो। सो समयमा मेरो काका जनक राज भट्ट प्रधानमन्त्री कार्यालय सिहदरवारमा उपसचिव पदमा कार्यरत रहेको बेला काकालाई मैंले फोन गरी स्मार्ट टेलिकम प्रा.लि.को विषयमा के हुदैछ भनि बुझ्दा स्मार्ट टेलिकम प्रा.लि.को आज छैन तर गर्नै पर्ने ठुला ठुला ईमरजेन्सी फाइलहरुको निर्णय गर्नु पर्ने भयो भने मन्त्रीले अन्तिम समयमा पनि मन्त्रिपरिषदमा पेश गर्न सक्छ तर तिमिहरुको जस्तो प्राईभेट कम्पनीको त्यस्तो आवश्यकता पर्दैन भन्नु भएको हुनाले सोही कुरा मैंले mantri le direct file chai lyauna sakne authority chai huncha re भनि सर्वेश जोशीलाई म्यासेज गरी पठाएको हो। स्मार्ट टेलिकम प्रा.लि.को रिचार्ज कार्ड डिष्टिव्युटरहरुसँग एभरेष्ट होटलमा मिटिङ गर्नको लागि 3pm today Everest hotel भनि मैंले सर्वेश जोशीलाई म्यासेज पठाएको हो। त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा विदेशबाट नेपाल आउनेहरुको लागि स्मार्टको सिम र रिचार्ज विक्री गर्नेको लागि लिएको काउण्टरको भाडा बुझाउनु पर्ने भएकोले उक्त रकम भुक्तानी गर्नको लागि सर्वेश जोशीले मेरो बैंक खाता मागेको हुनाले मैंले मेरो कामना सेवा विकास बैंकमा भएको खाता नं. 09313600282970000001 उपलब्ध

गराएको हो, त्यस पछि उक्त खातामा दुइ पटक गरेर सर्वेश जोशीले २ दुई लाख जम्मा गरे पछि मैंले एयरपोर्टको कन्ट्राक्टर हरीशरण नेपाल र अफिस सफा गर्ने भाइराज महर्जनलाई भुक्तानी दिएको हो। सर्वेश जोशीले आफ्नो राष्ट्रिय परिचय पत्र बनाउनको लागि काठमाडौं जिल्ला प्रशासन कार्यालयमा काम गर्ने कोही चिनेको छ भने भनि दिनु पऱ्यो भनेको हुनाले मैंले काम सहजीकरणको लागि मेरो चिनजानको काठमाडौं जिल्ला प्रशासन कार्यालयमा ड्राईभरको काम गर्ने तेज धामीलाई फोन गरी मेरो Chairman सर राष्ट्रिय परिचय पत्र वनाउन आउदै छ, आवश्यक सहयोग गरी दिनु भनि निज तेज धामीको मोबाइल नं. सर्वेश जोशीलाई म्यासेज गरी पठाएको हो। स्मार्ट टेलिकम प्रा.लि.को कार्यालय रहेको घरधनीको घर भाडा कम्पनी बन्द भए पछि भुक्तानी नगरेकोले घर धनीले कार्यालय खाली गरी भाडा तिर्नु भनि पटक पटक दवाव दिएको हुनाले सो सम्बन्धमा आवश्यक छलफलको लागि पत्राचार गर्न ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.१९ को वडा अध्यक्ष राजेन्द्र महर्जनको विवरण मैंले अरुबाट वुझी सर्वेश जोशीलाई उपलब्ध गराएको हो । सर्वेश जोशीले सन् २०२४/०८/२३ मा मलाई रु.५०,०००।–भुक्तानी दिएको सम्बन्धमा हाल मलाई एकिन याद भएन, वेला वखत मलाई खर्च गर्न पनि दिने भएको सो रकम पनि हुन सक्छ, सर्वेश जोशीलाई मोबाईल आवश्यक परेको हुनाले मैंले मेरो चिनजानको ललितपुर जावलाखेल स्थितबाट एउटा मोबाईल मगाई दिएको हुनाले उक्त मोबाईलको पैसा तिर्नको लागि सर्वेश जोशीले सन् २०२५/११/१३ मा रु.३४,०००।– भुक्तानी दिएको रकम हो। मैंले सन् ३/१/२०२० मा रु.एक लाख र ३/४/२०२४ मा नौ लाख नगदै भुक्तानी लिएको सम्बन्धमा मलाई हाल एकिन याद भएन। मैंले के कुन प्रयोजनको लागि भुक्तानी लिएको हो सम्झना छैन भन्ने समेत व्यहोरा कागज।

य. **<u>मोरङ जिल्ला साविक अमरदह गा.बि.स.वडा नं.३ हालको पथरी शनिश्चरे न.पा. वडा न.५ घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.२५ सैवु बस्ने वर्ष ६६ को रामजी भन्ने डगेन्द्र वहादुर थापा (ना.प्र.प.नं.४६०५३ मोरङ):</u>**

ज्ञानेन्द्र बहादुर कार्की जलस्रोत, अर्थ, कानून र सूचना तथा संचार मन्त्री हुनु भएको छ। निज ज्ञानेन्द्र वहादुर कार्की मेरो नाताले जेठान पर्ने भएकोले निज मन्त्री भए पछि मन्त्रालयमा विश्वासिलो मान्छे आवश्यकता परेको हुँदा ज्ञानेन्द्र वहादुर कार्की आफु जलस्रोत मन्त्री, कानून मन्त्री र सूचना तथा संचार मन्त्री समेत ३ वटाको मन्त्री हुँदा मलाई स्वकिय सचिवमा नियुक्त गर्नु भएको थियो । मैंले स्वकिय सचिवको हैसियतमा मन्त्रालयमा आएका मान्छेहरुलाई मन्त्रीसँग भेटघाट गराउने व्यवस्थापनको काम गर्ने गरेको थिए। धर्म बहादुर चन्दले कागजमा खुलाई लेखाई दिए अनुसार २०७८ सालको मंसिर/पौष महिनातिर प्रधानमन्त्री निवास बालुवाटारमा निज धर्म बहादुर चन्दसँग मेरो भेटघाट भएको छैन्। निज धर्म बहादुर चन्दलाई मैंले देखेको चिनेको थिएन हाल मात्र यस व्यूरोमा आए पछि निज धर्म वहादुर चन्दलाई देखेको हो । धर्म बहादुर चन्दले सर्वेश जोशीलाई सन् 01/15/2022 (बि.सं.२०७८/१०/०१) मा म्यासेज गरी पठाएको 1.5 point र 3.4 points को विषय समेत निजले कागज गरी खुलाई लेखाई दिए बमोजिमको कुनै कुरा मैंले निज धर्म बहादुर चन्दलाई भनेको छैन। 1.5 point र 3.4 points ले के भन्न खोजिएको हो सो समेत मलाई केही जानकारी छैन। सर्वेश जोशी कामको सिलसिलामा मन्त्रालयमा आउदा देखेको हो, निजसँग मैंले कुनै रकम मागेको छैन र निज सर्वेश जोशीले मलाई पैसा दिन्छु भनेको पनि छैन। स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स नविकरण गर्ने विषयमा धर्म बहादुर चन्दसँग मेरो कुनै कुराकानी भएको छैन। निज धर्म बहादुर चन्दले सवै झुठो कुरा भनेका हुन। म सूचना तथा संचार मन्त्रालयको स्वकिय सचिवको हैसियतमा काम गर्ने क्रममा मन्त्रालयमा काम लिएर सयौ मान्छे भेटघाटको लागि आउने जाने

गरेको थियो । यसै क्रममा स्मार्ट टेलिकम प्रा.लि.को अध्यक्ष सर्वेश जोशी समेत मन्त्रालयमा आई स्मार्ट टेलिकम प्रा.लि.को नविकरण गर्ने सम्बन्धमा मन्त्रालयमा आएको थियो, सो समयमा निजलाई मन्त्रीसँग भेटघाटको विषय के हो भनि सोधपुछ गर्दा स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स नविकरण गर्नु पर्ने भएको छ, पैसा छैन सो कुरा मन्त्रीज्यूसँग कुरा गर्नु पर्ने छ भनि मलाई सुनाउदा मैंले सवै मन्त्री ज्यू र दुरसंचार प्राधिकरणमा गएर कुरा गर्नुहोस् भनेको थिए । त्यस पछि निज सर्वेश जोशीले मन्त्रीज्यूलाई भेट गरी गएका थिए, भेटमा निजले मन्त्री ज्यूसँग के कुरा मलाई थाहा भएन । धर्म बहादुर चन्दले के कति कारणले किन यसरी मलाई नभएको कुरा खुलाई लेखाई दिएका हुन् निज धर्म बहादुर चन्दलाई थाहा छ । स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स खारेज भई मितिः २०८०/०१/०३ गतेबाट कानून बमोजिम स्वत: नेपाल सरकारको स्वामित्वमा आएको स्मार्ट टेलिकम प्रा.लि.सँग सम्बन्धित दूरसंचारजन्य टावर लगायतका सम्पत्तिलाई स्मार्ट टेलिकम प्रा.लि.का अध्यक्ष सर्वेश जोशी समेतका व्यक्तीहरुको मिलेमतोमा स्मार्ट टेलिकम प्रा.लि.को नेपाल इन्भेष्टमेण्ट मेगा बैंक समेतमा रहेको कर्जा रु.३,७५,९५,०९,३३८/- चुक्ता गर्नका लागि रु.४ अर्ब ६० करोडमा सेटिङमा एनसेल आजियाटा लिमिटेडले लिलाम सकार गरी लिई नेपाल सरकारको सम्पत्ति बेइमानी पूर्वक नेपाल सरकारको हक टुटाई संगठितरुपमा नै ठगी तथा आपराधिक विश्वासघात समेतको कसूर गरेको सम्बन्धमा संचार माध्यम मार्फत् थाहा पाएको हो भन्ने समेत व्यहोरा कागज ।

र. **वैतडी जिल्ला साविक रोडिदेवल गा.वि.स. वडा नं.६ हालको परिवर्तित मेलौली न.पा.वडा नं.४ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.४ बस्ने कमल चन्दको छोरा वर्ष ५६ को धर्म बहादुर चन्द (ना.प्र.प.नं.१०७८ वैतडी)**:

हाल मैंले काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.४ वालुवाटार स्थितमा AI Technology सम्बन्धी अमेरिकन कम्पनीको कार्यालय खोली प्रतिनिधीको रुपमा करिव ४ वर्ष अगाडि देखि काम गरी आएको छु । विशेष गरी पुर्वाधार विकास, Environmental र security समेतको क्षेत्रमा monitoring को गरी Best advisor को रुपमा काम गरी आएको छ । करिव ६/७ वर्ष अगाडि तिर स्मार्ट टेलिकम प्रा.लि.को अध्यक्ष सर्वेश जोशीसँग मेरो चिनजान भई आएको हो । चिनजान भए पछि स्मार्ट टेलिकम प्रा.लि. राम्रो सँग संचालन गर्नको लागि विदेशी Funding आवश्यक परेको कुरा सर्वेश जोशीले मलाई वताएका थिए । सो समयमा मेरो नेपालको लागि UAE को राजदुत सैद हमदान अल नक्बीसँग राम्रो चिनजान भएको कारण मैंले निज राजदुतसँग उक्त स्मार्ट टेलिकम प्रा.लि. मा लगानी गर्ने कोही छ भने सहकार्य गरि दिनु भनेको थिए । त्यस पछि निज राजदुत सैद हमदान अल नक्बीले हाल मलाई नाम थाहा नभएको UAE को एक जना व्यक्तीसँग चिनजान गराएका थिए । त्यस पछि UAE बाट प्राविधिक समेतको टोली नेपालमा आए पछि मैंले UAE बाट आएका लगानीकर्तालाई स्मार्ट टेलिकम प्रा.लि.का अध्यक्ष सर्वेश जोशीसँग भेट गराए पछि लगानीको प्रकृयाहरु अगाडि बढाएका थिए । स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्सको अवधी सकिन लागेको र उक्त लाइसेन्सलाई म्याद थप गरे पछि मात्र लगानी गर्छु भनि UAE बाट आएका लगानीकर्ताहरु Waiting मा बसेका थिए तर स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स नविनकरण नभए पछि हाल स्मार्ट टेलिकम प्रा.लि. संचालनमा आएको छैन । लाईसेन्स नविकरण नभईकन बिदेशी लगानी ल्याउन नसकिने भए पछि सर्वेश जोशीले स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स नविकरणको लागि संचार सूचना तथा प्रविधि मन्त्रालयको सचिव तथा मन्त्री समेतसँग कोही कसैको चिनजान छ भने कुरा गरी दिनु म पनि आफ्नो तर्फबाट पनि पहल गर्छु भनि सर्वेश जोशीले मलाई अनुरोध गरेको थियो । यसै क्रममा २०७८

सालको मंसिर/पौष महिनातिर नेपालको प्रधान मन्त्री शेर बहादुर देउवा हुँदाको समयमा प्रधानमन्त्री निवास बालुवाटार जाँदा तत्कालिन सूचना संचार तथा प्रविधि मन्त्रालयको मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीको सचिवालयमा काम गर्ने रामजी थापासँग भेट भई कुराकानी हुँदा कुराकानीको क्रममा निज रामजी आफु काग्रेसको कार्यकर्ता भएको र निजको तत्कालिन संचार सूचना तथा प्रविधि मन्त्रालयको मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीसँग राम्रो सम्बन्ध छ भनेको हुनाले मैंले निज रामजी थापासँग स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स नविकरण गर्ने सम्बन्धमा कुरा गरेको थिए। त्यस पछि निज रामजी थापाले मन्त्री ज्ञानेन्द्र वहादुर कार्कीसँग कुरा गर्छु र मलाई जानकारी गराउछु भने पछि दुवै जनाले सम्पर्क नं. आदान प्रदान गरी छुटिएका थियौ, हाल निज रामजी थापाको सम्पर्क नं. हाल मलाई याद भएन। त्यस पछि स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स नविकरणको विषयमा सर्वेश जोशीले भने बमोजिमको कुराहरु रामजी थापालाई फोनमा कुराकानी गरी सोही कुरा मैंले सर्वेश जोशीलाई कल तथा म्यासेज गरी जानकारी गराउने गरेको थिए। सोही क्रममा केहि समय पछि रामजी थापा र सर्वेश जोशीको एक आपसमा भेट गराई दिएको थिए, त्यस पछि निजहरुको के कुराकानी भयो मलाई थाहा छैन। रामजी थापासँग मेरो कुराकानी हुदा स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स नविकरणको लागि शुरुमा रु. १ करोड ५० लाख नविकरण शुल्क बुझाए पछि मात्र नविकरण प्रकृया वढाउन सकिने भनेको थियो तर पछि रु.३ करोड ४० लाख शुल्क बुझाए पछि मात्र नविकरण हुने कुरा रामजीले मलाई जानकारी गराए पछि मैंले सोही कुरा सर्वेश जोशीलाई म्यासेज गरी पठाएको हो। यसमा माथि प्रश्नमा उल्लेखित व्यहोराको म्यासेजहरु स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स नविकरण गर्ने विषयमा सर्वेश जोशीसँग कुराकानी भएको म्यासेजहरु हुन। सर्वेश जोशीले रामजीलाई रु.२ करोड दिन्छु, क्यास दिने म नै हो भनि दुवै जनाको कुरा भएको रामजी थापाले मलाई वताए पछि सोही कुरा मैंले सन् 03/25/2022 (बि.सं.२०७८/१२/११)मा सर्वेश जोशीलाई म्यासेज लेखी पठाएको हो। स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स खारेज भई मितिः २०८०/०१/०३ गतेबाट कानून बमोजिम स्वत: नेपाल सरकारको स्वामित्वमा आएको स्मार्ट टेलिकम प्रा.लि.सँग सम्बन्धित दूरसञ्चारजन्य टावर लगायतका सम्पत्तिलाई स्मार्ट टेलिकम प्रा.लि.का अध्यक्ष सर्वेश जोशी समेतका व्यक्तीहरुको मिलेमतोमा स्मार्ट टेलिकम प्रा.लि.को नेपाल इन्भेष्टमेण्ट मेगा बैंक समेतमा रहेको कर्जा रु.३,७५,९५,०९,३३८/- चुक्ता गर्नका लागि रु.४ अर्ब ६० करोडमा सेटिङमा एनसेल आजियाटा लिमिटेडले लिलाम सकार गरी लिई नेपाल सरकारको सम्पत्ति बेइमानी पूर्वक नेपाल सरकारको हक टुटाई संगठितरुपमा नै ठगी तथा आपराधिक विश्वासघात समेतको कसूर गरेको विषयमा नेपाल इन्भेष्टमेण्ट मेगा बैंकको CEO ज्योती प्रकाश पाण्डे समेत पक्राउ परि आएको भनि संचार माध्यममा समचार प्रकाशित भए पछि मलाई जानकारीमा आएको हो भन्ने समेत व्यहोरा कागज।

ड़. **विश्वनाथ साहको नाति, राम आशिष साह र फुल कुमारी महतोको छोरा स्थाई वतन सिराहा जिल्ला कर्जना न.पा.वडा नं.२ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४, भाटभटेनी बस्ने वर्ष ६६ को डा. उपेन्द्र महतो (मोबाईल#९८५१०२०६९०):**

मेरो शुरु देखि हाल सम्म Smart Telecom Pvt. Ltd. कुनै शेयर लगानी रहेको छैन। मैंले विदेशी लगानी स्वीकृति नलिई कुनै रकम नेपाल ल्याएको छैन। अजेय राज सुमार्गी पराजुलीलाई सन् २००४ मा काठमाडौंमा NRN को सम्मेलनमा भेट भई चिनजान भएको हो, सतिसलाल आचार्यलाई सन् २००८ तिर सिङगापुरमा भएको NRN को सम्मेलनमा चिनजान भएको हो भने भावना सिह श्रेष्ठलाई निज सतिस लाल आचार्यको श्रीमती भएको हुनाले नेपालमा भेट भई चिनजान भएको हो, सचिन लाल आचार्य सतिस लाल आचार्यको भाई भएको

हुनाले निजलाई मैंले करिव ५/६ वर्ष अगाडि नेपालमा भेट भई चिनजान भएको हो। व्यवसायिक कारोबारको सिलसिलामा निजले जग्गा खरिद गर्ने र सिमेण्ट कारखाना संचालन गर्नु पर्यो भनि म सँग रकम मागेको हुनाले मैंले अजेय राज सुमार्गी पराजुलीलाई पटक पटक गरी मलाई याद भए सम्म करिव सय करोड जति सापटी रकम दिएको थिए, उक्त रकम मध्ये केही रकम फिर्ता दिन बाँकी र अन्य रकम फिर्ता गरि सकेको छन्। सतिस लाल आचार्य र सचिन लाल आचार्यसँग मेरो कुनै कारोबार छैन तर सतिस लाल आचार्यको श्रीमती भावना सिह श्रेष्ठ भएकोले सतिश लाल आचार्यसँग कुराकानी गरी भावना सिहबाट पटक पटक गरी रु.१५० करोड सापटी लिएको छु। मलाई थाहा भए अनुसार निजहरुसँग मिलेर कुनै offshore कम्पनी मार्फत् कुनै कारोबार भएको छैन। मेरो सन् २००५ तिर हालको Ncell Axiata Ltd. साविक Spice Nepal Pvt. Ltd. (Mero Mobile) राज ग्रुपबाट २०% शेयर खरिद गरी उक्त शेयर निरज गोबिन्द् श्रेष्ठलाई विक्री गरेको हो। Nepal Satellite Pvt. Ltd. मा मेरो शुरु देखिनै कुनै शेयर लगानी छैन। अन्य दूरसञ्चार कम्पनीमा मेरो लगानी छैन। मलाई थाहा भए सम्म कुनै Related-party transaction भएको छैन्। Smart Telecom को सम्पत्ति Ncell Axiata Ltd. ले लैजाने सम्बन्धमा पहिले जानकारी थिएन तर हाल आएर संचार माध्यमबाट थाहा भएको छ। Smart Telecom Pvt. Ltd. को सम्पत्तिलाई कुनै समूहले योजनाबद्ध रूपमा नियन्त्रणमा लिन खोजेको सम्बन्धमा मलाई थाहा छैन, थिएन, मैंले Smart Telecom Pvt. Ltd. लाई रकम दिने क्रममा सो प्रा.लि.लाई कर्जा दिने बैंक नेपाल ईन्भेष्टमेण्ट मेगा बैंकका कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डे वा सो बैंकका सञ्चालकहरु समेतसँग सम्पर्क गरेको थिएन र छैन। भावना सिंह श्रेष्ठको नामबाट नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लि.मा भएको मेरो खातामा रु. 1,500,000,000.00 (एक अर्ब पचास करोड) रकम आएको हो, उक्त रकमको स्रोत एनसेल आजीयटा लि. बाट प्राप्त Dividend भएको कुरा मौखिकरुपमा जानकारी गराएका थिए, सो रकमको स्रोत पुष्टी गर्ने जिम्मा निजहरुको हो। MG HERBAL AND INVESTMENT PVT LTD एकल संचालक म डा.उपेन्द्र महतो हुँ। उक्त कम्पनीमा Real Estate Business को लागि रकमान्तर गरेको हुँ, सन् 5/24/2024 मा निज भावना सिह श्रेष्ठको नाममा रु. 100,000,000.00 फिर्ता गरेको सम्बन्धमा बैंक स्टेटमेण्ट हेर्नु पर्ने हुन्छ, हाल मलाई एकिन याद भएन। मेरो साथी कजाकस्थानी नागरिक Baurjan ले केही समयको लागि Smart Telecom Pvt. Ltd.को सापटी रकम दिनु पऱ्यो भनि अनुरोध गरेको हुँनाले मैंले मेरो कम्पनी MG Herbal & Investment Pvt. Ltd बाट Smart Telecom Pvt. Ltd.लाई रकम सापट दिएको हुँ, सापटी दिएको उक्त सापटी रकम स्मार्ट टेलिकम प्रा.लि.बाट फिर्ता आई सकेको छ, Ncell Axiata Ltd. ले Smart Telecom Pvt. Ltd. लाई प्राप्ती गर्ने उदेश्यका साथ Due Diligence Audit (DDA) गर्नको लागि KPMG भारतसँग मम्झौता गरी DDA गरेकोमा सो प्रतिवेदनमा MG Herbal & Investment Pvt. Ltd को नामबाट Ashad 32, 2079 मा 20 NPR million लगानी भनि उल्लेख गरेको रहेछन्, DDA सम्बन्धमा मलाई जानकारी छैन्, मेरो कम्पनीले Smart Telecom Pvt. Ltd.लाई सापटी दिएको र फिर्ता लिएको विषयमा माथि खुलाई दिएको छु। बेलारुसमा भएको Real Estate Business मा Romeo Abdo बिदेशी साझेदार (foreign partner) थिए, Smart Telecom Pvt. Ltd. को कर्जाको किस्ता तिर्नको लागि बैंकको CEO ज्योति प्रकाश पाण्डे दुबई गई Romeo लाई भेटि किस्ता तिर्नको लागि रकम व्यवस्थापन गरेको सम्बन्धमा मलाई कुनै जानकारी छैन्। Synergy Nepal Pvt. Ltd. मेरो नाममा आउनु भन्दा अगाडि सो कम्पनी अजेय राज सुमार्गी पराजुली समेतका अन्य साझेदारहरु थिए, सो कम्पनी मैंले खरिद गरी एकल संचालक भई मेरो मोबाइल (हालको एनसेल) मा २०% लगानी गरेको थिए।

Delto Trading Limited साइप्रसमा दर्ता भएको कम्पनी हो, उक्त कम्पनीमा मेरो लगानी रहेको थियो। नेपाल सरकारबाट विदेशी लगानी भित्र्याउने अनुमति लिई बैध बैकिङ प्रणाली मार्फत् Ncell मा लगानी गरेको, सोही क्रममा थप शेयर खरिद विक्री भई अन्तिममा २०% शेयर कायम भएकोमा सो शेयर रेनहोल्ड वेष्ट इन्डिजलाई विक्री गरेको, सिनर्जी नेपाल प्रा.लि.को नाममा रहेको शेयर मेरो नाममा बिक्री भई मेरो नामबाट उक्त २०% शेयर निरज गोविन्दलाई विक्री गरी कम्पनीबाट वाहिर निस्केको हुँ, सोही शेयर पछि निरज गोविन्द श्रेष्ठले सोनिभेरा क्यापिटल प्रा.लि. (भावना सिह श्रेष्ठ) लाई बिक्री गरेको कुरा संचार माध्यमबाट थाहा पाएको हुँ। Synergy Nepal Pvt. Ltd. को एनसेल (Spice Nepal) मा २०% शेयर रहेको समयमा निज भुपेन्द्र भण्डारी नायव प्रमुख वित्तीय अधिकृतको रुपमा काम गरेको रहेछन्, सो समयमा निजसँग मेरो चिनजान थिएन्। Smart Telecom Burundi को लागि काम गर्ने CEO खोज्ने क्रममा निज भुपेन्द्र भण्डारी समेत सम्पर्कमा आएका थिए, को कसले निजको सिफारिस गरेका थिए लामो समय भएकोले हाल मलाई याद भएन्, निजले उक्त Smart Telecom Burundi मा CEO को हैसियतमा करिव ८ वर्ष जति काम गरेका थिए। Samata Prasad मेरो श्रीमती हुन्, Offshore Company हरु म NRN भएको कारण मेरो आफ्नो नाममा दर्ता गर्ने गरेको थिए तर के कसरी यस कम्पनीमा मेरो श्रीमतीको नाम उल्लेख भएको हो, यसमा मलाई एकिन भएन, Smart Telecom Burundi मेरो समेत लगानी भएको कम्पनी हो। बुरुन्डी देशको दूरसञ्चार कम्पनी (Lacell Holding Incorporated (British Virgin Islands) entity linked to Nepali businessmen Satish Lal Acharya and his wife Bhawana Singh Shrestha LaCell SU(Smart Mobile) स्थापना र सञ्चालनको प्रक्रियामा सतिश लाल आचार्यसँग जोडिएका कम्पनीहरूको व्यावसायिक संलग्नता रहेको र सन् २००८ को आधिकारिक सरकारी दस्तावेज (Ordonnance Ministerial) अनुसार सतिश लाल आचार्य (सिङ्गापुरका नागरिक) ले 'बिक्रेता' (Vendor) का रूपमा र Lacell Holding Incorporated ले क्रेताका रूपमा शेयर सम्झौता गरेको साथै उक्त सम्झौतामा भुपेन्द्र भण्डारीले समेत दस्तखत गरेको सम्बन्धमा मलाई याद भएन। Smart Telecom Pvt. Ltd. को Due Diligence Audit प्रतिवेदनमा advance from Directors (NPR 280 million) र Nepal Satellite Telecom (NPR 970 million) उल्लेख भएको सम्बन्धमा सो कम्पनीको अन्तिम हिताधिकारी सतिस लाल आचार्य भएको सम्बन्धमा मलाई थाहा छैन। Timeturns Holdings कम्पनी साइप्रसमा दर्ता भई म समेत साझेदार भएको कम्पनी हो, सोही Timeturns Holdings बाट भुपेन्द्र भण्डारीको नबिल बैंक लि. मा रहेको खाता नं. ०२१००१७५१०१५७ मा रकम भुक्तानी भएको सम्बन्धमा हाल मलाई एकिन याद भएन। Timeturns Holdings र LaCell SU(Smart Mobile) Associate कम्पनी हुन्। सोही कारणले गर्दा Timeturns Holdings मार्फत् निज भुपेन्द्र भण्डारीले प्राप्त गरेको हुन सक्छ। MG Herbal ले Smart telecom Pvt. Ltd. लाई रु.१९ करोड सापटी दिएको तर Smart telecom Pvt. Ltd. रु.२२ करोड फिर्ता गरेको थियो, सो सम्बन्धमा कुराकानी भएको हुन सक्छ। सर्वेश जोशीलाई सतिस लाल आचार्य मार्फत् चिनजान भएको हो, मेरो साथी Baurjan ले स्मार्ट टेलिकम प्रा.लि.को लागि केही रकम सापटी दिएर सहयोग गरिदिनु, उक्त कम्पनीमा Contact Person सर्वेश जोशी छन् भने बमोजिम स्मार्ट टेलिकम प्रा.लि.मा मेरो नेपालमा भएको कम्पनी र मेरो व्यक्तिगत नामबाट समेत रकम सापटी दिएको कुरा खुलाई सकेको छु, सोही रकम सर्वेश जोशीसँग फिर्ता माग्दा निजले फिर्ता गर्न आलटाल गरी विदेशमा Settlement गर्नुहुन्छ की भनि आसयको कुरा गरेकोले मैंले I did not bring fund from outside Bcz u confirmed me. So there is no option now to

change. We need that amount tomorrow at any cost, pls take it serious भनि निज सर्वेश जोशीलाई म्यासेज पठाएको हुँ। स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स खारेज भई मितिः २०८०/०१/०३ गतेबाट कानून बमोजिम स्वत: नेपाल सरकारको स्वामित्वमा आएको स्मार्ट टेलिकम प्रा.लि.सँग सम्बन्धित दूरसञ्चारजन्य टावर लगायतका सम्पत्तिलाई स्मार्ट टेलिकम प्रा.लि.का अध्यक्ष सर्वेश जोशी समेतका व्यक्तीहरुको मिलेमतोमा स्मार्ट टेलिकम प्रा.लि.को नेपाल इन्भेष्टमेण्ट मेगा बैंक समेतमा रहेको कर्जा चुक्ता गर्नका लागि रु.४ अर्ब ६० करोडमा सेटिङमा एनसेल आजियाटा लिमिटेडले लिलाम सकार गरी लिई नेपाल सरकारको सम्पत्ति नेपाल सरकारको हक टुटाई संगठितरुपमा नै ठगी तथा आपराधिक विश्वासघात समेतको कसूर गरेको सम्बन्धमा संचार माध्यम समचार आए पछि मलाई जानकारीमा आएको हो। साथै NCELL Axiata Ltd. को शेयर तत्कालको वास्तविक मुल्य भन्दा अस्वाभाविकरुपमा Under Valuation गरी कम मुल्यमा विक्री वितरण गरी नेपाल सरकारलाई ठगी गरेको भन्ने कुरा समेत संचार माध्यमबाट समाचारहरु आए पछि मात्र सुनेको हो भन्ने समेत व्यहोरा कागज।

ल. **<u>काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ वालाजु घर भई प्राईम कमर्सियल बैंकमा CEO को हैसियतमा कार्यरत वर्ष ५१ को संजिव मानन्धर (९८५१०२१०३४, ना.प्र.प.नं. १४८, काठमाडौं):</u>**

प्राईम कमर्सियल बैक लि.ले स्मार्ट टेलिकम प्रा.लि.लाई दुरसंचार सेवा प्रदान गर्ने उदेश्यले सोही परियोजनालाई मुख्य धितोको रुपमा लिई परियोजना कर्जा प्रवाह गरिएको थियो। सो समयमा नेपाल टेलिकम र Ncell Axiata Ltd ले सोही प्रकृतिको सेवा प्रदान गर्दै आएको र सो सेवाबाट राम्रो आम्दानी गर्दै आएकोले सोही प्रकृतिको सेवा प्रदान गर्ने गरी स्थापना भएको स्मार्ट टेलिकम प्रा.लि.ले समेत सोही ढंगले आम्दानी गरी वैंकको कर्जा व्याज समयमा नै वुझाउने प्रक्षेपण गरी कर्जा प्रवाह गर्ने निर्णय गरिएको थियो। सो धितोको लागि सर्वेश जोशीको व्यक्तीगत जमानी लिइएको थियो। रू.३ करोड २० लाख पुजी भएको कम्पनीमा यति ठुलो रकम कर्जा कसरी प्रवाह गर्यो भन्ने सम्बन्धमा सो पूजी बाहेक सो कम्पनीमा करिव ३ अर्ब भन्दा बढीको Foreign Investment समेत भएको थियो र सो रकम समेतलाई पूजीमा गणना गरी कर्जा प्रवाह गरिएको थियो। स्मार्ट टेलिकम प्रा.लि.ले आफ्नो सेवा बन्द गरेको कारणले नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार बैंकले सतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु परेको र सोही कारणले बैंकले कर्जा असुली गरी आफ्नो कर्जा नोक्सानी व्यवस्था फिर्ता गर्नु पर्ने अवस्था भएकोले सो कम्पनीलाई कर्जा चुक्ता गर्नलाई ताकेता गर्ने क्रममा भएको सहवित्तीयकरण बैठकमा सो कम्पनीका प्रतिनिधीले स्मार्ट टेलिकम प्रा.लि. र Ncell Axiata Ltd. विच मर्जर हुने प्रकृयामा रहेको र सो मर्ज भए पछि बैंकको कर्जा चुक्ता गर्ने प्रतिवद्धता जनाएको र सो वाहेक यस बैंकलाई यसरी मर्ज गर्ने सम्बन्धमा अन्य केही जानकारी नभएको। स्मार्ट टेलिकम प्रा.लि.को कर्जामा सतप्रतिशत नोक्सानीको व्यवस्था गरिएको र केही महिनाबाट व्याज समेत चुक्ता नगरेको कारणले नेपाल राष्ट्र बैंकको निर्देशिका एवं वैंकको कर्जा असुली निर्देशिका अनुसार प्राइम कमर्सियल बैंकले सहवित्तीयकरण बैठकमा ३५ दिने कर्जा तिर्न आउने सूचना र सो पश्चात १५ दिने लिलामी सूचना पत्रिकामा प्रकाशित गर्नको लागि पुन सहवित्तीयकरण बैठकमा सहमति दिएको र यस बाहेक लिलामी सम्बन्धि अन्य कार्यहरुमा प्राइम कमर्सियल बैंकलाई केही जानकारी नभएको र Ncell Axiata Ltd ले लिलामी प्रकृयामा भाग लिइ खरिद गर्ने भएमा धितो लिलाम सम्बन्धी सम्पुर्ण आवश्यक कारबाही गरी आवश्यक डिल गर्न अगुवा वैंकको CEO लाई अख्तियारी दिएको सम्बन्धमा मलाई कुनै किसिमको जानकारी

नभएको । यस सम्बन्धमा लिलामी प्रकृया अगाडि बढाउने र स्वीकृति गर्ने सम्बन्धमा प्राईम कमर्सियल बैंकले कुनै पनि निर्णय नगरेको, साथै स्मार्टले धितो राखेको दूरसञ्चार जन्य सम्पत्ति Ncell Axiata Ltd. लाई नै बिक्री गर्ने पूर्व तयारी र मिलेमतो रहेको सम्बन्धमा समेत मलाई जानकारी नभएको । सन २०२५-०५-०६ (वि.सं. २०८२/०१/२३ गते) मा बसेको सहवित्तीयकरण (नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड अग्रुवा बैंकको भूमिकामा रहेको) को बैठकबाट ऋण असुली प्रक्रियामा सहवित्तीयकरण कर्जाको ऋणीलाई कर्जा चुक्ता गर्न आउन ३५ दिने सूचना र सोपश्चात क्रमशः १५ दिने लिलामी सूचना निकाल्न यस प्राइम कमर्सियल बैंकले सहमति प्रदान गरेको भएता पनि कर्जा तिर्न आउन ३५ दिने सूचना प्रकाशित गरे पश्चात ऋणीले सो समय भित्रमा कर्जा भुक्तानी नगरेको कारणले १५ दिने लिलामी सूचना प्रकाशित गर्नको लागि पुन: बैंकको सहवित्तीयकरणको बैठक वस्नु पर्नेमा सो बैठक नवसी अगुवा बैंकले लिलामी सूचना प्रकाशित गरेको र सो सूचना प्रकाशित भएको विषयमा प्राईम कमर्सियल वैंकलाई कुनै जानकारी नभएको र ऋणी कम्पनीको दायित्व (ऋणी कम्पनीले तिर्नु पर्ने घर भाडा तथा विजुली महसुल समेत) रु ४० करोड समेत समावेश गरी लिलामी सूचना प्रकाशित गरेको सम्बन्धमा कुनै जानकारी नभएको र यस सम्बन्धमा कुनै सहमति र स्वीकृति नदिएको । स्मार्ट टेलिकम प्रा.लि.को सम्पुर्ण सम्पत्तिहरु लिलामी प्रकृयाबाट विक्री गरेको सम्बन्धमा प्राईम कमर्सियल बैंकलाई विस्तृतरुपमा जानकारी नभएको र लिलाम विक्रीमा प्राईम कमर्सियल बैंकले कुनै स्वीकृत नगरेको कारणले बैंकले साँवा, ब्याज छुट दिने भन्दै अगुवा बैंकले लिलामबाट प्राप्त सम्पूर्ण रकम लिलामीको सूचनामा उल्लेखित शर्त बमोजिम अगुवा बैंकले आफैसँग राखी उक्त रकमबाट सम्बन्धित घर जग्गा धनिले पाउनु पर्ने रकम नपाएको भनि जाहेरी दिएको सम्बन्धमा तत्काल थाहा थिएन हाल थाहा भएको छ । नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम सहवित्तीयकरण अन्तर्गत प्रवाह भएको कर्जाहरुको सदुपयोगिता एकिन गर्ने सम्बन्धि सम्पुर्ण जिम्मेवारी अगुवा बैंकको हुने भएकोले सो सम्बन्धमा अगुवा बैंकले नियमित अनुगमन गरी कर्जा सदुपयोगिता सम्बन्धि प्रतिवेदन तयार गर्नु पर्ने हुन्छ । सो गरे नगरेको सम्बन्धमा जानकारी नभएको । स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलाम विक्री सम्बन्धमा सूचना प्रकाशित गर्दा प्राईम कमर्सियल बैंकसँग कुनै सहमति स्वीकृति नलिएको एवं लिलाम विक्रीको निर्णय गर्दा समेत कुनै स्वीकृति नलिएको कारणले लिलाम विक्री गर्दा धितोको मूल्यांकन नगरेको एवं अगुवा बैंकको कर्जा असुली निर्देशिका बमोजिम "लिलाम बिक्री गर्दा धितोमा रहेको सुरक्षण मूल्यांकन अलग अलग मूल्य तोकेर गोप्य शिलबन्दी बोलपत्र/बढाबढद्वारा गराउनुपर्छ भन्ने सम्बन्धमा प्राईम कमर्सियल बैंकलाई केही जानकारी नभएकोले ऋणि कम्पनीसँग मिलेमतो गरी सेटिङ मार्फत्  लिलामी भएको भन्ने सम्बन्धमा मलाई थाहा भएन । स्मार्ट टेलिकम प्रा.लि.को सम्पुर्ण सम्पत्तिहरु अगुवा बैंकबाट लिलामीबाट विक्री गर्ने प्रकृया अगाडि बढि सके पश्चात अगुवा बैंकबाट लिलामी विक्रीबाट प्राप्त रकम मध्ये रु.२० करोड प्राईम कमर्सियल बैंकलाई भुक्तानी गर्न सकिने र सो पश्चात बाँकी रहने व्याज लगायतका रकमहरुलाई फच्र्यौट गर्नु पर्ने र यसै सम्बन्धमा अगुवा बैंकले समेत लिलामबाट प्राप्त हुने बांकी रकमबाट समेत अगुवा बैंकको सम्पुर्ण सावा व्याज फच्र्यौट नहुने भएकोले बांकी रकम मिनाहा गरी सम्पुर्ण कर्जा रकम राफसाफ गरिने भनि अगुवा बैंकबाट प्रस्ताव आएको र सो सम्बन्धमा प्राईम कमर्सियल बैंकको संचालक समितिमा छलफल हुँदा स्मार्ट टेलिकम प्रा.लि.को कर्जा रकम आ.व.२०७९/२०८० बाट खराव कर्जामा वर्गिकरण गरी सतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्दै आएको, बैंकमा घरजग्गाको रुपमा ललितपुर धापाखेल स्थितको केही जग्गा धितोमा रहेको र सहवित्तीयकरणको सम्पुर्ण वक्यौता  कर्जाको दाँजोमा अत्यन्त न्युन रहेको, सो वाहेक परियोजनाका उपकरणहरु हाइपोथिकेसनको रुपमा वैंकमा धितो रहेको, कर्जा

असुली गर्दा बैंकको कर्जा नोक्सानी व्यवस्था फिर्ता भई बैंकको नाफामा सुधार हुने, बैंकको Non-Performing Loan (NPL) घट्न जाने र असुली भएको रकम पुन कर्जा प्रदान गरी आम्दानी गर्न सकिने अवस्था रहेको र अगुवा बैंकबाट प्राप्त प्रस्तावलाई अस्विकार गर्दा बैंकसँग घर जग्गा धितो अत्यन्त न्युन भएको, ऋणी केही महिनाबाट बैंकको सम्पर्कमा नभएको, बांकी धितोको रुपमा परियोजनाको उपकरणमात्र रहेकोले सो कर्जा असुली गर्न कठिनाई हुने देखिएकोले प्राइम कमर्सियल बैंकको संचालक समितिले केही व्याज रकम छुट दिई कर्जा असुली गर्दा बैंकको नाफामा सुधार भई NPL समेत कमि हुन गई बैंकको हित हुने भएकोले प्राइम बैंकको संचालक समितिले रु. ९७,७०,०००.०० छुट दिने र पहिलेको व्याजदरलाई पुन गणना गरी करिव रु.२९ लाख वरावरको व्याजलाई रिभर्स गरी ऋणीको खातामा जम्मा गरी दिने निर्णय गरिएको हो । ऋणी कम्पनीको कुल बक्यौता २०२.९१ मिलियन रहेकोमा अगुवा बैंकबाट प्राप्त हुने रु. २०० मिलियन र ब्याजदर पुन गणनाबाट रिभर्स हुने करिव रु.२९ लाख समेत ऋणीको खातामा जम्मा भए पश्चात कुल बक्यौता रकम रु.२०२.९१ मिलियन चुक्ता हुने भएकोले सोही अनुसार अगुवा बैंकको प्रस्ताब अनुसार रु.२०० मिलियन प्राप्त गरी कर्जा राफसाफ गर्ने सम्बन्धि अगुवा बैंकलाई पत्राचार गरिएको हो । यस कर्जामा धितोमा रहेको घरजग्गा सम्पत्ति अत्यन्तै न्युन रहेको र हाइपोथिकेसनमा रहेको कम्पनीको उपकरण विक्रीबाट समेत सहवित्तीयकरणको सम्पुर्ण कर्जा असुली गर्ने सम्भावना कम रहेकोले बैंकले रु.९७ लाखको व्याज मिनाहा साथै करिव रू.२९ लाखको ब्याज पुन गणना गरी रिभर्स गर्दा बैंकको बांकी कर्जा रकम असुली हुने भएकोले विगत आर्थिक वर्ष २०७९/२०८० बाट गरिएको सतप्रतिशत कर्जा नोक्सानी व्यवस्था फिर्ता भई बैंकको वितिय अबस्था सुदृढ हुने, बैंकको NPL घटने भई बैंकलाई लाभ हुने भएकोले संचालक समितिले आफ्नोमा निहित अधिकार प्रयोग गरी केही व्याज रकम मिनाहा गर्ने निर्णय गरेको हो । अगुवा बैंकबाट प्राप्त रु.२० करोडको भुक्तानीको प्रस्तावलाई अस्विकार गरेको अबस्थामा बैंकले कर्जामा गरिएको नोक्सानी व्यवस्थालाई निरन्तर दिनु पर्ने, केही महिनाबाट ऋणी समेत सम्पर्कमा नभएको अबस्थामा बांकी रहेको कर्जा असुली हुने सम्भावना कम देखिएको कारणले बैंकलाई थप नोक्सानी हुने भएकोले बैंकले असल नियत राखी अगुवा बैंकबाट प्राप्त रु.२० करोड भुक्तानी गर्ने प्रस्तावलाई बोर्डबाट स्विकार गरिएकोले यसबाट बैंकलाई हानी नोक्सानी नभई बैंकको नाफामा सुधार भई लाभ भएको देखिन्छ । स्मार्ट टेलिकम प्रा.लि.को मितिः २०८१/०३/३१ मा कुल वक्यौता सावा व्याज रकम रु. २५,९२,२५,६७४.७० रहेकोमा सो पश्चात ऋणीले बिभिन्न मितिःहरुमा साँवा र व्याज भुक्तानी गरे पश्चात प्राइम कमर्सियल बैंकको संचालक समितिले केही व्याज रकम मिनाहा गरी कर्जा राफसाफ गर्ने भनि निर्णय गरेको मितिः सम्ममा ऋणीको साँवा रकम रु. २०२.१२ मिलियन बांकी रहेको र करिव रु.९७ लाख ७० हजार ब्याज रकम वक्यौता रहेको देखिन्छ, सो रकम मध्येमा प्राइम बैंकको संचालक समितिको बैठकले वक्यौता रहोको सम्पुर्ण व्याज रकम मिनाहा गर्ने र केही समयावधीको व्याज पुन: गणना गरी करिव रु.२९ लाख रुपैया ऋणीको खातामा जम्मा गर्ने निर्णय भए बमोजिम बांकी साँवा रकम २०२.१२ मिलियन मध्येमा करिव रू.२९ लाख ऋणीको व्याज पुन गणना गरी जम्मा भएको र बांकी अगुवा बैंकबाट प्राप्त हुने रु.२०० मिलियनबाट सम्पुर्ण साँवा रकम रु. २०२.१२ मिलियन चुक्ता हुने, सोही अनुसार अगुवा बैंकबाट प्राप्त रु.२०० मिलियनबाट सम्पुर्ण कर्जा राफसाफ गरिएको छ । यस कर्जामा धितोमा रहेको घरजग्गा सम्पत्ति अत्यन्तै न्युन रहेको र हाइपोथिकेसनमा रहेको कम्पनीको उपकरण विक्रीबाट समेत सहवित्तीयकरणको सम्पुर्ण कर्जा असुली गर्ने सम्भावना कम रहेकोले बैंकले रु.९७ लाखको व्याज मिनाहा साथै करिव रू.२९ लाखको ब्याज पुन गणना गरी रिभर्स गर्दा बैंकको बांकी कर्जा रकम असुली हुने भएकोले विगत आर्थिक वर्ष २०७९/२०८०

बाट गरिएको सतप्रतिशत कर्जा नोक्सानी व्यवस्था फिर्ता भई बैंकको वितिय अबस्था सुदृढ हुने, बैंकको NPL घटने भई बैंकलाई लाभ हुने भएकोले संचालक समितिले आफ्नोमा निहित अधिकार प्रयोग गरी केही व्याज रकम मिनाहा गर्ने निर्णयबाट बैंकलाई हानी नोक्सानी नभई बैंकको खराव कर्जा असुली भई बैंकको वितिय अवस्था सुदृढ भई बैंकलाई लाभ भएको छ। स्मार्ट टेलिकम प्रा.लि.को लिलाम सम्बन्धि सूचना प्रकाशित गर्दा प्राइम कमर्सियल बैंकको कुनै सहमति र स्वीकृत नलिएको कारणले लिलामी सूचनामा सुरक्षणमा रहेको धितो बापतको धापाखेल, ललितपुरमा रहेका कि.नं. ३१०, ३१२, ३१३, ३१४ र ३१५ का जग्गाहरूको लिलामी प्रक्रिया संलग्न गरिएको, नगरिएको विषयमा प्राइम कमर्सियल बैंकलाई कुनै जानकारी नभएको, अगुवा बैंकबाट धितोमा रहेको सम्पुर्ण सम्पत्ति लिलाम पश्चात प्राइम कमर्सियल बैंकलाई रु.२०करोड सम्म भुक्तानी गर्न सकिने प्रस्ताव अनुसार सो जग्गाको समेत लिलामी विक्री भएको वुझाई भएको अनुसार वांकी रहेका व्याजहरु मिनाहा गरी बैंकको खराव कर्जा असुल गर्ने बैंकको बोर्डबाट निर्णय भएको हो। यस सम्बन्धमा केन्द्रीय अनुसन्धान व्यूरोबाट अनुसन्धान गरे पश्चात मात्र सो घर जग्गाहरु अगुवा बैंकले लिलाम बिक्रीमा समावेश नगरेको विषयमा प्राइम कमर्सियल बैंकको जानकारीमा आयो। स्मार्ट टेलिकम प्रा.लि.को लिलाम सम्बन्धि सूचना प्रकाशित गर्दा प्राइम कमर्सियल बैंकको कुनै सहमति र स्वीकृत नलिएको कारणले लिलामी सूचनामा सुरक्षणमा रहेको धितो बापतको धापाखेल, ललितपुरमा रहेका कि.नं. ३१०, ३१२, ३१३, ३१४ र ३१५ का जग्गाहरूको लिलामी प्रक्रिया संलग्न गरिएको, नगरिएको विषयमा प्राइम कमर्सियल बैंकलाई अगुवा बैंकले कुनै जानकारी नगराएको। अगुवा बैंकबाट सम्पुर्ण सम्पत्तिको लिलाम विक्रीबाट प्राप्त रकमबाट प्राईम बैंकलाई रु.२० करोड भुक्तानी गर्न सकिने प्रस्तावबाट लिलाम विक्रीमा सो जग्गाहरु समेत संलग्न भएको वुझाई भए अनुसार बांकी व्याज मिनाहा गरी कर्जा असुली गर्ने प्राईम बैंकको वोर्डबाट निर्णय भएको हो। धितोमा रहेको घर जग्गाको मूल्यांकन (करिव Distress Value 32 million रहेको) सहवित्तीयकरणको सम्पुर्ण कर्जा (करिव ४ अर्ब भन्दा बढी रहेको) को अनुपातमा अत्यन्तै न्युन रहेको र प्राइम कमर्सियल बैंकलाई अगुवा बैंकबाट रु.२० करोड भुक्तानी आउने प्रस्ताव आएकोले सो जग्गा लिलाम बिक्रीमा समावेश भए नभएको सम्बन्धमा प्राइम कमर्सियल बैंकलाई अगुवा बैंकबाट जानकारी नगराएको। सुरक्षणमा रहेको सम्पुर्ण सम्पत्ति लिलामी विक्रीका सम्बन्धमा यस वैंकबाट कुनै निर्णय नभएको कारणले धापाखेल, ललितपुरमा रहेका कि.नं. ३१०, ३१२, ३१३, ३१४ र ३१५ का जग्गाहरू वाहेक अन्य दुरसंचार सम्बन्धि उपकरणहरु मात्र समावेश गरी लिलाम विक्री गरेको सम्बन्धमा प्राइम कमर्सियल बैंकलाई जानकारी नभएकोले उक्त लिलामी प्रकृया सेटिङ वा एनसेल आजीयाटा लि.ले तथा सो लि.को क्रसहोल्डिङ कम्पनी स्मार्ट टेलिकम प्रा.लि.को योजना मुताबिक गरी गराएको सम्बन्धमा प्राइम कमर्सियल बैंकलाई कुनै जानकारी नभएको र कुनै संलग्नता समेत नभएको र बैंकले कर्जा असुली गर्ने क्रममा बैंकको नियम अनुसार संचालक समितिमा निहित अधिकार प्रयोग गरी केही व्याज रकम मिनाहा गरी बांकी रकम असुली गरी बैंकको हितमा कार्य गरेको हो भन्ने समेत व्यहोरा कागज।

व. **भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं.७ वागेश्वरी हो संचार तथा सूचना प्रविधी मन्त्रालयका तत्कालिन सचिव राधिका अर्याल (मोबाइल ९८५१२७४१४०):**

म संचार तथ सूचना प्रविधी मन्त्रालयमा मितिः २०८१/०४/१६ गते देखि मितिः २०८२/१०/०१ सम्म सचिवको हैसियतमा काम गरेको थिए। हाल मेरो कर्णाली प्रदेश कार्यालय सुर्खेतमा सरुवा भएको छ। मलाई सोधिएका प्रतिवादीहरु मध्ये नेपाल दूरसंचार प्राधिकरणका तत्कालिन अध्यक्ष भुपेन्द्र भण्डारीलाई मात्र चिनेको छु अन्य

प्रतिवादीहरुसँग मेरो चिनजान छैन। स्मार्ट टेलिकम प्रा.लि.को अनुमति पत्र खारेज भई सके पछि सो कम्पनीको सम्पत्ति स्वत: नेपाल सरकारको स्वामित्वमा आएको र सो को जानकारी नेपाल दूरसंचार प्राधिकरण र संचार तथा सूचना प्रविधी मन्त्रालयको सम्बन्धित महाशाखाबाट सम्बन्धित अन्य सरकारी निकाय तथा बैंकहरुमा समेत गराइएको व्यहोरा मलाई जानकारी गराइएको थियो। नेपाल सरकारको स्वामित्वमा आई सकेको स्मार्ट टेलिकम प्रा.लि. को सम्पत्ति मितिः २०८२/०६/२० गते Ncell Axiata Ltd. ले लिलामी मार्फत् प्राप्त गरेको भन्ने व्यहोरा विभिन्न संचार माध्यममा सूचना प्रकाशित भए पछि मात्र जानकारीमा आएको थियो । नेपाल सरकारको स्वामित्वमा आएको स्मार्ट टेलिकम प्रा.लि.को दूरसंचारजन्य सम्पत्ति लिलामी मार्फत् Ncell Axiata Ltd.ले लिएको विषय तत्काल प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीबाट कुनै जानकारी गराएको थिएन। स्मार्ट टेलिकम प्रा.लि.लाई मितिः २०७०/०१/०२ मा प्रदान गरिएको आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र स्वतः खारेज भएकोले अनुमतिपत्र बहाल नरहेको दूरसंचार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १३ को प्रावधान बमोजिम मितिः २०८२/०२/२५ गते नेपाल सरकार मन्त्रीस्तरीय निर्णयबाट राजेश पराजुलीको संयोजकत्वमा ५ सदस्यीय सम्पत्ति मूल्य निर्धारण समिति गठन गर्ने निर्णय भएको, मितिः २०८२/०३/१२ मा नेपाल सरकार मन्त्रिस्तरीय निर्णयबाट अर्थ मन्त्रालयको सहमतिमा मुल्य निर्धारण समितिको पदाधिकारीहरुको पारिश्रमिक तथा अन्य सुविधा तोक्ने निर्णय भई कार्यावन्यनको लागि नेपाल दूरसंचार प्राधिकरणमा पठाइएको थियो। मितिः २०८२/०७/२७ को नेपाल दूरसंचार प्राधिकरणको पत्रबाट मुल्य निर्धारण समितिका Valuator सदस्य रोशन प्रसाद प्रधानाङ्गले मितिः २०८२/०७/०२ मा राजिनामा पत्र पेश गरेको जानकारी गराएकोले नेपाल दुरसंचार प्राधिकरणले उपलब्ध गराएको परामर्श बमोजिम समितिका कुनै पदाधिकारीले काम नगर्ने वा गर्न नसक्ने अवस्था भएमा सोही पदको लागि योग्यता क्रममा रहेका ब्यक्ती मार्फत् काम गर्ने र राजिनामा दिएका Valuator सदस्य रोशन प्रसाद प्रधानाङ्गको हकमा पनि सोही बमोजिम गर्न नेपाल दूरसंचार प्राधिकरणलाई लेखि पठाउने निर्णयको लागि माननिय मन्त्रि जगदीश खरेल समक्ष मितिः २०८२/०८/१२ मा टिप्पणी फाइल पेश गरेको थिए। म मन्त्रालयमा कार्यरत रहदा सम्म उक्त टिप्पणी फाईलमा कुनै पनि निर्णय नभई मितिः २०८२/१०/०१ मा मेरो महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय सरुवा भएको। मुल्य निर्धारण समितिको Valuator सदस्य नियुक्ति सम्बन्धमा म कार्यरत रहदा उक्त विषयको संवेदनशिलतालाई हेरेर दुरसंचार प्राधिकरणबाट पत्र प्राप्त भए पछि समयमा नै आवश्यक निर्णयको लागि माननिय मन्त्रि ज्यू समक्ष पेश गरेको थिए, यसमा मन्त्रि ज्यूबाट कुनै पनि निर्णय नभएको हुँदा लामो समय सम्म टिप्पणी फाइल मन्त्रि ज्यू सँगै रहन गएको हो, यसमा मेरो कुनै कमि कमजोरी छैन, मैंले आफ्नो जिम्मेवारीको काम ईमान्दारिताका साथ पुरा गरेको छु। स्मार्ट टेलिकम प्रा.लि.ले धितो राखेको दूरसंचारजन्य सम्पत्ति लिलाम गरेको जानकारी म मन्त्रालयबाट सरुवा भई गए पछि मात्र थाहा भएको हो, उक्त अवधिमा नियामक निकाय नेपाल दूरसंचार प्राधिकरण तथा अन्य कुनै पनि स्रोतबाट सो को लिखित वा मौखिक जानकारी मन्त्रालयको सचिवको हैसियतले मलाई जानकारी प्राप्त भएन। नेपाल सरकारको स्वामित्वमा आएको स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्तिको कानून विपरीत लिलामी भए पछि नियामक निकाय भएको हैसियतले नेपाल दूरसंचार प्राधिकरणले कानूनी उपचारमा जानु पर्ने थियो। तत्कालिन समयमा प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीले के कति कारण सो तर्फ प्रकृया अगाडि नवढाउनु भएको हो मलाई थाहा भएन। म संचार तथ सूचना प्रविधी मन्त्रालयमा मितिः २०८१/०४/१६ गते देखि मितिः २०८२/१०/०१ सम्म सचिवको हैसियतमा कार्यरत रहदा मितिः २०८२/०७/२७

गते नेपाल दूरसंचार प्राधिकरणबाट मुल्य निर्धारण समितिका Valuator सदस्य नियुक्तीको लागि मन्त्रालयमा पत्र प्राप्त भएको, मन्त्रालयको सम्बन्धित संस्थान समन्वय शाखाबाट २०८२/०८/१० गते Valuator सदस्य नियुक्तीको लागि टिप्पणी उठाई प्रशासन तथा योजना महाशाखा हुदै मेरो (सचिव) मा मितिः २०८२/०८/११ मा निर्णयको लागि टिप्पणी फाइल प्राप्त भए पछि मितिः २०८२/०८/१२ मा निर्णयको लागि मैंले माननिय मन्त्रि जगदिश खरेल समक्ष पेश गरेको थिए। म सो मन्त्रालयमा कार्यरत रहदा सम्म उक्त टिप्पणी फाइलमा कुनै निर्णय भएको थिएन। त्यस पछि मेरो महिला वालवालिका तथा जेष्ठ नागरीक मन्त्रालयमा सरुवा भयो। मेरो सरुवा भए पछि मितिः २०८२/१०/०५ मा सो फाइलमा कुनै पनि निर्णय नगरी मन्त्रि ज्यूबाट टिप्पणी फाइल फिर्ता भएको रहेछ, उल्लेखित कागजातहरु पाना-२४ यसै साथ पेश गरेको छु। मूल्यांकन समितिको पदाधिकारी नियुक्ती गर्ने सम्बन्धमा मैंले खुलाई लेखाई दिएको छु, अन्य बाध्यात्मक अवस्था केही पनि थिएन। स्मार्ट टेलिकम प्रा.लि.को लाइसेन्स खारेज भई मितिः २०८०/०१/०२ गतेबाट कानून बमोजिम स्वत: नेपाल सरकारको स्वामित्वमा आएको स्मार्ट टेलिकम प्रा.लि.सँग सम्बन्धित दूरसञ्चारजन्य टावर लगायतका सम्पत्तिलाई स्मार्ट टेलिकम प्रा.लि.का अध्यक्ष सर्वेश जोशी समेतका व्यक्तीहरुको मिलेमतोमा स्मार्ट टेलिकम प्रा.लि.को नेपाल इन्भेष्टमेण्ट मेगा बैंक समेतमा रहेको कर्जा चुक्ता गर्नका लागि सेटिङमा Ncell Axiata Ltd. ले लिलाम सकार गरी लिई नेपाल सरकारको सम्पत्ति बेइमानी पूर्वक नेपाल सरकारको हक टुटाई संगठितरुपमा नै ठगी तथा आपराधिक विश्वासघात समेतको कसूर गरेको विषयमा संचार माध्यम मार्फत् समचारहरु प्रकाशित भए पछि मेरो जानकारीमा आएको हो। साथै Ncell Axiata Ltd. को शेयर तत्कालको वास्तविक मुल्य भन्दा अस्वाभाविकरुपमा Under Valuation गरी कम मुल्यमा विक्री वितरण गरी नेपाल सरकारलाई ठगी गरेको भन्ने कुरा समेत संचार माध्यमबाट समाचारहरु प्रकाशित भए पछि सुनेको हो भन्ने समेत व्यहोरा कागज।

४. **<u>अनुसन्धानको क्रममा संकलित कागजात प्रमाण तथा विश्लेषण:</u>**

**<u>सम्पत्तिको अवैध लिलाम</u>**

- सञ्चार साधन र सामाजिक सञ्जाल: प्रतिवादीहरू सतिश लाल आचार्य र बैंकका सि.ई.ओ. ज्योति प्रकाश पाण्डेबीच योजनाबद्ध रूपमा भएका गोप्य संवादका लागि ह्वाट्सएप (WhatsApp) र सामसुङ (Samsung) मोबाइल सेटको प्रयोग गरिएको।
- नक्कली प्रतिस्पर्धी कम्पनीहरू: लिलामी प्रक्रियालाई प्रतिस्पर्धात्मक देखाउनका लागि दूरसञ्चार क्षेत्रमा कुनै अनुभव र आर्थिक हैसियत नभएका ट्रान्सगेट टेक प्रा.लि. र प्रोफेसनल विजनेश नेटवर्क प्रा.लि. जस्ता कम्पनीहरूलाई "डमी" प्रतिस्पर्धीका रूपमा खडा गरिएको।
- अल्पकालीन बैंक खाता र चेक: लिलाम हुने अघिल्लो दिन मात्रै खोलिएका बैंक खाताहरू र नरेन्द्र उलकबाट ३ घण्टाका लागि उपलब्ध गराइएको रु. ४ करोड २५ लाखको चेक धरौटी रकम (Bid Deposit) का रूपमा प्रयोग गरिएको।
- वित्तीय लेयरिङ (Layering): रकमको वास्तविक स्रोत लुकाउन अनुपमान तुलाधर, सर्वेश जोशी, लगायतका सहयोगीहरूको व्यक्तिगत बैंक खाताहरूलाई "बिचौलिया खाता" को रूपमा प्रयोग गरी रकम घुमाइएको (Placement/Layering)

- सञ्चालक समितिका निर्णयहरू (DCR): एनसेलको सञ्चालक समितिले लिलामीको सूचना निस्कनुभन्दा अगावै सम्पत्ति सकार्ने र बोलपत्रको रकम तोक्ने सम्बन्धमा गरेका DCR ३३/२५ र ३८/२५ जस्ता कागजातहरू "सेटिङ" का मुख्य साधन।
- सूचना र पत्राचार: बैंकले प्रचलित बजार मूल्य मूल्याङ्कन नगरी र सरकारको हकलाई बेवास्ता गरी प्रकाशित गरेका हिमालय टाइम्सका सूचनाहरू र बैंकका आन्तरिक मेमोहरूलाई अपराध कार्यान्वयनको साधन बनाइएको।

**<u>एनसेल शेयर खरिद–बिक्री</u>**

- अफसोर कम्पनीहरू (Offshore Entities): नियामक निकायलाई छल्नका लागि कारोबार हुनुभन्दा केही दिन अगाडि मात्र बेलायतमा मात्र १ डलरमा दर्ता स्पेक्ट्रलाइट यूके (Spectrlite UK) र रेनोल्ड्स होल्डिङ (Reynolds Holding), आजियटा इन्भेष्टमेन्ट (यूके)
- शेयर खरिद-बिक्री सम्झौता (SPA): आजियाटा ग्रुप र स्पेक्ट्रलाइटबीच भएको सम्झौता, सम्झौतामा उल्लेख "Deferred Consideration" (पछिको भुक्तानी) को आवरणमा लुकाईएको वास्तविक पूँजीगत लाभ, "क्रसहोल्डिङ" र मिलेमतो।
- वित्तीय लेयरिङ (Layering): रकमको वास्तविक स्रोत लुकाउन अनुपमान तुलाधर र सर्वेश जोशी लगायतका सहयोगीहरूको व्यक्तिगत बैंक खाताहरूलाई "बिचौलिया खाता" को रूपमा प्रयोग गरी रकम घुमाइएको (Placement/Layering) देखिन्छ।
- न्यून मुल्यमा कारोबार: सन् २०१६ मा १.३६५ अर्ब डलरमा खरिद भएको शेयरलाई २०२३ मा मात्र ५ करोड डलरमा बिक्री भएको देखाई न्यून मुल्य देखाई नेपाल सरकारलाई हानी नोक्शसानी गर्ने उदेश्यकासाथ ठगी गरेको।

**घटनाको कारण र कसूरदारको मनसाय:**

**घटनाको कारण:**

- स्मार्ट टेलिकम प्रा.लि.ले नियमानुसार अनुमतिपत्र नवीकरण नगरेका कारण २०८०/०१/०३ देखि दूरसञ्चार ऐन, २०५३ र नियमावली, २०७९ अनुसार लाइसेन्स रद्द भएपछि स्मार्ट टेलिकमको सम्पूर्ण पूर्वाधार र सम्पत्ति स्वतः नेपाल सरकार (प्राधिकरण) को स्वामित्वमा आउनु पर्ने पर्नेमा गैरकानूनी रूपमा निजी क्षेत्र- एनसेल आजियटा प्रा.लि.मा हस्तान्तरण गर्ने उद्देश्यले यो घटना घटेको देखिन्छ।
- आजियाटा ग्रुपले नेपालको व्यावसायिक वातावरण र कर प्रणालीलाई दोष दिँदै बाहिरिने घोषणा गरे पनि वास्तविक रूपमा अर्बौंको पुँजीगत लाभकर (CGT) छल्न र कानूनी झमेलाबाट न्यून मुल्यमा कारोबार गरेको देखाई राज्यलाई क्षति पुऱ्याउने, स्मार्ट टेलिकमको संरचना प्राप्त गर्ने।
- **कसूरदारको मनसाय (Motive):**
- नेपाल सरकारको हक हनन् गर्ने: सरकारको स्वामित्वमा आइसकेको अर्बौंको दूरसञ्चार पूर्वाधारलाई बेइमानीपूर्वक नेपाल सरकारको हक टुटाएर एनसेललाई दिलाउने मुख्य मनसाय।
- मिलेमतोमा ऋण राफसाफ (Settlement under setting): बैंकले आफ्नो फसेको ऋण असुली गर्ने बहानामा र एनसेलका सञ्चालकहरूले न्यून मूल्यमा सरकारी सम्पत्ति हडप्ने नियतले "सेटिङ" मा लिलामी प्रक्रिया सम्पन्न गर्ने मनसाय।

- लाभांश र व्यावसायिक लाभ: एनसेलले स्मार्ट टेलिकमको लाइसेन्स नवीकरण गराई वा सम्पत्ति प्राप्त गरी सन् २०२९ सम्म थप लाभांश प्राप्त गर्ने र क्रसहोल्डिङ मार्फत् बजारमा एकाधिकार कायम गर्ने नियत राखेको।
- तृतीया पक्षको ठगी: लिलामीको शर्तमा उल्लेख गरिएको घरभाडा र विद्युत महसुल बापतको रु. ४० करोड रकम सम्बन्धित लाभग्राही (घरधनी) लाई नदिई आफैंले उपभोग गरी ठगी तथा आपराधिक विश्वासघात गर्ने।
- सम्पत्ति शुद्धीकरण र रकम लेयरिङ: कर्मचारी तथा सहयोगीहरूको व्यक्तिगत खाता प्रयोग गरी कर्सहोल्डिङको तथ्य लुकाउने तथा रकमको स्रोत लुकाउने (Layering) र शंकास्पद वित्तीय कारोबार गरी वास्तविक लाभार्थीहरू गराई नेपालको अर्थतन्त्रलाई धरासायी बनाउने।

➢ **प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौंको च.नं. म.बै. /३२१/४२२३, मिति २०८३/०१/२१ गतेको पत्रको पत्रसाथ प्राप्त पूर्वमहालेखापरिक्षक श्री टंकमणि शर्मा दङ्गलको संयोजकत्वमा गठित एनसेल शेयर खरिद बिक्री सम्बन्धी अध्ययन तथा छानविन प्रतिवेदन, २०८० को निष्कर्ष:** एनसेल (तत्कालीन स्पाइस नेपाल प्रा.लि.) को स्थापना वि.सं. २०५८ सालमा ६०% विदेशी तथा ४०% स्वदेशी लगानीमा भएको, स्थापना पश्चात् हालसम्म कम्पनीको शेयर स्वामित्व १४ पटक परिवर्तन भएको, सन् २०१६ मा Axiata Group Berhad ले TeliaSonera बाट एनसेलको ८०% शेयर स्वामित्व रहेको Reynolds Holdings खरिद गरेको, **१ डिसेम्बर २०२३ मा Axiata Group Berhad ले आफ्नो ८०% शेयर Spectrlite UK Ltd लाई बिक्री गर्ने सम्झौता भएको सार्वजनिक घोषणा गरेको हुँदा** उक्त कारोबारको वैधानिकता, पारदर्शिता तथा कर सम्बन्धी विषय अध्ययन गर्न नेपाल सरकारले २०८०/०८/२१ मा Tankamani Sharma Dangol को संयोजकत्वमा ५ सदस्यीय छानविन समिति गठन गरेको, खरिदकर्ता कम्पनी सम्झौता भन्दा केही महिना अघि मात्र न्यून पूँजी (१ डलर) मा स्थापना भएको, सम्झौतामा एनसेलको ८०% शेयर करिब ५ करोड अमेरिकी डलरमा बिक्री गर्ने सहमति गरिएको उल्लेख छ। छानविनबाट उक्त मूल्य वास्तविक बजार मूल्यभन्दा अत्यन्त कम देखिएको तथा "Deferred Consideration" को व्यवस्था राखिएको तथ्य देखिएको छ। दूरसञ्चार प्राधिकरणको पूर्व स्वीकृति नलिई शेयर हस्तान्तरण प्रक्रिया अघि बढाइएको देखिन्छ। वि.सं. २०८६ सालमा एनसेलको अनुमतिपत्र समाप्त भएपछि सम्पत्ति सरकारमा हस्तान्तरण हुने विषयलाई समेत यो सम्झौताले असर गर्न सक्ने देखिन्छ। उपलब्ध तथ्य र कानूनी व्यवस्थाको आधारमा हेर्दा उक्त शेयर कारोबार अपारदर्शी, नियामकीय रूपमा विवादास्पद तथा कर सम्बन्धी जोखिमयुक्त रहेको प्रतिवेदनको निष्कर्ष रहेको साथै स्मार्ट टेलिकमलाई दूरसञ्चार सेवा प्रवाहका लागि अनुमतिपत्र जारी गरिएको भए तापनि अनुमतिपत्र नवीकरण नगरेका कारण हाल यसको अनुमतिपत्र रद्द भएको, अनुमतिपत्र रद्द भएपछि हाल स्मार्ट टेलिकमको व्यवस्थापन नेपाल दूरसञ्चार प्राधिकरणले आफ्नो नियन्त्रणमा लिएको, यस कम्पनीले विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको करिब ४ अर्ब ४९ करोड रुपैयाँ ऋण जोखिममा रहेको, प्राधिकरणले व्यवस्थापन सम्हालेपछि पनि स्मार्ट टेलिकमको तर्फबाट १ अर्ब रुपैयाँ ऋण भुक्तानी भएको, आजियाटा र स्पेक्ट्रलाइट यूके बीच भएको एनसेलको शेयर खरिद बिक्री सम्झौता (SPA) मा स्मार्ट टेलिकमसँग सम्बन्धित एउटा शर्त राखिएको जसअनुसार सन् २०२९ सम्ममा स्मार्ट टेलिकमको अनुमतिपत्र नवीकरण भई एनसेलले यसलाई प्राप्ति (Acquisition) गरेमा, खरिदकर्ताले आजियाटालाई थप १ करोड अमेरिकी डलर भुक्तानी गर्नुपर्ने

उल्लेख भएको देखिन्छ। एनसेलको २० प्रतिशत शेयरधनी 'सुनिभेरा क्यापिटल भेन्चर्स' का सञ्चालकहरू सचिनलाल आचार्य र सतिसलाल आचार्य (जो एनसेलको ८० प्रतिशत शेयर खरिद गर्ने स्पेक्ट्रलाइटका पनि मालिक हुन्) पहिले स्मार्ट टेलिकममा अध्यक्ष र सञ्चालकको रूपमा आबद्ध भएको उनीहरूले सुनिभेरा मार्फत् एनसेलको शेयर खरिद गर्नुभन्दा केही दिन अघि मात्र स्मार्ट टेलिकममा रहेको आफ्नो शेयर अन्य व्यक्ति वा कम्पनीलाई हस्तान्तरण गरेको देखिएको, स्मार्ट टेलिकमलाई बैंकहरूले प्रवाह गरेको अस्वाभाविक र जोखिमयुक्त (Funded and Non-funded) कर्जाका सम्बन्धमा थप अनुसन्धान हुनुपर्ने निष्कर्ष सहितको प्रतिवेदन।

- **लिलाम गर्नु भन्दा पहिले मूल्याङ्कन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशिका २०८२/ इ.प्रा. निर्देशन नं. २/०८२ को १३ (ख)**: सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७३/०७/०८ मा भएको फैसलाबाट देहाय बमोजिमको निर्देशनहरू सबै बैंक तथा वित्तीय संस्थाहरूले कार्यान्वयन गर्ने व्यवस्था मिलाउन यस बैंकलाई आदेश भएको हुँदा सो निर्देशन कार्यान्वयन गर्न यो निर्देशन जारी गरिएको छ;

  **(१)** कर्जा दिने क्रममा ऋणीको सम्पत्तिको सही मूल्याङ्कन हुने वातावरणको सुनिश्चितता गर्ने।

  **(२)** धितो रहेको सम्पत्ति लिलाम गर्दा धितोको प्रचलित बजार मोल (Market Rate) अनुसार लिलाम बिक्री तथा सकार गर्ने वा गराउने गरी व्यवस्था गर्नु पर्ने।

**नेपाल इन्भेष्टमेन्ट बैंकले स्मार्ट टेलिकम प्रा.लि. बाट कर्जा सुविधा बापत धितोमा प्राप्त गरेको सम्पत्ति लिलाम बिक्री गर्दा प्रचलित बजार मोल बमोजिम मुल्याङ्कन गरेको देखिँदैन।**

- **नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशिका व्यबस्थाहरु- (२) व्यक्तिगत तथा संस्थागत जमानिमा प्रवाहित कर्जाको सम्बन्धमा:** इजाजत प्राप्त संस्थाहरुबाट कुनै पनि किसिमको व्यक्तिगत तथा संस्थागत जमानिमा प्रदान भएको कर्जा तथा सुविधाहरु निर्धारित समयमा चुत्ता नगरेमा जमानि दिने व्यक्तिगत तथा संस्थागत समेत यस शाखामा आधिप्राप्त रही कालोसूचीमा समावेश गर्नु पर्नेछ। त्यस्ता कालोसूचीमा राख्ने जमानि रकमको सीमासम्मको रकम चुत्ता भएको सम्बन्धित इजाजतप्राप्त संस्थाबाट जानकारी प्राप्त हुन आएमा जमानिकर्ताको नाम कालोसूचीबाट हटाउनु पर्नेछ। **(३)शेयरधनीको नाम परिवर्तन भई आएमा:** कालोसूचीमा समावेश भएका शेयरधनीहरुले आफ्नो शेयर अन्य व्यक्तिहरुलाई हस्तान्तरण गरी निजको दायित्व नयाँ शेयरधनीले स्वीकार गरेको अवस्थामा सम्बन्धित इजाजतप्राप्त संस्थाको सञ्चालक समितिले उक्त विषय स्वीकार गरी सिफारिस भई आएमा पहिलेका शेयरधनीलाई कालोसूचीबाट हटाउनु पर्नेछ। इजाजतप्राप्त संस्थाबाट ऋण लिएका कुनै पनि लिमिटेड वा सर्बसाधारण शेयर जारी गरी इजाजतप्राप्त कम्पनीको पञ्जिकृत कम्पनीको पञ्जिकृत प्रमाणपत्र भई शेयर लिने शेयरधनीले त्यस्तो कम्पनीको आफ्नो स्वामित्वमा रहेको शेयर बिक्री वा नामसारी गर्नुअघि ऋण प्रदान गर्न सम्बन्धित इजाजतप्राप्त संस्थाको स्वीकृति लिनु पर्नेछ। यस प्रयोजनको लागि सम्बन्धित इजाजतप्राप्त संस्थाको स्वीकृति नभई त्यस्तो ऋण कम्पनीको शेयर बिक्री वा नामसारी गर्न नपाउने गरी ऋण प्रदान गर्न इजाजतप्राप्त संस्थाले अनिवार्य रुपमा कागजात माग्नु पर्नेछ। यस्तरी स्वीकृति नलिई ऋण कम्पनीको शेयरधनीको शेयर नामसारी वा बिक्री गरेमा शेयरधनीलाई कालोसूचीमा राख्नु पर्नेछ।

**स्मार्ट टेलिकम प्रा.लि. का साविक संचालक सतिशलाल आचार्य (लाल साहु होल्डिङ्गस), सचिनलाल आचार्य र भावना सिंह श्रेष्ठबाट प्रतिवादीले उक्त प्रा.लि. को शेयर प्राप्त गर्दाका बखत बिक्रेता कर्जा सुविधा बापत बैंकलाई प्रदान गरेको व्यक्तिगत जमानी हस्तान्तरण गरेको देखिँदैन।**

➢ **नेपाल दूर सञ्चार प्राधिकरणबाट आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र सम्बन्धी खण्ड ६२ संख्या ५ नेपाल राजपत्र भाग ५ मिति २०६९।२।१ नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयको सूचना:**

नेपाल सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणको सिफारिसमा देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने निर्णय गरी सोको लागि अनुमतिपत्र दस्तुर, अनुमतिपत्र नवीकरण दस्तुर, आवश्यकता र शर्तहरु देहाय बमोजिम तोकेको छः-

(१) **दूर सञ्चार सेवाको किसिमः** "आधारभूत टेलिफोन सेवा" भन्नाले स्थानीय टेलिफोन सेवा (Local Telephone Service), अत्तरदेशीय टेलिफोन सेवा (Domestic Trunk Telephone Service), अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा (Intenational Long Distance Service) र सेलुलर मोबाईल दूरसञ्चार सेवा (Celullar Mobile Telephone Service) सम्झनु पर्छ।

(२) **अनुमतिपत्र दस्तुरः** रु ३५,७५,००,०००|- (पैतीस करोड पचहत्तर लाख रुपैयाँ)।

(३) **अनुमतिपत्र नवीकरण दस्तुरः** रु.२०,१३,२७,५०,०००/- (बीस अरब तेह करोड सत्ताईस लाख पचास हजार रुपैयाँ)

(४) **अनुमतिपत्रको अवधिः** १० वर्ष।

➢ **स्थापित नजिर तथा अदालतका फैसलाहरु:**

| क्र.सं. | पक्ष/ विपक्ष | मुद्दा/ मुद्दा नं. | अदालत | फैसला मिति |
|---|---|---|---|---|
| १ | पूर्वसचिव द्वारिकानाथ ढुंगेल समेत विरुद्ध ठूला करदाता कार्यालय, एनसेल लगायत | परमादेश (074-WO-0475) | सर्वोच्च अदालत | २०७५/१०/२३ |
| २ | अधिवक्ता अनन्तराज लुईटेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण (070-WO-0378) | सर्वोच्च अदालत | २०७३/०७/०८ |
| ३ | अमरेश कुमार सिंह विरुद्ध एनसेल आजियाटा लिमिटेड समेत | परमादेश (080-WO-0529) | सर्वोच्च अदालत | २०८१/०९/११ |
| ४ | स्मार्ट टेलिकम प्रा.लि. (रामनाथ बन्ठा थारु) विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण समेत (079-WO-1386), नि.नं. 1069 | उच्च अदालत पाटन | २०८०/०३/१३ |
| ५ | Smart Telecom Pvt. Ltd. विरुद्ध नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समेत | उत्प्रेषण परमादेश (079-WO-1365), नि.नं. 1368 | उच्च अदालत पाटन | २०८०/०३/१३ |
| ६ | Axiata Investments (UK) Limited (यूके) र यसको सहायक कम्पनी Ncell Private Limited (नेपाल) विपक्षी नेपाल सरकार (Federal Democratic Republic of Nepal) | एनसेल सेयर हस्तान्तरणमा नेपाल सरकारले लगाएको कर (capital gains tax) सम्बन्धि/ ICSID Case No. ARB/19/15 | ICSID ट्रिब्युनल | सन् ९ जुन २०२३ |

१) **पूर्वसचिव** द्वारिकानाथ ढुंगेल समेतको रिटनिवेदकले ठूला करदाता कार्यालय, एनसेल, आन्तरिक राजस्व विभाग, नेपाल राष्ट्र बैंक, उद्योग विभाग लगायत विपक्षी भएको परमादेश (०७४-WO-०४७५, फैसला मिति: २०७५/१०/२३, निर्णय नं.: १०१६३) मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट Ncell को अप्रत्यक्ष स्वामित्व

हस्तान्तरण हुँदा पुँजीगत लाभकर (Capital Gains Tax) लाग्ने वा नलाग्ने, विदेशी कम्पनीबीच विदेशमै भएको सेयर कारोबारबाट नेपालले कर उठाउन पाउने वा नपाउने, Axiata/TeliaSonera/Reynolds Holdings मार्फत् गरिएको संरचनात्मक कारोबार "Tax Evasion" वा "Treaty Shopping" हो वा होइन सम्बन्धमा अदालतले उल्लेख गरेका महत्वपूर्ण कानुनी सिद्धान्त देहाए बमोजिम रहेका छन:

१. **करको** आधार राष्ट्रिय कानून हो, कर लाग्ने वा नलाग्ने कुरा नेपालको राष्ट्रिय कानूनले निर्धारण गर्छ, कानूनले पुँजीगत लाभकर लाग्छ भने कर तिर्नैपर्छ।

२. **स्वामित्व** हस्तान्तरणबाट प्राप्त लाभमा कर लाग्छ, कुनै सम्पत्ति वा कम्पनीको स्वामित्व हस्तान्तरण हुँदा लाभ प्राप्त भएमा त्यो लाभ करयोग्य हुन्छ। प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व परिवर्तन भए पनि वास्तविक आर्थिक हित परिवर्तन भएको छ भने करको दायित्व सिर्जना हुन्छ।

३. **"Treaty Shopping"** लाई अदालतले गम्भीर रूपमा हेरेको, फैसलामा आयकर ऐन, २०५८ को दफा ७३(५) उल्लेख गर्दै, केवल कर छुट लिन विदेशी संरचना खडा गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्ने यदि वास्तविक लाभार्थी नेपाल वा सम्बन्धित सन्धि राष्ट्रको बासिन्दा नभए कर सुविधा नपाइने।

४. **एनसेलको** वास्तविक आर्थिक हित विदेशमा हस्तान्तरण भएको निष्कर्ष तर्फ अदालतको संकेत गर्दै Reynolds Holdings को मुख्य सम्पत्ति नै Ncell थियो, Reynolds को खरिदबिक्री वास्तवमा Ncell को आर्थिक हित तथा नियन्त्रणको हस्तान्तरण थियो, विदेशी कम्पनीको संरचना मार्फत् कर छल्ने प्रयासबारे टिप्पणी गर्दै विदेशी कम्पनीहरूबीच विदेशमा कारोबार भएको देखाई नेपालमा कर नतिर्ने प्रयास भएको। मध्यस्थ कम्पनी (intermediate entities) प्रयोग गरी वास्तविक स्वामित्व लुकाइएको। महालेखा परीक्षकको प्रतिवेदनले समेत कर छल्ने संरचना भएको औंल्याएको।

५. **कर दायित्वबाट** पन्छिन नसक्ने अवधारणा, फैसलामा: एनसेल, Reynolds Holdings, TeliaSonera तथा Axiata बीचको संरचना हेर्दा वास्तविक आर्थिक हितको हस्तान्तरण भएको दावी। कर असुल उपरका लागि आयकर ऐनका दफा ९५(क), १०४, १०५, १०९, ११० आकर्षित हुन सक्ने बहस।

६. **विदेशी लगानी** स्वीकृति सम्बन्धी प्रश्न, रिट निवेदनमा दावी: उद्योग विभाग बाट आवश्यक स्वीकृति नलिई Axiata ले Ncell नियन्त्रण गरेको।

७. **नेपाल राष्ट्र** बैंक ले लिखित जवाफमा: सम्बन्धित निकायको सिफारिसबिना विदेशी मुद्रा सटही अनुमति नदिइने, Axiata लाई रकम निकासा गर्न अनुमति दिइएको अवस्था नरहेको उल्लेख।

८. **कम्पनी रजिस्ट्रारको अभिलेख, कम्पनी रजिस्ट्रारको कार्यालयको जवाफ:** अभिलेखमा TeliaSonera वा Axiata प्रत्यक्ष शेयरधनीको रूपमा नरहेको। आधिकारिक रूपमा Reynolds Holdings र Sunivera Capital Venture मात्र देखिएको।

९. **पछिल्लो मूल्याङ्कनलाई मान्यता:** प्रचलित बजार मूल्य कायम गर्नका लागि लिलामको सूचना प्रकाशन गर्नु अघि सम्पत्ति नयाँ मूल्याङ्कनकर्ताबाट अद्यावधिक (Update) गराउनुपर्छ।

१०. **न्यायिक सिद्धान्त र प्राकृतिक न्याय:** बैंक तथा वित्तीय संस्थाहरूले ऋण असुलीका नाममा ऋणीको सम्पत्ति कौडीको भाउमा लिलाम गर्न पाउँदैनन्। लिलामीको प्रक्रिया पारदर्शी, व्यावहारिक र ऋणीको समेत हित संरक्षण गर्ने खालको हुनुपर्छ।

११. **ऋणीको** सम्पत्ति सुरक्षा: यदि बोलपत्र (Auction Bids) मा कवोल गरिएको रकम धितो मूल्याङ्कनको तुलनामा दुई तिहाइभन्दा कम (अनुचित रूपमा कम) भएमा त्यस्तो लिलाम सदर गर्न नमिल्ने सर्वोच्चको व्याख्या छ ।

२) **अधिवक्ता** अनन्तराज लुईटेल समेत को रिट-निवेदनले विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको उत्प्रेषण (०७०-WO-०३७८) मुद्दामा सम्मानित सर्वोच्च अदालतको मिति २०७३/०७/०८ गतेको फैसलाले सम्मानित अदालतबाट निर्देशनात्मक आदेश जारी भएको देखिन्छ । जसअनुसार-

१. **ऋण** स्वीकृत गर्दा धितो सम्पत्तिको सही मूल्याङ्कन सुनिश्चित गर्ने ।

२. **धितो** लिलाम गर्दा बजार मूल्यअनुसार बिक्री हुने व्यवस्था गर्ने ।

३) **रिट** निवेदक अमरेश कुमार सिंहको रिटनिवेदनले विपक्षी एनसेल आजियाटा मिमिटेड समेत भएको परमादेश (०८०-WO-०५२९) मुद्दामा सम्मानित सर्वोच्च अदालतको मिति २०८१-०९-११ गतेको फैसलाबाट रिट खारेज गरे पनि केही महत्वपूर्ण निर्देशनात्मक आदेश (Directive Orders) तथा नजिरात्मक सिद्धान्त (Precedents/Principles) प्रतिपादन गरेको देखिन्छ। अदालतले दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूको शेयर खरिद–बिक्री, स्वामित्व संरचना परिवर्तन, विदेशी लगानी सम्बन्धी कारोबार, कानून बमोजिम प्रभावकारी रूपमा नियमन तथा अनुगमन गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको छ । दूरसञ्चार सेवा प्रदायक कम्पनीको ५% भन्दा बढी शेयर खरिद–बिक्री गर्दा नियामक निकाय (NTA) को पूर्व स्वीकृति आवश्यक हुन्छ। Ncell शेयर कारोबारमा प्रारम्भिक रूपमा यस्तो स्वीकृति नलिइएको ठहर गरेको छ । अदालतले Ncell लाई दूरसञ्चार ऐन, २०५३, दूरसञ्चार नियमावली, NTA को शेयर खरिद–बिक्रीसम्बन्धी नियम, लाइसेन्सका शर्तहरू पूर्ण रूपमा पालना गर्दै सञ्चालन गर्न निर्देशन दिएको छ । बारम्बार स्वामित्व परिवर्तन, अफशोर कम्पनीमार्फत् शेयर कारोबार तथा अन्तर्राष्ट्रिय शेयर हस्तान्तरणका कारण उत्पन्न जोखिमप्रति अदालतले चिन्ता व्यक्त गर्दै नियामक निकायलाई भविष्यमा थप सतर्कता अपनाउन निर्देशन दिएको छ । फैसलामा Ncell सम्बन्धी विगतका कर विवाद तथा कर परीक्षण बाँकी रहेको अवस्थालाई पनि उल्लेख गर्दै सम्बन्धित निकायहरूले कर परीक्षण तथा कर दायित्व निर्धारणमा सक्रियता देखाउनुपर्ने सन्दर्भलाई महत्व दिएको देखिन्छ। दूरसञ्चार क्षेत्रलाई सार्वजनिक महत्वको क्षेत्र मानी स्वामित्व परिवर्तन, शेयर संरचना, लगानी स्रोत, लाभग्राही स्वामित्व (Beneficial Ownership) सम्बन्धी विषय पारदर्शी हुनुपर्ने सिद्धान्तलाई अदालतले जोड दिएको छ । फैसलाले विदेशी लगानीलाई अस्वीकार नगरी कानूनको पालना, कर दायित्व, नियामकीय स्वीकृति, सार्वजनिक हित सुनिश्चित हुनुपर्ने सिद्धान्तलाई प्राथमिकता दिएको देखिन्छ। Ncell सम्बन्धी अघिल्ला कर विवाद तथा सर्वोच्च अदालतका आदेशहरूको सन्दर्भ उल्लेख गर्दै अदालतले पूर्ण सूचना खुलासा (Full Disclosure), नियामकीय पारदर्शिता, आवश्यक कागजात पेश गर्ने दायित्व लाई पुनः महत्व दिएको देखिन्छ ।

४) **स्मार्ट** टेलिकमले मिति २०७०/०१/०२ मा आधारभूत टेलिफोन सेवाको २५ वर्षे अनुमतिपत्र प्राप्त गरेको, अनुमतिपत्र अनुसार नवीकरण दस्तुर, रोयल्टी तथा अन्य शुल्क समयमै बुझाउनुपर्ने दायित्व र कम्पनीले समयमै नवीकरण दस्तुर नबुझाएको कारण प्राधिकरणले पटक–पटक पत्राचार गरी शुल्क बुझाउन आग्रह गरेको, नेपाल सरकार मन्त्रिपरिषद्ले समेत विभिन्न मितिमा थप समय प्रदान गरेको, कम्पनीले पटक–पटक रकम बुझाउने प्रतिबद्धता जनाए पनि दायित्व पूरा नगरेको, त्यसपछि नेपाल दूरसञ्चार प्राधिकरणले २०८०/०१/०४ मा अनुमतिपत्र स्वतः खारेज भएको निर्णय गरी कम्पनीलाई पूर्वाधार तथा सम्पत्ति हस्तान्तरण गर्न पत्राचार गरेको

भन्ने समेतका तथ्यगत पृष्ठभूमिमा **"नेपाल दूरसञ्चार प्राधिकरणले आफ्नो दूरसञ्चार अनुमतिपत्र स्वतः खारेज भएको घोषणा गरी कम्पनीको पूर्वाधार, सम्पत्ति र नेटवर्क प्राधिकरणलाई हस्तान्तरण गर्न दिएको निर्देशन गैरकानूनी रहेको"** दावी गर्दै स्मार्ट टेलिकम प्रा.लि.का तर्फबाट अख्तियार प्राप्त रामनाथ बन्ठा थारुको रिटनिवेदनले विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं समेत भएको उत्प्रेषण समेत (079-WO-1386) मुद्दामा सम्मानित उच्च अदालत पाटनको नि.नं. १०६९, मिति २०८०/०३/१३ फैसला गर्दै स्मार्ट टेलिकमको अनुमतिपत्र स्वतः खारेज गर्ने निर्णय कानूनी थियो वा थिएन? प्राधिकरणले सम्पत्ति तथा पूर्वाधार नियन्त्रणमा लिने प्रक्रिया वैध थियो वा थिएन? कम्पनीले अन्य सेवा प्रदायक सरह किस्ताबन्दी सुविधा पाउनुपर्ने अधिकार राख्थ्यो वा राख्दैनथ्यो? भन्ने मुख्य कानुनी प्रश्नहरुको निरुपण गरेको देखिन्छ। जसमा अदालतले दूरसञ्चार ऐन, २०५३ को व्यवस्था उद्धृत गर्दै: नवीकरण दस्तुर बुझाउनु पर्ने, समयमै नवीकरण गर्नुपर्ने, नवीकरण नगरिए अनुमतिपत्र स्वतः रद्द हुने स्पष्ट कानूनी व्यवस्था रहेको उल्लेख गरेको, यसैगरी कम्पनीलाई पटक–पटक अवसर दिइएको थियो, मन्त्रिपरिषद्बाट समेत समय थप गरिएको थियो, कम्पनीले रकम बुझाउने प्रतिबद्धता जनाउँदै थप समय मागेको, तर अन्ततः कानूनी दायित्व पूरा गरेको प्रमाण नदेखिएको कारण अनुमतिपत्र स्वतः खारेज भएको निष्कर्षलाई अदालतले उचित ठहर गरेको। अनुमतिपत्र खारेज भएपछि लागू हुने "अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९" बमोजिम दूरसञ्चार पूर्वाधार, नेटवर्क, प्रणाली र सम्पत्ति प्राधिकरणले नियन्त्रणमा लिन सक्ने व्यवस्था रहेको हुँदा कम्पनीको अनुमतिपत्र खारेज भइसकेको, सम्पत्ति तथा पूर्वाधार प्राधिकरणको नियन्त्रणमा गइसकेको, सार्वजनिक सूचना समेत प्रकाशित भइसकेको अवस्थामा रिट निवेदनको औचित्य (cause of action) नै बाँकी नरहेको, स्मार्ट टेलिकमले अनुमतिपत्र नवीकरण सम्बन्धी कानूनी दायित्व पूरा नगरेको, अनुमतिपत्र स्वतः खारेज गर्ने निर्णय कानून अनुरूप थियो, सम्पत्ति तथा पूर्वाधार नियन्त्रणमा लिने कार्य पनि नियमावली अनुरूप थियो। विवादित विषयवस्तु व्यावहारिक रूपमा समाप्त भइसकेकाले रिटको औचित्य बाँकी रहेन भन्ने ठहर गर्दै रिट निवेदन खारेज गरेको देखिन्छ।

५) **प्राधिकरणको** निर्णय र पत्राचार बदर गर्न, नवीकरण दस्तुर तथा जरिवाना असुल नगर्न, अन्य सेवा प्रदायक सरह किस्ताबन्दी सुविधा दिन, अनुमतिपत्र नवीकरण गर्न र सेवा सञ्चालनमा अवरोध नगर्न आदेश जारी गर्न माग गर्दै Smart Telecom Pvt. Ltd.को रिट-निवेदनले विपक्षी नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समेत भएको उत्प्रेषण परमादेश (079-WO-1365, नि.नं. १३६८) मुद्दामा सम्मानित उच्च अदालत पाटनले मिति २०८०/०३/१३ मा फैसला गर्दै निवेदकद्वारा दायर गरिएको रिट नं. 079-WO-1386 मा सोही दिन रिट खारेज हुने आदेश भइसकेको सन्दर्भ जोडदै अनुमतिपत्रको शर्त स्वीकार गरेर अनुमतिपत्र लिएको पक्षले पछि सोही शर्तलाई विभेदकारी भन्दै चुनौती दिन सक्दैन, नवीकरण दस्तुर नतिरेको अवस्थामा कानूनबमोजिम अनुमतिपत्र खारेज हुन सक्छ, विवादित अधिकार वा वस्तु नै समाप्त भइसकेपछि रिट निवेदन निरर्थक (Infructuous) हुन जान्छ र अदालतले सैद्धान्तिक प्रश्नभन्दा विद्यमान वास्तविक अवस्थालाई आधार मानेर राहत अस्वीकार गर्न सक्छ भन्ने ठहर गर्दै रिट निवेदन खारेज गरेको देखिन्छ।

६) **अन्तर्राष्ट्रिय लगानी विवाद समाधान केन्द्र (ICSID), वाशिङ्टन डी.सी. (संयुक्त राज्य अमेरिका) मा दर्ता भएको Axiata Investments (UK) Limited and Ncell Private Limited v. Nepal विवाद सन् २०१९ (ICSID Case No. ARB/19/15):** उजुरीकर्ताका रूपमा Axiata Investments (UK)

Limited (यूके) र यसको सहायक कम्पनी Ncell Private Limited (नेपाल) विपक्षी नेपाल सरकार (Federal Democratic Republic of Nepal) भएको विवादमा निवेदको *"सन् २०१६ मा भएको एनसेल सेयर हस्तान्तरणमा नेपाल सरकारले लगाएको कर (capital gains tax) गैरकानूनी भएको, द्विपक्षीय लगानी सम्झौता (BIT) उल्लङ्घन भएको, निष्पक्ष तथा समान व्यवहार (FET), अप्रत्यक्ष राष्ट्रियकरण तथा लगानी सुरक्षाको दायित्व उल्लङ्घन भएको"* दावी गर्दै कर फिर्ता, कर निर्णय बदर, करिब ५० करोड अमेरिकी डलर क्षतिपूर्ति तथा भविष्यमा थप कर असुली रोक्ने आदेश माग गरेकोमा **ICSID ट्रिब्युनलले ९ जुन २०२३ मा निर्णय** गर्दै नेपालले आफ्नो सार्वभौम कराधिकार अन्तर्राष्ट्रिय कानूनी सीमा भित्र प्रयोग गरेको, BIT- Bilateral Investment Treaty (द्विपक्षीय लगानी सम्झौता) उल्लङ्घन नभएको र कर असुली वैधानिक रहेको ठहर गर्दै लगानीकर्ताको सम्पूर्ण क्षतिपूर्ति दावी खारेज (dismissal) गरेको र नेपाल सरकारको कर असुलीलाई मान्यता दिएको अन्तिम निर्णय दिएको, रहेको देखिन्छ ।

**प्रस्तुत ६ वटा महत्वपूर्ण फैसलाहरू र प्राप्त अनुसन्धान प्रतिवेदनका आधारमा स्मार्ट टेलिकमको कर्जा तथा लिलामी प्रक्रिया र एनसेलको शेयर खरिद-बिक्री प्रक्रियाको विस्तृत कैफियत विवरण यस प्रकार छ:**

**एनसेलको शेयर खरिद-बिक्री प्रक्रियामा "Treaty Shopping" का सम्बन्धमा:** सर्वोच्च अदालतले द्वारिकानाथ ढुंगेलको मुद्दामा (०७४-WO-०४७५) एनसेलको अप्रत्यक्ष स्वामित्व हस्तान्तरण हुँदा नेपालको राष्ट्रिय कानून बमोजिम पुँजीगत लाभकर (CGT) लाग्ने सिद्धान्त प्रतिपादन गरेको यस्तै ICSID ट्रिब्युनलले (जुन २०२३) पनि नेपालको कर असुली गर्ने सार्वभौम अधिकारलाई मान्यता दिँदै आजियाटाको दावी खारेज गरिदिएकोमा सोही कर दायित्व र कानूनी झमेलाबाट बच्न आजियाटाले २०२३ मा अत्यन्त न्यून मूल्य (५ करोड डलर) देखाई एनसेलबाट बाहिरिने सम्झौता गरेको देखिन्छ, जुन "नेपाल सरकारलाई तिर्नुपर्ने लाभकर नतिरी ठगी तथा आपराधिक विश्वासघात" गरेको अवस्थामा देखिएको छ । सर्वोच्च अदालतले अमरेश कुमार सिंहको मुद्दामा (०८०-WO-०५२९) दूरसञ्चार कम्पनीको ५% भन्दा बढी शेयर खरिद-बिक्री गर्दा प्राधिकरणको पूर्व स्वीकृति अनिवार्य हुने ठहर गरेकोमा २०२३ को शेयर खरिद-बिक्रीमा यस्तो स्वीकृति नलिई अपारदर्शी ढंगले अफशोर कम्पनी (Spectrlite UK) मार्फत् कारोबार अघि बढाइएको थियो । लाभांश र 'Deferred Consideration' का सम्बन्धमा आजियाटाले एनसेल बिक्री गर्दा राखेको 'Deferred Consideration' को शर्त र स्मार्ट टेलिकमसँगको 'Acquisition' जोडिएको शर्तले यो कारोबार वास्तविक नभई कर र दायित्व छल्नका लागि बुनिएको रणनीतिक तानावाना भएको पुष्टी गर्छ ।

**स्मार्ट टेलिकम प्रा.लि.को नाममा प्रवाह कर्जा, धितो सम्पत्ति र लिलामी प्रक्रिया:-** स्मार्ट टेलिकमको सम्पत्ति लिलामी प्रक्रियामा उच्च अदालत पाटनको फैसला र सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्तहरूको गम्भीर उल्लंघन भएको देखिन्छ। उच्च अदालत पाटनले स्मार्ट टेलिकमको मुद्दामा (०७९-WO-१३८६ र १३६५) फैसला गर्दै नवीकरण दस्तुर नतिरेका कारण **अनुमतिपत्र स्वतः खारेज हुनुलाई वैध** ठहर गरेको, सो फैसलाले अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ बमोजिम **सम्पूर्ण पूर्वाधार र सम्पत्ति प्राधिकरणको नियन्त्रण र स्वामित्वमा रहने** कुरालाई स्पष्ट पारेको देखिन्छ तर नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले यो न्यायिक तथ्यलाई पूर्णतः वेवास्ता गरी सरकारको हक टुटाई बेइमानीपूर्वक लिलामी प्रक्रिया अघि बढाएको देखिन्छ । सर्वोच्च अदालतले अधिवक्ता अनन्तराज लुईटेलको मुद्दामा (०७०-WO-०३७८) धितो लिलाम गर्दा **प्रचलित बजार मूल्य (Market Rate) अनुसार हुनुपर्ने** र **प्रक्रिया पारदर्शी**

**हुनुपर्ने** परमादेश दिएको देखिन्छ सोही फैसलालाई आधार मानी बिश्लेषण गर्दा स्मार्ट टेलिकमको लिलामीमा बैंकले प्रचलित बजार मूल्यको मूल्याङ्कनै नगरी केवल रु. ४.६ अर्बमा एनसेललाई सुम्पने गरी "डमी" प्रतिस्पर्धीहरू खडा गरेर मिलेमतोपूर्ण लिलामी गरेको छ। बैंकलाई जोखिम हुनेगरी कर्जा प्रवाह गरिनु र पछि अदालतको फैसला प्रतिकूल हुने गरी कर्जा राफसाफ गर्न लिलामी गरिनुले बैंक पदाधिकारी र एनसेलका सञ्चालकहरूबीच संगठित संस्थाको आवरणमा मिलेमतो रहेको स्पष्ट हुन आउँछ।

➢ **स्मार्ट टेलिकम प्रा.लि.का सम्बन्धमा:**

- **स्मार्ट** टेलिकम प्रा.लि. ले मिति २०७०/०१/०२ गते दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी जारी भएको (खण्ड ६२ संख्या ५ नेपाल राजपत्र भाग ५) मिति २०६९।२।१ नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयको सूचनाको अधिनमा रही आधारभूत टेलिफोन सेवाको अनुमती प्राप्त गरी सञ्चालन भएको देखिन्छ। V-sat Technology बाट चल्ने टेलिफोन सेवा तथा GSM / CDMA/PSTN WIMAX/ GPRS लगायतको दूरसञ्चार सेवा सञ्चालन गर्ने तथा V-sat Technology बाट चल्ने Email Internat inter branch Connectivity लगायतका Voip / Fax to Fax & Board band internet लगायतको दूरसञ्चार सेवा सञ्चालन गर्ने समेत उदेश्य राखि कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६५/०१/२७ गते दर्ता भएको स्मार्ट टेलिकम प्रा.लि. को देहाय बमोजिम सञ्चालक रहेको भन्ने देखिन्छ:

| क्र.सं. | सञ्चालक | शेयरसख्या | कैफियत |
|---|---|---|---|
| १ | स्क्यायर नेटवर्क प्रा.लि. दर्ता / १३३११/०५६/०५७/सचिन लाल आचार्य | ६४,००० | नेपाली |
| २ | लाल साहु डिष्ट्रिब्युसन प्रा.लि. सिगापुर / सतिशलाल आचार्य | २,२४,००० | बिदेशी |

- **मिति २०७९/०३/०१ गतेसम्मको लेखा परिक्षण प्रतिवेदन:** उद्योग विभागको च.नं. १५४, मिति २०७३/०४/२५ गतेको पत्रबाट Lal sahu Distribution Pte Ltd को नाममा रहेको रु. १०० दरका ९६००० थान शेयर M/S Cosbo investments limited बिक्री गर्न सेद्धान्तिक सहमति दिएपछि कायम भएका शेयर धनीहरु:

| Shareholders | Amount | Percentage |
|---|---|---|
| Cosbo investments limited UK / Eirini Georgion | 96,000,000 | 30% |
| Square network Pvt Ltd Nepal | 64,000,000 | 20% |
| Lal sahu holding Ltd Singapore | 160,000,000 | 50% |
| **Total** | **320,000,000** | **100%** |

| SN | Persons | Role | Offshore/ Onshore Company |
|---|---|---|---|
| 1 | Sachin Lal Acharya | Chairman & Managing Director | Square Network pvt Ltd |
| 2 | Satis Lal Achrya | Director | LAL SAHU DISTRIBUTION PTE LTD |
| 3 | Eirini Georgio | Director | Cosmo investment Ltd UK |
| 4 | Aisulu Orazova | Director | PP NO: N07434785 |
| 5 | Izbassar Baigabatov | Director | |
| 6 | Tang Kum mun | Director | PP NO: 3241782C |
| 7 | Sarbesh Joshi | Executive Chairman | Square Network pvt Ltd |

- **स्क्वायर नेटवर्क प्रा.लि. को शेयरधनीहरु:**

| क्र.सं. | नाम थर | शेयर रकम | कै |
|---|---|---|---|
| १ | सचिन लाल आचार्य ललितपुर वडा नं.०५ (इश्वर लाल आचार्य / तुल्सीलाला गुरुवाचार्य) ना.प्र.नं.३५९०१ ललितपुर | १५,००,०००.०० | २०६५/०१/२५ |
| २ | भावना सिंह श्रेष्ठ आचार्य ललितपुर वडा नं.०५ ना.प्र.न.१८२६/ काठमाडौ (शान्ति लाल आचार्य / इश्वरलाल आचार्य (ससुरा) /शतिस लाल आचार्यको श्रीमान) | १५,००,०००.०० | २०६५/०१/२५ |
| ३ | सर्वेश जोशी (सूर्यप्रसाद जोशी)/ ना.प्र.न.४२०१ काठमाडौ | १,२०,०००,००० | २०७२/०८/२५ |

- **लाल साहु डिष्ट्रिब्युसन प्रा.लि. "LAL SAHU DISTRIBUTION PTE LTD** is a Singapore Exempt Private Company Limited by Shares. The company was incorporated on 15 Dec 1998, which is 27.3 years ago. The address of the Business's registered office is 84 GENTING LANE, #07-07, AXXEL INNOVATION CENTRE, Singapore 349584. The Business's principal activity is Wholesale trade of a variety of goods without a dominant product. The company's paid-up capital is SGD 5,000,000. The company UEN is 199806159G, registered with ACRA on 1998-12-15https://www.companies.sg /उल्लेख भएकोमा सो कम्पनीको उदेश्यमा "कम्प्युटर accessories (memory card, cable & IT hardware र electronic सामान आदिको थोक बिक्रेता (Wholesale trade) रहेको उल्लेख गरेको समेत देखिन्छ ।

➢ **INSPECTION REPORTs OF NEPAL INVESTMENT BANK BY NEPAL RASTRA BANK, BANK SUPERVISION DEPARTMENT (नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण प्रतिवेदनहरु):** Based on the inspection reports including special from Nepal Rastra Bank (NRB) for Nepal Investment Bank (now Nepal Investment Mega Bank), here are the structured facts extracted by Fiscal Year regarding Smart Telecom, NCELL, and Sunivera Capital Ventures.

**FY 2081 (Asoj / Chaitra 2080), Borrower: Smart Telecom Pvt. Ltd.**

Total Exposure: Rs. 213 million (Funded) and Rs. 3,476 million (non-funded)

Status of License: The Nepal Telecommunications Authority (NTA) revoked the license in May 2023 because the company failed to submit a renewal application and fees

Asset Control: All company assets are currently controlled by the NTA due to massive outstanding dues

Loan Classification: The bank's exposure is classified as Loss Loan (100% provisioning) because repayment of the Rs. 3.48 billion non-funded exposure is uncertain

**FY 2080, Borrower: NCELL Axiata Limited**

Ownership Structure: Reynolds Holdings Ltd. (79.99%) and Sunivera Capital Venture P Ltd. (20%)

Exposure: Total limit of Rs. 4,625 million, with Rs. 3,375 million outstanding

Financial Health: As of FY 2078/79, the company showed negative Net Trading Assets (NTA) with account payables of Rs. 26.17 billion against receivables of only Rs. 6.88 billion

Inspection Finding: The working capital loan of Rs. 625 million is considered over-financed because there is no technical requirement for it given the negative NTA

Regulatory Instruction: The bank was ordered to downsize the limit during the next renewal or maintain additional provisioning if not renewed

**FY 2079, Borrower: Smart Telecom Pvt. Ltd.**

Forced Loans: The bank booked a forced loan of Rs. 146 million on November 1, 2019, after the NTA invoked a performance guarantee

Bridge Gap Loans: The bank disbursed two loans (Rs. 39.50M and Rs. 294.40M) to settle forced loans. NRB categorized these as bad loans because they were not approved prior to opening Letters of Credit (LCs)

Unfunded Liability: As of November 2019, there was an outstanding Usance LC of Rs. 3.619 billion with no internal source of repayment identified

Final Classification: Since promised foreign equity injection did not materialize by Poush 2078, the loan was mandated to be classified as Loss

**FY 2077, Borrower: Smart Telecom Pvt. Ltd.**

Ownership Structure: LalSahu Holdings Ltd. (50%), Cosbo Investment Pvt. Ltd. (30%), and Square Network Pvt. Ltd. (20%)

Going Concern Issues: The NTA had cancelled the license due to Rs. 2.59 billion in unpaid royalty/fees; however, the Cabinet temporarily revoked the cancellation on a conditional basis

Regulatory Warning: The bank was strictly instructed not to provide any further loans to pay the company's outstanding dues to the NTA

**FY 2076, Borrower: Smart Telecom Pvt. Ltd.**

Classification: Placed on Watch List

Transparency Issues: The bank failed to identify the Ultimate Beneficial Owner (UBO) of the client

Shareholder Red Flags: Lalsahu Holdings (Seychelles), which owns 50%, was found to have a mere authorized capital of $5,000, making the source of funds unclear

Financial Performance: The company has suffered consecutive losses and negative net worth since FY 2070/71

**FY 2073/74, Borrower: Sunivera Capital Ventures Pvt. Ltd.**

Purpose of Loan: To purchase 20% shares of Ncell Pvt. Ltd.

Financing Terms: The bank financed the entire share purchase agreement without any equity participation from the borrower (Sunivera)

Risk Factors:

The loan was disbursed at 97% in local currency against a USD Bank Guarantee from Citi Bank, Singapore, exposing the bank to high foreign exchange fluctuation risk

The income source for repayment was not explicitly disclosed

**नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण प्रतिवेदनहरुको समष्टिगत निष्कर्ष:**

नेपाल राष्ट्र बैंकको बैंक सुपरिवेक्षण विभागले नेपाल इन्भेष्टमेन्ट बैंक (हाल नेपाल इन्भेष्टमेन्ट मेगा बैंक) को सुपरिवेक्षण/ निरीक्षण गरी स्मार्ट टेलिकम र एनसेलसँग सम्बन्धित कर्जाहरूमा भएका गम्भीर जोखिम र कमजोरीहरू औंल्याएको, राष्ट्र बैंकले नै स्मार्ट टेलिकमको कर्जालाई 'खराब' मा वर्गीकरण गर्न, एनसेललाई प्रदान भएको अधिक कर्जाको सीमा घटाउन र स्मार्ट टेलिकम प्रा लि समेतमा गरेका वैदेशिक लगानीकर्ता कम्पनीहरूको वास्तविक धनी (UBO) पहिचान गर्न बैंकलाई कडा निर्देशन दिएको देखिन्छ।

नेपाल इन्भेष्टमेन्ट बैंक (हाल नेपाल इन्भेष्टमेन्ट मेगा बैंक) ले स्मार्ट टेलिकम, एनसेल र सुनिभेरा क्यापिटल भेन्चर्स जस्ता संस्थाहरूलाई ठूलो मात्रामा कर्जा प्रवाह गरेको थियो, जसमध्ये स्मार्ट टेलिकमलाई दिइएको रु. ३.४८ अर्बको गैर-कोषमा आधारित कर्जा पछि 'खराब कर्जा' (Loss Loan) मा परिणत भएको बैंकले सुनिभेराले एनसेलको शेयर खरिदका लागि शतप्रतिशत फाइनान्सिङ (बैंक ग्यारेन्टी) गरेको र एनसेलको वित्तीय अवस्था कमजोर हुँदाहुँदै पनि थप कर्जा सुविधा उपलब्ध गराएको प्रतिवेदनले देखाएको छ।

स्मार्ट टेलिकम प्रा.लि. को अनुमतिपत्र दस्तुर र नवीकरण शुल्क बुझाउन नसकेपछि मे २०२३ मा नेपाल दूरसञ्चार प्राधिकरणले रद्द गरेको थियो र हाल यसको सम्पत्ति प्राधिकरणकै नियन्त्रणमा र यस कम्पनीमा लालसाहु होल्डिङ्सको ५०%, कोस्वो इन्भेष्टमेन्टको ३०% र स्क्वायर नेटवर्कको २०% शेयर स्वामित्व रहेको छ भने कम्पनी आव २०७०/७१ देखि नै लगातार घाटा र नकारात्मक खुद सम्पत्तिमा रहेको उल्लेख छ।

नेपाल दूरसञ्चार प्राधिकरण (NTA) ले स्मार्ट टेलिकमले बुझाउनुपर्ने अर्बौंको वक्यौता दस्तुर र रोयल्टी प्राप्त नभएपछि उक्त कम्पनीको लाइसेन्स खारेज गरी यसका सम्पूर्ण पूर्वाधार र सम्पत्तिहरू आफ्नो नियन्त्रणमा लिएकोमा प्राधिकरणले कार्यसम्पादन जमानत (Performance Guarantee) जफत गरेपछि बैंकले भुक्तानी गर्नुपरेको रकमलाई राष्ट्र बैंकले खराब कर्जाको रूपमा व्याख्या गरेको देखिन्छ।

एनसेल आजियाटा लिमिटेडको स्वामित्व संरचनामा रेनोल्ड्स होल्डिङ्सको ७९.९९% र सुनिभेरा क्यापिटल भेन्चर्सको २०% हिस्सा रहेको र आव २०७८/७९ सम्ममा एनसेलको तिर्नुपर्ने दायित्व रु. २६.१७ अर्ब र प्राप्य रकम केवल रु. ६.८८ अर्ब मात्र रहेकोले यसको खुद व्यापारिक सम्पत्ति (NTA) नकारात्मक रहेको र बैंकले यसलाई आवश्यकताभन्दा बढी कर्जा (Over-financed) दिएको पाइएको उल्लेख गरेको छ।

सुनिभेरा क्यापिटल भेन्चर्स प्रा.लि. ले एनसेलको २०% शेयर खरिद गर्नका लागि नेपाल इन्भेष्टमेन्ट बैंकबाट कर्जा लिएको थियो, जहाँ बैंकले ऋणीको कुनै पनि स्वपूँजी (Equity) सहभागी नगराई शतप्रतिशत फाइनान्सिङ गरेको र यस कर्जाका लागि सिटी बैंक सिङ्गापुरको डलर ग्यारेन्टी प्रयोग गरिएको थियो, जसले गर्दा बैंक विदेशी मुद्रा विनिमय दरको उच्च जोखिममा परेको र कर्जा भुक्तानीको स्रोत समेत स्पष्ट नभएको रिपोर्टमा उल्लेख गरीएको छ।

लालसाहु होल्डिङ्स लिमिटेड (सेशेल्स) को स्मार्ट टेलिकममा ५०% शेयर स्वामित्व रहेको छ, तर यस कम्पनीको अधिकृत पूँजी केवल ५,००० डलर मात्र पाइएकोले यसको लगानीको वास्तविक स्रोत अस्पष्ट रहेको र बैंकले यस कम्पनीको वास्तविक धनी (UBO) पहिचान गर्न नसकेको विषयलाई राष्ट्र बैंकले पारदर्शिताको अभाव र 'रेड फ्ल्याग' को रूपमा औंल्याएको देखिन्छ।

रेनोल्ड्स होल्डिङ्स लिमिटेडले एनसेल आजियाटा लिमिटेडमा ७९.९९% शेयर स्वामित्व राखेको संस्थाको रूपमा रिपोर्टमा उल्लेख गरिएको।

कोस्वो इन्भेष्टमेन्ट प्रा.लि. र स्क्वायर नेटवर्क प्रा.लि. स्मार्ट टेलिकम प्रा.लि. का शेयरधनी संस्थाहरू हुन्, जसको क्रमशः ३०% र २०% हिस्सा रहेको उल्लेख छ।

- **मिति २०८३/०१/२२ गतेको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.को पत्रसाथ संलग्न कागजातहरुको बिष्लेषण:** स्मार्ट टेलिकम प्रा.लि.को शेयर (TREE CHART), Loan Application (ऋण निवेदन), Credit Appraisal Report (कर्जा मूल्यांकन प्रतिवेदन), स्मार्ट टेलिकम प्रा.लि.का प्रमोटर तथा सञ्चालकहरु, सञ्चालक समिति, Smart Telecom Private Limited (STPL) बैंक कर्जा/ऋण सुविधाहरू, Smart Telecom Private Limited (STPL) को आय विवरण (Income Statement) का मुख्य वित्तीय सूँचकहरु, धितोको निरीक्षण रिपोर्ट विवरण, Smart Telecom Private Limited (STPL) को बैंक धितो तथा सुरक्षण विवरण, सन् २८/११/२०१८ सम्मको बहु बैंकिङ कर्जा विवरण (Multiple Banking), नेपाल इन्भेष्टमेन्ट बैंकको क्रेडिट सुविधा स्वीकृति पत्र (Sanction Letter / Limit Sanction Advice), सुरक्षण (Security), ऋण लिलामी सम्बन्धी विवरण अध्ययन बिश्लेषणबाट स्मार्ट टेलिकम प्रा.लि.ले नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड तथा प्राइम कमर्सियल बैंक लिमिटेडबाट सहवित्तीयकरण अन्तर्गत ठूलो परिमाणमा कर्जा सुविधा प्राप्त गरेको देखिन्छ। सन् २०१८ मा स्मार्ट टेलिकम प्रा.लि.ले ओभरड्राफ्ट, दीर्घकालीन ऋण, एल.सी., बैंक ग्यारेन्टी लगायतका सुविधा नवीकरण तथा स्वीकृत गराएको देखिन्छ। प्राप्त वित्तीय विवरण अनुसार उक्त कम्पनीको बिक्री तथा नाफामा गिरावट आएको, ठूलो घाटा देखिएको तथा नेटवर्थ नकारात्मक अवस्थामा पुगेको उल्लेख छ। धितोका रूपमा ललितपुर धापाखेलस्थित जग्गा, भवन, मेशिनरी तथा उपकरणहरू राखिएको थियो भने उक्त कम्पनीका तर्फबाट संचालक सर्वेश जोशीले व्यक्तिगत जमानी दिएको देखिन्छ। धितो मूल्यांकन अनुसार सम्पत्तिको मूल्य कर्जा रकमभन्दा अत्यन्त कम देखिएकाले ठूलो घाटा वा जोखिमको सम्भावना देखिएको, पछि कर्जा असुली प्रक्रिया अन्तर्गत बैंकले सार्वजनिक सूचना प्रकाशित गरी धितो लिलामी प्रक्रिया अघि बढाएको, विभिन्न कम्पनीहरूले बोलपत्र पेश गरेको तथा एनसेल आजिआटा प्रा.लि.ले सबैभन्दा उच्च रकमको बोलपत्र पेश गरेको विवरण उल्लेख गरिएको छ। कम्पनीको शेयर संरचना, सञ्चालक समिति, वित्तीय अवस्था, बैंकिङ जोखिम मूल्यांकन, धितो तथा सुरक्षण विवरण, बहु बैंकिङ स्थिति र ऋण स्वीकृति प्रक्रियासम्बन्धी प्राप्त कागजातहरुको विस्तृत विवरण देहाए बमोजिम रहेको छ:

- **स्मार्ट टेलिकम प्रा.लि.को शेयर (TREE CHART) :-**




- **Loan Application (ऋण निवेदन):** 30 October, 2018 मा स्मार्ट टेलिकम प्रा.लि. का तर्फबाट सर्बेश जोशीले नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडबाट एक बर्ष अवधिका लागि प्राप्त गरेको ऋण १०० (दश करोड रुपैंया) मिलियन निविकरण गर्नको लागि निवेदन दिएको देखिन्छ।
- **Credit Appraisal Report (कर्जा मूल्यांकन प्रतिवेदन):** स्मार्ट टेलिकम प्रा.लि. को पुँजी संरचना आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण वित्तीय विवरण अनुसार देहाए बमोजिम रहेको:

| पुँजीको किसिम | रकम (NPR) |
|---|---|
| अधिकृत पुँजी (Authorized Capital) | १६०मिलियन |
| जारी पुँजी (Issued Capital) | १००मिलियन |
| चुक्ता पुँजी (Paid Up Capital) | ३२ मिलियन |
| स्थायी सम्पत्ति (Fixed Asset) | ४,५५९.१० मिलियन |

- **स्मार्ट टेलिकम प्रा.लि.का प्रमोटर तथा सञ्चालकहरु**:

| क्र.सं. | शेयरधारकको नाम | शेयर (%) |
|---|---|---|
| १ | Square Network Pvt. Ltd. | 20 |
| २ | Cosbo Investment Ltd. | 30 |
| ३ | Lal Sahu Holdings Ltd. | 50 |

- **सञ्चालक समिति:** Smart Telecom Private Limited (STPL) कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नम्बर ५३१५६/०६४/०६५ अन्तर्गत २०६५/०१/२७ मा दर्ता भएको प्राइभेट लिमिटेड कम्पनी हो। कम्पनीले नेपाल दूरसञ्चार प्राधिकरणबाट आधारभूत टेलिफोन इजाजतपत्र प्राप्त गरेको छ।

| क्र.सं. | सञ्चालकको नाम | प्रतिनिधित्व |
|---|---|---|
| १ | श्री सर्वेश जोशी | Square Networks (20) |

| | | |
|---|---|---|
| २ | Ms. Louiza Georgiou | Cosbo Investment (30) |
| ३ | Mr. Izbassar Baigabatov | Lal Sahu Holdings (50) |

- **GSM** सेवा जुलाई २०१० देखि र अप्रिल २०१३ मा पहिलो Unified Service License (USL) प्राप्त गरेको Smart Telecom Private Limited (STPL) झण्डै १३ लाख ग्राहक आधार, ७७५,५१४ दर्ता ग्राहक र सञ्चालित ५६१ टावरहरुबाट ३८ भन्दा बढी जिल्लामा सेवा विस्तार गरेको यो कम्पनी नेपालको तेस्रो ठूलो र सबैभन्दा छिटो बढ्दो मोबाइल अपरेटरको रुपमा देखिएको थियो।

- **Smart Telecom Private Limited (STPL) बैंक कर्जा/ ऋण सुविधाहरू (Present Proposal / Fef no:KM/Lca/18/41):**

| **सुविधाको प्रकार** | **सीमा** (NPR Mio) | **वर्तमान बाँकी (NPR Mio)** | **ब्याज दर / कमिशन** | **म्याद मिति** |
|---|---|---|---|---|
| ओभरड्राफ्ट - OD (Renewal) | १००. | १५.४८ (Funded) | Base rate (9.03%) + Premium (3.56%) = 12.59% p.a. | ३०-१०-२०१९ |
| दीर्घकालीन ऋण - LTL (Initial Disbursal NPR 400 Mio) | ३९२.५ | ३९३ (Funded) | Base rate (9.03%) + Premium (3.56%) = 12.59% p.a. | १४-०१-२०२८ |
| LC (Review) | ११३.९९ | ११४ (Non-Funded) | Cash Margin 5%, Commission 0.20% p.q., Acceptance Comm. 0.15% p.q. | ३१-०३-२०१९ |
| Bills | ३,९६९.७९ | ३,९६९.७९ (Non-Funded) | Cash Margin 5%, Commission 0.20% p.q., Acceptance Comm. 0.15% p.q. | ३१-१०-२०१९ |
| बैंक जमानत – BG (Review) | १५४.९७ | १५५ (Non-Funded) | Cash Margin 3% र 100%, Commission 0.30% p.q. र 2.50% p.a. | १६-०९-२०१९ |

| **जम्मा सुविधा** | **सीमा (NPR Mio)** | **बाँकी रकम (NPR Mio)** |
|---|---|---|
| **(i) Funded Limits (कर्जा सुविधा)** | ४९२.५ | ४०८ |
| **(ii) Non-Funded Limits (गैर-कर्जा सुविधा)** | ४२३८.७५ | ४२३९ |
| **SOL (%)** | ०.२१ | - |

- **Smart Telecom Private Limited (STPL) को** आय विवरण (Income Statement) का मुख्य वित्तीय सूँचकहरु:

| **क्र.सं.** | **सूचक** | **आ.ब. 2073/74** | **आ.ब. 2074/75 (अनुमानित)** |
|---|---|---|---|
| १ | बिक्री (Sales) | NPR ८७२.१० Mio | NPR ७०९.२० Mio |
| २ | कुल नाफा (Gross Margin) | NPR ४८७.६० Mio | NPR ७१.४० Mio |
| ३ | बिक्री तथा प्रशासन खर्च | NPR ३८.२० Mio | NPR ६१७.२० Mio |

| | | | |
|---|---|---|---|
| ४ | खुद नाफा (Net Profit) | (३३८।.२०) घाटा / Loss | (१५४०४.४०) घाटा जारी रहने |
| ५ | ह्रास (Depreciation) | NPR ३२५.१० Mio | NPR ४५७.६० Mio |
| ६ | Net Worths | NPR८०६.०० Mio | NPR (५९०।१०) Mio |

- **धितोको निरीक्षण रिपोर्ट विवरण:** SHARMILA MAHARJAN/BHASKARN, JOSHI/KALIMATE BRANCHSITE VISIT वाट भएको रिपोर्टमा (10/11/2017) REF. NO. **KM/SV/17/595**, In reference of credit facilities of NPR 6.002 bio (Funded NPR 500.00Mio/NON-Funded 4.00 Bio of Nepal Investment Bank Ltd and Funded NPR. 500.00 Mio/Non-Funded NPR. 1.002 bio of Prime Commercial Bank Ltd. provided to the above-mentioned customer by the Bank, our valuator M/s IBB Engineering Consultancy Pvt. Ltd. submitted the valuation report. Market value of property as per valuation report:
  **Property Type:** Land and Buliding (land only is Considered for Valuation)
  **Location:** Depakhel ward no .24 Seto Bhairab Nath Tole Lalitpur
  **Plot No:** 394, 394,395, 390, 392
  **Area:** As per the Title Deed 2-4-2-1 Rop -12,513.51Sq feet
  **As per the site measurement** 2-1-2-1.94 Rop-11,506.2 Sq. ft
  **Market Valu of Property as per Valuation report:** Npr: 40,344,000/DV:32,275,000.00
  **Less: loan Amount:** Npr 6,002,000,000.00
  **Surplus/ Deficiency:** NPR 5,961,656,000.00 समेतको उल्लेख गरेको देखिन्छ।
- **Smart Telecom Private Limited (STPL) को बैंक धितो तथा सुरक्षण विवरण:**

| **क्र.सं.** | **धितोको प्रकार** | **विवरण** | **Coverage** |
|---|---|---|---|
| १ | परीपासु धितो | Prime Commercial Bank Ltd. सँगसँगै ठेगाना: धापाखेल, सेतो भैरवनाथ टोल, ललितपुर वडा नं. २४ कित्ता नं. ३९०,३९२, ३९४,३९३,३९५, क्षेत्रफल: २-१-२-१.९४ रोपनी (११,५०६.९२ वर्ग फिट) बजार मूल्य (Maraket Valu): NPR ४०.३४ Mio Distrase valu मूल्य: NPR ३२.२७ Mio | १००% |
| २ | यन्त्र तथा उपकरण धितो | सम्पूर्ण मेशिनरी र उपकरणहरू बीमा सहित, कन्सोर्टियम बैंकको पक्षमा | १००% |
| ३ | व्यक्तिगत जमानत | श्री सर्वेश जोशीको सम्पूर्ण कन्सोर्टियम ऋण एक्सपोजरको लागि | १००% |
| ४ | प्रतिबद्धता पत्र | M/s Smart Telecom Pvt. Ltd. को सम्पूर्ण कन्सोर्टियम ऋण एक्सपोजरको लागि। | १००% |

- **मिति २८/११/२०१८ सम्मको बहु बैंकिङ कर्जा विवरण (Multiple Banking):**

| **बैंकको नाम** | **स्वीकृत सीमा - Funded (NPR Mio)** | **स्वीकृत सीमा - Non-Funded (NPR Mio)** | **बाँकी - Funded** |
|---|---|---|---|
| **Nepal Investment Bank Ltd. (Lead Bank)** | ५०० | ४००० | ४०८ |
| | | | |
| **Prime Commercial Bank Ltd.** | ५०० | १००२ | ३५ |

| जम्मा (Total) | १००० | ५००२ | ४४० |
|---|---|---|---|

- **नेपाल इन्भेष्टमेन्ट बैंकको क्रेडिट सुविधा स्वीकृति पत्र (Sanction Letter / Limit Sanction Advice):** सन् २०१८ नोभेम्बर/डिसेम्बर (BM: २९ नोभेम्बर २०१८, BCC: २ डिसेम्बर २०१८) शर्मिला महर्जनले तयार गरेको, Risk Rating: ३ (यो राम्रो र कम जोखिमपूर्ण मानिन्छ) सहित ऋण संचालक समितिबाट पारित भएको देखिन्छ। जसमा सुविधा सीमा Overdraft (Renew)१०० मिलियन, Long Term Loan (Review)३९२.५० मिलियन, LC (Letter of Credit)११३.९९ मिलियन, Bills (Usance LC)३५९.७९ मिलियन र BG (Bank Guarantee)१५४.७९ मिलियन रहेको छ। **कुल सीमा:Total Funded Limit: ५०० मिलियन (५० करोड) र Total Non-Funded Limit: ४००० मिलियन (४०० करोड) देखिन्छ।** मिति २०७५/०९/२९ गते स्मार्ट टेलिकम प्रा.लि. कुमारीपाटी-२० ललितपुर नेपाल (ध्यानकर्षण: सर्वेश जोशी) उल्लेख गरी दिएको ऋण स्वीकृति पत्रममा देहाय उल्लेख गरी नेपाल इन्भेष्टमेन्ट बैंक लि. का तर्फवाट शर्मिला महर्जन (कर्जा प्रशासनिक विभाग, कामिमाटी शाखा) भास्कर न. जोशी (शाखा प्रमुख कालीमाटी शाखा) र ऋणिको तर्फवाट सर्वेश जोशीले दस्तखत गरेको समेत देखिन्छ। ऋण सुविधा (Loan Facilities) देहाए बमोजिम रहेको:

| क्र.सं. | किसिम | रकम | कै |
|---|---|---|---|
| १ | Overdraft | 10,00,00,000.00 | 30/10/2019 |
| २ | Long Trem Loan | 39,25,00,000.00 | 14/01/2028 |
| ३ | Sight L/C Bills-Reviem | 3,96,97,90,000.00 | 31/10/2019 |
| ४ | Bank Guarantee -Review | 15,49,70,000.00 | 16/09/2019 |



| Facility | Limit | Interest Rate |
|---|---|---|
| Overdraft (Renew) | NPR 100.00 mio | Base rate (9.03)+ Premium (3.56)=12.59% p.a. |
| Long Term Loan (Review) (Initial disbursement of NPR 400.00 mio) | NPR 392.50 mio | Base rate (9.03)+ Premium (3.56)=12.59% p.a. |
| LC (Review) | NPR 113.99 | Cash Margin- 5%, Commission-0.20% p.q. Acceptance Comm. - 0.15% p.q. |
| Bills (Usance LC) (Review) | NPR 3969.79 | Cash Margin- 5%, Commission-0.20% p.q. Acceptance Comm. - 0.15% p.q. |
| BG (Review) | NPR 154.97 mio. | Cash Margin- 3% and 100%, Commission –0.30 % p.q. and 2.50% p.a. |
| Total Funded limit | NPR 500.00 mio. | |
| Total Non- Funded limit | NPR 4000.00 mio | |

Name : Sharmila Maharjan
Relationship Manager
Date: 29/11/2018

BM
Date : 29/11/2018

BCC
Date:

CEO
Date:

MCC
Date:

Risk Rating 3
Risk Mgmt. Dept.
Date: 10-1-19

Prepared by Sharmila Maharjan

क्रेडिट

सुविधा स्वीकृति पत्र (Sanction Letter / Limit Sanction Advice)

- **सुरक्षण (Security):** श्री स्मार्ट टेलिकम प्रा. लि. को नाममा दर्ता कायम रहेको धापाखेल, ललितपुर वडा नं २४ स्थित कि.नं. ३९४, ३९३, ३९५, ३९० र ३९२ को क्रमश ०-७-३-०, ०-६-०-०, ०-७-३-०, ०-१-०-१ र ०-१४-०-० क्षेत्रफल रहेको घर तथा जग्गा नेपाल इन्भेष्टमेन्ट बैंक लगायत प्राइम कमर्सियल बैंक लि.क़ो हिताधिकार हुने

गरि पारी पासुको आधारमा सुरक्षण स्वरुप धितो दृष्टिबन्धक पारित गरिएको। ऋण/कर्जा वा बैकिङ्ग सुविधाको लागि निम्न सुरक्षणहरु उपलब्ध गराउनु पर्ने- स्मार्ट टेलिकम प्रा.लि.को सम्पूर्ण मेशनरी तथा औजार सहवित्तीयकरणमा सहभागी बैंकहरुको नाममा हाइपोथिकेशन गरि सोको बीमाको प्रथम हिताधिकारी (First beneficiary) सहभागी बैंकहरुलाई मानिने, सर्वेश जोशीले कुल कर्जा रकम खाम्ने गरि व्यक्तिगत जमानी दिनु पर्नेछ, बैंकलाई ऋण परिशोधन गर्ने बचनबध्दता दिनु पर्नेछ। (Letter of undertaking) आय प्राप्तिको अधिकारलाई पारिपासुको आधारमा सहवित्तीयकरणमा सहभागी सबै बैंकको नाममा गरिदिनु पर्नेछ।

- **ऋण लिलामी सम्बन्धी विवरण:**
  - मिति २०८२/०४/२३ गते हिमालय ट्राइम्स पत्रिकामा “ प्राईम कमर्सियल बैंक लि. र नेपाल इन्भेष्टमेन्ट बैंक लि.” को सहवित्तीयकरण कर्जाको साँबा तथा ब्याज तिर्नको लागि **३५ दिने सूचना प्रकाशित गरेको**। कम्पनी : **स्मार्ट टेलिकम प्रा.लि.** ( विविध कर्जा ) जमानीकर्ता : **सर्बेश जोशी**।
  - **सर्वेश जोशीको निवेदन:** मिति २०८२/०५/२० गते स्मार्ट टेलिकम प्रा.लि. का सर्बेश जोशीले नेपाल इन्भेष्टमेन्ट बैंक लि.लाई धितोमा रहेको सम्पत्ति बिक्री गर्न पाउने छैनौ भनी कुनै पनि उजुरी दिने छैन भनी **धितो बिक्री बितरण गर्न अनुमती** दिएको देखिन्छ।
  - मिति २०८२/०६/०३ गते प्राईम कमर्सियल बैंक लि. र नेपाल इन्भेष्टमेन्ट बैंक लि.” को सहवित्तीयकरण कर्जाको धितोमा रहेको सुरक्षण बिक्री गर्ने **१५ दिने सूचना** प्रकाशित गरी अन्तिम मिति २०८१/०६/१९ गते तथा **बोलपत्र खोल्ने मिति २०८२/०६/२० गते दिउसो ११ बजे** उल्लेख भएको देखिन्छ।
  - नेपाल इन्भेष्टमेन्ट बैंक लि. केन्द्रिय कार्यालय दरवारमार्गवाट भएको लिलामी मुचुल्कामा देहाय बमोजिम रहेको देखिन्छ।

| ऋणि | लिलाम बिक्री गरिने धितोको विवरण | पेश भएको बोलपत्रको विवरण |
|---|---|---|
| स्मार्ट टेलिकम प्रा.लि. (विविध कर्जा)<br>दर्ता नं.५३१५६/०६४/०६५<br>ठेगाना : कुमारीपाटी -२० ललितपुर<br>व्यक्तिगत जमानी : सर्वेश जोशी -जमानीकर्ता (ना.प्र.नं.४२०१/२०५३/०५/०१)<br>बाबु: सूर्य प्रसाद जोशी<br>बाजे: शम्भु प्रसाद जोशी | स्मार्ट टेलिकम प्रा.लि.ले सुरक्षण स्वरुप राखेको दूरसञ्चार सेवासँग सम्बन्धित विभिन्न उपकरण तथा सामाग्री हाल जे जस्तो अवस्थामा छ सोही स्थान र अवस्थामा लिलाम बिक्री गरिनेछ। | श्री ट्रान्सगेट टेक प्रा.लि.बाट रु. ४४ करोड ५० लाख बोलपत्र फारम थान -१ र धरौटी बापत रु. ४ करोड ४५ लाख खातामा जम्मा गरेको भौचर संलग्न रहेको।<br>श्री एनसेल आजिआटा प्रा.लि..बाट रु. ४ अर्व ६० करोड बोलपत्र फारम थान -१ र धरौटी बापत रु. ४६ करोड खातामा जम्मा गरेको भौचर संलग्न रहेको।<br>श्री प्रोफेसनल विजनेश प्रा.लि.बाट रु. ४२ करोड ५० लाख बोलपत्र फारम थान -१ र धरौटी बापत रु. ४ करोड २५ लाख खातामा जम्मा गरेको भौचर संलग्न रहेको। |

➢ **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को मिति २०८३/०१/२२ गतेको पत्रवाट प्राप्त भएको कागजातहरुको बिश्लेषण:** नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा बैंकिङ (ऋण/कर्जा) कारोबारका लागि प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि.को पेश गरेका कागजातहरु, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा बैंकिङ (ऋण/कर्जा) कारोबारका लागि ट्रान्सगेट टेक प्रा.लि.ले पेश गरेको कागजातहरु, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. वाट ऋणी स्मार्ट टेलिकमको

ऋण धितो लिलाम गर्ने सम्बन्धमा भएको निर्णयहरु, ऋणी स्मार्ट टेलिकम प्रा.लि.को ऋण बक्यौता विवरण, स्मार्ट टेलिकम प्रा.लि.को कर्जा धितो तथा सुरक्षण (Collateral/Securities) विवरण, धितो लिलामी Recovery Actions/सूचना प्रकाशन, सम्पत्ति लिलाम (Auction) विवरण, धितो लिलामी प्राप्ति रकम वक्यौता भुक्तानी योजना (Settlement Plan), धितो लिलामी सकार गर्ने Ncell Axiata को रकम भुक्तानी साधन Cheque को विवरण, ऋणी स्मार्ट टेलिकम प्रा.लि.लाई ब्याज छुट (Interest Waiver) सिफारिस, Memorandum स्विकृतिमा संलग्न नेपाल इन्भेष्टमेन्ट बैंकका पदाधिकारीहरु तथा Loan Recovery Committee (LRC) बैठक, LRC सिफारिस तथा निर्णय समेतका कागजातहरुको बिश्लेषणबाट नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडमा स्मार्ट टेलिकम प्रा.लि.सँग सम्बन्धित धितो लिलामी प्रक्रियामा सहभागी प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि. तथा ट्रान्सगेट टेक प्रा.लि.ले पेश गरेका कम्पनी दर्ता, कर चुक्ता, बैंक खाताको विवरण, सञ्चालक विवरण, बोलपत्र आवेदन, धरौटी रकम जम्मा तथा गोप्य शिलबन्दी बोलपत्रसम्बन्धी कागजातहरू समावेश रहेका छन्। प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि.ले रु. ४२ करोड ५० लाख तथा ट्रान्सगेट टेक प्रा.लि.ले रु. ४४ करोड ५० लाखको बोलकबोल पेश गरेका, स्मार्ट टेलिकम प्रा.लि.को ऋण गैर-निष्पादित कर्जा (NPA) मा वर्गीकृत भएको तथा कुल बक्यौता करिब रु. ४ अर्ब २१ करोड भन्दा बढी रहेको उल्लेख छ। बैंकले विभिन्न Recovery Action अन्तर्गत ३५ दिने तथा १५ दिने सूचना प्रकाशित गरी धितो लिलामी प्रक्रिया अघि बढाएको देखिन्छ। लिलामीमा Ncell Axiata Ltd. ले रु. ४ अर्ब ६० करोडको सर्वाधिक बोलकबोल पेश गरी स्वीकृतिको प्रक्रियामा रहेको देखिन्छ भने ट्रान्सगेट टेक प्रा.लि. दोस्रो र प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि. तेस्रो बोलदाता रहेका छन्। प्राप्त रकमबाट मूल ऋण, एल.सी. देयता, ब्याज, पीसीबीएल एक्सपोजर लगायत भुक्तानी गर्ने योजना प्रस्ताव गरिएको छ। साथै ऋणीले लिलामीमा सहमति जनाएको आधारमा दुई करोड साठी लाख रुपैँयासम्म ब्याज छुट सिफारिस गरिएको देखिन्छ। नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको Loan Recovery Committee (LRC) बैठकले Ncell Axiata को सर्वाधिक Bid स्वीकृतिका लागि सिफारिस गर्ने, बाँकी रकम १४ दिनभित्र जम्मा गराउन पत्र पठाउने तथा असफल बोलदाताहरूको धरौटी रकम फिर्ता गर्ने निर्णय गरेको विवरण सहितका देहाए कागजातहरु मिसल संलग्न रहेका छन्:

- **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा बैंकिङ (लिलामी प्रक्रिया) कारोबारका लागि प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि.को पेश गरेका कागजातहरु:**
    - प्रोफेशनल विजनेश नेटवर्क प्रा.लि. कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता नं. ११०६२८/०६९/०७०) प्यान नं. ६०११२११५१ लिएको समेत देखिन्छ। मिति २०८१/१०/०९ गते प्रिन्ट भएको कर चुक्ता प्रमाण पत्रमा जम्मा कारोबार : १,९८,२५,२४९।०० करयोग्य आय: रु.१५,५३,८०४।०० दाखिला गरेको कर :३,८८,४५१।०० देखिन्छ। मिति २०८१/०३/३१ गते तयार गरेको बासलासमा Share Capital रु.9,000,000/- रहेको उल्लेख गरेको तथा Total Assets : 14,965,876.10 रहेको देखिन्छ। सो प्रा.लि. बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा दर्ता नं. : ४८००१/०७६/०७७ मा दर्ता गरेको समेत देखिन्छ। सञ्चालक नाम ठेगाना : खुमनाथ अधिकारी अमलाचौर -१ बाग्लुङ, नागरिकता नं.:- २०५१८५/ बाग्लुङ, कम्पनीको ठेगाना : का.म.न.पा. वडा नं.३२ काठमाडौ, कम्पनीको अधिकृत पूँजी : १,००,००,०००/(१ करोड), व्यवसायको मुख्य उदेश्य : समुन्द्रपार आयात निर्यात / प्रबन्धपत्रमा उल्लेख भएको विवरण।

- मिति २०८२/०६/१० गते नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.लाई खुमानाथ अधिकारीले दस्तखत गरी (9851078005) बोलपत्र फारम उपलब्ध गराउनको लागि निवेदन दिएको देखिन्छ।
- मिति २०८२/०१/१९ गते प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि तर्फबाट नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि. खाता नं.००१००९८४०१००२ मा Earnest Money Auction बापत खुमनाथ अधिकारीले रु.१०००/- जम्मा गरेको देखिन्छ।
- मिति २०८२/०६/२० गते प्रोफेशनल विजनेश नेटवर्क प्रा.लि.ले नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को खाता नं.००१००९८४०१००२ मा चेक नं.३०१६७७५२९१ को चेक मार्फत् रु.४,२५,००,०००/-(चार करोड पचिस लाख) जम्मा गरेको देखिन्छ।
- मिति २०८२/०६/१० गते (26 September,2025) नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. लाई सम्बोधन गरी " गोप्य शिलबन्दी बोलपत्र" पेश गरएकोमा सो बोलपत्रमा रु.४२,५०,००,०००/-(बयालिस करोड पचास लाख) बोलकबोल रकम उल्लेख गरी सो रकमको १०% ले हुने रु. ४,२५,००,०००/-( चार करोड पचिस लाख) रकम त्यस बैंकको हिसाव नं.००१०९८४०१००२ मा जम्मा गरेको भनी उल्लेख गरी फर्म भरेको देखिन्छ।
- नोट: सो फर्म भर्दा चार करोड पचिस लाख बोलकबोल रकम तथा धरौटी रु.२५ लाख रकम उल्लेख गरी फर्म भरेकोमा पुन: सच्चाई उल्लेखित फर्भ भरेको समेत देखिन्छ।
- मिति २०८२/०६/२०गते (6 October,2025) प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि.को तर्फवाट खुमनाथ अधिकारी(९८५१०७८००५) ले हिमालयन टाइम्समा प्रकाशित सूचना अनुसार लिलामी नपरेकोमा धरौटी रकम नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि. मा रहेको खाता नं.०१२११०२०२६४९५२ नं.को खातामा फर्ता गरी दिनु हुन अनुरोध गरिएको छ।

- **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा बैंकिङ (लिलामी प्रक्रिया) कारोबारका लागि ट्रान्सगेट टेक प्रा.लि.ले पेश गरेको कागजातहरु:**

  - यो कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०७८/०६/०८ मा दर्ता नं.२१२५७५/०७५/०७६मा दर्ता भएको देखिन्छ। प्यान नं.६०६८६३५६० लिने क्रममा व्यवसायका कारोबारको विवरणमा सफ्टवेर प्रकाशन, कम्प्यूटर प्रोग्रामिङका क्रियाकलापहरु गर्ने उल्लेख भएको देखिन्छ । सो प्रा.लि.को मिति २०८१।०९।०२मा प्रिन्ट भएको कर चुक्ता प्रमाणपत्रमा कारोबार रकम रु. १०,१६,८०,१६६।०० करयोग्य आय रु.४०८६००१।०० दाखिला गरेको कर : रु.१०,२१,५००।०० रहेको भन्ने उल्लेख भएको देखिन्छ। ट्रान्सगेट टेक प्रा.लि.को नाममा रहेको शेयरदर्ता किताबमा (मिति २०८१/०८/१०) गतेको लगतमा देहायका सञ्चालक रहेको देखिन्छ।

| शेयरबालाको नाम | बाबुको नाम | नागरिकता नं. | भुक्तानी शेयर | कैफियत |
|---|---|---|---|---|
| सोनी जोशी | गोबिन्द प्र. जोशी | ४३६३/३९२७/ | ६५ लाख | अध्यक्ष |
| ल.पु.जि.ल.पु.म.न.पा.१४ | | ९५६/४५४६काठमाडौ | | |
| पलिना श्रेष्ठ ल.पु.-३ | हर्षमान श्रेष्ठ | १५५३०/काठ | ६५ लाख | सञ्चालक |
| सरिना तारा तुलाधर का.म.न.पा. २५ | धनरत्न तुलाधर | ८०१०/काठ | ६५ लाख | सञ्चालक |

- नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. लाई P.Shrestha समेत उल्लेख गरी दस्तखत गरी (9851059704) बोलपत्र फारम उपलब्ध गराउनको लागि निवेदन दिएको देखिन्छ।
- मिति २०८१ माघ ०७ गते सोमबार बसेको सञ्चालक समितिको निर्णय बमोजिम हिमालयन बैंक लि.मा रहेको खाता नं.०१९०८७७१०७००१४ को खाता सञ्चालकहरु श्रीमति सोनी जोशी, श्रीमति पलिना श्रेष्ठ र श्रीमति सरिना तारा तुलाधर मध्ये कुनै दुई जनाको हस्ताक्षरवाट सञ्चालन गर्ने निर्णय भएको समेत देखिन्छ।
- ट्रान्सगेट टेक प्रा.लि.को तर्फबाट नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि.खाता नं.००१००९८४०१००२ मा Earnest Money Auction बापत पलिना श्रेष्ठ ९८५१०५९७०४ ले रु.१,०००/- जम्मा गरेको देखिन्छ। मिति २०८२/०६/१२ गते नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.राईजिङमल कमलादी काठमाडौलाई सोम्बोधन गरी " गोप्य शिलबन्दी बोलपत्र" पेश गरएकोमा सो बोलपत्रमा रु.४४,५०,००,०००/- ( चवालिस करोड पचास लाख ) बोलकबोल रकम उल्लेख गरी सो रकमको १०% ले हुने रु. ४,४५,००,०००/-(चार करोड पैतालिस लाख) रकमको GOOD FOR PAYMENT को चेक पेश गरेको भनी मोवाइल नं.९८०१८३९७९८, 9851339798 समेत उल्लेख गरी P.Shrestha ले दस्तखत गरेको समेत देखिन्छ।
- सो प्रा.लि.ले हिमालयन बैंक लि.मा सन् २०२५/०९/२४ गते (२०८२ असोज ८, बुधवार) नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को नाममा जारी भएको GOOD FOR PAYMENT (A/c:0199999990055) को तीनवटा चेक ( 39520359 बाट रु.२,००,००,०००/- / 39520363 बाट रु. १२,०००,०००/- र 39520364 बाट रु. १२,५००,०००/-) जम्मा रु. ४४,५००,०००/- जम्मा गरेको देखिन्छ।

- **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. वाट ऋणी स्मार्ट टेलिकमको ऋण धितो लिलाम गर्ने सम्बन्धमा भएको निर्णयहरु:**

  - **ऋणी स्मार्ट टेलिकम प्रा.लि.**

| **विवरण** | **तथ्य** |
|---|---|
| ऋणीको नाम | M/s Smart Telecom Pvt. Ltd. |
| ठेगाना | कुमारीपाटी-२०, ललितपुर |
| ग्राहक ID (CIF ID) | १३६६५ |
| सन्दर्भ नं. | KM/SCA/25/423 |
| मेमोरेन्डम मिति | ०९/१०/२०२५ |
| सम्बन्ध शुरु मिति | २००८ |
| बैंक | Nepal Investment Mega Bank Ltd. (NIMB) Lead Bank |
| शाखा | कालीमाटी |
| व्यक्तिगत जमानत | श्री सर्बेश जोशी |
| ऋण वर्गीकरण | NPA (गैर-निष्पादित ऋण) |
| Provisioning | १००.००% |

- **स्मार्ट टेलिकम प्रा.लि.को ऋण बक्यौता विवरण (जनवरी २७, २०२३ सम्म):**

| ऋणको प्रकार | Principal/मूल रकम | USD/NPR दर | कुल NPR रकम |
|---|---|---|---|
| IBN Principal (मूल ऋण) | NPR ५८,२७,२१,५५७.७९ | — | NPR ५८,२७,२१,५५७.७९ |
| LC Charges (Mashreq Bank) | USD २८,७१,४६४.०१ | १४२ | NPR ४०,७७,४७,८८९.४२ |
| LC Maturity | USD २,१३,२९,१०१.९९ | १४२ | NPR ३,०२,८७,३२,४८२.५८ |
| PCBL Exposure | NPR २०,००,००,००० | — | NPR २०,००,००,००० |
| Bank Guarantee (BG)** | NPR ३,२०,७३५.५० | — | NPR ३,२०,७३५.५० |
| **जम्मा (TOTAL)** | — | — | **NPR ४,२१,९५,२२,६६५.२९** |

- **स्मार्ट टेलिकम प्रा.लि.को कर्जा धितो तथा सुरक्षण (Collateral/Securities) विवरण:**

| क्र.सं | सुरक्षणको प्रकार | विवरण |
|---|---|---|
| १ | **Hypothecation** | सम्पूर्ण मेशिनरी तथा उपकरणहरूको Hypothecation — Consortium Banks को पक्षमा |
| २ | **Assignment of Receivables** | कम्पनीको सम्पूर्ण प्राप्य रकमको (Receivables) Assignment — Consortium Banks को पक्षमा |
| ३ | **Letter of Undertaking** | M/s Smart Telecom Pvt. Ltd. को Undertaking पत्र — सम्पूर्ण Consortium Loan Exposure का लागि |
| ४ | **Personal Gargantee (PG)** | श्री सर्बेश जोशीको व्यक्तिगत जमानत — सम्पूर्ण Consortium Loan Exposure का लागि |

- **धितो लिलामी Recovery Actions/ सूचना प्रकाशन (Published Notices)**

| सूचनाको प्रकार | पत्रिका | प्रकाशन मिति (B.S.) | कैफियत |
|---|---|---|---|
| ३५ दिने कानुनी सूचना | Himalayan Times | २०८२-०४-२३ | खाता नियमित गर्न नसकिएको |
| १५ दिने लिलाम सूचना | Himalayan Times | २०८२-०६-०३ | Bid प्राप्त भयो |

- **सम्पत्ति लिलाम (Auction) विवरण:** मिति २०८२-०६-०३ मिति प्रकाशित १५ दिने लिलाम सूचना बमोजिम तीन वटा Bid प्राप्त भएको, सबैले आ-आफ्नो Retention रकमको १०% रकम मिति २०८२-०६-२० मा Earnest Money Auction Account मा जम्मा गरिसकेको भनी उल्लेख गरेको देखिन्छ।

| S.N. | Bidder Name | Retention NPR | Bid Amount | Remarks |
|---|---|---|---|---|
| १ | M/s Ncell Axiata Ltd. | ४६,००,००,००० | ४,६०,००,००,००० | सर्वाधिक Bid स्वीकृतिका लागि प्रक्रियामा |
| २ | M/s Tansgate Tech Pvt. Ltd. | ४,४५,००,००० | ४४,५०,००,००० | दोस्रो Bid |
| ३ | M/s Professional Business Network Pvt. Ltd. | ४,२५,००,००० | ४२,५०,००,००० | तेस्रो Bid |

- **धितो लिलामी प्राप्ति रकमबाट वक्यौता भुक्तानी योजना (Settlement Plan):** Ncell Axiata Ltd. बाट प्राप्त NPR ४,६२,८६,१२,६४५ (Bid रकम + NPR २,८६,१२,६४५ Cash Margin Reversal) बाट निम्नानुसार भुक्तानी गर्ने प्रस्ताव गरिएको छ:

| विवरण | रकम (NPR) |
|---|---|
| कुल उपलब्ध रकम (Bid + Cash Margin Reversal) | ४,६२,८६,१२,६४५ |
| IBN Principal (मूल ऋण) | ५८,२७,२१,५५७.७९ |

| | |
|---|---|
| LC Charges (Mashreq Bank — USD अनुसार) | ४०,७७,४७,८८९.४२ |
| LC Maturity (USD अनुसार) | ३,०२,८७,३२,४८२.५८ |
| PCBL Exposure | २०,००,००,००० |
| Leasehold/Electricity Payables | ३८,००,००,००० |
| Notice Charges | ५९,४६३ |
| Interest Recovery | २,९२,३१,५६१.४२ |
| **जम्मा भुक्तानी** | **४,६२,८४,९२,९५४** |

- **धितो लिलामी सकार गर्ने Ncell Axiata को रकम भुक्तानी साधन Cheque को विवरण:**

| **विवरण** | **तथ्य** |
|---|---|
| Cheque जारी गर्ने | Ncell Axiata Limited |
| Cheque प्राप्त गर्ने | Nepal Investment Mega Bank Limited |
| Cheque रकम | NPR ४,१४,००,००,००० (चार अर्ब चौध करोड) |
| Cheque मिति | ४५८१८ |
| Account No. | 028030502900016 |
| Cheque प्रकार | A/C Payee |




- **ऋणी स्मार्ट टेलिकम प्रा.लि.लाई ब्याज छुट (Interest Waiver) सिफारिस:** ऋणीले लिलाम मार्फत् सम्पत्ति बिक्रीमा सहमति जनाई आंशिक ब्याज छुटको अनुरोध गरेकाले निम्नानुसार सिफारिस गरिएको देखिन्छ।

| **विवरण** | **तथ्य** |
|---|---|
| अनुरोध गरिएको छुट रकम | NPR २,६०,००,००० |
| सिफारिस गरिएको अधिकतम छुट | NPR २,६०,००,००० |
| आधार | ऋणीले Auction मा सहमति जनाएको र उठानी रकमको आधारमा |

- **Memorandum स्विकृतिमा संलग्न नेपाल इन्भेष्टमेन्ट बैंकका पदाधिकारीहरु, नेपाल इन्भेष्टमेन्ट बैंकमा स्मार्ट टेलिकम प्रा.लि. को Loan Recovery Committee (LRC) बैठक:**

| **क्र.सं** | **बैठकमा उपस्थित हुने** | **पद** | |
|---|---|---|---|
| १ | Mr. Jyoti Prakash Pandey | Chairperson (CEO) | उपस्थित |
| २ | Mr. Mahesh Sharma Dhakal | Member (Dy.CEO) | उपस्थित |

| | | | |
|---|---|---|---|
| ३ | Mr. Rabin Sijapati | Member (Executive Credit Officer) | बिदामा |
| ४ | Mr. Rajesh Sharma | Member (Chief Operating Officer) | बिदामा |
| ५ | Mr. Om Bahadur Gaire | Member | बिदामा |
| ६ | Mr. Amit Shrestha | Member Secretary (Chief Recovery Officer) | उपस्थित |

| **विवरण** | **तथ्य** |
|---|---|
| बैठक संख्या | NIMB/LRC/005/FY2082/83 |
| बैठक मिति | ६ अक्टोबर २०२५ |
| स्थान | Corporate Office, Lazimpat |
| अध्यक्ष | Mr. Jyoti Prakash Pandey (CEO) |
| **एजेन्डा** | **लिलामबाट प्राप्त सर्वाधिक Bid स्वीकृति** |

- **LRC सिफारिस तथा निर्णय:** M/s Ncell Axiata Ltd. द्वारा प्रस्तुत NPR ४,६०,००,००,०००/- को सर्वाधिक Bid थप स्वीकृति प्रक्रियाका लागि सिफारिस गर्ने, सर्वाधिक Bidder लाई बाँकी रकम १४ दिनभित्र जम्मा गर्न औपचारिक पत्र पठाउने। ऋणीको सहमतिको आधारमा अधिकतम NPR २,६०,००,००० सम्मको ब्याज छुट दिने तथा असफल Bidders को Retention Deposit तत्काल फिर्ता गर्ने सिफारिस भएकोमा सो तथ्यलाई देहाय बमोजिम सारांश (Executive Summary) मा उल्लेख भएको।

| **मुख्य बुँदा** | **विवरण** |
|---|---|
| ऋणीको नाम | M/s Smart Telecom Pvt. Ltd. |
| कुल बक्यौता ऋण | NPR ४,२१,९५,२२,६६५.२९ |
| ऋण वर्गीकरण | NPA — १००% Provisioning |
| लिलाम मिति | २०८२-०६-०३ B.S. |
| सर्वाधिक Bid (Ncell Axiata) | NPR ४,६०,००,००,००० |
| Cheque प्राप्त रकम | NPR ४,१४,०००,००० (Earnest Money) |
| सिफारिस गरिएको ब्याज छुट | NPR २,६०,००,००० (अधिकतम) |
| बाँकी रहने Exposure (BG) | NPR ३,२०,७३५.५० (१००% Cash Margin) |
| अनुमोदन गर्ने अधिकारी | Jyoti Prakash Pandey, CEO — NIMB |
| प्रतिवेदन तयार मिति | ०९/१०/२०२५ |

मिति २०८३/०१/२२ गतेको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. (NIMB) को पत्रसाथ संलग्न कागजातहरूको विश्लेषण गर्दा स्मार्ट टेलिकम प्रा.लि.को कर्जा सुविधा, धितो सुरक्षण र लिलामी प्रक्रिया सम्बन्धमा बैंकबाट कर्जा लिँदा स्मार्ट टेलिकमले धितो राखेका सम्पत्तिमा अचल सम्पत्ति (घर-जग्गा- ललितपुर जिल्ला, धापाखेल वडा नं. २४ स्थित कित्ता नं. ३९०, ३९२, ३९३, ३९४ र ३९५ को कुल क्षेत्रफल २-४-२-१ रोपनी जग्गा र त्यसमा बनेको भवन), चल सम्पत्ति (मेशिनरी तथा उपकरण), कम्पनीका सम्पूर्ण दूरसञ्चार उपकरणहरू, BTS टावरहरू, Core and Billing System र एन्टिनाहरू सहवित्तीयकरण बैंकहरूको नाममा 'Hypothecation' गरिएको जसमा स्मार्ट टेलिकमका कार्यकारी अध्यक्ष सर्वेश

जोशीले कुल कर्जा रकम खाम्ने गरी व्यक्तिगत जमानी दिएको, बीमांक रकम १६३ वटा टावर र अन्य उपकरणहरू गरी कुल रु. २ अर्ब ५६ करोड २८ लाख ९६ हजार बराबरको सम्पत्ति बीमा गरिएको देखिन्छ।

धितो मूल्याङ्कनको अवस्था (Valuation Discrepancy)मा धितो निरीक्षण रिपोर्ट (Ref. No. KM/SV/17/595) अनुसार उक्त जग्गा र भवनको बजार मूल्य रु. ४ करोड ३ लाख ४४ हजार मात्रको मुल्याङ्कन गरिएको, ६ अर्बभन्दा बढीको कर्जा सीमाका लागि रु. ४ करोडको जग्गा मात्र धितो रहनुले रु. ५ अर्ब ९६ करोड १६ लाख ५६ हजार बराबरको वित्तीय जोखिम अवस्था देखिएकोमा जसलाई बैंकिङ जोखिमको हिसाबले अत्यन्त अस्वाभाविक र शंकास्पद देखिन्छ।

नेपाल इन्भेष्टमेन्ट बैंकले २०८२/०४/२३ मा ३५ दिने सार्वजनिक सूचना र २०८२/०६/०३ मा १५ दिने लिलामी सूचना 'हिमालय टाइम्स' मा प्रकाशित गरेको देखिन्छ। लिलामीको विशेष शर्तमा लिलामी सूचनाको बुँदा नं. २ मा टावर जडान भएका घरधनीहरूको बाँकी बहाल र विद्युत महसुल बापतको रु. ४० करोड रकम समेत बोलपत्रदाताले एकमुष्ठ बुझाउनुपर्ने सर्त राखिएको मिति २०८२/०६/२० गते दिउँसो ११:०० बजे बोलपत्र खोलीएको, तीनवटा कम्पनीहरू- एनसेल आजियाटा लि.- रु. ४ अर्ब ६० करोड (सबैभन्दा उच्च), ट्रान्सगेट टेक प्रा.लि.- रु. ४४ करोड ५० लाख र प्रोफेसनल विजनेश नेटवर्क प्रा.लि. रु. ४२ करोड ५० लाख सहभागी भएकोमा बिजयी एनसेल आजियाटा लि.ले - रु. ४ अर्ब ६० करोडमा लिलामी स्वीकार गरी बोलकबोल गरेको घरबहाल वक्यौता सहितको उल्लेखित रकम बैंकलाई चेक मार्फत् भुक्तानी दिएको देखिन्छ। यसरी नेपाल इन्भेष्टमेन्ट बैंक- NIMB ले स्मार्ट टेलिकम प्रा लि को अर्बौंको ऋण राफसाफ गराउन नियामक निकाय नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन विपरीत मुल्याङ्कन नगरी लिलामी आव्हान गर्दा लिलाम बिक्री गर्ने सम्पत्तिको छुट्टा-छुटै मुल्य नखुलाई, घरजग्गा वहाल बापतको रु. ४० करोड समेत समावेस गरी बोलपत्र आव्हान पटक-पटक नगरी प्रयाप्त प्रतिस्पर्धा विना एकैपटक एनसेलसँगको मिलेमतो (Setting)मा प्रक्रिया पुरा गरेको कागजातहरूबाट देखिन्छ।

- **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. (NIMB) को मिति २०८२/०३/०३, पत्र संख्या COM/POLICE/१०४२९/०५२/०५३ को पत्रको व्यहोरा:** NIMB को प्राइम कमर्शियल बैंक लि. सँगको सहवित्तीयकरणमा स्मार्ट टेलिकम प्रा.लि. लाई प्रवाह भएको कर्जा ऋण स्मार्ट टेलिकम प्रा.लि. ले कर्जा लिँदाको शर्त मुताबिक समयमा नतिरेको कारणले सुरक्षण स्वरुप रहेको सम्पत्तिहरू लिलाम बिक्री गर्न सम्बन्धी सूचना प्रकाशित गर्न अगाडि तथा ३५ दिने लिलाम सम्बन्धी सूचना प्रकाशित गर्न निणर्य गरी सो सम्बन्धि सम्पूर्ण कार्यहरू गर्न तथा सूचना प्रकाशित गर्न सम्पूर्ण अख्तियारी अगुवा (यस बैंक) लाई दिने निणर्य गरिएकोमा सोही मुताबिक सहवित्तीयकरण बैंकहरूको तर्फबाट लिलाम बिक्रीको सूचना प्रकाशित गरिएको साथै, रु. ४० करोडको ऋणको दायित्वको सम्बन्धमा उक्त दायित्व रकम ऋणी कम्पनीको आधिकारिक व्यक्ति श्री सर्वेश जोशीबाट जानकारी प्राप्त भएको तथा बैंकले लिलाम बिक्री गर्न दूरसञ्चार उपकरण लगायत टावरहरु जडान भएका घर जग्गाको घरबाहाली रकम र विद्युत महसुल चुक्ता नभै सुरक्षण लिलाम बिक्री हुन नसक्ने हुनाले त्यस्तो दायित्व भुक्तानीका लागि सो रकम उल्लेख गरिएको र लिलाम बिक्री बारेको सूचना सहवित्तीयकरणमा सहभागी दुवै बैंकको तर्फबाट प्रकाशित भएको र लिलाम सम्बन्धी प्राप्त बोलपत्रको मूल्यांकनमा दुवै बैंकको प्रतिनिधिहरूको उपस्थिति भएबाट समेत पुष्टी हुने जानकारी गराउँदै सो को निर्णय सहवित्तीयकरण बैंकहरूको बैठकबाट भएको भन्ने व्यहोराको जानकारी प्राप्त हुन आएको।

**सो सम्बन्धको निर्णय:**

Consortium Meeting Minute, NIMB, on the agendas (A and B) and any other matters arising thereat Smart Telecom Pvt Ltd Loan Recovery at 3:00 PM on August 06, 2025 in Nepal Investment Mega Bank Limited, Uttar Dhoka, Kathmandu:

Agenda A: Publication of legal notice for recovery of entire dues

Mr. Thapa briefed the consortium that the loan has already been classified into Non-Performing Assets in line with NRB Unified Directives and the necessary recovery intimation letters (as per the bank's policy) have already been issued to the company four times (15 Days' Letters each). However, the borrower company did not repay the loan till the date of consortium meeting. Hence, Mr. Thapa emphasized that the consortium can now initiate the recovery process i.e. publishing the 35 Days' Notice followed by 15 days auction notice as per the bank policy. Mr. Thapa opined that the consortium has to explore the prospective buyers in the market. Mr. Nepal Bhusan Shrestha from Prime Commercial Bank Ltd also supported the lead bank's statement that the consortium has to initiate the recovery process by publishing the 35 Days' Notice in the newspaper to recover the consortium dues. Mr. Shrestha mentioned that the Bank has the first right to sell the hypothecated assets of the company in order to recover the outstanding dues of the consortium. Further, Mr. Shekhar Thapa reiterated that the entire assets of the company have been hypothecated to the consortium and necessary charges have been created to the ownership of the consortium banks through Secured Transaction Registry. Thus, the consortium meeting made the following decisions subject to approval from the competent authorities of the bank.

1. Publish 35 days' notice to repay the loan in the name of the borrower in the national daily newspaper followed by a 15 days' auction notice to recover the entire consortium dues.
2. Ratify the recovery actions initiated by the lead bank in the form of Recovery Intimation Letters.
3. Explore the prospective buyers of the current underlying assets of the company and delegate the entire authority to the lead bank regarding exploring, negotiating, signing all the necessary documents and publishing the auction notices in the national daily newspaper.

**Meeting Participants:**

Mr. Shekhar Thapa- (Head Infrastucture and Consortium), Pramod Acharya (Head Corporate Unit) **-NIMB**

Mr Bhusan Shrestha (Deputy General manager), Mr Anuj Manandhar (Relationship Manager)- **PCBL**

Mr. Servesh Joshi (Representative)- **Smart Telecom Pvt Ltd**

सम्पत्तिका साविक धनीले तेस्रो पक्षलाई घरबहाल समेतको तिर्न बाँकी रकम समेत समावेश गरी लिलामी सूचना प्रकाशन गर्ने भन्ने निर्णय दुबैं बैंक (NIMB र PCBL)बाट भएको भन्ने व्यहोराको NIMB ले पत्र व्यहोरामा उल्लेख गरेतापनि मिति २०८२/०६/०३ गते लिलामीको सूचना निकाल्ने क्रममा बुदा नं.२ मा "लिलाम विक्री गरिने दूरसञ्चार सेवासँग सम्बन्धित विभिन्न उपकरण लगायतका सामाग्रीहरु जडान भएका घर –जग्गा

धनीहरुलाई ऋणी (साविकका धनी) ले तिर्न बाँकी वाहाल, बिद्युत महशूल लगायतका रकम समेत रु. ४० करोड उल्लेखित उपकरणहरुको लागि कबूल गरिने रकममा थप गरी एकमुष्ठ रकम कबुल गरी बोलपत्र पेशगर्नु पर्ने" भनी सूँचना प्रकाशन गर्ने निर्णय उल्लेखित Consortium Meeting Minute बाट पारित भएको देखिन आउँदैन यसका साथै प्राइम कमर्सियल बैंक लिमिटेडको PCBL/COM/1816/2082/83 को पत्रबाट अगुवा बैंकलाई लिलामीको सूचना निकाल्न सहमति प्रदान गरेको भएतापनि सो सूचना प्रकाशन गर्नका लागि PCBL संग सहमती नलिएको र सुचना प्रकाशनपछि सो को जानकारी पनि नदिएको साथै रु. ४० करोड पनि समावेश गरी लिलामी सूचना प्रकाशन गर्ने सम्बन्धमा PCBL बाट सहमति/ स्वीकृति प्रदान नभएको व्यहोरा उल्लेख गरेको देखिन्छ ।

- **Date: 1st July 2025, 623rd Board Meeting of NIMB, Corporate Office, Lazimpat:** यस कागजातमा Company Secretary Manish Kumar Singh ले 623rd Board Meeting का लागि प्रस्तावित एजेण्डाहरूमा- **1.** Matters arising out of last minutes. **2.** NIMB Business Strategy and Budget for FY 2082 – 83. र **3.** Any other business. देखिन्छ ।

**नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, संचालक समिति (Board of Directors)का ६२३, सन् २०२५-०७-०४ को निर्णय:** Recovery plan related to M/s Smart Telecom Pvt. Ltd. सम्बन्धमा With the permission of Chairman, CEO Mr. Jyoti Prakash Pandey informed the Board of Directors that despite several verbal as well as written follow ups, the borrower namely M/s Smart Telecom Pvt. Ltd. failed to pay the loan and banking facilities taken from the Bank, and as the security hypothecated with the Bank is related to the telecommunication services, there may be only two institutions namely Nepal Doorsanchar Company Ltd. and Ncell Axiata Ltd., which may be interested on that security. After due deliberation and thorough discussions, the Board of Directors instructed the Chief Executive Officer to correspond with Ncell Axiata Ltd. asking whether they are interested to buy the said security by participating in the bid called by the Bank, and if they agree to participate in the bid, to proceed with the recovery process for the same. **(पर्याप्त विचार-विमर्श तथा विस्तृत छलफलपछि सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतलाई बैंकद्वारा आह्वान गरिएको बोलपत्रमा सहभागी भई उक्त धितो खरिद गर्न Ncell Axiata Ltd. इच्छुक छ कि छैन भनी सोधपुछ गर्न निर्देशन दिएको छ, र यदि बोलपत्र प्रक्रियामा सहभागी हुन सहमत भएमा सोही धितोको असुली प्रक्रिया अघि बढाउन निर्देशन दिएको छ ।)** The Board of Directors further unanimously authorized the Chief Executive Officer to do all the necessary to conclude the deal, if Ncell Axiata Ltd. agreed to buy the security by participating in the bid called by the Bank. **(यदि Ncell Axiata Ltd. ले बैंकद्वारा आह्वान गरिएको बोलपत्रमा सहभागी भई उक्त धितो खरिद गर्न सहमति जनाएमा, सो कारोबार सम्पन्न गर्ने आवश्यक सम्पूर्ण कार्यहरू गर्न प्रमुख कार्यकारी अधिकृतलाई सञ्चालक समितिले सर्वसम्मत अधिकार प्रत्यायोजन गरेको छ)** There being no

further issue, the meeting was adjourned at 2:00 p.m. with a vote of thanks from the Chairman for all those present in the meeting.

**संचालक समिति (Board of Directors):**

| SN | Designation | Name | Remarks |
|---|---|---|---|
| 1 | Chairman | Mr. Prithivi Bahadur Pandé | Present |
| 2 | Director | Mr. Prajanaya Rajbhandary | Present |
| 3 | Director | Mr. Madan Kumar Acharya | NOT SIGN |
| 4 | Director | Mr. Kabi Kumar Tibrewala | Present |
| 5 | Director | Mr. Dipankar Shakya Udai | Present |
| 6 | Director | Mr. Shalik Ram Belbase | Present |
| 7 | Director | Ms. Shobha Shrestha | Present |

धितो सम्पत्ति लिलाम प्रक्रिया सम्पन्न हुनु अगाडि नै एनसेल आजियटा प्रा लि लाई धितो खरिद गर्न ईच्छुक छ वा छैन भनी सोधी लिलामी प्रकृया अगाडि बढाउनु भन्ने उल्लेखित निर्णयबाट धितो सम्पत्ति एनसेल आजियटा प्रा.लि.लाई नै दिलाउने पूर्व योजना भएको पुष्टि हुन्छ ।

प्रमुख कार्यकारी अधिकृत बैंकको सम्पूर्ण दैनिक सञ्चालन, रणनीतिक व्यवस्थापन, जोखिम नियन्त्रण, नियामकीय अनुपालन तथा सञ्चालक समितिका निर्णय कार्यान्वयनको प्रमुख जिम्मेवार अधिकारी हो, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (BAFIA) तथा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन अनुसार ऋण असुली (Loan Recovery) बैंकको नियमित व्यवस्थापकीय कार्य (Management Function) अन्तर्गत पर्दछ।

ऋण असुल गर्न प्रत्येक पटक सञ्चालक समितिको निर्णय आवश्यक पर्दैन, यसरी BAFIA को दफा ३० अनुसार प्रमुख कार्यकारी अधिकृत (CEO) ले सञ्चालक समितिले स्वीकृत गरेको नीति कार्यान्वयन गर्ने, बैंकको दैनिक प्रशासन तथा सञ्चालन गर्ने, बैंकको सम्पत्ति तथा दायित्वको व्यवस्थापन गर्ने, कर्जा व्यवस्थापन तथा असुली सम्बन्धी कार्य सञ्चालन गर्ने, ऋण असुलीका लागि गरिने ऋणीलाई ताकेता गर्ने, कर्जा पुनर्तालिकीकरण वा पुनर्संरचना सम्बन्धी स्वीकृत अधिकारभित्र निर्णय गर्ने, धितो लिलामी प्रक्रिया अगाडि बढाउने, कानूनी कारबाही गर्ने, कर्जा असुली सम्बन्धी नियमित कार्य गर्ने समेतका कार्यहरू व्यवस्थापन (Management) ले आफ्नो प्रत्यायोजित अधिकारभित्र गर्न सक्छ।

ऋण असुली गर्ने समेतको कार्य प्रमुख कार्यकारी अधिकृतको व्यवस्थापकिय जिम्मेवारी अन्तर्गत पर्ने नै देखिन्छ। यसरी नै सञ्चालक समितिको जिम्मेवारीमा बाफियाको दफा २२ अनुसार " कर्जा तथा असुली नीति स्वीकृत गर्ने, जोखिम व्यवस्थापनको निगरानी गर्ने, खराब कर्जा (NPL) न्यूनीकरणका लागि रणनीति तय गर्ने, व्यवस्थापनलाई आवश्यक निर्देशन दिने" समेत रहे भएको भन्ने देखिन्छ।

कर्जा असुली गर्ने सम्बन्धमा " बाफियाको दफा ५७ " ले बैंक तथा वित्तीय संस्थालाई निर्देशित गर्दछ तर नेपाल सरकारको स्वामित्वमा आएको सरकारी सम्पत्ति न त कब्जा गर्न सक्छ, न त स्वतः लिलाम गर्न सक्छ, यदि कुनै सरकारी सम्पत्ति कर्जाको धितो बनेको असाधारण अवस्था भए पनि: सरकारी स्वीकृति बिना लिलाम गर्न पाइँदैन, यसमा पनि उच्च अदालत पाटनबाट दुईवटा रिटमा स्मार्ट टेलिकम प्रा.लि.ले धितोमा रहेको सम्पत्ती दूरसञ्चार प्राधिकरण भएको कानून बमोजिम रहे भएको भनी निरुपरण भई सकेको अवस्थामा सो निर्णय उपर

कुनै पनि पुनरावेदन समेत नभएको अवस्थामा सोही निर्णय विपरीत हुने गरी सरकारी सम्पत्ती लिलाम गर्नु कानूनत नमिल्ने नै देखिन्छ।

यसका साथै लिलामको प्रकृया सम्बन्धमा मिसिल संलग्न कागजातहरु बिष्लेषण गर्दा क्रमबद्ध रुपमा देहाय बमोजिमका निर्णयहरु नेपाल इन्भेष्टमेन्ट मेगा बैक लि. तथा एनसेल आजीआटा लि.बाट भएको देखिन आएवाट लिलामी प्रकृया नै पूर्व योजना बमोजिम एनसल आजीआटा लि.लाई दिलाउने उदेश्यवाट वा सरकारको हक मेटाउने उदेश्यका साथ भएको थियो भन्ने तथ्य आफैमा बिबाद रहित हिसावले पुष्टि गर्दछ।

यसै गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७(१४) मा कुनै बैंक तथा वित्तीय संस्थाले कर्जा असुली गर्ने सम्बन्धमा कसै उपर चलाएको कुनै कारबाहीको कारणबाट निज उपर प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारबाही चलाउन रोक लगाएको मानिने छैन भन्ने कानूनी व्यवस्था रहेबाट बैंककै पदाधिकारी/ व्यवस्थापकको मिलोमतोमा कर्जा राफसाफ गर्ने गैहृकानूनी उदेश्यका साथ कार्य भएको देखिँदा धितोमा राखेको सम्पत्ति लिलाम गरेको सम्बन्धमा कानूनत: बैंक संचालक, व्यवस्थापक उपर अनुसन्धान गर्न मिल्ने देखिन्छ।

- **Minutes of consortium meeting of Smart Telecom Pvt. Ltd. held at Prime Commercial Bank Ltd., HO, Kamalpokhari on January 06, 2023 at 11:00 A.M.: -** 1. Mr. Sanjeev Manandhar, General Manager of PCBL initiated the meeting by welcoming all the participants and enquired about the ongoing license issue of the company and concrete planning for revenue generation towards settlement of overdues. In this regard, Mr. Sarbesh Joshi of STPL informed that the license of the company is not cancelled. Further he informed that the company is in process for merger with NCell. The term sheet for the same has been signed and final DDA is also under process which is being done by KPMLA. He further informed the meeting that the proposal for the merger has been forwarded to the cabinet for approval. The merger and acquisition policy has not been approved yet due to the change in government. Hence the approval process has been delayed. (**एसटीपीएलका श्री सर्वेश जोशीले कम्पनीको अनुमतिपत्र खारेज नभएको जानकारी दिनुभयो। साथै कम्पनी Ncell सँग मर्जर प्रक्रियामा रहेको, उक्त प्रयोजनका लागि टर्म शीटमा हस्ताक्षर भइसकेको तथा अन्तिम ड्यु डिलिजेन्स अडिट (DDA) प्रक्रिया समेत केपीएमजीद्वारा सञ्चालन भइरहेको जानकारी दिनुभयो। उहाँले मर्जर सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पठाइसकिएको तर सरकार परिवर्तनका कारण मर्जर तथा एक्विजिसन नीति स्वीकृत हुन नसकेको हुँदा स्वीकृति प्रक्रिया ढिलाइ भएको जानकारी गराउनुभयो**) 2. Mr. Rabin Sijapati DGM of NIBL enquired about the merger policy of the company as it has not been officially announced or published anywhere. Further he informed about the comments of NRB inspection in the meeting. He also said that NRB has instructed to categorize the loan of ...

  **Members of Nepal Investment Bank Ltd. (NIBL):**

  Rabin Sijapati - Deputy General Manager (DGM)

  Bhaskar N. Joshi - Senior Manager

  Akhil Bajracharya - Branch Manager (BM) - Kalimati Branch

Jaya Ram Shrestha - RM, Kalimati Branch

**Members of Smart Telecom Pvt. Ltd. (STPL):**

Sarbes h Joshi - Chairman

Atma Ram Thapa – Senior Manager

**Members of Prime Commercial Bank Ltd. (PCBL):**

Sanjeev Manandhar – General Manager

Nepal Bhusan Shrestha - Asst. General Manager

Anuj Manandhar - RM

स्मार्ट टेलिकमका अध्यक्ष सर्वेश जोशीले २०७९ पुस २२ (६ जनवरी २०२३) मा प्राइम कमर्सियल बैंकमा आयोजित सहवित्तीयकरण (Consortium) बैठकमा सर्वेश जोशीले स्मार्ट एनसेलसँग मर्जर प्रक्रियामा रहेको, टर्म शीटमा हस्ताक्षर भइसकेको र केपीएमजी (KPMG) मार्फत् अन्तिम ड्यु डिलिजेन्स अडिट (DDA) भइरहेको भन्ने उल्लेख गरेको देखिन्छ। मर्जर प्रस्ताव मन्त्रिपरिषद्मा पठाइएको तर सरकार परिवर्तन र मर्जर नीति स्वीकृत नभएकाले ढिलाइ भएको सर्वेश जोशीले उल्लेख गरेको, ड्यु डिलिजेन्स अडिट (DDA) एनसेल आजियटा लिमिटेड मार्फत् गराएको मिसिल संलग्न कागजातबाट देखिदा स्मार्ट टेलिकम प्रा लि र एनसेल आजियटा लिमिटेड बिच क्रसहोल्डीङ भएको तथ्य र एनसेलले स्मार्ट टेलिकमलाई मर्जर गराउने पूर्व योजना रहेको सोही योजना बमोजिम मर्जरको प्रक्रिया सम्पन्न नभएको कारणले लिलामी प्रक्रिया अगाडि देखिन्छ।

- **Date: 6th October 2025, 626th Board Meeting of NIMB, Corporate Office, Lazimpat, Agenda for the meeting:** यस कागजातमा Company Secretary Manish Kumar Singh ले 1. Matters arising out of last minutes. 2. Proposal recommended by Loan Recovery Committee and Loan Write Off Committee. 3. Impact of Heavy Rainfall (Ashwin 17-19, 2082) in Hydropower Projects. 4. Any other business. भनी एजेण्डा प्रस्तुत गरेको देखिन्छ। **पारित ६२६ को निर्णयमा व्यहोरा देहाय बमोजिम रहेको:**

  **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, संचालक समिति (Board of Directors)को ६२६, सन् २०२५-१०-०६ को निर्णय: Agenda 2: Proposal recommended by Loan Recovery Committee and Loan Write Off Committee सम्बन्धमा** With the permission of Chairman, Chief Executive Officer Mr. Jyoti Prakash Pandey tabled the Note (Reviewed and recommended by the meeting of Loan Recovery Committee meeting and Loan Write Off Committee) related to auction of M/s Smart Telecom Pvt. Ltd. He explained the detail of bid received. The highest bidder is Ncell Axiata Ltd. with bid amount of NPR 4,600 mio. With the proposed bid amount, there shall be principal recovery of NPR 582.72 mio. with provisioning reversal of NPR 582.72 mio., interest suspense recovery of approximately NPR 29.23 mio. and LC liability payment of NPR 3,436.48 mio. Interest earned from the Customer amounts to NPR 128.18 mio. and LC commission earned from the Customer amounts to NPR 14.84 mio. **(अध्यक्षको स्वीकृतिपछि प्रमुख कार्यकारी अधिकृत श्री ज्योति**

**प्रकाश पाण्डेले M/s Smart Telecom Pvt. Ltd. को लिलामी सम्बन्धी नोट प्रस्तुत गर्नुभयो, जसलाई ऋण असुली समितिको बैठक तथा ऋण राइट अफ समितिबाट समीक्षा गरी सिफारिस गरिएको थियो। उहाँले प्राप्त बोलपत्रको विस्तृत विवरण प्रस्तुत गर्नुभयो। सबैभन्दा उच्च बोलपत्रदाता Ncell Axiata Ltd. रहेको र उनीहरूको प्रस्तावित बोलपत्र रकम NPR ४,६०० मिलियन रहेको जानकारी गराइयो। उक्त प्रस्तावित रकम अनुसार निम्नानुसार वित्तीय प्रभाव रहनेछः NPR ५८२.७२ मिलियन मूलधन असुली तथा सोही बराबरको प्रोभिजनिङ रिभर्सल, करिब NPR २९.२३ मिलियन ब्याज सस्पेन्स असुली, तथा NPR ३,४३६.४८ मिलियन LC दायित्व भुक्तानी। यसका साथै, ग्राहकबाट आर्जित ब्याज NPR १२८.१८ मिलियन तथा ग्राहकबाट प्राप्त LC कमिशन NPR १४.८४ मिलियन रहेको पनि जानकारी गराइयो) After due** deliberation and considering the provisioning reversal, interest recovery and LC liability payment, the Board of Directors unanimously approved to accept Highest Bid amount received against Auction (NPR 4,600 mio.) from Ncell Axiata Ltd. and write off of interest (total NPR 25.82 mio.) as exhibited in Note (Annexure 1 - Acceptance of Highest Bid amount received against Auction) (Enclosure No. 1). Detail and conditions will be as stated in Note. **(पर्याप्त विचार–विमर्शपछि तथा प्रोभिजनिङ रिभर्सल, ब्याज असुली र LC दायित्व भुक्तानीलाई समेत ध्यानमा राख्दै, सञ्चालक समितिले Ncell Axiata Ltd. बाट लिलामी प्रक्रियामा प्राप्त उच्चतम बोलपत्र रकम (NPR ४,६०० मिलियन) स्वीकार गर्ने तथा नोट (अनुसूची १ – लिलामीमा प्राप्त उच्चतम बोलपत्र रकम स्वीकार सम्बन्धी) (संलग्न नं. १) मा उल्लेख भए अनुसार कुल NPR २५.८२ मिलियन बराबरको ब्याज मिनाहा (write off) गर्ने निर्णय सर्वसम्मत रूपमा अनुमोदन गरेको छ)**

**संचालक समिति (Board of Directors):**

| SN | Designation | Name | Remarks |
|---|---|---|---|
| 1 | Chairman | Mr. Prithivi Bahadur Pandé | Present |
| 2 | Director | Mr. Madan Kumar Acharya | Not Signed |
| 3 | Director | Mr. Kabi Kumar Tibrewala | Present |
| 4 | Director | Mr. Dipankar Shakya Udai | Present |
| 5 | Director | Mr. Shalik Ram Belbase | Present |
| 6 | Director | Ms. Shobha Shrestha | Present |

यो NIBL को आन्तरिक मेमोरेन्डमबाट लिलाम प्रक्रिया मार्फत् सम्पत्ति बिक्री गर्न दिएको सहमति समेतलाई आधार मानी सर्वेश जोशीलाई ब्याज मिनाहा दिएको देखिन्छ। सर्वेश जोशीले आफ्नो बयानमा बैंकको यो दावीलाई पूर्णतः अस्वीकार गरेतापनि (भाष्कर नरसिंह जोशी समेत) ले उनलाई "कर्जा रिकभरी सम्बन्धी सामान्य नोटिस" भनी झुक्याएर र व्यहोरा पढ्न नदिई हतारमा दस्तखत गराएको, उनलाई ब्याज मिनाहा दिने वा लिलामीमा सहमति दिने विषयमा कुनै पूर्वजानकारी दिइएको थिएन खुलाई लेखाई दिएबाट बैंकले नक्कली सहमति पत्र खडा गरी ब्याज छुट दिने बहाना बनाएको देखिन्छ। बैंकले सो सम्पत्ति लिलाम गर्दा सर्वेश जोशीलाई ब्याज मिनाहा दिनुको अर्थ, उनलाई लिलामी प्रक्रिया विरुद्ध कुनै कानूनी उजुरी नगर्न र सरकारको हक टुटाउने

कार्यमा सहयोग गर्न गरिएको आपराधिक लेनदेन भएको निष्कर्ष हुन आउँदछ । सञ्चालक समितिको निर्णयमा एनसेलको बोलपत्र स्वीकार गर्दा रु. ५८२.७२ मिलियन मूलधन असुली हुने र रु. २५.८२ मिलियन ब्याज राइट अफ (Write off) हुने उल्लेख छ, यो मिनाहा रकम वास्तममा बैंकको सम्भावित आम्दानीको नोक्सानी हो, जुन एनसेललाई मात्र फाइदा हुने गरी लिलामी प्रक्रिया टुङ्ग्याउन सर्वेश जोशीलाई दिइएको "परोक्ष कमिसन" देखिन्छ।

- **प्राइम कमर्सियल बैंक लिमिटेडको च. नं.: PCBL/COM/ 2129 /2082/83, मिति : २०८२/०९/२३ गतेको पत्र:** प्राइम कमर्सियल बैंक लिमिटेड बैंकबाट स्मार्ट टेलिकम प्रा.लि.को नाममा सहवित्तीयकरण (Consortium Financing) अन्तर्गत ऋण प्रदान गर्ने क्रममा तयार भएका कागजातहरु: 1. Loan Application (ऋण निवेदन) , 2. Credit Appraisal Report (ऋण मूल्यांकन प्रतिवेदन) , 3. Risk Assessment Reports , 4. Sanction Letter (ऋण स्वीकृति पत्र) , 5. Consortium Meeting Minutes , 6. Consortium Agreement (सहवित्तीय सम्झौता) , 7. Loan Agreement (ऋण सम्झौता) , 8. Share of each Bank (सहभागी बैंकहरुको अंश विवरण) , 9. Terms & Conditions of Loan , 10. Credit Information Bureau Report (CIB) , 11. Company Registration Certificate , 12. Audited Financial Statements , 13. Projected Financial Statements , 14. Tax Clearance Certificates , 15. Shareholding Structure , 16. Board of Directors Details , 17. Minutes of Board Meeting (ऋण लिने निर्णय) **र सो प्रा.लि.ले LC मार्फत् विदेशमा रकम भुक्तानी दिने क्रममा तयार भएका/गरेका कागजातहरु:-** 18. Property Ownership Documents (जग्गा धनी प्रमाण) , 19. Land Valuation Report / Collateral Valuation Report (स्वतन्त्र मूल्यांकन) , 20. Mortgage Deed (धितो सम्झौता) , 21. Insurance Documents (धितो बीमा) , 22. Project Feasibility Study Report , 23. Business Plan / Business site visit report , 24. Technical Report (टेलिकम पूर्वाधार सम्बन्धी) , 25. License/ Permit (NTA बाट) , 26. Distribution Records (कंपनी निकासा विवरण) , 27. Utilization Reports (ऋण प्रयोग विवरण) , 28. जमानिकर्ता (Guarantor) नागरिकता प्रमाणपत्र / Personal Net Worth Statement / Income Source Verification / KYC Details / CIB report प्राप्त हुन आएको तर, 29. Share transfer approval report (शेयरधनी / जमानिकर्ता परिवर्तन हुँदा) सम्बन्धित कागजातहरु फेला नपरेको हुँदा उपलब्ध गराउन नसकिने भन्ने समेतको जानकारी प्राप्त हुन आएकोमा प्राप्त कागजातहरुको विश्लेषण गर्दा स्मार्ट टेलिकम प्रा.लि.ले **सन् 06/10/2017 (Loan A/C: 00105152CA) मा तपसिलका कर्जा सुविधा** प्राप्त गरेको देखिन्छ:

| S. N | FACILITIES | LIMITS | Interest Rate/ Commission | MATURITY | Purpose |
|---|---|---|---|---|---|
| 1 | AGP | NPR 602,000,000.00 | 0.30% p.q. | 30/09/2018 | For issuance to Nepal Telecommunication Authority for availing advance mobilization of contract – laying optic fiber of 96 crore along the Mid-Hill Highway |
| 2 | LC | NPR 400,000,000.00 | 0.20% p.q. | 30/09/2018 | LC Payment for import of telecommunication equipment for LTE/4G network |

| | | | | | |
|---|---|---|---|---|---|
| 3 | Term Loan | NPR 500,000,000.00 | 12.47% | 4.5 yrs | LTE frequency fee, Royalty/ RTDF, Operating cost of ZTE /4G and 75 sites with ZTE Installation |
| | **Total** | **1,502,000,000.00** | | | |

**प्राइम कमर्सियल बैंक लिमिटेड कर्जा सीमा अन्तर्गत प्रवाह भएको कर्जा र मिति:**

| **Disbursement Date** | **Product Details** | **Disbursed Amount** | **Purpose/ Remarks** |
|---|---|---|---|
| 26.12.2017 (11/09/2074 BS) | Term Loan | NPR 250,000,000.00 | LTE frequency fee, Royalty/ RTDF, Operating cost of ZTE 4G and 75 sites with ZTE Installation |
| 23.01.2018 (09/10/2074 BS) | Letter of Credit | USD 1,618,831.03 | Issued to Beneficiary: ZTE (H.K) LTD. |
| 20.03.2018 (06/12/2074 BS) | Term Loan | NPR 100,000,000.00 | LTE frequency fee, Royalty/ RTDF, Operating cost of ZTE 4G and 75 sites with ZTE Installation |
| 11.04.2018 (28/12/2074 BS) | Letter of Credit | USD 2,314,252.34 | Issued to Beneficiary: ZTE (H.K) LTD. |
| 13.07.2020 (29/03/2077 BS) | Term Loan | NPR 143,918,000.00 | LC Payment for import of telecommunication equipment for LTE/4G network |
| 15.10.2020 (29/06/2077 BS) | Term Loan | NPR 235,240,000.00 | LC Payment for import of telecommunication equipment for LTE/4G network |
| 11.01.2021 (27/09/2077 BS) | Demand Loan | NPR 70,000,000.00 | Short-term working capital requirement during COVID-19 pandemic |
| **Issued Date** | **Type of Guarantee** | **Guarantee Amount** | **Beneficiary** |
| 15.10.2017 (29/06/2074 BS) | Advance Payment Guarantee | NPR 601,880,000.00 | Nepal Telecommunication Authority |

- **Prime Commercial Bank Ltd. को 543औँ सञ्चालक समिति (BOD) बैठकमा M/s. Smart Telecom Pvt. Ltd. को ऋण सम्बन्धमा र ब्याज मिनाहा सम्बन्धमा गरेको निर्णय:**

  **Abstract of 543rd BOD Meeting**

  The 543rd BOD Meeting of Prime Commercial Bank Ltd. held at the Central Office, Kamalpokhari on 10th October 2025 has taken following decision.

  **M/s. Smart Telecom Pvt. Ltd.:**

The meeting discussed on a credit proposal of M/s. Smart Telecom Pvt. Ltd. for waiver on interest, reduction of interest rate and settlement of loan/release of collateral. The Current Limit and Outstanding of the borrower are as follows:

| Facilities | Approved Limit | Current O/s | Present Request | Limit after Present Request |
|---|---|---|---|---|
| Term Loan - I | 143.91 | 11.80 | (11.80) | - |
| Term Loan - II | 235.24 | 191.12 | (191.12) | - |
| Total Funded | 379.15 | 202.92 | (202.92) | - |
| Total Non Funded | - | - | - | - |

The consortium meeting dated 06.08.2025 and 07.10.2025 had decided to sell the fixed assets via public auction to settle entire loan exposure of the consortium and utilize the amount received from auction for settlement outstanding principal exposure as the hypothecated fixed assets pledged by the borrower on behalf of the consortium are not in a better working condition, primarily due to the company being non-operational for a long period and negligence on part of the borrower. Hence, if these fixed assets were to be sold at public auction to the highest bidder, their value is not enough to cover the entire loan exposure and accrued interest of the consortium. Thus, the consortium agreed to settle the entire outstanding principal exposure from the amount received after auction of these fixed assets and seek internal approvals from the respective competent authorities to waive accrued interest, interest on interest charges and penal charges till settlement of loan exposure. The details of total dues are as below:

| Particulars | Amount (In NPR mio) |
|---|---|
| O/s Principal | 202.91 |
| Accrued Normal Interest | 9.34 |
| Accrued Interest on Interest Charges | 0.13 |
| Total Dues | 212.38 |

Likewise, the client had previously requested for the reduction of interest rate premium. At the time of request, the account was classified as loss category. Presently, the client has again requested to reduce the interest premium by 1.49% and reverse the interest amount of NPR 2,915,322.72 effective from 09.04.2024 to 14.04.2025, which has been recovered as interest income on term loan account 00101000000036008049. As the client is now in the process of settling the entire outstanding loan exposure, it seems valid to consider their request as a measure to facilitate the final settlement.

In this regard, the meeting discussed and decided to provide approval for reduction of interest premium by 1.49% and reverse the interest amount of NPR 2,915,322.72 effective from 2024/04/09 to 2025/04/14, which has been recovered as interest income on Term Loan.

Further, the meeting decided to waive entire interest and interest on interest till the settlement date.

Likewise, the meeting further decided to release the properties having Plot No. 390, 392, 393, 394 & 395 registered in the name of Mr. Sarbesh Joshi located at Dhapakhel, Lalitpur only after settlement of entire outstanding principal amounting NPR 202.91 mio.

मूलधन चुक्ता गरेपछि मात्र धितोमा रहेका धापाखेलका जग्गाहरू फुकुवा हुने शर्तमा प्राइम कमर्सीयल बैंकले स्मार्ट टेलिकम प्रा लि लाई १.४९ % ब्याजदरले हुन आउने बाँकी ब्याज तथा ब्याजमाथिको ब्याज माफ गर्ने निर्णय गरेको देखिन्छ।

- **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. को मिति २०८२/०६/२० गतेको आसय पत्र:** यस बैंकबाट मिति २०८२/०६/०३ को हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बैंकको नाममा रहेको तपशिलमा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री सूचना अनुसार तोकिएको समय भित्रमा चल सम्पत्ति लिलाम सकार

गर्नाको लागि पेश भएका बोलपत्रहरुमध्ये बैंकको सञ्चालक समितिको मिति २०८२/०६/२० को निर्णयानुसार तपाई श्री एनसेल आजियाटा लिद्वारा तपशिलमा उल्लेखित चल सम्पत्तिको लागि पेश भएको रु. ४,६०,००,००,०००/-(अक्षरेपी चार अर्ब साठी करोड रुपैयाँ मात्र) को बोलपत्र स्वीकृती गर्ने निर्णय भएकोले आजको मितिबाट १४ (चौध) दिन (मिति २०८२/०७/०२ गते) भित्र नियमानुसार बुझाउनुपर्ने बाँकी रकम रु. ४,१४,००,००,०००/- (अक्षरेपी चार अर्ब चौध करोड रुपैयाँ मात्र ) बुझाई लिलाम सकार गर्न अनुरोध छ। उक्त अवधि भित्र बाँकी रकम दाखिला गरी लिलाम सकार गर्न नआएको खण्डमा तपाईले बुझउनु भएको धरौटी बापतको रकम जफत गरी नियमानुसार हुने व्यहोरा समेत जानकारी गराएको। स्मार्ट टेलिकम प्रा.लि.ले सुरक्षण स्वरुप राखेको दूरसञ्चार सेवासँग सम्बन्धित विभिन्न उपकरण तथा सामाग्रीहरु हाल जहाँ जे, जहा, जस्तो अवस्था र स्थानमा छ, सोहि स्थान र अवस्थामा रहेका।

- **लिमामी सकार गरे बापत एनसेल आजिएटा लिमिटेडबाट नेपाल इन्भेष्टमेन्ट बैंकलाई भुक्तानी दिएको चेकहरु:**



NIMB
NEPAL INVESTMENT MEGA BANK LTD
NEW BANESHWOR(028)
Date मिति 2 6 0 9 2 0 2 5
Pay against this cheque to Nepal Investment Mega Bank Limited
the sum of Four Hundred Sixty Million and Zero paisa only
भुक्तानी दिनुहोला।
Or Bearer वा वाहकलाई
460,000,000.00
NCELL AXIATA LIMITED
CURRENT ACCOUNT-NPR
02802050250016
Please do not write or sign below this line
⑈303650196 7⑈0501⑈



NIMB
A/C PAYEE
NEW BANESHWOR(028)
Date मिति 0 6 1 0 2 0 2 5
Pay against this cheque to Nepal Investment Mega Bank Limited
the sum of Four Billions One Hundred Forty Million and Zero paisa only
भुक्तानी दिनुहोला।
Or Bearer वा वाहकलाई
4,140,000,000.00
NCELL AXIATA LIMITED
CURRENT ACCOUNT-NPR
02802050250016
Please do not write or sign below this line
⑈303650196 9⑈0501⑈

- **नेपाल इन्भेष्टमेन्ट बैंक लि.ले लिलाम पछि लिएको प्राप्त गरेको रकमको हिसाव/ विवरण:**

| TRAN_DATE | ACCT_NAME | TRAN_PARTICULAR | DEBIT | CREDIT |
|---|---|---|---|---|
| 9/24/2025 | EARNEST MONEY AUCTION AMOUNT | NCELL AXIATA D R SHRESTHA | - | 1,000.00 |
| 9/25/2025 | EARNEST MONEY AUCTION AMOUNT | TRANSGATE TECH PVT LTD CASH DEPOSIT PALINA SHRESTHA9851059704 | - | 1,000.00 |

| | | | | |
|---|---|---|---|---|
| 10/5/2025 | EARNEST MONEY AUCTION AMOUNT | PROFESSIONAL BUSINESS NETWORK KHUMA NATH ADHIKARI 9851078005 | - | 1,000.00 |
| 10/6/2025 | EARNEST MONEY AUCTION AMOUNT | **NCELL AXIATA LTD 3036501967-BID AMT-SMART TELECOM** | **-** | **460,000,000.00** |
| 10/6/2025 | EARNEST MONEY AUCTION AMOUNT | PROFESSIONAL BUSINESS NETWORK P LTD CHQ 301677529110% RETENTION -SMART | - | 42,500,000.00 |
| 10/6/2025 | EARNEST MONEY AUCTION AMOUNT | 10% RETENTION AMOUNT SMART TELECOM | - | 44,500,000.00 |
| 10/6/2025 | EARNEST MONEY AUCTION AMOUNT | PROFFESSIONAL BUSINESS NETWORK-RET AMT RELEASE | 42,500,000.00 | - |
| 10/6/2025 | EARNEST MONEY AUCTION AMOUNT | **SETTLEMENT OF IBN AND CHARGES (SMART TELECOM)** | **990,469,447.21** | - |
| 10/6/2025 | EARNEST MONEY AUCTION AMOUNT | **CHQ-3036501969-NCELL AXIATA LTD. BID AMT DEP.BY NCELL AXIATA LIMITED** | **-** | **4,140,000,000.00** |
| 10/7/2025 | EARNEST MONEY AUCTION AMOUNT | **SMART TELECOM BILLS SETTLEMENT SMART TELECOM BILLS SETTLEMENT** | **3,000,119,837.58** | - |
| 10/7/2025 | EARNEST MONEY AUCTION AMOUNT | 10% RET RELEASE SMART TELECOME-TRANSGATE TECH | 44,500,000.00 | - |
| 10/8/2025 | EARNEST MONEY AUCTION AMOUNT | SMART TELECOM-OVRDN ACCOUNT SETTLEMENT | 19,233.45 | - |
| 10/8/2025 | EARNEST MONEY AUCTION AMOUNT | SMART TELECOM-15 DAYS AUCTION NOTICE TRF TO OVRDN | 35,730.60 | - |
| 10/8/2025 | EARNEST MONEY AUCTION AMOUNT | ALLOWANCE PAYMENT-SMART TELECOM 15 DAYS AUCTION TR | 4,500.00 | - |

| | | | | |
|---|---|---|---|---|
| 10/8/2025 | EARNEST MONEY AUCTION AMOUNT | **IBN INTEREST OF SMART TELECOM** | **29,351,251.16** | - |
| 10/13/2025 | EARNEST MONEY AUCTION AMOUNT | **SMART TELECOM TRF TO PCBL FOR SETTLEMENT OF DUES** | **200,000,000.00** | - |

- **अनुसन्धानको क्रममा यस कार्यालयबाट रोक्का रहेको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको खाता नं. ००१०९८४०१००२ को Earnest Money Auction Acount को रोक्का मौज्जात रकम सम्बन्धमा :** नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.ले मिति २०८२/०६/०३ गते लिलामीको सूचना निकाल्ने क्रममा बुदा नं.२ मा “ लिलाम विक्री गरिने दूरसञ्चार सेवासँग सम्बन्धित विभिन्न उपकरण लगायतका सामाग्रीहरु जडान भएका घर –जग्गा धनीहरुलाई ऋणी (साविकका धनी ) ले तिर्न बाँकी वाहल,बिद्युत महशूल लगायतका रकम समेत रु. ४० करोड (उल्लेखित उपकरणहरुको लागि कबूल गरिने रकममा थप गरी एकमुष्ठ रकम कबुल गरी बोलपत्र पेशगर्नु पर्ने” भनी उल्लेख गरी बोलपत्र पेश गर्न सूचना प्रकाशित भएकोमा सोही सूचना बमोजिम साबिकको धनीको तिर्नु पर्ने Liability समेत समावेश गरी सूचना प्रकाशन गरी सो रकम रु.४० करोड समेत लिई लाभग्राहीलाई दिने उल्लेख भएकोमा सो रकम हाल सम्म बैंकले नदिई ठगी गरेकोमा सो रकम मध्ये नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. को पत्रबाट रु. ३८ करोड मात्र रोक्का गरिएको भनी **च.नं. COM/Police/९०७६/०८२/०८३ को पत्र** प्राप्त भएकोमा सो रकम मध्ये रु. २ करोड बैंक हिनामिना गरी सकेको समेत देखिन्छ।
उल्लेखित बैंक खाता कारोबारहरुको विश्लेषणबाट नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) र प्राइम कमर्सीयल बैंक लिमिटेडमा (PCBL)मा रहेका विभिन्न खाताहरू मार्फत् रकम कारोबार, आपसी रकमान्तरबाट Smart Telecom Pvt Ltd, Nepal Satellite Telecom Pvt Ltd, Square Network Pvt Ltd, NIMB Over Draft, NCELL Axiata Limited, Sunivera Capital Venture Pvt Ltd, Bhawana Singh Shrestha, Sachin Lal Acharya, Anup Man Tuladhar, Bhaskar Narsing Joshi, Satish Lal Acharya, Palina Shrestha (Transget Tech P.Ltd.), Sarbesh Joshi, र Auction Account (NIMB) बीचको संगठित वित्तीय सम्बन्ध स्पष्ट हुन्छ जसमा एनसेल आजिएटा लिमिटेड, सुनिभेरा क्यापिटल भेन्चर, भावना सिंह श्रेष्ठ, सचिन लाल आचार्य, अनुप मान तुलाधर र सर्बेश जोशीका खाताहरू प्रमुख केन्द्रमा देखिन्छन्।

प्रतिवादी सर्बेश जोशीको खातालाई स्मार्ट टेलिकमको अर्बौंको बैंक ऋणलाई नियमित देखाउन वा किस्ता तिर्नका लागि बिचौलिया खाता (intermediary account) को रूपमा प्रयोग गरिएको देखिन्छ। सर्बेश जोशीको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) मा रहेको खाता नं. ०१७०५०२००६८२०८ मा मुख्यतया अनुप मान तुलाधर र पलिना श्रेष्ठ (निजका पति अरुण श्रेष्ठ)का खाताहरूबाट ठूलो परिमाणमा रकम जम्मा (Credit) भएको र अनुप मान तुलाधरको खाता (०१२०५०३०३१४८९३) बाट सर्बेश जोशीको खातामा सबैभन्दा बढी रकम प्रवाह भएको छ। अनुपमान तुलाधरले भावना सिंह श्रेष्ठ, सचिन लाल आचार्य र अरुण श्रेष्ठबाट रकम प्राप्त गरी सोही रकम सर्बेश जोशी, नरेन्द्र उलक, भाष्कर नरसिंह जोशीको खातामा पठाउने गरेको देखिन्छ।

एनसेलको खाताबाट सुनिभेरा क्यापिटल भेन्चरमा रु. ६,४२,६२,५२,०६४.०६ को ठूलो र अस्वाभाविक रकम स्थानान्तरण भएको र सुनिभेराबाट पुनः भावना सिंह श्रेष्ठको खातामा रु. ८३,७७,५४,४५८ गएको देखिन्छ।

एनसेलले स्मार्ट टेलिकमको सम्पत्ति सकार्नका लागि रु. ४ अर्ब ६० करोड (४.६ बिलियन) को बोलपत्र हालेको र सो रकम अक्सन एकाउन्ट (Auction Account) मार्फत् प्रवाह भएको देखिन्छ।

लिलामी प्रक्रियामा प्रतिस्पर्धा देखाउन अघिल्लो दिन खुमनाथ अधिकारीको नाममा खाता खोली सोही कम्पनीका संचालक निज खुमनाथ अधिकारीको कम्पनीहरू प्रयोग गरिएको भन्ने प्रतिवादी नरेन्द्र उलकको खाताबाट रु. ४ करोड २५ लाख को चेक प्रोफेसनल बिजनेस नेटवर्कका खुमनाथ अधिकारीलाई बोलपत्रको धरौटी (Bid Deposit) राख्न बोलपत्र खोल्ने दिनमा ३ घण्टाका लागि उपलब्ध गराइएको र सो कारोबार गराउन ऋण प्रक्रियामा संलग्न रहेका बैंकका कर्मचारी भाष्कर नरसिंह जोशीको संलग्नता देखिनुबाट लिलामी मिलेमतोमा र सेटीङ् भएको स्पष्ट हुन्छ।

यसैगरी, World Distribution Pvt Ltd का संचालक अरुण श्रेष्ठ र सतिशलाल आचार्य साविकमा व्यवसायिक साझेदार रहेको, सो प्रा.लि.ले एनसेल तथा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडलाई सामानहरु सप्लाई गर्ने गरेको देखिन्छ। सोही व्यवसायिक सम्बन्धको उपयोग गरी निज अरुण श्रेष्ठ मार्फत् निजको श्रीमति पलिना श्रेष्ठ सञ्चालक रहेको ट्रान्सगेट टेक प्रा.लि. मार्फत् बोलपत्र रु. ४४ करोड ५० लाखको बोलपत्र पेश गरेको थियो।

यसरी सर्बेश जोशीको खातामा संकलन भएको रकमलाई "Interest/Installment" (ब्याज/किस्ता) शीर्षकमा रकमान्तर गरिएको छ। सर्बेश जोशीको खाताबाट रु. ३,६०,००,००० DR रकम ब्याज र किस्ताका रूपमा स्मार्ट टेलिकमको प्राइम कमर्सियल बैंक (PCBL) को खातामा समेत पठाइएको देखिन्छ साथै, सोही खाताबाट रु. ६२,०१,९९,६६१ DR रकम पनि स्मार्ट टेलिकमको ऋण तिर्ने प्रयोजनका लागि प्रवाह भएको देखिन्छ। ऋणको ब्याज र किस्ता तिर्ने वास्तविक रकम साविकका स्मार्ट टेलिकम प्रा लि का संचालक तथा हालका एनसेल आजियटा लिमिटेडका संचालक सतिश लाल आचार्य, सचिन लाल आचार्य र भावना सिंह श्रेष्ठ आचार्य मार्फत् Placement and Layering हुँदै सो रकमको श्रोत एनसेल तथा सोनिभेरा क्यापिटल भेन्चर प्रा लि रहेको तथ्यलाई लुकाउने प्रयास गरेको स्पष्ट हुन्छ।

- **नेपाल प्रहरी प्रधान कार्यालय, आतङ्कबाद प्रतिरोध संयन्त्रको सचिवालयको पत्र:** Khum Nath Adhikari (A/c No 05005420250436 & Professional Business Network (A/c No 01201020264952) समेतले NIMB मार्फत् गरेको शंकास्पद STR, TTR कारोबारको Traction Date 2025-10-05 to 2025-10-06 समेतका मितिहरुमा Go-AML मा Reporting भएको नभएको भन्ने व्यहोरा प्राप्त हुन आएको छ।
- **लिलामी प्रक्रियामा बोलकर्ता कम्पनीहरुले बोलकबोल पेश गर्दा भएको शंकास्पद र अस्वाभाविक भनीएका कारोबारका सम्बन्धमा बिशेष स्थलगत निरीक्षण प्रतिवेदन:** प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा यस कार्यालयबाट मिति २०८३/०२/११ मा भएको अनुरोध अनुसार नेपाल राष्ट्र बैंकको प.सं. १०/०८२/०८३, मिति २०८३/०३/१० गतेको पत्रबाट **प्राप्त बिशेष स्थलगत निरीक्षण प्रतिवेदन:**

**निरीक्षणको क्रममा प्राप्त तथ्यहरू:**

- नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडका ग्राहक नरेन्द्र उलक (खाता नं. ०१९०४०३०३०९९५), खुमानाथ अधिकारी (खाता नं. ०४००४४२०२४०३३), र प्रोफेसनल विजनेस नेटवर्क प्रा.लि. को (खाता नं. ०१९०१०२०२६४४२) हरूमा भएका कारोबारका सम्बन्धमा आवश्यक अध्ययनमा देहाय बमोजिमका तथ्यहरू पाइयो :
- ऋणी स्मार्ट टेलिकम प्रा.लि को सम्पत्तिलाई बैंकको ऋण रिकभरी योजना अन्तर्गत लिलामी प्रक्रियामा लगेको र एनसेल आजियाटा लिमिटेडले रु.४ अर्ब ६० करोडमा सकारेको देखिन्छ। लिलामी प्रक्रियामा बोलकबोलदाता कम्पनीहरू Transgate Tech Pvt. Ltd., Ncell Axiata Ltd. र Professional Business Network Pvt. Ltd. ले मिति २०८२/०६/१९ (१६ सेप्टेम्बर २०२४) मा बोलकबोल फारमहरू पेश गरेको देखिन्छ।
- बैंकले प्रकाशन गरेको लिलामी सम्बन्धी सार्वजनिक सूचनामा बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०६/१९ उल्लेख गरेको।
- पत्रमा उल्लेखित शंकास्पद बोलकर्ता कम्पनी प्रोफेसनल विजनेस नेटवर्क प्रा.लि. को बैंक स्टेटमेन्टको विश्लेषण गर्दा कम्पनीले बोलपत्र खोल्ने दिन अर्थात् मिति २०८२/०६/२० गते (६ अक्टोबर २०२४) विहान ११:४५ बजे अर्थात् बोलपत्र पेश गर्ने मिति सकिएको भोलिपल्ट मात्र रकम दाखिला गरेको देखिन्छ । नेपाल सरकार, गृह मन्त्रालयको मिति २०८२/०६/१६ को सूचना अनुसार मिति २०८२/०६/१९ र २० गते सार्वजनिक विदा घोषणा भएकोमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंले मिति २०८२/०६/१९ गतेको सूचनाबाट मिति २०८२/०६/२० गते काठमाडौं जिल्लाका सबै कार्यालयहरू खोल्न अनुरोध भएको। यस सन्दर्भमा मिति २०८२/०६/१९ गते सार्वजनिक विदा परेको र उक्त दिन बोलपत्र पेश गर्ने अन्तिम दिन रहेकोमा मिति २०८२/०६/२० गते बैंकबाट बोलपत्र स्वीकार गरिएको देखिन्छ। साथै, बैंकले जारी गरेको बोलपत्र फारमको बुँदा न.१० मा बोलपत्र खोलिने दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन प्राप्त बोलपत्रहरू खोलिने व्यवस्था रहेको।
- मिति २०८२/०६/१९ गते (४ अक्टोबर २०२४) लिलाम हुने अघिल्लो दिन नरेन्द्र उलक (खाता नं. ०१९०४०३०३०९९५) ले खुमानाथ अधिकारीको नयाँ खोलिएको (४ अक्टोबर २०२४ मा) खाता (खाता नं. ०४००४४२०२४०३३) मा चेक मार्फत् रु.४ करोड २४ लाख जम्मा गरिदिएको, सोही रकम प्रोफेसनल विजनेस नेटवर्क प्रा.लि. को खाता (नं.०१९०१०२०२६४४२) मा बैंकको लिलाम खातामा जम्मा भई लिलाम प्रक्रिया सकिए पश्चात लगत्तै ३ घण्टाभित्र (दिउँसो २:४५ बजे) बैंकले Retention Amount व्यक्तिगत खाता हुँदै नरेन्द्र उलककै खातामा पुर्याएको देखिन्छ।
- नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन, २०८२ को निर्देशन नं. ११ को बुँदा नं १६(२) मा र बैंकले वित्तीय जानकारी इकाईबाट जारी गरिएको STR/SAR Guidelines मा समावेश भएका STR detection red flags indicators हरूलाई आधार मानी STR/SAR detection parameters तयार गरी सोही बमोजिम STR/SAR प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्ने व्यवस्था रहेको। वित्तीय जानकारी इकाईबाट जारी गरिएको STR/SAR Guidelines मा कर्जा प्रशासन सम्बन्धी केही

Red Flags Indicators हरू भएतापनि लिलामी प्रक्रियासँग सम्बन्धित विशेष Red Flags Indicators हरूको व्यवस्था नरहेको।

बैंकले वित्तीय जानकारी इकाईबाट जारी गरिएको STR/SAR Guidelines र बैंकबाट जारी गरिएको KYC-AML-CFT Policy and Procedural Guidelines 2025 को बुँदा नं. ७.२ लाई आधार मानी Identification modality of STR मा देहाय अनुसारको प्रक्रिया रहने व्यवस्था गरेको :

**a)** Identification by Employees, **b)** Transaction Monitoring, **c)** Surveillance Monitoring, **d)** System Alerts and **e)** Law Enforcement Request

बैंकले निर्धारण गरेको STR detection parameter देहाय अनुसार रहेको र लिलामी प्रक्रियासँग सम्बन्धित विशेष Red Flags Indicators हरूको व्यवस्था नरहेको।

- Cash Transaction No of Txns more than 5 times
- Cash Transaction exceeding the threshold amount (1000000)
- Customer annual transaction exceeding the turnover amount
- Cash Transaction of Occupation as Housewife (Male/Female)
- Cash Transaction by Money Changer
- Cash Transaction by Politically Exposed Person (PEP)
- Cash Transaction in Staff Accounts More Than 10 Lakh in a month
- Cash Transaction by High-Risk Customer more than 1 crore in a month
- Cash Transaction in Minor Account more than 10 lakh in a day
- Cash Transaction in Individual Account more than 10 lakh in a day
- Cash Transaction in Dormant Account more than 5 lakh in a day
- Transaction of Online Opened Account more than 5 lakh in a day
- Cheque Withdrawal of one million and above in a day
- Transaction conducted through E-Banking more than 5 lakh and above in a day
- Inward Remittance - Same Beneficiary Details more than 3 and 5 times in a month
- Inward Remittance - Same Sender Details more than 3 and 5 times in a month
- Outward Remittance - Same Beneficiary Details more than 3 and 5 times in a month

बैंकको Identification Modality of STR र STR detection parameter लाई विश्लेषण गर्दा यस लिलामी प्रक्रियामा भएका कारोबारहरूको System Generated Red Flags उत्पन्न भएको नपाइएको हुनाले बैंकको अनुपालना विभागबाट STR/TTR सम्बन्धमा लिलामीको समयमा तत्काल कुनै कारबाही नगरेको र नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन, २०८२ को निर्देशन नं. ११ को बुँदा नं १६ को व्यवस्था बमोजिम यस सन्दर्भमा भएका सम्पूर्ण कारोबारहरूको सीमा कारोबार (TTR) प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने देखिएको।

**निरीक्षणको निष्कर्ष :** नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. (NIMB) ले स्मार्ट टेलिकम प्रा.लि. को सम्पत्तिलाई बैंकको ऋण रिकभरी योजना अन्तर्गत लिलामी प्रक्रियामा लगेको र लिलामी प्रक्रियामा बोलकबोलदाता कम्पनीहरूले

बोलकबोल फारमहरू पेश गरी १० प्रतिशत Retention Amount जम्मा गर्ने क्रममा भएका कारोबारहरू र बैंकको Identification Modality of STR र STR detection parameter समेत लाई विश्लेषण गर्दा यस लिलामी प्रक्रियामा भएका कारोबारहरूको System Generated Red Flags उत्पन्न नभएको हुनाले बैंकको अनुपालना विभाग (Compliance Department) बाट STR/TTR सम्बन्धमा लिलामीको समयमा तत्काल कुनै कारबाही नभएतापनि मिति २०८३/०१/२९ र ३० गते Adverse Media news का आधारमा वित्तीय जानकारी इकाईमा शंकास्पद कारोबार प्रतिवेदन STR पेश भएको र नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन, २०८२ को निर्देशन नं. ११ को बुँदा नं १६ को व्यवस्था बमोजिम यस सन्दर्भमा भएका सम्पूर्ण कारोबारहरूको सीमा कारोबार (TTR) प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्ने देखिएकोले बैंकबाट सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७४ (शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन दिनु पर्ने), र दफा ७त (सूचक संस्थाको दायित्व) बमोजिमको कार्य गरेको आधार देखिन्छ।

बैंकले निर्धारण गरेको STR Detection Parameter मा लिलामी प्रक्रियासँग सम्बन्धित विशिष्ट Red Flags Indicators हरूको व्यवस्था नभएको सिस्टमको दुरुपयोग गरी सोही प्रकृतिको कारोबार लिलामी गर्ने बैंक भित्र नै सिमित राख्न प्रतिवादी खुमनाथ अधिकारीको नाममा नयाँ खाता खुलाई प्रस्तुत वारदात घटाएको देखिन्छ। प्रस्तुत मुद्दा दर्ता भई अनुसन्धान सुरु भइसकेपछि मिति २०८३/०१/२९ र ३० गते केवल "Adverse Media News" (प्रतिकूल सञ्चार माध्यमका समाचार) लाई आधार मानी वित्तीय जानकारी एकाइमा STR पेश गर्नुले बैंकले आफूले सिस्टम दुरुपयोग गरी कारोबार गरी/गराएको कानुनी कारबाहीबाट बच्न रिपोर्टिङ गरेको देखिन्छ।

बैंककै कर्मचारीहरूको प्रत्यक्ष संलग्नतामा कोष व्यवस्थापन (Fund Management) भएको, लिलामी प्रक्रियासँग सम्बन्धित विशिष्ट Red Flags Indicators हरूको व्यवस्था नभएको सिस्टमको दुरुपयोग गरी शंकास्पद कारोबार भएको हुँदा बैंकका पदाधिकारीहरूको बदनियत पुष्टी हुन्छ।

- **नेपाल प्रहरी प्रधान कार्यालय, आतङ्कवाद प्रतिरोध संयन्त्रको सचिवालय, नक्साल, काठमाडौंको च.नं. ११४६, मिति २०८३/०२/२८ गतेको पत्र:** यस केन्द्रीय अनुसन्धान व्यूरोमा प्राप्त शंकास्पद कारोबार सम्बन्धमा प्राप्त विवरण अनुसार Sunivera Capital Ventures Pvt. Ltd. मा कार्यरत कर्मचारी अनुपमान तुलाधरको व्यक्तिगत खातामा सन् २०२१/०४/२९ गतेदेखि सन् २०२२/०१/१३ सम्म करिब रु. १ अर्ब कारोबार भएको र सन् २०२२ जनवरी ७ देखि २०२२ जनवरी १३ सम्ममा निजको खातामा करिब रु. ५५,९५,००,०००/- क्रेडिट कारोबार भएकोमा भावना सिंह श्रेष्ठले मात्र रु. ५० करोड जम्मा गरेको देखिएको, भावना सिंह श्रेष्ठ र उनका पारिवारिक स्वामित्वमा रहेको Sunivera Capital Ventures, Smart Telecom आदीमा कर्मचारीको हैसियतमा मात्र रहेका अनुपमान तुलाधर समेतले गरेको कारोबारका सम्बन्धमा सम्पत्ति शुद्धिकरण गर्ने कार्यलाई निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ ध तथा दफा १० र ऐ. नियमावलिको, २०७३ को नियम १७ को व्यवस्था बमोजिम शंकास्पद कारोबार वित्तीय जानकारी ईकाईमा प्रतिवेदन भई आवश्यक अनुसन्धान कारबाहीको लागि वित्तीय जानकारी ईकाईबाट सो कारोबारका सम्बन्धमा सम्बन्धित निकायमा पत्राचार गरेको देखिन्छ। सो तथ्यले सुनिभेरा क्यापिटल भेन्चर्स, स्मार्ट टेलिकम प्रा.लि., भावनासिंह श्रेष्ठ समेतले शकास्पद कारोबार गरी स्मार्ट टेलिकमको कर्जा किस्ता तिर्न प्रयोग गरेको तथा स्मार्ट टेलिकम प्रा.लि. र एनसेल आजियटा प्रा.लि.मा संचालकहरुको क्रसहोल्डिङ पुष्टी गर्छ।

- केन्द्रीय अनुसन्धान व्यूरोको च.नं. १२२७८, मिति २०८३/०२/०८ गतेको पत्रबाट नेपाल प्रहरी प्रधान कार्यालय, आतङकबाद प्रतिरोध संयन्त्रको सचिवालयलाई तपसिलमा उल्लेख प्राकृतिक र कानूनी संस्थाहरुको हकमा सम्पूर्ण बैंकिङ तथा वित्तीय अभिलेखहरू (खाता विवरण, कारोबारहरू, कोषको स्रोत, लाभार्थीहरू समेत), विदेशी कम्पनीहरूको beneficial ownership, कम्पनी विवरण तथा शेयर स्वामित्व सम्बन्धी पूर्ण विवरणहरू, व्यक्तिहरू तथा सस्थाहरुसंग सम्बन्धित कुनै पनि शंकास्पद कारोबार रिपोर्ट (Suspicious Transaction Reports - STRs), यात्रा/ प्रवेश/ आप्रवासन अभिलेखहरू तथा सम्पर्क/ पत्राचार सम्बन्धी जानकारी, Smart Telecom / Ncell मा भएको लगानी तथा सम्पत्ति बिक्रीसँग सम्बन्धित कोष प्रवाह (fund flows) सम्बन्धी सम्पूर्ण जानकारी माग गरिएको छ।

| SN | Natural Persons' Name | Role and associated Legal Entities |
|---|---|---|
| 1 | Louiza Georgiou | Director/Shareholder - Cosbo Investment Ltd (30%) |
| 2 | Izbassar Baigabatov | Director/Shareholder - Lal Sahu Holding Ltd (50%) |
| 3 | Bhavana Singh Shrestha | Owner - Sunivera Capital Ventures Pvt Ltd & Sunglory Investments Pvt. Ltd. |
| 4 | Satish Lal Acharya | Director - Lal Sahu Distribution / Lalsahu Holding Ltd/ NCELL Axiata Limited / Smart Telecom Pvt Ltd/ Spectralite- UK |
| 5 | Sarbesh Joshi | Director/Shareholder - Square Networks (Smart Telecom) 20% / Stupa FZC LLC -25% |
| 6 | Sachin Lal Acharya | Related Pe rson (Nepal) - NCELL Axiata Limited / Smart Telecom Pvt Ltd/ NCELL Axiata Limited |
| 7 | Raj Bahadur Singh | Related Person |
| 8 | Not Identified | Director - Dalto Trade Company Pvt. Ltd. |

नेपाल प्रहरी प्रधान कार्यालय, आतङ्कवाद प्रतिरोध संयन्त्रको सचिवालयको च.नं. I-०७, मिति २०८३/०४/०८ गतेको पत्रबाट प्राप्त FIUs सूँचना विवरण विश्लेषण गर्दा देहाए बमोजिम देखिएको:

- सन् ३० सेप्टेम्बर १९९७ मा अन्तर्राष्ट्रिय व्यापार कम्पनीको रूपमा Reynolds Holdings Ltd. ब्रिटिश भर्जिन आइल्याण्ड्स (BVI) मा दर्ता (दर्ता नं. २५०६९२) भएको।
- सन् १५ डिसेम्बर १९९८ मा विभिन्न सामानहरूको थोक व्यापार गर्ने, सञ्चालक (Director) सतीश लाल आचार्य नियुक्त भई Lal Sahu Distribution Pte. Ltd. सिंगापुरमा दर्ता (दर्ता नं. १९९८०६१५९G)
- सन् १३ सेप्टेम्बर २००१ मा Kalash.com (Indo-China) Pte. Ltd. (सिंगापुर, नं. २००१०६०२६K) मा सतीश र भावना दुवै सञ्चालक र शेयरधनी नियुक्त।
- सन्' ९ मे २००२ मा Lal Sahu Distribution को OCBC Bank मा अमेरिकी डलर (USD) खाता (खाता नं. ५०१०७६५३३३०१) खोलिएको थियो।
- सन् १७ मे २००२ मा भावना सिंह श्रेष्ठ Lal Sahu Distribution मा सञ्चालक नियुक्त।

- सन् २० मे २००२ मा Bitmap Pte. Ltd. (सिंगापुर, नं. २००२०४२९२R) मा सतीश र भावना दुवै सञ्चालक र शेयरधनी नियुक्त।
- सन् ३ सेप्टेम्बर २००४ मा Pasa Technology Pte. Ltd. (सिंगापुर, नं. २००४११२५१K) मा सतीश र भावना दुवै सञ्चालक र शेयरधनी नियुक्त।
- सन् २२ सेप्टेम्बर २००४ मा Kasthamandap Asia Technology Pte. Ltd. (सिंगापुर, नं. २००४१२१३१G) मा सतीश र भावना दुवै सञ्चालक नियुक्त।
- सन् २७ डिसेम्बर २००४ मा कम्प्युटर एसेसरिज र विभिन्न सामानहरूको थोक व्यापार गर्ने, सञ्चालक र शेयरधनी सतीशलाला आचार्य र भावना सिंह श्रेष्ठ भई Lal Sahu Enterprise Pte. Ltd. सिंगापुरमा दर्ता भयो (दर्ता नं. २००४१६६६५G)।
- सन् १३ जनवरी २००६ मा Lal Sahu Enterprise Pte. Ltd. खारेज (Struck Off)।
- ८ अक्टोबर २००७ मा भावना सिंह श्रेष्ठले Bitmap Pte. Ltd. र Lal Sahu Distribution बाट राजीनामा।
- सन् २ मे २००८ मा सतीश Lacell Holding Incorporated Pte. Ltd. (सिंगापुर, नं. २००८०८६२१C) मा सञ्चालक नियुक्त।
- सन् २९ सेप्टेम्बर २००९ मा सतीश LS Solar Pte. Ltd. (सिंगापुर, नं. २००९१८०९२R) मा सञ्चालक र शेयरधनी नियुक्त।
- सन् २४ डिसेम्बर २००९ मा सतीश Everexceed South East Asia Pte. Ltd. (सिंगापुर, नं. २००९२३९४४C) मा सञ्चालक र शेयरधनी नियुक्त।
- सना २३ अगस्ट २०१३ मा सतीश Lotus Distribution, Premier Tech र Smart Gen जस्ता कम्पनीहरूमा सञ्चालक नियुक्त।
- सन् १० अप्रिल २०१४ मा विभिन्न सामान, मेडिकल र वैज्ञानिक उपकरणहरूको थोक व्यापार गर्ने सोही मितिमा सतिशलाल आचार्य सञ्चालक र शतप्रतिशत शेयरधनी नियुक्त हुदै Lal Sahu Singapore Pte. Ltd. सिंगापुरमा दर्ता (दर्ता नं. २०१४१०५३८N)।
- सन् ११ मे २०१५ मा Citibank N.A. Singapore मा Lal Sahu Singapore र Lal Sahu Distribution दुवैको अमेरिकी डलर (USD) खाता (खाता नं. ८६०७८१०१८) खोलिएको।
- सन् ११ डिसेम्बर २०१५ मा भावना सिंह श्रेष्ठ Serenity Spring Private Limited मा सञ्चालक नियुक्त।
- सन् १७ अगस्ट २०१६ मा भावनाको व्यक्तिगत बैंक खाता खोलियो (खाता नं. ०३०४८००९६७, SGD)Citibank Singapore खोलिएको।
- सन् १ अगस्ट २०१७ मा भावनाको Serenity Spring बाट राजीनामा र सतीश सोही कम्पनीको सञ्चालक नियुक्त।
- सन् १० जुन २०१९ मा सतीशलाल आचार्य र भावना सिंह श्रेष्ठ दुवैको Kasthamandap Asia Technology बाट राजीनामा (तर सतीश १ अगस्ट २०१९ मा पुनः नियुक्त भएको देखिन्छ)

- सन् २६ जुलाई २०१९ मा सतीश र भावनाको नाममा Bank Julius Baer & Co. Ltd, Singapore मा संयुक्त लगानी खाता (Investment Account) (खाता नं. ३०७७४४६६०१, USD) खोलिएको।
- सन् ५ अगस्ट २०२२ मा Lal Sahu Singapore र Lal Sahu Distribution को Citibank खाताहरू बन्द।
- सन् ९ सेप्टेम्बर २०२२ मा सतीशको व्यक्तिगत खाता(खाता नं. ५४०१८८२००२४२७११५, SGD Citibank Singapore मा खोलिएको।
- सन् १२ अक्टोबर २०२२ मा भावनाको Citibank खाता बन्द।
- सन। ९ मार्च २०२३ मा Lal Sahu Distribution को UOB Bank मा दुईवटा खाता (SGD: ४२०३२२१९६१ र USD: ४२०९०१६२००) खोलिएको।
- सन् ७ जनवरी २०२६ मा सतीश लाल आचार्यले Lal Sahu Distribution बाट सञ्चालक पद त्याग।
- सतीश लाल आचार्य Lasource Power Corp, Southern Coast Ventures Inc. (BVI नं. १७१०३३१), र Spring Genius Worldwide Inc. (BVI नं. १७१७१०१) जस्ता थुप्रै BVI कम्पनीहरूको वास्तविक धनी (Beneficial Owner) समेत देखिएका।

उल्लेखित विवरणबाट **सतीश लाल आचार्य (Satish Lal Acharya) हालसम्म पनि संचालक रही सक्रिय (Live) कम्पनीहरु देहाए बमोजिम रहेको देखिन्छ।**

- **Auralink Capital Pte. Ltd.:** २९ नोभेम्बर २०२४ देखि।
- **Bitmap Pte. Ltd.:** २० मे २००२ देखि।
- **Kasthamandap Asia Technology Pte. Ltd.:** १ अगस्ट २०१९ देखि (यसअघि २००४ देखि २०१९ सम्म पनि सञ्चालक थिए)।
- **Kasthamandap International Pte. Ltd.:** २० जुन २०२२ देखि।
- **Lal Sahu Singapore Pte. Ltd.:** १० अप्रिल २०१४ देखि।
- **Lotus Distribution Pte. Ltd.:** २३ अगस्ट २०१३ देखि।
- **LS Solar Pte. Ltd.:** २९ सेप्टेम्बर २००९ देखि।
- **LS Systems Pte. Ltd.:** १७ जुलाई २०२० देखि।
- **Premier Tech Pte. Ltd.:** २३ अगस्ट २०१३ देखि।
- **Spectrlite Pte. Ltd.:** ९ अक्टोबर २०२३ देखि।

**खाताको विवरण:**

| क्र.सं. | खातावालाको नाम | बैंक र देश | खाता नम्बर | अवस्था (हाल खुला/बन्द) |
|---|---|---|---|---|
| १ | सतीश लाल आचार्य र भावना सिंह श्रेष्ठ (संयुक्त ) | Bank Julius Baer & Co. Ltd, सिंगापुर | 3077446601 | खुला (२६ जुलाई २०१९ मा खोलिएको) |
| २ | सतीश लाल आचार्य | Citibank Singapore Limited, सिंगापुर | 5401882002427110 | खुला (९ सेप्टेम्बर २०२२ मा खोलिएको) |
| ३ | भावना सिंह श्रेष्ठ | Citibank Singapore Limited, सिंगापुर | 304800967 | बन्द (१२ अक्टोबर २०२२ मा बन्द भएको) |
| ४ | Lal Sahu Singapore Pte. Ltd. | Citibank N.A. Singapore, सिंगापुर | 860781018 | बन्द (५ अगस्ट २०२२ मा बन्द भएको) |

| | | | | |
|---|---|---|---|---|
| ५ | Lal Sahu Distribution Pte. Ltd. | Citibank N.A. Singapore, सिंगापुर | 860781018 | बन्द (५ अगस्ट २०२२ मा बन्द भएको) |
| ६ | Lal Sahu Distribution Pte. Ltd. | United Overseas Bank (UOB) Limited, सिंगापुर | 4203221961 | बन्द (२४ अक्टोबर २०२३ मा बन्द भएको) |
| ७ | Lal Sahu Distribution Pte. Ltd. | United Overseas Bank (UOB) Limited, सिंगापुर | 4209016200 | बन्द (२४ अक्टोबर २०२३ मा बन्द भएको) |
| ८ | Lal Sahu Distribution Pte. Ltd. | Oversea-Chinese Banking Corp. (OCBC) Ltd., सिंगापुर | 595353921001 | खुला (६ जुन २०२३ मा खोलिएको) |
| ९ | Lal Sahu Distribution Pte. Ltd. | Oversea-Chinese Banking Corp. (OCBC) Ltd., सिंगापुर | 501076533301 | खुला (९ मे २००२ मा खोलिएको) |

यस बाहेक, उनको प्रोफाइलमा केही कम्पनीहरू (जस्तै: Everexceed South East Asia, Kalash.com, Pasa Technology) "हालको नियुक्ति" (Current Appointments) मा देखिए तापनि ती कम्पनीहरूको अवस्था **"Struck Off"** (दर्ता खारेज भएको) उल्लेख छ। उनले **Lal Sahu Distribution बाट सन् ७ जनवरी २०२६ मा राजीनामा** दिएको देखिएको छ।

**यसैगरी भावना सिंह श्रेष्ठ (Bhavana Singh Shrestha) को हकमा "Current Appointments"** अन्तर्गत रहेका कम्पनीहरू (Kalash.com, Lal Sahu Enterprise, र Pasa Technology) सबैको अवस्था **"Struck Off"** छ। निज पहिले सञ्चालक रहेका सक्रिय कम्पनीहरू (Bitmap, Kasthamandap Asia Technology, र Lal Sahu Distribution) बाट उनले सन् ७ जनवरी २०२६ मा पद त्याग गरिसकेको देखिन्छ।

नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण प्रतिवेदनले स्मार्ट टेलिकम प्रा.लि. र एनसेल आजियटा लिमिटेडमा लगानी गर्ने वैदेशिक कम्पनीहरूको **वास्तविक धनी पहिचान हुन नसकेको र यसलाई 'रेड फ्ल्याग' (Red Flag)** का रूपमा औंल्याएको छ। एनसेल र स्मार्ट टेलिकमको वास्तविक लाभग्राही पहिचान गर्ने सम्बन्धमा नियामक निकायहरूलाई अलमल पार्न धेरै 'अफसोर' (Offshore) कम्पनीहरूको प्रयोग गरिएको भन्ने उल्लेखित विवरणबाट समेत पुष्टी हुन्छ।

➢ **प्रतिवादीहरुको Travel History:** प्रतिवादी सतिशलाल आचार्य (K1594045D), प्रतिवादी सचिनलाल आचार्य(BA0006151), प्रतिवादी नरेन्द्र उलक(BA0390830), प्रतिवादी भाष्कर नरसिंह जोशी (PA2224634), प्रतिवादी ज्योति प्रकाश पाण्डे (PA3096007, 032050010, 06562842,10177340,11726078) को अध्यागम विभागबाट संकलित आवागमन-प्रत्यागमन विवरणबाट निजहरु बिभिन्न वैदेशिक मुलुकमा भ्रमण गरेको देखिन्छ। सन् २०२३-०४-२०२६, २१:१६:१७ मा प्रतिवादी ज्योति प्रकाश पाण्डे र सन् २०२३-०४-२०२६, ०७:२८:१३ मा प्रतिवादी सचिशलाल आचार्य त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट UAE गएको देखिन्छ। यसैगरी प्रतिवादी ज्योति प्रकाश पाण्डे (Passport# 11726078) र सतिशलाल आचार्य (Passport# K1594045D ) सन् २०२३-०७-०५ ०६:५३:२९ मा संगै UAE गएको देखिन्छ। नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको पत्र संख्या: COM/POLICE/10853/082/083 को पत्रबाट उक्त बैंकका कार्यकारीका विदेश भ्रमण स्वीकृतिका पत्रहरु प्राप्त हुन आएका छन्, जसअनुसार "Request for travel Authorization Aboard", Oficial Visit to Dubai, Mr. Jyoti Prakash

Pandey का लागि बैंकका संचालक समितिका अध्यक्ष पृथ्वी बहादुर पाण्डेको क्रमश: स्वीकृति "Approval" भई निजले हस्ताक्षर गरीदिएको देखिन्छ।

- Departure: 26 April 2023, Arrival: 30 April 2023 (पहिलो)
- Departure: 1 May 2023, Arrival: 1 May 2023 (दोस्रो)
- Departure: 5 May 2023, Arrival: 12 May 2023 (तेस्रो)
- Departure: 13 May 2023, Arrival: 19 May 2023 (चौथो)
- Departure: 5 July 2023, Arrival: 8 July 2023 (पाँचौं)




अध्यागमन विभागबाट प्राप्त प्रतिवादीहरूको आवागमन–प्रत्यागमन (Travel History) विवरण अनुसार सन् २०२३-०४-२६ का दिन प्रतिवादी ज्योति प्रकाश पाण्डे राती २१:१६:१७ मा र प्रतिवादी सतिश लाल आचार्य बिहान ०७:२८:१३ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट UAE प्रस्थान गरेको देखिन्छ। यो भ्रमणको भोलिपल्ट अर्थात् अप्रिल २७, २०२३ मा उनीहरूबीच ह्वाट्सएप (WhatsApp) मार्फत् बिहान ७:४५ बजे खाजा (Breakfast) खाने र भेटघाट गर्ने सम्बन्धमा विस्तृत संवाद भएको पाइएको छ। उक्त संवादमा सतिश आचार्य कोठा नं. १६०१ मा र ज्योति पाण्डे कोठा नं. २९०५ मा रहेको उल्लेख छ। प्रतिवादी ज्योति प्रकाश पाण्डे (राहदानी नं. ११७२६०७८) र सतिश लाल आचार्य (राहदानी नं. K1594045D) सन् २०२३-०७-०५ का दिन बिहान ०६:५३:२९ मा एकसाथ UAE गएको आधिकारिक रेकर्डबाट पुष्टि हुन्छ। सोही भ्रमणको सिलसिलामा जुलाई ७, २०२३ मा उनीहरूबीच लबीमा भेटघाट गर्ने सम्बन्धमा पुनः संवाद भएको देखिन्छ। यी वैदेशिक भ्रमण र भेटघाटहरू स्मार्ट टेलिकमको नाममा रहेको ऋणको किस्ता भुक्तानीको व्यवस्था मिलाउन र ऋण सेटलमेन्ट गर्ने उद्देश्यले गरिएका ह्वाट्सएप संवादहरूमा ज्योति पाण्डेले "हाम्रो पुरानो कम्पनी (Old Company) को समस्या भइरहेको छ" भन्दै एल.सी. (LC) कमिसन बापत तत्काल १३ करोड रुपैयाँ सर्वेश जोशीले जम्मा गर्नुपर्ने विषय उठाएको, भ्रमण लगत्तै कर्जा किस्ता भुक्तानीको लागि सन् २०२३-०७-१७ स्मार्ट टेलिकम, सर्वेश जोशीको बैंक खातामा दश करोड रुपैंया जम्मा भएको देखिन्छ। बैंकका CEO पाण्डेले नेपाल राष्ट्र बैंक (NRB) को कडा निगरानी र चेतावनीका बाबजुद सतिश आचार्यसँग आधिकारिक प्रक्रिया बाहिर गई "हामीले योजना बनाए अनुसार नै यसलाई टुङ्ग्याऔं" भनी संवाद गर्नुले यो प्रस्तुत वारदातको सिमा नेपाल सरहद मात्र नभई विदेशमा समेत भएको तथ्यले संगठित रुपमा अपराधिक विश्वासघातको कसूर भएको वारदातलाई थप पुष्टी गर्छ।

- **एनसेल आजियटा (NCELL Axiata) लिमिटेडका सम्बन्धमा:** कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता नं. १५८८८/०५७/०५८ दर्ता भएकोमा "स्पाइस नेपाल प्रा.लि." दर्ता भएकोमा सोही कम्पनीबाट सन् २००५

मा “Mero Mobile” ब्रान्ड मार्फत् सेवा सञ्चालन सुरु गरिएकोमा पछि विभिन्न विदेशी तथा नेपाली मूलका लगानीकर्ताहरूको प्रवेशसँगै कम्पनीको स्वामित्व तथा नाम परिवर्तन हुँदै एनसेल आजीआटा प्रा.लि. को रुपमा दर्ता नं.२३९५६७/०७७/०७८ दर्ता नं. मिति २०७७/०४/१९मा दर्ता भई हाल “Ncell Axiata Limited” को रूपमा सञ्चालन भइरहेको छ।

- **स्पाइस नेपाल प्रा.लि.को प्रारम्भिक नेपाली तथा विदेशी लगानीकर्ता (२००४–२००८):** स्पाइस नेपालमा प्रारम्भिक चरणमा नेपाली व्यवसायी तथा विदेशी दूरसञ्चार सम्बन्धित लगानी समूहहरूको लगानी रहेको थियो, कम्पनी विस्तारका लागि बाह्य लगानी आवश्यक भएपछि विदेशी रणनीतिक साझेदार भित्र्याइएको थियो।

| सि.न. | कम्पनीको नाम | लगानी |
|---|---|---|
| १ | मोदी कर्प लि. (R.S. Desikan) तेह्रो तला मोदीकर्प टादर-९ नहरु प्लेस नयाँ दिल्ली -११००१९ | ५५,०००० कित्ता |
| २ | खेतान गुप्प अफ प्रा.लि. (प्रेम प्रकाश प्रा.लि.) काठमाडौ -१० बिजुलीबजार | ४०,००० कित्ता |
| ३ | स्पाइस सेल लि. (R.S. Desikan) तेह्रो तला मोदीकर्प टादर-९ नहरु प्लेस नयाँ दिल्ली -११००१९ | ५,००० किता |

- **हालका लगानीकर्ता:** मिति २०७७/०४/१९ गते एनसेल आजीआटा लि. दर्ता नं.239567/077/078 मा रहेकोमा सो लि.मा देहाय बमोजिम लगानीकर्ता रहेको भन्ने नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. को पत्र र एनसेल आजीआटा लि. को मिति २०८३/०१/३१ गते पत्रबाट प्राप्त कागजातहरु विश्लेषण गर्दा देखिन आउँछ:-

| सि.न. | कम्पनी | शेयर /कित्ता | कैफियत |
|---|---|---|---|
| १ | Reynolds holding limited Post box:583 Charles town Navis west indies (Caribbean island nation of **St. Kitts and Nevis**.) | 8,00,000.00 | 8,00,00,000.00 |
| २ | Sunivera capital Venture Pvt ltd Pan No 603559541 Kathmandu thapathli ward no 11 (Bhavana Singh Shrestha) owner, Adders -35 Hindhede Walk, #08-05 Southaven II, Singapore (587969) | 2,00,000.00 | 2 ,00,00,000.00 |
| ३ | लेना केशरी कंशाकर काठमाडौ -२७/( 204/051052) Kathmandu | 2 | 200.00 |
| ४ | कबिन मुल ललितपुर -१ ( ८१६४७ /ललितपुर) | 1 | 100.00 |
| ५ | समिर राज गौतम का.म.पा. -२९ (५५/०६९ /मकवानपुर) | 1 | 100.00 |
| ६ | कञ्चन सिंह कार्की ललितपुर -२ ( ८८०५२/ललितपुर) | 2 | 200.00 |
| ७ | सम्पन्न राज भट्ट काठमाडौ-१०(६२८/काठमाडौं) | 1 | 100.00 |
| ८ | ज्योति दाहाल काठमाडौ-९ ( ७००६/काठमाडौं) | 2 | 200.00 |
| ९ | उमा महर्जन ललितपुर -७ (६७६३१/ललितपुर) | 2 | 200.00 |
| | | 10,00,011 | 10,00,01,100.00 |

- सन् 2026 March 27 मा अध्यावधिक गरी बैंकलाई पठाएको सम्बन्धमा शेयर लगतमा देहायको सञ्चालक रहेको देखिन्छ:

| Name | Address | DOB | Passport | Father | Mother | Email |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Satis lal Archarya | 84 Genting Lane #07-08/09 Axxel InnovationCentre Singapore, 349,584 | Jan 4, 1970 | k5374638G | Dr. Ishwor Lal Acharya | Rameshwori Acharya | satish@ spectrlite.com |
| Sachin lal Acharya | citizen no 57981 Lalitpur 05 Lalitpur manbhawan | 21-May, 1979 | | Dr. Ishwor Lal Acharya | Rameshwori Acharya | sachin@ snet.com.np |
| Donald James Rae | Canadian | 21Apr, 1961 | P471894DP | Robert Rae | Dorothy Rae | don@ spectrlite. Com |
| | 3 Leedon Heights, 08-04M, D'Leedon, $267951 | | | | | |
| Neo Hui Yu | 20B Lor 3 Geylang, Kallang Breeze, #05-70, | 14 Sep, 1992 | K2454920A | Neo Say Yong | Lai Wal Heng | ray@ spectrlite. com |
| | $383,020 | | | | | |
| Ang Su Hul | 243 Serangoon Ave 2, #08-83, S550243 | Oct 01, 1992 | K4773044B | Ang Slang Heng | Lim Hwee Keng | suhui@ bitmapltd.com |

- **सुचना तथा सञ्चार मन्त्रालयबाट प्राप्त कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंबाट तयार गरेको हालको एनसेल आजिएटा लिमिटेड (साविक स्पाइस नेपाल/ एनसेल प्रा.लि.) को स्वामित्व हस्तान्तरण:** सम्बन्धि मिसिल संलग्न कागजातबाट अभिलेख राखेको मिति २०७७/०४/१९ सम्ममा मिति २०७७/०४/०८ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णयानुसार एनसेल बाट एनसेल 'अजियाटा' लिमिटेड भएको, जसको अधिकृत पूँजी १७ अरव रुपैंया र जारी पूँजी ४५ करोड र चुक्ता १० करोड १ हजार १ सय रहेको देखिन्छ।
- **From Official Website of NCELL: https://www.ncell.com.np/en/about/company-profile :** On December 1, 2023, the United Kingdom-based Spectrlite UK Limited acquired 100 percent shares of Reynolds Holdings Limited from Axiata UK of Axiata Group Berhad. Reynolds owns an 80 percent equity stake in Ncell. With Spectrlite UK Limited, Ncell has become a 100 percent Nepali-origin owned company, and now our focus is to create value for Nepali consumers, contributing towards achieving the aspirations of the Digital Nepal vision. Ncell is now poised with a strong commitment and capability to diversify its digital services, innovations, investments, and a wide range of life-enhancing services enriching the lives of millions of Nepali people.
- **सुनिभरा क्यापीटल भेन्चरर्स (दर्ता नं. १४१९११/०७२/०७३) दर्ता ( Sunivera Capital Vanture Pvt Ltd) को सम्बन्धमा:** सुनिभरा क्यापीटल भेन्चरर्स प्रा.लि. को प्रबन्धपत्रमा शेयरधनी सनग्लोरी इन्भेष्टमेन्ट प्रा.लि. (१४१५५२/०७२/०७३) भई सोको प्रतिनिधी जिल्ला ललितपुर उ.प.न.पा. वडा नं.-२ मा रहेको प्रतिनिधी भावना सिंह श्रेष्ठ उल्लेख रहेको देखिन्छ तथा सो सनग्लोरी इन्भेष्टमेन्ट प्रा.लि. को शेयरधनीमा जिल्ला काठमाडौ

का.म.न.पा. वडा नं. १३ मनमती मार्ग वाफल बस्ने नरेश मान सिंह श्रेष्ठ (ना.प्र.न.१८२३) को छोरी भावना सिंह श्रेष्ठ रहेको देखिन्छ।

- **<u>सुनिभेरा</u> क्यापिटल्स भेन्चर प्रा.लि. ले एनसेल प्रा.लि. को शेयर खरिद सम्बन्धमा :** उल्लिखित प्रा.लि. को सञ्चालक भावना सिंह श्रेष्ठले मिति २०७२/१२/२९ गते (11April,2016) जिल्ला पाल्पा तानसेन-८ बस्ने नागरिकता नं. ४७, राहदानी नं.०९१७६४०४ वाहक निरज गोबिन्द श्रेष्ठबाट शेयर सख्या २,००,०००/-(दुई लाख कित्ता) शेयर जम्मा प्रतिफल (Total consideration) रु.३,३१,२४,१५,०००/-खरिद गरेको भन्ने शेयर ट्रान्सफर लिखतबाट देखिन्छ, सोही मूल्यलाई आधार मानी अध्ययन गर्दा प्रति शेयर मूल्य रु. १६,५६२।०७५ भएको भन्ने देखिन्छ। नेपाल दूरसञ्चार प्राधिकरण (अनुमती शाखा) को मिति २०७२/१०/१९ गतेको (2 February,2016) चलानी नं.२७५६ को पत्रबाट नेपाली लगानीकर्ताको २०% शेयर खरिद बिक्री गर्नको लागि दिगम्बर झा (अध्यक्ष)ले स्वीकृति दिएको देखिन्छ।
- **<u>एनसेल</u> प्रा.लि., Board of Directors Meeting No:02/19):** मिति २०७५/१२/०१, शुक्रवार (15th March, 2019) मा एनसेल आजीआटा प्रा.लि. लिमिटेड कम्पनी हुने क्रममा निर्धारित गरिएको शेयर मुल्य **रु. १ लाख २४ हजार १ सय**। थप गरिएको ११ कित्ता शेयर स्वामित्वको विवरण:

| क्र.सं. | नाम | Share Count | Face Value | Premium Valu |
|---|---|---|---|---|
| १ | लेना केशरी कंशाकर काठमाडौ -२७/( 204/051052) Kathmandu | २ | 200.00 | 248,200.00 |
| २ | कबिन मुल ललितपुर -१ ( ८१६४७ /ललितपुर) | १ | 100.00 | 124,100.00 |
| ३ | समिर राज गौतम का.म.पा. -२९ (५५/०६९ /मकबानपुर) | १ | 100 | 124,100.00 |
| ४ | कञ्चन सिंह कार्की ललितपुर -२ ( ८८०५२/ललितपुर) | २ | 200.00 | 248200 |
| ५ | सम्पन्न राज भट्ट काठमाडौ-१०(६२८/काठ) | १ | 100 | 124,100.00 |
| ६ | ज्योति दाहाल काठमाडौ-९ ( ७००६/काठ) | २ | 200 | 248200 |
| ७ | उमा महर्जन ललितपुर -७ (६७६३१/ललितपुर) | २ | 200 | 248200 |
| | **जम्मा** | **११** | **1100** | **1,365,100.00** |

- **ओ.टि.सी. बजारमा दर्ता सम्बन्धमा:** नेपाल स्टक एक्सजेञ्ज लिमिटेडको चलानी नं. ०७७/०७९ /७१, मितिः २०७८/०४/१९ गतेको को पत्रबाट कम्पनी रजिष्ट्रारको कार्यालय मिति २०७८/०४/१९ गतेको सूचना अनुसार पब्लीक कम्पनीको रुपमा दर्ता रहेको (नेप्सेमा सूचिकृत कम्पनी बाहेक) कम्पनीको शेयरलगत अद्यावधिक गर्नको लागि ओ.टि.सि. बजारमा दर्ता गरी कारोबार भएपश्चात शेयर लगत अद्याबधिक गर्ने निर्णय भई मिति २०७८/०४/१९ मा श्री एनसेल आजीआटा लि. चुक्ता पुँजी ११,००,०११/- दर्ता नं. १३९ मा दर्ता भएको तथा नेपाल स्टक एक्सजेञ्ज लिमिटेडको मिति २०७८/०४/१९ गतेको चलानी नं.०७७/०७९ /७० को पत्रबाट ओ.टि.सि. बजार सञ्चालन विनियमावली,२०६५ बमोजिम प्रति शेयर कारोबार मूल्य रु.१ लाख २४ हजार १ सय रहेको देखिन्छ।

शेयर खरिद बिक्री भएको तथ्यलाई विष्लेषण गर्दा साथै Ncell's shares were sold for USD 50 million equivalent to USD 62.5 per share (Nrs 132 ) means Rs 8,250 /-भएको भन्ने देखिन आएबाट न्यून मूल्य ( 124,100-8250 =115850) रु.१,१५,८५०।- मा बिक्री गरेको भन्ने नै देखिन्छ।

सन् १ डिसेम्बर २०२३ मा आजियाटा ग्रुपले आफ्नो ८०% शेयर स्पेक्ट्रलाइट यूके (Spectrlite UK) लाई ५ करोड अमेरिकी डलर (USD 50 Million) मा बिक्री गर्ने सम्झौता गरिएबाट उक्त ५ करोड डलरलाई प्रति शेयरका आधारमा विश्लेषण गर्दा प्रति शेयर ६२.५ अमेरिकी डलर कायम हुन आउँछ। विनिमय दर (१ डलर = रु. १३२) लाई आधार मान्दा २०२३ को बिक्री मूल्य प्रति शेयर मात्र रु. ८,२५०/- देखिन आउँछ। यसबाट ओ.टि.सी. बजारमा दर्ता भएको आधिकारिक मूल्य (रु. १,२४,१००) र २०२३ को बिक्री मूल्य (रु. ८,२५०) बीच रु. १,१५,८५०/- प्रति शेयर को विशाल अन्तर देखिएको छ।

सन् २०१६ मा आजियाटाले एनसेलको ८०% शेयर १.३६५ अर्ब डलरमा खरिद गरेको थियो। २०२३ को बिक्री मूल्य (५ करोड डलर) साविकको खरिद मूल्यको तुलनामा मात्र ३.७ प्रतिशत देखिन्छ। आधिकारिक ओ.टि.सी. मूल्यभन्दा करिब १५ गुणा कम मूल्यमा शेयर बिक्री गरिएको तथ्यले यो कारोबार वास्तविक नभएको पुष्टी हुन्छ।

यसैगरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडको च.नं. ०८२/०८३/२१४७, मिति २०८३/०२/१९ गतेको पत्रबाट NCELL Axiata Limited ओटिसी बजारमा दर्ता रहेको साथै नेप्सेको अभिलेखमा अन्तिम पटक मिति २०७८/०४/१९ गतेको निर्णयानुसार प्रति कित्ता रु. १,२४,१००/- १ कित्ता मात्र कारोबार भएको कानकारी प्राप्त हुन आएको देखिन्छ। यसै सन्दर्भमा एनसेल आजियटा लिमिटेडको मिति २०८३/०३/०४ गतेको प्राप्त विवरण अनुसार सन् १४ मार्च २०१९ मा उक्त कम्पनीको मिति २०७८/०२/०७ गतेको बिशेष साधारण सभाको निर्णय अनुसार उक्त कम्पनीले मिति २०७८/०२/०७ गते नेपाल स्टक एक्सचेञ्ज लिमिटेडलाई पत्र लेखिएको देखिन्छ।

प्रमाण ऐन, २०३१ को उपदफा (१) अनुसार "कुनै व्यक्तिले लेखेर, वचनले वा आचरणद्वारा कुनै व्यक्तिलाई कुनै कुरा यस्तो हो भन्ने विश्वासमा पारी वा त्यस्तो विश्वासमा पर्न दिई सो व्यक्तिबाट कुनै काम गराएमा वा हुन दिएमा निज र सो व्यक्तिका बिचमा चलेको कुनै मुद्दामा सो कुरा त्यस्तो होइन वा थिएन भनी निजले खण्डन गर्न पाउने छैन।" भनी विबन्धन (Estoppel) सम्बन्धी स्पष्ट र महत्वपूर्ण व्यवस्था गरेको देखिन्छ। यस व्यवस्थाले आफ्नो फाइदाका लागि बारम्बार कुरा फेर्न (Approbation and Reprobate) बाट पूर्ण रूपमा रोक लगाएको देखिन्छ।

- **स्पेक्ट्रलाइट यूके (Spectrlite UK Limited) का सम्बन्धमा: Spectrlite UK Limited** बेलायतमा दर्ता भएको एक Private Limited Company हो। कम्पनी नम्बर **15166673** रहेको यस कम्पनीको दर्ता मिति **26 September 2023** हो। कम्पनीको दर्ता कार्यालय **One Fleet Place, London, England, EC4M 7WS** मा रहेको छ। कम्पनीको प्रकृति (SIC Code 64209) "Activities of other holding companies not elsewhere classified" अर्थात् होल्डिङ कम्पनी गतिविधिसँग सम्बन्धित रहेको उल्लेख छ। कम्पनीको स्थिति (Status) हाल "Active" रहेको देखिन्छ। (Find and Update Company Information: https://find-and-update.company-information.service.gov.uk/company/15166673?utm_source)

find-and-update.company-information.service.gov.uk/company/15166673

Overview | Filing history | People | More

Registered office address
**One Fleet Place, London, England, EC4M 7WS**

Company status
**Active**

Company type
**Private limited Company**

Incorporated on
**26 September 2023**

**Accounts**

Next accounts made up to **31 December 2025**
due by **30 September 2026**

Last accounts made up to **31 December 2024**

**Confirmation statement**

Next statement date **25 February 2027**
due by **11 March 2027**

Last statement dated **25 February 2026**

**Nature of business (SIC)**

64209 - Activities of other holding companies not elsewhere classified

बेलायत सरकारको आधिकारिक कम्पनी अभिलेख (Companies House) अनुसार Spectrlite UK Limited मा ७५ प्रतिशतभन्दा बढी शेयर तथा मतदान अधिकारमाथि नियन्त्रण राख्ने व्यक्ति **Satish Lal Acharya** हुन्। उनी कम्पनीमा "Person with Significant Control (PSC)" को रूपमा सूचीकृत छन्। (Find and Update Company Information: https://find-and-update.company-information.service.gov.uk/company/15166673?utm_source)

find-and-update.company-information.service.gov.uk/company/15166673/persons-with-significant-control

Officers | Persons with significant control

**1 active person with significant control / 0 active statements**

**Satish Lal Acharya** ACTIVE

Correspondence address
**84 Genting Lane, 07-07, Singapore, Singapore, 349584**

Notified on
**26 September 2023**

Date of birth
**January 1970**

Nationality
**Singaporean**

Country of residence
**Singapore**

Identity verification due from
**26 September 2026**

Identity verification due by
**9 October 2026**

Nature of control
**Ownership of shares – 75% or more**

**Ownership of voting rights - 75% or more**

**Right to appoint or remove directors**

१ डिसेम्बर २०२३ मा मलेसियाली दूरसञ्चार समूह **Axiata Group** ले आफ्नो पूर्ण स्वामित्वको सहायक कम्पनीमार्फत् **Reynolds Holding Limited** बिक्री गर्न Spectrlite UK Limited सँग बिना शर्त (unconditional) खरिद–बिक्री सम्झौता गरेको घोषणा गरेको थियो । Reynolds Holding Limited ले एनसेलमा करिब ८० प्रतिशत इक्विटी स्वामित्व

राखेको उल्लेख गरिएको छ । (Axiata Group Berhad: https://axiata.listedcompany.com/newsroom/Media_Release_-_Axiata_Concludes_Sale_of_Ncell-Exits_Nepal_20231201.pdf?utm_source= )

ewsroom/Media_Release_-_Axiata_Concludes_Sale_of_Ncell-Exits_Nepal_20231201.p

/ 4 100%

Ncell axiata

**FOR IMMEDIATE RELEASE**

## Axiata Concludes Sale of Ncell, Exits Nepal

**KATHMANDU / KUALA LUMPUR, 1 December 2023 –** Axiata Group Berhad ("**Axiata**" or **"the Group"**) announces that it had entered into an unconditional sale and purchase agreement with Spectrlite UK Limited **("Purchaser")** for the sale of Reynolds Holding Limited (**"Reynolds"**) which owns approximately 80% equity stake in Ncell Axiata Limited (**"Ncell"**).

The Group's decision to withdraw from Nepal is based on a thorough evaluation of the prevailing business environment in Nepal, which led to the conclusion that continuing operations under the current conditions of unfair taxation and regulatory uncertainties was no longer sustainable for Axiata.

Axiata entered the Nepal market in 2016, following the acquisition of Reynolds for the purchase price of USD1.365 billion, effectively securing an 80% equity interest and controlling stake in Ncell. Between 2016 to 2020, Ncell had settled a total of NPR47.0 billion (approximately USD421.9 million or RM1.8 billion[1]) in capital gains tax ("**CGT**") as full and final liability under Nepalese law and received confirmation from Large Taxpayers Office of Nepal ("**LTPO**") in April 2020 that no further taxes remain in relation to the acquisition of Reynolds in 2016. Despite the payment of CGT, Ncell was further assessed in January 2021 by the LTPO under Section 57 of the Income Tax Act of Nepal for a sum of approximately NPR57.9 (approximately USD433.6 million or RM2.0 billion) for the same transaction. Collection on this assessment by the Tax Authorities has thus far been suspended due to an interim order issued by the Supreme Court of Nepal based on Ncell's petition disputing the applicability of the assessment. Capital gains tax was imposed on Ncell and Axiata after Nepal's efforts to collect tax from the seller failed.

Axiata द्वारा सार्वजनिक गरिएको विवरण अनुसार उक्त कारोबारको Fixed Consideration (निश्चित मूल्य) **USD 50 million** तोकिएको थियो । यसमध्ये **USD 5 million** कारोबार सम्पन्न भएपछि ६ महिनाभित्र र बाँकी **USD 45 million** ४८ महिनाभित्र भुक्तानी हुने व्यवस्था गरिएको थियो । यस अतिरिक्त Ncell को भविष्यको व्यावसायिक प्रदर्शन तथा वितरण (distribution/dividend) सँग सम्बन्धित Conditional Consideration को व्यवस्था पनि रहेको उल्लेख गरिएको छ । (BERNAMA : https://bernama.com/en/search.php?cat1=all&terms=Axiata&submit=search)

Axiata ले सन् २०१६ मा Reynolds Holding Limited खरिद गरी एनसेलमा करिब ८० प्रतिशत नियन्त्रण प्राप्त गरेको थियो। Axiata को आधिकारिक वक्तव्य अनुसार नेपालको कर तथा नियामकीय (regulatory) वातावरण सम्बन्धी चुनौतीहरूका कारण समूहले नेपालबाट बाहिरिने निर्णय गरेको जनाएको छ। (Axiata Group Berhad)

Spectrlite UK कम्पनी विशेष रूपमा Ncell खरिद गर्न मात्र कारोबार गर्न केही दिन अगाडि स्थापना (स्थापना खर्च USD 1.00) गरिएको, आजियाटाले 'नेपालको व्यावसायिक वातावरण अनुकूल नभएको' भन्दै बाहिरिने निर्णय गरे पनि एनसेलको वित्तीय अवस्था सुदृढ र आकर्षक देखिएबाट आजियाटाको दावी झूटो र नियतवश गरिएको प्रचार मात्र भएको, शेयर खरिद-बिक्री गर्नुअघि नेपाल दूरसञ्चार प्राधिकरणबाट पूर्वस्वीकृति लिनुपर्नेमा सो प्रक्रिया मिचेर नेपाल बाहिर (अफसोर) सम्झौता गरिएको, नेपाल सरकारलाई ठगी गर्ने उद्देश्यले गरिएको र एनसेलले अनुमतिपत्र समाप्त भए पश्चात 'स्मार्ट टेलिकमको अनुमति' प्राप्त गरेमा खरिदकर्ताले बिक्रेतालाई थप १ करोड डलर बुझाउनुपर्ने शर्त, पटक पटक गरी बिक्री गरीसके पश्चात पनि लाभांश दिईरहने शर्तहरुबाट एनसेलका लगानीकर्ताहरुको स्मार्ट टेलिकम प्रा लि मा अवैध 'क्रसहोल्डिङ' र पारिवारिक सम्बन्ध रहेको पुष्टी हुन्छ। यी तथ्यहरुबाट Spectrlite UK को वास्तविक वित्तीय क्षमता र खरिदका लागि प्रयोग भएको सम्पूर्ण रकमको स्रोत (Source of Funds) देखिँदैन।

- **Axiata Group's (Reynolds holding limited) sale of an 80% equity stake to Spectrlite UK सम्बन्धमा:** (FOR IMMEDIATE RELEASE/Axiata Concludes Sale of Ncell, Exits Nepal),1 December 2023 Axiata Group Berhad ("Axiata"or"the Group") announces that it had entered into an unconditional sale and purchase agreement with Spectrlite UK Limited ("Purchaser") for the sale of Reynolds Holding Limited ("Reynolds") which owns approximately 80% equity stake in Ncell Axiata Limited ("Ncell").

  **The** Group's decision to withdraw from Nepal is based on a thorough evaluation of the prevailing business environment in Nepal, which led to the conclusion that continuing operations under the current conditions of unfair taxation and regulatory uncertainties was no longer sustainable for Axiata.

  **Axiata** entered the Nepal market in 2016, following the acquisition of Reynolds for the purchase price of USD1.365 billion, effectively securing an 80% equity interest and controlling stake in Ncell. Between 2016 to 2020, Ncell had settled a total of NPR 47.0 billion (approximately USD421.9 million or RM1.8 billion[1]) in capital gains tax ("CGT") as full and final liability under Nepalese law and received confirmation from Large Taxpayers Office of Nepal ("LTPO") in April 2020 that no further taxes remain in relation to the acquisition of Reynolds in 2016. Despite the payment of CGT, Ncell was further assessed in January 2021 by the LTPO under Section 57 of the Income Tax Act of Nepal for a sum of approximately NPR 57.9 (approximately USD 433.6 million or RM 2.0 billion) for the same transaction. Collection on this assessment by the Tax Authorities has thus far been suspended due to an interim order issued by the Supreme Court of Nepal based on Ncell's petition disputing the applicability of the assessment. Capital gains tax was imposed on Ncell and Axiata after Nepal's efforts to collect tax from the seller failed.

**The** international arbitration proceedings filed by Axiata to the International Centre for the Settlement of Investment Disputes ("ICSID") were concluded on 9 June 2023. In delivering its Award the arbitration tribunal ("Tribunal") ruled in the Award that Nepal should refrain from demanding any further tax, fees, penalties or interest in relation to the acquisition of Reynolds in 2016 and, in particular, that Nepal should refrain from enforcing the January 2021 Assessment. For further information on the Award rendered by the Tribunal, please refer to our Media Release dated 12 June 2023.

**While** Axiata has prevailed on the Government of Nepal to abide by the terms of the Award, and specifically the termination of any attempts to repeatedly tax the same transaction, the Government of Nepal and its Tax Authority the LTPOhave thus far failed to withdraw the January 2021 assessment which is likely to carry a present-day value of USD 433.6 million inclusive of interest up to 13 January 2021 and penalties but excluding any further interest after that date. If the January 2021 Assessment was upheld, and ignoring any further interest after 13 January 2021, this would take the total taxation on the USD1.365 billion transaction in 2016 to USD 855.5 million, or 62.7% of the transaction value.

**Considering** the imminent and existential exposure arising from the scenario of double taxation, additional risk associated with the expiry of the company's mobile license in 2029, with the potential of expropriation of Axiata's stake by the Government of Nepal and the unfavourable foreign investment protection environment in Nepal, Axiata had accelerated its exploration of an exit. The terms of the Share Purchase Agreement ("SPA") with the Purchaser would enable Axiata to exit on a clean basis.

**Key** terms of the SPA include a fixed consideration and a conditional consideration. The fixed consideration is USD 50 million of which USD 5 million is payable within 6 months of transaction completion and the remainder is payable after 48 months post transaction completion. Meanwhile, the conditional consideration is a share of the going forward distribution's contingent upon the future business performance and net distributions declared by Ncell until 2029, and any windfall gains secured by the Purchaser during this period.

**Ncell** retains full responsibility for its business and any of its liabilities, and the Purchaser will further indemnify Axiata against existing and future Nepalese tax claims in relation to Ncell. The Board of Axiata has resolved that the best path forward for the Group would be to exit Nepal on the terms described.

**Axiata** and Ncell have made significant contributions to the socio-economic development of Nepal. As the country's largest taxpayer, Ncell contributed NPR 283.0 billion (RM9.9 billion) in taxes and fees as of last Fiscal Year FY 2021/2022 since its inception. Ncell, both directly and indirectly, supports more than 25,000 jobs and connects over 17 million customers across its networks. Under its Corporate Social Responsibility ambit, Ncell has

invested more than NPR1.75 billion (RM61.2 million) in various social projects identified as critical to the nation that include education, health, disaster management and environment.

उल्लेखित तथ्य अनुसार Axiata ले सन् २०१६ मा Ncell किन्दा USD १.३६५ अर्ब तिरेकोमा (अन्दाजी रु.२ खर्ब ११ अर्ब) सात वर्षपछि मात्र 50 million USD बेचेकोमा सो अनुसार यो मूल लगानीको ३.७% मात्र भएको हुदा उल्लिखित बिक्री गर्दाको रकम नै वास्तविक कारोबार नभएको पुष्टि हुन्छ, साथै Ncell's shares were sold for USD 50 million equivalent to USD 62.5 per share (Nrs 132 ) means Rs 8250 भएको भन्ने समेत पुष्टि हुन्छ।

- **BOAD MEMBER DETAILS:**

| Name | Address | DOB | Passport | Father | Mother | Email |
|---|---|---|---|---|---|---|
| Satis lal Archarya | 84 Genting Lane #07-08/09 Axxel InnovationCentre Singapore, 349584 | Jan 04 1970 | k5374638G | Dr. Ishwor Lal Acharya | Rameshwori Acharya | satish@spectrlite.com |
| Sachin lal Acharya | citizen no 57981 Lalitpur 05 Lalitpur manbhawan | May 21 1979 | | Dr. Ishwor Lal Acharya | Rameshwori Acharya | sachin@snet.com.np |
| Donald James Rae | Canadian 3 Leedon Heights, 08-04M, D'Leedon, $267951 | Apr 21, 1961 | P471894DP | Robert Rae | Dorothy Rae | don@spectrlite. Com |
| Neo Hui Yu | 20B Lor 3 Geylang, Kallang Breeze, #05-70, $383020 | Sep,14,1992 | K2454920A | Neo Say Yong | Lai Wal Heng | ray@spectrlite. com |
| Ang Su Hul | 243 Serangoon Ave 2, #08-83, S550243 | Oct 01, 1992 | K4773044B | Ang Slang Heng | Lim Hwee Keng | suhui@bitmapltd.com |

- **मिति २०८२/१०/२३ गते एनसेल आजीआटा लि. को शेयरधनी देहाय बमोजिम रहेको देखिन्छ :-**

| क्र.सं. | संचालकको नाम तथा पद | राष्ट्रियत ा | ठेगाना | कम्पनी व्यवसाय | संचालक नियुक्ति मिति | महालेखा राख्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | सतिश लाल आचार्य (संचालक) | सिंगापुर | ८४ गेटेङ लेन, #0७-0७, आसेल इनोभेसन सेन्टर, सिंगापुर (३४९५८४) | सेवा | ०१ डिसेम्बर २०२३ | शेयरधनी रेनोल्ड्स होल्डिङ्स लि.ले इच्छाको अवधिसम्म |
| २ | सचिन लाल आचार्य (संचालक) | नेपाल | ललितपुर महानगरपालिका, कुमारीपाटी-२०, ललितपुर, नेपाल | व्यवसायी | १९ अप्रैल २०१६ | शेयरधनी रेनोल्ड्स होल्डिङ्स लि.ले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | इच्छाको अवधिसम्म |
| ३ | नियो हुई यु (संचालक) | सिंगापुर | ८४ गेटेङ लेन, #0७-0७, आसेल इनोभेसन सेन्टर, सिंगापुर (३४९५८४) | सेवा | ०१ डिसेम्बर २०२३ | शेयरधनी रेनोल्ड्स होल्डिङ्स लि.ले इच्छाको अवधिसम्म |
| ४ | डोनाल्ड जेम्स रे (संचालक) | क्यानाडा | ८४ गेटेङ लेन, #0७-0७, आसेल इनोभेसन सेन्टर, सिंगापुर (३४९५८४) | सेवा | ०७ जुलाई २०२५ | शेयरधनी रेनोल्ड्स होल्डिङ्स लि.ले इच्छाको अवधिसम्म |
| ५ | आङ सु हुई (संचालक) | सिंगापुर | ८४ गेटेङ लेन, #0७-0७, आसेल इनोभेसन सेन्टर, सिंगापुर (३४९५८४) | सेवा | ०२ फेब्रुअरी २०२६ | शेयरधनी रेनोल्ड्स होल्डिङ्स लि.ले इच्छाको अवधिसम्म |
**लाइसेन्स र बक्यौता (License and Dues):** नेपाल दूरसञ्चार प्राधिकरण (NTA) लाई लाइसेन्स, फ्रिक्वेन्सी, रोयल्टी र RTDF सहित कुल २३,१४६ मिलियन रुपैयाँ भुक्तानी गर्न बाँकी, नवीकरण शुल्क बापत मात्र १९,३८३ मिलियन रुपैयाँ बाँकी छ, जसमध्ये ५,९५० मिलियन रुपैयाँ भाखा नाघिसकेको (overdue), बक्यौता रकम भुक्तानी नगरेका कारण प्राधिकरणले जुनसुकै बेला लाइसेन्स खारेज गर्न सक्ने कानुनी जोखिम।

**ऋण र दायित्व (Debt and Liabilities):** कम्पनीको कुल ऋण ८,८७० मिलियन, जसमा ५,४८५ मिलियन बैंकहरूबाट र ३,३८६ मिलियन सेयरधनीहरूबाट लिइएको, विभिन्न सम्भावित दायित्वहरू र जरिवानाहरू जोड्दा कम्पनीको समायोजित खुद ऋण २२,६९४ मिलियन रुपैयाँ पुग्ने प्रक्षेपण, साहुहरूलाई (Creditors) तिर्नुपर्ने रकम ५१७ मिलियन रुपैयाँ छ, जसमध्ये ९१% रकम ६० दिनभन्दा बढी समयदेखि भुक्तानी हुन बाँकी।

**ग्राहक र सञ्चालन (Subscribers and Operations):** राजस्व आर्जन गर्ने ग्राहक (RES) संख्यामा त्रैमासिक ७% का दरले गिरावट, प्रति ग्राहक औसत राजस्व (ARPU) आर्थिक वर्ष २०७७ मा ९५ रुपैयाँबाट घटेर २०७९ मा ७३ रुपैयाँ पुगेको, कम्पनीले आफ्ना अचल सम्पत्तिहरूको पूर्ण बीमा गरेको छैन र सम्पत्तिहरूको भौतिक प्रमाणीकरण पनि गरिएको छैन.

**लेखापरीक्षण र अनुपालन (Audit and Compliance):** आर्थिक वर्ष २०७७ र २०७८ को लेखापरीक्षण प्रतिवेदन 'qualified' रहेको जसले वित्तीय विवरणको विश्वसनीयतामा कमी, कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम आफ्ना वित्तीय विवरणहरू तयार नगरेको, आर्थिक वर्ष २०७६ देखि VAT र TDS विवरणहरू बुझाएको छैन, जसले गर्दा कर जरिवानाको ठूलो जोखिम।

**Cosbo Investments:** स्मार्ट टेलिकमको एक प्रमुख सेयरधनी, जसले **३,३८६ मिलियन रुपैयाँ** (लगभग २९ मिलियन अमेरिकी डलर) बराबरको 'Subordinated Debt' (अधीनस्थ ऋण) होल्ड गर्दछ, यो ऋण सुरुमा अन्य दुई सेयरधनीहरू **Square Star Inc.** र **Lal Sahu Distribution** ले लगानी गरेका थिए, जसलाई पछि उनीहरूले 'Cosbo Investments' को नाममा हस्तान्तरण (assign) गरेका हुन्। आर्थिक वर्ष २०७७, २०७८ र २०७९ मा यस अधीनस्थ ऋणमा कुनै पनि ब्याज गणना (accrue) गरिएको छैन। कम्पनीको व्यवस्थापनले यो ऋणलाई **सेयर पूँजी (Equity)** मा परिणत गरिने जानकारी दिएको छ, तर यससम्बन्धी कुनै आधिकारिक कागजात वा विवरण भने उपलब्ध गराइएको छैन।

**Square Star Inc. (Square Star LLP) भूमिका:** यो स्मार्ट टेलिकमको एक **विदेशी सेयरधनी** र मूल ऋणदाता हो। यस कम्पनीले स्मार्ट टेलिकमलाई आर्थिक वर्ष २०६६ देखि २०७० को बीचमा **२,९३६ मिलियन रुपैयाँ**

वैदेशिक ऋण उपलब्ध गराएको, पछि यो ऋणको हिस्सा ब्याजसहित 'Cosbo Investments' लाई हस्तान्तरण गरिएको थियो।

**Lal Sahu Distribution (Lal Sahu Distributors Pte)**: यो पनि स्मार्ट टेलिकमको एक **सेयरधनी** र प्रारम्भिक ऋणदाता कम्पनी हो। Square Star Inc. सँगै यस कम्पनीले पनि आफ्नो ऋणको हिस्सा र बाँकी ब्याज 'Cosbo Investments' लाई असाइन गरेको थियो।

**Nepal Satellite Telecom Pvt. Ltd.:** यस कम्पनीले स्मार्ट टेलिकमलाई **९७० मिलियन रुपैयाँ** पेस्की (advance) उपलब्ध गराएको, व्यवस्थापनका अनुसार यो पेस्की रकम सेयरधनीहरूबीचको आपसी व्यवस्था (Shareholder arrangements) का आधारमा दिइएको हो. यद्यपि, यसको प्रकृति र सर्तहरू बुझ्नका लागि कुनै पनि लिखित सम्झौता उपलब्ध नगराईएको, प्रस्तावित अधिग्रहण प्रक्रियामा यो दायित्व नयाँ कम्पनीमा हस्तान्तरण हुने छैन र यसलाई हालकै बिक्रेताहरूले बेहोर्ने जानकारी दिइएको

निर्देशक **सर्बेश जोशी (Sarbesh Joshi)** ले पनि २८० मिलियन रुपैयाँ पेस्की र २०४ मिलियन रुपैयाँ धरौटी (Security deposit) उपलब्ध गराएको प्रतिवेदनमा उल्लेख छ। ऋणदाता बैंकहरू र सेयरधनीहरूबाट प्राप्त ऋणको पूर्णता र शुद्धता सुनिश्चित गर्न 'No Dues Certificate' लिन सिफारिस गरिएको।

- **नेपाल सरकारलाई बुझाउनुपर्ने स्मार्ट टेलिकमको वक्यौता रकम सम्बन्धमा:** नेपाल दुर सञ्चार प्राधिकरणको च.नं. 2.1-381-3220, मिति २०८३/०२/०७ गतेको पत्रबाट स्मार्ट टेलिकम प्रा.लि.ले फ्रिक्वेसीतर्फ रु. १,८१,९३,७०,७७८/८८ र RTDF, रोयल्टी तथा जरिवाना सहित कुल रु. १०,०२,९०,४२२/०९ वक्यौता रहेको जानकारी प्राप्त हुन आएको। साथै प्रस्तुत वक्यौता रकम सम्बन्धमा पुन: प्राधिकरणको प.सं. अ.व्य.शा. ०८२/८३-४४१ च.नं.२.१-३६३६, मिति २०८३/०३/११ को पत्रबाट स्मार्ट टेलिकम प्रा.लि.लाई प्रदान गरेको आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र प्राधिकरणको मिति २०७५/०७/१४ को पत्रबाट खारेज गरिएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०९/२१ को निर्णयले प्राधिकरणको सो पत्रलाई बदर गरी बाँकी बक्यौतालाई भुक्तानी गर्न किस्ताबन्दीको सुविधा दिएको रकमहरू तहाँ ब्यूरोमा उपलब्ध गराउन छुट भएको देखिएको हुँदा निज कम्पनीलाई सरकारले दिएको सो किस्ताबन्दीको सुविधा अनुसार पनि पहिल्ला किस्ताहरू र थप दायित्व नबुझाएको र सो पश्चातको बाँकी रकम, दस्तुर तथा थप दस्तुर र अन्य बक्यौता रकमको विवरण प्राधिकरणको मिति २०८३/०२/०७ गतेको पत्र (च.नं. १-१२११-३२०) मा छुट हुन गएको हुँदा उक्त रकमहरूमा संशोधन सहित निजको अनुमतिपत्र दुरुस्त्याएर, २०७४ को दफा २४ (४) बमोजिम स्वतः खारेज भएको मितिसम्मको (२०८०/०१/०१ सम्म) देहाय बमोजिम बाँकी बक्यौताको विवरण उपलब्ध गराईएको व्यहोरा निर्णयानुसार अनुरोध छ भन्दै स्मार्ट टेलिकम प्रा.लि. को थप बक्यौता विवरण देहाए बमोजिम उपलब्ध गराएको देखिन्छ:

  **१. रोयल्टी :** रु. ५,०१,७१,०१४/३७

  २. **ग्रामीण दूरसञ्चार विकास कोष :** रु. ८,४७,०९,९६३/९६

  ३. **फ्रिक्वेन्सी दस्तुर :** ४,११,०९,३९,४६३/७६

  ४. **परामर्शदाताले प्रतिवेदनमा औंल्याइएको स्मार्टको कुल बक्यौता दस्तुर** रु. ५,३४,५६,५०,४८५/९५ उल्लेख भएको,

  ५. म.ले.प.को ४७ औं प्रतिवेदनमा (पेज नं. ४२६) रु.१२,००,००,०००/- बेरुजु।

- **“दूरसञ्चार सेवा प्रदायक गाभिने (मर्जर) तथा प्राप्त (एक्विजिसन) सम्बन्धी नियमालीको, २०७९ को मस्यौदा” सम्बन्धमा:** नेपाल दूरसञ्चार प्राधिकरणको च.नं. ३६०२, मिति २०८३/०३/०८ गतेको पत्रबाट यस कार्यालयमा प्राप्त हुन आएको यो मस्यौदा प्राधिकरणको मिति २०७९/०६/०८ गतेको निर्णय नं. ४८३३ बाट पारित भएको भन्ने समेत जानकारी प्राप्त हुन आएको छ। नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र व्यवस्थापन शाखा)को च.नं. २१-३८२५, मिति: २०८३/०३/१० गतेको पत्रबाट मिति २०७९/०६/०८ को निर्णय नं. ४८३३ सँग सम्बन्धित बैठकमा उपस्थित पदाधिकारीहरुको विवरण देहाय प्राप्त हुन आएको जसअनुसार:
  - श्री पुरुषोत्तम प्रसाद खनाल - **अध्यक्ष**
  - श्री हेम कुमार श्रेष्ठ - **सदस्य**
  - श्री राममणि दुवाडी - **सदस्य**
  - श्री गोर्कण प्रसाद सिटौला - **सदस्य**
  - श्री रविन्द्र झा - **सदस्य**

नियामक निकाय दूरसञ्चार प्राधिकरण स्मार्ट टेलिकम प्रा.लि.को अरबौंको सरकारी बक्यौता असुलीमा अलमलिरहेको सन्दर्भ र नेपाल इन्भेष्टमेन्ट मेगा बैंक आफ्नो ऋण उठाउन विद्यमान कानून, निर्देशन र उच्च अदालतको फैसलाहरु समेत मिच्दै एनसेलसँगको 'सेटिङ' मा लिलामी प्रक्रिया अघि बढाउन उद्यत देखिएको अवस्था प्राप्त मस्यौदा अध्ययन गर्दा विशेष गरी स्मार्ट टेलिकम(सम्पत्ति) लिलामीमा अन्य प्रतिस्पर्धीले ४२-४४ करोड मात्र कबोल गर्दा एनसेलले ह्वात्तै बढाएर ४ अर्ब ६० करोड कबोल गर्नुको पछाडि सतिशलाल आचार्य, सचिनलाल आचार्य र भावना सिंह श्रेष्ठको समूहले आफ्नै पुरानो डुबेको स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति बैंकसँग मिलेर पुनः आफ्नै नियन्त्रणमा ल्याउने योजनाबद्ध प्रपञ्च गरेको, यस संगठित मिलेमतोबाट बैंकको पैसा असुल भए पनि र एनसेलका मालिकले सरकारी सम्पत्ति सस्तोमा पाए पनि प्रस्तावित नियमावली कार्यान्वयनमा आएमा नेपाल सरकारले पाउनुपर्ने अनुमतिपत्र नवीकरण दस्तुर र अन्य बक्यौता शून्य हुने साथै क्रस होल्डिङ्ले बैधानिक मान्यता पउने देखिन्छ। अत: सर्वेश जोशीले प्रतिवादी सर्वेश जोशीले Minutes of consortium meeting of Smart Telecom Pvt. Ltd. held at Prime Commercial Bank Ltd., HO, Kamalpokhari on January 06, 2023 at 11:00 A.M मा “*मर्जर सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि मन्त्रिपरिषदमा पठाइसकिएको तर सरकार परिवर्तनका कारण मर्जर तथा एक्विजिसन नीति स्वीकृत हुन नसकेको हुँदा स्वीकृति प्रक्रिया ढिलाइ भएको*” दावीका पछाडी स्वार्थ समूहको चलखेल स्पष्ट हुन आउँछ।

सो मस्यौदाको उदेश्य सम्बन्धमा बिश्लेषण गर्दा स्मार्ट टेलिकम प्रा.लि.को नेपाल दूरसञ्चार प्राधिकरणबाट प्राप्त अनुमति पत्रको म्याद अवधि २०९५ सम्म रहेको तर एनसेल आजियाटा लिमिटेडको अनुमति पत्रको अवधि २०८६ मा समाप्त हुने अवस्था विद्यमान रहेकोमा स्मार्टलाई प्राप्त गरे पश्चात एनसेल आजियाटाले २०९५ सम्म नै संचालन गर्न सक्ने भएकाले सोही उदेश्यले नेपाल सरकारलाई २०८६ मा स्वत: आउनुपर्ने सम्पत्ति नोक्शानी गर्ने उदेश्यले प्रस्तुत मस्यौदा तयार भई प्राधिकरणको संचालक समितिले पारित गरेको र सो प्रस्ताव तत्कालिन अवस्थामा सरकारको परिवर्तनसंगै मन्त्री परिषदमा पारित हुन नसकेको भनी ऋण प्रवाह हुने बैंकहरुको सहवित्तीयकरण बैठकमा समेत स्वीकार गरेको देखिन्छ। यसबाट एनसेलले आफ्नो अनुमति पत्र बढाउने रणनितिक प्रयोजनको लागि सो मस्यौदा ल्याएको तथा स्मार्टको सम्पत्ति सकारेको समेत पुष्टी हुन्छ।

- **दूरसञ्चार क्षेत्रसंग सम्बन्धित DFL प्रतिवेदनबाट नाम खुल्न आएका व्यक्तिहरु र निजहरुसंग सम्बन्धित कम्पनीहरुको सम्बन्धमा:**

❖ https://en.wikipedia.org/wiki/Lacell_SU_Burundi मा उल्लेखित तथ्यगत विवरणमा **Smart Telecom Burundi (Lacell SU)** was originally owned by the Russian-owned Timeturns Holdings of Cyprus. Later the Industrial Promotion Services (IPS) Kenya took a majority stake. IPS is a division of the Aga Khan Fund for Economic Development (AKFED). **The general manager of Lacell SU Burundi was Bhupendra Bhandari.** Lacell SU obtained a license to provide mobile service in Burundi in 2008. In March 2010 the Telecom IT systems vendor CBOSS announced that it had completed deployment of the hardware and software for the mobile network for the "Smart Mobile" service of Lacell SU. The service included GSM-based voice calls and SMS throughout Burundi. The post-paid service was launched in May 2009 and the pre-paid service in July. The company chose Ericsson to supply a new GSM network, including the core network, its associated radio network, and all installation, integration and training services. Smart Telecom Burundi launched its 3G service on 5 September 2014 in Bujumbura and its surroundings. The service included a variety of internet access packages. In July 2015 mobile carriers in Burundi included Econet Leo, with 2.6 million customers, Lumitel (Viettel), Smart and Tempo Africell. In the first quarter of 2022 there were 7,798,885 telephone subscribers in Burundi, divided between the four carriers: Econet Leo, Lumitel, Smart and Onatel.In August 2022 the Agence de Regulation et de Controle des Telecommunications (ARCT) shut down Smart for failing to pay US3.2 million of tax arrears, and for failing to confirm that it owed no taxes when it filed to have its license renewed. ACT granted a two-week grace period to pay all arrears, which expired at midnight on 19 August 2022. The general manager of Lacell SU stated in a letter of 19 August 2022 said it had paid all its tax arrears of 6.6 billion BIF as of 30 May 2022. He acknowledged that Smart had not paid additional invoices for more than 1.3 billion BIF issued in July and August 2022. Separately, the sales director claimed that the shutdown order was made for political reasons, to **benefit Lumitel, a subsidiary of Viettel.** Notes: Some sources use the phrase "**Lacell SU from Nepal**". The original owner, **Timeturns Holdings of Cyprus** was created in 2007 and is involved in telecoms in developing countries as well as various enterprise in Russia and Belarus. As of 2011 it was owned by Alexander Milyavsky of Russia and **Samatha Prasad of Nepal.** भन्ने विवरणबाट सुरुमा Lacell SU (Smart Telecom Burundi) को स्वामित्व साइप्रसमा दर्ता भएको Timeturns Holdings नामक कम्पनीसँग भएको पछि केन्याको Industrial Promotion Services (IPS) ले यस कम्पनीको बहुमत (majority) स्वामित्व किनेको र IPS भने Aga Khan Fund for Economic Development (AKFED) अन्तर्गतको संस्था भएको देखिन्छ। Lacell SU कम्पनीका महाप्रबन्धक (General Manager) भूपेन्द्र भण्डारी (नेपाली) भएको, सन् २००८ मा Lacell SU ले बुरुन्डीमा मोबाइल सेवा सञ्चालन गर्ने लाइसेन्सबाट मे २००९ मा पोस्टपेड सेवा र जुलाई २००९ मा प्रिपेड सेवा सुरु भएको, मार्च २०१० मा CBOSS ले कम्पनीको मोबाइल नेटवर्कका लागि आवश्यक हार्डवेयर र सफ्टवेयर स्थापना सम्पन्न गरेको गरेको देखिन्छ। कर (Tax) बक्यौता करिब US$3.2 मिलियन नतिरेको आरोप, लाइसेन्स नवीकरण गर्दा कर बाँकी छैन भन्ने प्रमाण पेश नगरेको कारणबाट कम्पनीलाई

दिइएको दुई हप्ताको समय समयसीमा सकिएपछि अगस्ट २०२२ मा बुरुन्डीको दूरसञ्चार नियामक ARCT ले Smart को सेवा बन्द गरिएको देखिन्छ । यस सम्बन्धमा उक्त कम्पनीका महाप्रबन्धक भूपेन्द्र भण्डारीले सन् ३० मे २०२२ सम्मको ६.६ अर्ब बुरुन्डियन फ्राङ्क (BIF) कर तिरिसकेको दाबी गरेको तर जुलाई र अगस्ट २०२२ मा जारी भएका थप १.३ अर्ब BIF भन्दा बढी कर भने अझै तिर्न बाँकी रहेको स्वीकार गरेको देखिन्छ । Timeturns Holdings का साझेदार मध्ये समथा प्रसाद (Samatha Prasad) नेपाली भएको, यसको प्रारम्भिक स्वामित्व साइप्रसमा दर्ता भएको Timeturns Holdings सँग भएको, जसमा रूसी र नेपाली लगानीकर्ताको सहभागिता भएको पछि यसको बहुमत स्वामित्व केन्याको IPS (AKFED समूह) ले लिएको देखिई "Lacell SU from Nepal" भन्नुको अर्थ कम्पनी नेपालमा दर्ता भएको वा नेपाली कम्पनी भएको भन्ने होइन, बरु कम्पनीको व्यवस्थापन वा स्वामित्वमा नेपाली व्यक्तिको सहभागिता रहेको भन्ने समेत खुल्न आउँछ ।

❖ Timeturns Holdings का साझेदारहरु मध्ये समथा प्रसाद (Samatha Prasad) उपेन्द्र महत्तोको श्रीमति रहेको भन्ने देखिन्छ, यसवाट निज भुपेन्द्र भण्डारी सतिश लाल आचार्य तथा उपेन्द्र महत्तो समेतको लगानी भएको कम्पनीहरुमा आबद्ध भई काम गरेको तथ्य पुष्टि हुन्छ ।

❖ भुपेन्द्र भण्डारीको नबिल बैंक लि.मा रहेको खाता नं. ०२१००१७५१०१५७ मा रहेको खातामा Timeturns Holdings बाट देहायको रकम जम्मा भएको देखिन्छ, यसबाट निजको उपेन्द्र महत्तो तथा समथा प्रसादसँगको सम्बन्धमा पुष्टि हुन्छ ।

| Date | Description | Credit Amount |
|---|---|---|
| 21 May, 2009 | CPC/RM/3969/05/B/O Timeturns | 1209050.80 |
| 15 Apr, 2009 | CPC/RM/5380/09/B/O Timeturns Holding | 394747.33 |
| 21 May, 2009 | CPC/RM/7410/09/B/O Timeturns Holding | 528500.00 |

❖ सो तथ्यलाई निज भुपेन्द्र भण्डारीले सञ्चार मन्त्रालयमा पेश गरेको विवरणमा सो तथ्यलाई लुकाएको देहायको तथ्य मात्र उल्लेख गरेको देखिन्छ ।

| ❖ **Organization** | ❖ **Position** | ❖ **Period** |
|---|---|---|
| LACELL SU, The White Stone, Bujumbura, Burundi | Consultant | May 01, 2017 to April 30, 2018 |
| Intergroup Telecom Ltd., Freetown, Sierra Leone | Chief Executive Officer | January 12, 2016 to February 28, 2017 |
| LACELL SU, The White Stone, Bujumbura, Burundi | Chief Executive Officer | January 2008 to January 11, 2016 |
| Ncell Pvt. Ltd., Kathmandu, Nepal | Deputy Chief Finance Officer | June 10, 2007 to January 20, 2008 |
| Ministry of Communication and Information Technology | Communication and Information Technology Advisor | June 23, 2023 to till date |

❖ बुरुन्डीको दूरसञ्चार कम्पनी (Lacell Holding Incorporated (British Virgin Islands) entity linked to Nepali businessmen like Satish Lal Acharya (and his wife Bhawana Singh Shrestha) LaCell SU(Smart Mobile) स्थापना र सञ्चालनको प्रक्रियामा सतिश लाल आचार्यसँग जोडिएका कम्पनीहरूको व्यावसायिक संलग्नता रहेको तथा सन् २००८ को आधिकारिक सरकारी दस्तावेज (Ordonnance

Ministérielle)अनुसार **सतिश लाल आचार्य ( सिङ्गापुरका नागरिक) ले 'बिक्रेता' (Vendor) का रूपमा** र **'लासेल होल्डिङ इन्कर्पोरेटेड' (Lacell Holding Incorporated) ले क्रेताका** रूपमा शेयर सम्झौता गरेको देखिन्छ।"

❖

REPUBLIKA Y'I BURUNDI
REPUBLIQUE DU BURUNDI

UMWAKA WA 47
N°4bis/2008
1 Ndamukiza

47 ème ANNEE
N°4bis/2008
1er Avril

UBUMWE – IBIKORWA - AMAJAMBERE

| IKINYAMAKURU C'IBITEGEKWA MU BURUNDI | BULLETIN OFFICIEL DU BURUNDI |
|---|---|
| IBIRIMWO | SOMMAIRE |
| Dates N° Page | Dates N° Page |

A ACTES DU GOUVERNEMENT

| GOVERNING LAW | DROIT APPLICABLE |
|---|---|
| 3.1 This Agreement and the relationship between the parties shall be governed by, and interpreted in accordance with the laws of Burundi. | 3.1 La présente convention ainsi que les relations entre les parties seront régies et interprétées conformément aux lois Burundaises. |
| **AS WITNESS** this Agreement has been signed on behalf of the parties the day and year first before written in three originals, one for each party and one which will be presented for registration at the Register of Commerce. | La présente convention a été signée, à la date susmentionnée, pour le compte des parties en tr (3) exemplaires originaux, une pour chacune de parties et une autre pour présentation lors de l'enregistrement de la cession au Registre de Commerce |
| **SIGNED** by: Prajual Karki (Sé) for and on behalf of the Vendor | **SIGNE** Par Prajual Karki (sé) Pour le compte du vendeur |
| **SIGNED** by: Bhupendra Bhandari (Sé) for and on behalf of the Purchaser | **SIGNE** Par Bhupendra Bhandari (sé) Pour le compte de l'Acquéreur |

❖

❖ निज भुपेन्द्र भण्डारी (सन् जुन १०, २००७ बाट जनवरी २०, २००८ सम्म) सात महिना तत्कालीन मेरो मोबाइल (हालको एनसेल) को सञ्चालक कम्पनी स्पाइस नेपाल प्रा लि को नायव प्रमुख वित्तीय अधिकृतको रुपमा काम गरेको देखिन्छ, सो समयमा उपेन्द्र महतोले Synergy Nepal Private Limited मार्फत् एनसेल (Spice Nepal) मा २०% शेयर राखेबाट निज भुपेन्द्र भण्डारीको उपेन्द्र महत्तोसँगको सम्बन्ध नेपालमा मात्र नभै विदेश बुरुन्डी सम्म फैलिएको देखिन्छ।

❖ भुपेन्द्र भन्डारी नेपालमा डिजिटल वालेट 'मोरु' (Moru) सञ्चालन गर्ने कम्पनी Pay Nep Pvt. Ltd. मा सन् २०१७ देखि २०२३ सम्म अध्यक्ष (Chairman) को रूपमा काम गरेको भन्ने समेत देखिन्छ।

❖ प्रतिवादी सर्वेश जोशीको IMEI 868768051317975 OnePlus Mobile को DFL परिक्षण प्रतिवेदनबाट निज प्रतिवादी सर्वेश जोशीको भुपेन्द्र भण्डारीसंग भएको कुराकानीबाट निजहरुबिच 'मिटिङ'भएको देखिन्छ:

| 8041 | **Time stamp** 02/13/2025 07:11:03 PM (UTC+5:45) | **Direction** Outgoing<br>**Type** SMS | **Source** Messa |
|---|---|---|---|
| | **From** Owner | | |
| | **To** Bhupendra Bhandari <+9779802100888> | | |
| | **Subject** proto:CjoKImNvbS5nb29nbGUuYW5kcm9pZC5hcHBzLm1lc3NhZ2luZy4SFCIAKhBrV8oqPfpNlIPVIBO | | |
| | **Text** My number- Sarbesh | | |
| | **Inspector's note** N\A | | |
| | **Inspector's tags** SMS | | |


8067 Time stamp 02/24/2025 06:48:39 PM (UTC+5:45) Direction Outgoing Source Messa
Type SMS
From Owner
To Bhupendra Bhandari <+9779802100888>
Subject proto:CjoKImNvbS5nb29nbGUuYW5kcm9pZC5hcHBzLm1lc3NhZ2luZy4SFCIAKhDUXdmUH7FBMp4I
Text I have to leave at 7:15 pm, I can come after 8:30 pm if you are around.
Inspector's note N\A
Inspector's tags SMS

❖ यसरी Due Deligent Audit नै सतिश लाल आचार्यले स्मार्ट टेलिकम प्रा.लि. लाई Square star inc को नामवाट २०७९ मा २९३६ मिलियन दिएको तथा निजको नामबाट २४ मिलियन समेत दिएको उल्लेख भएको देखिन्छ यसवाट वास्तबिक हिताधिकारी सतिश लाल आचार्य रहेको पुष्टि भएकोमा सोही समुहको हितको लागि आफ्नो पदिय जिम्मेवारी निर्वाह नगरी दूरसञ्चाल प्राधिकरणको नाममा कानूनत आएको सम्पत्ति लिलाम गर्दा समेत कुनै कार्य नगरेको पुष्टि हुन्छ।

➢ **नेपाल स्याटलाईट प्रा.लि.का सम्बन्धमा:**

❖ SMART TELECOM PVT LTD को नाममा रहेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.01701030001887 (NPR) खाताको कारोबार अध्ययन गर्दा सो खातामा NEPAL SATELLITE TELECOM बाट देहायको रकम जम्मा भएको देखिन्छ ।

| ❖ **Date** | ❖ **Particulrs** | ❖ **Credit** |
|---|---|---|
| ❖ 1/14/2022 | ❖ #3011359609-NEPAL SATELLITE TELECOM P L-ATMARAM THAPA-9611020064 CT#7763 | ❖ 350,000,000.00 |

❖ यसरी नै SMART TELECOM PVT LTD को नाममा रहेको प्राइम कमर्सियल बैंक लि.मा रहेको 00101000000518200155 खातामा भएको कारोबार विवरण अध्ययन गर्दा सो खातामा NEPAL SATELLITE TELECOM बाट देहायको रकम जम्मा भएको देखिन्छ ।

| ❖ **TranDate** | ❖ **Desc1** | ❖ **Desc2** | ❖ **CREDIT** |
|---|---|---|---|
| ❖ 3/6/2020 | ❖ H.ChqTrfW0008549062 | ❖ NEPAL SATELLITE TELECOM PVT. LTD | ❖ 52,50,00,000.00 |

❖ यसरी NEPAL SATELLITE TELECOM बाट प्राप्त भएको रकम रु.87,50,00,000.00 (सत्तासी करोड पचास लाख) रकम जम्मा भएकोमा सोही रकम मध्ये रु. ३५ करोड नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. को ऋण तिर्नको लागि प्रयोग भएको तथा ५२ करोड ५० लाख प्राइम कमर्सियल बैंक लि.मा लिएको ऋण तिर्नको लागि प्रयोग भएको देखिन्छ ।

❖ यसै गरी एनसेल आजीआटा लि.बाट NEPAL SATELLITE TELECOM ले रु.496,081,733.10 रकम लिएको समेत देखिन्छ ।

| ❖ **TranDate** | ❖ **Particulars** | ❖ **InstrumentNo** | ❖ **Debit** |
|---|---|---|---|
| ❖ 9/11/2014 | ❖ NEPAL SATELLITE TELECOM | ❖ 1000161454 | ❖ 496,081,733.10 |

- **सर्वेश जोशीको IMEI 868768051317975 OnePlus Mobile र ज्योती प्रकाश पाण्डेको IMEI 354685860722453 Samsung Galaxy Mobile को DFL Report: प्रतिवेदनमा** Smart Telecom, NCELL र NIMB सँग सम्बन्धित विभिन्न व्यावसायिक, कानुनी र सञ्चालनगत विषयमा म्यासेज आदान प्रदान भएको, स्मार्ट टेलिकमको विषयमा मुख्य रूपमा यसको लाइसेन्स नवीकरण, बक्यौता रकम भुक्तानी र लिलामी, वैदेशिक लगानी, वित्तीय योजना, मूल्याङ्कन, मन्त्रालयका प्रक्रियाहरू, बैंकहरूसँगको समन्वयमा र कानुनी प्रक्रियाहरूमा केन्द्रित संवादहरू देखिन्छ । स्मार्ट टेलिकमको लाइसेन्स नवीकरण, बक्यौता भुक्तानी र लिलामी (Auction) प्रक्रियालाई प्रभावित गर्न वा मिलाउन सर्वेश जोशी र ज्योति प्रकाश पाण्डे ले विभिन्न 'हाई प्रोफाइल' (High Profile) व्यक्तिहरूसँग सम्पर्क र समन्वय गरेको देखिन्छ ।
- **अजय सुमार्गी (Ajay Sumargi):** सर्वेश जोशीले १३ जनवरी २०२२ मा अजय सुमार्गीलाई सन्देश पठाउँदै प्रधानमन्त्रीलाई स्मार्ट टेलिकमको बक्यौता भुक्तानीका लागि १ वर्षको समय थप गरिदिन अनुरोध गर्न लगाएका तथा विदेशी लगानी (FDI) आउने प्रक्रियामा रहेको भन्दै समय मागेकोमा सोही दिन पश्चात 1/14/2022 गते नै ३५ करोड नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को खातामा NEPAL SATELLITE TELECOM ले ३५ करोड जम्मा गरि दिएको देखिन्छ ।



| | | |
|---|---|---|
| 1533 | Time stamp 01/13/2022 01:50:14 PM (UTC+5:45) | Direction Outgoing Source Messages<br>Type SMS |

**From** Owner
**To** Ajay Sumargi <9801000010>
**Text** Respected Prime Minister,

I would like to request you for extension of payment of dues ( frequency, license and other fees to Nepal Telecommunication Authority) for 1 years ( January 15, 2022) of Smart Telecom Pvt. Ltd.

Also, I would like to bring you to your notice that we are in process of bringing in foreign direct investment ( FDI) and it has been initiated with definite agreement. Because of approval and process we request for certain time to clear the dues of regulator. We have submitted the request letter to Prime Minister Office, Ministry of Communication & Information Technology and Nepal Telecommunication Authority for extension of time to pay the dues amount on 2078/09/19.

Looking forward for your cooperation.

Sincerely,

Sarbesh Joshi
Chairman

**Inspector's note** N\A
**Inspector's tags** SMS

❖ मिति २०७९/०६/०८ गतेको निर्णय नं.४८३३ बाट दूर सञ्चार सेवा प्रदायक गाभिने ( मर्जर) तथा प्राप्ति (एक्विजिजन) सम्बन्धी नियमावली ,२०७९ पारित गरेको देखिन्छ । सो नियमावली स्मार्ट टेलिकम प्रा.लि. तथा एनसेल आजीआटा लि.लाई मर्ज गर्ने उदेश्यका साथ बनाएको देखिन्छ । सो तथ्यलाई स्मार्ट टेलिकम प्रा.लि.लाई ऋण दिने बैंकहरुमा सहवित्तीय करण मिटिङमा Due Diligence Audit (DDA) KPMG मार्फत् भईरहेको भन्ने उल्लेख गरेको देखिन्छ ।

❖ एनसेल आजीयटा लि.ले स्मार्ट टेलिकम प्रा.लि.लाई प्राप्ती गर्ने उदेश्यका साथ Due Diligence Audit (DDA) गर्नको लागि KPMG भारतसँस मम्झौता गरी DDA गरेको देखिन्छ, सो रिपोर्टमा देहायको तथ्यहरु उल्लेख गरेको देखिन्छ ।

❖ **Advance** from party (NPR 1,473 million) includes advance received from **Nepal Satellite Telecom (NPR 970 million)** Management indicated that advance received from Nepal Satellite Telecom and security deposits are based on shareholder arrangements. We asked for but were not provided with any related underlying agreements. Management has represented that these payables will not form a part of the transaction and the liabilities will be retained by existing sellers.

❖ यसै गरी Other liabilities मा Nepal Satellite Telecom Pvt. Ltd Ashad 32, 2079 मा 970 NPR million उल्लेख भएकोमा Nepal Satellite Telecom Pvt. Ltd का सञ्चालक अजय सुमार्गी पराजुली रहेको देखिन्छ ।

| **Other liabilities** | | | |
|---|---|---|---|
| **NPR million** | **Ashad 31, 2077** | **Ashad 31, 2078** | **Ashad 32, 2079** |
| **Nepal Satellite Telecom Pvt. Ltd** | **525** | **525** | **970** |

| | | |
|---|---|---|
| 1534 | Time stamp 01/13/2022 02:09:02 PM (UTC+5:45) | Direction Incoming Source Messages<br>Type SMS |

**From** Ajay Sumargi <9801000010>
**To** Owner
**Text** 9802967261 Rajan subedi Sir.
**Inspector's note** N\A
**Inspector's tags** SMS

| | | | |
|---|---|---|---|
| 1535 | Time stamp 01/13/2022 02:09:18 PM (UTC+5:45) | Direction Outgoing<br>Type SMS | Source Messages |
| | From Owner<br>To Ajay Sumargi <9801000010><br>Text Received. Thank you! | | |
| | Inspector's note N\A<br>Inspector's tags SMS | | |
| 1536 | Time stamp 01/13/2022 02:11:02 PM (UTC+5:45) | Direction Outgoing<br>Type SMS | Source Messages |
| | From Owner<br>To Atmaram Thapa <+9779851065626><br>Text 9802967261 Rajan subedi Sir. | | |
| | Inspector's note N\A<br>Inspector's tags SMS | | |
| 2297 | Time stamp 03/14/2022 12:48:34 PM (UTC+5:45) | Direction Incoming<br>Type SMS | Source Messages |
| | From Ajay Sumargi <9801000010><br>To Owner<br>Text Rojin Giri | | |
| | Inspector's note N\A<br>Inspector's tags SMS | | |
| 2298 | Time stamp 03/14/2022 12:48:36 PM (UTC+5:45) | Direction Incoming<br>Type SMS | Source Messages |
| | From Ajay Sumargi <9801000010><br>To Owner<br>Text +977 9803264895 | | |
| | Inspector's note N\A<br>Inspector's tags SMS | | |
| 2299 | Time stamp 03/14/2022 12:48:41 PM (UTC+5:45) | Direction Incoming<br>Type SMS | Source Messages |
| | From Ajay Sumargi <9801000010><br>To Owner<br>Text +977 9803264895 | | |
| | Inspector's note N\A<br>Inspector's tags SMS | | |
| 2300 | Time stamp 03/14/2022 12:48:45 PM (UTC+5:45) | Direction Outgoing<br>Type SMS | Source Messages |
| | From Owner<br>To Ajay Sumargi <9801000010><br>Text Thanks | | |
| | Inspector's note N\A<br>Inspector's tags SMS | | |
| 2301 | Time stamp 03/14/2022 12:49:43 PM (UTC+5:45) | Direction Outgoing<br>Type SMS | Source Messages |
| | From Owner<br>To Atmaram Thapa <+9779851065626><br>Text +977 9803264895<br>Rojin Giri | | |
| | Inspector's note N\A<br>Inspector's tags SMS | | |

- **एमजि हर्वल इन्भेष्टमेन्ट प्रा.लि.को सम्बन्धमा :**

भाबना सिंह श्रेष्ठको नामवाट रु. 1,500,000,000.00 रकम जम्मा भएको देखिन्छ । सो रकम एनसेल आजीयटा लि.मार्फत् आएको समेत देखिन्छ ।

| TranDate | Particulars | Debit | Credit |
|---|---|---|---|
| 5/22/2024 | BHAVANA SINGH SHRESTHA #3020352098- | | 150,000,000.00 |
| 5/24/2024 | BHAVANA SINGH SHRESTHA- | 100,000,000.00 | |
| 5/26/2024 | BHAVANA SINGH SHRESTHA- | | 120,000,000.00 |
| 5/30/2024 | BHAVANA SINGH SHRESTHA- | | 90,000,000.00 |
| 5/31/2024 | BHAVANA SINGH SHRESTHA- | | 140,000,000.00 |
| 6/3/2024 | BHAVANA SINGH SHRESTHA- | | 150,000,000.00 |
| 6/4/2024 | BHAVANA SINGH SHRESTHA- | | 120,000,000.00 |

| | | | |
|---|---|---|---|
| 6/9/2024 | BHAVANA SINGH SHRESTHA- | | 130,000,000.00 |
| 6/11/2024 | BHAVANA SINGH SHRESTHA- | | 140,000,000.00 |
| 6/13/2024 | BHAVANA SINGH SHRESTHA- | | 90,000,000.00 |
| 6/16/2024 | BHAVANA SINGH SHRESTHA- | | 70,000,000.00 |
| 6/18/2024 | BHAVANA SINGH SHRESTHA- | | 130,000,000.00 |
| 6/20/2024 | BHAVANA SINGH SHRESTHA- | | 90,000,000.00 |
| 7/3/2024 | BHAVANA SINGH SHRESTHA- | | 80,000,000.00 |
| | | 100,000,000.00 | 1,500,000,000.00 |

सो खातामा भावना श्रेष्ठबाट जम्मा भएको रकम  कारोबार भएकै दिन M G HERBAL AND INVESTMENT PVT LTD खातामा ट्रान्सफर भएको देखिन्छ ।

NIMB: A/c :16201040000154 (NPR) UPENDRA MAHATO

| Tran Date | Particulars | Instrument No | Debit | Credit |
|---|---|---|---|---|
| 5/17/2024 | INTERNAL TRF FROM BHAVANA SINGH SHRESTHA- | | | 100,000,000.00 |
| 5/17/2024 | M G HERBAL AND INVESTMENT PVT LTD- | 3028309681 | 100,000,000.00 | |
| 5/22/2024 | BHAVANA SINGH SHRESTHA #3020352098- | | | 150,000,000.00 |
| 5/24/2024 | BHAVANA SINGH SHRESTHA- | 3028309685 | 100,000,000.00 | |
| 5/26/2024 | M G HERBAL AND INVESTMENT PVT LTD- | 3028309686 | 50,000,000.00 | |
| 5/26/2024 | BHAVANA SINGH SHRESTHA- | | | 120,000,000.00 |
| 5/27/2024 | M G HEREBAL AND INVESTMENT PVT LTD- | 3028309687 | 120,000,000.00 | |
| 5/30/2024 | BHAVANA SINGH SHRESTHA- | | | 90,000,000.00 |
| 5/31/2024 | M G HERBAL AND INVESTMENT PVT LTD- | 3028309688 | 90,000,000.00 | |
| 5/31/2024 | BHAVANA SINGH SHRESTHA- | | | 140,000,000.00 |
| 5/31/2024 | M G HERBAL AND INVESTMENT PVT LTD- | 3028309690 | 140,000,000.00 | |
| 6/3/2024 | BHAVANA SINGH SHRESTHA- | | | 150,000,000.00 |
| 6/3/2024 | MG HERBAL AND INVESTMENT PVT LTD- | 3029412772 | 150,000,000.00 | |
| 6/4/2024 | BHAVANA SINGH SHRESTHA- | | | 120,000,000.00 |
| 6/4/2024 | MG HERBAL AND INVESTEMENT PVT LTD- | 3029412773 | 120,000,000.00 | |
| 6/9/2024 | BHAVANA SINGH SHRESTHA- | | | 130,000,000.00 |
| 6/9/2024 | M G HERBAL AND INVESTMENT PVT LTD- | 3029412774 | 130,000,000.00 | |
| 6/11/2024 | BHAVANA SINGH SHRESTHA- | | | 140,000,000.00 |
| 6/11/2024 | M G HERBAL AND INVESTMENT PVT LTD- | 3029412775 | 140,000,000.00 | |
| 6/13/2024 | BHAVANA SINGH SHRESTHA- | | | 90,000,000.00 |
| 6/13/2024 | M G HERBAL AND INVESTMENT PVT LTD- | 3029412776 | 90,000,000.00 | |
| 6/16/2024 | BHAVANA SINGH SHRESTHA- | | | 70,000,000.00 |
| 6/16/2024 | M G HERBAL AND INVESTMENT PVT LTD- | 3029412777 | 70,000,000.00 | |
| 6/18/2024 | BHAVANA SINGH SHRESTHA- | | | 130,000,000.00 |
| 6/18/2024 | M G HERBAL AND INVESTMENT PVT LTD- | 3029412778 | 130,000,000.00 | |
| 6/20/2024 | BHAVANA SINGH SHRESTHA- | | | 90,000,000.00 |
| 6/21/2024 | INWCLG UPENDRA MAHATO SUDI- | 3029412779 | 90,000,000.00 | |

| | | | | |
|---|---|---|---|---|
| 7/3/2024 | BHAVANA SINGH SHRESTHA- | | | 80,000,000.00 |
| 7/4/2024 | INWCLG UPENDRA MAHATO SUDI- | 3029412780 | 80,000,000.00 | |

- एनसेल आजीयटा लि. ले स्मार्ट टेलिकम प्रा.लि.लाई प्राप्ती गर्ने उदेश्यका साथ **Due Diligence Audit** (DDA) गर्नको लागि KPMG भारतसँग मम्झौता गरी DDA गरेकोमा सो रिपोर्टमा M G HERBAL AND INVESTMENT PVT LTD को नामबाट देहायको रकम स्मार्ट टेलिकम प्रा.लि.मा लगानी गरेको देखिन्छ।
- सोही प्रतिवेदनमा Other liabilities मा MG Herbal & Investment Pvt. Ltd, Ashad 32, 2079 मा 20 NPR million लगानी भएकोमा MG Herbal & Investment Pvt. Ltd उपेन्द्र महत्तोको कम्पनी रहेको भन्ने बैंकबाट प्राप्त भएको कागजातहरुवाट देखिन्छ।

| **Other liabilities** | | | |
|---|---|---|---|
| **NPR million** | **Ashad 31, 2077** | **Ashad 31, 2078** | **Ashad 32, 2079** |
| **MG Herbal & Investment Pvt. Ltd** | **190** | **270** | **20** |

- Upendra Mahato and a foreign partner Romeo Abdo रहेकोमा स्मार्ट टेलिकम प्रा.लि.को ऋणको किस्ता तिर्नको लागि प्रमुख कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डेले Romeo लाई भेटि किस्ता तिर्नको लागि रकम व्यवस्थापन गरेको।
- उपेन्द्र महतोले Synergy Nepal Private Limited मार्फत् एनसेल (Spice Nepal) मा २०% शेयर रहेको समयमा भुपेन्द्र भण्डारी (जुन १० २००८ बाट जनवरी २० २००८) सम्म सात महिना नायव प्रमुख वित्तीय अधिकृतको रुपमा काम गरेको देखिन्छ।
- **Smart Telecom Burundi (Lacell SU) मा** Alexander Milyavsky of Russia and **Samatha Prasad of Nepal समेतको लगानी रहेकोमा सो कम्पनीमा General manager of Lacell SU Burundi was Bhupendra Bhandari रहेको देखिन्छ।**

- सुरुवाती स्वामित्व र शेयर खरिद-बिक्री: बुरुन्डीको दूरसञ्चार कम्पनी ( Lacell Holding Incorporated (British Virgin Islands) entity linked to Nepali businessmen like Satish Lal Acharya (and his wife Bhawana Singh Shrestha) LaCell SU(Smart Mobile) स्थापना र सञ्चालनको प्रक्रियामा सतिश लाल आचार्यसँग जोडिएका कम्पनीहरूको व्यावसायिक संलग्नता रहेको तथा सन् २००८ को आधिकारिक सरकारी दस्तावेज (Ordonnance Ministérielle)अनुसार **सतिश लाल आचार्य ( सिङ्गापुरका नागरिक) ले 'बिक्रेता' (Vendor) का रूपमा** र **'लासेल होल्डिङ इन्कर्पोरेटेड' (Lacell Holding Incorporated) ले क्रेताका** रूपमा शेयर सम्झौता गरेको देखिन्छ।" सो सम्झौतामा भुपेन्द्र भण्डारीले दस्तखत गरेको समेत देखिन्छ।

**<u>एम जि हर्बल ( उपेन्द्र महत्तो) र सर्बेश जोशी</u>**

| | | | |
|---|---|---|---|
| 1842 | **Time stamp** 01/28/2022 10:09:36 AM (UTC+5:45) | **Direction** Incoming<br>**Type** SMS | **Source** Messages |
| | **From** Atmaram Thapa <+9779851065626><br>**To** Owner | | |
| | **Text** Total paid to mg herbal 12 + 10 =22 crore | | |
| | **Inspector's note** N\A<br>**Inspector's tags** SMS | | |

2475 **Time stamp** 04/11/2022 11:59:51 AM (UTC+5:45) **Direction** Outgoing **Source** Messages
**Type** SMS

**From** Owner
**To** Upendra Mahato <+9779851020690>
**Text** I will call you back

**Inspector's note** N\A
**Inspector's tags** SMS

2476 **Time stamp** 04/11/2022 12:00:17 PM (UTC+5:45) **Direction** Incoming **Source** Messages
**Type** SMS

**From** Upendra Mahato <+9779851020690>
**To** Owner
**Text** Thx

**Inspector's note** N\A
**Inspector's tags** SMS

2477 **Time stamp** 04/11/2022 07:15:09 PM (UTC+5:45) **Direction** Outgoing **Source** Messages
**Type** SMS

**From** Owner
**To** Upendra Mahato <+9779851020690>
**Text** Good evening,

I will let you know by tomorrow 1st half.

**Inspector's note** N\A
**Inspector's tags** SMS

2478 **Time stamp** 04/11/2022 07:33:23 PM (UTC+5:45) **Direction** Incoming **Source** Messages
**Type** SMS

**From** Upendra Mahato <+9779851020690>
**To** Owner
**Text** I didn't bring fund from outside. Bcz u confirmed me. So there is no option now to change. We need that amount tomorrow at any cost.
Pls take it serious.
Thx

**Inspector's note** N\A
**Inspector's tags** SMS

2577 **Time stamp** 04/21/2022 01:08:52 PM (UTC+5:45) **Direction** Outgoing **Source** Messages
**Type** SMS

**From** Owner
**To** Upendra Mahato <+9779851020690>
**Text** Good afternoon, I am following up for the payment. They say they are managing. I will let you know once ready.

**Inspector's note** N\A
**Inspector's tags** SMS

Lazimpat, Kathmandu

Central Investigation Bureau

2578 **Time stamp** 04/21/2022 01:44:32 PM (UTC+5:45) **Direction** Incoming **Source** Messages
**Type** SMS

**From** Upendra Mahato <+9779851020690>
**To** Owner
**Text** Thx

**Inspector's note** N\A
**Inspector's tags** SMS

- **नेपाल दूरसञ्चार प्राधिकरणबाट प्राप्त कागजातहरु, सम्बन्धित पत्राचारको सार सहितको विश्लेषित विवरण:**

- नेपाल दूरसञ्चार प्राधिकरणले स्मार्ट टेलिकमलाई आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र पहिलो पटक नवीकरण गर्न र बक्यौता बुझाउन मिति २०७९/०९/२२ को पत्रमार्फत् जानकारी गराएको, मिति २०७९/१०/०५ मा पुन: पत्र पठाउँदै आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्मको वित्तीय विवरण र बक्यौता रकम तत्काल

बुझाउन निर्देशन दिएको त्यसपछि मिति २०७९/१२/२३ मा पुनः पत्राचार गर्दै थप १५% दस्तुरसहित नवीकरणको आवेदन दिन जानकारी गराएको अन्यथा अनुमतिपत्र स्वतः खारेज हुने व्यहोरा समेत अवगत गराएको देखिन्छ। स्मार्ट टेलिकमले नवीकरण दस्तुरसहितको निवेदन र बक्यौता बुझाउन नसकेपछि दूरसञ्चार ऐन, २०५३ को दफा २५ को उपदफा (५) बमोजिम २०८०/०१/०२ देखि स्मार्ट टेलिकम प्रा लि को अनुमतिपत्र (BTSL-01) स्वतः खारेज भएको देखिन्छ। अनुमतिपत्र खारेज भएपछि "अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९" को नियम १८ बमोजिम स्मार्ट टेलिकमको सम्पूर्ण सम्पत्ति, पूर्वाधार, संरचना र सञ्जाल नेपाल सरकार (प्राधिकरण) को नियन्त्रण र स्वामित्वमा आएको देखिन्छ। स्मार्ट टेलिकम प्रा लि को संचालक समितिको अधिकार नेपाल सरकारमा प्रत्यायोजित भई विशेषगरी स्मार्ट टेलिकम प्रा लि को दूरसञ्चार सेवालाई निरन्तरता दिन र प्राधिकरणले नियन्त्रणमा लिएको सम्पत्ति तथा रेडियो फ्रिक्वेन्सीको व्यवस्थापन गर्नका लागि नियमावलीको नियम ३७ बमोजिम प्राधिकरणका सदस्य गोकर्ण प्रसाद सिटौलाको संयोजकत्वमा व्यवस्थापन समूह गठन गरिएको, जसमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट अनुप नेपाल, अर्थ मन्त्रालयबाट भिम प्रसाद काफ्ले र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट लोकहरी बस्याल प्रतिनिधि तोकिएको देखिन्छ भने स्मार्ट टेलिकम प्रा लि को जग्गा, भवन, यन्त्र, उपकरण, पूर्वाधार र प्रणाली लागायतको सम्पत्तिको मूल्य निर्धारण गर्नका लागि मूल्य निर्धारण समिति गठन हुन निकै ढिलाइ र कठिनाइ भई अन्त्यमा गठन प्रक्रिया अघि बढेकोसम्म देखिन्छ। सो प्रक्रिया अन्तर्गत मिति २०८३/०१/१४ गते मुल्य निर्णाधरण समितिले पूर्णता पाएको देखिन्छ, जसमा राजेश पराजुली संयोजक, सुनिल कुमार सिंह सदस्य, नगेन्द्र कुमार दास सदस्य, प्रविण खरेल सदस्य र हरि कुमार सिलवाल सदस्य भएको सो समितिले सम्पत्ति मुल्याङ्कन प्रतिवेदन पेश गर्ने कार्य बाँकी नै रहेको देखिन्छ।

- सञ्चार मन्त्रालयका प्रतिनिधिको अनुपस्थितिका कारण अर्थ मन्त्रालयका प्रतिनिधि (भिम प्रसाद काफ्ले) र कानून मन्त्रालयका प्रतिनिधि (लोकहरी बस्याल) ले समेत सञ्चार मन्त्रालयको प्रतिनिधिको उपस्थिति नहुने बैठकमा सहभागी हुन मनासिव नहुने भनी इमेलमार्फत् जानकारी गराउदा बैठक नै बस्न नसक्ने अवस्था सिर्जना हुनु, व्यवस्थापन समूहमा मन्त्रालयहरूबाट पठाइएका प्रतिनिधिहरू पटक-पटक परिवर्तन भइरहनु, सदस्यहरुले व्यक्तिगत कारण देखाई राजिनामा दिनु र जिम्मेवारीबाट छुटकारा पाऊँ भनी निवेदन दिनु आदी ईत्यादी कारणहरुबाट व्यवस्थापन समूहले कार्य गर्न सकेको देखिँदैन भने मुल्य निर्धारण समितिका गठनका लागि आवश्यक विज्ञहरू खोज्न प्राधिकरणले मिति २०८०/०१/३१ देखि २०८०/०९/१६ सम्म पाँच पटकभन्दा बढी सार्वजनिक सूचना प्रकाशन गर्दा पनि विज्ञहरू उपलब्ध हुन कठिन भएपछि चार्टर्ड एकाउन्टेन्सीतर्फ भोजराज पाण्डे सिफारिस भए पनि उनले कार्यव्यस्तताका कारण काम गर्न असमर्थता जनाउनु, त्यसपछि पुनः सूचना प्रकाशित गरी हरिकुमार सिलवाल र क्षेत्र गोपाल प्रधानलाई सिफारिस गरिएता पनि मुल्य निर्धारण समिति पूर्ण रुपमा गठन भई काम गर्न सकेको देखिँदैन। व्यवस्थापन समूहको सदस्य सचिव रहेका अम्बर स्थापितले २०८२/०२/०७ मा राजीनामा दिएपछि निर्देशक सन्तोष पौडेललाई सदस्य सचिव तोकीएको, संयोजक गोकर्ण प्रसाद सिटौलाले २०८२/१०/२८ मा जिम्मेवारीबाट छुटकारा माग गरे पनि प्राधिकरणको २०८३/०१/०३ को निर्णयले पुनः उनैलाई कार्य गराउने निर्णय गरेको, प्राधिकरणमा प्राप्त करिब १५० उजुरीहरूले घरधनीहरूले घरभाडा नपाएको, भाडा र विद्युत महसुल नतिरेका कारण नेपाल विद्युत प्राधिकरणले लाइन काट्न ताकेता गरेको, डिलरहरूले कमिसन नपाएको र टावरहरूको मर्मत नहुँदा जोखिम बढेको जस्ता विषयहरू उठेको देखिन्छ।

- ऋणी स्मार्ट टेलिकमका तर्फबाट अध्यक्ष सर्वेश जोशीले २०८२/०५/२० मा स्मार्ट टेलिकमको धितो बिक्रीका लागि सहमति दिएको देखाई नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) को नेतृत्वमा प्राइम कमर्सियल बैंक समेतको सहवित्तीयकरण अन्तर्गत स्मार्ट टेलिकमले लिएको करिब रु. ४ अर्ब २१ करोड बक्यौता ऋण असुलीका लागि बैंकले मिति २०८२/०४/२३ मा ३५ दिने र २०८२/०६/०३ मा १५ दिने लिलामी सूचना प्रकाशित गरेको देखिन्छ। लिलामीमा एनसेल आजियटा लिमिटेडले सर्वाधिक रु. ४ अर्ब ६० करोड, ट्रान्सगेट टेक प्रा. लि. ले रु. ४४ करोड ५० लाख र प्रोफेसनल विजनेश नेटवर्क प्रा. लि. ले रु. ४२ करोड ५० लाख बोलकबोल पेश गरेकामा बैंकको सञ्चालक समितिले २०८२/०६/२० मा एनसेलको बोलपत्र स्वीकृत गरेपछि दूरसञ्चार प्राधिकरणले उक्त सम्पत्ति मूल्याङ्कनको क्रममा रहेको र सरकारी स्वामित्वमा आइसकेको भन्दै उक्त लिलाम कार्य कानूनसम्मत नभएको भनी एनसेललाई निर्देशन दिएको देखिन्छ । मिति २०८३/०४/१५ गते, च.नं. ८६६ को श्रेष्ताको प्रतिलिपि उपलब्ध गराईएको भूमि व्यवस्थापन तथा अभिलेख विभागको पत्रसाथ संलग्न कागजातहरुबाट स्मार्ट टेलिकम प्रा.लि.को नाममा दर्ता कायम जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं.३०, धापाखेल, ४क, स्थित कित्ता नं. ३९२, ३९३, ३९४, ३९५ र ३९० को कुल क्षेत्रफल ११६२.३४ वर्ग मीटर भएको जग्गा र घर समेत कर्जा स्वरुप उक्त सम्पत्ति धितोको रुपमा राख्ने बैंक नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड र प्रस्तुत मुद्दाको क्रममा यस कार्यालयबाट गतेको पत्रबाट रोक्का राखेको देखिन्छ, स्मार्ट टेलिकम सम्बन्धी सम्पत्तिको सुरक्षातर्फ उक्त अचल सम्पत्ति दूर सञ्चार प्राधिकरणबाट रोक्का रहेको देखिन आउदैन।

सम्मानित सर्वोच्च अदालतले रिट निवेदक अमरेश कुमार सिंहको मुद्दामा मिति २०८१/०९/११ गते निर्देशनात्मक आदेश जारी गरेको तर, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) ले स्मार्ट टेलिकमको सम्पत्ति लिलामी प्रक्रिया अघि बढाई मिति २०८२/०६/२० मा बोलपत्र खोलेको - यसरी सर्वोच्चको निर्देशनात्मक आदेश आएको करिब ९ महिना ९ दिनसम्म प्राधिकरणले लिलामी रोक्न प्रभावकारी पूर्व-पहल गरेको देखिँदैन। बैंकले २०८२/०६/२० मा लिलामी सम्पन्न गरी एनसेललाई विजयी घोषणा गरिसकेको अवस्थामा, प्राधिकरणले नेपाल राष्ट्र बैंकलाई स्मार्ट टेलिकमको सम्पत्ति आफ्नो नियन्त्रणमा रहेको जानकारी गराउन मिति २०८२/१२/११ मा मात्र पत्र (च.नं. २५१८) लेखेको देखिन्छ। लिलामी भएको ६ महिना पछि मात्र गरिएको यो पत्राचारले सम्पत्ति सुरक्षामा ढिलाइ भएको पुष्टि गर्छ। एनसेल आजियाटाले लिलाम सकार गरेको सम्पत्ति आफ्नो नेटवर्कमा समावेश गर्न स्वीकृति माग गर्दै प्राधिकरणलाई मिति २०८२/०९/३० मा पत्र पठाएको थियो। प्राधिकरणले सो पत्रको सम्बन्धमा लिलामीलाई गैरकानूनी ठहऱ्याउने निर्णय मिति २०८२/१२/०५ मा मात्र गऱ्यो। एनसेलले पत्र पठाएको २ महिना ५ दिनसम्म प्राधिकरण मौन बसेको देखिन्छ।

बैंकले २०८२/०६/२० मा लिलाम सम्पन्न गरेको थियो, तर प्राधिकरणले उक्त लिलामी र हस्तान्तरण प्रक्रिया कानून सम्मत नभएको भनी मिति २०८२/१२/०५ मा मात्र निर्णय गऱ्यो। यसरी लिलामी प्रक्रिया सकिएको ५ महिना १५ दिन (करिब साढे ५ महिना) पछि मात्र प्राधिकरणले औपचारिक निर्णय लिएको देखिन्छ। निर्णय र पत्राचार बीचको ग्याप: प्राधिकरणले २०८२/१२/०५ मा गरेको निर्णयको जानकारी एनसेललाई मिति २०८२/१२/०९ को पत्र मार्फत् मात्र गराएको देखिन्छ।

नेपाल दूरसञ्चार प्राधिकरणले स्मार्ट टेलिकमको अनुमतिपत्र रद्द (२०८०/०१/०४) गरेपछि सम्पत्ति नियन्त्रण र मूल्याङ्कनको काम करिब २ वर्षसम्म सम्पन्न गर्न सकेन। बैंकले लिलामी प्रक्रिया अघि बढाउँदा समयमै हस्तक्षेप नगर्नु र लिलामी सम्पन्न भएको करिब ६ महिनापछि मात्र त्यसलाई गैरकानूनी घोषणा गर्नु तर सो

विरुद्ध कुनै पनि कानूनी उपचार (Legal Remedy) नगर्नुले प्राधिकरणको काममा ठूलो 'समयग्याप' र उदासीनता देखिएको छ।

निष्कर्षमा मिति २०८०/०१/०४ मा प्राधिकरणले स्मार्ट टेलिकमको अनुमतिपत्र खारेज गरी सम्पत्ति नियन्त्रणमा लिएको तर २०८२ सालको अन्त्यसम्म पनि (करिब २ वर्षसम्म) र हालसम्म पनि उक्त सम्पत्तिको आधिकारिक मूल्याङ्कन सम्पन्न गर्न नसक्नु, स्मार्ट टेलिकम प्रा.लि. व्यवस्थापन तथा संचालनतर्फ पहल कदमी गर्न नसक्नु, एउटा खारेज भइसकेको कम्पनीको सम्पत्ति अर्को कम्पनीले पाउने गरी गरिएको प्रक्रियामा समयमा रोक लगाउन नसक्नु, 'क्रसहोल्डिङ' रेहको अवस्थामा दूरसञ्चार क्षेत्रमा एकाधिकार रोक्न बनेका नियमहरू यस प्रकरणमा निष्प्रभावी बन्नु, आजियाटा र स्पेक्ट्रलाइट बीचको सम्झौतामा "सन् २०२९ सम्म स्मार्ट टेलिकम प्रा.लि.को अनुमतिपत्र नवीकरण भई एनसेलले प्राप्ति गरेमा थप १ करोड डलर दिने" भनी लेखिएको सर्तका बारेमा प्राधिकरण मौन बस्नु, एउटा खारेज भइसकेको कम्पनीको सम्पत्ति अर्को कम्पनीले पाउने गरी गरिएको वैदेशिक सम्झौतामा प्राधिकरणले हस्तक्षेप नगर्नु, प्राधिकरणले उक्त लिलामी प्रक्रियालाई छ महिना पछि गैह्कानूनी घोषणा गरेता पनि सो विरुद्ध कानूनी उपचारमा नजानु देखिएबाट दूर सञ्चार प्राधिकरणको नियमाकीय कमोजोरी देखिन आउँछ।

➢ **नेपाल दूरसञ्चार प्राधिकरणको नियमाकीय क्षेत्राधिकार:**

दूरसञ्चार प्राधिकरणको अध्यक्ष पूर्णकालीन कार्यकारी प्रमुख (CEO) को रूपमा रहने व्यवस्था छ। दूरसञ्चार ऐन, २०५३ को दफा १३, १५, १६ र १७ तथा दूरसञ्चार नियमावली, २०५४ को नियम ४ बमोजिम अध्यक्षको मुख्य क्षेत्राधिकार र जिम्मेवारीहरू निम्नानुसार रहेका छन्:

- **नीतिगत सुझाव:** सरकारलाई दूरसञ्चार विकास नीति, योजना र कार्यक्रमहरूमा सुझाव दिने।
- **गुणस्तर सुनिश्चितता:** दूरसञ्चार सेवालाई भरपर्दो, सर्वसुलभ र गुणस्तरीय बनाउने।
- **अनुमतिपत्र व्यवस्थापन:** लाइसेन्स जारी गर्ने, नवीकरण गर्ने, नियमन गर्ने र अनुगमन गर्ने।
- **स्रोत व्यवस्थापन:** स्पेक्ट्रम (फ्रिक्वेन्सी) व्यवस्थापन र नयाँ प्रविधिको अनुसन्धान गर्ने।
- **निर्देशन र नियन्त्रण:** सेवा प्रदायकहरूलाई आवश्यक निर्देशन जारी गर्ने (दफा १५) र तिनीहरूको गतिविधिको निरीक्षण वा अनुसन्धान गर्ने (दफा १७)।
- **सम्पत्ति व्यवस्थापन:** अनुमतिपत्र रद्द भएका सेवा प्रदायकको सम्पत्ति नियन्त्रणमा लिई त्यसको सुरक्षा, मूल्याङ्कन र व्यवस्थापन गर्ने (सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १८ र ३७ बमोजिम)

➢ **स्वार्थको द्वन्द्व (Conflict of Interest) र पूर्व सम्बन्ध:**

- भुपेन्द्र भण्डारीले विगतमा सतिश लाल आचार्यसँग सम्बन्धित अफ्रिकी मुलुकका दूरसञ्चार कम्पनीहरू (बुरुन्डीको 'Smart Mobile' र सिएरा लियोनको 'Intergroup Telecom') मा CEO को रूपमा काम गरेका थिए।
- निजको नबिल बैंकको व्यक्तिगत खातामा सतिश लाल आचार्य र उपेन्द्र महतोको समूहसँग सम्बन्धित 'Timeturns Holdings' बाट रकम जम्मा भएको देखिएको छ, जुन तथ्य निजले मन्त्रालयमा बुझाएको विवरणमा लुकाएका थिए।
- यसले भुपेन्द्र भण्डारी र एनसेलका हालका मालिक सतिश लाल आचार्यबीच लामो समयदेखि व्यावसायिक र आर्थिक सम्बन्ध रहेको पुष्टि गर्दछ।

- **सरकारी सम्पत्तिको सुरक्षा र व्यवस्थापनमा उदासिनता:**

- स्मार्ट टेलिकमको अनुमतिपत्र २०८०/०१/०२ मा रद्द भएपछि दूरसञ्चार ऐनको दफा ३३ अनुसार यसको सम्पूर्ण सम्पत्ति स्वतः नेपाल सरकारको स्वामित्वमा आउनुपर्ने थियो (तर, भुपेन्द्र भण्डारीले प्राधिकरणको अध्यक्षको हैसियतमा ती सम्पत्तिहरूको सुरक्षाका लागि कुनै ठोस प्रबन्ध गरेनन्)
- प्राधिकरणले सम्पत्तिको आधिकारिक मूल्याङ्कन गर्ने कार्यलाई करिब २ वर्षसम्म अल्झाइराख्यो, जसले गर्दा बैंकलाई मिलेमतोमा लिलामी प्रक्रिया अघि बढाउन सहज भयो।

- **गैरकानूनी लिलामी प्रक्रियामा मौन समर्थन:**

- नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले २०८२/०६/०३ मा लिलामीको सूचना निकाल्दा र २०८२/०६/२० मा एनसेललाई लिलामी सुम्पिँदा भण्डारी नेतृत्वको प्राधिकरण मौन बस्यो।
- लिलामी भएको ६ महिनापछि मात्र (२०८२/१२/०५ मा) प्राधिकरणले उक्त कार्य गैरकानूनी भएको निर्णय गर्‍यो, तर सो निर्णय विरुद्ध कुनै पनि अदालतमा रिट वा अनुसन्धान गर्ने निकायमा जाहेरी दिएन।
- एनसेलले लिलामीको सम्पत्ति आफ्नो नेटवर्कमा जोड्न स्वीकृति माग्दा समेत प्राधिकरणले ६५ दिनसम्म कुनै जवाफ नदिई मौन रहनुले मिलेमतोको शंकालाई बल पुर्‍याएको छ।

- **क्रसहोल्डिङ र 'SPA' सर्तहरूमा बेवास्ता:**

- एनसेल र स्मार्ट टेलिकमका शेयरधनीहरूबीच अवैध 'क्रसहोल्डिङ' रहेको र एनसेलको शेयर खरिद-बिक्री सम्झौता (SPA) मा स्मार्ट टेलिकम प्राप्ति गरेमा थप १ करोड डलर दिने सर्त हुँदा समेत भुपेन्द्र भण्डारीले कुनै कानूनी कारबाही चलाएनन्।

प्राधिकरणले आफ्नो नियन्त्रणमा आइसकेको अर्बौंको सरकारी सम्पत्ति बैंकले लिलामी गर्दा रोक्न प्रभावकारी कदम नचाल्नु र लिलामी सम्पन्न भइसकेपछि मात्र औपचारिकताका लागि "गैरकानूनी" घोषणा गर्नुले राज्यलाई ठूलो हानी पुर्‍याएको देखिन्छ। भुपेन्द्र भण्डारीको कार्यकालमा भएका यी गतिविधिहरूले उनी **स्वार्थ समूह (आचार्य परिवार) को लाभका लागि** योजनाबद्ध रूपमा कार्य गरिरहेको देखिन्छ।

फौजदारी अपराध संहिता, २०७४ को दफा २५२ बमोजिम कुनै संस्थाको सम्पत्ति सुरक्षित राख्ने कानूनी कर्तव्य भएको व्यक्तिले आपराधिक विश्वासघात गरेमा कारबाही हुने व्यवस्था छ। भण्डारीले सरकारी सम्पत्तिको रक्षा गर्नुको सट्टा निजी क्षेत्रको स्वार्थमा प्रयोग हुन दिएको देखिन्छ। सरकारी संयन्त्र र व्यवस्थापन समूह मूल्य निर्धारणमा अल्झिरहेको बेला एनसेलले ४ अर्ब ६० करोडमा सरकारी हक भएको सम्पत्ति सकार गर्नुमा भण्डारीको **"बदनियतपूर्ण मौनता"** जिम्मेवार देखिन्छ।

- **खुमनाथ अधिकारी, नरेन्द्र उलक र प्रोफेसनल बिजनेस नेटवर्क प्रा.लि. बीच घुमेको रकम सम्बन्धमा बुझिएका बैंकका कर्मचारीहरुको कागज:** बैंकका कर्मचारीहरूको कागज अनुसार, उनीहरूले स्मार्ट टेलिकम प्रा.लि.सँग सम्बन्धित लिलामी तथा वित्तीय कारोबारबारे प्रत्यक्ष संलग्नता वा विस्तृत जानकारी नभएको, कास्कीका बैंक अधिकृत **निरज श्रेष्ठले** खुमनाथ अधिकारी र नरेन्द्र उलकबीच भएको रु. ४ करोड २५ लाखको चेक तथा त्यसको बैंकिङ ट्रान्सफर देखिए पनि उक्त कारोबार शंकास्पद नलागेको र यसको STR/TTR/SAR रिपोर्टिङ बैंकको मुख्यालय वा कम्प्लायन्स शाखाको जिम्मेवारी भएको बताएका छन्। NIBL, दरबारमार्ग, काठमाडौंकी बैंक **कर्मचारी वर्षा अधिकारी पोखरेलले** सोही चेकको प्रोसेसिङ, डेबिट–क्रेडिट इन्ट्री र खातामा ट्रान्सफर गर्ने काम आफूले गरे पनि रकमको उद्देश्य वा लिलामी प्रक्रियासँगको सम्बन्धबारे जानकारी नभएको

उल्लेख गरेकी छन् । कनिष्ठ सहायक **संगीत कतिलाले** पनि सोही कारोबार सिस्टममा इन्ट्री गरेको तर यसलाई शंकास्पद नठानेको र रिपोर्टिङ प्रक्रिया प्रधान कार्यालयबाट हुने बताएका छन् । अर्की बैंक कर्मचारी **एलिशा अधिकारीले** चेक रुजु, इन्ट्री र पास गर्ने काम गरेको तर रकम लिलामी वा ठगीसँग सम्बन्धित भएको जानकारी नभएको बताएकी छन् । समग्रमा, बैंक कर्मचारीहरूले उक्त कारोबार चेक तथा भौचरमार्फत् भएको, रकम खुमनाथ अधिकारी, नरेन्द्र उलक र प्रोफेसनल बिजनेस नेटवर्क प्रा.लि.बीच घुमेको देखिए पनि आफूहरूलाई यसको वास्तविक उद्देश्य, मिलेमतो वा लिलामी प्रक्रियासँगको सम्बन्धबारे जानकारी नभएको र रिपोर्टिङ तथा निर्णय गर्ने जिम्मेवारी उच्च तह वा कम्प्लायन्स शाखाको भएको व्यहोरा खुलाई लेखाई दिएका छन् ।

- **बोलपत्रमा भाग लिनका लागि फाराम भर्ने कालु गुरुङका कागज:** नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको लिलामी सूचना देखेर लिलामीमा भाग लिनका लागि बोलपत्रमा भाग लिनका लागि फाराम लिएको तर सम्पत्ति विवाद, ठूलो रकम आवश्यक पर्ने अवस्था तथा आर्थिक क्षमता नभएकाले बोलपत्र पेश नगरेको भन्ने व्यहोरा खुलाई लेखाई दिएको देखिन्छ ।
- **सरिना तारा तुलाधरले गरीदिएको कागज:** ३ वर्षदेखि सञ्चालकको रूपमा कार्यरत उनी कार्यालयमा नियमित उपस्थित नहुने, कुनै तलब पनि नलिने, स्मार्ट टेलिकमको लिलामी प्रक्रियामा आफ्नो कम्पनीको तर्फबाट सहभागी हुने निर्णय भएपछि उनले रु. ४४ करोड ५० लाखको बोलपत्र फाराममा हस्ताक्षर गरेकी, बोलपत्रको धरौटी रकम पुऱ्याउन अर्का सञ्चालक पलिना श्रेष्ठको अनुरोधमा उनले आफ्नो पुर्ख्यौली जग्गा बिक्री र भाडाबाट आर्जित व्यक्तिगत रु. १ करोड रकम दुईवटा चेक मार्फत् उपलब्ध गराएकी, हिमालयन बैंकबाट जारी तीनमध्ये दुईवटा 'गुड फर पेमेन्ट' चेकमा हस्ताक्षर गरे पनि तेस्रो चेकको समयमा आफू बैंकक रहेकाले हस्ताक्षर नगरेको, धरौटी फिर्ता भएको जानकारी पाए पनि एनसेलको बोलपत्र स्वीकृत भएको वा अन्य प्रतिस्पर्धीहरूबारे आफूलाई थाहा नभएको खुलाई लेखाई दिएकी छन् ।
- **स्मार्ट टेलिकम प्रा लि को सम्पत्ति व्यबस्थापन समूह र मुल्य निर्धारण समितिका पदाधिकारीहरुको कागज:** स्मार्ट टेलिकम प्रा.लि. को अनुमतिपत्र (BTSL-01) नवीकरण दस्तुर र बक्यौता बुझाउन नसकेका कारण दूरसञ्चार ऐन, २०५३ बमोजिम २०८०/०१/०२ देखि स्वतः खारेज भएपछि उक्त कम्पनीको सम्पूर्ण सम्पत्ति, पूर्वाधार र संरचना नेपाल सरकार (प्राधिकरण) को नियन्त्रण र स्वामित्वमा आएको, सम्पत्तिको व्यवस्थापन र दूरसञ्चार सेवाको निरन्तरताका लागि प्राधिकरणका सदस्य गोकर्ण प्रसाद सिटौलाको संयोजकत्वमा सञ्चार, अर्थ र कानून मन्त्रालयका प्रतिनिधिहरू सम्मिलित एक व्यवस्थापन समूह गठन गरिएको भए तापनि प्राविधिक उपसचिव **रोशन प्रसाद प्रधानाङ्ग** र अन्य सदस्यहरूको कागज अनुसार, उक्त समूहको बैठक र निर्णय प्रक्रिया प्रभावकारी हुन नसकेको; निजले आफ्नो कार्यकालमा कुनै बैठक नभएको र सरकारी स्वामित्वको सम्पत्ति तेस्रो पक्षले बेचबिखन गर्न नमिल्ने तथ्य उल्लेख गरेका छन् । समुहकी अर्की प्रतिनिधि **निर्मला थापाले** २०८१/१२/०३ मा जिम्मेवारी सम्हालेपछि मात्र एउटा बैठक बसेको र स्मार्ट टेलिकमको सम्पत्ति एनसेलले लिलाम सकार गरेको विषयलाई नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB), स्मार्ट टेलिकम र एनसेलबीचको पूर्वयोजनाबद्ध र संगठित गैरकानूनी मिलेमतो भनी टिप्पणी गरेकी छन् । यता, मूल्य निर्धारण समितिका सदस्य **हरि कुमार सिलवालका** अनुसार २०८२/०६/३१ मा मात्र परिचयात्मक बैठक बसेको र सदस्यहरूको राजीनामाका कारण कुनै ठोस कार्य हुन नसकेको अवस्थामा नै बैंकले लिलामी प्रक्रिया अघि बढाएको खुलाई दिएको, सरकारी संयन्त्र र व्यवस्थापन समूह मूल्य निर्धारण र सम्पत्ति संरक्षणमा अल्झिरहेको

बेला २०८२/०६/२० मा एनसेलले ४ अर्ब ६० करोडमा सम्पत्ति सकार गर्नु गैरकानूनी रहेको र यसमा संलग्नलाई कारबाही हुनुपर्ने माग उल्लेखित सदस्यहरूले गरेका छन्।

- **नेपाल दूरसञ्चार प्राधिकरणका साविक बोर्ड सदस्य तथा स्मार्ट टेलिकम जस्ता अनुमतिपत्र बहाल नरहेका सेवा प्रदायकको सञ्चालन र फ्रिक्वेन्सी व्यवस्थापनका लागि गठित व्यवस्थापन समूहको संयोजक गोकर्ण प्रसाद सिटौलाको कागज:** स्मार्ट टेलिकमको न्यून ग्राहक आधार र अर्बौंको पुराना बक्यौता दायित्वका कारण सरकारले यसलाई सञ्चालन गर्नु उपयुक्त नरहेको उल्लेख गरेका छन् तर सञ्चार मन्त्रालयका प्रतिनिधिको अनुपस्थितिका कारण उक्त समूहको बैठक बस्न नसकी औपचारिक निर्णय हुन नसकेको स्पष्ट पारेका छन्।
- **स्मार्ट टेलिकम प्रा.लि.ले PCBL बाट प्राप्त गरेको कर्जा सम्बन्धमा प्राइम कमर्सियल बैंकका सहायक प्रबन्धक अनुज मानन्धरले गरेको कागज:** सन् २०११ देखि बैंकको कर्जा शाखामा कार्यरत रहँदा स्मार्ट टेलिकमलाई प्रवाह गरिएको कर्जा सम्बन्धमा २८ अगष्ट २०१७ मा बैंकको बोर्डबाट सैद्धान्तिक सहमति लिएर १० अक्टोबर २०१७ मा स्मार्ट टेलिकमलाई आवधिक कर्जा, प्रतित पत्र र बैंक ग्यारेन्टी गरी जम्मा रु. १.५ अर्ब कर्जा प्रदान गर्ने निर्णय भएको थियो। उक्त कर्जाको व्यक्तिगत जमानी स्मार्टका अध्यक्ष सर्वेश जोशीले दिएका थिए र कर्जाको साँवा ब्याज भुक्तानी नभएपछि लिड बैंकको भूमिकामा रहेको नेपाल इन्भेष्टमेण्ट मेगा बैंकलाई पटक-पटक पत्राचार गरिएको थियो। ६ जनवरी २०२३ को कन्सोर्टियम बैठकमा अध्यक्ष सर्वेश जोशीले कम्पनीको अनुमतिपत्र खारेज नभएको र एनसेलसँग मर्जरको प्रक्रिया अघि बढेको तथा केपीएमजी (KPMG) मार्फत् 'फाइनल डिडिए' (Final DDA) भइरहेको दावी गरेका थिए। ६ अगष्ट २०२५ मा बसेको अर्को बैठकले कर्जा असुलीका लागि ३५ दिने र १५ दिने सार्वजनिक सूचना निकाल्ने तथा लिड बैंकलाई सम्पूर्ण अख्तियारी दिने निर्णय गरेको भए तापनि मानन्धरका अनुसार लिलामी सूचनामा रु. ४० करोडको दायित्व (घरभाडा र विद्युत महसुल) थप गर्ने सम्बन्धमा कन्सोर्टियम बैठकमा कुनै निर्णय भएको थिएन। लिड बैंकले लिलामीपूर्व सम्पत्तिको मूल्याङ्कन गरे/नगरेको वा दूरसञ्चार प्राधिकरणको स्वीकृति लिए/नलिएको विषयमा प्राइम बैंकलाई कुनै जानकारी नदिइएको र बैंकले २०८१/०४/०८ मा प्राधिकरणलाई पत्र लेख्दै स्मार्ट टेलिकमको रु. २५ करोड ९२ लाख २५ हजार ६७४/७४ बक्यौता रहेको जानकारी गराएको थियो। मानन्धरले एनसेलसँगको कुनै पूर्व-नियोजित 'सेटिङ' वा बोलपत्रदाताको योग्यता परीक्षणबारे आफूलाई जानकारी नभएको बताए पनि लिलामी प्रक्रिया सम्पन्न भएपश्चात् प्राइम कमर्सियल बैंकको सम्पूर्ण कर्जा रकम लिड बैंकबाट प्राप्त भई चुक्ता भइसकेको तथ्य स्पष्ट पारेका छन्।
- **4th July, 2025, 623rd को र 6th Oct, 2025 626th NIMB निर्णय सम्बन्धमा मदन कुमार आचार्यले गरेको कागज:** स्मार्ट टेलिकमको सम्पत्ति लिलामी प्रक्रियाका केही विवादास्पद निर्णयहरूमा आफ्नो असहमति जनाएका उनले बैंकको ६२३औँ सञ्चालक समितिको बैठकमा एनसेल आजियाटा लिमिटेडलाई मात्र लक्षित गरी धितो खरिदबारे सोधपुछ गर्ने र सोही आधारमा लिलामी प्रक्रिया अघि बढाउने निर्णय कानून सम्मत नभएको भनी उक्त माइन्युटमा हस्ताक्षर गर्न अस्वीकार गरेका, एनसेलको बोलपत्र स्वीकृत गर्ने ६२६औँ बैठकमा उनी अनुपस्थित भई अघिल्लो निर्णय नसच्चिएका कारण त्यसमा पनि हस्ताक्षर नगरेको खुलाई लेखाई दिएका छन्।

- **NIMB, COM/POLICE/१००३७/०८२/०८३ को पत्रसाथ प्राप्त 4th July, 2025 (तदनुसार वि.सं. २०८२।०३।२०) को 623rd को र 6th Oct, 2025 (तदनुसार वि.सं. २०८२।०६।२०) को 626th सम्बन्धमा शालिकराम बेलबासे र कवि कुमार टिवरेवालले गरीदिएको घटना विवरण कागजः** शालिकराम बेलबासेले ६२३ औँ सञ्चालक समितिको बैठकमा "स्मार्ट टेलिकमको सम्पत्ति एनसेल आजियाटा प्रा.लि.ले खरिद गर्न इच्छुक रहे नरहेको सम्बन्धमा कुरा गर्नु भनी सञ्चालक समितिले सल्लाह दिएको" भनी स्वीकार गरेका छन् भने टिवरेवालाले पनि "स्मार्ट टेलिकमको सम्पत्ति खरिद गर्न एनसेल इच्छुक छ भने कुरा गरेर लिलामी प्रक्रियामा भाग लिन अनुरोध गर्नु भनिएको" भनी उल्लेख गरेका छन्। यी भनाइहरूले लिलामीको सार्वजनिक सूचना निस्कनुभन्दा अगावै बैंकले एनसेललाई मात्र लक्षित गरी लिलामीको "सेटिङ" गरेको र दूरसञ्चार ऐनको दफा ३३ बमोजिम स्वतः नेपाल सरकारको स्वामित्वमा आइसकेको अर्बौंको सम्पत्तिलाई नियामक निकायको अनुमतिबिना गैरकानूनी रूपमा निजी क्षेत्रलाई सुम्पने योजनाबद्ध प्रपञ्च गरिएको तथ्यलाई प्रमाणित गर्दछन्। साथै, उनीहरूले व्यवस्थापनले घरभाडा बापतको रु. ४० करोड छुट्टै खातामा राखेको जानकारी दिएको बताए तापनि सो रकम जाहेरवाला उषा प्रधान लगायतका पीडितहरूलाई भुक्तानी नगरी ठगी गरिएको विषयले प्रस्तुत मुद्दामा आरोपित सङ्गठित अपराध र आपराधिक विश्वासघातको पुष्टि गर्दछ।
- **NIMB, LRC, NIMB/LRC/005/FY 2082/83 को सन् ६ अक्टोबर, २०२५ सम्बन्धमा अमित श्रेष्ठ गरीदिएको कागजः** नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) का पूर्व नायव महाप्रबन्धक र कर्जा असुली विभागका प्रमुख निजले स्मार्ट टेलिकमको ऋण असुली प्रक्रियामा ऋण असुली समिति (LRC) को सदस्य सचिवका रूपमा काम गरेको, सन् ६ अक्टोबर २०२५ मा सम्पन्न समितिको बैठकमा एनसेल आजियाटा लिमिटेडको सबैभन्दा उच्च बोलपत्र (Bid) स्वीकृतिका लागि सञ्चालक समितिलाई सिफारिस गर्ने निर्णयमा हस्ताक्षर गरेको र स्मार्ट टेलिकमको लिलामी गर्नुअघि सम्पत्तिको छुट्टै मूल्याङ्कन नगरिएको र वासलात (Balance Sheet) मा उल्लेखित मूल्यलाई नै बजार मूल्यको आधार मानिएको स्वीकार गरेका, योग्यता परीक्षण नगरिएको र घरबहाल तथा विद्युत महसुल बापतको ४० करोड रुपैयाँ कुनै ऐन नियमभन्दा पनि ऋणीको जानकारीका आधारमा बोलपत्रमा समावेश गरिएको खुलाई लेखाई दिएका छन्।
- **रकम layering सम्बन्धमा अर्जुन प्रसाद शर्माले गरेको कागजः** घरजग्गा व्यवसायी तथा संयुक्त राष्ट्रसंघीय नियोग (UNMIN) का पूर्व कन्सल्टेन्ट स्मार्ट टेलिकम र एनसेलसँग सम्बन्धित शंकास्पद वित्तीय कारोबारमा सचिनलाल आचार्यमार्फत् अनुपमान तुलाधरको खाताबाट आफ्नो घर निर्माण र अमेरिकी लगानीकर्ता भित्राउने प्रयोजनका लागि १ करोड रुपैयाँ लिएको स्वीकार गरेका यद्यपि, उनले अनुपमान तुलाधरको खातामा ११ करोड जम्मा गरेको कुरालाई अस्वीकार गर्दै सर्वेश जोशीको लुम्बिनी विकास बैंकको खातामा विभिन्न मितिमा ब्याजसहित २ करोड ८ लाख रुपैयाँ फिर्ता गरेको खुलाई लेखाई दिएको साथै उनको खाताबाट सर्वेश जोशीको खातामा भएका विभिन्न कारोबारहरूलाई शंकास्पद मानेको व्यहोरा खुलाई देखाई दिएको देखिन्छ।
- **सन् January 06, 2023, PCBL, Minutes of consortium metting on smart Telecom pvt Ltd सम्बन्धमा नेपाल भुषण श्रेष्ठले गरीदिएको कागजः** प्राइम कमर्सियल बैंक लिमिटेड (PCBL) का कायम मुकायम महाप्रबन्धक र कर्पोरेट कर्जा विभाग प्रमुख निजले स्मार्ट टेलिकमलाई ऋण प्रवाह गर्ने सहवित्तीयकरण (Consortium) मा आफ्नो बैंकको तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह गरेको, सन् २०२३ जनवरी ६ को बैठकमा सहभागी भई स्मार्ट टेलिकमका अध्यक्ष सर्वेश जोशीबाट एनसेलसँगको मर्जर प्रक्रियाबारे

जानकारी लिएका थिए भने सन् २०२५ अगस्ट ६ को बैठकमा ३५ दिने र १५ दिने लिलामी सूचना प्रकाशित गर्ने निर्णयमा समेत हस्ताक्षर गरेको, लिलामी अघि सम्पत्तिको छुट्टै मूल्याङ्कन नगरिएको र वासलात (Balance Sheet) को आधारमा नै लिलामी प्रक्रिया अघि बढाइएको स्वीकार गरेका गरेको, उनले लिलामी सूचनामा घरभाडा र विद्युत महसुल बापतको ४० करोडको दायित्व समावेश गर्ने निर्णयबारे आफू अनभिज्ञ रहेको र एनसेललाई मात्र लक्षित गरी गरिएको भनिएको "सेटिङ" वा पूर्व-निर्देशनबारे कुनै जानकारी नभएको भनी खुलाई लेखाई दिएका छन्।

- **August 06, 2025 मा भएको Consortium Meeting Minute Smart Telecom Ltd का सम्बन्धमा शेखर थापाले गरीदिएको कागज:** नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) का पूर्व वरिष्ठ प्रबन्धक तथा इन्फ्रा एण्ड कन्सोर्टियम युनिटका प्रमुखमा सन् २०१४ देखि २०२५ अगस्ट २१ (तदनुसार २०८२ भदौ ५ गते) सम्म बैंकमा सेवा गरेका निजले ६ अगस्ट २०२५ मा सम्पन्न सहवित्तीयकरण (Consortium) बैठकमा बैंकको तर्फबाट प्रतिनिधित्व गर्दै स्मार्ट टेलिकमको कर्जालाई गैर-निष्पादित सम्पत्ति (NPA) मा वर्गीकरण गर्ने र ऋण असुलीका लागि ३५ दिने तथा १५ दिने लिलामी सूचना प्रकाशित गर्ने प्रक्रियाको थालनी गरेको, उक्त बैठकमा घरभाडा र विद्युत महसुल बापतको ४० करोड रुपैयाँको दायित्व लिलामी सूचनामा समावेश गर्ने सम्बन्धमा कुनै निर्णय नभएको खुलाई लेखाई दिएका छन्।
- **सन् August 06, 2025 मा भएको Consortium Meeting Minute Smart Telecom Ltd सम्बन्धमा प्रमोद आचार्यले गरीदिएको कागज:** नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) का वरिष्ठ प्रबन्धक तथा कर्पोरेट युनिटका प्रमुख निजले सन् ६ अगस्ट २०२५ मा सम्पन्न सहवित्तीयकरण (Consortium) बैठकमा बैंकको तर्फबाट प्रतिनिधित्व गर्दै स्मार्ट टेलिकमको ऋण असुलीका लागि ३५ दिने र १५ दिने लिलामी सूचना प्रकाशित गर्ने निर्णयमा हस्ताक्षर गरेका, स्मार्ट टेलिकमलाई कर्जा प्रवाह गर्ने सुरुवाती समयमा आफू अर्कै बैंकमा कार्यरत रहेको र लिलामी प्रक्रियामा मात्र आफ्नो संलग्नता रहेको, उनले लिलामी अघि सम्पत्तिको मूल्याङ्कन भए नभएको, बोलपत्रदाताहरूको योग्यता परीक्षण र एनसेललाई मात्र लक्षित गरी गरिएको भनिएको कुनै पनि "सेटिङ" बारे आफू अनभिज्ञ रहेको दावी गरेका साथै लिलामी सूचनामा घरभाडा र विद्युत महसुल बापत उल्लेख गरिएको ४० करोड रुपैयाँ ऋणी सर्वेश जोशीले दिएको मौखिक जानकारीका आधारमा समावेश गरिएको हो र उक्त रकम हालसम्म कसैले आधिकारिक दावी नगरेकाले बैंकमा नै सुरक्षित रहेको उनले जिकिर गरेका छन्।
- **स्मार्ट टेलिकमका तत्कालीन लेखा प्रबन्धक आत्माराम थापाले गरीदिएको कागज:** निजले स्मार्ट टेलिकम प्रा लि को वित्तीय परिचालन, ऋण व्यवस्थापन र स्वामित्वका भित्री पाटाहरू खुलासा गरेका छन्, जसमा उनले टावर भाडा र विद्युत् महसुल तिर्न १७१ पटकसम्म ठूलो परिमाणमा नगद निकालिएको, एनसेलसँग मर्जरको योजना र ड्यु डिलिजेन्स अडिट (DDA) प्रक्रिया अघि बढेको तथा अजय सुमार्गीको नेपाल स्याटेलाइटबाट प्राप्त रकम बैंकको ऋण तिर्न प्रयोग गरिएको जानकारी दिएका छन्। सचिनलाल आचार्यको आग्रहमा सुनिभेरा क्यापिटल भेन्चर्स स्थापनाका लागि साक्षी बसेको र सर्वेश जोशी स्मार्ट टेलिकमको २० प्रतिशत शेयरको वास्तविक धनी नभई 'कागजी धनी' मात्र भएको उल्लेख गर्दै कम्पनीमा 'स्क्वायर स्टार इन्क' र सतिशलाल आचार्यको अर्बौंको वैदेशिक ऋण अझै भुक्तानी हुन बाँकी रहेको साथै उनले एनसेल र बैंकबीचको लिलामी 'सेटिङ' र डमी कम्पनीहरूको संलग्नताका विषयमा सामाजिक सञ्जालमार्फत् जानकारी पाएको र

आफूले तलब तथा सञ्चय कोष बापतको करिब २८ लाख रुपैयाँ लिन बाँकी रहेको समेत खुलाई लेखाई दिएका छन्।

- **स्मार्ट टेलिकम प्रा.लि.का सेल्स र मार्केटिङ साविक कर्मचारी तर्कराज भट्टले गरीदिएको कागज:** कम्पनीका अध्यक्ष सर्वेश जोशीको निर्देशनमा राजनीतिक र प्रशासनिक पहुँचका लागि समन्वयकारी भूमिका निर्वाह गरेको सम्बन्धमा उनले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाका स्वकीय सचिवको सम्पर्क नम्बर सर्वेश जोशीलाई उपलब्ध गराएको, प्रधानमन्त्री कार्यालयमा कार्यरत आफ्ना चिनजानका व्यक्तिहरू र आफ्नै काका (उपसचिव) मार्फत् मन्त्रिपरिषद्को बैठक र लाइसेन्स नवीकरणको फाइलका सम्बन्धमा गोप्य सूचनाहरू संकलन गरी सर्वेश जोशीलाई म्यासेजमार्फत् जानकारी गराएको, यसका अतिरिक्त उनले विमानस्थलको काउन्टर भाडा भुक्तानीका लागि आफ्नो बैंक खाता प्रयोग गरी वित्तीय सहजीकरण गरेको, वितरकहरूसँगको बैठक व्यवस्थापन गरेको र सर्वेश जोशीको राष्ट्रिय परिचयपत्र निर्माण तथा कार्यालयको घरभाडा समस्या समाधानका लागि प्रशासनिक र वडा तहमा सम्पर्क सूत्रका रूपमा काम गरेको खुलाई लेखाई दिदै सर्वेश जोशीबाट विभिन्न समयमा ५० हजारदेखि ९ लाख रुपैयाँसम्मको नगद तथा बैंक भुक्तानी प्राप्त गरेको स्वीकार गरे तापनि कतिपय ठूला कारोबारको वास्तविक प्रयोजन खुलाउन सकेको देखिदैन।
- **सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका पूर्व सचिव बैकुण्ठ अर्यालले गरीदिएको कागज:** स्मार्ट टेलिकम प्रा.लि.ले नेपाल सरकारलाई बुझाउनुपर्ने राजस्व र नेपाल दूरसञ्चार प्राधिकरणलाई बुझाउनुपर्ने रोयल्टी दस्तुर लगायतका रकमहरू लामो समयदेखि नबुझाएको, निज सञ्चार मन्त्रालय जानुअघि नै सरकारले तीन पटकसम्म "अन्तिम पटक" भन्दै रकम बुझाउने म्याद थप गरिसकेकोमा उक्त थपिएको अन्तिम म्याद पनि सकिन लागेको अवस्थामा स्मार्ट टेलिकमको तर्फबाट पुनः म्याद थपका लागि बारम्बार मौखिक अनुरोधहरूलाई "रकम नबुझाईकन कुनै पनि हालतमा म्याद थप गर्न सकिँदैन" भन्ने अडान राखेको, म्याद थप सम्बन्धी प्रस्ताव मन्त्रालयको सचिवको हैसियतले मन्त्रिपरिषद्मा लैजानुपर्ने भएकाले, सोही विषयमा स्पष्ट पार्न उनले स्मार्ट टेलिकमका अध्यक्ष सर्वेश जोशीसँग रेडिसन होटल र मन्त्रालयमा भेट गरेको, पटक-पटक म्याद थप हुँदा पनि कम्पनीले एक रुपैयाँ पनि नबुझाएको अवस्थामा पुनः म्याद थप गर्न आएका मौखिक अनुरोधहरूलाई उनले पटक-पटक इन्कार गरेको, अन्ततः रकम नबुझाएकै कारण म्याद थप नभई २०८० साल वैशाख ३ गते स्मार्ट टेलिकमको अनुमतिपत्र खारेज भएको भनी खुलाई लेखाई दिदै नेपाल सरकारको स्वामित्वमा आएको र सरकारको अनुमति बिना सम्पत्ति लिलाम गर्नु कानुन सम्मत नभएको बताएका छन्। साथै, एनसेलको ८० प्रतिशत शेयर आजियाटा ग्रुपले स्पेक्ट्रलाइट यूकेलाई अस्वाभाविक रूपमा कम मूल्यमा बिक्री गरेको विषयमा सरकारले टंकमणि शर्माको संयोजकत्वमा छानबिन समिति गठन गरेको र सो प्रतिवेदन कार्यान्वयनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय पठाइएको जानकारी सहितको व्यहोरा लेखाई दिएका छन्।
- **स्मार्ट टेलिकमको कर्जा असुली र लिलामी प्रक्रिया सम्बन्धमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत (Senior DCEO) महेश शर्मा ढकालले गरीदिएको कागज:** बैंकको निर्देशिका र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नै प्रक्रियागत कर्जा असुली र लिलाम भएको, उनी बैंकमा कार्यरत हुनुभन्दा अगाडि नै कर्जा प्रवाह भएकाले सो प्रक्रियामा आफ्नो संलग्नता नरहेको तर ऋण असुली समिति (LRC) को सदस्यका रूपमा ६ अक्टोबर २०२५ को बैठकमा सहभागी भई एनसेल आजियाटा लिमिटेडको सर्वाधिक ४ अर्ब ६० करोडको बोलपत्रलाई स्वीकृतिका लागि सिफारिस गरेको स्वीकार गरेका छन्

। सम्पत्तिको छुट्टै मूल्याङ्कन नगरिएको सन्दर्भमा उनले ती सामान बैंककै प्रतित पत्र (LC) मार्फत् आएको, बैंकले ती उपकरणको बिमा गरेको र दुर्गम स्थानमा रहेका टावरहरूको भौतिक मूल्याङ्कनमा व्यावहारिक कठिनाइ हुने भएकाले ऋणी कम्पनीको वासलातमा रहेको बुक भ्यालु (करिब ३ अर्ब ९५ करोड रुपैंया) लाई नै आधार मानिएको प्रष्ट पारेका छन्। ऋणी सर्वेश जोशीले कर्जा असुलीमा सहयोग गरेकाले र बैंकले हालसम्म अधिक ब्याज असुल गरिसकेकाले उनलाई करिब २ करोड ६० लाख ब्याज मिनाहा गर्न सिफारिस गरिएको तथा घरभाडा र विद्युत महसुल बापतको ३८ करोड रुपैयाँ बैंकको खातामा सुरक्षित रहेको लेखाई दिएका छन्।

- **प्राईम कमर्सियल बैंकमा CEO को हैसियतमा कार्यरत वर्ष ५१ को संजिव मानन्धरले गरीदिएको घटना विवरण कागज:** प्राइम कमर्सियल बैंकका CEO संजिव मानन्धरले स्मार्ट टेलिकमलाई करिब ३ अर्बभन्दा बढीको वैदेशिक लगानी र परियोजनाको सम्भाव्यताका आधारमा कर्जा प्रवाह गरिएको भए तापनि कम्पनीको सेवा बन्द भएपछि उक्त कर्जालाई शतप्रतिशत नोक्सानी व्यवस्थामा राखिएको, कर्जा असुलीको क्रममा ऋणीले एनसेलसँग मर्जर हुने आश्वासन दिए पनि कर्जा चुक्ता नभएपछि अगुवा बैंक (नेपाल इन्भेष्टमेन्ट मेगा बैंक - NIMB) को नेतृत्वमा लिलामी प्रक्रिया अगाडि बढाइएकोमा १५ दिने सूचना निकाल्दा सहवित्तीयकरणको पुनः बैठक नबसेको र ४० करोडको थप दायित्व समावेश गर्ने विषयमा प्राइम बैंकसँग कुनै सहमति वा जानकारी नरहेको, लिलामी प्रक्रिया र एनसेलसँगको सम्भावित 'सेटिङ' बारे आफू अनभिज्ञ रहेको उल्लेख गर्दै निजले धितोमा रहेको जग्गाको मूल्य न्यून भएको, ऋणी सम्पर्क विहीन रहेको र बैंकको खराब कर्जा (Non-Performing Loan-NPL) घटाउन आवश्यक देखिएकाले बोर्डले ९७ लाख ब्याज मिनाहा गर्ने र २० करोड प्राप्त गरी कर्जा राफसाफ गर्ने निर्णय गरेको स्पष्ट पारेका छन्। सुरुमा ललितपुर, धापाखेलको जग्गा पनि लिलामीमा परेको बुझाई रहे तापनि पछि केन्द्रीय अनुसन्धान ब्यूरोको अनुसन्धानबाट मात्र उक्त जग्गा लिलामीमा समावेश नभएको तथ्य खुलेको भन्दै उनले प्राइम कमर्सियल बैंकले असल नियतले आफ्नो अधिकार प्रयोग गरी संस्थाको हितमा कर्जा असुली गरेको जिकिर गरेका छन्।
- **धर्म बहादुर चन्द र रामजी भन्ने डगेन्द्र बहादुर थापाले गरीदिएको कागज:** **धर्म बहादुर चन्दले** स्मार्ट टेलिकमको अनुमतिपत्र नवीकरण र वैदेशिक लगानी भित्र्याउन सहयोग गर्ने क्रममा तत्कालीन सञ्चार मन्त्रीका स्वकीय सचिव **रामजी भन्ने डगेन्द्र बहादुर थापासँग** बालुवाटारमा भेट गरी नवीकरण शुल्क वा 'पोइन्ट' (१.५ र ३.४ करोड) का विषयमा कुराकानी भएको र सो सन्देश अध्यक्ष सर्वेश जोशीलाई पठाएको दाबी गरेका छन्। यसको विपरीत, **डगेन्द्र बहादुर थापाले** धर्म बहादुर चन्दलाई आफूले नचिनेको र निजसँग कुनै पनि 'पोइन्ट' वा रकमका विषयमा कुराकानी नभएको भन्दै चन्दको भनाइलाई पूर्ण रूपमा अस्वीकार गरेका छन्। डगेन्द्र बहादुर थापाले सर्वेश जोशी अनुमतिपत्र नवीकरणको विषय लिएर मन्त्रालय आउँदा भेट भएको स्वीकार गरे तापनि निजसँग कुनै रकम माग नगरेको र निजले लगाएका आरोपहरू झुटो भएको जिकिर गर्दै खुलाई लेखाई दिएका छन्।
- डा. उपेन्द्र महतोले गरीदिएको कागज: स्मार्ट टेलिकम प्रा.लि.मा आफ्नो कुनै शेयर लगानी नरहेको र अजेय राज सुमार्गी, सतिश लाल आचार्य, सचिन लाल आचार्य र भावना सिंह श्रेष्ठसँग विभिन्न समयमा एनआरएन सम्मेलन तथा सामाजिक भेटघाटमार्फत् चिनजान भएको । निजले व्यवसायिक कारोबारको सिलसिलामा अजेय सुमार्गीलाई जग्गा खरिद र सिमेन्ट कारखानाका लागि करिब १०० करोड रुपैयाँ सापटी दिएको र सतिशकी श्रीमती भावना सिंह श्रेष्ठबाट पटक-पटक गरी १५० करोड रुपैयाँ सापटी लिएको स्वीकार गरेका छन् भने निज भावनाकै

नामबाट आफ्नो खातामा आएको १.५ अर्ब रुपैयाँको स्रोत एनसेलको लाभांश (Dividend) भएको मौखिक जानकारी पाएको भनी खुलाई लेखाई दिएका छन्। डा. उपेन्द्र महतोले आफ्नो एकल स्वामित्वको एमजी हर्बल एण्ड इन्भेष्टमेन्ट (MG Herbal) मार्फत् कजाकस्थानी साथी बौरजान (Baurjan) को अनुरोधमा स्मार्ट टेलिकमलाई १९ करोड सापटी दिएको, स्मार्ट टेलिकमलाई रकम दिने क्रममा सो प्रा.लि.लाई कर्जा दिने बैंकका कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डे वा सञ्चालकहरूसँग आफ्नो कुनै सम्पर्क नभएको यद्यपि, उनले आफ्ना कजाकस्थानी साथी बौरजान (Baurjan) को अनुरोधमा भने आफ्नो कम्पनी एमजी हर्बल एण्ड इन्भेष्टमेन्ट मार्फत् स्मार्ट टेलिकमलाई सापटी रकम दिएको, स्मार्ट टेलिकमको कर्जाको किस्ता तिर्नका लागि बैंकका सीईओ ज्योति प्रकाश पाण्डे दुबई गई विदेशी साझेदार रोमियो एब्डो (बेलारुसमा भएको Real Estate Business मा बिदेशी साझेदार) लाई भेटी रकम व्यवस्थापन गरेको र पछि २२ करोड फिर्ता लिएको खुलाउँदै सर्वेश जोशीसँग सतिश आचार्यमार्फत् चिनजान भएको र रकम फिर्ता माग्दा जोशीले विदेशमा 'सेटलमेन्ट' गर्ने प्रस्ताव गरेको, सन् २००५ तिर साविक स्पाइस नेपाल (हाल एनसेल) को २०% शेयर खरिद गरे पछि नीरज गोविन्द श्रेष्ठलाई बिक्री गरेको र आफ्ना केही 'अफसोर' (Offshore) कम्पनीहरू रहे तापनि प्रतिवादीहरूसँग मिलेर त्यस्तो कुनै कारोबार नगरेको साथै, निजले स्मार्ट टेलिकमको सम्पत्ति एनसेलले सकार्ने सेटिङ, बैंकका सीईओ ज्योति प्रकाश पाण्डेको दुबई भेटघाट र एनसेल शेयरको अस्वाभाविक न्यून मूल्याङ्कन (Under-valuation) जस्ता विषयहरू आफूले सञ्चार माध्यमबाट मात्र थाहा पाएको भन्दै यस प्रकरणमा आफ्नो पूर्व जानकारी वा संलग्नता नभएको भनी खुलाई लेखाई दिएका छन्।

- **सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी तत्कालीन सचिव राधिका अर्यालले गरीदिएको कागज:** स्मार्ट टेलिकम प्रा.लि. को अनुमतिपत्र खारेज भएपछि उक्त कम्पनीको सम्पत्ति स्वतः नेपाल सरकारको स्वामित्वमा आएको र सोको जानकारी मन्त्रालय र दूरसञ्चार प्राधिकरणको सम्बन्धित महाशाखाबाट बैंक तथा अन्य सम्बन्धित सरकारी निकायहरूमा गराइएको, उक्त दूरसञ्चारजन्य सम्पत्ति गैरकानूनी रूपमा एनसेल आजियाटा लिमिटेडले लिलामीमार्फत् प्राप्त गरेको बारे तत्कालीन अध्यक्ष भूपेन्द्र भण्डारीबाट मन्त्रालय वा आफूलाई कुनै लिखित वा मौखिक जानकारी नगराईएको, अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १३ को प्रावधान बमोजिम मन्त्रालयले मिति २०८२/०२/२५ गते मन्त्रीस्तरीय निर्णयबाट राजेश पराजुलीको संयोजकत्वमा ५ सदस्यीय सम्पत्ति मूल्य निर्धारण समिति गठन गर्ने निर्णय गरेको तत्पश्चात्, अर्थ मन्त्रालयको सहमतिमा मूल्य निर्धारण समितिका पदाधिकारीहरूको पारिश्रमिक तथा अन्य सुविधा तोक्ने निर्णय मिति २०८२/०३/१२ गतेको मन्त्रिस्तरीय निर्णयबाट भई कार्यान्वयनका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा पठाइएको, पछि, मूल्य निर्धारण समितिका Valuator सदस्य रोशन प्रसाद प्रधानाङ्गले मिति २०८२/०७/०२ गते राजीनामा पत्र पेश गरेको व्यहोरा खुलाउँदै नयाँ सदस्य नियुक्तिका लागि प्राधिकरणको मिति २०८२/०७/२७ गतेको पत्र मन्त्रालयमा प्राप्त भएपछि, मन्त्रालयको सम्बन्धित संस्थान समन्वय शाखाबाट मिति २०८२/०८/१० गते Valuator सदस्य नियुक्तिको टिप्पणी उठाई प्रशासन तथा योजना महाशाखा हुँदै सचिव (अर्याल) समक्ष मिति २०८२/०८/११ गते टिप्पणी फाइल प्राप्त भएको खुलाई लेखाई दिएका छन्। सो टिप्पणी फाइल माननीय मन्त्री जगदीश खरेल समक्ष मिति २०८२/०८/१२ गते पेश गरेको तर, उनी मन्त्रालयमा कार्यरत रहँदासम्म उक्त टिप्पणी फाइलमा मन्त्रीज्यूबाट कुनै पनि निर्णय नभई लामो समय फाइल मन्त्रीज्यूसँगै रहन गएको र अन्ततः सो फाइलमा कुनै निर्णय नै नगरी मन्त्रीज्यूबाट मिति २०८२/१०/०५ गते फाइल फिर्ता भएको,

जबकि यसैबीच मिति २०८२/१०/०१ गते उनको महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा सरुवा भइसकेको खुलाई लेखाई दिँदै नेपाल सरकारको स्वामित्वमा आएको सम्पत्तिको कानून विपरीत लिलामी भएपछि नियामक निकाय भएको हैसियतले नेपाल दूरसञ्चार प्राधिकरण कानूनी उपचारमा जानुपर्नेमा तत्कालीन अध्यक्ष भूपेन्द्र भण्डारीले के कति कारणले सोतर्फ प्रक्रिया अगाडि नबढाएका हुन् भन्ने कुरा थाहा नभएको भनी खुलाई लेखाई दिएका छन्।

- **पक्राउ प्रतिवादीहरुको बयान:** प्रतिवादी ज्योति प्रकाश पाण्डे (CEO) ले बैंकको ६२३ औँ सञ्चालक समितिको बैठकबाट लिलामीको सार्वजनिक सूचना निस्कनु अगावै एनसेलसँग मात्र सम्पर्क गरी बोलपत्रमा सहभागी हुन आमन्त्रण गर्ने बदनियतपूर्ण निर्णय भएको स्वीकार गरेका छन्, जसलाई सञ्चालकहरू शालिकराम बेलबासे र कवि कुमार टिबरेवालाको कागजले समेत लिलामी प्रक्रिया "सेटिङ" मा भएको पुष्टि गर्दछ। प्रतिवादी सर्बेश जोशीले आफूलाई "कर्जा रिकभरीको सामान्य नोटिस" भनी झुक्याएर लिलामीका कागजातमा हस्ताक्षर गराइएको र बैंकका कर्मचारी भाष्कर नरसिंह जोशीले एनसेलसँग कुरा भइरहेको जानकारी दिएको बताएका छन्, जसले ऋणी र बैंकबीचको मिलेमतोमा सरकारी हक मेटाउने प्रपञ्च गरिएको देखाउँछ । लिलामीलाई प्रतिस्पर्धात्मक देखाउन खडा गरिएका "डमी बोलपत्रदाता" को हकमा प्रतिवादी नरेन्द्र उलकले भाष्कर जोशीकै आग्रहमा आफूले नचिनेको व्यक्ति खुमनाथ अधिकारीलाई केवल ३ घण्टाका लागि रु. ४ करोड २५ लाख उपलब्ध गराई बोलपत्र खोल्ने दिनमै फिर्ता लिएको स्वीकारोक्तिले यो प्रक्रिया पूर्णतः देखावटी भएको प्रमाणित गर्दछ। त्यसैगरी, अर्की प्रतिवादी पलिना श्रेष्ठले आफ्नो कम्पनीको दूरसञ्चार क्षेत्रमा अनुभव नभए तापनि श्रीमान अरुण श्रेष्ठ (सतिश लाल आचार्यका व्यावसायिक साझेदार) को निर्देशनमा र अपारदर्शी स्रोतबाट धरौटी व्यवस्थापन गरी रु. ४४ करोड ५० लाखको "डमी" बोलपत्र हालेको स्वीकार गरेकी छन्। प्रतिवादी ज्योति प्रकाश पाण्डेले लिलामीको सर्त बमोजिम घरधनी र विद्युत महसुल बापतको रु. ४० करोड मध्ये रु. ३८ करोड बैंकमा रोक्का रहेको तर पीडित जाहेरवाला उषा प्रधान लगायतलाई भुक्तानी नगरेको स्वीकार गर्नुले मुलुकी अपराध संहिताको दफा २४९ बमोजिमको ठगी र दफा २५२ बमोजिमको आपराधिक विश्वासघातलाई स्पष्ट पारेको छ। प्रतिवादी सर्वेश जोशीले आफ्नो बयानमा स्मार्ट टेलिकममा २०% शेयर हिस्सा ओगट्ने स्क्वायर नेटवर्क प्रा.लि. सन् २०१५ मा सतिशलाल आचार्यका सहोदर भाइ सचिन लाल आचार्य र श्रीमती भावना सिंह श्रेष्ठबाट आफ्नो नाममा हस्तान्तरण गरी लिएको स्वीकार गरेका छन्। निजले सतिशलाल आचार्य आफ्नो दाइ पर्ने र भावना सिंह भाउजू भएको नाता समेत खुलाएका छन्। एनसेलको ८०% शेयर खरिद गर्ने स्पेक्ट्रलाइट यूकेका मालिक सतिशलाल आचार्य र २०% शेयरधनी सुनिभेरा क्यापिटलकी भावना सिंह श्रेष्ठ नै स्मार्ट टेलिकमका वास्तविक साविक सञ्चालकहरू रहेको यसले पुष्टि गर्दछ। यो हस्तान्तरण वास्तविक खरिद-बिक्री नभई दूरसञ्चार नियमावली, २०५४ को नियम १०क बमोजिमको १ प्रतिशतभन्दा बढी लगानी गर्न नपाउने प्रावधान र नियामकीय निगरानी छल्न गरिएको "रणनीतिक चाल" मात्र भएको स्पष्ट भएको छ। प्रतिवादी नरेन्द्र उलकले आफ्नो बयानमा सतिशलाल आचार्यले ३-४ वर्ष अगाडि नै आफूलाई एनसेल र स्मार्ट टेलिकम दुवैमा लगानी गर्न चिनियाँ कम्पनी खोजिदिन भनेको र सोही क्रममा दुवै कम्पनीका कागजातहरू ह्वाट्सएप मार्फत् पठाएको खुलाएका छन्, सतिशलाल र सचिनलाल आफ्ना टाढाका नातेदार भएको जानकारी दिँदै उलकले दिएको यो बयानले एनसेल र स्मार्ट टेलिकमको व्यवस्थापकीय र रणनीतिक नियन्त्रण एउटै स्वार्थ समूह (आचार्य परिवार) को हातमा रहेको तथ्यलाई थप बल पुर्‍याएको छ। बैंकका CEO ज्योति प्रकाश पाण्डेले स्मार्ट

टेलिकमको कर्जा प्रवाह गर्दा ऋणी कम्पनीको तर्फबाट तत्काल सचिन लाल आचार्य र सो पश्चात सर्वेश जोशीको व्यक्तिगत जमानी (Personal Guarantee) रहेको स्वीकार गरेका छन्। शेयर हस्तान्तरण भए पनि सचिन लाल आचार्यले बैंकलाई दिएको व्यक्तिगत जमानी फुकुवा नहुनुले स्मार्ट टेलिकमको ऋण र स्वामित्वमा आचार्य परिवारको भित्री संलग्नता कायमै रहेको र एनसेल मार्फत् स्मार्टको सम्पत्ति सकार्ने योजनाबद्ध "क्रस होल्डिङ" रहेको पुष्टि हुन्छ। प्रतिवादी पलिना श्रेष्ठले आफ्नो श्रीमान अरुण श्रेष्ठ र सतिश लाल आचार्यले पहिले वर्ल्ड डिष्ट्रिब्युसन नेपाल (WDN) सँगै सञ्चालन गरेको र पछि सतिश आचार्य सिंगापुर गएको बताएकी छन्। निजले स्मार्ट टेलिकमको लिलामीमा आफ्नो कम्पनी (ट्रान्सगेट टेक) मार्फत् "डमी बोलपत्र" हाल्नु र सतिश आचार्यका सहयोगी अनुपमान तुलाधरसँगको वित्तीय सम्बन्धले एनसेलका मालिकहरूको स्मार्ट टेलिकममा रहेको प्रत्यक्ष स्वार्थ र मिलेमतोलाई प्रमाणित गर्दछ। अत: प्रचलित बजार मूल्यको मूल्याङ्कनै नगरी, दूरसञ्चार ऐनको दफा ३३ बमोजिम स्वतः नेपाल सरकारको स्वामित्वमा आइसकेको सम्पत्तिलाई नियामक निकायको अनुमति विना एनसेललाई सुम्पने यो संगठित कार्यले सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०३(च) बमोजिमको बैंकिङ्ग कसूर समेत स्थापित गरेको देखिन्छ।

- **प्रतिवादी भुपेन्द्र भण्डारीको बयान:** निजले विगतमा सतिश लाल आचार्य र उपेन्द्र महतोको लगानी रहेको अफ्रिकी मुलुक बुरुन्डीको 'स्मार्ट मोबाइल' (Lacell SU) मा सीईओका रूपमा कार्यरत रहँदा साइप्रसमा दर्ता भएको 'टिमटर्न्स होल्डिङ्स' बाट व्यक्तिगत नबिल बैंक खातामा लाखौँ रकम लिएको तर सो सम्बन्ध लुकाएको र एनसेलको स्वार्थ समूहलाई सस्तोमा सरकारी सम्पत्ति सुम्पन बदनियतपूर्वक स्मार्टको सम्पत्ति मूल्याङ्कनमा चरम ढिलाइ गरेको तथा गैरकानूनी लिलामी रोक्न प्रभावकारी कदम नचालेको खण्डन गर्दै भण्डारीले बुरुन्डीको कम्पनीमा काम गर्दा टिमटर्न्सबाट प्राप्त भएको रकम विशुद्ध रूपमा निजको तलब तथा वैध पारिश्रमिक भएको उल्लेख गरेका छन्। उनले दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा खुल्ला प्रतिस्पर्धा र व्यावसायिक योग्यताका आधारमा नियुक्त भएको र यसमा कुनै पदको दुरुपयोग वा बदनियत नभएको दाबी गरेका छन्। बैंकले संविधान दिवसको विदा र दशैँको समय पारी गैरकानूनी रूपमा गरेको लिलामीबारे प्राधिकरणलाई कुनै जानकारी नदिइएको र सन् २०२५ डिसेम्बर ३० मा एनसेलले ती उपकरण आफ्नो नेटवर्कमा जोड्न स्वीकृति मागेपछि मात्र लिलामी भएको थाहा पाएको उनको जिकिर छ। त्यस लगत्तै आफ्नो नेतृत्वमा प्राधिकरणको बोर्डले २०८२/१२/०५ मा उक्त लिलामी गैरकानूनी भएको निर्णय गरी एनसेललाई २०८२/१२/०९ मा काम रोक्न निर्देशन दिएको, २०८२/१२/११ मा नेपाल राष्ट्र बैंकलाई र २०८३/०१/०४ मा मन्त्रालयलाई पत्राचार गरी सम्पत्ति हस्तान्तरण रोक्न सजग गराएको उनले उल्लेख गरेका छन्। स्मार्टको सम्पत्ति मूल्याङ्कनमा भएको ढिलाइ बजेट स्वीकृतिको ढिलाइ, मूल्याङ्कन-कर्ताहरूको अभाव र समितिका सदस्य रोशन प्रधानाङ्गको राजीनामाका कारण रिक्त पद मन्त्रालयले समयमै पूर्ति नगरेका कारण सिर्जना भएको प्रशासकीय अवरोध मात्र भएको उनको भनाइ छ। आफूले एनसेलको शेयर खरिद-बिक्रीलाई २०८०/१२/१८ मा अस्विकृत गरेको, बक्यौता नतिरेसम्म थप फ्रिक्वेन्सी रोक्का राखेको जस्ता नियमाकीय निर्णयहरूले आचार्य परिवार र एनसेलसँग आफ्नो कुनै मिलेमतो नरहेको प्रमाणित गर्ने भण्डारीको दाबी छ साथै, नयाँ सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिना आएपछि निजकै समन्वयमा आफूले सीआईबी (CIB) प्रमुखलाई भेटेर छानबिनका लागि संवेदनशील कागजातहरू बुझाइसकेको अवस्थामा अध्यादेशमार्फत् २०८३/०१/१९ मा पदमुक्त भएकाले थप कानुनी उपचार अघि बढाउन नपाएको भन्दै आफूमाथि लागेका ठगी र आपराधिक विश्वासघातका सबै आरोपहरू पूर्ण रूपमा निराधार रहेको उनले जिकिर गरेका छन्।

- **Event Analysis प्रतिवेदन:** घटनाक्रमहरुको बिश्लेषित विवरण सहितको चार्ट थान-१ यसै प्रतिवेदन संलग्न रहेको छ।
- **CDR Analysis प्रतिवेदन:** प्रतिवादीहरुको सम्बन्ध, सम्पर्क देखिने निजहरुले प्रयोग गर्ने मोबाईल नम्बरहरुको बिश्लेषित चार्ट थान-१ यसै प्रतिवेदनसाथ संलग्न रहेको छ।

माथि विवेचित तथा विश्लेषित तथ्यका आधारमा प्रतिवादीहरुले संगठित रुपमा नेपाल सरकारले पाँनुपर्ने रकम नपाउने गरी नेपाल सरकारलाई हानी नोक्शानी पुर्याई ठगीको कसूर तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिमको कसूर गरेको स्थापित हुने ठोष प्रमाण तथा कागजातहरुको निष्कर्ष सहितको श्रृखला देहाए बमोजिम रहेको छ:

१. **Planning (पूर्वयोजना तथा षड्यन्त्र निर्माण चरण):**

- **मर्जर र नियन्त्रणको योजना:** जनवरी २०२३ मा प्राइम कमर्सियल बैंकमा भएको कन्सोर्टियम बैठकमा स्मार्ट टेलिकमका अध्यक्ष सर्वेश जोशीले कम्पनी एनसेलसँग मर्जर प्रक्रियामा रहेको र केपीएमजी (KPMG) मार्फत् 'ड्यु डिलिजेन्स अडिट' (DDA) भइरहेको आश्वासन दिएर सरकारी स्वामित्वमा जानुपर्ने सम्पत्ति निजी नियन्त्रणमा राख्ने आधार तयार गरेको देखिन्छ।
- **स्वामित्व ओभरल्याप (Cross-Holding):** एनसेलको ८०% शेयर खरिद गर्ने स्पेक्ट्रलाइट यूकेका मालिक सतिश लाल आचार्य र २०% शेयरधनी सुनिभेरा क्यापिटलकी भावना सिंह श्रेष्ठ नै स्मार्ट टेलिकमका साविक सञ्चालकहरू रहेको पुष्टि हुन्छ। यसले दूरसञ्चार नियमावली, २०५४ को नियम १०क (१ प्रतिशतभन्दा बढी लगानी गर्न नपाउने) को गम्भीर उल्लंघन गरी एकाधिकार कायम गर्ने योजना बनाएको देखिन्छ।
- **रणनीतिक खरिद सम्झौता (SPA):** १ डिसेम्बर २०२३ मा आजियाटा र स्पेक्ट्रलाइटबीच भएको एनसेलको शेयर खरिद-बिक्री सम्झौतामा "सन् २०२९ सम्म स्मार्ट टेलिकम प्राप्ति (Acquisition) गरेमा थप १ करोड अमेरिकी डलर भुक्तानी गर्ने" शर्त राख्नुले यो प्रक्रिया पूर्वनियोजित रहेको प्रमाणित गर्दछ।

२. **Pressure & Collusion (दबाब, प्रभाव र मिलेमतो):**

- **ह्वाट्सएप संवाद र गोप्य भेटघाट:** नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) का तत्कालीन CEO ज्योति प्रकाश पाण्डे र एनसेलका अध्यक्ष सतिश लाल आचार्यबीच अप्रिल २७ र जुलाई ७, २०२३ मा युएई (UAE) का होटलहरूमा भेटघाट र ह्वाट्सएप मार्फत् ऋण सेटलमेन्ट र लिलामीको योजना बुनिएको देखिन्छ।
- **अनौपचारिक दबाब:** CEO पाण्डेले "हाम्रो पुरानो कम्पनी (स्मार्ट सेल) को समस्या भइरहेको छ" भन्दै नेपाल राष्ट्र बैंक (NRB) को निगरानीबाट बच्न आधिकारिक प्रक्रिया बाहिर गई "हामीले योजना बनाए अनुसार नै यसलाई टुङ्ग्याऔँ" भनी सतिश आचार्यलाई दबाब दिएको डिजिटल फरेन्सिक रिपोर्टले देखाउँछ।
- **ब्याज छुट र सरकारी बेवास्ता:** सरकारी बक्यौता (रोयल्टी, फ्रिक्वेन्सी शुल्क) करिब रु. २२ अर्बभन्दा बढी उठाउनुपर्नेमा त्यसलाई वेवास्ता गरी बैंकको ऋण असुली र एनसेललाई लाभ पुऱ्याउन ऋणी सर्वेश जोशीलाई रु. २ करोड ६० लाख सम्मको ब्याज छुट (Interest Waiver) दिने निर्णय गरिएको देखिन्छ।

३. **Auction Setup (लिलामी संरचना निर्माण):**

- **एनसेललाई मात्र लक्षित निर्णय:** ४ जुलाई २०२५ मा NIMB सञ्चालक समितिको ६२३ औँ बैठकले CEO लाई "एनसेल आजियाटा लिमिटेडसँग मात्र सम्पर्क गर्न र धितो खरिद गर्न इच्छुक छ कि छैन भनी सोधपुछ गर्न" निर्देशन दिनुले लिलामी प्रक्रिया "सेटिङ" मा भएको पुष्टि गर्छ।
- **मूल्याङ्कन बिनाको प्रक्रिया:** सम्पत्तिको स्वतन्त्र मूल्याङ्कन (Independent Valuation) नगरी वा प्रचलित बजार मूल्यलाई वेवास्ता गरी केवल वासलात (Balance Sheet) को मूल्यलाई आधार मानी लिलामी अघि बढाइएको देखिन्छ।
- **जबरजस्ती ऋण दायित्व थप:** लिलामी सूचनामा घरधनीहरूको बहाल र विद्युत महसुल बापतको रु. ४० करोड थप भुक्तानी गर्नुपर्ने सर्त राखिएको, जुन कन्सोर्टियम बैंकहरूको बैठकबाट पारित भएको देखिँदैन।

**४. Suspicious Bidding (शंकास्पद बोलकबोल प्रक्रिया):**

- **डमी प्रतिस्पर्धीहरू:** लिलामीलाई वैधानिक देखाउन दूरसञ्चार क्षेत्रमा अनुभव नभएका **ट्रान्सगेट टेक प्रा.लि.** (पलिना श्रेष्ठ) र **प्रोफेसनल विजनेश नेटवर्क** (खोमनाथ अधिकारी) लाई "कभर बिडर" का रूपमा खडा गरिएको देखिन्छ।
- **अल्पकालीन धरौटी व्यवस्था:** नरेन्द्र उलकले प्रोफेसनल विजनेश नेटवर्कका लागि रु. ४ करोड २५ लाखको चेक केवल ३ घण्टाका लागि उपलब्ध गराएको र बोलपत्र खोल्ने दिनमै रकम फिर्ता लिएको देखिन्छ।
- **रकम लेयरिङ (Layering):** धरौटी रकम जुटाउन र ऋणको किस्ता तिर्न अनुपमान तुलाधर, सर्वेश जोशी र अरुण श्रेष्ठका व्यक्तिगत खाताहरूलाई "बिचौलिया खाता" को रूपमा प्रयोग गरी रकम घुमाइएको (Placement/Layering) बैंक अभिलेखले देखाउँछ।

**५. Execution & Payoff (कार्यान्वयन तथा लाभ प्राप्ति):**

- **एनसेलको गोप्य निर्णय:** लिलामीको औपचारिक सूचना निस्कनुभन्दा १ महिना अगावै (६ अगस्ट २०२५) एनसेलको बोर्डले रु. ४.५ अर्बसम्म बोलकबोल गर्ने निर्णय गर्नुले "सेटिङ" को पुष्टी गर्छ।
- **लिलामीको नतिजा:** २० सेप्टेम्बर २०२५ मा एनसेलले रु. ४.६ अर्बमा लिलामी जितेको देखिन्छ, जबकि अन्य डमी कम्पनीहरूको बोलकबोल केवल ४२-४४ करोड मात्र थियो।
- **सरकारी हकको हनन्:** स्मार्ट टेलिकमको अनुमतिपत्र रद्द भई दूरसञ्चार ऐन, २०५३ को दफा ३३ अनुसार सम्पत्ति नेपाल सरकारको स्वामित्वमा आइसकेको अवस्थामा त्यसलाई बेइमानीपूर्वक निजी नियन्त्रणमा पुऱ्याइएको छ।
- **ठगी र हिनामिना:** घरधनीहरूको बहाल बापत उठाइएको रु. ४० करोड मध्येको ठूलो हिस्सा बैंकले रोक्का राखी जाहेरवाला उषा प्रधान लगायतका पीडितहरूलाई भुक्तानी नगरी ठगी गरेको देखिन्छ।

**Crime Cycle Summary**

**Planning → Collusion → Auction Setup → Suspicious Bidding → Execution & Payoff**

**१. मर्जर तथा सम्पत्ति नियन्त्रणको पूर्वयोजना**

↓

**२. बैंक, ऋणी तथा सम्बन्धित पक्षबीच समन्वय र प्रभाव प्रयोग**

↓
**३. मूल्याङ्कनबिनाको लिलामी संरचना निर्माण**

↓
**४. डमी प्रतिस्पर्धीमार्फत् प्रतिस्पर्धात्मक देखाउने प्रयास**

↓
**५. एनसेलद्वारा रु. ४.६ अर्बको बोलकबोल गरी सम्पत्ति प्राप्ति**

↓
**६. बैंकको ऋण असुली, सम्पत्तिको नियन्त्रण हस्तान्तरण तथा सरकारी वक्यौता दावी कमजोर हुने अवस्था सिर्जना**

यो संगठित अपराधको श्रृङ्खला स्मार्ट टेलिकम प्रा लि र एनसेल आजियटा बीचको गैरकानूनी 'क्रसहोल्डिङ' लुकाउने र सरकारी स्वामित्वमा आउनुपर्ने अर्बौंको सम्पत्ति निजी नियन्त्रणमा राख्ने पूर्वयोजना तथा रणनीतिक खरिद सम्झौता (SPA) बाट सुरु भएको देखिन्छ। यस योजनालाई सफल बनाउन बैंकका उच्च पदाधिकारी र एनसेलका सञ्चालकहरूबीच युएई जस्ता वैदेशिक भूमिमा गोप्य भेटघाट र ह्वाट्सएप संवादमार्फत् अनौपचारिक दबाब र मिलेमतो गरी लिलामीको संरचना निर्माण गरेको, जहाँ प्रचलित बजार मूल्यको मूल्याङ्कनै नगरी एनसेललाई मात्र लक्षित गरी "सेटिङ" मिलाइएको थियो। लिलामी प्रक्रियालाई प्रतिस्पर्धात्मक र वैधानिक देखाउन दूरसञ्चार क्षेत्रमा अनुभव र आर्थिक हैसियत नभएका ट्रान्सगेट टेक र प्रोफेसनल विजनेश नेटवर्क जस्ता "डमी प्रतिस्पर्धी" खडा गरेको र नरेन्द्र उलक जस्ता सहयोगीमार्फत् केवल ३ घण्टाको लागि अल्पकालीन धरौटी व्यवस्था गरी रकमको 'लेयरिङ' गरेको देखिन्छ। अन्ततः, लिलामीको औपचारिक सूचना आउनुअघि नै एनसेलले गरेको गोप्य निर्णय बमोजिम रु. ४.६ अर्बको बोलकबोल गरी सरकारी हक हनन् गर्दै अर्बौंको दूरसञ्चार पूर्वाधार निहित सम्पत्तिको ठगी गरेको देखिन्छ। यसरी संगठित संस्थाको आवरणमा एनसेल (Ncell) सँग सम्बन्धित संरचना: स्पेक्ट्रलाइट -यूके (Spectrlite UK Limited), रेनोल्ड्स होल्डिङ (Reynolds Holding Limited)- वेस्ट इन्डिज (St. Kitts and Nevis), आजियाटा इन्भेष्टमेन्ट यूके (Axiata Investments UK Limited), आजियाटा ग्रुप बर्हाड (Axiata Group Berhad)- मलेसिया, स्मार्ट टेलिकम (Smart Telecom) सँग सम्बन्धित संरचना: कोस्वो इन्भेष्टमेन्ट (Cosbo Investment Limited)- सेसेल्स (Seychelles), लाल साहु होल्डिङ (Lal Sahu Holding Limited)- सेसेल्स (Seychelles), लाल साहु डिष्ट्रिब्युसन (Lal Sahu Distribution Pte Ltd)- सिंगापुर, स्क्वायर स्टार इन्क (Square Star Inc)- ब्रिटिस भर्जिन आइल्याण्ड्स (BVI), एअरबेल सर्भिसेज लिमिटेड (Airbell Services Limited), टाइमटर्न्स होल्डिङ्स (Timeturns Holdings) र टिपोलोजी लिमिटेड जस्ता कम्पनीहरू साइप्रस, ब्रिटिस भर्जिन आइल्याण्ड्स (BVI) का कम्पनीहरु जोदार इन्भेष्टमेन्ट्स (Zhodar Investments), पासा होल्डिङ (Pasa Holding), लासेल होल्डिङ (Lacell Holding) र लिडिङ फेथ इन्कर्पोरेटेड, बेलारुस (Belarus)का कम्पनी ओजेएससी आमकोडोर होल्डिङ र क्राविरा मेडिकल सेन्टर, संयुक्त अरब इमिरेट्स (UAE) का कम्पनीहरु स्टुपा (Stupa FZC LLC), बुरुन्डी (Burundi) का कम्पनी 'लासेल एसयू' (Lacell SU) जस्ता अफसोर स्थान र संरचनाहरूको प्रयोग मुख्यतया वास्तविक लाभग्राही (Beneficial Owner) लुकाउन, कर योजना (Tax Planning) गर्न र वैदेशिक लगानीको आवरणमा रकम परिचालन गर्न ती संस्थाका संचालक, पदाधिकारीले संगठित अपराधको वारदात सम्पन्न गरेको देखिन आउँछ। सो वारदात सम्पन्न गर्न स्वार्थ समूहमा आवद्ध भएका वा हुनसक्ने बैंकका उच्च पदाधिकारीहरू, व्यवसायी तथा लगानीकर्ताहरू (आचार्य

समूह), नियामक निकाय र प्रशासनिक व्यक्तित्वहरू: भूपेन्द्र भण्डारी (साविक अध्यक्ष, दूरसञ्चार प्राधिकरण), वैकुण्ठ अर्याल (तत्कालीन सचिव) समेतका साथै अन्य सहयोगी तथा डमी व्यवसायीहरू र व्यवसायी अजय सुमार्गी र अर्जुन शर्मा समेतलाई प्रत्यक्षे प्रभावमा पारेको देखिन्छ।

## अभियुक्तउपरको अभियोग र सजायको मागदावी:

नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो, काठमाडौंबाट अनुसन्धान सम्पन्न भई निर्णयार्थ प्राप्त हुन आएको मिसिल संलग्न टंकमणि शर्मा दङ्गलको संयोजकत्वमा गठित एनसेल शेयर खरिद बिक्री सम्बन्धी अध्ययन तथा छानविन प्रतिवेदन, २०८०, लिलाम गर्नु भन्दा पहिले मूल्याङ्कन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशिका, नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशिका तथा व्यबस्थाहरु, नेपाल दूर सञ्चार प्राधिकरणबाट आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र सम्बन्धी खण्ड ६२ संख्या ५ नेपाल राजपत्र भाग ५ मिति २०६९।२।१ नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयको सूचना, अनुसन्धान विषयवस्तुका आधारका रुपमा रहेका नजिर तथा अदालतका फैसलाहरु, मिति २०८३।०१।२२ गतेको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. को पत्रसाथ संलग्न कागजातहरु, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, संचालक समिति (Board of Directors) का ६२३, सन् २०२५-०७-०४ को निर्णय, एनसेल आजियटा लिमिटेडको शेयर ओटीसी बजारमा दर्ता सम्बन्धका विवरण, स्पेक्ट्रलाइट यूके (Spectrlite UK Limited) का सम्बन्धमा संकलित आधिकारिक विवरण, एनसेल आजिएटा लिमिटेडका आधिकारिक निर्णयहरु, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड समेतका निर्णयहरु लगायत नेपाल दूरसञ्चार प्राधिकरणबाट प्राप्त भएका पत्रहरु, कम्पनी सम्बन्धी अभिलेख, वरामद भएका विद्युतीय समाग्रीहरुको डिएफल परिक्षण प्रतिवेदन, विद्युतीय तथा बैंकिङ कारोबारको विवरण, बुझिएका साक्षीहरुको कागज, प्रतिवादीहरुको बयान, कम्पनी लेखा परिक्षण प्रतिवेदनहरुका साथै Due Delligence Report समेतका आधार प्रमाणबाट नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौमा मिति २०६५/०१/२७ गते स्मार्ट टेलिकम प्रा. लि.को नामको कम्पनी दर्ता भएकोमा सो कम्पनीको उदेश्य V-sat Technology वाट चल्ने टेलिफोन सेवा तथा GSM / CDMA / PSTN WIMAX / GPRS लगायतको दूरसञ्चार सेवा सञ्चालन गर्ने तथा V-sat Technology बाट चल्ने Email Internet inter branch Connectivity लगायतका VOIP / Fax to Fax & Board band Internet लगायतको दूरसञ्चार सेवा सञ्चालन गर्ने समेत उदेश्य रहेकोमा सोही उदेश्य बमोजिम नेपाल सरकार, दूर सञ्चार प्राधिकरण जमल काठमाडौंवाट मिति २०७०।०१।०२ मा प्रदान गरिएको आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र (अनुमतिपत्र नं. BTSL-01) लिई दूर सञ्चार सेवा सञ्चालन गर्नको लागि अनुमती लिई संचालन भएकोमा स्मार्ट टेलिकम प्रा.लि.ले नविकरण नगरे पछि अनुमतिपत्र खारेज भई उक्त कम्पनीको दूरसञ्चार पूर्वाधार, टावर, नेटवर्क तथा अन्य सम्पत्तिहरूको स्वामित्व, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा गम्भीर प्रश्नहरु श्रृजना भएको, प्राप्त जाहेरी दरखास्त तथा उजुरी, छानविन तथा प्रहरी प्रतिवेदन तथा अन्य प्रारम्भिक सूचनाहरूबाट नेपाल सरकार तथा नेपाल दूरसञ्चार प्राधिकरणको नियन्त्रणमा आउनुपर्ने अर्बौं मूल्य बराबरको दूरसञ्चार सम्पत्ति गैरकानूनी रूपमा एनसेललाई हस्तान्तरण गर्ने, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले सम्बन्धित नियामक निकायको पूर्वस्वीकृति बिना लिलामी प्रक्रिया अगाडि बढाएको, लिलामी प्रक्रियामा वास्तविक प्रतिस्पर्धा नभई आर्थिक तथा प्राविधिक क्षमता नभएका कम्पनीहरूलाई देखावटी (Dummy) प्रतिस्पर्धीका रूपमा प्रयोग गरिएको,

एनसेल आजियाटा लिमिटेडलाई पूर्वनियोजित रूपमा सम्पत्ति हस्तान्तरण गर्न खोजिएको, घरधनीहरूलाई भुक्तानी गरिनुपर्ने बहाल तथा विद्युत महसुल बापतको रकम सम्बन्धित व्यक्तिहरूमा नपुगी अन्यत्र प्रयोग भएको तथा स्मार्ट टेलिकमको ईजाजत पत्र रद्द भए पश्चात स्वत: नेपाल सरकारमा आईसकेको सरकारी सम्पत्ति गैरकानुनी रुपमा खरिद–बिक्री गरेको देखाई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याई संगठितरुपमा ठगी, बैंक तथा बित्तिय संस्था सम्बन्धी कसूर गरेको वारदात स्थापित हुन आयो ।

**अब प्रतिवादीहरु उपर के कस्तो सजायको मागदावी लिई अभियोजन गर्ने सम्बन्धमा माथि विवेचित तथ्य विश्लेषण गरी हेर्दा,** स्मार्ट टेलिकम प्रा.लि.मा **लाल साहु होल्डिङ्स** (५०% शेयर) र **स्क्वायर नेटवर्क** (२०% शेयर) मार्फत् आचार्य परिवारको स्वामित्व रहेको, सतिश लाल आचार्य लाल साहु होल्डिङ्सका निर्देशक हुन् भने सचिन लाल आचार्य र भावना सिंह श्रेष्ठ स्क्वायर नेटवर्कका साविक सञ्चालक रहेका, एनसेलको लगानी संरचनामा एनसेलमा स्पेक्ट्रम/स्पेक्ट्रलाइट यूके (७९.९९% शेयर) र सुनिभेरा क्यापिटल भेन्चर्स (१९.०१% शेयर) मार्फत् आचार्य परिवारको स्वामित्व हाल विद्यमान रहेको साथै बाँकी शेयर लिमिटेड कम्पनी बनाउने क्रममा सर्वसाधरणलाई ११ कित्ता शेयर पूँजि थप गरी बिक्रि गरेको देखिन्छ । सतिश लाल आचार्य स्पेक्ट्रलाइट यूकेका एकल धनी र एनसेलका अध्यक्ष रहेको साथै भावना सिंह श्रेष्ठको सुनिभेरा क्यापिटल मार्फत् एनसेलका सञ्चालकमा सचिनलाल आचार्य प्रतिनिधित्व गरेको देखिन्छ । एनसेलको शेयर खरिद गर्नुभन्दा केही दिन अघि मात्र सचिनलाल आचार्य र भावना सिंह श्रेष्ठले स्मार्ट टेलिकममा रहेको आफ्नो शेयर **सर्वेश जोशी**लाई हस्तान्तरण गरेको देखिन्छ । दूरसञ्चार नियमावली, २०५४ को **नियम १०क** अनुसार, एउटा अनुमतिपत्र प्राप्त कम्पनीको सञ्चालक वा शेयरधनीले अर्को कम्पनीमा **१ प्रतिशतभन्दा बढी** लगानी गर्न पाउँदैनन् । आचार्य परिवारको दुवै कम्पनीमा रहेको ठूलो हिस्साले यो कानूनी प्रावधानको गम्भीर उल्लंघन गरेको देखिन्छ । यसैगरी, आजियाटा र स्पेक्ट्रलाइट बीचको शेयर खरिद-बिक्री सम्झौता (SPA) मा उल्लेख Deferred Consideration बाट समेत उल्लेखित क्रसहोल्डिङ् पुष्टि हुन्छ ।

मितिः २०८०/०१/०३ मा स्मार्ट टेलिकमको लाइसेन्स रद्द भएपछि स्वतः नेपाल सरकारको स्वामित्वमा आएको वा हुनुपर्ने अर्बौंको दूरसञ्चार पूर्वाधार सहितको सम्पत्ति बेइमानीपूर्वक निजी क्षेत्र (एनसेल) लाई सुम्पने गरी मिलेमतो गरिएको, कानूनी रूपमा नेपाल दूरसञ्चार प्राधिकरणको नियन्त्रणमा रहेको सम्पत्तिलाई नेपाल इन्भेष्टमेन्ट बैंक समेतले पूर्वयोजना बनाई नेपाल दूरसञ्चार प्राधिकरणको अनुमति बिना लिलाम प्रक्रिया अघि बढाउनका लागि “देखावटी/ डमी प्रतिस्पर्धीहरु” एनसेल आजियाटा लिमिटेडका साथै आर्थिक हैसियत नभएका गैह्र दूरसञ्चार सेवा प्रदायक कम्पनीहरु ट्रान्सगेट टेक प्रा लि र प्रोफेसनल विजनेश नेटवर्क प्रा लि खडा गरी मिति २०८२/०६/२० मा लिलाम टुङ्गो लगाई एनसेल आजियाटा लिमिटेडलाई बोलकबोल रकम रु.४,६०,००,००,०००।– (चार अरव साठी करोड रुपैंया) मा दिलाउने/बिक्री गर्ने साथै लिलामी सूचनामा घरधनीहरूको बहाल र विद्युत महसुल बापतको रु.४०,००,००,०००।– (चालिस करोड रुपैंया) समेत बोलकबोल रकममा समाबेस गरी एनसेल आजियटा लिमिटेडबाट भुक्तानी लिई असुल गरे पनि उक्त रकम वास्तविक रुपमा भुक्तानी दिलाईदिनुपर्ने पीडित जाहेरवाला समेतका घरजग्गा- धनीहरूलाई वहाल वापतको रकम संगठित रुपमा आपसी मिलेमतोमा भुक्तानी नगरी ठगी गरेको, नेपाल सरकारले प्राप्त गरी सकेको सम्पत्तिलाई आफू खुशी लिई खाएको साथै बैंकका पदाधिकारीहरुले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम कसूर गरेको साथै सन् २०२६ मा १.३६५ अर्ब डलरमा खरिद बिक्री भएको हाल सुदृढ र नाफामुलक देखिएको एनसेल

आजियाटा लिमिटेडको ८०% शेयर सात बर्ष पछि सन् १ डिसेम्बर २०२३ तद्अनुसार २०८०।०८।१५ मा अफसोर कम्पनीहरु आजियाटा ग्रुप र स्पेक्ट्रलाइट यूके बिच अफसोरमा नै नेपाल दूरसञ्चार प्राधिकरणको अनुमति बिना वास्तविक वित्तीय विवरणहरुले पुष्टी गरेको तथ्यभन्दा अत्यन्त कम ५ करोड डलरमा बिक्री गरिएको भनी घोषणा हुनु, "Deferred Consideration" को आवरणमा वास्तविक कारोबार लुकाई नेपाल सरकारलाई ठगी गर्ने गरी गरिएको, नेपाल दूरसञ्चार प्राधिकरणमा कानुनत: आएको सम्पत्तिलाई उच्च अदालत पाटनबाट समेत सदर गरीसकेको अवस्थामा **लिलामी** प्रक्रियालाई एनसेल आजियटालाई दिलाउन यी प्रतिवादी ज्योति प्रकाश पाण्डेले बैंकको सञ्चालक समितिको मिति २०८२ असार २० (४ जुलाई २०२५) को ६२३ औँ बैठकबाट "एनसेल आजियाटा लिमिटेडसँग मात्र सम्पर्क गर्न र धितो खरिद गर्न इच्छुक छ कि छैन भनी सोधपुछ गर्न" र सहमति भएमा मात्र असुली प्रक्रिया अघि बढाउन निर्देशन दिएको, नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिका २०८२ (इ.प्रा. निर्देशन नं. २/०८२ को १३ ख) र सर्वोच्च अदालतको फैसला (०७०-WO-०३७८) को ठाडै उल्लंघन गरी बैंक धितो लिलामीको सूचनामा घरधनीहरूको बक्यौता बहाल र विद्युत महसुल बापतको रु. ४० करोड थप भुक्तानी गर्नुपर्ने सर्त राखेको र सो वमोजिमको रकम पीडित जाहेरवाला उषा प्रधान लगायतका घरधनीहरूलाई भुक्तानी नगरी बैंकमै राखि लाभ लिएको तथा बाँकी रु.२ करोड आफैले खाईमासी हिनामिना गरी अनियमित आर्थिक कारोबार गरी गराई लिलामी गरेको समेतका तथ्यहरुबाट नेपाल सरकार समेतलाई ठगी गरेको देखिई प्रतिवादीहरुले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ मा परिभाषित ठगी (Cheating/Fraud), सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ मा परिभाषित संगठित अपराध कसूर र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (BAFIA) को दफा १०३(च) मा परिभाषित बैंकिङ्ग कसूर (Banking Offence) को वारदातहरु स्थापित हुन आउँछ ।

## बिगो कायमका आधार, बिगो रकम तथा क्षतिपूर्ति

| क्र सं | बिगो कायमका आधार | जम्मा बिगो (रु) | क्षतिपूर्ति दायित्व | क्षतिपूर्ति पाउनुपर्ने पीडित |
|---|---|---|---|---|
| १ | नेपाल सरकार वा नेपाल दूरसञ्चार प्राधिकरणबाट स्मार्ट टेलिकम प्रा लि को सम्पूर्ण भौतिक पूर्वाधार, सञ्जाल र संरचना सहितको सम्पत्ति मुल्याङ्कन प्रतिवेदन प्राप्त हुन नआएको, सो सम्पत्तिको मुल्याङ्कन सम्बन्धमा प्रमाण ऐन, २०३१ को उपदफा (१) बमोजिमको विबन्धन (Principal of Estoppel अवधाराणा) हुन आउने "बैंकको मिति २०८२/०६/२० गतेको 'आशय पत्र' (Letter of Intent), मितिः २०८२/०६/२०(२०२५ अक्टोबर ५)को LRC निर्णय र सञ्चालक समितिको ६२६ औं बैठक निर्णय, एनसेलको निर्णय नं. ३३/२५ (DCR 33/25)को निर्णय र सर्वेश जोशीको निवेदनका आधारमा बैंकले निजलाई दिलाएको Interest Waiver" समेतका कागजातहरुका आधारमा कर्जा राफसाफ गर्ने आवरणमा ठगी गरेको (घर भाडा, विद्युत महसुल लागायत स्मार्ट टेलिकमको सर्वसाधारण व्यक्तिलाई तिर्नुपर्ने बाहेकको रकम) | ४,२०,००,००,०००।- | १) सर्वेश जोशी,<br>२) सतिशलाल आचार्य,<br>३) सचिन लाल आचार्य<br>४) भाष्कर नरसिंह जोशी,<br>५) ज्योति प्रकाश पाण्डे,<br>६) पृथ्वी बहादुर पाँडे,<br>७) प्रजन्य राजभण्डारी,<br>८) कबि कुमार टिब्रेवाला,<br>९) दिपाङ्कर शाक्य उडाई ,<br>१०) शालिकराम बेलबासे,<br>११) शोभा श्रेष्ठ। | नेपाल सरकार |

| | | | | |
|---|---|---|---|---|
| २ | सोही कर्जा राफसाफ गर्ने आवरणमा अवैध लिलामीमा समावेश विद्युत तथा घरधनीहरूको **चालिस करोड** मध्येको जाहेरवाला उषा प्रधानको मागदावी रकम। | ७,१९,००,०००।- | १) सर्वेश जोशी,<br>२) सतिशलाल आचार्य,<br>३) सचिन लाल आचार्य<br>४) भाष्कर नरसिंह जोशी,<br>५) ज्योति प्रकाश पाण्डे,<br>६) पृथ्वी बहादुर पाँडे,<br>७) प्रजन्य राजभण्डारी,<br>८) कबि कुमार टिब्रेवाला,<br>९) दिपाङ्कर शाक्य उडाई ,<br>१०) शालिकराम बेलबासे,<br>११) शोभा श्रेष्ठ। | जाहेरवाला उषा प्रधान |
| ३ | सोही कर्जा राफसाफ गर्न अवैध लिलामी प्रक्रियामा समावेश विद्युत तथा घरधनीहरूको चालिस करोड मध्येको बाँकी रकम। | १६,३३,५००।- | | पन्नाकाजी महर्जन |
| ४ | सोही कर्जा राफसाफ गर्न अवैध लिलामी प्रक्रियामा समावेश विद्युत तथा घरधनीहरूको चालिस करोड मध्येको बाँकी रकम। | १३,१५,१२१।- | | प्रकाशभक्त श्रेष्ठ |
| ५ | सोही कर्जा राफसाफ गर्न अवैध लिलामी प्रक्रियामा समावेश विद्युत तथा घरधनीहरूको चालिस करोड मध्येको बाँकी रकम। | ३२,५१,५१,३७९/- | स्मार्ट टेलिकमले टावर राख्नका लागि भाडामा लिएको ६०४ जना तथा अन्य घरधनीहरुबाट नियानुनासर जाहेरी प्राप्त भएका बखत कानून वमोजिम हुनुपर्ने। | |
| ६ | अवैध लिलामी प्रक्रियाका लागि ट्रान्सगेट टेक प्रा.लि.को तर्फबाट सो प्रा.लि.को अध्यक्षको हैसियतमा बोलपत्र सम्बन्धी कागजात व्यवस्थापन गर्दै धरौटी बापत नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको खातामा जम्मा गरेको रकम | ४,४५,००,०००।- | १) पलिना श्रेष्ठ। | - |
| ७ | अवैध लिलामी प्रक्रियाका लागि प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि.को तर्फबाट सो प्रा.लि.को संचालकको हैसियतमा बोलपत्र सम्बन्धी कागजात व्यवस्थापन गर्दै धरौटी बापत नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको खातामा जम्मा गरेको रकम | ४,२५,००,०००।- | १) खुमनाथ अधिकारी | - |
| ८ | अवैध लिलामी प्रक्रियाका लागि प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि.को तर्फबाट सो प्रा.लि.को संचालकको हैसियतमा बोलपत्र सम्बन्धी कागजात व्यवस्थापन गर्दै धरौटी बापत नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको खातामा जम्मा गर्नका लागि व्यवस्थापन गरेको रकम | ४,२५,००,०००।- | १) नरेन्द्र उलक | - |
| ९ | नेपाल दूरसञ्चार प्राधिकरण (NTA) को ०८२/८३-४४१ च.नं.२.१-३६३६, मिति २०८३/०३/११ को पत्रमा उल्लेख स्मार्ट टेलिकम प्रा.लि. (STPL) ले नेपाल सरकार र नेपाल दूरसञ्चार प्राधिकरणलाई दिलाउनुपर्ने रकम- | ४,३६,५८,२०,४४२।- | १) सर्वेश जोशी,<br>२) सतिशलाल आचार्य,<br>३) भावना सिंह श्रेष्ठ<br>४) सचिनलाल आचार्य | नेपाल सरकारलाई |
| १० | प्रमाण ऐन, २०३१ को उपदफा (१) बमोजिमको विबन्धन (Principal of Estoppel अवधाराणा) हुन आउने स्वघोषित एनसेल शेयर खरिद-बिक्री सम्झौता (SPA) बमोजिम कारोबार गरी नेपाल सरकारलाई ठगी गरेको रु.८७,०२,६४,००,०००/- रकम- | ८७,०२,६४,००,०००।- | १) सतिशलाल आचार्य<br>२) डा. श्रीधीर सरिपुक्ता हन्स विजयसुरिया<br>३) अव्दुजावोर कायुमोभ<br>४) थन्डालाम | नेपाल सरकारलाई |

| | | | | |
|---|---|---|---|---|
| | | | भिराभल्ली थिरुमला चारी<br>५) अमाली नानायाकरा<br>६) डोनाल्ड जेम्स रे<br>७) नियो हुई यु | |
| | **कुल जम्मा रुपैंया** | **९६,१२,१७,२०,४४२/-** | | |

बिरुद्ध खण्डमा उल्लेखित प्रतिवादीहरुले संगठित संस्थाको आवरणमा नेपाल सरकारलाई ठगी गर्ने उदेश्यले नेपाल बाहिर अफशोर कारोबार गरी गैह्र कानूनी रुपमा एनसेल आजियटा लिमिटेडको शेयर लिई सोही शेयर खरिद बिक्रि पश्च्यात एनसेलको संचालक समितिमा परिवर्तन भई संचालक समितिको अध्यक्षमा सतिशलाल आचार्य नियक्ति भई आएपछी निज समेतकै योजना र संलग्नतामा साविकको आफ्नो लगानी भएको स्मार्ट टेलिकम प्रा लि को नाममा रहेको कर्जा सेटलमेन्ट गर्ने आवरणमा नेपाल सरकारको/दूरसञ्चार प्राधिकरणको नाममा आएको सम्पत्ति गैह्र कानूनी रुपमा सेटीङ मार्फत  लिलाम गरी गराई नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले ऋण सेटलमेन्ट गराएको तथा भाडा वापतको रकम भनी रु. ४० करोड समेत लिई लाभग्राहीलाई फिर्ता नदिएको, एनसेल आजियटा लिमिटेडले आफ्नो क्रसहोल्डिङ कम्पनीको कर्जा राफसाफ गराई व्याजमा छुट समेत लिएको प्रस्तुत कार्यबाट नेपाल सरकारको नाममा आएको सम्पत्ति बेचबिखन भई नेपाल सरकारको हक हनन् हुने कार्य भए गरेको र सो कार्य भईरहेको अवस्था सो पश्च्यात समेतका समयमा दूरसञ्चार प्राधिकरणका तत्कालिन अध्यक्षले कानून वमोजिम गर्नुपर्ने कार्य नगरी नगराई नेपाल सरकारलाई हानी नोक्सानी गरी आपराधिक लाभ दिलाउने कार्य भए गरेको देखिएबाट निज प्रतिवादीहरु उपर प्रमाणहरुको तथ्यगत श्रृंखला समेतको आधारमा तपसिल बमोजिम सजायको मागदावी लिईएको छ।

**१)** **<u>प्रतिवादी सर्वेश जोशीको हकमा:</u>**

**स्मार्ट** टेलिकम प्रा.लि.को वित्तीय, व्यवस्थापकीय, नियामकीय तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी महत्वपूर्ण निर्णय प्रक्रियामा प्रतिवादी सर्वेश जोशीको भूमिका कम्पनीमा सर्वोच्च कार्यकारी तहमा रहेको देखिन्छ। स्क्वायर नेटवर्क प्रा.लि. (Square Network Pvt. Ltd.) नामक कम्पनीमार्फत् पहिलेदेखि नै २० प्रतिशत शेयर हिस्सा सर्वेश जोशीले सन् २०१५ को अक्टोबर/नोभेम्बर तिर सचिन लाल आचार्य र भावना सिंह श्रेष्ठबाट स्क्वायर नेटवर्क प्रा.लि. आफ्नो एकल नाममा खरिद बिक्रीबाट नभई हस्तान्तरण गरी लिएकोमा स्क्वायर नेटवर्क जोशीको नाममा आएपछि उनी स्वतः स्मार्ट टेलिकमको पनि २० प्रतिशत शेयरधनी तथा सञ्चालक बनेको देखिन्छ। स्वामित्व हस्तान्तरण गर्ने सचिन लाल आचार्य सर्वेश जोशी, भावना सिंह श्रेष्ठ, सतिश लाल आचार्य नाता सम्बन्धका ब्यक्तिहरु रहेको भनी प्रतिवादी सर्वेश जोशीले स्वीकार गरेको देखिन्छ। यसरी पारिवारिक नाताभित्रैबाट कम्पनीको स्वामित्व हस्तान्तरण भएको, निजको एकल नाममा रहेको स्क्वायर नेटवर्क प्रा.लि. को चुक्ता पूँजी रु. ५० लाख बराबर रहेको र यसले स्मार्ट टेलिकममा ६४,००० कित्ता शेयर ओगटेको देखिन्छ। अतः सर्वेश जोशीले आफ्ना आफन्तहरू सचिन लाल आचार्य र भावना सिंह श्रेष्ठबाट स्क्वायर नेटवर्क प्रा.लि.मार्फत् स्मार्ट टेलिकमको २० प्रतिशत स्वामित्व र नेतृत्व प्राप्त गरेकोमा कम्पनीका तर्फबाट बैंकहरूबाट कर्जा लिने,

नवीकरण गर्ने र बैंकिङ सुविधाहरू उपयोग गर्न सर्वेश जोशीलाई प्रयोग गरेको देखिन्छ। सो तथ्यलाई साविकमा कर्जाको जमानीकर्ता सचिनलाल आचार्य समेत रहेको र शेयर हस्तान्तरण हुदा बैंकमा जानकारी नगराएको तथा बैंकले समेत सो सम्बन्धमा कुनै कागजातहरु नराखेबाट यिनीहरु एकै परिवारभित्रका रहेको पुष्टी हुन्छ। कम्पनीले लिएको करिब रु. ६ अर्ब २० करोडको सहवित्तीयकरण ऋण (Consortium Loan) का लागि आफ्नो व्यक्तिगत जमानी (Personal Guarantee) दिएका देखिन्छ। नेपाल दूरसञ्चार प्राधिकरण (NTA) सँग अनुमतिपत्र नवीकरण गर्ने र सरकारलाई बुझाउनुपर्ने अर्बौंको दस्तुर व्यवस्थापन गर्ने प्राथमिक कर्तव्य अध्यक्षको हैसियतमा सर्वेश जोशीलाई सचिनलाल आचार्य तथा सतिशलाल आचार्यले परिचालन गरी भावनासिंह श्रेष्ठ मार्फत फण्ड म्यानेजमेन्ट गरी गरीदिई वास्तविक हिताधिकारीको हैसियतमा सचिनलाल सेमतले कार्य गरेको देखिन्छ। तत्काल **तीन करोड बीस लाख रुपैंया पुंजी** भएको स्मार्ट टेलिकमले **छ अर्ब रुपैंया भन्दा बढीको कर्जा सीमाका लागि मात्र रु. चार करोड तीन लाख चौवालिस हजार बजार मूल्य भएको जग्गा धितो राखेर** अर्बौंको सुरक्षण अपुग (Deficiency) रहेको समेत अवस्था थियो। कम्पनीले रु. २० अर्बभन्दा बढीको नवीकरण दस्तुर र अन्य सरकारी बक्यौता बुझाउन नसकेका कारण मिति २०८०/०१/०३ देखि अनुमतिपत्र स्वतः रद्द भएको थियो। मिति २०७९ पुस २२ मा भएको बैंकहरूको बैठकमा सर्वेश जोशीले "अनुमतिपत्र खारेज नभएको" र "Ncell सँग मर्जर प्रक्रियामा रहेको" भनी एनसेल र स्मार्ट टेलिकम प्रा लि एकै समुहबाट संचालित हुन भनी तत्काल आफैंले स्वीकार गरेको तथ्य बैंकहरु अभिलेख समेतबाट पुष्टी हुन्छ।

**अनुमतिपत्र** खारेज भएपछि सरकारी स्वामित्वमा आइसकेको सम्पत्तिलाई निजी क्षेत्र (एनसेल) मा पुऱ्याउन मिति २०८२/०५/२० मा सर्वेश जोशीले बैंकलाई "धितो सम्पत्ति लिलाम गरी बैंकले असुल गर्न" निवेदन दिएको र सर्वेश जोशीले आफ्नो बयानमा बैकले "कर्जा रिकभरी सम्बन्धी सामान्य नोटिस" भनी हस्ताक्षर गराइएको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडले सर्वेश जोशीको नाममा रकम भुक्तानी गर्ने सम्बन्धमा मिति २०८१/११/२० गते पत्र लेख्दै "आजका मितिले २०८१/१०/२७ दिनभित्र तिर्नुपर्ने सम्पूर्ण रकम तिर्नहुन अनुरोध", मिति २०८१/१०/२७ गते पत्र लेख्दै "आजका मितिले २०८१/१०/१० दिनभित्र तिर्नुपर्ने सम्पूर्ण रकम तिर्नहुन अनुरोध" र मिति २०८१/१२/२० गते पत्र लेख्दै "आजका मितिले २०८१/११/२० दिनभित्र तिर्नुपर्ने सम्पूर्ण रकम तिर्नहुन अनुरोध" भनी लेखिएका तीनवटा पत्र समेतका व्यहोरा उल्लेख भएबाट बनावटी कागजातहरु तयार गरी कृतिम रुपमा बैंकले लिलामी प्रक्रिया मिलाएको पुष्टी हुन्छ। सर्वेश जोशीको निवेदनको आधारमा लिलामी प्रक्रिया सम्पन्न गरेको र बैंकबाट गरीएको निर्णयमा साविकका धनीले लिलामीमा सहयोग गरे वापत व्यजमा छुट दिएको समेत देखिएबाट लिलामी प्रक्रियामा प्रतिवादी सर्वेश जोशीको संलग्नता पुष्टी हुन्छ। सम्मानित उच्च अदालत पाटनको फैसला (०७९-WO-१३८६) अनुसार सम्पत्ति प्राधिकरणको नियन्त्रण र स्वामित्वमा रहने स्पष्ट हुँदाहुँदै सर्वेश जोशीले बैंकको लिलामी प्रक्रियालाई चुनौती दिनुको सट्टा सहमति जनाएको देखिन्छ। एनसेलको शेयर खरिद-बिक्री सम्झौता (SPA) मा स्मार्ट टेलिकम प्राप्ति गरेमा थप भुक्तानी दिने शर्त रहनु र सर्वेश जोशीले लिलामीमा सघाउनुले पारिवारिक एनसेल आजियटा लिमिटडका संचालकहरु सतिशलाल आचार्य, भावना सिंह श्रेष्ठ आचार्यका साथै सचिन लाल आचार्यको स्मार्ट टेलिकम प्रा लि मा भएको स्वामित्व "क्रसहोल्डिङ", व्यवसायिक देखिने आपराधिक र संगठित मिलेमतोलाई पुष्टि गर्छ।

**स्मार्ट** टेलिकमको कर्जाको किस्ता तिर्नका लागि बैंकका सीईओ ज्योति प्रकाश पाण्डे नेपालबाट दुबई गई विदेशी साझेदार रोमियो एब्डो तथा बाबुजान समेतलाई भेटी रकम व्यवस्थापन गरेको भनी प्रतिवादी ज्योति

प्रकाश पाण्डेले खुलाई दिएको र सो भेटघाट पश्च्यात स्मार्ट टेलिकमको खातामा रु. १० करोड जम्मा भई ऋणको सावाँ ब्याज तिर्न प्रयोग भएको समेत देखिन्छ। यसै गरी नेपाल दूरसञ्चार प्राधिकरणको पत्रबाट प्राप्त Stoneva Limited, Dubai P.B. 118311, Tel# 10971145899811 का संचालकका तर्फबाट Zeina Ei Hajje ले सन् २३ मार्च २०२२ मा दस्तखत गरेको "Letter of Support" विवरणमा Romeo Abdo ले सो कम्पनी मार्फत् स्मार्ट टेलिकम प्रा लि मा USD 70 mio to 100 mio लगानी गर्ने भन्ने दूरसञ्चारलाई जानकारी गराएको पत्रबाट स्मार्ट टेलिकम प्रा.लि.को स्वार्थमा 'क्रसहोल्ड' गर्ने सतिशलाल आचार्यका साथसाथै प्रतिवादी ज्योति प्रकाश पाण्डेले समेत ऋण असुल उपर गर्ने नाममा स्मार्ट टेलिकम प्रा.लि.कै तर्फबाट काम गरेको देखिन्छ।

**प्रतिवादी** सर्वेश जोशीले Minutes of consortium meeting of Smart Telecom Pvt. Ltd. held at Prime Commercial Bank Ltd., HO, Kamalpokhari on January 06, 2023 at 11:00 A.M मा "मर्जर सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि मन्त्रिपरिषदमा पठाइसकिएको तर सरकार परिवर्तनका कारण मर्जर तथा एक्विजिसन नीति स्वीकृत हुन नसकेको हुँदा स्वीकृति प्रक्रिया ढिलाइ भएको" दावीका पछाडि स्वार्थ समूहको चलखेल स्पष्ट हुन आउँछ। सो मर्जर तथा एक्विजिसन नीतिको मस्यौदाको उदेश्य सम्बन्धमा बिश्लेषण गर्दा स्मार्ट टेलिकम प्रा.लि.को नेपाल दूरसञ्चार प्राधिकरणबाट प्राप्त अनुमति पत्रको म्याद अवधि २०९५ सम्म रहेको तर एनसेल आजियाटा लिमिटेडको अनुमति पत्रको अवधि २०८६ मा समाप्त हुने अवस्था विद्यमान रहेकोमा स्मार्टलाई प्राप्त गरे पश्चात एनसेल आजियाटाले २०९५ सम्म नै संचालन गर्न सक्ने भएकाले सोही उदेश्यले नेपाल सरकारलाई २०८६ मा स्वत: आउनुपर्ने सम्पत्ति नोक्शानी गर्ने उदेश्यले प्रस्तुत मस्यौदा तयार भई प्राधिकरणको संचालक समितिले पारित गरेको र सो प्रस्ताव तत्कालिन अवस्थामा सरकारको परिवर्तनसंगै मन्त्री परिषदमा पारित हुन नसकेको भनी ऋण प्रवाह हुने बैंकहरुको सहवित्तीयकरण बैठकमा समेत स्वीकार गरेको देखिन्छ। यसबाट एनसेलले आफ्नो अनुमति पत्र बढाउने रणनितिक प्रयोजनको लागि सो मस्यौदा ल्याएको तथा स्मार्टको सम्पत्ति सकारेको समेत पुष्टी हुन्छ।

**नेपाल** इन्भेष्टमेन्ट मेगा बैंक लि.को सञ्चालक समितिको सन् १६ मे २०२३ मिटिङ नं. ५८८ को बोर्डबाट पारीत भएको कर्जा असुली सम्बन्धी व्यवस्था ( परिच्छेद ८) दफा ३७ (३) मा ऋणीको जायजेथाबाट पूर्णरुपले कर्जाको साँवा ब्याज भुक्तान हुन नसक्ने अवस्था देखिएमा बैंकले कर्जाको ब्याज तथा हर्जना ब्याजमा पूर्ण वा आंशिक रुपमा छुट दिई कर्जा असुल गर्न सक्नेछ भनी उल्लेख गरेकोमा बैंकको आफ्नै नीति विपरीत ऋण दिंदा रहेको मुख्य धितो धापाखेल, ललितपुरमा रहेका कि.नं. ३१०, ३१२, ३१३, ३१४ र ३१५ का जग्गाहरूको लिलामी प्रक्रिया अगाडी नबढाई ब्याज छुट दिनाले बैंकका सञ्चालकहरुले बैंकलाई हानी नोक्सानी हुने गरी उल्लेखित धितो बाहेक अन्य नेपाल सरकारको नाममा आएको दूरसञ्चारजन्य धितो मात्र लिलामी गरी ऋणीबाट प्राप्त गर्नुपर्ने ब्याज छुट दिनाले लिलामी प्रकृया सेटिङ वा एनसेल आजीयाटा लि.ले तथा सो लि.को क्रसहोल्डिङ कम्पनी स्मार्ट टेलिकम प्रा.लि.को योजना मुताबिक गरी गराई नेपाल सरकार/ दूरसञ्चार प्राधिकरणलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेको पुष्टि हुन्छ।

**प्रतिवादी** ज्योति प्रकाश पाण्डे र सतिशलाल आचार्य बीचको ह्वाट्सएप संवादले सर्वेश जोशीले LC कमिसनको १३ करोड तत्काल बुझाउनुपर्ने र सोको व्यवस्था सतिशलाल आचार्यले गर्ने देखिएबाट सर्वेश जोशी केवल **"देखाईएका कागजी पात्र"** मात्र थिए भन्ने पुष्टि हुन्छ। प्रतिवादी सर्वेश जोशीको बैंक खाता (NIMB-०१७०५०२००६८२०८) लाई स्मार्ट टेलिकमको ऋण नियमित देखाउन बिचौलिया खाता (Intermediary

Account) को रूपमा प्रयोग गरिएको देखिन्छ। निजको उक्त खातामा सतिशलाल आचार्य, सचिनलाल आचार्य, अनुपमान तुलाधर, अरुण श्रेष्ठ र पलिना श्रेष्ठ समेतबाट एक अर्ब रुपैयाँ जम्मा भएको देखिन्छ। सो खातामा संकलन भएको रकमलाई "Interest/Installment" शीर्षकमा स्मार्ट टेलिकमको कर्जा तिर्न प्रयोग गरिएको छ। यसरी स्म्मार्ट टेलिकमको वित्तीय हैसियत नभएको अवस्थामा रकमको वास्तविक स्रोत लाभग्राहीहरु सतिशलाल आचार्य, सचिन लाल आचार्य र भावना सिंह श्रेष्ठ आचार्यको एनसेल आजियटा लिमिटेड भएको लुकाउन, एनसेल आजियटा लिमिटेडबाट सुनिभेरा, सुनिभेराबाट भावना, भावनाबाट अनुममान तुलाधर हुँदै रकमलाई लेयरिङ तथा प्लेसमेन्ट गरिएको अनुसन्धानबाट संकलित बैंक-खाता कारोबारहरु विश्लेषणबाट पुष्टी हुन्छ। लिलामी प्रक्रियामा "सहयोग" गरे बापत बैंकले सर्वेश जोशीलाई "परोक्ष कमिसन" रु. २ करोड ६० लाखसम्मको ब्याज छुट (Write Off) दिने निर्णय गरेको देखिन्छ। सर्वेश जोशीले आफ्नो बयानमा स्मार्ट टेलिकमको तर्फबाट घरधनीसँग सम्झौता गरेको र आफूले व्यक्तिगत रुपमा नचिनेको भनी जिम्मेवारी पन्छाउन खोजेतापनि लिलामीमा घरधनीहरूको बक्यौता भाडा र विद्युत महसुल बापतको रु. ४० करोड रकम बैंकले लिलामीको सूचना निकाल्ने क्रममा थप गर्न लगाई सोही बमोजिम रु. ४० करोड समेत क्रसहोल्डिङ रहेको एनसेल आजियाटा मार्फत दिलाउने गरी सेटिङ गरी लिलाम आफ्नो दायित्व समेत लिलामीको आवरणमा हिसाब मिलान गरेको समेत देखिएबाट सर्वेश जोशी र नेपाल इन्भेष्टमेन्ट बैंकको मिलेमतोमा सो रकम पीडितहरू जाहेरवाला उषा प्रधान समेतलाई नदिई हिनामिना गरी ठगी गरेको पुष्टि हुन्छ।

**निज** प्रतिवादी सर्वेश जोशीले एनसेल आजियाटा लिमिटेडका संचालक समेत रहेका प्रतिवादीहरु सतिशलाल आचार्य र प्रतिवादी भावनासिंह श्रेष्ठ आचार्य समेतका प्रतिवादीहरुको खाता मार्फत् प्राप्त शंकास्पद वित्तीय कारोबार गरी प्राप्त गरेको रकम कर्जा किस्ता तिर्न उपयोग गरेको साथै स्मार्ट टेलिकम प्रा.लि.का अध्यक्षको हैसियतमा निजले नेपाल इन्भेष्टमेन्ट बैंक तथा एनसेल आजियटा लिमिटेडका पदाधिकारीहरु/ प्रतिवादीहरुको समेतको मिलेमतोमा स्मार्ट टेलिकमलाई रणनीतिक रूपमा वित्तीय पतनतर्फ लगेको, अनुमतिपत्र खारेज भएपछि सरकारको स्वामित्वमा आउनुपर्ने अबौंको पूर्वाधारलाई बिना मुल्याङ्कन नेपाल इन्भेष्टमेन्ट मेगा बैंक र एनसेल आजियटा प्रा.लि.को स्वार्थमा लिलामी गर्न बैंकलाई "सहमति पत्र" दिई उच्च अदालत पाटनको आदेश प्रतिकुल दूरसञ्चार प्राधिकरणको स्वत: स्वामित्वमा आईसकेको सम्पत्ति नेपाल सरकार/सार्वजनिक संस्थानको हक टुटाउने उदेश्यका साथ बैंकसँग मिलेमतो गरी रजिष्ट्रार संस्थाहरुको गैह्र कानूनी निर्णयहरुको आधारमा संगठित रुपमा ठगी गरेको पुष्टि हुन्छ। अत: निज प्रतिवादी सर्वेश जोशीले गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र उपदफा (२) बमोजिमको ठगीको कसूर भएकोमा निज प्रतिवादीलाई सोही संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) ले निषेधित उपदफा (२) ले परिभाषित ऐ. उपदफा (३) को खण्ड (क) बमोजिमको कसूर गरेकोमा ऐ. ऐनको दफा ९ को खण्ड (क) बमोजिम थप सजाय समेत गरी पाउन मागदावी लिईएको छ।

२) **<u>प्रतिवादी नरेन्द्र उलकको हकमा:</u>**

**नरेन्द्र** उलक स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलामी प्रक्रियामा **"वित्तीय सहजकर्ता" (Financial Facilitator)** को रूपमा देखिएका निजको मुख्य भूमिका लिलामी प्रक्रियालाई "प्रतिस्पर्धात्मक" देखाउन प्रयोग गरिएको कम्पनी **प्रोफेसनल विजनेश नेटवर्क प्रा.लि.** का लागि अल्पकालीन धरौटी रकम (Bid Deposit) व्यवस्थापन गरिदिनु रहेको देखिन्छ। निज र नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) का कर्मचारी भाष्कर नरसिंह

जोशीबीच करिब ८-१० वर्षदेखिको व्यक्तिगत तथा व्यावसायिक सम्बन्ध रहेको तथ्य निज स्वयंको बयान र डिजिटल फरेन्सिक प्रतिवेदनबाट पुष्टि हुन्छ। लिलामी प्रक्रियाको 'सेटिङ' अन्तर्गत, भाष्कर नरसिंह जोशीको आग्रहमा प्रतिवादी नरेन्द्र उलकले **सन् २०२५ अक्टोबर ५ र ६** (२०८२ असोज १९ र २० गते) मा शंकास्पद बैंकिङ कारोबार गरेको देखिन्छ। निजले **रु. ४ करोड २५ लाख** बराबरको **चेक नं. ३०३३४४१६५३** प्रोफेसनल विजनेश नेटवर्कका सञ्चालक खुमनाथ अधिकारीको नाममा जारी गरेका थिए। उक्त चेकको पछाडि **"C/W A/c holder 9851330372 for Payment 2:57, 05/10/2025"** र **"C/O: Bhasker sir"** उल्लेख हुनुले बैंक कर्मचारीसँगको मिलेमतोलाई प्रत्यक्ष रूपमा प्रमाणित गर्दछ । बैंक कर्मचारीहरू वर्षा अधिकारी पोखरेल र एलिशा अधिकारीको कागज अनुसार, उक्त चेक प्रमाणीकरणका लागि नरेन्द्र उलकसँग फोन सम्पर्क हुन नसक्दा भाष्कर जोशीले आफ्नै मोबाइलबाट सम्पर्क गराई भुक्तानी सुनिश्चित गराएका थिए। **बैंकिङ** कारोबारको समय र प्रकृतिको विश्लेषण गर्दा यो प्रक्रिया पूर्णतः योजनाबद्ध देखिन्छ । खुमनाथ अधिकारीले सन् १०/५/२०२५ मा मात्र NIMB मा **खाता नं. ०५००५४२०२५०४३६** खोलेको र सोही दिन यी प्रतिवादीको चेकबाट रु. ४ करोड २५ लाख प्राप्त गरेका थिए । बोलपत्र खोल्ने दिन (**सन् १०/६/२०२५**) मा बिहान **११:५८:०७ बजे** उक्त रकम धरौटीका रूपमा जम्मा भई सोही दिन दिउँसो **२:४७:३८ बजे** पुनः उलककै खातामा फिर्ता भएको देखिन्छ । यसरी केवल ३ घण्टाका लागि रकम उपलब्ध गराउनुले प्रोफेसनल विजनेश नेटवर्क वास्तविक बोलदाता नभई एनसेललाई दिलाउनका लागि प्रयोग गरिएको एउटा "डमी प्रतिस्पर्धी" मात्र भएको र नरेन्द्र उलक सो षड्यन्त्रको वित्तीय खम्बा रहेको पुष्टि हुन्छ ।

**नरेन्द्र** उलकको सम्बन्ध केवल बैंक कर्मचारीसँग मात्र सीमित नभई एनसेल र स्मार्ट टेलिकमका मुख्य योजनाकारहरूसँग समेत गहिरो सम्बन्ध रहेको देखिन्छ। सतिश लाल आचार्य र सचिन लाल आचार्य निजका **"नातेदार"** भएको, निजको मोबाइल परीक्षणबाट सतिश लाल आचार्यले ३-४ वर्षअघि नै उलकलाई एनसेल र स्मार्ट टेलिकममा चिनियाँ लगानी भित्र्याउन "एजेन्ट" को रूपमा काम लगाएको र सो क्रममा संवेदनशील कागजातहरू ह्वाट्सएप मार्फत् आदानप्रदान भएको पाइएको छ । निजको साथबाट स्मार्ट टेलिकम र एनसेलसँग सम्बन्धित **४१ पाना कागजातहरू** समेत बरामद हुनुले निज यी दुवै कम्पनीहरु संचालन गर्न संलग्न रहेको देखिन्छ। सो तथ्यलाई निजले बयानको क्रममा बिजनेश कन्सल्टेन्ट रहेको भनी स्वीकार गरेको समेत देखिन्छ । सतिश लाल आचार्य/ भावनासिंह श्रेष्ठका सहयोगी **अनुपमान तुलाधरको NIMB खाता (०१२०५०३०३१४८९३)** बाट नरेन्द्र उलकले विभिन्न समयमा ठूलो परिमाणमा रकम प्राप्त गरेको, सन् २०७९ असार २२ (७/६/२०२२) मा रु. ९ लाख, सन् २०७९ भदौ २३ (९/८/२०२२) मा रु. १८ लाख र सन् २०८० वैशाख २६ (५/९/२०२३) मा रु. ३५ लाख जस्ता विभिन्न किस्ताहरू "INWCLG" मार्फत् जम्मा भएका छन् जसले नरेन्द्र उलकलाई संगठित आर्थिक अपराधको एउटा सक्रिय सदस्यका रूपमा उभ्याएको छ । यद्यपि नरेन्द्र उलकले बयानमा आफ्नो लिलामको लागि दिएको रकम किन आवश्यक परेको हो भन्ने नसोधेको र खुमनाथ अधिकारीलाई नचिनेको भनी दावी गरेका छन्, तर निजले जारी गरेको चेकको **Deposit Slip मा "Bid-Purpose"** स्पष्ट उल्लेख हुनु र बैंक कर्मचारीको "केयर अफ" (C/O) मा कारोबार हुनु, निजको मोबाइलमा भाष्करनरसिंह जोशीसंग कुराकानी भएको र खुमनाथ अधिकारीको मोबाइल नम्वर समेत सेभ भएको देखिनुले रकम दिने क्रममा मिलोमतो थिएन भन्न सकिएन यसबाट नरेन्द्र उलकलाई सम्पूर्ण आपराधिक योजनाको जानकारी रहेको पुष्टि गर्छ। लिलामी प्रक्रियामा प्रतिस्पर्धी बोलपत्रदाताको उपस्थितिलाई सुनिश्चित गर्न वित्तीय

आधार तयार गर्ने तथा नेपाल सरकारको हक टुटाउने कार्य गरेको पुष्टि हुन्छ। अत: निज प्रतिवादी नरेन्द्र उलकले गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र उपदफा (२) बमोजिमको ठगीको कसूर भएकोमा निज प्रतिवादीलाई सोही संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) ले निषेधित उपदफा (२) ले परिभाषित ऐ. उपदफा (३) को खण्ड (क) बमोजिमको कसूर गरेकोमा ऐ. ऐनको दफा ९ को खण्ड (क) बमोजिम थप सजाय समेत गरी पाउन मागदावी लिईएको छ।

३) **प्रतिवादी पलिना श्रेष्ठको हकमा:**

**प्रतिवादी** पलिना श्रेष्ठ स्मार्ट टेलिकम प्रा.लि.को सम्पत्ति लिलामी प्रक्रियामा सहभागी भएको **ट्रान्सगेट टेक प्रा.लि.** की अध्यक्ष तथा प्रबन्ध निर्देशक रहेको, निजका श्रीमान **अरुण श्रेष्ठ** एनसेलका मुख्य योजनाकार सतिश लाल आचार्यका पुराना व्यावसायिक साझेदार र वर्ल्ड डिष्ट्रिब्युसन नेपाल (WDN) का सञ्चालक रहेको तथा यी प्रतिवादी पलिना श्रेष्ठ स्वयंले विगतमा जनरल म्यानेजरको रूपमा कार्य गरेकी देखिन्छन्। निजको पारिवारिक र व्यावसायिक सम्बन्ध एनसेल र स्मार्ट टेलिकमका सञ्चालकहरूसँग गहिरो देखिएकाले लिलामी प्रक्रियालाई "प्रतिस्पर्धात्मक" देखाउन निजको ट्रान्सगेट टेक प्रा.लि. एनसेलको सहयोगीको सहयोगीको रुपमा "डमी बोलपत्रदाता" का रूपमा प्रयोग गरिएको देखिन्छ। लिलामी प्रक्रियाको विश्लेषण गर्दा, पलिना श्रेष्ठले ट्रान्सगेट टेक प्रा.लि.को तर्फबाट **रु. ४४ करोड ५० लाख** को बोलपत्र पेश गरेको, उक्त बोलपत्रका लागि आवश्यक १० प्रतिशत धरौटी रकम **रु. ४ करोड ४५ लाख** व्यवस्थापन गर्न निजले हिमालयन बैंक लिमिटेडबाट **सन् २०२५ सेप्टेम्बर २४ (२०८२ असोज ८)** मा जारी भएका तीनवटा 'Good for Payment' चेकहरू-चेक नं. ३९५२०३५९ (रु.२ करोड), ३९५२०३६३ (रु.१.२० करोड) र ३९५२०३६४ (रु. १.२५ करोड) पेश गरेको, जसमा पलिना श्रेष्ठको एकल दस्तखत रहेको बयान दिएकी छन्। निजको कम्पनीको कुल शेयर लगानी मात्र रु. १ करोड ९५ लाख रहेको कम्पनीको लागि रु. ४४ करोड ५० लाखको बोलपत्र हाल्नु र दूरसञ्चार सेवा सञ्चालनको कुनै अनुभव नहुनुले यो प्रक्रिया केवल एनसेललाई रु. ४ अर्ब ६० करोडमा सम्पत्ति दिलाउने पूर्वनियोजित योजनाको हिस्सा भएको पुष्टि गर्छ।

**बैंकिङ** कारोबारको सुक्ष्म विश्लेषणले पलिना श्रेष्ठ र निजको कम्पनीलाई स्मार्ट टेलिकमको ऋण नियमित देखाउन **"वित्तीय लेयरिङ" (Layering)** को चक्रमा सक्रिय रूपमा समावेश गरिएको देखाउँछ। प्रतिवादी सर्वेश जोशीको NIMB स्थित खाता (०१७०५०२००६८२०८) मा स्मार्ट टेलिकमको ऋण तिर्ने प्रयोजनका लागि पलिना श्रेष्ठ र निजका श्रीमान अरुण श्रेष्ठको खाताबाट विभिन्न समयमा करोडौँ रुपैयाँ रकमान्तर भएको पाइएको जसअनुसार **सन् २०२२ अप्रिल १३ (२०७८ चैत ३०)** मा रु. १ करोड ८० लाख, **सन् २०२२ मे २५** मा रु. ३० लाख र **सन् २०२३ जनवरी १२** मा रु. ९० लाख जस्ता ठूला कारोबारहरु गरी रु. ९ करोडसम्म सर्वेश जोशीको खातामा जम्मा भई सोही रकम पछि स्मार्ट टेलिकमको कर्जा किस्ता भुक्तानीमा प्रयोग भएको देखिनुले निज संगठित आर्थिक अपराधको एक सक्रिय सदस्य रहेको प्रमाणित गर्दछ। निजको साथबाट बरामद भएको **iPhone 14 Pro Max** (IMEI 1: 357853689364355) र विन्डोज ल्यापटपको डिजिटल परीक्षणबाट समेत लिलामी प्रक्रिया र अन्य प्रतिवादीहरूसँगको समन्वयका प्रमाणहरू फेला परेको हुँदा लिलामीमा जालसाजीपूर्ण भूमिका निर्वाह गरी ट्रान्सगेट टेकको अध्यक्षको हैसियतमा पलिना श्रेष्ठले बोलपत्र सम्बन्धी कागजात, धरौटी व्यवस्थापन र बैंकिङ प्रक्रियामा प्रत्यक्ष संलग्न रहँदै नेपाल सरकारको स्वामित्वमा आउनुपर्ने

अर्बौंको दूरसञ्चार सम्पत्तिलाई बेइमानीपूर्वक एनसेल आजियटा लिमिटेडमा हस्तान्तरण गर्ने कार्य गरेको पुष्टी हुन्छ। अत: निज प्रतिवादी पलिना श्रेष्ठले गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र उपदफा (२) बमोजिमको ठगीको कसूर भएकोमा निज प्रतिवादीलाई सोही संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) ले निषेधित उपदफा (२) ले परिभाषित ऐ. उपदफा (३) को खण्ड (क) बमोजिमको कसूर गरेकोमा ऐ. ऐनको दफा ९ को खण्ड (क) बमोजिम थप सजाय समेत गरी पाउन मागदावी लिईएको छ।

४) **प्रतिवादी खुमनाथ अधिकारीको हकमा:**

प्रोफेसनल विजनेश नेटवर्क प्रा.लि.(Professional Business Network Pvt. Ltd.) दर्ता नं. ११०६२८/०६९/०७० र प्यान नं. ६०११२११५१, मुख्य उद्देश्य समुन्द्रपार आयात-निर्यात रहेको, अधिकृत पूँजी केवल रु. १ करोड रहेको यस कम्पनीका तर्फबाट प्रतिवादी खुमनाथ अधिकारीले नेपाल नेपाल इन्भेष्टमेन्ट बैंकमा धितोमा रहेको स्मार्ट टेलिकमको लिलामी प्रक्रियामा भाग लिएको देखिन्छ। शेयर लगानी रु. १ करोड (बासलातमा रु. ९० लाख) र कुल सम्पत्ति रु. १ करोड ४९ लाख मात्र रहेको यो कम्पनीको तर्फबाट खुमनाथ हधिकारीले रु. ४२ करोड ५० लाखको बोलपत्र पेश गरेको देखिदा निजको वित्तीय हैसियत नरहेको, नभएको समेत पुष्टी गर्दछ। बोलपत्र धरौटी रकम(Bid Deposit) व्यवस्थापनका लालि खुमनाथ अधिकारीले बैंक कर्मचारी भाष्कर नरसिंह जोशी र प्रतिवादी नरेन्द्र उलकसंगको मिलेमतोमा रकम व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) का तत्कालीन ब्रान्च म्यानेजर भाष्कर नरसिंह जोशीको अनुरोधमा प्रतिवादी नरेन्द्र उलकले खुमनाथ अधिकारीको नाममा रकम उपलब्ध गरेको देखिन्छ। नरेन्द्र उलकले खुमनाथलाई नचिनेको र कुनै व्यावसायिक सम्बन्ध नभए भनी बयानमा खुलाई लेखाई दिएतापनि भाष्कर नरसिंह जोशीको मार्फत् ३ दिनका लागि सापटी भन्दै रु. ४ करोड २५ लाखको चेक जारी गरीदिएको र चेक जारी गर्दा उक्त चेकको पछाडिपट्टि “C/O: Bhasker sir” उल्लेख हुनुले बैंक कर्मचारी भाष्करनरसिंह जोशी समेतको सहयोगमा दूरसञ्चार क्षेत्रमा कुनै अनुभव र पर्याप्त आर्थिक हैसियत नभएको यो कम्पनीको तर्फबाट अर्बौंको सम्पत्ति सकार्ने गरी बोलपत्र हाल्नुले निज वास्तविक बोलपत्रदाता नभई एनसेल आजियटा लिमिटेडलाई दिलाउनका लागि बोलपत्र प्रक्रियामा मिलेमतो ‘सेटिङ’ गरेको पुष्टि हुन्छ।

**प्रतिवादी** खुमनाथ अधिकारीले प्रोफेशनल बिजनेश नेटवर्क प्रा.लि. मार्फत सोझै कारोबार नगरेको, निजको ब्यक्तिगत नाममा अन्य बैंकहरुमा व्यक्तिखाता रहेकै अवस्थामा अन्य बैंकहरुबाट कारोबार गर्दा शंकास्पस्द कारोबारको रिपोर्टिङ् हुन सक्ने जोखिमलाई लुकाई छिपाई लिलामी प्रक्रिया सम्पन्न गर्नको लागि वारदात मितिभन्दा एक दिन पहिले सन् १०/५/२०२५ मा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) मा व्यक्तिगत खाता नं. ०५००५४२०२५०४३६ खोली सोही दिन (१०/५/२०२५) नरेन्द्र उलकको खाताबाट रु. ४ करोड २५ लाख सोही खातामा प्राप्त गरेको देखिन्छ। सोही दिन उक्त रकम प्रोफेसनल विजनेश नेटवर्कको खाता नं. ०१२०१०२०२६४९५२ मा रकमान्तर गर्दै निज प्रतिवादीले बोलपत्र खोल्ने दिन (१०/६/२०२५) मा बिहान ११:५८:०७ बजे रु. ४ करोड २५ लाख धरौटी (Retention) का रूपमा जम्मा गरेको र बोलपत्र नपरेको बहानामा सोही दिन (१०/६/२०२५) दिउँसो २:४७:३८ बजे उक्त रकम फिर्ता लिई नरेन्द्र उलकको खातामा पठाएबाट केवल ३ घण्टाका लागि मात्र रकम व्यवस्थापन गरिनुले लिलाम प्रक्रिया पूर्णतः योजनाबद्ध "डमी" कम्पनीहरुको सहभागिताबाट सम्पन्न भएको देखाउछ। सो तथ्यलाई नेपाल राष्ट्र बैंकले गरेको छानविनमा समेत शंकास्पद

कारोबार भनी पुष्टी गरीदिएको तथा प्रस्तुत अनुसन्धान शुरु भए पश्च्यात NIMB बैंकले समेत शंकास्पद कारोबार स्वीकार गरेको समेत देखिन्छ। बैंक कर्मचारी वर्षा अधिकारी पोखरेलले नरेन्द्र उलकको चेकबाट खुमनाथको खातामा रकम जम्मा भएको पुष्टि गर्दै नरेन्द्र उलकसँग फोन सम्पर्क हुन नसक्दा भाष्कर जोशीले आफ्नै मोबाइलबाट सम्पर्क गराई भुक्तानी सुनिश्चित गराएको, बैंक कर्मचारी निरज श्रेष्ठले उक्त कारोबार चेक डिपोजिट भौचर मार्फत् भएको र यसलाई शंकास्पद नमानिएको भौचरमा कारोबार प्रयोजनका "Borrowing For Bid" र "Bid Purpose" उल्लेख गरिएको भनी खुलाई लेखाई दिएको र सोही कारोबारलाई पछी शंकास्पद भनी रिपोर्टिङ हुनुले नेपाल सरकारको सम्पत्ति गैह्र कानूनी लिलाम मार्फत नेपाल सरकार/ सार्वजनिक संस्थानको हक टुटाउने कार्यमा संगठित ठगी तथा आपराधिक विश्वासघात कसूरमा प्रतिवादी खुमनाथ अधिकारीको संलग्नता स्पष्ट हुन आउँछ।

**लिलाम** गर्नुअघि धितोको प्रचलित बजार मूल्य (Market Rate) अनुसार मूल्याङ्कन अनिवार्य हुनुपर्नेमा सो नगरी , स्मार्ट टेलिकमको सम्पत्ति प्राधिकरणको नियन्त्रण र नेपाल सरकारको स्वामित्वमा आइसकेको अवस्थामा दूरसञ्चार प्राधिकरणको पूर्व स्वीकृति विना गरिएको लिलामी गैरकानूनी र अदालतको फैसलाको प्रतिकूल रहेको साथै धितो लिलामी पारदर्शी र वास्तविक प्रतिस्पर्धात्मक हुनुपर्ने सम्मानित सर्वोच्च अदालतको सिद्धान्त विपरित "डमी" कम्पनी प्रयोग गरी अपराधलाई मूर्त रुप दिने कार्यमा प्रतिवादी खुमनाथ अधिकारीको स्पष्ट भूमिका देखिन आएको हुँदा निज प्रतिवादी खुमनाथ अधिकारीले गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र उपदफा (२) बमोजिमको ठगीको कसूर भएकोमा निज प्रतिवादीलाई सोही संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) ले निषेधित उपदफा (२) ले परिभाषित ऐ. उपदफा (३) को खण्ड (क) बमोजिमको कसूर गरेकोमा ऐ. ऐनको दफा ९ को खण्ड (क) बमोजिम थप सजाय समेत गरी पाउन मागदावी लिईएको छ।

५) **<u>प्रतिवादी ज्योति प्रकाश पाण्डेको हकमा:</u>**

**प्रतिवादी** ज्योति प्रकाश पाण्डे नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) को प्रमुख कार्यकारी अधिकृत (CEO) को रूपमा बैंकको सम्पूर्ण दैनिक सञ्चालन, रणनीतिक व्यवस्थापन र ऋण असुली प्रक्रियाको सर्वोच्च जिम्मेवार अधिकारीको हैसियतले स्मार्ट टेलिकम प्रा.लि.लाई ऋण दिने, सो प्रा.लि.बाट धितोको रुपमा लिएको सम्पत्ति नेपाल सरकार/ सार्वजनिक संस्थानको भए पश्च्यात लिलामी गरेको, निजकै नेतृत्वमा बैंकले स्मार्ट टेलिकमलाई प्रवाह गरेको करिब रु. ३.४८ अर्बको गैर-कोषमा आधारित (Non-funded) 'खराब कर्जा' (Loss Loan) गैह्रकानूनी प्रक्रियाबाट राफसाफ गराउनका लागि एनसेल आजियाटा लिमिटेडका संचालक सतिशलाल आचार्यसंग UAE मा भेटघाट गरी योजना बनाएको देखिन्छ, जसअनुसार यिनै प्रतिवादीको प्रस्तावमा बैंक संचालक समितिका अध्यक्ष पृथ्वी बहादुर पाँडेले दिएको भ्रमणको स्वीकृतिमा ज्योति प्रकाश पाण्डे सन् २०२३ अप्रिल २६ (राती २१:१६:१७) र सन् २०२३ जुलाई ५ (बिहान ०६:५३:२९) मा प्रतिवादी सतिशलाल आचार्यसँगै युएई (UAE) भ्रमणमा गई एकै होटलमा बसी गोप्य भेटघाट गरेको, यी प्रतिवादी ज्योति प्रकाश पाण्डेको साथबाट बरामद भएको मोबाइलहरुको डिजिटल फरेन्सिक प्रतिवेदन (DFL Report) अनुसार सोही भ्रमणका क्रममा पाण्डेले ह्वाट्सएप संवाद मार्फत् "हाम्रो पुरानो कम्पनी (स्मार्ट सेल) को समस्या भइरहेको छ" भन्दै एल.सी. कमिसन बापत तत्काल १३ करोड रुपैयाँ सर्वेश जोशीले जम्मा गर्नुपर्ने भनी सतिशलाल आचार्यलाई

दबाब दिएका देखिन्छ। ज्योति प्रकाश पाण्डेले नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण विभागबाट दैनिक फोन आइरहेको र आफूलाई गाह्रो भइरहेको, ऋणको बारेमा दूरसञ्चार प्राधिकरणको कर्मचारी उजुरी/ गुनासो सहित नेपाल राष्ट्र बैंक गएको भनी स्वीकार गरेको, उक्त रकम व्यवस्थापन गर्न स्मार्ट टेलिकमका वास्तविक हिताधिकारी सतिशलाल आचार्यलाई ताकेता गरेका साथै नेपाल राष्ट्र बैंकको कडा निगरानीका बाबजुद "हामीले योजना बनाए अनुसार नै यसलाई टुङ्ग्याऔँ" भनी संवाद गरेको देखिएबाट सो कर्जालाई राफसाफ गराउन निज प्रतिवादीले नियामक निकायको निर्देशन र प्रचलित कानूनको बर्खिलाप हुने गरी "सेटिङ"मा लिलामी सम्पन्न गरेको देखिन्छ। बैंक खाता विश्लेषणबाट सन् २०२३-०७-१७ मा स्मार्ट टेलिकमका अध्यक्ष सर्वेश जोशीको बैंक खातामा १० करोड रुपैयाँ (१०० मिलियन) जम्मा भई कर्जा किस्ता तिर्न प्रयोग भएको देखिन्छ सो तथ्यले एनसेल संचालकहरू सतिशलाल आचार्य, सचिनलाल आचार्य र भावनासिंह श्रेष्ठ आचार्यको क्रसहोल्डिङ् स्मार्ट टेलिकममा समेत रहेको पुष्टी हुन्छ।

**स्मार्ट** टेलिकमको कर्जाको किस्ता तिर्नका लागि बैंकका सीईओ ज्योति प्रकाश पाण्डे नेपालबाट दुबई गई विदेशी साझेदार रोमियो एब्डो तथा बाबुजान समेतलाई भेटी रकम व्यवस्थापन गरेको भनी प्रतिवादी ज्योति प्रकाश पाण्डेले खुलाई दिएको र सो भेटघाट पश्च्यात स्मार्ट टेलिकमको खातामा रु. १० करोड जम्मा भई ऋणको सावाँ ब्याज तिर्न प्रयोग भएको समेत देखिन्छ। यसै गरी नेपाल दूरसञ्चार प्राधिकरणको पत्रबाट प्राप्त Stoneva Limited, Dubai P.B. 118311, Tel# 10971145899811 का संचालकका तर्फबाट Zeina Ei Hajje ले सन् २३ मार्च २०२२ मा दस्तखत गरेको "Letter of Support" विवरणमा Romeo Abdo ले सो कम्पनी मार्फत् स्मार्ट टेलिकम प्रा लि मा USD 70 mio to 100 mio लगानी गर्ने भन्ने दूरसञ्चारलाई जानकारी गराएको पत्रबाट स्मार्ट टेलिकम प्रा.लि.को स्वार्थमा 'क्रसहोल्ड' गर्ने सतिशलाल आचार्यका साथसाथै प्रतिवादी ज्योति प्रकाश पाण्डेले समेत ऋण असुल उपर गर्ने नाममा स्मार्ट टेलिकम प्रा.लि.कै तर्फबाट काम गरेको देखिन्छ।

**नेपाल** इन्भेष्टमेन्ट बैंक लिमिटेड तथा प्राइम कमर्सीयल बैंक लिमिटेडबाट स्मार्ट टेलिकम प्रा.लि.लाई प्रवाह भएको Funded/Non-Funded Loan (कर्जा) समेत सम्बन्धमा नेपाल इभेष्टमेन्ट बैंकको Domestic एलसी सम्बन्धी ठोस नीति बिना नै एलसी खोलेको देखिएको, एलसी नं. 001LCIFU16-0521 (USD: 79,00,928.00), 001LCIFU15-0582 (USD: 1,06,50,659.18) / 001LCIFU16-0520 (USD 79,99,982.00) भएको एलसीहरू फोर्स लोन लेखाकंन गर्नुपर्नेमा कर्जा असुली (Recovery) को समयसम्म नै पटक पटक एक्स्टेन्ड गरेको देखिएको, नेपाल राष्ट्र बैंक, इ.प्रा. निर्देशन नं. २/०८२ को बुँदा नं. ३ (ङ) विपरीत हुने गरी एलसी भुक्तानी गर्न फोर्स लोन बुक गरी सो फोर्स लोन ब्रिज ग्याप लोन/टर्म लोन सिर्जना गरी राफसाफ गरेको देखिएको भन्ने नेपाल राष्ट्र बैंकका विज्ञहरुको प्रतिवेदनबाट देखिन् आउँछ।

**नेपाल** इन्भेष्टमेन्ट बैंकबाट रु. ३ करोड २० लाखको पूँजि भएको संस्था, स्थापना कालदेखिनै Retain Loss मा रहेको संस्थालाई ऋण प्रवाह गरिनु, अर्बौमा कर्जा प्रवाह गरेको, सो प्रा.लि.को नाममा कायम भएको सम्पत्तिको सम्बन्धमा Due Deligence Report तयार गर्न वा कर्जा भएदेखि कुनैपनि समयमा कर्जा सदुपयोगिताको सम्बन्धमा निरीक्षण, अनुगमन र सुपरिवेक्षण नगरेको, लिलामी गर्दा प्रयाप्त प्रतिस्पर्धा नभएमा तेस्रो पटकसम्म लिलामीको सूँचना निकाली लिलामी गर्नुपर्नेमा पहिलो पटकमा नै एनसेल आजियाटा लि लाई दिलाउने उदेश्यका साथ कुनै धितोको मुल्याङ्कन विना नै गरीनुले कर्जा प्रवाहदेखि कर्जा राफसाफसम्मको प्रक्रियामा मिलोमतो पुष्टी हुन्छ।

**स्मार्ट** टेलिकमलाई प्रदान भएको कर्जाबाट श्रृजित सम्पत्तिको सम्बन्धमा मिसिल संलग्न कागजातहरु विश्लेषण गर्दा सो प्रा.लि.को सम्पत्ति विरुद्ध गरीएको विमाको विमाङ्क रकम रु. 2,562,896,652.29 गरीएको देखिन्छ तर बैंकले प्राप्त गर्नुपर्ने रकम (ब्याज छुट बाहेक) रु. ४,२१,९५,२२,६६५/२९ रहेको देखिन्छ । यसरी लिलामबाट आफैंले मुल्याङ्कन गरी विमाको प्रमियम तिर्दा गरिएको घोषणा विपरित थप रकम प्राप्त गर्नुपर्ने भएको तथा एनसेल आजियाटा लिमिटेडको संचालकको साविकको लगानी रहेको तथा क्रसहोल्डिङ कम्पनीको कर्जा राफसाफ गराउनु पर्ने तीन वटै संस्था(NIBL/NCELL/SMART)को वाध्यात्मक अवस्था रहेको कारण यी प्रतिवादीहरुले लिलामीमा सेटिङ गरेको पुष्टी हुन्छ ।

**यसैगरी** विज्ञहरुको प्रतिवेदनबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५६ तथा नेपाल राष्ट्र बैंकबाट क, ख, ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत परिपत्र, २०८२ को इ.प्रा.निर्देशन ११/२०८२ को नियम १० को खण्ड (ठ) समेत बमोजिम बैंकले ऋणीले कर्जा रकम सदुपयोग गरेको छ वा छैन भन्ने सम्बन्धमा अनुगमनको तालिका बनाई सो बमोजिम नियमित अनुगमन गरी प्रतिवेदन तयार गरेको नदेखिएको, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०३ बमोजिम धितोमा लिएको सम्पत्ति लिलाम बिक्री गर्दा धितोको मूल्यांकन नै नगरेको, यिनै प्रतिवादी कार्यरत रहेको बैंकको कर्जा असुली निर्देशिका, २०८० को परिच्छेद ९ को बुँदा नं. ३८ को उपबुँदा (१) मा उल्लेखित लिलाम बिक्री गर्दा धितोमा रहेको सुरक्षण पिच्छेको अलग अलग मूल्य तोकेर गोप्य शिलबन्दी बोलपत्र/बढाबढद्वारा गराउनु पर्नेछ भन्ने व्यवस्थाको समेत पालना गरेको नदेखिएको साथै लिलाम सम्बन्धी सूचना प्रकाशन हुनु अगावै नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको सञ्चालक समितिको मिति २०२५ जुलाई ४ मा बसेको बैठक नं. ६२३ ले एनसेल अजियटासँग सम्पर्क /सम्बाद गरी यदि सो कम्पनीले धितो लिलामीमा भाग लिने भएमा लिलामी प्रक्रिया अघि बढाउन प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन दिएको, सोही बैठकले एनसेल अजियटाले लिलामी प्रक्रियामा भाग लिई धितो खरिद गर्ने भएमा धितो लिलाम सम्बन्धी सम्पूर्ण आवश्यक कार्यवाही गरी आवश्यक डिल गर्न यिनै प्रतिवादी ज्योति प्रकाश पाण्डेलाई अख्तियारी दिने निर्णय गरेको, एनसेल अजियटा लि.को मिति २०२५ अगष्ट ६ को सञ्चालक समितिको बैठकले स्मार्ट टेलिकमको सम्पत्ति रु.४।५ बिलियनमा लिलाम मार्फत् खरिद गर्न एनसेलको व्यवस्थापनलाई लिलामी सूचना पूर्व नै अख्तियारी समेत दिएको लगायतका कारणहरूबाट ऋणी कम्पनीको धितो एनसेल अजियटालाई नै बिक्री गर्ने पूर्व तयारी र मिलेमतो रहेको देखिंदा लिलाम प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र कानून बमोजिम नभएको देखिन्छ । कर्जामा ब्याज तथा हर्जाना छुट दिने सम्बन्धमा सो बैंकको कर्जा असुली निर्देशिका,२०८० को परिच्छेद ८ अन्तर्गत बुँदा नं.३७ को उपबुँदा (३) मा ऋणीको जायजेथाबाट पूर्ण रुपले कर्जाको साँवा तथा ब्याज चुक्ता भुक्तान हुन नसक्ने अवस्था देखिएमा बैंकले कर्जाको ब्याज तथा हर्जाना ब्याजमा पूर्ण तथा आंशिक रुपले छुट दिई कर्जा असुल उपर गर्न सक्नेछ भन्ने उल्लेख भएको तर सुरक्षणमा रहेको धितो बापतको धापाखेल, ललितपुरमा रहेका कि.नं. ३९०, ३९२, ३९३, ३९४ र ३९५ का जग्गाहरूको लिलामी प्रक्रिया अघि नबढाई अन्य सम्पत्तिको मात्र लिलाम बिक्री गरी प्राप्त रकमबाट हिसाब मिलान गर्न ब्याज तथा हर्जाना छुट दिएको, बैंकले प्रकाशन गरेको लिलामीको सूचनानुसार रु.४०० मिलियन थप कबोल गर्नुपर्ने उल्लेख भएकोमा कुन मूल्यमा यस्तो रकम थप गर्नुपर्ने वा गरिएको हो भन्ने विषय नखुलाएको साथै सूचनाको शर्तानुसार थप गर्नुपर्ने भनिएको पूरा रकम रु चालिस करोड समेत बैंकमा नदेखिएको र "बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ५७ को उपदफा (४) मा लिलाम बिक्री गरी साँवा, व्याज र हर्जाना रकम असुल गर्दा भएको

खर्चको रकम र बैंक वा वित्तीय संस्थाको सावाँ, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएमा त्यस्तो बाँकी रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ।" भन्ने व्यवस्था रहेकोमा बैंकले सावाँ, व्याज छुट दिई बैंकले लिनु पर्ने सम्पूर्ण रकम नलिई लिलामीको सूचनामा उल्लिखित शर्त बमोजिमको रकमको आंशिक रकम (रु. ३८० मी.) समेत बैंकले आफैंसँग राखेको भनी बैंक आफैले स्वीकार गरीसकेको देखिदा अनियमित आर्थिक कारोबार गरी लिलामीको सूँचनामा उल्लेखित शर्त बमोजिमको कार्य नगरी नगराई जाहेरवाला उषा प्रधान समेतलाई ठगी तथा आपराधिक विश्वासघातको कसूर गरेको पुष्टी हुन्छ।

**लिलामी** प्रक्रियालाई एनसेल आजियटाको दिलाउन यी प्रतिवादी ज्योति प्रकाश पाण्डेले बैंकको सञ्चालक समितिको मिति २०८२ असार २० (४ जुलाई २०२५) को ६२३ औँ बैठकबाट "एनसेल आजियाटा लिमिटेडसँग मात्र सम्पर्क गर्न र धितो खरिद गर्न इच्छुक छ कि छैन भनी सोधपुछ गर्न" र सहमति भएमा मात्र असुली प्रक्रिया अघि बढाउन निर्देशन दिन लगाएका देखिन्छ। बैंक संचालक समितिबाट पारीत यो निर्णय लिलामीको सार्वजनिक सूचना (२०८२ साउन २३) निस्कनुभन्दा अगावै भएको थियो, जसले लिलामी प्रक्रिया "देखावटी" मात्र रहेको र एनसेललाई नै सम्पत्ति सुम्पने पूर्वनियोजित योजना रहेको प्रमाणित गर्छ साथै निजले नेतृत्व गरेको ऋण असुली समिति (LRC) ले रु. ४.६ अर्बको एनसेलको बोलपत्र स्वीकृत गर्दा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिका २०८२ (इ.प्रा. निर्देशन नं. २/०८२ को १३ ख) र सर्वोच्च अदालतको फैसला (०७०-WO-०३७८) को ठाडै उल्लंघन गरेको देखिन्छ। उक्त सम्पत्तिको कुनै स्वतन्त्र मूल्याङ्कन (Independent Valuation) नगरी वासलातको मूल्यलाई मात्र आधार मानेको भन्ने निजले आफ्नो बयानमा समेत स्वीकार गरेका छन्। बैंकको पत्र (च.नं. Com/Police/9403/082/083) ले लिलाम हुने सम्पत्तिको अनिवार्य मूल्याङ्कन गर्नुपर्ने बाध्यात्मक व्यवस्था नरहेको भनी दिएको तर्क सम्मानित सर्वोच्च अदालतबाट भएको परमादेश र न्यायिक मर्म विपरीत भएको तथ्य आफैंमा पुष्टि हुन्छ। बैंकबाट लिएको जिकिर आफ्नो अपराध स्वीकार्न नसक्नुकै रुपमा लिनुपर्ने देखिन्छ।

बैंक धितो लिलामीको सूचनामा घरधनीहरूको बक्यौता बहाल र विद्युत महसुल बापतको रु. ४० करोड थप भुक्तानी गर्नुपर्ने सर्त राख्ने कार्यमा पनि ज्योति प्रकाश पाण्डेको मुख्य भूमिका देखिएको छ, जुन मिति ६ अगस्ट २०२५ को कन्सोर्टियम बैंकहरू(नेपाल इन्भेष्टमेन्ट बैंक र प्राइम कमर्सियल बैंक)को बैठकबाट पारित भएको देखिदैन। उक्त रकम एनसेलबाट असुल गरिए पनि पीडित जाहेरवाला उषा प्रधान लगायतका घरधनीहरूलाई भुक्तानी नगरी बैंकमै रोक्का राखेर ठगी गरिएको साथै बैंकको पत्र (च.नं. COM/Police/९०७६/०८२/०८३) अनुसार उक्त रु. ४० करोड मध्ये बैंकले रु. ३८ करोड मात्र रोक्का राखिएको देखिएबाट बैंकले बाँकी रु. २ करोड आफैले खाईमासी हिनामिना गरेको समेत देखिन आउँछ। साथै यसरी चालिस करोड रुपैंया थप गरी सूँचना निकाल्ने सम्बन्धमा बैंकबाट कुनै निर्णय नभएको भनी बैंक आफैंले स्वीकार गरेको तथा सहवित्तीयकरणमा सहभागी बैंक प्राइम कर्मसीयल बैंकले चालिस करोड रुपैंया सम्बन्धमा कुनै निर्णय नभएको सो कार्यमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक जिम्मेवार हुने भनी उल्लेख गरेबाट ऋण असुली सम्बन्धि कार्यमा प्रमुख भूमिका यिनै प्रतिवादी ज्योति प्रकाश पाण्डेको रहेकोले प्रस्तुत वारदातमा निजको संलग्नता पुष्टी हुन्छ।

**नेपाल** इन्भेष्टमेन्ट बैंक लिमिटेडले सर्वेश जोशीको नाममा रकम भुक्तानी गर्ने सम्बन्धमा मिति २०८१/११/२० गते पत्र लेख्दै "आजका मितिले २०८१/१०/२७ दिनभित्र तिर्नुपर्ने सम्पूर्ण रकम तिर्नहुन अनुरोध", मिति २०८१/१०/२७ गते पत्र लेख्दै "आजका मितिले २०८१/१०/१० दिनभित्र तिर्नुपर्ने सम्पूर्ण रकम

तिर्नहुन अनुरोध" र मिति २०८१/१२/२० गते पत्र लेख्दै "आजका मितिले २०८१/११/२० दिनभित्र तिर्नुपर्ने सम्पूर्ण रकम तिर्नहुन अनुरोध" भनी लेखिएका तीनवटा पत्र समेतका व्यहोरामा फेला परेको पत्र लेखेको मिति र रकम भुक्तान गर्नुपर्ने अवधि नमिलेको देखिनु साथै निज सर्वेश जोशीले "कर्जा रिकभरी सम्बन्धी सामान्य सूचना" भनी व्यहोरा पढ्न नदिई हतारमा कागजातमा सही गराइएको भनी उल्लेख गरेबाट लिलामी प्रक्रिया मिलाउन कागजातहरु बैंकले मिलाएको पुष्टी हुन्छ यसैगरी बैंकको आन्तरिक मेमोरेन्डम र निर्णयहरूमा ऋणी सर्वेश जोशीले "लिलामी प्रक्रियामार्फत् सम्पत्ति बिक्री गर्न सहमति दिएको" र ऋण असुलीको रकमको आधार देखाई ज्योति प्रकाश पाण्डेकै अध्यक्षतामा बसेको बैंकको ऋण असुली समिति (LRC) को बैठक (NIMB/LRC/005/FY2082/83) बाट ऋणी सर्वेश जोशीलाई रु. २ करोड ६० लाखसम्म ब्याज मिनाहा दिने सिफारिस गरे बमोजिम सञ्चालक समितिको ६२६ औँ बैठकले उक्त ब्याज मिनाहा (कुल रु. २५.८२ मिलियन बराबरको 'Write off') लाई संचालक समितिका पदाधिकारीहरु मध्ये वहुमत सद्स्यहरुबाट अनुमोदन गरेको देखिन्छ। बैंकबाट प्रवाह भएको कर्जाको व्यक्तिगत जमानीमा दिएका सचिनलाल आचार्य र भावना सिंह श्रेष्ठ आचार्यको व्यक्तिगत जमानी स्मार्ट टेलिकम प्रा लि को शेयर होल्ड गर्ने स्वायर नेटवर्क प्रा.लि. हस्तान्तरण हुँदा व्यक्तिगत जमानी हस्तान्तरण नभएको भनी बैंकले आफै स्वीकारेको देखिए समेतबाट स्मार्ट टेलिकम प्रा लि को अर्बौको सरकारी बक्यौता असुलीलाई बेवास्ता गर्दै बैंकको ऋण राफसाफ गर्न र एनसेललाई लाभ पुर्‍याउन ब्याज छुटको निर्णय भएको समेतबाट ज्योति प्रकाश पाण्डे समेतको संगठित संस्थाको आवरणमा संगठित रुपमा ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी कसूर गरेको पुष्टी हुन्छ।

**प्रतिवादी** ज्योति प्रकाश पाण्डेले आफ्ना मातहतका कर्मचारी भाष्कर नरसिंह जोशी मार्फत् प्रतिवादी नरेन्द्र उलक र खुमनाथ अधिकारी (प्रोफेसनल विजनेश नेटवर्क) लाई डमी बोलपत्रदाताका रूपमा खडा गरी प्रोफेसनल विजनेश नेटवर्कको संचालकको नाममा वारदात भन्दा अघिल्लो दिन अन्य बैंक तथा वित्तीय संस्थामा खाता रहेकै अवस्थामा शंकास्पद वित्तीय कारोबार लुकाउने मनसायले सोही बैंकमा खाता खोल्न लगाई तीन घण्टाको लागि रकम व्यवस्थापन गर्न नयाँ खोलीएको खाता मार्फत् शंकास्पद कारोबार गराएको देखिन्छ। उक्त शंकास्पद कारोबार पहिचान गर्ने मापदण्ड (Detection Parameter) मा लिलामी प्रक्रियासँग सम्बन्धित विशेष 'Red Flags' सूचकहरूको व्यवस्था नभएको विद्यमान निर्देशिकाको कमि कमजोरीलाई दुरुपयोग गरी लिलामी प्रक्रिया सम्पन्न गरेको, उक्त कारोबार प्रतिवेदनका सम्बन्धमा प्रस्तुत मुद्दा प्रहरीमा दर्ता भई अनुसन्धान सुरु भएपछि र सञ्चार माध्यममा समाचार आएको भनी मिति २०८३/०१/२९ र ३० गते) "Adverse Media News" का आधार उल्लेख गरी वित्तीय जानकारी एकाइमा उक्त STR विवरण प्रतिवेदन गरेको भन्ने समेतको नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण प्रतिवेदनबाट बैंक कर्मचारीहरूको प्रत्यक्ष संलग्नतामा कोष व्यवस्थापन भई शंकास्पद कारोबार हुँदा समेत ऐन र निर्देशन बमोजिम तोकिएको अवधिमा रिपोर्टिङ नगर्नु साथै स्मार्ट टेलिकम प्रा.लि.को कर्जा नियमित गर्ने सिलसिलामा गरिएको कारोबारहरुमा प्रतिवादी सतिशलाल आचार्य, सचिनलाल आचार्य, भावनासिंह श्रेष्ठ आचार्य, सर्वेश जोशी, पलिना श्रेष्ठ, नरेन्द्र उलकका साथै निजहरुको सहयोगीको रुपमा देखिएका अनुमान तुलाधर समेतले गरेको सम्पूर्ण कारोबारहरु क्रस बैंक कारोबार नभई एउटै बैंकभित्र कारोबार सम्पन्न हुनु सो कारोबारहरुमध्ये अनुपमान तुलाधरको Specific NIMB बैंक खाताबाट शंकास्पद कारोबार प्रतिवेदन भई खाता बन्द हुनुबाट बैंकका पदाधिकारीहरूको "बदनियतपूर्ण मौनता" (Willful Blindness) र अपराधमा मौन समर्थन रहेको निष्कर्ष निस्कन्छ जसले बैंकको गरेको लिलामी लिलामीको पुष्टी गर्छ।

**नेपाल** इन्भेष्टमेन्ट मेगा बैंक लि.को सञ्चालक समितिको सन् १६ मे २०२३ मिटिङ नं. ५८८ को बोर्डबाट पारीत भएको कर्जा असुली निर्देशिका,२०८० को कर्जा असुली सम्बन्धी व्यवस्था ( परिच्छेद ८) दफा ३७ (३) मा ऋणिको जायजेथाबाट पूर्णरुपले कर्जाको साँवा ब्याज भुक्तान हुन नसेक्ने अवस्था देखिएमा बैंकले कर्जाको ब्याज तथा हर्जना ब्याजमा पूर्ण वा आंशिक रुपमा छुट दिई कर्जा असुल गर्न सक्नेछ भनी उल्लेख गरेकोमा बैंकको आफ्नै निती विपरीत ऋण दिदा रहेको मुख्य धितो धापाखेल, ललितपुरमा रहेका कि.नं. ३१०, ३१२, ३१३, ३१४ र ३१५ का जग्गाहरूको लिलामी प्रक्रिया नबढाई ब्याज छुट दिनाले बैंकका सञ्चालकहरुले बैंकलाई हानी नोक्सानी हुने गरी उल्लेखित धितो बाहेक अन्य नेपाल सरकारको नाममा आएको दूरसञ्चार जन्य धितो मात्र लिलामी गरी ऋणिबाट प्राप्त गर्नुपर्ने ब्याज छुट दिनाले लिलामी प्रकृया सेटिङ वा एनसेल आजीयाटा लि.ले तथा सो लि.को क्रसहोल्डिङ कम्पनी स्मार्ट टेलिकम प्रा.लि.को योजना मुताबिक गरी गराई नेपाल सरकार / दूरसञ्चार प्राधिकरणको हक हनन गर्ने गराउने काम भए गरेको पुष्टि हुन्छ ।

प्रतिवादी सर्वेश जोशीले Minutes of consortium meeting of Smart Telecom Pvt. Ltd. held at Prime Commercial Bank Ltd., HO, Kamalpokhari on January 06, 2023 at 11:00 A.M मा "मर्जर सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि मन्त्रिपरिषदमा पठाइसकिएको तर सरकार परिवर्तनका कारण मर्जर तथा एक्विजिसन नीति स्वीकृत हुन नसकेको हुँदा स्वीकृति प्रक्रिया ढिलाइ भएको" दावीका पछाडी स्वार्थ समूहको चलखेल स्पष्ट हुन आउँछ । सो मर्जर तथा एक्विजिसन नीतिको मस्यौदाको उदेश्य सम्बन्धमा बिश्लेषण गर्दा स्मार्ट टेलिकम प्रा.लि.को नेपाल दूरसञ्चार प्राधिकरणबाट प्राप्त अनुमति पत्रको म्याद अवधि २०९५ सम्म रहेको तर एनसेल आजियाटा लिमिटेडको अनुमति पत्रको अवधि २०८६ मा समाप्त हुने अवस्था विद्यमान रहेकोमा स्मार्टलाई प्राप्त गरे पश्चात एनसेल आजियाटाले २०९५ सम्म नै संचालन गर्न सक्ने भएकाले सोही उदेश्यले नेपाल सरकारलाई २०८६ मा स्वत: आउनुपर्ने सम्पत्ति नोक्शानी गर्ने उदेश्यले प्रस्तुत मस्यौदा तयार भई प्राधिकरणको संचालक समितिले पारित गरेको र सो प्रस्ताव तत्कालिन अवस्थामा सरकारको परिवर्तनसंगै मन्त्री परिषदमा पारित हुन नसकेको भनी ऋण प्रवाह हुने बैंकहरुको सहवित्तीयकरण बैठकमा समेत स्वीकार गरेको देखिन्छ । यसबाट एनसेलले आफ्नो अनुमति पत्र बढाउने रणनितिक प्रयोजनको लागि सो मस्यौदा ल्याएको तथा स्मार्टको सम्पत्ति सकारेको समेत पुष्टी हुन्छ ।

**कर्जा** प्रवाह गर्दा स्मार्ट टेलिकमको अवस्था घाटमा रहेको भन्ने वित्तीय विवरणबाट स्पष्ट हुँदा हुदै स्मार्ट टेलिकमले पालना गर्नुपर्ने दूरसञ्चार ऐन, २०५३, सो ऐन अन्तरगर्त वनेका नियमावलि, विनियामावलि, नियमनकारी निकायबाट जारी निर्देशन समेतलाई मध्येनजर राखि **Risk Analysis** नगरी, जम्मा तीन करोड बीस लाख रूपैंया चुक्ता पूँजी भएको कम्पनीलाई Non-Funded कर्जाका नाममा अरबौं रकम प्रवाह गरेको शुरु चरणबाट नै बैंक कर्जा प्रवाहमा मिलोमतो थियो भन्ने पुष्टी भएकोमा प्रतिवादी ज्योति प्रकाश पाण्डेले बयानमा Risk Analysis नगरेको भनी स्वीकार गरेबाट समेत थप पुष्टी हुन्छ ।

**स्मार्ट** टेलिकम प्रा लि को धितो लिलाम सम्पन्न (बैंक आसय पत्र सूचना समेतको मिति) मिति २०८२/०६/२० गते (सन् २०२५ अक्टोबर ५) भन्दा ६ महिना पछि तुरुन्त कानूनी उपचारमा जानुपर्ने देखिएको नेपाल दूरसञ्चार प्राधिकरण (NTA) ले मिति २०८२/१२/०९ मा मात्र एनसेललाई पत्र लेखी स्मार्ट टेलिकमको अनुमतिपत्र रद्द भइसकेकाले सो सम्पत्ति सरकारको स्वामित्वमा आइसकेको र बैंकले गरेको लिलाम प्रक्रिया कानुनी नभएको भन्ने जानकारीका आधारमा एनसेलले रकम फिर्ताका लागि ज्योति प्रकाश पाण्डेलाई सम्बोधन

गरी मिति २०८३/०१/०२ र मिति २०८३/०१/२९ मा दुईवटा पत्रहरूमा लिलाम मार्फत् सकार गरेका दूरसञ्चार उपकरणहरूको स्वामित्व हस्तान्तरण हुन नसकेको खण्डमा आफूले बुझाएको रकम फिर्ता पाउन माग गरेको समेत देखिन्छ। उल्लिखित तथ्यका आधारमा प्रतिवादी ज्योति प्रकाश पाण्डेले गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र उपदफा (२) बमोजिमको ठगीको कसूर भएकोमा निज प्रतिवादीलाई सोही संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) ले निषेधित उपदफा (२) ले परिभाषित ऐ. उपदफा (३) को खण्ड (क) बमोजिमको कसूर गरेकोमा ऐ. ऐनको दफा ९ को खण्ड (क) बमोजिम थप सजाय हुन, निजले कर्जा प्रवाह गर्दा वा धितोको मूल्याङ्कन गर्दा अनियमितता गरेको र निजको कार्य धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्दा वा गैर-बैंकिङ्ग सम्पत्तिको रूपमा सकार (Accept)गर्दा वा त्यसलाई बिक्री गर्दा बनावटी वा कृत्रिम मूल्य (Artificial Value) कायम गरेको समेत गरी कर्जा र धितो सम्बन्धी प्रक्रियामा गरिने अनियमिततालाई बैंक तथा वित्तीय संस्था सम्बन्धी कसूर (Offence) को रूपमा परिभाषित भएबाट **निज प्रतिवादी ज्योति प्रकाश पाण्डेले** गरेको कार्य बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०३ को उपदफा (१) को खण्ड (च) बमोजिमको कसूर भएको पुष्टि हुन आएको हुँदा **माथि अभियुक्त उपरको अभियोग र सजायको मागदावी शीर्षक अन्तर्गतको** उपशीर्षक **बिगो कायमका आधार, बिगो रकम तथा क्षतिपूर्तिमा अन्तर्गतको तालिकामा कायम गरिएको बिगो कायम गरी निज प्रतिवादी ज्योति प्रकाश पाण्डे**लाई ऐ. ऐनको दफा १०४ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजायको मादावी लिईएको छ।

६) **प्रतिवादी पृथ्वी बहादुर पाँडेको हकमा:**

**नेपाल** इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) को सञ्चालक समितिका अध्यक्षका रूपमा प्रतिवादी पृथ्वी बहादुर पाँडेले प्रतिवादी ज्योति प्रकाश पाण्डेलाई एनसेलका सञ्चालक सतिशलाल आचार्यसँग गोप्य भेटघाट र ऋण सेटलमेन्टको योजना बनाउन वैदेशिक भ्रमणको स्वीकृति दिएको देखिन्छ । NIMB बैंकको पत्र संख्या COM/POLICE/10853/082/083 अनुसार, सन् २०२३ अप्रिल २६ देखि जुलाई ८ सम्म भएका पाँचवटा विभिन्न दुबई भ्रमणहरूका लागि "Request for travel Authorization Abroad" मा अध्यक्ष पाँडेले हस्ताक्षर गरी स्वीकृति दिएकोमा सोही भ्रमणहरूका क्रममा ह्वाट्सएप मार्फत् तत्काल १३ करोड रुपैयाँ बुझाउन दबाब दिइएको र "योजना अनुसार नै टुङ्ग्याउने" सहमति भएको डिजिटल फरेन्सिक रिपोर्टले पुष्टि गर्दछ।

मिति २०८२/०४/२० (सन् २०२५ जुलाई ४) मा बसेको बैंक सञ्चालक समितिको ६२३ औँ बैठकमा अध्यक्ष पाँडेको अध्यक्षतामा बसेको बैठकले लिलामीको सार्वजनिक सूचना निस्कनुभन्दा अगावै CEO लाई "एनसेल आजियाटा लिमिटेडसँग मात्र सम्पर्क गर्न र धितो खरिद गर्न इच्छुक छ कि छैन भनी सोधपुछ गर्न" निर्देशन दिएको, यदि एनसेल सहमत भएमा सोही धितोको असुली प्रक्रिया अघि बढाउन र कारोबार सम्पन्न गर्न आवश्यक सम्पूर्ण कार्यहरू गर्न CEO लाई सर्वसम्मत अधिकार प्रत्यायोजन गरिएको थियो, जसले लिलामी प्रक्रिया एनसेललाई नै सुम्पने पूर्वनियोजित "सेटिङ" भएको प्रमाणित गर्दछ। बुझिएका साक्षी उक्त सञ्चालक समितिको बैठकमा उपस्थित सदस्य मदन कुमार आचार्यले "सार्वजनिक सूचना निकाल्नुभन्दा अगावै एनसेल आजियाटा लिमिटेडलाई मात्र लक्षित गरी धितो खरिदबारे सोधपुछ गर्ने र सोही आधारमा लिलामी प्रक्रिया अघि बढाउने निर्णय" प्रक्रिया गलत भएको भन्दै उक्त बैठकको माइन्युटमा हस्ताक्षर गर्न अस्वीकार गरेको भनी खुलाई लेखाई दिई कागज गरीदिएका छन्। यसैगरी, एनसेलको बोलपत्र स्वीकृत गर्ने मिति २०८२/०६/२० (सन् २०२५

अक्टोबर ६) को ६२६ औँ बैठकमा पनि अघिल्लो गलत निर्णय नसच्चिएका कारण उनी अनुपस्थित भई हस्ताक्षर नगरेको भनी निज साक्षीले खुलाई लेखाई दिएका छन् निजको भनाईलाई संचालक समितिका पदाधिकारीहरु तथा प्रतिवादी शालिकराम बेलबासेले, कवि कुमार टिवरेवाल कागज गर्ने अमित श्रेष्ठले गरी दिएको कागजहरुबाट समेत पुष्टी गर्दछ। मिति २०८२/०६/२० (सन् २०२५ अक्टोबर ६) मा बसेको सञ्चालक समितिको ६२६ औँ बैठकले अध्यक्ष पृथ्वी बहादुर पाँडेकै नेतृत्वमा एनसेलको रु. ४ अर्ब ६० करोडको बोलकबोल स्वीकृत गर्ने र ऋणी सर्वेश जोशीलाई रु. २ करोड ६० लाख (NPR २५.८२ मिलियन) सम्मको ब्याज मिनाहा (Interest Waiver) दिने निर्णय गरेको थियो। ६ अर्बभन्दा बढीको कर्जा जोखिम हुँदाहुँदै ऋणीलाई ब्याज छुट स्वरुप "परोक्ष कमिसन" दिनुले मिलोमतो सेटिङ्ग भएको थियो भन्ने पुष्टी गर्छ।

नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण प्रतिवेदनले एनसेललाई आवश्यकताभन्दा बढी कर्जा (Over-financed) दिइएको औंल्याएको छ। एनसेलको २०% शेयर खरिद गर्न सुनिभेरा क्यापिटल भेन्चर्सलाई कर्जा दिंदा बैंकले ऋणीको कुनै पनि स्वपूँजी (Equity) सहभागी नगराई शतप्रतिशत फाइनान्सिङ गरेको, जसले गर्दा बैंक उच्च जोखिममा परेको प्रतिवेदनमा उल्लेख छ। स्मार्ट टेलिकमलाई ६ अर्बभन्दा बढीको कर्जा सीमा उपलब्ध गराउँदा केवल ४ करोड ३ लाख ४४ हजार रुपैयाँ बजार मूल्य भएको जग्गा र भवन मात्र धितो राखिएको, जसले ५ अर्ब ९६ करोडभन्दा बढीको सुरक्षण अपुग (Deficiency) देखाउँछ। यो अवस्थालाई बैंकिङ जोखिमको हिसाबले अत्यन्त अस्वाभाविक र शंकास्पद मान्नुपर्ने देखिन्छ। एनसेल आजियटा लिमिटेडबाट पृथ्वी बहादुर पाँडेले घर भाडामा लगाए बापत रु. १३,७०,५२०/- प्राप्त गरेको एनसेलको बैंक खाता बिश्लेषणबाट देखिन्छ यसबाट नेपाल ईन्भेष्टमेन्ट बैंकका संचालक समितिका अध्यक्ष रहेका पृथ्वी बहादुर पाण्डेले सोही बैंकको ऋणी कम्पनीबाट घरभाडा बापत भनी रकम प्राप्त गर्नुबाट निजको हकमा Conflict of Interest समेत देखिन आउँछ।

१,३८२,६७३ साधारण शेयर (Direct Interest) र डायलग आजियाटा (Dialog Axiata) मा २,४०८,४७० साधारण शेयर रहेको छ । यसले एनसेलको माथिल्लो तहको निर्णय प्रक्रिया र वैदेशिक लगानी व्यवस्थापनमा निजको प्रत्यक्ष संलग्नता पुष्टि गर्दछ । **अव्दुजावोर कायुमोभ (Abdujabor Kayumov)** आजियाटा ग्रुपको सहायक कम्पनी एनसेल आजियाटा लिमिटेडको प्रबन्ध सञ्चालक (Managing Director) को रूपमा २३ मे २०२३ देखि कार्यरत छन् । ताजिकिस्तानका नागरिक रहेका कायुमोभ आजियाटा ग्रुप बर्हाडको कार्यकारी व्यवस्थापन (Executive Management) मा समेत आवद्ध छन् । निजले एनसेलको दैनिक कार्य सञ्चालन र शेयर खरिद-बिक्री सम्बन्धी प्रक्रियाहरूमा व्यवस्थापकीय नेतृत्व प्रदान गरेको देखिन्छ । **थन्डालाम भिराभल्ली थिरुमला चारी (Mr. Thandalam Veeravalli Thirumala Chari)** आजियाटा ग्रुपको पूर्व ग्रुप चीफ फाइनान्सियल अफिसर (2014–2016) हुन् र निज एनसेल तथा डायलग जस्ता आजियाटाका सहायक कम्पनीहरूको बोर्डमा नोमिनी निर्देशक (Nominee Director) को रूपमा संलग्न छन् । भारतका नागरिक रहेका निज १९ मे २०१७ देखि एनसेल आजियाटा लिमिटेडको सञ्चालकको रूपमा कार्यरत निजले आजियाटा ग्रुपको कार्यकारी र व्यावसायिक क्षमतामा रही विभिन्न देशहरूमा स्वामित्व हस्तान्तरण र वित्तीय संरचना निर्माणमा भूमिका खेलेको देखिन्छ । अमाली नानायाकरा (Ms. Amali Nanayakkara) श्रीलङ्काकी नागरिक हुन् र निज २५ अगस्ट २०२१ देखि एनसेल आजियाटा लिमिटेडको सञ्चालक (Director/Board Member) को रूपमा कार्यरत छिन् [। निज आजियाटाकै सहायक कम्पनी डायलग आजियाटा (Dialog Axiata) मा ग्रुप चीफ मार्केटिङ अफिसरको जिम्मेवारीमा समेत छिन् । यी चारै जना पदाधिकारीहरू आजियाटा ग्रुप बर्हाडले विभिन्न देशमा खडा गरेका कम्पनीहरूको आवरणमा शेयर खरिद-बिक्री र स्वामित्व हस्तान्तरणको नाममा हुने संगठित क्रियाकलापमा सक्रिय रहेको देखिन्छ ।

**यी** तथ्यहरुबाट मलेसियाली बहुराष्ट्रिय कम्पनी **आजियाटा ग्रुप बर्हाड (Axiata Group Berhad)** ले नेपालको दूरसञ्चार क्षेत्रमा आफ्नो लगानी विस्तार र सञ्चालन गर्न सेशेल्स, वेस्ट इन्डिज (सेन्ट किट्स एण्ड नेभिस), बेलायत र सिंगापुर जस्ता विभिन्न देशहरूमा अपारदर्शी वैदेशिक संरचनाहरू (Offshore Entities) खडा गरेको देखिन्छ । आजियाटाले आफ्नो पूर्ण स्वामित्वको **रेनोल्ड्स होल्डिङ्स (Reynolds Holdings)** मार्फत् एनसेलको ८० प्रतिशत शेयर नियन्त्रण गर्दै आएकोमा सन् २०२३ सेप्टेम्बर २६ मा सतिश लाल आचार्यको स्वामित्वमा बेलायतमा केवल **१ अमेरिकी डलर** पूँजीमा **स्पेक्ट्रलाइट यूके (Spectrlite UK)** नामक कम्पनी दर्ता गरिनु र त्यसको केही समयमै एनसेलको अर्बौंको शेयर खरिद-बिक्री सम्झौता हुनुले वास्तविक लाभग्राही मालिक (Beneficial Owner) लुकाउन र कर छली गरी ठगी गर्न यस्ता कागजी कम्पनीहरूको आवरण प्रयोग गरिएको पुष्टि हुन्छ । अत्यन्तै न्यून रकम नेपालमा वैदेशिक लगानी गर्ने तर लाभांश र अन्य शीर्षकमा अत्यधिक रकम विदेश लैजाने प्रवृत्ति एनसेलको स्वामित्व संरचनामा स्पष्ट देखिन्छ । नेपाल राष्ट्र बैंकको अभिलेख अनुसार रेनोल्ड्स होल्डिङ्सले एनसेलको शेयर खरिदका लागि नेपालमा मात्र **रु. ८,०१,६०,७९२/१५ (करिब ८ करोड)** लगानी गरेको थियो तर सोही लगानीको बदलामा उक्त कम्पनीले विभिन्न आर्थिक वर्षहरूमा गरी हालसम्म **रु. ६६,९४,५३,४५,३३७/४८ (करिब ६७ अर्ब)** लाभांशका रूपमा विदेश फिर्ता लगेको देखिन्छ, जुन प्रारम्भिक लगानीको तुलनामा **८३४.२४ गुणा** बढी हो । यसका अतिरिक्त 'प्राविधिक तथा व्यवस्थापकीय सेवा शुल्क' (TMSA) का नाममा समेत अमेरिकी डलर २ करोड ४८ लाख ५० हजार विदेश पठाइएको छ, जसले नेपालको पूँजी विदेश पलायन गराउन बहुराष्ट्रिय कम्पनीहरूले गर्ने संरचनात्मक चलखेललाई उजागर गर्दछ ।

**दूरसञ्चार** ऐन, २०५३ को दफा ३३ अनुसार सन् २०२९ मा मोबाइल लाइसेन्स समाप्त भएपछि एनसेलको सम्पूर्ण सम्पत्ति स्वतः नेपाल सरकारको स्वामित्वमा जाने र सरकारी स्वामित्वमा जाँदा आफ्नो लगानी शून्य हुने जोखिम (Expropriation risk) देखिएपछि एनसेलको स्वामित्व हस्तान्तरणका लागि आजियाटा ग्रुप (विक्रेता)ले 'क्लिन एक्जिट' (Clean Exit) को नाममा सस्तो मूल्य देखाएर बाहिरिए पनि सोही विक्रेताले **"Conditional Consideration"** र **"Deferred Consideration"** का सर्तहरूबाट आजियाटा सन् २०२९ सम्म एनसेलको व्यावसायिक प्रदर्शन र लाभांशमा हिस्सेदार रहने बाटो भने खुल्ला राखेको देखिन्छ। केवल १ डलरको पूँजीमा स्थापना भएको स्पेक्ट्रलाइट यूकेले एनसेलको ८० प्रतिशत शेयर वास्तविक मूल्यको तुलनामा मात्र ३.७ प्रतिशतमा प्राप्त गर्नु नै क्रेताको ठूलो वित्तीय स्वार्थ हो। एनसेलको अनुमतिपत्र वि.सं. २०८६ (सन् २०२९) मा समाप्त भएपछि ५० प्रतिशतभन्दा बढी वैदेशिक लगानी भएका कारण यसको संरचना सरकारमा हस्तान्तरण हुनुपर्ने कानूनी व्यवस्था रहेकोमा क्रेता र विक्रेता दुवैले यो समय सीमालाई ध्यानमा राखेर एनसेललाई 'शत प्रतिशत नेपाली मूलको स्वामित्व' भएको कम्पनीका रूपमा प्रचार (यसको आधिकारिक वेव साईट विवरण) गरेका छन्। यो प्रचारको मुख्य उद्देश्य सन् २०२९ पछि पनि कम्पनीलाई निजी नियन्त्रणमै राख्ने र सरकारी स्वामित्वमा जानबाट रोक्न कानूनी छिद्रहरूको खोजी गर्नु नै देखिन्छ।

**प्रतिवादी** सर्वेश जोशीले प्रतिवादी सर्वेश जोशीले Minutes of consortium meeting of Smart Telecom Pvt. Ltd. held at Prime Commercial Bank Ltd., HO, Kamalpokhari on January 06, 2023 at 11:00 A.M मा "मर्जर सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि मन्त्रिपरिषदमा पठाइसकिएको तर सरकार परिवर्तनका कारण मर्जर तथा एक्विजिसन नीति स्वीकृत हुन नसकेको हुँदा स्वीकृति प्रक्रिया ढिलाइ भएको" दावीका पछाडी स्वार्थ समूहको चलखेल स्पष्ट हुन आउँछ। सो मर्जर तथा एक्विजिसन नीतिको मस्यौदाको उदेश्य सम्बन्धमा बिश्लेषण गर्दा स्मार्ट टेलिकम प्रा.लि.को नेपाल दूरसञ्चार प्राधिकरणबाट प्राप्त अनुमति पत्रको **म्याद अवधि २०९५ सम्म रहेको तर एनसेल आजियाटा लिमिटेडको अनुमति पत्रको अवधि २०८६ मा समाप्त हुने** अवस्था विद्यमान रहेकोमा स्मार्टलाई प्राप्त गरे पश्चात एनसेल आजियाटाले **२०९५ सम्म नै संचालन गर्न सक्ने भएकाले सोही उदेश्यले नेपाल सरकारलाई २०८६ मा स्वतः आउनुपर्ने सम्पत्ति नोक्शानी गर्ने उदेश्यले** प्रस्तुत मस्यौदा तयार भई प्राधिकरणको संचालक समितिले पारित गरेको र सो प्रस्ताव तत्कालिन अवस्थामा सरकारको परिवर्तनसंगै मन्त्री परिषदमा पारित हुन नसकेको भनी ऋण प्रवाह हुने बैंकहरुको सहवित्तीयकरण बैठकमा समेत स्वीकार गरेको देखिन्छ। यसबाट एनसेलले आफ्नो अनुमति पत्र बढाउने रणनितिक प्रयोजनको लागि सो मस्यौदा ल्याएको तथा स्मार्टको सम्पत्ति सकारेको समेत पुष्टी हुन्छ।

**एनसेल** आफैंले सन् २०१९ मा प्रति शेयर प्रिमियम मूल्य **रु. १,२४,१००** कायम गरेको थियो र नेपाल स्टक एक्सचेन्जको ओ.टि.सी. बजारमा समेत सोही मूल्यमा कारोबार भएको आधिकारिक अभिलेख छ तर सन् २०२३ को अफसोर कारोबारमा प्रति शेयर मात्र ६२.५ अमेरिकी डलर (करिब रु. ८,२५०) कायम गरी साविकको खरिद मूल्य (१.३६५ अर्ब डलर) को तुलनामा केवल ३.७ प्रतिशतमा बिक्री भएको देखाइएको छ। यसरी वास्तविक मूल्य रु. १,१७,०३३ भन्दा कम देखाई जम्मा **रु. ८७,०२,६४,००,००० (सतासी अर्ब दुई करोड चौसाठी लाख)** बराबरको वास्तविक कारोबार लुकाएर नेपाल सरकारलाई प्राप्त हुने आम्दानीमा गम्भीर हानी नोक्सानी पुऱ्याई ठगी गरेको देखिन्छ।

**यो** सम्पूर्ण प्रक्रिया 'ट्रीटी सपिङ' (Treaty Shopping) र कर छलीको उद्देश्यले प्रेरित रहेको देखिन्छ, जसमा वैदेशिक भूमिमा कारोबार भएको देखाई नेपालको कराधिकारलाई चुनौती दिन खोजिएको छ। शेयर खरिद-बिक्री सम्झौता (SPA) मा राखिएको **"Deferred Consideration"** को सर्त र सन् २०२९ सम्ममा **स्मार्ट टेलिकम** को अनुमतिपत्र नवीकरण भई एनसेलले प्राप्ति गरेमा थप १ करोड डलर भुक्तानी गर्ने प्रावधानले यी कम्पनीहरूबीच अवैध 'क्रसहोल्डिङ' र संगठित मिलेमतो, ठगी, आपराधिक विश्वासघात र एकिकृत कसूरलाई रहेको पुष्टि गर्दछ। **प्रमाण ऐन, २०३१** को विबन्धन (**Estoppel**) को सिद्धान्त अनुसार आफैले स्वीकार गरेको मूल्यलाई पछि इन्कार गर्न नपाइने हुँदा, यो कारोबार नेपालको कानून छल्ने र राज्यलाई अर्बौंको ठगी गरेको देखिन्छ । उल्लिखित तथ्यका आधारमा यी प्रतिवादीहरु **डा. श्रीधीर सरिपुक्ता हन्स विजयसुरिया (Dr.Shridhir Sariputta Hansa Wajayasuriya), अब्दुजावोर कायुमोभ/ Abdujabor Kayumov, थन्डालाम भिराभल्ली थिरुमला चारी (Mr. Thandalam Veeravalli Thirumala Chari) र अमाली नानायाकरा Ms. Amali Nanayakkara** ले गरेको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र उपदफा (२) बमोजिमको ठगीको कसूर भएकोमा निज प्रतिवादीहरुलाई सोही संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) ले निषेधित उपदफा (२) ले परिभाषित ऐ. उपदफा (३) को खण्ड (क) बमोजिमको कसूर गरेकोमा ऐ. ऐनको दफा ९ को खण्ड (क) बमोजिम थप सजाय हुन मागदाबी लिईएको छ।

**१३) प्रतिवादी भुपेन्द्र भण्डारीको हकमा:**

**प्रतिवादी** भुपेन्द्र भण्डारीले सन् २००८ देखि २०१६ सम्म सतिशलाल आचार्य समेतको स्वामित्वमा रहेको अफ्रिकी मुलुक बुरुन्डीको 'स्मार्ट मोबाइल' (Lacell SU) मा प्रमुख कार्यकारी अधिकृत (CEO) भई कार्य गरेका, त्यसभन्दा अघि, सन् २००७ जुन १० देखि २००८ जनवरी २० सम्म निजले एनसेल (साविक स्पाइस नेपाल) मा नायव प्रमुख वित्तीय अधिकृतको रूपमा समेत काम गरेका थिए। जहाँ सो समयमा उपेन्द्र महतोको २०% शेयर स्वामित्व थियो। निजको नबिल बैंकको व्यक्तिगत खातामा सतिश लाल आचार्य र उपेन्द्र महतोकी श्रीमती समथा प्रसाद साझेदार रहेको 'टाइमटर्न्स होल्डिङ्स' बाट सन् २००९ मा पटक-पटक गरी ठूलो रकम जम्मा भएको देखिएको र आफू सो कम्पनीसंग सम्बद्ध रहेको भनी निजको बयानबाट खुल्न आएको नखुलाई गोप्य राख्नुबाट निजको गहिरो वित्तीय व्यवसायिक तथा व्यक्तिगत सम्बन्ध सतिश लाल आचार्य समेतको व्यावसायिक समूहसँग रहेको भन्ने यी प्रतिवादीले नेपाल दूरसञ्चार प्राधिकरण (NTA) को कार्यकारी अध्यक्षका रूपमा नियुक्त लिंदाका बखत निजको कार्यानुभव अन्तर्गत पेश गरिएका कागजातहरुमा पेश नभई लुकाएको देखिन्छ।

**मिति** २०८०/०३/०५ मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सल्लाहकारका रूपमा नियुक्ति भई कार्य गरीरहेकै अवस्थामा सोही पदको दुरुपयोग गरी, गराई सल्लाहकारबाट निज भुपेन्द्र भण्डारी मितिः२०८०/११/०६ को मन्त्रिपरिषद्को निर्णयबाट दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्त भई २०८०/११/०८ देखि कार्यभार सम्हालेका र २०८३ वैशाखको सरकारी अध्यादेश बमोजिम मिति २०८३/०१/१९ देखि लागू हुने गरी स्वत: पदमुक्त भएको देखिन्छ। प्राधिकरणको कार्यकारी प्रमुखको हैसियतमा दूरसञ्चार ऐन, २०५३ को दफा १३ र १५ बमोजिम दूरसञ्चार पूर्वाधारको सुरक्षा, नियमन र अनुगमन गर्ने प्रमुख जिम्मेवारी निजकै थियो। Lacell SU (Smart Telecom Burundi), Timeturns Holdings, Industrial Promotion Services (IPS), Aga Khan Fund for Economic Development (AKFED) जस्ता

British Virgin Islands (BVI) मा दर्ता अफसोर कम्पनीहरुका संचालक र लगानीकर्ताका रुपमा देखिएका प्रतिवादी भुपेन्द्र भन्डारीले सोही कम्पनीहरुमा काम गरेको अनुभव देखाई प्राधिकरणको कार्यकारी प्रमुखमा नियुक्ति लिएको देखिन्छ।

**नेपाल** दूरसञ्चार प्राधिकरण, दूरसञ्चार क्षेत्रको नियमन र व्यवस्थापनका लागि राज्यद्वारा विशेष ऐन दूरसञ्चार ऐन, २०५३ अन्तर्गत स्थापित एक स्वतन्त्र र विशिष्टीकृत नियामक निकाय हो। राज्यद्वारा स्थापित यस्ता विशिष्ट दक्षता (Expertise) तथा प्राविधिक क्षमतायुक्त नियामक निकायहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेर गरेको निर्णयका सम्बन्धमा अदालतले न्यायिक पुनरावलोकनको असाधारण अधिकार क्षेत्र प्रयोग गर्दा न्यायिक आत्मसंयम (Judicial Self-Restraint) अपनाउनु आवश्यक हुन्छ । प्रशासनिक कानुन (Administrative Law) को स्थापित सिद्धान्त अनुसार, कुनै पनि प्राविधिक वा व्यावसायिक विषयमा नियामक निकायले आफ्नो विशिष्टीकरणको आधारमा गरेको निर्णयमा स्पष्ट कानुनी त्रुटि वा बदनियत नदेखिएसम्म अदालतले हस्तक्षेप गर्नु उचित देखिँदैन भन्ने रिट निवेदक अमरेश कुमार सिंहको रिटनिवेदनले विपक्षी एनसेल आजियाटा मिमिटेड समेत भएको परमादेश (०८०-WO-०५२९) मुद्दामा सम्मानित सर्वोच्च अदालतको मिति २०८१-०९-११ गतेको फैसलामा उल्लेख भएकोमा दूर सञ्चार प्राधिकरण आफैले मिति २०८२/१२/०५ को निर्णयबाट बैंकको स्मार्ट टेलिकम प्रा.लि. सम्बन्धि लिलाम बिक्री त्रुटिपूर्ण रहेको भनी कानूनी कारबाहीको लागि मिति २०८३/०४/०८ को पत्र जाहेरी तथा ऐ. १३ को निर्णय केन्द्रीय अनुसन्धान व्यूरोमा प्राप्त भएबाट यीनै प्रतिवादी भुपेन्द्र भण्डारीको रहेको देखिदा बदनियत थिएन भन्ने नसकिने अवस्था विद्यमान रहेको छ।

**स्मार्ट** टेलिकम प्रा.लि.ले नवीकरण दस्तुर र बक्यौता बुझाउन नसकेपछि दूरसञ्चार ऐन, २०५३ को दफा २५ को उपदफा (५) बमोजिम मिति २०८०/०१/०२ देखि स्मार्ट टेलिकम प्रा.लि.को अनुमतिपत्र स्वतः रद्द भएकोमा नियमानुसार लाइसेन्स खारेज भएपछि उक्त कम्पनीको सम्पूर्ण पूर्वाधार, संरचना र सञ्जाल दूरसञ्चार ऐनको दफा ३३ र सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १८ बमोजिम स्वतः नेपाल सरकार (प्राधिकरण) को नियन्त्रण र स्वामित्वमा आइसकेको थियो। उच्च अदालत पाटनले समेत मिति २०८०/०३/१३ को फैसला मार्फत् निवेदक कम्पनीको सम्पत्ति प्राधिकरणले प्राप्त गरिसकेको तथ्यलाई स्पष्ट पार्दै रिट निवेदनको औचित्य नरहेको ठहर गरेको थियो।

**बैंकले** लिलामीको सूचना निकाल्नुभन्दा अगावै एनसेलसँग मात्र सम्पर्क गरी धितो खरिद गर्न सोधपुछ गर्ने बदनियतपूर्ण निर्णय गरेको थियो भने एनसेलले पनि सूचना निस्कनु अगावै रु. ४.५ अर्बसम्म बोलकबोल गर्ने गोप्य निर्णय गरिसकेको थियो। मिति २०८२/०६/०३ मा लिलामीको सार्वजनिक सूचना प्रकाशित हुँदा समेत प्राधिकरण अध्यक्षका रूपमा भुपेन्द्र भण्डारी मौन बसेका थिए र बैंकले मिति २०८२/०६/२० मा रु. ४ अर्ब ६० करोडमा एनसेलको बोलपत्र स्वीकृत गर्दा समेत निजले कुनै अवरोध सिर्जना गरेनन्। यसरी कानूनी रूपमा सरकारी स्वामित्वमा आइसकेको अर्बौंको दूरसञ्चार सम्पत्तिलाई नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) ले एनसेल आजियाटा लिमिटेडसँगको 'सेटिङ' मा लिलामी प्रक्रिया अगाडि बढाउँदा भुपेन्द्र भण्डारी नेतृत्वको प्राधिकरणले त्यसलाई समयमै रोक्न कुनै प्रभावकारी पहल गरेको देखिएन।

**लिलामी** प्रक्रिया सम्पन्न भइसकेपछि मात्र प्रक्रिया मिलाउन र कानूनी कारबाहीबाट बच्नका लागि मात्र मिति २०८२/०६/३१ मा भण्डारीको अध्यक्षतामा सम्पत्ति मूल्य निर्धारण समितिका पदाधिकारीहरूसँग

परिचयात्मक बैठक राखिएको थियो, जबकि बैंकले त्यसअघि नै सम्पत्ति बेचिसकेको थियो । प्राधिकरणले लिलामी सम्पन्न भएको ६ महिनापछि अर्थात् मिति २०८२/१२/०५ मा मात्र उक्त लिलाम कानूनसम्मत नभएको भनी निर्णय गर्नु र एनसेललाई पत्र पठाउनु तर उक्त गैरकानूनी कार्यका विरुद्ध कुनै कानूनी उपचार खोज्ने वा अनुसन्धान गर्ने निकायमा जाहेरी दिने कार्य निजको कार्यकालमा भएको देखिदैन ।

**भुपेन्द्र** भण्डारीले आफ्नो पदीय जिम्मेवारी र कानूनी कर्तव्य निर्वाह नगरी आफू समेत संलग्न रहेको सतिश लाल आचार्यको स्वार्थ समूहलाई सस्तोमा सरकारी सम्पत्ति हडप्न सघाएको देखिन्छ । निजले स्मार्ट टेलिकम प्रा. लि. को नाममा दर्ता कायम रहेको धापाखेल, ललितपुर वडा नं २४ स्थित कि.नं ३९४, ३९३, ३९५, ३९० र ३९२ को क्रमश ०-७-३-०, ०-६-०-०, ०-७-३-०, ०-१-०-१ र ०-१४-०-० क्षेत्रफल रहेको घर तथा जग्गा रोक्का राखेको समेत देखिदैन । यसैगरी प्रतिवादी भुपेन्द्र भण्डारीले सर्वेश जोशीसंग भेटघाटको लागि एसएमएस मार्फत् कुराकानी भएको DFL परिक्षण प्रतिवेदनमा देखिदा निजको स्मार्ट टेलिकमका संचालक सर्वेश जोशीसंग प्रत्यक्षे सम्पर्क, सम्बन्ध भएको भन्ने स्थापित हुन्छ । दूर सञ्चार प्राधिकरण आफैंले कानूनत: आफ्नो जिम्मामा आईसकेको सम्पत्तिको सुरक्षा गर्ने प्रबन्ध नमिलाएको भनी स्वीकार गरी केन्द्रीय अनुसन्धान व्यूरोमा पत्राचार गरेको देखिदा यी प्रतिवादी कार्यकारी अध्यक्ष वा प्रमुख कार्यकारी अधिकृतको हैसियतमा सो गर्ने गराउने जिम्मेवारी निर्वाह नगरी लिलामी सम्मको अवस्था आउदासम्म मौन रहेको, केन्द्रीय अनुसन्धान व्यूरोले अनुसन्धान शुरु गरे पछि र यी प्रतिवादी अध्यक्ष पदबाट पदमुक्त भए पश्च्यात मात्र बैंकको सम्पत्ति लिलामीको सम्बन्धमा प्राधिकरणले केन्द्रीय अनुसन्धान व्युरोमा सूचना औपचारिक सूचना दिनुले यी प्रतिवादीको प्रस्तुत कसूरमा मिलोमतो थियो भन्ने पुष्टी हुन्छ ।

यसैगरी एनसेलको ८०% शेयर खरिद गर्ने स्पेक्ट्रलाइट यूकेका मालिक सतिशलाल आचार्य र २०% शेयरधनी सुनिभेरा क्यापिटलकी भावना सिंह श्रेष्ठ नै स्मार्ट टेलिकमका साविक वास्तविक सञ्चालकहरू रही दूरसञ्चार नियमावली, २०५४ को नियम १०क उल्लंघन भएको, १ डिसेम्बर २०२३ मा भएको एनसेलको शेयर खरिद-बिक्री सम्झौतामा "सन् २०२९ सम्म स्मार्ट टेलिकम प्राप्ति (Acquisition) गरेमा थप १ करोड अमेरिकी डलर भुक्तानी गर्ने" भन्ने रणनीतिक शर्तबाट गम्भीर 'क्रस होल्डिङ' को योजना सार्वजनिक हुँदा समेत एनसेल आजियटा लिमिटेड संचालकहरुको हकमा कुनै कानूनी कारबाही नगर्नु स्पष्ट देखिन आएबाट अध्यक्षको बदनियत स्पष्ट हुन्छ ।

निजले जानीजानी सम्पत्ति मूल्याङ्कन प्रक्रिया अघि नबढाई र बैंकसँगको मिलेमतोलाई मौन समर्थन गरी नेपाल सरकारले प्राप्त गर्नुपर्ने ५ अर्ब भन्दा बढीको सम्पत्ति गुमाउन सहयोग पुऱ्याएको देखिन्छ । उल्लिखित तथ्यका आधारमा यी प्रतिवादी भुपेन्द्र भण्डारीले अन्य प्रतिवादीहरु सर्वेश जोशी समेतले गरेको मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र उपदफा (२) बमोजिम ठगी (Cheating/Fraud) को कसूरको मतियार भई मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ को उपदफा (१) र उपदफा (२) बमोजिम कसुर गरेको र सो कसूर संगठित रुपले गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) ले निषेधित उपदफा (२) ले परिभाषित ऐ. उपदफा (३) को खण्ड (क) बमोजिमको कसूरको ऐ. ऐनको दफा ४ बमोजिम संगठित अपराधको कसूर गर्नको लागि सघाउ पुऱ्याएको देखिंदा निज प्रतिवादी भुपेन्द्र भण्डारीलाई ठगीतर्फ मुख्य प्रतिवादीलाई हुने मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (३) को खण्ड (क) बमोजिम हुने

सजायको आधारमा मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ को उपदफा (३) को खण्ड (ख) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिईएको छ।

१४) **<u>प्रतिवादीहरु डोनाल्ड जेम्स रे (Donald James Rae) र नियो हुई यु (Neo Hui Yu) को हकमा:</u>**

**एनसेल** आजियाटा लिमिटेडका सञ्चालकहरू (Directors) भई नियो हुई यु **(Neo Hui Yu)** सन् २०२३ डिसेम्बर १ देखि र डोनाल्ड जेम्स रे**(Donald James Rae)** सन् २०२५ जुलाई ७ देखि एनसेलको बोर्डमा आवद्ध देखिएका छन् भने **कोह हुई शान अन्ना (Anna Koh)** एनसेलको ८० प्रतिशत शेयर खरिद गर्ने कम्पनी **स्पेक्ट्रलाइट यूके लिमिटेड** (Spectrlite UK Limited) को तर्फबाट सम्पर्क व्यक्तिको रूपमा रही एनसेलको बोर्ड/व्यवस्थापनमा प्रतिनिधित्व गरेको देखिन्छ। यी प्रतिवादीहरु मुख्य लगानीकर्ता **सतिश लाल आचार्य**को इच्छा बमोजिम नियुक्त भएका र निजकै निर्देशन पालना गर्ने गरी कार्यकारी भूमिकामा रहेका व्यक्तिहरू रहेको देखिन्छन्।

**यी** प्रतिवादीहरु सम्मिलित एनसेलको सञ्चालक समितिले मिति २०८२ श्रावण २१ (६ अगस्ट २०२५) मा **परिपत्रीय निर्णय (DCR) नं. ३३/२५** मार्फत् स्मार्ट टेलिकमको सम्पत्ति लिलामीमा सहभागी हुने र अधिकतम रु. ४.५ अर्बसम्म बोलकबोल गर्ने गोप्य निर्णय गरेको थियो । लिलामीको औपचारिक सूचना निस्कनुभन्दा एक महिना अगावै गरिएको यो निर्णयले लिलामी प्रक्रिया "देखावटी" मात्र भएको र सरकारी सम्पत्ति हडप्न बैंकका पदाधिकारीसँग संगठित मिलेमतो (Setting) गरिएको पुष्टि गर्दछ।

कोह हुई शान अन्ना (Koh Hui Shan Anna) खरिदकर्ता कम्पनी स्पेक्ट्रलाइटको सम्पर्क व्यक्तिका रूपमा देखिएको, एनसेलको शेयर खरिद-बिक्री सम्झौता (SPA) मा वास्तविक मूल्य लुकाई न्यून मूल्य (५ करोड डलर) देखाएर कर छली गर्ने र "Deferred Consideration" का सर्तहरू राखेर अवैध क्रसहोल्डिङलाई बैधानिकता दिने प्रक्रियामा निज Koh Hui Shan Anna को नाम उक्त सम्झौतामा उल्लेख भएबाट निजको ठगी तथा आपराधिक विश्वसघात कसूर वारदातमा सहयोगी भूमिकालाई नकार्न सकिदैन।

प्रतिवादी सर्वेश जोशीले प्रतिवादी सर्वेश जोशीले Minutes of consortium meeting of Smart Telecom Pvt. Ltd. held at Prime Commercial Bank Ltd., HO, Kamalpokhari on January 06, 2023 at 11:00 A.M मा "मर्जर सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि मन्त्रिपरिषदमा पठाइसकिएको तर सरकार परिवर्तनका कारण मर्जर तथा एक्विजिसन नीति स्वीकृत हुन नसकेको हुँदा स्वीकृति प्रक्रिया ढिलाइ भएको" दावीका पछाडी स्वार्थ समूहको चलखेल स्पष्ट हुन आउँछ । सो मर्जर तथा एक्विजिसन नीतिको मस्यौदाको उदेश्य सम्बन्धमा बिश्लेषण गर्दा स्मार्ट टेलिकम प्रा.लि.को नेपाल दूरसञ्चार प्राधिकरणबाट प्राप्त अनुमति पत्रको म्याद अवधि २०९५ सम्म रहेको तर एनसेल आजियाटा लिमिटेडको अनुमति पत्रको अवधि २०८६ मा समाप्त हुने अवस्था विद्यमान रहेकोमा स्मार्टलाई प्राप्त गरे पश्चात एनसेल आजियाटाले २०९५ सम्म नै संचालन गर्न सक्ने भएकाले सोही उदेश्यले नेपाल सरकारलाई २०८६ मा स्वत: आउनुपर्ने सम्पत्ति नोक्शानी गर्ने उदेश्यले प्रस्तुत मस्यौदा तयार भई प्राधिकरणको संचालक समितिले पारित गरेको र सो प्रस्ताव तत्कालिन अवस्थामा सरकारको परिवर्तनसंगै मन्त्री परिषदमा पारित हुन नसकेको भनी ऋण प्रवाह हुने बैंकहरुको सहवित्तीयकरण बैठकमा समेत स्वीकार गरेको देखिन्छ । यसबाट एनसेलले आफ्नो अनुमति पत्र बढाउने रणनितिक प्रयोजनको लागि सो मस्यौदा ल्याएको तथा स्मार्टको सम्पत्ति सकारेको समेत पुष्टी हुन्छ।

मुख्य योजनाकार (सतिश लाल आचार्य समूह) को निर्देशनमा रहेर नेपालको प्रचलित कानुन, नियामक निकायको पूर्व-स्वीकृति र अदालतको फैसला समेतको उल्लंघन हुने गरी गरिएका निर्णयहरूमा हस्ताक्षर गरी स्मार्ट टेलिकमको अनुमतिपत्र रद्द भइसकेकाले दूरसञ्चार ऐन, २०५३ को दफा ३३ अनुसार ती सम्पत्तिहरू स्वतः नेपाल सरकारको स्वामित्वमा आइसकेकामा यी पदाधिकारीहरू डोनाल्ड जेम्स रे (Donald James Rae) र नियो हुई यु (Neo Hui Yu)ले एनसेलको बोर्डमा रहेर सरकारी हक भएको सम्पत्तिलाई निजी नियन्त्रणमा ल्याउने योजनालाई स्वीकृत र कार्यान्वयन गरी राज्यलाई हानी पुर्‍याई संगठित रुपमा ठगी गरेको देखिन्छ। अत: उल्लिखित तथ्यका आधारमा उल्लिखित तथ्यका आधारमा प्रतिवादी **प्रतिवादीहरु डोनाल्ड जेम्स रे (Donald James Rae) र नियो हुई यु (Neo Hui Yu) ले** गरेको उल्लिखित कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र उपदफा (२) बमोजिमको ठगीको कसूर भएकोमा निज **प्रतिवादीहरु डोनाल्ड जेम्स रे (Donald James Rae) र नियो हुई यु (Neo Hui Yu)** लाई सोही संहिताको दफा २४९ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१) ले निषेधित उपदफा (२) ले परिभाषित ऐ. उपदफा (३) को खण्ड (क) बमोजिमको कसूर गरेकोमा ऐ. ऐनको दफा ९ को खण्ड (क) बमोजिम थप सजाय हुन मागदाबी लिईएको छ।

साथै **पक्राउ प्रतिवादी भुपेन्द्र भण्डारीलाई** यसै अभियोग पत्रसाथ पेश गरिएको व्यहोरा अनुरोध छ।

पक्राउ प्रतिवादी भुपेन्द्र भण्डारी वाहेकका अन्य विरुद्ध खण्डमा उल्लेखित **अनुपस्थित र फरार प्रतिवादीहरुको** हकमा तहाँ अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७, दफा ६४ तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ५२ बमोजिम पक्राउ पूर्जी जारी गरी पाउँ।

**भराउनु पर्ने बिगो रकम तथा क्षतिपूर्ति**

Ncell Axiata Limited ले आफ्नो शेयर खरीद विक्रीको क्रममा नेपाल सरकारलाई झुक्याई उच्च दरमा कारोबार गरेकोमा न्युन दरमा कारोबार गरेको देखाई नेपाल सरकारलाई हानी नोक्सानी पुर्‍याएको देहायको तालिका बमोजिमको बिगो रकम, त्यसैगरी स्मार्ट टेलिकम प्रा.लि.को नेपाल सरकारमा आईसकेको नेपाल सरकारको सम्पत्ति लिलामी गरी नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) ले लिलामी सकारी Ncell Axiata Limited बाट गैरकानूनी रुपमा लिए दिएको देहायको तालिकामा उल्लिखित विगो रकम मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा १० बमोजिम नेपाल सरकारलाई तथा **स्मार्ट टेलिकम** प्रा.लि.ले तत्कालिन अवस्थामा उपलब्ध गराएको पन्नाकाजी महर्जन समेतको जाहेरी दरखास्त संलग्न नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (NIMB) ले स्मार्ट टेलिकमको धितो लिलामी गर्दा सूचनाको बुँदा नं. २ मा घरधनीहरूलाई तिर्न बाँकी बहाल र विद्युत महसुल बापतको बैंक धितो बिक्रीबाट प्राप्त गरी ठगी गरेको चालिस करोड रुपैंया अन्तर्गत हुन आउने पीडितहरुको हकको २०८० असार मसान्तसम्मको टावर (घर/जग्गा) भाडा बापतको कुल रकम रु.१३,९६,५९,०३४/६० (तेह्र करोड छयानब्बे लाख उनान्साठी हजार चौंतिस रुपैंया साठी पैसा) माथि तथ्य खण्डमा उल्लिखित Chunnu Prasad Sharma समेतका ६०७ जना व्यक्तिहरुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा १० बमोजिम देहाय बमोजिमको भराउनु पर्ने विगो तथा क्षतिपूर्तिको तालिका बमोजिम दिलाई भराई पाउन मागदाबी लिईएको छ।

## भराउनु पर्ने बिगो रकम तथा क्षतिपूर्ति

<table>
<tr><th>क्र सं</th><th>बिगो कायमका आधार</th><th>जम्मा बिगो (रु)</th><th>क्षतिपूर्ति दायित्व</th><th>क्षतिपूर्ति पाउनुपर्ने पीडित</th></tr>
<tr><td>१</td><td>नेपाल सरकार वा नेपाल दूरसञ्चार प्राधिकरणबाट स्मार्ट टेलिकम प्रा लि को सम्पूर्ण भौतिक पूर्वाधार, सञ्जाल र संरचना सहितको सम्पत्ति मुल्याङ्कन प्रतिवेदन प्राप्त हुन नआएको, सो सम्पत्तिको मुल्याङ्कन सम्बन्धमा प्रमाण ऐन, २०३१ को उपदफा (१) बमोजिमको विबन्धन (Principal of Estoppel अवधाराणा) हुन आउने “बैंकको मिति २०८२/०६/२० गतेको 'आशय पत्र' (Letter of Intent), मितिः २०८२/०६/२०(२०२५ अक्टोबर ५)को LRC निर्णय र सञ्चालक समितिको ६२६ औँ बैठक निर्णय, एनसेलको निर्णय नं. ३३/२५ (DCR 33/25)को निर्णय र सर्वेश जोशीको निवेदनका आधारमा बैंकले निजलाई दिलाएको Interest Waiver” समेतका कागजातहरुका आधारमा कर्जा राफसाफ गर्ने आवरणमा ठगी गरेको (घर भाडा, विद्युत महसुल लागायत स्मार्ट टेलिकमको सर्वसाधारण व्यक्तिलाई तिर्नुपर्ने बाहेकको रकम)</td><td>४,२०,००,००,०००|-</td><td rowspan="4">१) सर्वेश जोशी,<br>२) सतिशलाल आचार्य,<br>३) सचिन लाल आचार्य<br>४) भाष्कर नरसिंह जोशी,<br>५) ज्योति प्रकाश पाण्डे,<br>६) पृथ्वी बहादुर पाँडे,<br>७) प्रजन्य राजभण्डारी,<br>८) कबि कुमार टिब्रेवाला,<br>९) दिपाङ्कर शाक्य उडाई ,<br>१०) शालिकराम बेलबासे,<br>११) शोभा श्रेष्ठ।</td><td>नेपाल सरकार</td></tr>
<tr><td>२</td><td>सोही कर्जा राफसाफ गर्ने आवरणमा अवैध लिलामीमा समावेश विद्युत तथा घरधनीहरूको चालिस करोड मध्येको जाहेरवाला उषा प्रधानको मागदावी रकम।</td><td>७,१९,००,०००|-</td><td>जाहेरवाला उषा प्रधान</td></tr>
<tr><td>३</td><td>सोही कर्जा राफसाफ गर्न अवैध लिलामी प्रक्रियामा समावेश विद्युत तथा घरधनीहरूको चालिस करोड मध्येको बाँकी रकम।</td><td>१६,३३,५००|-</td><td>पन्नाकाजी महर्जन</td></tr>
<tr><td>४</td><td>सोही कर्जा राफसाफ गर्न अवैध लिलामी प्रक्रियामा समावेश विद्युत तथा घरधनीहरूको चालिस करोड मध्येको बाँकी रकम।</td><td>१३,१५,१२१|-</td><td>प्रकाशभक्त श्रेष्ठ</td></tr>
<tr><td>५</td><td>सोही कर्जा राफसाफ गर्न अवैध लिलामी प्रक्रियामा समावेश विद्युत तथा घरधनीहरूको चालिस करोड मध्येको बाँकी रकम।</td><td>३२,५१,५१,३७९/-</td><td colspan="2">स्मार्ट टेलिकमले टावर राख्नका लागि भाडामा लिएको ६०४ जना तथा अन्य घरधनीहरुबाट नियानुनासर जाहेरी प्राप्त भएका बखत कानून वमोजिम हुनुपर्ने।</td></tr>
<tr><td>६</td><td>अवैध लिलामी प्रक्रियाका लागि ट्रान्सगेट टेक प्रा.लि.को तर्फबाट सो प्रा.लि.को अध्यक्षको हैसियतमा बोलपत्र सम्बन्धी कागजात व्यवस्थापन गर्दै धरौटी बापत नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको खातामा जम्मा गरेको रकम</td><td>४,४५,००,०००|-</td><td>१) पलिना श्रेष्ठ।</td><td>-</td></tr>
<tr><td>७</td><td>अवैध लिलामी प्रक्रियाका लागि प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि.को तर्फबाट सो प्रा.लि.को संचालकको हैसियतमा बोलपत्र सम्बन्धी कागजात व्यवस्थापन गर्दै</td><td>४,२५,००,०००|-</td><td>१) खुमनाथ अधिकारी</td><td>-</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | धरौटी बापत नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको खातामा जम्मा गरेको रकम | | | |
| ८ | अवैध लिलामी प्रक्रियाका लागि प्रोफेसनल बिजनेश नेटवर्क प्रा.लि.को तर्फबाट सो प्रा.लि.को संचालकको हैसियतमा बोलपत्र सम्बन्धी कागजात व्यवस्थापन गर्दै धरौटी बापत नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको खातामा जम्मा गर्नका लागि व्यवस्थापन गरेको रकम | ४,२५,००,०००।- | १) नरेन्द्र उलक | - |
| ९ | नेपाल दूरसञ्चार प्राधिकरण (NTA) को ०८२/८३-४४१ च.नं.२.१-३६३६, मिति २०८३/०३/११ को पत्रमा उल्लेख स्मार्ट टेलिकम प्रा.लि. (STPL) ले नेपाल सरकार र नेपाल दूरसञ्चार प्राधिकरणलाई दिलाउनुपर्ने रकम- | ४,३६,५८,२०,४४२।- | १) सर्वेश जोशी,<br>२) सतिशलाल आचार्य,<br>३) भावना सिंह श्रेष्ठ<br>४) सचिनलाल आचार्य | नेपाल सरकारलाई |
| १० | प्रमाण ऐन, २०३१ को उपदफा (१) बमोजिमको विबन्धन (Principal of Estoppel अवधाराणा) हुन आउने स्वघोषित एनसेल शेयर खरिद-बिक्री सम्झौता (SPA) बमोजिम कारोबार गरी नेपाल सरकारलाई ठगी गरेको रु.८७,०२,६४,००,०००/- रकम- | र८७,०२,६४,००,०००।- | १) सतिशलाल आचार्य<br>२) डा. श्रीधीर सरिपुक्ता हन्स विजय सुरिया<br>३) अव्दुजावोर कायुमोभ<br>४) थन्डालाम भिराभल्ली थिरुमला चारी<br>५) अमाली नानायाकरा<br>६) डोनाल्ड जेम्स रे<br>७) नियो हुई यु | नेपाल सरकारलाई |
| | **कुल जम्मा रुपैंया** | **रु.९६,१२,१७,२०,४४२/-** | | |

साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारहरुबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउ।

## अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः

### मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ मा ठगी गर्न नहुनेः

(१) कसैले ठगी गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी वा फकाई, झुक्याई वा अन्य कुनै किसिमले धोका दिई कुनै काम गरी वा गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानि, नोक्सानी वा क्षति पुर्याएमा वा आफ्नो वा अरु कसैको लागि कुनै लाभ प्राप्त गरेमा निजले ठगी गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः

(क) भ्रष्टाचार हुनेमा बाहेक नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको कुनै संस्थालाई ठगी गरेमा दश वर्षसम्म कैद र एक लाख रुपैंयासम्म जरिबाना।

**दफा २५४. क्षतिपूर्ति** : यस परिच्छेद बमोजिमको कसूरबाट कसैलाई हानि, नोक्सानी पुगेको रहेछ भने त्यस्तो कसूरदारबाट विगो खुलेकोमा बिगो असूल गरी पीडितलाई भराई दिनु पर्नेछ र विगो नखुलेकोमा पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

**सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ मा सङ्गठित अपराध गर्न नहुने**

(१) कसैले सङ्गठित अपराध गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिनेछ ।

(३) यस दफाको प्रयोजनको लागि देहायको कसूर गम्भीर अपराध मानिनेछ ।

क) प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,

(४) कसैले कुनै आपराधिक समूहलाई सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सघाउ पुऱ्याउन कुनै काम जानी जानी गरी वा नगरी सो समूहको काम कारबाहीमा सहभागी हुने वा सघाउ पुऱ्याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्न वा गराउन हुँदैन ।

**दफा ९. सजाय :** देहायको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :–

(क) दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) तथा उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय, तर जन्मकैद वा सो भन्दा बढी सजाय हुने कसूरदारलाई थप सजाय हुने छैन ।

(ख) दफा ३ को उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानूनमा कुनै सजायको व्यवस्था भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग) दफा ५ बमोजिमको कसूर गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,

**दफा १५. सम्पत्ति रोक्का राख्न सकिने** :

(१) संगठित अपराध गरेको आरोप लागेको व्यक्तिले त्यस्तो अपराधबाट प्राप्त गरेको सम्पत्ति कसैलाई हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न वा कुनै उपायले लुकाउन वा परिवर्तन गर्न सक्छ भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउनको लागि सम्बन्धित निकाय वा संस्थालाई आदेश दिनको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अदालतले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउने गरी सम्बन्धित निकाय वा संस्थालाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश प्राप्त भएपछि त्यस्तो निकाय वा संस्थाले त्यस्तो सम्पत्ति तुरुन्त रोक्का राखी सोको जनाउ अदालत र अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ ।

**<u>दफा २२.</u>** थप अभियोग लगाउन सकिनेः कुनै व्यक्ति विरुद्ध संगठित अपराधको मुद्दाको अभियोगपत्र दायर भइसके पछि सोही अपराधका सम्बन्धमा अन्य व्यक्तिका विरुद्ध मुद्दा दायर गर्न वा त्यसरी मुद्दा दायर भइसकेको अभियुक्त विरुद्ध सोही अपराधमा वा अन्य कुनै कसूरमा थप अभियोग लगाई अदालतमा अभियोगपत्र दायर गर्न सकिनेछ।

**<u>दफा ५१. जफत हुने:</u>**

(१) संगठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण, वस्तु वा साधन जोसुकै व्यक्तिसँग रहेको भए पनि जफत हुनेछ।

(२) संगठित अपराध गरी प्राप्त गरेको सम्पत्ति कानूनी रुपमा प्राप्त गरेको सम्पत्तिमा मिसाइएको रहेछ भने त्यस्तो मिश्रित सम्पत्तिबाट सो सम्पत्ति छुट्टयाउन सकिने रहेछ भने छुट्टयाई जफत गरिनेछ र छुट्टयाउन नसकिने रहेछ भने त्यस्तो सम्पत्तिलाई रकममा रुपान्तरण गरी जफत गरिनेछ।

**<u>दफा ५२.</u>** फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था:

(१) संगठित अपराध गर्ने कुनै व्यक्ति पक्राउ हुन नसकेको वा फरार रहेकोमा त्यस्तो व्यक्तिको नाममा पक्राउ पूर्जी जारी भएको तीस दिनको भोलिपल्ट देखि निज अदालतमा उपस्थित नभएसम्म देहायका कुरामा देहाय बमोजिम हुनेछ:–

(क) त्यस्तो व्यक्ति नेपाल सरकार, संवैधानिक निकाय वा कुनै सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था, स्थानीय निकाय, शैक्षिक वा प्राज्ञिक संस्था वा अन्य कुनै सार्वजनिक संस्थाको बहालवाला पदाधिकारी वा कर्मचारी भए निज आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछ,

(ख) त्यस्तो व्यक्तिको नाममा रहेको सम्पत्ति रोक्का राखिनेछ,

(ग) त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम नागरिकताको प्रमाणपत्र, राहदानी वा जग्गाधनी प्रमाणपूर्जा आदि प्राप्त गर्नबाट रोक लगाइएको मानिनेछ,

(घ) त्यस्तो व्यक्ति नेपाल बाहिर रहे बसेको जानकारी प्राप्त हुन आएमा वा नेपाल सरकार पक्ष रहेको सन्धि वा प्रचलित कानून बमोजिम सपुर्दगी गर्न सकिने अवस्था रहेछ भने सो सम्बन्धी कारबाही र त्यस्तो अवस्था नभएमा कसूरको गम्भीरता हेरी निजलाई पक्राउ गर्न कूटनीतिक माध्यम मार्फत सम्बन्धित मुलुक वा सम्बद्ध अन्तर्राष्ट्रिय संस्थालाईअनुरोध गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थालाई प्रभावकारी बनाउन अदालतले सम्बन्धित अधिकारी वा निकायलाई सोको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचना प्राप्त भएमा सम्बन्धित अधिकारी वा निकायले सोही बमोजिम गरी सोको जानकारी अदालतलाई दिनु पर्नेछ।

(७) राष्ट्र बैङ्कले यस दफा बमोजिम इजाजतपत्र प्राप्त संस्थालाई आफ्नो नियन्त्रणमा लिई गरेको काम कारबाहीको सम्पूर्ण खर्च सम्बन्धित इजाजतपय प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ।

(८) राष्ट्र बैंकले उपदफा (१) बमोजिम कुनै इजाजतपत्र प्राप्त संस्थालाई आफ्नी नियन्त्रणमा लिएको जानकारी नेपाल सरकार, अर्थ मन्यालयलाई दिनु पर्नेछ।

**बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ दफा १०३. कसुर:**

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको नियम, विनियम, निर्देशन, आदेश ना शर्त वा सीमा विपरीत हुने गरी देहायको कुनै काम कारवाही गरेमा यस ऐन चमोजिम कसुर गरेको मानिनेछः-

**(च)** कर्जा प्रवाह गर्दा, धितो मूल्याङ्कन गर्दा, कर्जा असुली गर्दा वा सोसँग सम्बन्धित कुनै पनि कार्यमा अनियमितता गरेमा, धितोमा लिएको सम्पत्ति लिलाम विकी गर्दा वा गैर वैड्डिड सम्पत्तिको रुपमा सकार गर्नु पर्दा वा गैर वैङ्किङ्ग सम्पत्ति सकार गरी विक्री गर्दा धितो लिंदा गरिएको मूल्याङ्कन बनावटी मूल्यमा गरेमा,

**दफा १०४. दण्ड सजाय:**

(१) देहायको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(ग) दफा १०३ को उपदफा (१) को खण्ड (घ), (ङ), (च) वा (छ) बमोजिमको कसुर गरेमा विगो भए सो जफत गरी बिगो बराबरको जरिवाना र एक वर्षसम्म कैद ।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरु:**

- प्रस्तुत वारदातमा अन्य पीडित समेत रहन सक्ने देखिएकोमा प्रतिवादीहरु उपर थप जाहेरी पर्न आएमा वा अन्य कोही कसैको समेत संलग्नता रहेको भनी एकिन नाम, थर. वतन खुली वा पक्राउ परी आएका बखत वा हल कायम प्रतिवादीहरु उपर थप प्रमाणबाट थप दाबी लिनु देखिएमा संगठित अपराध निवारण ऐन, २०७० को दफा २२ एवं मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम गरिने छ ।
- स्मार्ट टेलिकम प्रा.लि.मा ३० प्रतिशत शेयर स्वामित्व रहेको वैदेशिक लगानीकर्ता कम्पनी "कोस्वो इन्भेष्टमेन्ट" (Cosbo Investment Limited) को प्रतिनिधित्व गर्ने सञ्चालकहरू लुइजा जर्जियो (Louiza Georgiou) र Kambarov Bakhyt को हकमा काजकस्तानकी नागरिक लुइजा जर्जियो (राहदानी नं. K00294105) र राहदानी विवरण फेला नपरेका Kambarov Bakhyt ले प्रतिनिधित्व गरेका कम्पनीहरुबाट निजहरुले स्मार्ट टेलिकमको सञ्चालक समितिको निर्णय प्रक्रियामा सक्रिय भूमिका निर्वाह गरेको देखिएको र स्मार्ट टेलिकमले फ्रिक्वेन्सी दस्तुर, रोयल्टी, RTDF र अनुमतिपत्र नवीकरण दस्तुर बापत नेपाल सरकारलाई बुझाउनुपर्ने दायित्वमा निजहरू समेत जिम्मेवार देखिएकामा अनुसन्धानको क्रममा निज प्रतिवादीहरू हालसम्म नेपाल सरहदभित्र प्रवेश गरेको भन्ने नबुझिएकोमा निजहरुको एकिन वतन सहितको विवरण खुली आएका बखत वा पक्राउ परी आएका बखत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम गरिने छ ।
- एनसेल सेयर कारबार सम्झौता (SPA)मा एनसेल शेयर खरिदकर्ताका रुपमा नाम उल्लेख भएका एनसेल संचालक समितिमा मनोनित पदाधिकारी कोह हुई शान अन्ना (Koh Hui Shan Anna, ईमेल: anna@bitmapltd.com) सम्म खुलेकोमा निजको परिचयात्मक विवरण र थप संलग्नता खुली आएमा, एनसेल सेयर कारोबार सम्झौता (SPA)मा बिक्रेता आजियटा इन्भेष्टमेन्ट यूकेका तर्फको प्रतिनिधिका रुपमा भई उक्त सम्झौतामा हस्ताक्षर गर्ने रेनोल्ड्स होल्डिङ्स लिमिटेडका निर्देशक तान जिम बुन (Tan Gim Boon) का हकमा: निजको परिचयात्मक विवरण खुली कसूरमा संलग्नता खुली

आएमा, एनसेल सेयर कारबार सम्झौता (SPA)मा बिक्रेता तर्फका रेनोल्ड्स होल्डिङ्स लिमिटेडका निर्देशक विवेक सुद (Vivek Sood) र लिला आज्मिन अब्दुल्लाह (Lila Azmin Abdullah) को हकमा: निजहरुको परिचयात्मक विवरण खुली यस वारदातमा संलग्नता खुली आएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम गरिने छ।

- अवैध कर्जा राफसाफमा प्राइम कमर्सीयल वैंक र नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका अन्य पदाधिकारी/ कर्मचारीहरुका साथै गैह्र कानूनी शेयर खरिद बिक्री कारोबारमा एनसेल आजियटा लिमिटेड र स्मार्ट टेलिकम प्रा.लि.का शेयर धारण गरी मुख्य हिताधिकारीलाई लाभ दिलाउने कार्यमा संलग्न कुनै अफसोर कम्पनीहरु (Holding Companies)का साथै सार्वजनिक पद धारण गरेका व्यक्ति वा कर्मचारीहरु लगायतका अन्य व्यक्ति तथा कम्पनीहरु समेतको संलग्नताका खुल्न आएमा निजहरुको हकमा साथै अनुप मान तुलाधर (Anup Man Tuladhar)को बैंक खाता नं. ०१२०५०३०३१४८९३ बाट सर्वेश जोशीको खातामा सबैभन्दा बढी रकम प्रवाह भएको देखिन आएकोमा सो खातामा कर्जा तिर्ने प्रयोजनका लागि रकम जम्मा गर्ने अरुण श्रेष्ठ (Arun Shrestha), नेपाल स्याटेलाइट टेलिकम (Nepal Satellite Telecom) बाट प्राप्त रु. ९७ करोड मध्ये रु. ३५ करोड नेपाल इन्भेष्टमेन्ट मेगा बैंक र रु.५२ करोड ५० लाख प्राइम कमर्सियल बैंकमा स्मार्ट टेलिकमको ऋण तिर्ने प्रयोजनको लागि रकमान्तर गर्ने अजय सुमार्गी (Ajay Sumargi) र एम जि हर्बल इन्भेष्टमेन्टका निर्देशक उपेन्द्र महतोको वारदात सम्बन्धमा घटना विवरण कागज गराईएकोमा हालसम्म निजहरुको एकिल संलग्नता नखुलेकोमा पछि थप प्रमाण प्राप्त भई यस वारदातमा निजहरुको संलग्नता खुली आएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम गरिनेछ।
- प्रस्तुत मुद्दामा संलग्न प्रतिवादीहरुले सम्बद्ध कसूर गरी सम्पत्ति शुद्धिकरण ऐन, २०६४ बमोजिमको सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ) कसूर गरेको खुली आएका बखत कानून बमोजिम गरीने छ।

**सबुद प्रमाण:**

**दसी प्रमाण तथा कसूरसँग सम्बन्धित चिज वस्तु:**

**क मिति: २०८३/०१/२१ गते काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ०२ खुर्सानीटार प्रतिवादी सर्वेश जोशीको घरकोठाबाट बरामद:**

१ Lenovo कम्पनीको Sn: PC-OAH7 GM 16/02 रहेको ल्यापटप थान १(एक) र सो ल्यापटपको चार्जर थान १(एक)

२ Apple कपनीको serial C02DP0ZT QO5D रहेको ल्यापटप थान १(ऐक) र सो ल्यापटपको चार्जर थान १(एक)

३ Transcend कम्पनीको Sn F65768-1657 को external Hard drive थान १(एक)

४ 8 Gb को 70 Toshiba कम्पनीको पेन ड्राइभ थान १ (एक)

५ Transcend कम्पनीको १६ GB को पेन ड्राइभ थान १(एक)

६ Toshiba कम्पनीको ८ GB को पेन ड्राईभ थान १(एक)

७ Business Plan लेखीएको पाना ८१ (खाली) रहेको बुकलेट थान १(एक)

८ SRAM & MRAM TECHNOLOGIES AND Resources limited को Report बुकलेट पाना ६० को (साठि) थान १ (एक)

९ IME1 868768051317975 IMFI2 868768051317967 को 9851201288 Sim2 9818395606 sim 2 रहेको oneplus मोवाइल थान १ (एक)

१० IMEI1 353560160332744/14 IMEI2 35 35 6016033 2751/14, Sn: 00223353R0 00385, 9702036222 Ncell को सिम थान १(एक) स्तेनो CMF मोवाइल थान १(एक)।

११ IMEI1 35 4550166938221 IMEI2 354550165677978 रहेको 9702000000 सीम रहेको serial no. CG9Q922 99 K को I phone 15 Pro Max मोवाइल थान १(एक)

१२ Acno: 04400501201287 Everest Bank ltd Sarbesh joshi को नामको चेकबुक थान १(एक)

१३ अभिभावक सहकारी समाज लि. को सर्वेश जोशीको खाता नं BL-00१८९ को चेक बुक थान १ (एक)

१४ Laxmi Bank को sarbesh joshi को खाता नं 01840013261 को चेक बुक थान १ (एक)

१५ siddhartha Bank Itd Ac: 01815242778 को चेक बुक थान १ (एक)

१६ Nepal Investment Bank Ity Ac no 01705020068208 को चेक बुक थान १ (एक)

१७ Lumbini विकास बैंक ली. को fixed Deposit Receipt NPR Five Hundred Thoosand only Date 17/11/2012 को थान १(एक)

१८ Lumbini विकास बैक वि को Fixed Deposit Receipt NPR Seven Million Only Date 31/10/2022 को थान १(एक)

१९ भूमिसुधार तथा व्यवस्थापन विभाग मालपोत कार्यालय ललितपुरको फाराम नं. ७५१७० रजिष्ट्रेशन नं.३७४७(ङ) जग्गा राजीनामा पत्र थान-१ ।

२० भूमिसुधार तथा व्यवस्थापन विभाग मालपोत कार्यालय ललितपुरको फाराम नं.७५१७२ रजिष्ट्रेशन नं.३७४८(ङ) जग्गा राजीनामा पत्र थान-१ ।

२१ भूमिसुधार तथा व्यवस्थापन विभाग मालपोत कार्यालय ललितपुरको फाराम नं.७०४४० रजिष्ट्रेशन नं.३७४६(ङ) जग्गा राजीनामा पत्र थान-१ ।

२२ भूमिसुधार तथा व्यवस्थापन विभाग मालपोत कार्यालय ललितपुरको फाराम नं.७५१७४ रजिष्ट्रेशन नं.३४७७(ङ) जग्गा राजीनामा पत्र थान-१ ।

२३ ललितपुर पुलचोक मार्फत्मा कर तिरेको रसिद थान-१ ।

२४ मालपोत कार्यालय ललितपुरको आम्दानी रसिद पाना-४ ।

२५ Professional service Agreement पत्र पाना-३ ।

२६ Secure marketing consultancy लाई स्मार्ट टेलिकमले लेखेको पत्र पाना- २ ।

२७ Affi Davit लेखिएको पत्र पाना-१ ।

**ख मिति: २०८३/०१/२५ गते, अं. १७:०० बजेको समयमा जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. २७, जमल, प्रतिवादी पलिना श्रेष्ठको साथबाट बरामद:**

१ IMEI 1: 357853689364355, IMEI 2: 357853688228122, Model# MQ9W3ZP/A2894, मोबाईल सिम # 9851059704 सहितको iPhone14 Pro Max मोबाइल – १ थान ।

२ Device Name: Desktop-GINO3EL, Edition: Windows 11 Pro, 25H2, User: palinashrestha522@gmail.com भएको ल्यापट- १ थान ।

**ग मितिः २०८३/०१/२५ गते, अं. १९:३० बजेको समयमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १०, कुपण्डोल स्थित प्रतिवादी नरेन्द्र उलकको साथबाट बरामदः**

१ IMEI :353042093807571 भएको, सिम नं. 9851330372 सहितको iPhone-X मोबाइल –१ थान।

२ स्मार्ट टेलिकम प्रा.लि. र Ncell Axiata limited सँग सम्बन्धित कागजातहरु पाना-४१ ।

**घ मितिः २०८३/०१/२९ गते सिन्धुली जिल्ला कमलामाई न.पा.वडा नं.६ स्थित प्रतिवादी ज्योति प्रकाश पाण्डेको साथबाट बरामदः**

१ IMEI No.860106086190265/2, IMEI No:860106086190273/2 मा सिम नं. ९७१२०९९७५९ प्रयोग भएको मोबाई Redmi 15 मोबाईल थान-१ ।

२ IMEI No.354685860722453/01, IMEI No:35 4879390722451/01 मा सिम नं.९८५१०४५२२६ प्रयोग भएको Samsung Galaxy z fold7 मोबाईल थान-१ ।

३ IMEI No:356819663312984, IMEI NO:356819663312992 मा सिम नं.९७४४७४०४०९ प्रयोग भएको Itel कम्पनीको हरियो रंगको किप्याड मोबाईल थान-१ ।

४ कालो रंगको साईडमा भिर्ने झोला भित्र NIMB लेखिएको पहेलो खाम भित्र नेपाली रुपैया रु.१०००।– दरको नोटहरु रु.३०० थान र अर्को पहेलो रंगको खाम भित्र रु.१०००।– दरको नोटहरु ७५ थान।

५ कालो पर्समा नेपाली रुपैयाहरु रु.५००।– दरको नोटहरु ७ थान, रु.१०० दरको नोटहरु ११ थान, रु.२० को नोट १ थान।

६ O2-05-00514798 नं. को ज्योती प्रकाश पाण्डेको नामको सवारी चालक अनुमती पत्र थान-१ ।

७ अर्थ मन्त्रालय प्रवेश पास कार्ड थान-१ ।

८ NIMB को ज्योती प्रकाश पाण्डेको Identy Card थान-१ ।

९ NIMB को ज्योती प्रकाश पाण्डे लेखिएको अन्तराष्ट्रिय भिसा कार्ड थान-१ ।

१० NIMB को ज्योती प्रकाश पाण्डे लेखिएको डिबेन्चर भिसा कार्ड थान-१ ।

११ NIMB को ज्योती प्रकाश पाण्डेको नामको क्रेडिट रुपि गोल्ड लेखिएको भिसा कार्ड थान-१ ।

१२ PA 3096007 नं. को ज्योती प्रकाश पाण्डेको राहदानी थान-१ ।

**ङ मितिः २०८३/०२/२२ गते ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १४ स्थित प्रतिवादी भाष्कर नरसिंह जोशीको साथबाट बरामदः**

१ IMEI 860813047944173 र 860813047944181, सिम नभएको मोडेल N1908C3X को Redmi Note मोबाइल थान १

**च. मितिः २०८३/०४/१४ गते, अं. १८:०० बजेको समयमा जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं. २३ स्थित प्रतिवादी भुपेन्द्र भण्डारीको साथबाट बरामदः**

१ IMEI 1: 351298325093255 र IMEI 2 :353557395093257 भएको, सिम नं. 9802100888 सहितको Galaxy S25 FE, MoDEL#SM- S731B/DS B मोबाइल –१ थान।

**गवाह** : जाहेरवालाहरुः उषा प्रधान, पन्नाकाजी महर्जन, प्रकाश भक्त श्रेष्ठ समेत, जग्गा भाडा,

: पीडितहरुः जग्गा भाडा, विजुली समेतको रकम नपाएका पीडितहरु उल्लिखित ६०७ जना।

: शंकास्पद कारोबारको सम्बन्धमा स्थलगत छानविन गरी प्रतिवेदन दिने विज्ञ सहितका अनुसन्धानको क्रममा विभिन्न प्रतिवेदन दिने प्र.नि. रवि घिमिरे समेतका प्रहरी प्रतिवेदकहरु

: नेपाल राष्ट्र बैंकको तर्फबाट प्रतिवेदकहरु उपनिर्देशक टेकेन्द्र भट्टराई र सहायक निर्देशक गोपीकृष्ण अर्याल,
: एनसेलको हकमा प्रतिवेदन दिने CA किरण कुमार खत्री।

**देख्ने/सुन्ने** : बुझिएका मानिसहरु : निरज श्रेष्ठ, वर्षा अधिकारी पोखरेल, संगीत कतिला, एलिशा अधिकारी, कालु गुरुङ, रोशन प्रसाद प्रधानाङ्ग, निर्मला थापा, सम्झना बराल, सन्तोष पौडेल, हरि कुमार सिलवाल, अनुज मानन्धर, मदन कुमार आचार्य, अमित श्रेष्ठ, अर्जुन प्रसाद शर्मा, नेपाल भूषण श्रेष्ठ, शेखर थापा, प्रमोद आचार्य, सरिना तारा तुलाधर, आत्माराम थापा, गोकर्ण प्रसाद सिटौला, वैकुण्ठ अर्याल, महेश शर्मा ढकाल, तर्कराज भट्ट, डगेन्द्र बहादुर थापा, धर्म बहादुर चन्द, डा. उपेन्द्र महतो, संजिव मानन्धर, राधिका अर्याल, अजेय राज सुमार्गी पराजुली, जगदिश खरेल।

**प्रस्तुत कागजपत्रहरुः**

१. अभियोग पत्रसाथ फाईल नं. क देखी ठ सम्मका १२ वटा मिसिलहरु रहेको क्र.सं. ७४५ सम्मका कागजातहरु रहेको पञ्जिका पाना ३० (तीस) प्रमाणित गरी संलग्न राखिएको छ।

**यो अभियोगपत्रबाट प्रस्तुत मुद्दाको कारवाही शुरु गर्न अदालतसँग अनुरोध गरीन्छ।**

**कार्यालयको छापः** **सरकारी वकीलको,**

**दस्तखतः**
**नामः गोविन्द प्रसाद हुमागाईं**
**दर्जाः जिल्ला न्यायाधिवक्ता**
**कार्यालयःजिल्ला सरकारी वकील कार्यालय, काठमाडौं।**
**मितिः २०८३/०४/२७ गते रोज ४ शुभम्।**